# पुनरावेदन र दोहोऱ्याइ पाउँको निवेदनसम्बन्धी सर्वोच्च अदालतका फैसला र आदेशहरूको सँगालो




महान्यायाधिवक्ताको कार्यालय

काठमाडौं, नेपाल

**संयोजन**
सहन्यायाधिवक्ता श्यामकुमार भट्टराई

**सम्पादक**
सहायक न्यायाधिवक्ता आश्मा खड्का

**सम्पादन सहयोग**
सहायक न्यायाधिवक्ता प्रभात क्षेत्री

**प्रकाशन मिति**
२०७७ असोज

**प्रकाशक**

महान्यायाधिवक्ताको कार्यालय

काठमाडौं, नेपाल

# महान्यायाधिवक्ताको कार्यालय

(........................................ शाखा)

पत्र संख्या :-

रामशाहपथ, काठमाडौं

चलानी नं. :- १६५४

## मन्तव्य

मिति :- २०७७/०६/०२

कार्यविधि कानूनको सिद्धान्त अनुसार अदालतको अधिकारक्षेत्र कानूनले निर्धारण गर्ने विषय हो । अदालतको अधिकारक्षेत्र न त पक्षहरुको अनुकूलता अनुसार परिवर्तन गर्न पाइन्छ, न त कानून बमोजिम बाहेक थपघट गर्न नै पाइन्छ । अदालतको अधिकारक्षेत्रको नीतिगत प्रारुप संविधानले कोरिदिएको छ । न्याय प्रशासन ऐन, २०७३ ले सबै तहका नियमित अदालतको अधिकारक्षेत्र स्पष्ट गरिदिएको छ । सो बमोजिम सर्वोच्च अदालतमा शुरू अधिकारक्षेत्र र पुनरावेदकीय अधिकारक्षेत्र निर्धारण गरिएको छ । सुपरिवेक्षकीय अधिकारक्षेत्रका रुपमा पुनरावेदनको अनुमतिको निवेदन र दोहोऱ्याई पाउँको निवेदन लाग्ने व्यवस्था छ ।अभ्यासको क्रममा पुनरावेदन र दोहोऱ्याई पाउँको निवेदन सम्बन्धी व्यवस्थाको प्रयोग र पालनामा विरोधाभाषपूर्ण अवस्था देखिएमा सर्वोच्च अदालतले व्याख्या मार्फत एकरुपता कायम गर्ने गरेको छ । विगतमा ज्ञान बहादुर राईको मुद्दा र कीर्तिबहादुर चन्दको मुद्दामा भएका व्याख्याले पुनरावेदन र दोहोऱ्याई पाउँको निवेदन सम्बन्धी विषय स्पष्ट गरेको थियो । पछिल्लो समयमा नेपाल सरकार वि. रत्नबहादुर के.सी. को मुद्दामा गरिएको व्याख्याबाट थप स्पष्ट पारिएको देखिन्छ । त्यसै गरी उच्च अदालतले रिटमा गरेको अन्तिम आदेश उपर सर्वोच्च अदालतमा दोहोऱ्याई पाउँको निवेदन लाग्ने गरी सुन्दर कार्कीको रिट निवेदनमा स्पष्ट पारिएको छ । अधिकारक्षेत्रमा हुने त्रुटिले कुनै पनि मुद्दालाई शून्यको अवस्थामा पुऱ्याउन सक्ने हुँदा सरकारी वकीलहरु यो विषयमा विशेष सचेत हुनु आवश्यक छ । अभ्यासमा बारम्बार यो विषयमा त्रुटि देखिएपछि महान्यायाधिवक्ताको कार्यालयले अभियानको रुपमा सरकारी वकीलहरुलाई पुनरावेदन र दोहोऱ्याई पाउँको निवेदन सम्बन्धी प्रशिक्षण समेत प्रदान गरेको छ। सो प्रशिक्षणको क्रममा छलफल भएका पुनरावेदन र दोहोऱ्याई पाउँको निवेदनसँग सम्बन्धित सर्वोच्च अदालतबाट भएका व्याख्या तथा सान्दर्भिक थप फैसला र आदेशहरु समेत समावेश गरी यो **"पुनरावेदन र दोहोऱ्याई पाउँको निवेदन सम्बन्धी सर्वोच्च अदालतका फैसला र आदेशहरुको सङ्ग्रह"** तयार भएको छ । यो संग्रहले पुनरावेदन र दोहोऱ्याई पाउँको निवेदनका विषयमा सरकारी वकीलहरुलाई निर्णय प्रक्रियामा सहयोग पुऱ्याउने अपेक्षा राखेको छु । स्वस्फूर्त रुपमा प्रस्तुत संग्रह तयार गर्नु हुने सहायक न्यायाधिवक्ता श्री आश्मा खड्का र सहायक न्यायाधिवक्ता श्री प्रभात क्षेत्रीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

असोज, २०७७।

(अग्नि प्रसाद खरेल)

महान्यायाधिवक्ता

## सम्पादकीय

अभियोजन सुधार वर्षको रुपमा आ.व. २०७७/७८ मनाउने महान्यायाधिवक्ताको कार्यालयले घोषणा गरेसँगै नेपाल सरकार वादी भई चल्ने मुद्दाहरुमा थप सफलता प्राप्त गर्ने उद्देश्य अनुसार मिति २०७७ भाद्र ८ गते देखि १७ गते सम्म विभिन्न तीन चरणहरुमा उच्च सरकारी वकील कार्यालयहरु, विशेष सरकारी वकील कार्यालय र मुख्य न्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ताज्यूहरु, उप-न्यायाधिवक्ताज्यूहरु तथा सहायक न्यायाधिवक्ताज्यूहरुको सहभागितामा अनलाइन मार्फत पुनरावेदन तथा दोहोऱ्याई पाऊँ निवेदन सम्बन्धी विशिष्ट प्रशिक्षण सञ्चालन भएको थियो ।उक्त कार्यक्रमहरुको सत्र तथा प्यानल छलफलको क्रममा पुनरावेदन र दोहोऱ्याइ पाउँको निवेदनसंग सम्बन्धित सर्वोच्च अदालतबाट प्रतिपादित महत्वपूर्ण सिद्धान्त एवम् व्याख्याहरुको बारेमा व्यापक छलफल गरियो।छलफलका क्रममा ती एकीकृत गरी प्रकाशन गर्नु उपयुक्त हुने देखी यो संग्रह तयार पारिएको हो।

प्रस्तुत संग्रह पुनरावेदन र दोहोऱ्याइ पाउँको निवेदनसम्बन्धी वि.स. २०४३ सालदेखि २०७६ सालसम्म सर्वोच्च अदालतबाट प्रतिपादित महत्वपूर्ण सिध्दान्त एवम् व्याख्याहरु समावेश गरिएको छ। यो संग्रहलाई महान्यायाधिवक्ताको कार्यालयमा प्रस्तुत गर्दा प्रकाशन गर्नु उपयुक्त हुने निर्देशन प्राप्त भयो।सो बमोजिम तयार पारिएको संग्रहलाई पुनरावलोकन गरि यहाँहरु समक्ष प्रस्तुत गरिएको छ। प्रस्तुत प्रकाशनमा मार्गदर्शक मन्तव्य दिई हौसला दिनुभएकोमा माननीय महान्यायाधिवक्ता श्रीमान् अग्नि प्रसाद खरेलज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

विश्विवद्यालयमा अध्ययन गर्दा सूक्ष्म तरिकाले नजीरहरु अध्ययन गर्ने मौका नपाइएको सन्दर्भमा सरकारी सेवाका प्रारम्भिक दिनहरुमा नै यसरी विषयगत नजीरहरु अध्ययन, संकलन तथा सम्पादनको अवसर प्रदान गर्नु हुने नायब महान्यायाधिवक्ताज्यूहरु तथा महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापनप्रति हार्दिक आभार प्रकट गर्दछु । आफ्नो अमूल्य सुझावसहित यस प्रकाशनलाई पृष्टपोषण गरिदिनुभएकोमा सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईज्यू र उप-न्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी, सम्पादनमा सहयोग गर्नु भएकोमा सहकर्मी सहायक न्यायाधिवक्ता श्री प्रभात क्षेत्रीलाई धन्यवाद ज्ञापन गर्दछु ।

यस प्रकाशनमा भएका त्रुटी कमजोरीका लागि क्षमा याचना गर्दछु । यहाँहरु बाट प्राप्त हुने रचनात्मक सुझावले आगामी दिनमा यस प्रकारका कार्य सम्पादनमा मार्गदर्शन गर्नेछ भन्ने अपेक्षा राखेको छु ।

**सम्पादक**

# विषय सूची


| क्र. स. | मुद्दा/निवेदन | पृष्ठ |
|---|---|---|
| १. | श्री ५ को सरकार विरुद्ध श्याम नारायण चौधरी , ने.का.प.२०४३, अंकः १२ निर्णय नं. २९२७ | १-१७ |
| २. | श्री ५ को सरकार विरुद्ध ऋषिकेश शाह समेत , ने.का.प.२०४५, अंकः १, निर्णय नं. ३३२२ | १८-२३ |
| ३. | मिठे पुरी विरुद्ध मित्रमाया नेपाल, ने.का.प.२०५५ , अंकः ९, निर्णय नं. ४९६९ | २४-३१ |
| ४. | ज्ञानबहादुर राई विरुद्ध दिल बहादुर राई ,ने.का.प. २०५२, अङ्क ३ निर्णय नं. ५०६४ | ३२-४६ |
| ५. | श्री ५ को सरकार (विशेष प्रहरी विभाग) विरुद्ध दिलबहादुर लामा समेत , ने.का.प. २०५२, अंकः ९ निर्णय नं. ६०६४ | ४७-९५ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फवाट श्री ५ को सरकार विरुद्ध लोकमासिंह कार्की समेत, ने.का.प.२०५६, अंकः ८ निर्णय नं. ६७६४ | ९६-११३ |
| ७. | रे.भोगेन्द्र रायमाझीको प्रतिवेदनले श्री ५ को सरकार विरुद्ध पन्द घले समेत , ने.का.प. २०५८,अंकः ३, निर्णय नं. ६९९९ | ११४-१२२ |
| ८. | प्र.ना.उ.धीरेन्द्रकुमार देवानको प्रतिवेदनले श्री ५ को सरकार विरुद्ध किर्तिबहादुर चन्द समेत ,ने.का.प. २०५९, अंकः ३, निर्णय नं. ७०७० | १२३-१५२ |
| ९. | ने.का.प. २०६०,नि. नं. ७२२०, ने.का.प. २०६०, अंकः ५, | १५३- |

| | | |
|---|---|---|
| | निर्णय नं. ७२२० | १५९ |
| १०. | **गुणाकर खरेल विरुद्ध चितवन जिल्ला अदालत, भरतपुर समेत** , ने.का.प.२०६०,अंकः ११, निर्णय नं. ७३०३ | १६० - १६६ |
| ११. | **रामजीप्रसाद गुप्ता समेत विरुद्ध प्रकाशकुमार अधिकारी समेत** – ने.का.प.२०६१,अंकः ६, निर्णय नं. ७३९१ | १६७ - १८३ |
| १२. | **महानन्द पौडेल समेतको जाहेरीले श्री ५ को सरकार विरुद्ध कलावती सुवेदी समेत** , ने.का.प.२०६३, अंकः ९, निर्णय नं. ७७६८ | १८४ - २०२ |
| १३. | **किशोरी महतो सुडी विरुद्ध रामसरोवर देवी समेत** ने.का.प.२०६४, अंकः ५, निर्णय नं. ७८४३ | २८२ - २९३ |
| १४. | **प्र.ना.नि.नेत्रबहादुर थापाको जाहेरीले नेपाल सरकार विरुद्ध मगरे खाँ समेत** –ने.का.प.२०६६,अंकः १०, निर्णय नं. ८२४३ | २१५ - २४४ |
| १५. | **धनकुमारी ढुंगेल समेत विरुद्ध उमादेवी ढुंगेल** –ने.का.प. २०६८, अंकः ९, निर्णय नं. ८६७८ | २४५ - २५७ |
| १६. | **क कुमारीको जाहेरीले नेपाल सरकार विरुद्ध ज्योति राई** , ने.का.प. २०६९, अंकः ७, निर्णय नं. ८८५८ | २५८ - २७५ |
| १७. | **तिलकराम क्षेत्रीको जाहेरीले नेपाल सरकार विरुद्ध जिल्ला बाँके, खासकुस्मा गा.वि.स. वडा नं. ६ भवानीपुर बस्ने लेखराज डाँगीसमेत** , ने.का.प.२०७२, अंकः १, निर्णय नं. ९३२८ | २७६ - ३०५ |
| १८. | **सुन्दर कार्की विरुद्ध रामेश्वर मानन्धर** ०७३–FN–०३४६ (०७३–CI–०९४६) | ३०६ - ३१० |
| १९. | **प्र.ना.नि. कृष्ण मानन्धरसमेतको जाहेरीले नेपाल सरकार विरुद्ध** | ३११ |

| | | |
|---|---|---|
| | **<u>रत्नबहादुर के.सी. समेत</u>** , ने.का.प. २०७६, अंकः ८, निर्णय नं. १०३२० | - ३३५ |
| २०. | **<u>कृष्णमाया डंगोल विरुद्ध ज्ञानबहादुर प्रजापतिसमेत</u>**, ने.का.प. २०७५, अंकः १२, निर्णय नं. १०१५६ | ३३६ - ३४७ |

# सार संक्षेप

१. **<u>श्याम नारायण चौधरी विरुद्ध स्वयं प्रतिवादी श्याम नारायणको जाहेरीले श्री ५ को सरकार</u>** - कर्तव्य ज्यान मुद्दामा पुनरावेदनको अनुमति पाउँ भागः २८, ने.का.प.२०४३, अंकः १२ निर्णय नं. २९२७

संशोधित न्याय प्रशासन सुधार ऐन, २०३१ प्रारम्भ भएको मिति अर्थात् २०४३।७।२४ अगावै जिल्ला अदालतबाट शुरु कारवाही गरी गरेको निर्णयउपर क्षेत्रीय अदालतमा पहिलो पुनरावेदन परी सो ऐन लागू हुनु अगावै क्षेत्रीय अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन परी दायर रहेको र पछि पर्ने निवेदनहरूमा समेत न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ को दफा १४ मा व्यवस्था भए बमोजिम दफा १३(५) मा उल्लेख भएका आधारहरूमा पुनरावेदनको अनुमति दिने नदिने ठहर निर्णय गर्नु पर्ने ।

---

२. **<u>श्री ५ को सरकार विरुद्ध ऋषिकेश शाह समेत</u>** - राजनीतिक उद्देश्यले संघ संस्था खोलेको, भागः ३०,ने.का.प. २०४५, अंकः १, निर्णय नं. ३३२२

सरकार वादी हुने मुद्दामा वादी पक्षको तर्फबाट कोही पनि तारिखमा नरहने तथा मुद्दाका अन्य पक्ष सरह निर्णय सुनि पाएको भनी राय किताबमा कसैको सहिछाप परेको नहुने तथा सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ को नियम १२ (४) ले निर्णयको सूचना दिनुपर्ने समेत बाध्यात्मक कानुनी व्यवस्था रहेको हुँदा त्यस्तो श्री ५ को सरकार वादी हुने फौज्दारी मुद्दामा निर्णय भएको मितिबाटै सो म्याद शुरु हुन्छ भन्न नमिल्ने ।

निर्णय हुँदा पक्ष रोहवरमा छैन भने निर्णयको जानकारी पाएको मितिबाट वा दण्ड सजायँ तिरेको मितिबाट पुनरावेदनको म्याद शुरु हुने ।

कानूनले नै स्पष्ट शब्दमा निर्णयको सूचना दिनुपर्छ भन्ने व्यवस्था गरिरहेको स्थितिमा निर्णयको सूचना पाएको मितिबाट ३५ दिनभित्र परेको निवेदनलाई म्याद नाँघी परेको भन्न मिल्ने अवस्था नदेखिने ।मुलुकी फौजदारि कार्याविधि संहिताले

फैसला भएको मितिले एक वर्षभित्र फैसलाको जानकारी पाइ सक्नुपर्ने व्यवस्था गरेको छ।

---

**३. <u>मिठे पुरी विरुद्ध मित्रमाया नेपाल</u>** - खिचोला, भागः ३६,ने.का.प.२०५५ ,अंकः ९, निर्णय नं. ४९६९

कानूनले पुनरावेदन नै लाग्न नसक्ने मुद्दामा अदालतले म्याद दिएकै आधारले मात्र पुनरावेदन लाग्न नसक्ने ।
न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१)(ग) अन्तर्गतका लाग्नै नसक्ने पुनरावेदन दायर गरेको देखिँदा पुनरावेदन जिकीरको औचित्यतर्फ प्रवेश गरिरहनु नपर्ने ।

---

**४. <u>ज्ञानबहादुर राई विरुद्ध दिल बहादुर राई,</u>** ने.का.प. २०५२, अङ्क ३, निर्णय नं. ५०६४

न्याय प्रशासन ऐन,२०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) मा भएको व्यवस्थालाई हेर्दा शुरु अदालत,निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णय उपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएकोमा यस अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दामा पुनरावेदन अदालत विराटनगरले शुरु इलाम जिल्ला अदालतको निर्णय उपर पुनरावेदन सुनेको नभै शुरु अदालतले गरेको फैसलालाई तत्कालीन मेची अञ्चल अदालतले उल्टाई फैसला गरे उपर तत्कालीन पूर्वाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन परेकोमा सो पुनरावेदन न्याय प्रशासन ऐन,२०४८ को दफा २६ को उपदफा (१) अनुसार पुनरावेदन अदालत विराटनगरमा सरी सो अदालतबाट निर्णय भएको देखिन्छ । सो बमोजिम प्रस्तुत मुद्दामा पहिलो पुनरावेदन तत्कालीन मेची अञ्चलबाट हेरिएको र पुनरावेदन अदालतले मेची अञ्चल अदालतको निर्णय उपर दोस्रो पुनरावेदन हेरी निर्णय गरेकोमा उपर्युक्त दफा ९ को उपदफा (१) को खण्ड (ग) आकर्षित हुने अथवा पुनरावेदकले पुनरावेदन अदालत,विराटनगरको फैसला उपर यस अदालतमा फेरि पुनरावेदन गर्न पाउने अवस्था देखिन्न । माथि उल्लेख भए अनुसार पुनरावेदन अदालतले गरेको पुनरावेदन फैसला उपर उक्त दफा ९

अन्तर्गत यस अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरु खास खास आधारहरुमा यस अदालतले दोहोर्‍याई हेर्न सक्ने व्यवस्था दफा १२ मा भएकै देखिन आउँछ । तर सो अनुसार यो मुद्दामा पुनरावेदन अदालतले गरेको निर्णय दोहोर्‍याई पाउं भनी यस अदालतमा निवेदन दर्ता भएको नभै सो निर्णय उपरको पुनरावेदनको रुपमा मुद्दा दर्ता हुन आएको र उक्त दफा ९ को उपदफा (१) को खण्ड (ग) अन्तर्गतको पुनरावेदन र दफा १२ अन्तर्गतको मुद्दा दोहोर्‍याउने निवेदन लाग्ने अवस्था र आधारहरु भिन्न भिन्न भएकोले यसमा अब केही विचार गरी रहन परेन । तसर्थ प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले गरेको फैसला उपर पुनरावेदन नलाग्नेमा पुनरावेदन परेको देखिन आएकोले पुनरावेदनको औचित्य तर्फ विचार गरी रहन नपर्ने ।

---

**५. <u>श्री ५ को सरकार (विशेष प्रहरी विभाग) विरुद्ध दिलबहादुर लामा समेत</u>** - भ्रष्टाचार भागः ३७, ने.का.प. २०५२, अंकः ९ निर्णय नं. ६०६४ फैसला मिति :२०५२/०९/२०

प्रस्तुत मुद्दामा मुख्य प्रश्न नै विशेष प्रहरी विभागबाट पुनरावेदन दायर भएकोमा मान्यता दिन मिल्ने हो होइन भन्ने रहेको छ । प्रस्तुत भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत पाटन ललितपुरबाट मिति २०४९।५।१४ मा भएको फैसला उपर ०४९।१०।८ मा विशेष प्रहरी अधिकृत विशेष प्रहरी विभागबाट पुनरावेदन दायर भई दर्ता भएको देखिन आउछ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मिति २०४९।९।८ देखि लागू भएको र उक्त सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४(१) मा भएको व्यवस्था हेर्दा सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ वा २ मा लेखिएका मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिनेछ भन्ने व्यवस्था भएको र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २५ ले परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको अभियोगमा चलाइने सबै मुद्दाहरु सरकार वादी हुने भन्ने व्यवस्था भएबाट प्रस्तुत मुद्दा सरकार

वादी हुने मुद्दा नै देखिएकोले प्रस्तुत मुद्दामा स.मु.स. ऐन, २०४९ को दफा २४(१) ले पुनरावेदन दिने काम कर्तव्य सरकारी वकीलको भएको देखिन्छ । तसर्थ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४(१) मा अनुसूची १ वा २ मा लेखिएको मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिनेछ भनेको र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २५ बमोजिम प्रस्तुत मुद्दा श्री ५ को सरकार वादी हुने देखिएकोले प्रस्तुत मुद्दामा सरकारी वकीलले पुनरावेदन गर्नु पर्नेमा विशेष प्रहरी विभागबाट परेको पुनरावेदनबाट कारवाही गर्न नमिल्ने हुँदा पुनरावेदन खारेज हुने ।

---

६. **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फवाट श्री ५ को सरकार विरुद्ध लोकमासिंह कार्की समेत** -भ्रष्टाचार भागः ४१, ने.का.प. २०५६,अंकः ८ निर्णय नं. ६७६४ फैसला मिति :२०५६/०२/१२

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चलाएको भ्रष्टाचार मुद्दा श्री ५ को सरकार वादी हुनेछ भन्ने अ.द.नि.आ ऐन, २०४८ को दफा ३४(२) मा व्यवस्था भएको पाइन्छ । सरकारी मुद्दा समवन्धी ऐन, ०४९ को दफा २४(१) मा ... कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भन्ने मुद्दामा पुनरावेदन गर्ने अधिकारीमा सरकारी वकील भन्ने उल्लेख भएको पाइन्छ । यसरी श्री ५ को सरकार वादी हुने मुद्दाको खास ऐनमा सरकारी वकिल मार्फत पुनरावेदन आउनु पर्नेमा सो वमोजिम आएको देखिन आएन । उसमा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन भन्दा पछि आएको सो सरकारी मुद्दा समवन्धी ऐनको व्यवस्थालाई असर गर्ने गरी व्याख्या गर्न पनि मनासिव हुन नआउने ।

---

७. <u>रे.भोगेन्द्र रायमाझीको प्रतिवेदनले श्री ५ को सरकार विरुद्ध पन्द घले समेत</u> - कस्तुरी मारी विना बिक्री सम्बन्धमा भागः ४३,ने.का.प.२०५८,अंकः ३ निर्णय नं. ६९९९ फैसला मिति :२०५७/११/१९

७० दिन भित्र पुनरावेदन गर्न नसकेको कारण देखाई अ.वं.५९ नं.अन्तर्गत उक्त ७० दिन गुज्रेको मितिले ३० दिन भित्र थमाइ पाउन निवेदन दिई म्याद थमाई २०५१।५।९ मा मात्र प्रतिवादीहरुले पुनरावेदन दर्ता गराएको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ३१(३)मा त्यस्तो फैसला उपर ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भइरहेको पाइन्छ । तर ७० दिनको पुनरावेदन म्याद दिएकोले ७० दिन भित्र पुनरावेदन लाग्ने हो कि भन्नेतर्फ विचार गर्दा कानूनद्वारा तोकिएको म्याद भन्दा घटि बढी हुने गरी पुनरावेदन गर्ने म्याद दिंदैमा त्यसरी दिएको म्याद भित्र पुनरावेदन लाग्ने नभई कानूनद्वारा निर्दिष्ट गरिएको म्याद भित्रै पुनरावेदन गर्नु पर्ने हुन्छ । विधायिकाबाट ऐनमा नै प्रष्टरुपले तोकिदिएको पुनरावेदन गर्ने म्याद अन्यथा हुने गरी घटी बढी उल्लेख गर्दैमा त्यस्तो घटी बढी कायम रहन सक्ने नभई कानूनद्वारा निर्दिष्ट म्याद नै कायम हुने हुँदा सम्बन्धित मुद्दाका पक्ष विपक्षले पनि कानूनद्वारा निर्दिष्ट म्यादलाई नै अनुशरण गरी सोही म्याद भित्रै पुनरावेदन गर्नुपर्ने हुन्छ ।

प्रस्तुत मुद्दामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ३१(३) द्वारा निर्दिष्ट ३५ दिन म्यादभित्र प्रतिवादीहरुले पुनरावेदन नगरी २०५१।२।२ मा तामेल भएको पुनरावेदन गर्ने म्यादबाट ३५ दिन र अ.वं. ५९ नं. ले थमाउन पाउने म्याद ३० दिन नघाई २०५१।५।१९ मा आएर मात्र दायर भएको देखिंदा त्यस्तो पुनरावेदन ग्रहण गरी इन्साफ गर्न नमिल्ने भई पुनरावेदनै खारेज गर्नुपर्नेमा सो नगरी इन्साफ गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको नदेखिएकोले उल्टी हुने ।

---

८. <u>प्र.ना.उ.धीरेन्द्रकुमार देवानको प्रतिवेदनले श्री ५ को सरकार विरुद्ध कीर्तिबहादुर चन्द समेत</u> - लागू औषध भागः ४४, ने.का.प.२०५९,अंकः ३, निर्णय नं. ७०७० -फैसला मिति :२०५८/०९/०५

ऐन कानूनको व्याख्या गर्दा समन्वयात्मक किसिमबाट गर्नुपर्ने भन्ने व्याख्याको मान्य सिद्वान्त हुनाले ऐनको व्याख्या गर्दा कार्यविधिगत पक्षलाई जटिल बनाउने र असामञ्जस्यपूर्ण हुने हिसावबाट व्याख्या गर्न नहुने ।
ऐनको शव्दले स्पष्ट नबोलेको अवस्थामा पक्षको सुविधामा प्रतिकूल असर पर्ने ढंगले समेत व्याख्या गर्नु नहुने ।
न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को "दश वर्ष भन्दा बढी कैदको सजाय भएको" मुद्दा भन्ने वाक्यांशलाई व्यक्तिलाई दश वर्ष कैद भएको अवस्थामा यस्तो व्यक्तिको हकमा मात्र पुनरावेदन लाग्ने हो भनी व्यक्तिलाई भएको कैदलाई पुनरावेदनको मापदण्ड बनाउने हो भने कुनै मुद्दामा धेरै प्रतिवादीहरु भई कसैलाई १० वर्ष भन्दा बढी कैद सजाय ठहर भएको र कसैलाई १० वर्ष भन्दा कम कैद सजाय ठहर भएकोमा एकै मुद्दामा प्रतिवादीहरुले आफूलाई भएको सजायलाई हेरी १० वर्ष वा वढी कैद भएकाले पुनरावेदन गर्नुपर्ने र सो भन्दा मुनि कैद भएको प्रतिवादीले दोहोर्‍याई पाउं भन्ने निवेदन दिनुपर्ने ।अतः एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरुले समेत दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसंगत र सुविधाजनक समेत हुने ।

**९. <u>ने.का.प. २०६०, अंकः५, नि. नं. ७२२०</u>** निर्णय नं. ७२२० - कार्यविधिमा एकरुपता सम्बन्धी टिप्पणी आदेश ,फैसला मिति :२०६०/०४/३०

विशेष अदालत ऐन २०५९ को दफा ११ मा विशेष अदालतले हेर्ने वा हेरेको मुद्दामा म्याद तारेख थाम्ने सम्बन्धमा छुट्टै व्यवस्था गरिएको र त्यसमा विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला उपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न कावु वाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो व्यहोरा मनासिव ठहरिएमा एक पटक बढीमा १५ दिनसम्मको म्याद तारेख थाम्न सकिनेछ भन्ने व्यवस्था गरेको देखिई ऐ. ऐनको दफा १२ मा मुद्दाको कारवाही र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो बाहेकका अन्य कुरामा विशेष अदालतले प्रचलित कानून वमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्ने व्यवस्था पाइदा

विशेष अदालत ऐन, २०५९ मा व्यवस्था नगरिएको विषयमा मात्र अन्य प्रचलित कानूनमा भएको व्यवस्था लागु हुन सक्ने ।
विधायिकाले विशेष अदालतले हेरे छिनेका मुद्दामा पुनरावेदनको म्याद र सो म्याद गुज्रेमा थमाउने समेतको छुट्टै व्यवस्था गर्न खोजेको मनसाय प्रष्ट भै विशेष अदालत ऐन, २०५९ को प्रस्तावनामा खास किसिमका मुद्दाहरुको कारवाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढंगले गराउन सो कानूनी व्यवस्था गरिएको भन्ने उल्लेख भएबाट पनि ऐनको उद्देश्य र भावना अनुरुप कानूनको प्रयोग र व्याख्या हुनु आवश्यक हुने ।

विशेष अदालत ऐन ,२०५९ मा पुनरावेदनको म्याद दिने र सो गुज्रेमा थमाउने छुट्टै व्यवस्था गरिएको, प्रस्तुत विशेष अदालत ऐन २०५९ सालमा वनी लागु भएको र सरकारी मुद्दा संवन्धी ऐन, २०४९ सालमा बनी लागु भएको अवस्थाबाट पनि पछि बनेको ऐनको भिन्न व्यवस्थाले अघिको ऐनको व्यवस्थालाई प्रतिस्थापन गरेको मान्नु पर्ने हुन्छ । यस स्थितिबाट विचार गर्दा पनि सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(२) प्रस्तुत विषयमा आकर्षित हुने अवस्था नदेखिने ।
मुलुकी ऐनको प्रारम्भिक कथनको ४ नं. ले छुट्टाछुट्टै बनेका कानूनमा लेखिए जतिमा सोही कानून बमोजिम हुने भन्ने सिध्दान्तलाई अगींकार गरेको समेतबाट पुनरावेदनको म्याद थमाउने प्रसंगमा विशेष अदालत ऐन २०५९ ले यस ऐन वमोजिम र अरु प्रचलित कानून वमोजिमको सुविधा समेत पाउन सक्ने भन्ने स्पष्ट व्यवस्था गरेको देखिन नआएको स्थितिमा विशेष अदालतले हेरे छिनेका मुद्दाहरुमा खास मुद्दाहरुको काम कार्यवाही छिटोछरितो किसिमले टुङ्गयाउने प्रयोजन र उद्देश्यवाट बनेको विशेष अदालत ऐन २०५९ को दफा ११ को व्यवस्था वाहेक अरु प्रचलित ऐन कानूनको कार्यविधि समेत आकर्षित हुने भन्न नमिल्ने ।

---

**१०. <u>गुणाकर खरेल विरुद्ध चितवन जिल्ला अदालत, भरतपुर समेत</u>** - उत्प्रेषण भाग : ४५, ने.का.प.२०६०, अंकः ११ निर्णय नं. ७३०३ -फैसला मिति :२०६०/०३/१०

वन ऐन, २०४९ अन्तर्गतको कसूर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्र पनि परेको अबस्था नहुँदा केवल श्री ५ को सरकार वादी भएकै आधारमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) आकर्षित हुन्छ भन्न नमिल्ने ।

कानूनले नै अनुसूचीमा परेको मुद्दामा मात्र ७० दिनको पुनरावेदनको म्याद पाउने स्पष्ट कानूनी व्यवस्था गरेको अबस्थामा सो कानूनी व्यवस्था विपरीत अनुसूचीमा नपरेको मुद्दामा समेत अदालतले ७० दिनको म्याद दिंदैमा सो म्याद कायम हुनुपर्ने भन्ने जिकिर मनासिव नदेखिने ।

जिल्ला अदालत र पुनरावेदन अदालतको आदेश गैरकानूनी नदेखिदा ३५ दिनभित्र पुनरावेदनको म्याद पाउने भनी बोली सकेको अबस्थामा उपरोक्त निर्णय आदेशहरु समेतलाई निस्क्रिय पार्ने गरी निवेदकले पुनरावेदनको म्याद पाउने भन्न नमिल्ने हुँदा कानून बमोजिमको पुनरावेदन गर्ने म्याद नघाई दायर गर्न ल्याएको पुनरावेदन दर्ता गर्न नमिल्ने भनि दरपीठ गरेको आदेशमा कुनै कानूनी त्रुटी नदेखिंदा प्रस्तुत रिट खारेज हुने ।

---

**११. <u>रामजीप्रसाद गुप्ता समेत विरुद्ध प्रकाशकुमार अधिकारी समेत</u>** - दर्ता बदर गरी सार्वजनिक वाटो कायम गरी पाऊँ भागः ४६,ने.का.प.२०६१ , अंकः ६ निर्णय नं. ७३९१ - फैसला मिति :२०६१/०६/०७

पुनरावेदकीय अधिकार कानूनी अधिकार (Legal Right) हो । त्यस्तो अधिकार कानूनद्वारा नै व्यवस्थित गरिएको हुन्छ । कानूनद्वारा व्यवस्थित गरिएकोले नै यस अधिकारलाई कानूनी अधिकारको रुपमा ग्रहण गरिने ।

ऐनले नै पुनरावेदन सम्बन्धी विशेष व्यवस्था गरी सो ऐन अन्तर्गतका कुन दफा अन्तर्गतको के कस्तो निर्णय उपर पुनरावेदन लाग्ने भनी विधायिकाले प्रष्ट सीमा रेखा कोरिदिएको अवस्थामा सो ऐनमा पुनरावेदन लाग्न सक्ने भनी छुट्याएको विषयवस्तु भन्दाबढी कुरामा पुनरावेदन लाग्न नसक्ने ।

सम्बन्धित ऐनले नै कति कुरामा पुनरावेदन कहाँ लाग्ने हो भनी किटानी व्यवस्था गरिरहेको अवस्थामा सो भन्दा वाहेकका पुनरावेदन लाग्ने नभनिएको कुरामा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा ८ पकडी पुनरावेदन लाग्न सक्छ भनी अर्थ गर्न नमिल्ने ।

मालपोत ऐन, २०३४ को पाँचौं सशोधन पूर्वको दफा २४(४) बमोजिम मालपोत कार्यालय, मोरङले दर्ता वदर गर्ने गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्थाको अभावमा पनि पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णय कानून अनुरुपको देखिन नआउने ।

---

**१२. <u>महानन्द पौडेल समेतको जाहेरीले श्री ५ को सरकार विरुद्ध कलावती सुवेदी समेत</u>** - कर्तव्य ज्यान भागः ४८, ने.का.प.२०६३ , अंकः ९, निर्णय नं. ७७६८ - फैसला मिति :२०६३/०८/०८

फौजदारी मुद्दामा वादी राज्य पक्ष हुने हुनाले राज्यले पुनरावेदन गर्ने अधिकारका सम्वन्धमा हाम्रो कानूनले वादी र प्रतिवादीलाई समान पुनरावेदन गर्ने अधिकार दिएको छ । पुनरावेदन गर्ने अधिकार कानूनले प्रदान गरेको छ भन्दैमा प्रमाण शून्य मुद्दामा समेत पुनरावेदन गर्ने वर्तमान परिपाटी राज्यले अन्त्य गर्ने तर्फ ध्यान दिनुपर्ने ।

पुनरावेदन गरी मुद्दा लम्व्याउने भन्दा कहाँ के किन र कस्तो त्रुटीले गर्दा राज्यले मुद्दा हार्न गयो भन्ने तर्फ सुधार गरेपछि यस अदालत एवं राज्य दुवैको अमूल्य समय खेर नजाने ।

---

**१३. <u>किशोरी महतो सुडी विरुद्ध रामसरोवर देवी समेत</u>** - जालसाज समेतभागः ४९ , ने.का.प २०६४ , अंकः ५, निर्णय नं. ७८४३ फैसला मिति :२०६४/०४/१८

शुरु अदालतले गरेको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को अवस्थाका मुद्दाहरूमा बाहेक अन्य मुद्दामा एक तह मात्र पुनरावेदन अदालतबाट

इन्साफ जाँचे पुग्छ, एउटै मुद्दामा पटक पटक तह तह सुनुवाइ गरी इन्साफ जाँचिरहन नपर्ने ।

दुई तहको एउटै राय भएमा इन्साफ पर्छ र मुद्दा लम्बिन हुदैन बरू चाँडो अन्त्य हुनुपर्छ भन्ने अवधारणा र मान्यताले शुरु र पुनरावेदन तहको राय मिलेमा न्याय प्रशासन ऐनको दफा १२ को अवस्था बिद्यमान भएमा मात्र Supervisory Jurisdiction अन्तर्गत यस अदालतले दोहोर्‍याई हेर्न सक्ने।

पुनरावेदन सुन्ने व्यवस्था Extention of original jurisdiction भएको कारण शुरु अदालतले सरह पुनरावेदन सुन्ने अदालतले पनि आवश्यकता अनुसार सवुद प्रमाण बुझ्ने लगायतका सम्पूर्ण कार्यविधि पूरा गरी निर्णय गर्न सक्तछ तर Supervisory jurisdiction अन्तर्गत दोहोर्‍याई हेर्दा वा पुनरावलोकन गर्दा ऐनमा तोकिएको सीमित आधारमा मात्र हेर्नुपर्ने ।

एक पटक अदालतले न्याय प्रशासन ऐनको दफा १२ को अवस्था विद्यमान नभएको ठहर गरी Statutory finality clause अन्तर्गत अन्तिम भैसकेको मुद्दालाई न्याय प्रशासन ऐन, २०४८ को अर्को दफा अन्तर्गत मुद्दा re-open हुन सक्दैन । यदि पुनरावेदन अदालतको फैसलामा त्रुटि भए न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गतको कुनै निवेदनको सुनुवाई गर्ने इजलासले नै निस्सा प्रदान गर्ने थियो । अतः एउटै मुद्दामा दफा १२ अन्तर्गतको निवेदनमा यस अदालतले मुद्दा दोहोर्‍याई हेर्न पर्ने अवस्था नदेखेर टुंगो लागिसकेपछि पुनरावलोकनलाई हतियार बनाएर मुद्दा re-open हुन नसक्ने ।

---

**१४. <u>प्र.ना.नि.नेत्रबहादुर थापाको जाहेरीले नेपाल सरकार विरुद्ध मगरे खाँ समेत</u>** - लागू औषध (ब्राउन सुगर) भागः ५१, ने.का.प.२०६६,अंकः १० निर्णय नं. ८२४३ फैसला मिति :२०६६/०५/१४

फौजदारी अपराधमा व्यक्तिका विरुद्ध ठोस र शंकारहीत प्रमाण संकलन हुनुपर्छ तव मात्र राज्यले अभियोग लगाउन, मुद्दा चलाउन सक्छ यदि बिना प्रमाण राज्यले कसैलाई फौजदारी अपराधको अभियोग लगाउँछ र त्यसको फलस्वरुप अभियुक्तले

सफाइ पाउँछ भने त्यस्तोमा महान्यायाधिवक्ताले पुनरावेदन गरी अभियुक्तलाई हैरानी गर्न नहुने ।

---

**१५. <u>धनकुमारी ढुंगेल समेत विरुद्ध उमादेवी ढुंगेल</u>** - घरायसी अंशबण्डा सम्पत्तिको दाखिल खारेज भाग: ५३, ने.का.प.२०६८, अंक: ९, निर्णय नं. ८६७८ फैसला मिति :२०६८/०३/०९

पुनरावेदकीय अधिकार भनेको कानूनी अधिकार हो, जुन कानूनद्वारा व्यवस्थित गरिएको हुन्छ । यो अन्तर्निहीत अधिकारका रुपमा प्रयोग गर्न मिल्ने हुँदैन । कानूनले पुनरावेदन लाग्ने भनी व्यवस्था नगरेको अवस्थामा पुनरावेदन गर्ने अधिकार रहन्छ भनी अरु कुरामा पुनरावेदकीय अधिकार भएको अदालत वा निकायले अनुमान गर्न नमिल्ने ।
कानूनमा पुनरावेदन लाग्छ भनी उल्लेख भएको विषयमा पुनरावेदन सुन्ने निकाय कुन हुने भन्ने पनि सोही कानूनमा तोकिएको हुन्छ । सोही आधारमा साधिकार निकायमा पुनरावेदन गर्ने अधिकार सम्बन्धित पक्षमा रहन्छ । विधिकर्ताले नै पुनरावेदनको आवश्यकता नदेखेको विषयमा न्यायिक व्याख्याद्वारा पुनरावेदन लाग्ने भनी अधिकारक्षेत्र विस्तारित गर्न नमिल्ने ।
कानूनले प्रदान गरेको अधिकारअन्तर्गत पक्षको पुनरावेदन परेको अवस्थामा पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गरेमा मात्र त्यस्तो निर्णयले आफ्नो क्षेत्राधिकारको वैधता प्राप्त गर्न सक्दछ । अन्यथा अधिकारक्षेत्रात्मक त्रुटि भई भएको निर्णय कायम रहन नसक्ने भई बदर हुने ।
विशेष ऐनले गरेको पुनरावेदनसम्बन्धी अधिकार विशेष पुनरावेदकीय अधिकार हो । सामान्य पुनरावेदकीय अधिकार असीमित हुन्छ भने विशेष पुनरावेदकीय अधिकार सीमित हुन्छ । विशेष ऐनले जति कुरामा पुनरावेदन सुन्ने अधिकार प्रदान गर्दछ, त्यति कुरामा मात्र पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न सकिने ।

---

**१६. <u>क कुमारीको जाहेरीले नेपाल सरकार विरुद्ध ज्योति राई</u>** - मानव बेचविखन तथा ओसारपसार ।भागः ५४, ने.का.प.२०६९, अंकः ७, निर्णय नं. ८८५८ फैसला मिति :२०६९/०५/१३

सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकारलाई क्रमशः हलुका गर्दै लैजाने विधायिकाको मनसाय रहेको तथ्य विधायिकी इतिहासबाट स्पष्टै देखिएको अवस्थामा विधायिकाको उक्त मनसायविपरीत हुने गरी न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्थाको प्रयोग गर्न नमिल्ने ।

न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) को कानूनी व्यवस्थाअनुसार शुरु अदालत, निकाय वा अधिकारीबाट तीन वर्षभन्दा कम सजाय गरेको र पुनरावेदन अदालतले सो सजाय उल्टी वा केही उल्टी गरेको अवस्थामा पुनरावेदन अदालतको उक्त फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न नसक्ने ।

पुनरावेदन अदालतबाट वादी र प्रतिवादीहरूमध्ये ज–जसको हकमा एकैपटक फैसला भएको छ सो आधारमा एकैचोटि फैसला भएकाको हकमा यस अदालतमा पुनरावेदन लाग्ने र नलाग्ने निष्कर्ष निकाल्नु पर्दछ भन्ने न्याय प्रशासन ऐन २०४८ को दफा ९ को मनसाय भएकाले भविष्यमा के कस्तो होला भन्ने अनुमानको आधारमा अमुक प्रकारको निष्कर्ष निकाल्न नमिल्ने ।

---

**१७. <u>तिलकराम क्षेत्रीको जाहेरीले नेपाल सरकार विरुद्ध जिल्ला बाँके, खासकुस्मा गा.वि.स. वडा नं. ६ भवानीपुर बस्ने लेखराज डाँगीसमेत</u>** - वन पैदावार नोक्सान भागः ५७,ने.का.प. २०७२,अंकः १, निर्णय नं. ९३२८, फैसला मिति :२०७०/१०/१२

पुनरावेदन गर्न पाउने हक कानूनी हक भएकाले मुद्दाका सम्बन्धित पक्षलाई कानूनबमोजिम पुनरावेदन गर्नु भनी कुनै पनि माध्यमबाट जारी गरिएको म्याद सम्बन्धित पक्षले प्राप्त गरेको छ भने सोही मितिबाट पुनरावेदन गर्ने म्याद सुरू हुन्छ । म्याद जारी नगरिएको अवस्थामा सम्बन्धित पक्षले अर्को माध्यमद्वारा फैसलाको नक्कल लिएको छ भने सो नक्कल लिएको मितिबाट पुनरावेदन म्याद सुरू

हुने हुँदा पक्षले पहिला कुन माध्यमबाट जानकारी पाएको छ त्यो बाट नै पुनरावेदन गर्ने दिनको गणना हुने हो । पुनरावेदन गर्ने म्याद प्राप्त भएपछि नक्कल लिएको मितिलाई आधिकारिक मान्ने हो भने पुनरावेदनको म्याद जारी गर्नुको कुनै औचित्य नै नरहने र कानूनमा भएको पुनरावेदनसम्बन्धी कानूनी व्यवस्था नै पराजित हुन जाने हुँदा पक्षले जुन माध्यमबाट पहिला जानकारी प्राप्त गरेको छ । सो मितिबाट नै पुनरावेदनको म्याद सुरू हुने हो तर फैसलाको आधिकारिक जानकारी प्राप्त गरेपश्चात् पुनः फैसलाको नक्कल लिई पुनरावेदनको म्याद कायम गरी दायर हुन आएको वादी नेपाल सरकारको पुनरावेदन कानूनसम्मत देखिन नआउने ।

---

**१८. <u>सुन्दर कार्की विरुद्ध रामेश्वर मानन्धर</u>** ०७३–FN–०३४६(०७३–CI–०९४६)

संविधानको धारा १४४(१) र (२) मा व्यवस्थित उच्च अदालतको अधिकारक्षेत्रलाई न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) मा पुनरावृति गरेको र सोलाई बाहेक गरी ऐ. दफा ८(२) बमोजिम उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क) मा भएको देखिन्छ । यसबाट संविधानको धारा १४४(१) र (२) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम उच्च अदालतले जारी गरेको आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था गरेको देखिएन । यसरी संविधानको धारा १४४(१) र (२) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम गरेको आदेशमा सोझै पुनरावेदन नलागी न्याय प्रशासन ऐन, २०७३ को दफा १२ मा उल्लिखित व्यवस्थाबमोजिम मुद्दा दोहोर्याई हेर्न सक्ने अधिकारमात्र सर्वोच्च अदालतलाई रहेको देखिन आयो ।

---

**१९. <u>प्र.ना.नि. कृष्ण मानन्धरसमेतको जाहेरीले नेपाल सरकार विरुद्ध रत्नबहादुर के.सी. समेत</u>** - लागु औषध खैरो हिरोइन भागः ६१, ने.का.प. २०७६ , अंकः ८ निर्णय नं. १०३२० - फैसला मिति : २०७५/०९/१९

पुनरावेदकीय क्षेत्राधिकारमा प्रारम्भिक क्षेत्राधिकारको विस्तार (Extension of Original Jurisdiction) हुने भएको कारण सुरू अदालतसरह माथिल्लो तहको अदालतले पनि आवश्यकताअनुसार सबुत प्रमाण बुझ्नेलगायतका कार्यविधि पूरा गरी निर्णय गर्न सक्ने र दोहोर्याई हेर्ने निवेदनमा माथिल्लो अदालतले सुपरीवेक्षकीय क्षेत्राधिकार (Supervisory Jurisdiction) अन्तर्गत ऐनमा तोकिएको सीमित आधारमा हेरिनु पर्ने ।

एउटै मुद्दामा कुनै प्रतिवादीलाई पुनरावेदन वा उच्च अदालतबाट १० वर्षभन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्षभन्दा कम कैद सजाय भएका प्रतिवादीहरूले न्याय प्रशासन ऐनको दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्न पाउने नै हुन्छ । उक्तबमोजिम पुनरावेदन गर्न पाउने वा नपाउने भन्ने कुरा पुनरावेदन अदालत वा उच्च अदालतको फैसलाले तोकेको सजायको आधारमा निर्धारण हुने देखिन्छ । दश वर्षभन्दा बढी कैद सजाय हुने ठहरिएका प्रतिवादीले पुनरावेदन गरे वा नगरेको आधारमा मात्र अन्य प्रतिवादीको पुनरावेदन गर्ने कुरा निर्धारण गर्नु उचित नदेखिने ।

प्रतिवादीलाई १० वर्षभन्दा बढी कैद भएकोले निजको पुनरावेदन नपरेको भए पनि एउटै मुद्दामा कसैलाई १० वर्षभन्दा बढी कैद र कसैलाई १० वर्षभन्दा कम कैद भएको अवस्थामा कम कैद हुने प्रतिवादीहरूको हकमा समेत पुनरावेदन दर्ता गर्न मिल्ने ।

---

**२०. <u>कृष्णमाया डंगोल विरुद्ध ज्ञानबहादुर प्रजापतिसमेत</u>** - उत्प्रेषण भागः ६० ने.का.प २०७५, अंकः १२, निर्णय नं. १०१५६ - फैसला मितिः २०७५/१०/२९

पुनरावेदन सुन्ने अदालतबाट मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिमको निवेदनमा आदेश हुँदा सो आदेशले तलको अदालतमा चलिरहेको मुद्दामा के कस्तो असर पर्छ भन्ने विषयमा सचेत रही आदेश गर्नु पर्ने ।

अ.बं. १७ नं. को निवेदनको रोहमा हुने आदेशबाट कुनै पक्षको हक स्थापित हुने नभई तल्लो अदालतमा मुद्दाको कारबाही हुँदा म्याद नाँघेको वा रीत बेरीतसम्म हेरिने हो । यस प्रकृतिको सीमित अधिकार अ.बं. १७ नं. बमोजिमको निवेदनमा रहने हुनाले तल्लो अदालतमा विचाराधीन रहेको मुद्दामा अदालतसँग भएको न्यायिक अधिकारमा हस्तक्षेप गर्न मिल्ने उक्त कानूनी व्यवस्थाको अवधारणा नहुने ।

## <u>१. श्री ५ को सरकार विरुद्ध श्याम नारायण चौधरी , ने.का.प.२०४३, अंकः १२ निर्णय नं. २९२७</u>

निर्णय नं. २९२७ - कर्तव्य ज्यान मुद्दामा पुनरावेदनको अनुमति पाउँ

भागः २८ सालः २०४३ महिनाः चैत्र अंकः १२
फैसला मिति :२०४३/२२/२९ ८९२

निर्णय नं. २९२७ ने.का.प. २०४३ अङ्क १२
पूर्ण इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री धनेन्द्रबहादुर सिंह
माननीय न्यायाधीश श्री बब्बरप्रसाद सिंह
माननीय न्यायाधीश श्री महेशरामभक्त माथेमा
माननीय न्यायाधीश श्री हरिहरलाल राजभण्डारी
माननीय न्यायाधीश श्री हिरण्येश्वरमान प्रधान
सम्वत् २०४३ सालको फुलबेञ्च निवेदन नं. ११
आदेश भएको मिति : २०४३।११।२९।६ मा

निवेदक/प्रतिवादी : कैलाली कारागारमा थुनामा रहेको श्यामनारायण चौधरी
विरुद्ध
विपक्षी/वादी : स्वयं प्रतिवादी श्याम नारायणको जाहेरीले श्री ५ को सरकार

विषय : कर्तव्य ज्यान मुद्दामा पुनरावेदनको अनुमति पाउँ

**(१) संशोधित न्यायप्रशासन सुधार ऐन,२०३१ प्रारम्भ भएको मिति अर्थात् २०४३।७।२४ अगावै जिल्ला अदालतबाट शुरु कारवाही गरी गरेको निर्णयउपर क्षेत्रीय अदालतमा पहिलो पुनरावेदन परी सो ऐन लागू हुनु अगावै क्षेत्रीय अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन परी दायर**

**रहेको र पछि पर्ने निवेदनहरूमा समेत न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ को दफा १४ मा व्यवस्था भए बमोजिम दफा १३(५) मा उल्लेख भएका आधारहरूमा पुनरावेदनको अनुमति दिने नदिने ठहर निर्णय गर्नु पर्ने ।**

(प्रकरण नं. २९)

उपस्थित विद्वान महान्यायाधिवक्ता, वरिष्ठ अधिवक्ताहरू तथा अधिवक्ताहरू :

विद्वान वरिष्ठ अधिवक्ता श्री शम्भूप्रसाद ज्ञवाली
विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारी
विद्वान वरिष्ठ अधिवक्ता श्री कुञ्ज विहारीप्रसाद सिंह
विद्वान वरिष्ठ अधिवक्ता श्री कुसुम श्रेष्ठ
विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद पन्त
विद्वान वरिष्ठ अधिवक्ता श्री मुकुन्द रेग्मी
विद्वान वरिष्ठ अधिवक्ता श्री गणेशराज शर्मा
विद्वान वरिष्ठ अधिवक्ता श्री लक्ष्मणप्रसाद अर्याल
विद्वान महान्यायाधिवक्ता श्री कष्णप्रसाद घिमिरे
विद्वान वरिष्ठ अधिवक्ता श्री मोहनकृष्ण खरेल
विद्वान वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की
विद्वान वरिष्ठ अधिवक्ता श्री रमेश विक्रम कार्की

आदेश

१. शुरु कैलाली जिल्ला अदालको निर्णय उपर न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(१)(ख) अन्तर्गत श्री ५ को सरकारको सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन परी क्षेत्रीय अदालतबाट निवेदक श्यामलाल चौधरीलाई मुलुकी ऐन ज्यानसम्बन्धीको १४ नं.अन्तर्गत दश वर्ष कैद हुने ठहराई २०४३।१।१६ मा निर्णय भएको रहेछ । उक्त निर्णय उपर न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(५)(ख) अन्तर्गत पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदकको निवेदन कारागार शाखा कैलाली मार्फत ०४३।४।३ मा यस अदालतमा दर्ता भएको रहेछ । उक्त निवेदन सुनुवाईको

निमित्त संयुक्तइजलास समक्ष पेश हुँदा माननीय न्यायाधीशहरू बीच मतैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली, २०२१ को नियम ३३(क) बमोजिम निर्णयार्थ यस इजलास समक्ष पेश हुनआएको रहेछ ।

२. पुनरावेदनको अनुमति पाउँ भन्ने प्रस्तुत निवेदन २०४३।८।२५ मा संयुक्तइजलास समक्ष पेश हुँदा शुरु कैलाली जिल्ला अदालतले गरेको फैसला उपर सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतमा प्रतिवादीको पुनरावेदन परी सो अदालतबाट मिति २०४३।१।१६ मा भएको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमतिको निवेदन न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(५)(ख) अनुसार दर्ता भइरहेको देखिन्छ । न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ मिति ०४३।७।२४।२ देखि प्रारम्भ भएकोबाट सो भन्दा अघि यस अदालतमा पुनरावेदन गर्ने अनुमतिको निवेदन गर्दा भएकोमा सो निवेदनको सुनुवाई तथा निर्णय गर्दा मिति ०४३।७।२४।२ भन्दा अघि प्रचलित कानुन बमोजिम गर्नु पर्ने वा प्रस्तुत चौथो संशोधन ऐन बमोजिम गर्नु पर्ने र पुनरावेदन गर्ने अनुमतिको प्रस्तुत निवेदन दर्ता कायम रहन सक्ने कि नसक्ने सो कुराको मुख्य रुपमा निर्णय दिनु पर्ने भएको छ ।

२. न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ को दफा १४ मा यो ऐन प्रारम्भ हुनु अघि अञ्चल अदालत वा क्षेत्रीय अदालतमा दायर भइरहेको पुनरावेदन वा साधकको निर्णय गर्दा तथा क्षेत्रीय अदालतमा वा सर्वोच्च अदालतमा दर्ता भइरहेको पुनरावेदन गर्ने अनुमतिको सुनुवाई तथा निर्णय गर्दा यसै ऐनमा लेखिएको व्यवस्थाको अधीनमा रही गरिनेछ भनी उल्लेख भएको देखिनाले न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ प्रारम्भ हुनुभन्दा अघि अर्थात् ०४३।७।२४।२ भन्दा अघि यस अदालतमा दर्ता भइरहेको प्रस्तुत पुनरावेदन गर्ने अनुमतिको निवेदनको सुनुवाई तथा निर्णय गर्दा यसै ऐनमा लेखिएको व्यवस्थाको अधीनमा रही गर्नु पर्ने कानुनी व्यवस्था हुनआएको छ ।

४. चौथो संशोधनद्वारा संशोधित दफा १३(५) मा अञ्चल वा प्रचलित नेपाल कानुन बमोजिम कुनै निकाय वा अधिकारीले शुरु कारवाही गरी गरेको निर्णय उपर क्षेत्रीय अदालतले पुनरावेदन हेरी सो निर्णय सदर गरेको क्षेत्रीय अदालतको फैसला वा अन्तिम आदेशमा सो उपदफाको देहायमा उल्लेख भएको कुनै प्रश्नमा गम्भीर कानुनी त्रुटि देखिएमा स.अ.ले उपदफा (७) को अधीनमा रही पुनरावेदन गर्ने

अनुमति दिन सक्ने र उपदफा ७ मा उपदफा ४ को खण्ड (ख) र (ग) बाहेक अरु खण्डहरू अन्तर्गत क्षेत्रीय अदालतले पुनरावेदनको अनुमति दिई गरेको फैसला वा अन्तिम आदेश उपर पुनरावेदनको अनुमतिको लागि सर्वोच्च अदालतमा निवेदन लाग्ने छैन भन्ने कानुनी व्यवस्था गरेकोबाट सोही आधारमा मात्र आफू समक्ष पुनरावेदन गर्ने अनुमति दिन सक्ने भएकोमा शुरु कैलाली जिल्ला अदालतले गरेको निर्णय उपर सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन परी सो पुनरावेदनमा सुदूर पश्चिमाञ्चल क्षे.अ.बाट ०४३।१।१६ मा भएको निर्णय उपर प्रस्तुत पुनरावेदन गर्ने अनुमतिको निवेदन दर्ता भइराखेको अञ्चल अदालत वा निकाय वा अधिकारी भित्र प्रथम तहको शुरु जिल्ला अदालत समावेश भएको भन्न मिलेन र शुरु जिल्ला अदालतले गरेको फैसला उपर सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतबाट भएको पुनरावेदन फैसला उपर यस अदालतमा पुनरावेदन गर्ने अनुमतिको निवेदन दर्ता भएकोमा यस अदालतबाट सो निवेदन सुनुवाई तथा निर्णय गर्ने कानुनी व्यवस्थाको अभावमा सो पुनरावेदन गर्ने अनुमतिको निवेदनको दर्ता यस अदालतमा कायम रहन सक्ने देखिन्न । प्रस्तुत निवेदन यस अदालतमा दर्ता रहन सक्ने नदेखिनाले सो निवेदनमा उल्लेख भए बमोजिम उक्त सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतको फैसलामा कुनै त्रुटि छ वा छैन सो सम्बन्धमा पनि विचार गर्न मिलेन । तसर्थ प्रस्तुत निवेदन तामेलीमा राखी दिनु भन्ने समेत माननीय न्यायाधीश श्री सुरेन्द्रप्रसाद सिंहको राय रहेछ ।

५. नेपालको संविधानको धारा १० ले सबै नागरिक कानुनको समान संरक्षणका हकदार हुन्छन् भन्दछ । अर्थात् समान किसिमकालाई समान व्यवहार गर्नु पर्छ । असमान गर्न नहुने भन्ने धारा १० को व्यवस्था हो । त्यसमा बन्देज धारा १७ को प्रयोग भएमा मात्र सम्भव हुन्छ । धारा १७ को प्रयोग पनि सार्वजनिक हितको लागि भएको हुनुपर्दछ । उचित प्रयोजनको लागि नभएको त्यस्तो प्रयोगले मान्यता पाउन पनि सक्दैन । धारा १७ को प्रयोग हुने अवस्थाको कुरा पनि यसमा छैन र त्यस्तो प्रयोग न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐनमा भएको पनि छैन । यस स्थितिमा न्यायप्रशासन सुधार चौथो संशोधनले दिई राखेको एक तह अनुमतिको अधिकार अनुसार तेश्रो संशोधन अन्तर्गत परी राखेको अनुमतिको निवेदनलाई नलाग्ने भन्दा संविधानले दिएको कानुनको समान संरक्षणको हकको अपहरण हुन जाने हुन्छ । त्यसकारण यसलाई लागू गरी परिरहेका यस

किसिमका अनुमतिका निवेदनमा सुनुवाई गर्न मिल्दैन भनी संविधानले प्रदान गरेको समान कानुनी संरक्षणको विपरीत हुन जाने गरी दफा १४ को अथवा दफा १३ (५), (७) को व्याख्या गर्न कानुनी व्याख्याको सामान्य सिद्धान्त विपरीत हुन जाने हुँदा यस्ता निवेदनलाई तेश्रो संशोधन अन्तर्गत सुनुवाई तथा निर्णय गरी दिनु पर्ने देखिन्छ भन्नु पर्ने हुन आउँछ ।

६. न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ को दफा १४ मा सर्वोच्च अदालतमा दर्ता भइरहेका पुनरावेदन गर्ने अनुमतिको निवेदनको सुनुवाई तथा निर्णय गरिनेछ भन्ने व्यवस्था छ । परिरहेको निवेदनहरूलाई तामेलीमा राखी दिने मनसाय भए दफा १३ मा 'मुद्दा नसर्ने' भनी व्यवस्था भए अनुरुप यसमा पनि 'तामेलीमा राख्ने' भन्ने व्यवस्था हुने थियो । त्यसो नभई दफा १४ मा त सुनुवाई तथा निर्णय गर्ने व्यवस्था गरिएको छ । त्यसकारण ऐनको उद्देश्य र मनसाय यो होइन । यस्तो नभई दफा १४ र दफा १३(५) र (७) को उद्देश्य यी निवेदनहरूलाई तामेलीमा राखिदिने नै हो भनी मान्ने हो भने त्यसको कारण के हो ? र विधायिकाले किन यसो गऱ्यो ? भनी त्यस्को कारण खोज्नु पर्ने अवस्था पर्न जान्छ । ऐनको मनसाय खोज्नु अदालतको काम र कर्तव्य हो । यसको नकारात्मक उद्देश्य हो भन्ने मानी यसको कारण खोज्दा त्यसको एउटै मात्र कारण भेटिन्छ त्यो हो सर्वोच्च अदालतमा परिरहेका यस्ता निवेदनको संख्यामा कटौती गर्ने अर्थात् कम गरिदिने । के यस्तो पनि कुनै कारण हुनसक्छ ? यदि यसैलाई कारण मान्ने हो भने यस्तो विवेकहीन कारणलाई अदालतले मान्यता दिन मिल्दैन । तत्काल प्राप्त कानुनी हक यसरी हरण गर्न मिल्दैन भन्नु पर्छ । ऐन जीवित मानवहरूको क्रियाकलापलाई परिचालन गर्ने विधि हो, शुत्र हो, त्यसकारण यो जीवित विचारहरुको मूर्तरुप हो । जीवको अवयव काट्दै गए पछि अन्त्यमा जीवको आत्मा भेटिन्छ भने जस्तै गरी कोषकारको दुष्टिकोण ९ीभहष्अयनचबउजभचुक बलनभि० ले मात्रै व्याख्या गर्दै जाँदा ऐनको आत्मा अर्थात् लक्ष, उद्देश्य, मनसाय कहिले काहीं लुप्त हुन जान्छ, भेटिदैन । बिना लक्षको कुनै काम हुँदैन, यदि त्यस्तो देखिन्छ भने त्यसले मान्यता पाउँदैन, त्यस्तै अमानवीय लक्षले पनि मान्यता पाउनु हुन्न । त्यसकारण ऐनलाई समग्र भई हेरिनु पर्दछ र ऐनको हेतुवादी व्याख्या हुनुपर्दछ । युक्तिसंगत व्याख्या हुनुपर्दछ । विधि शास्त्रको अहैतुकी प्रयोग कहिल्यै हुनु हुन्न । निवेदनहरूलाई तामेलीमा राखिदिने भन्दा

ऐनको अहैतुकी व्याख्या हुन जान्छ । यस दृष्टिकोणले हेर्दा पनि यस्ता पुनरावेदन गर्ने अनुमतिको निवेदनहरूलाई खारेज गर्ने अथवा तामेलीमा फाली दिनु कुनै औचित्य देखिँदैन । यसरी सबै दृष्टिकोणबाट हेर्दा सर्वोच्च अदालतमा दर्ता भइरहेका यस किसिमको अनुमतिका निवेदनहरूको सुनुवाई तथा निर्णय हुनुपर्ने नै देखिन्छ ।

७. प्रस्तुत अनुमतिको निवेदनमा माग अनुसार अनुमति दिन मिल्छ वा मिल्दैन भन्नेतर्फ हेरौं यसमा आफूले फक्कड आसन जमाएको समय मृतक कान्छी श्रीमती लौढी देवीले यस्तो गर्न भएन भन्दा ध्यान भंग भएको ठानी तत्काल रिस उठेकोले बन्चरोको विड फेला पारी प्रहार गर्दा श्रीमतीको मृत्यु हुन गएको भन्ने निवेदकले दिएको जाहेरी तथा प्रहरी र अदालतमा समेत साविती बयान गरेको सोही कुरालाई चस्मदिद जेठी श्रीमती परेनी देवीले पुष्ट्याई गरेको र शब परीक्षण प्रतिवेदन समेतका सबूद प्रमाणको आधारमा निवेदकलाई ज्यानसम्बन्धीको १४ नं.बमोजिम १० वर्ष कैद गर्ने गरेको सु.प.क्षे.अ.को इन्साफमा निवेदकको जिकिर तथा न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(५)(ख) अनुसारको अवस्था विद्यमान रहे भएको नदेखिँदा पुनरावेदनको अनुमति दिन मिलेन भन्ने समेत माननीय न्यायाधीश श्री गजेन्द्रकेशरी बास्तोलाको राय रहेछ ।

८. प्रस्तुत निवेदन यस इजलास समक्ष पेश हुँदा विद्वान महान्यायाधिवक्ता, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले इजलासको सहयोगको लागि उपस्थित भई बहसमा संलग्न हुनुभएको सऱ्हाहनीय छ ।

९. बहसको क्रममा विद्वान अधिवक्ता श्री शम्भूप्रसाद ज्ञवालीले जिल्ला अदालतले शुरु कारवाही किनारा गरे उपर क्षेत्रीय अदालतले पुनरावेदन सुनी निर्णय गरेको र न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ प्रारम्भ हुनुभन्दा पहिले दर्ता भइसकेका अनुमतिका निवेदनमा उक्त चौथो संशोधन ऐन आइसकेपछि अनुमति दिने वा नदिने भनी निर्णय गर्न मिल्छ वा मिल्दैन भन्ने मूल प्रश्न हो । क्षेत्रीय अदालतको निर्णय उपर पुनरावेदनको अनुमति पाउँ भनी निवेदन गर्न पाउने व्यवस्था चौथो संशोधन आउनु पूर्वको दफा १३(५)(ख) मा थियो । यसको यो निहित अधिकारलाई चौथो संशोधनले अन्त्य गरेको छैन । चौथो संशोधनको दफा १४ मा रहेको सुनुवाई तथा निर्णय गर्दा ऐनमा लेखिएको व्यवस्थाको अधीनमा रही गरिनेछ भन्ने व्यवस्थाले प्रस्तुत ऐनमा जुन कुराको विचार गरी निर्णय दिइन्छ सोही

आधार अबलम्बन गर्नु पर्ने भन्ने कुरालाई सम्म औंल्याइएको हो । न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा संशोधित दफा १३(५) मा रहेको 'निकाय' शब्दले शुरु जिल्ला अदालतलाई समेत जनाउँछ । चौथो संशोधनको दफा १४ मा सुनुवाई तथा निर्णय गरिने छ भन्ने भएबाट दर्ता भइरहेको निवेदनमा सुनुवाई नगरी तामेलीमा राख्न मिल्दैन भन्ने समेत बहस गर्नु भयो ।

१०. विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारीले चौथो संशोधनमा ठाउँ ठाउँमा शुरु तह, जिल्ला अदालत र निकाय भन्ने शब्दहरु अलग अलग प्रयोजनको लागि प्रयोग भएकोले चौथो संशोधनद्वारा संशोधित दफा १३(५) मा रहेको 'निकाय' शब्दभित्र जिल्ला अदालत पर्दैन । तर संशोधित ऐनको दफा १४ मा ऐन प्रारम्भ हुनु अघि दायर भइरहेको पुनरावेदन गर्ने अनुमतिको निवेदनको सुनुवाई तथा निर्णय गर्दा यो ऐनमा लेखिएको व्यवस्थाको अधीनमा रही गरिनेछ भनिएकोबाट दर्ता भइरहेको निवेदनको सुनुवाई नगरी तामेलीमा राख्न मिल्दैन पहिलेकै ऐन बमोजिम सुनुवाई तथा निर्णय गरिनु पर्छ भन्ने समेत बहस गर्नु भयो ।

११. विद्वान वरिष्ठ अधिवक्ता श्री कुञ्ज विहारीप्रसाद सिंहले शुरु जिल्ला अदालतबाट अञ्चल र क्षेत्रीय अदालत हुँदै हेरिएको सानो मुद्दामा पुनरावेदनको अनुमति आउन कुनै समस्या छैन तर क्षेत्रीय अदालतले पहिले पुनरावेदन हेरेका ठूला मुद्दामा भने पुनरावेदनको अनुमति नलाग्ने, यो विधिकर्ताको मनसाय हुन सक्दैन । चौथो संशोधन ऐन आउनु भन्दा पहिले क्षेत्रीय अदालतको निर्णय उपर पुनरावेदन गर्ने अनुमतिको निवेदन दिन पाउने पक्षको निहित हक थियो । सोही अनुसार पक्षले अनुमति पाउँ भनी निवेदन दिन सक्छ । दफा १३(५) मा रहेको 'निकाय' शब्द भित्र जिल्ला अदालत समेत पर्दछ भन्ने समेत बहस गर्नु भयो ।

१२. विद्वान वरिष्ठ अधिवक्ता श्री कुसुम श्रेष्ठले व्यवस्थापिकाको इच्छालाई सारभूत गर्नु अदालतको कर्तव्य हो । संशोधित ऐनले जिल्ला अदालत उपर सोझै क्षेत्रीय अदालतमा पुनरावेदनको व्यवस्थाको अन्त्य गरी सबै मुद्दामा अञ्चल अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको र शुरु उपर क्षेत्रीय अदालतमा पुनरावेदन परी रहेका मुद्दाहरूलाई समेत ध्यानमा राखी संशोधित दफा १३(५) मा 'निकाय' शब्द प्रयोग गरेको छ । सो स्थानमा निकाय शब्दको सट्टा 'जिल्ला अदालत' भन्ने शब्द समूहको प्रयोग हुनै सक्दैन । किनभने संशोधित ऐनले जिल्ला

अदालत उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्ने व्यवस्थाको अन्त्य गरी सकेको छ । 'निकाय' शब्द भित्र जिल्ला अदालत पनि पर्दछ । जिल्ला अदालतलाई निकाय शब्दबाट अलग गर्ने विधायिकाको मनसाय भए दफा १३(५) मा पनि दफा १३(१) मा झै 'जिल्ला वा अञ्चल स्तरीय अन्य कुनै निकाय' भन्ने उल्लेख हुने थियो भन्ने समेत बहस गर्नु भयो ।

१३. विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद पन्तले चौथो संशोधन ऐन आउनु भन्दा पूर्व सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमतिको निवेदन दिने हक पक्षलाई निहित थियो सो हकलाई चौथो संशोधनले कुण्ठित गरेको छैन । चौथो संशोधनको दफा १४ नत अदालतलाई क्षेत्राधिकार प्रदान गर्न आएको हो नत भइरहेको क्षेत्राधिकार समाप्त गर्न आएको हो । यो दफाको प्रयोजन, चौथो संशोधन प्रारम्भ हुनुभन्दा पहिलेको पुनरावेदन वा निवेदनको सुनुवाई तथा निर्णय गर्दा संशोधित ऐनमा भएको व्यवस्थालाई अपनाई सुनुवाई तथा निर्णय गर्नु पर्ने भन्ने अर्थात् संशोधित दफा १३(६) लाई संकेत गर्न खोजिएको हो संशोधित दफा १३(५) मा रहेको 'निकाय' शब्द भित्र जिल्ला अदालत समेत पर्दछ भन्ने समेत बहस गर्नु भयो ।

१४. विद्वान वरिष्ठ अधिवक्ता श्री मुकुन्द रेग्मीले संशोधित ऐनको दफा १३(५) मा रहेको 'निकाय' शब्द भित्र जिल्ला अदालत पर्दैन । जिल्ला अदालतलाई जनाउन संशोधित ऐनमा कहीं मातहत अदालत, कहीं शुरु तह भनी र कहीं जिल्ला अदालत भन्ने शब्दावलीको प्रयोग गरेको छ यसबाट पनि निकाय भित्र जिल्ला अदालत पर्ने विधिकर्ताको मनसाय रहेनछ भन्ने देखिन्छ । शब्दकोष अनुसार पनि 'निकाय' अदालतभित्र पर्दैन । संशोधित ऐन अनुसार विशेष अदालत उपरको अपील क्षेत्रीय अदालतमा लाग्न नसक्ने, त्यस्तै जिल्ला अदालतले छिनेका केही मुद्दाहरूमा अञ्चल अदालतमा अपील नलाग्ने स्थिति रहन जाने भयो । यस्तो असमानताको स्थिति राख्ने विधिकर्ताको मनसाय हुन सक्दैन । संविधानको धारा १७(२) मा उल्लिखित वाक्यांश यो ऐनको प्रस्तावनामा नहुँदा यसले जनताको प्राप्त अधिकारमा प्रतिबन्ध लगाउन सक्दैन । प्राप्त अधिकारमा बन्देज लगाउने यो ऐन सके सम्पूर्ण र नभए ऐनको दफा १४ सम्म भने पनि अमान्य घोषित हुनुपर्छ भन्ने समेत बहस गर्नु भयो ।

१५. विद्वान अधिवक्ता श्री गणेशराज शर्माले जहाँ निर्णयको कुरा आउँछ त्यहाँ सुनुवाई अन्तर निहित हुन्छ । दफा १४ मा सुनुवाई भन्ने शब्द अरु होशियारीको निमित्त विधायिकाले राखेको छ । कानुनले जबसम्म स्पष्टरुपले कुनै अधिकार खोस्दैन तबसम्म अधिकार रहेकै मानिन्छ । जहाँ कानुन व्याख्याको प्रश्न छ त्यहाँ अदालतको अधिकार भएतर्फ व्याख्या गरिन्छ । व्यवस्थाको अधीनमा रही भन्ने कुराले कार्यविधिलाई जनाउँछ, यसले नियन्त्रण भन्ने जनाउँदैन । संविधानको धारा १७(१) मा रहेको नियन्त्रित र व्यवस्थित भन्ने शब्दावलीको अलग अलग प्रयोगबाट पनि यस कुराको पुष्टी हुन्छ । 'निकाय' शब्द भित्र अदालत पनि पर्दछ भन्ने समेत बहस गर्नु भयो ।

१६. विद्वान वरिष्ठ अधिवक्ता श्री लक्ष्मणप्रसाद अर्यालले दफा १४ को उद्देश्य मुद्दा मामिलाको नियोजन गर्ने भन्ने मान्ने हो भने पनि त्यसको अर्थ परिरहेका मुद्दाको नियोजन गर्ने भन्ने हुन सक्दैन । दफा १४ को व्यवस्था निस्प्रयोजित छ । जसलाई हटाउँदा सर्वसाधारणलाई सुविधा हुनुको साथै चौथो संशोधन रहेको असंगति समाप्त हुन जान्छ भन्ने समेत बहस गर्नु भयो ।

१७. विद्वान महान्यायाधिवक्ता श्री कृष्णप्रसाद घिमिरेले साविक न्यायप्रशासन सुधार ऐन अन्तर्गत जिल्ला अदालत उपरको निर्णय माथि क्षेत्रीय अदालतले पुनरावेदन सुनी निर्णय गरेकोमा तत्काल प्रचलित ऐन बमोजिम नै क्षेत्रीय अदालतको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदनको अनुमतिको निवेदन दिन पाउने हक पक्षमा निहित छ । यो निहित हकलाई चौथो संशोधनले समाप्त वा कुण्ठित गरेको छैन । त्यस्तो निवेदनमा सर्वोच्च अदालतले सुनुवाई गरी निर्णय दिन सक्छ । दफा १४ मा रहेको "सुनुवाई तथा निर्णय गर्दा यसमा ऐनमा रहेको व्यवस्थाको अधीनमा रही गरिने छ" भन्नाले दफा १३(६) बमोजिम कारण खुलाई निर्णय गरिनु पर्छ भन्न खोजिएको सम्म हो न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐनमा मुद्दा नसर्ने भनिएकोबाट पनि परिरहेको निवेदनमा निर्णय हुन अनिवार्य छ भन्ने समेत बहस गर्नु भयो ।

१८. विद्वान वरिष्ठ अधिवक्ता श्री मोहनकृष्ण खरेलले दफा १४ मा रहेको यसै ऐनको व्यवस्थाको अधीनमा रही हेरिनेछ भन्ने व्यवस्थाले निवेदन तथा पुनरावेदनको सुनुवाई हुनुपर्ने कुरालाई जनाएको छ । त्यस्तो नभएको भए विधायिकाले त्यस्ता निवेदन तथा पुनरावेदनको सुनुवाई यसै ऐन बमोजिम गरिनेछ

भनी सोझो व्यवस्था गर्ने थियो । पहिलेको व्यवस्थाले भन्दा अहिलेको व्यवस्थाले अनुमतिको आधार फराकिलो गरेको छ । व्यवस्थाको अधीनमा रही भन्नाले सोही कुरालाई सम्म संकेत गर्न खोजिएको हो । तसर्थ परिरहेका निवेदनको सुनुवाई तथा निर्णय हुनुपर्छ भन्ने समेत बहस गर्नु भयो ।

१९. विद्वान अधिवक्ता श्री बद्रीबहादुर कार्कीले दफा १४ को व्यवस्थाले ऐन प्रारम्भ हुनुभन्दा अघि पक्षमा निहित रहेको अधिकार पूर्णरुपले नयाँ ऐनमा सारेको छ । दफा १४ को व्याख्या गर्दा त्यसमा रहेका केही कमिहरूलाई महसूस गरी गरिनु जरुरी छ भन्ने समेत बहस गर्नु भयो ।

२०. विद्वान अधिवक्ता श्री रमेश विक्रम कार्कीले शाही न्याय सुधार आयोगको प्रतिवेदन कार्यान्वयनको सिलसिलामा प्रस्तुत चौथो संशोधन ऐन आएको छ । विधिकर्ताले राखेको उद्देश्य अनुरुप ऐन प्रष्ट छ । 'निकाय' शब्द भित्र अदालत पर्दैन । दफा १४ मा रहेको यसै ऐनको व्यवस्थाको अधीनमा रही भन्नाले दफा १३(५) को आधार १३(६) मा लेखिएका कुराहरूलाई संकेत गर्न खोजिएको हो भन्ने समेत बहस गर्नु भयो ।

२१. माननीय न्यायाधीशहरूबाट व्यक्त भएको राय तथा विद्वान महान्यायाधिवक्ता, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूबाट भएको बहस समेत सुनी निर्णयतर्फ हेर्दा निम्न लिखित सान्दर्भिक प्रश्नहरूको निरोपण हुनुपर्ने देखिन आयो ।

(१) न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ प्रारम्भ भएको मिति अर्थात् २०४३।७।२४ पछि साविक न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(१)(ख) अनुसार क्षेत्रीय अदालतले पहिले पुनरावेदन हेरी सो संशोधन ऐन प्रारम्भ हुनु अगावै फैसला वा अन्तिम आदेश गरे उपर पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन सर्वोच्च अदालतमा परी दायर रहेका निवेदनहरू सर्वोच्च अदालतबाट हेरी निर्णय दिन मिल्ने नमिल्ने के हो ?

(२) जिल्ला अदालतले शुरु कारवाही गरी गरेको निर्णय उपर साविक न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(१)(ख) अन्तर्गत क्षेत्रीय अदालतमा पहिलो पुनरावेदन परी क्षेत्रीय अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ प्रारम्भ भएपछि सर्वोच्च

अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन लाग्न सक्ने वा नसक्ने के हो ?

२२. उक्त प्रश्नहरू समाधान गर्नु पूर्व साविक न्यायप्रशासन सुधार ऐन, २०३१ ले र न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ ले पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ । हेर्नु आवश्यक हुन्छ । उक्त दुबै ऐनहरूमा सो सम्बन्धमा भएका व्यवस्थाहरू हेर्दा साविक न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(५)(ख) ले क्षेत्रीय अदालतमा जिल्ला अदालतको निर्णय उपर पुनरावेदन परी वा पुनरावेदन गर्ने अनुमति दिई पुनरावेदनको रुपमा हेरी गरेको फैसला मध्ये सर्वोच्च अदालतमा स्वतः पुनरावेदन लाग्ने व्यवस्था भएको मुद्दा बाहेक अरु मुद्दामा क्षेत्रीय अदालतको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन दिन पाउने र त्यस्तो निवेदनमा (क) संविधानको व्याख्याको प्रश्न, (ख) सार्वजनिक महत्वको विषयमा प्रत्यक्षतः गम्भीर कानुनी त्रुटि भएको प्रश्न वा (ग) मुद्दाको रोहमा एउटा क्षेत्रीय अदालतले गरेको कानुनको व्याख्यासंग अर्को क्षेत्रीय अदालतको व्याख्या बस्तुतः बाझिएकोमा सो हटाउन आवश्यक देखिएको प्रश्नमा आफू समक्ष पुनरावेदन गर्ने अनुमति दिई पुनरावेदन हेर्न सकिने व्यवस्था गरेको पाइन्छ । न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ को दफा ६ ले साविक न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३ मा संशोधन गरी व्यवस्था गरेको दफा १३(५) मा क्षेत्रीय अदालतमा पुनरावेदन परी हेरी गरेका निर्णयहरू मध्ये अञ्चल अदालत वा प्रचलित कानुन बमोजिम कुनै निकाय वा अधिकारीले शुरु कारवाही गरी गरेको निर्णय उपर क्षेत्रीय अदालतले पहिलो पुनरावेदन हेरी सो निर्णय सदर गरेका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन दिन पाउने र त्यस्तो निवेदनमा (क) अधिकारक्षेत्र सम्बन्धी प्रश्न, (ख) कानुन व्याख्या सम्बन्धी प्रश्न (ग) सर्वोच्च अदालतबाट स्थापित भएका कानुनी सिद्धान्तको पालन नगरेको वा गलत व्याख्या गरेको प्रश्न (घ) एउटा क्षेत्रीय अदालतले गरेको कानुनको व्याख्या अर्को क्षेत्रीय अदालतको व्याख्यासंग बाझिएको प्रश्न (ङ) संविधानको व्याख्या सम्बन्धी प्रश्नको आधारमा पुनरावेदन गर्ने अनुमति दिई पुनरावेदन हेर्न सकिने व्यवस्था भएको देखियो ।

२३. यस सम्बन्धमा यी साविक र हालको व्यवस्थालाई तुलनात्मक रुपमा हेरिएमा साविक न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(५)(ख) मा गरेको व्यवस्थामा क्षेत्रीय अदालतले गरेको फैसला उपर स्वतः सर्वोच्च अदालतमा पुनरावेदन गर्न पाउनेमा बाहेक अरु सबै फैसलाहरू उपर पुनरावेदन गर्न अनुमति पाउँ भनी निवेदन दिन पाउने अधिकार दिएकोमा हालको संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(५) मा भएको व्यवस्थाले अञ्चल अदालत वा कानुन बमोजिम कुनै निकाय वा अधिकारीले शुरु कारवाही गरी गरेको निर्णय उपर क्षेत्रीय अदालतमा पहिलो पुनरावेदन परी क्षेत्रीय अदालतले सो शुरु फैसला सदर गरेकोमा मात्र पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन दिने अधिकार प्रदान गरेको देखिन्छ । त्यस्तै सर्वोच्च अदालतमा पर्नसक्ने ती निवेदनहरूमा पुनरावेदन गर्ने अनुमति दिने आधारहरूमा पनि संशोधन गरी साविकको (क) संविधानको व्याख्याको प्रश्न र (ग) मुद्दाको रोहमा एउटा क्षेत्रीय अदालतले गरेको कानुनको व्याख्या संग अर्को क्षेत्रीय अदालतलको व्याख्या बाझिएको भन्ने प्रश्नको आधारलाई कायमै राखी हालको (ख) कानुनको व्याख्या सम्बन्धी प्रश्न र (ग) सर्वोच्च अदालतबाट स्थापित कानुनी सिद्धान्तको पालन नगरेको वा गलत व्याख्या गरेको प्रश्न भन्ने थप आधार समेत समावेश गरिएको छ । यी सबै विवेचनाबाट यो स्पष्ट हुन्छ कि सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन दिने अधिकार तथा पुनरावेदन गर्ने अनुमति दिने आधारहरूमा साविक व्यवस्थामा परिवर्तन गरी नयाँ व्यवस्था हालको संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ प्रारम्भ भएको मिति अर्थात् २०४३।७।२४ देखि प्रारम्भ हुनआएको छ । यसबाट साविक न्यायप्रशासन सुधार ऐन बहाल हुँदा सम्म क्षेत्रीय अदालतबाट फैसला वा अन्तिम आदेश भइसकेकोमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन परिरहेका र अब पर्ने निवेदनहरूमा के कस्तो असर पर्ने हो भन्ने नै मुख्य विवादको रुपमा रहेको देखिन आएको छ ।

२४. न्यायप्रशासन सुधार ऐनमा भएको चौथो संशोधनबाट उक्त प्रश्नहरूमा के कस्तो असर पर्ने हो भन्नेतर्फ विचार गरी निर्णयमा पुग्नु अगाडि मुद्दामा पक्षले पाएको माथिल्लो अदालतमा पुनरावेदन गर्ने र पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन दिने अधिकार के कस्तो प्रकृतिको हो भन्नेतर्फ विचार गर्नु अनिवार्य देखिन आउँछ । स्वतः पुनरावेदन लाग्ने पक्षको अधिकार र अनुमति पाएपछि मात्र

पुनरावेदन गर्न पाउने अधिकारमा के कति भिन्नता छ भन्नेतर्फ हेर्दा जुन मुद्दामा तल्लो तहको फैसला उपर माथिल्लो तहको अदालतमा कानुनले स्वतः पुनरावेदन लाग्ने व्यवस्था गरेको छ त्यसमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो कानुनले रीत पुगेको पुनरावेदन दर्ता गर्न ल्याएमा लिई दर्ता गरी कानुन बमोजिम कारवाही किनारा गर्नु पर्छ । रीत नपुगेकोमा बाहेक त्यस्तो पुनरावेदन दर्ता गर्न इन्कार गर्न सक्दैन । तर पुनरावेदन सुन्ने अदालतबाट अनुमति लिई मात्र पुनरावेदन गर्न पाउने व्यवस्था गरिएकोमा पुनरावेदन गर्नु पूर्व पुनरावेदन गर्ने अनुमति पाउँ भनी सम्बन्धित अदालतमा निवेदन दिई अदालतबाट अनुमति प्राप्त भएपछि मात्र पुनरावेदन गर्न पाउँछ । त्यस्तो निवेदनमा अदालतले कानुनले व्यवस्था गरे बमोजिमको आधार भए मात्र पुनरावेदन गर्ने अनुमति प्रदान गर्छ । यदि सो आधारहरू नभए अदालतले पुनरावेदन गर्ने अनुमति प्रदान गर्न इन्कार गर्न सक्दछ । त्यसैले पुनरावेदन गर्ने अनुमति प्राप्त गरिकन मात्र पुनरावेदन लाग्ने व्यवस्था भएकोमा अदालतबाट अनुमति प्राप्त नगरी पुनरावेदन लाग्न सक्दैन । तर पनि पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन दिन पाउनेमा सो व्यहोराको सम्बन्धित अदालतमा निवेदन दिन लागेमा रीत नपुगेकोमा बाहेक अरु अवस्थामा सो निवेदन दर्ता गरी त्यसमा जो गर्नु पर्ने कारवाही तथा निर्णय गर्न इन्कार गर्न सक्दैन । मुद्दामा पक्षलाई प्राप्त हुने यी दुई अधिकारमा फरक यति मात्र हुन्छ की जुन मुद्दामा स्वतः पुनरावेदन लाग्ने व्यवस्था छ त्यसमा अदालतसंग पुनरावेदन गर्न अनुमति लिई रहनु पर्दैन जबकि अनुमति लिई मात्र पुनरावेदन लाग्ने व्यवस्थामा सम्बन्धित अदालतको पूर्व अनुमति लिन अनिवार्य हुन्छ ।

२५. अब यी दुबै अधिकार के कस्ता प्रकृतिका हुन् भन्नेतर्फ हेर्दा मुद्दाका पक्षलाई कानुनले दिएको यो अधिकार कानुनी रुपमा त्यतिकै महत्वको हुन्छ, जति कि प्रचलित कानुनी व्यवस्था बमोजिम अन्तिम भइसकेको फैसला अन्तिम रुपमा मान्यता पाउने सम्बन्धित पक्षको कानुनी अधिकार हुन्छ । कुनै कानुनी व्यवस्था बमोजिम अन्तिम भइसकेका फैसला नयाँ बनेको ऐनले त्यस उपर पुनरावेदन लाग्ने स्पष्ट व्यवस्था नगरे सम्म सो फैसला अन्तिम मानिने सम्बन्धित पक्षको कानुनी अधिकार हुन्छ । त्यस्तै मुद्दा दायर गरेपछि सो फैसला उपर पुनरावेदन गर्ने कानुनले दिएको अधिकार नयाँ बनेको ऐनले स्पष्ट रुपमा पुनरावेदन लाग्न नसक्ने भन्ने व्यवस्था नगरे सम्म पक्षको हक नयाँ बनेको ऐन लागू भएपछि पनि पुरानो

ऐन बमोजिम कायमै रहन्छ । त्यसैले कुनै कानुन अन्तर्गत पुनरावेदन गर्ने सो ऐनले दिएको पक्षको हक कार्यविधि सम्बन्धी कुरामात्र नभई कानुनले प्रदान गरेको सारभूत हक हुँदा नयाँ ऐनले स्पष्ट रुपमा साविक ऐनले लाग्ने पुनरावेदन तथा अनुमतिको निवेदन नलाग्ने भन्ने व्यवस्था नगरे सम्म सम्बन्धित पक्षको सो पुनरावेदन गर्ने र पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन दिने हक हनन् भएको भनी भन्न मिल्दैन ।

२६. यी कुराहरूलाई ध्यानमा राखी साविक न्यायप्रशासन सुधार ऐन, २०३१ मा हालको संशोधन सहितको न्यायप्रशासन सुधार ऐन, २०३१ ले गरेको संशोधनको सन्दर्भमा अदालत समक्ष रहेको पहिलो प्रश्न अर्थात् न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ लागू भएको मिति ०४३।७।२४ पछि साविक न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(१)(ख) अनुसार क्षेत्रीय अदालतले पहिलो पुनरावेदन हेरी सो संशोधन ऐन लागू हुनु अगावै फैसला वा अन्तिम आदेश गरे अदालतको उक्त बमोजिमको फैसला वा अन्तिम आदेश उपर संशोधन ऐन लागू हुनु अगावै सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन परी दायर रहेको निवेदनहरू हेरी निर्णय दिन नमिल्ने भन्न मिल्ने देखिन आउँदैन । त्यसैले न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ को दफा १४ मा भएको व्यवस्थामा पनि यस सम्बन्धमा सर्वोच्च अदालतमा दर्ता भइरहेको पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदनको सुनवाई तथा निर्णय गर्दा यसै ऐनमा लेखिएको व्यवस्थाको अधीनमा रही गरिनेछ भनी व्यवस्था गरी त्यस्तो सर्वोच्च अदालतमा दायर रहेका निवेदनहरू सर्वोच्च अदालतबाट सुनुवाई गरी निर्णय हुने भन्ने स्पष्ट व्यवस्था गरेको देखिन आउँछ । संशोधनबाट ल्याइएको यो व्यवस्थाबाट खाली त्यस्तो निवेदनमा सर्वोच्च अदालतबाट निर्णय गर्दा सो संशोधित ऐनमा भएको व्यवस्थाको अधीनमा रही निर्णय गर्नु भन्ने सम्म बन्देज लगाएको देखिन आउँछ । माथि उल्लेख गरे बमोजिम संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(५) मा भएको व्यवस्थाले विवादको प्रश्नमा जस्तो जिल्ला अदालतले शुरु कारवाही गरी गरेको फैसला उपर क्षेत्रीय अदालतमा पहिलो पुनरावेदन परी भएको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतले पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन लिई हेर्ने व्यवस्था नगरेकोले उक्त दफा १४ मा भएको यसै ऐनमा लेखिएको व्यवस्थाको अधीनमा रही भन्ने बन्देजले

संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(५) को यही व्यवस्थालाई इङ्गित गरेको हो कि भन्नालाई यो ऐन प्रश्चातदर्शी पनि नभएको यस स्थितिमा पुनरावेदन गर्ने अनुमति दिने सम्बन्धित दफा १३(५) मा नै सोही मनसायको स्पष्ट व्यवस्था नभए सम्म, ऐनको अधीनको दफा १३(५) मा स्पष्ट व्यवस्था नगरेको कुरामा सोही ऐनको पछिको दफाले सो बन्देज गरेको भनी व्याख्या गर्न दफा १४ मा त्यस्तै मनसायको स्पष्ट व्यवस्था नभए सम्म कानुन व्याख्याको सामान्य सिद्धान्तले मिल्न आउँदैन ।

२७. उक्त दफा १४ मा व्यवस्था गरिएको यो बन्देज निरर्थक हो वा के तात्पर्यको लागि राखिएको हो त भन्नेतर्फ हेर्दा हालको संशोधित न्यायप्रशासन सुधार ऐनको दफा १३(५) साविक न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(५)(ख) को सट्टामा आई त्यस्तो पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदनमा पुनरावेदन गर्ने अनुमति दिन सक्ने आधारहरूमा परिवर्तन गरी हालको व्यवस्थामा खण्ड (ख) र (ग) थप गरेको भन्ने कुरा माथि दर्शाई सकिएको छ । यसरी संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ ले पुनरावेदन गर्ने अनुमति दिन सक्ने थप आधारहरूको व्यवस्था गरेकोबाट नै सर्वोच्च अदालतमा दायर रहेका ती निवेदनहरू सुनुवाई गरी निर्णय गर्दा सो व्यवस्था समेतलाई ध्यानमा राखी निर्णय गर्नको लागि नै न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ को दफा १४ ले सो व्यवस्था गरेको देखिन्छ । यसप्रकार साविक न्यायप्रशासन सुधार ऐन, लागू रहेको अवस्थामा सोही ऐनको दफा १३(१)(ख) अनुसार जिल्ला अदालतले शुरु कारवाही गरी गरेको फैसला उपर संशोधित न्यायप्रशासन सुधार ऐन लागू हुनु अगावै क्षेत्रीय अदालतमा पहिलो पुनरावेदन परी संशोधित न्यायप्रशासन सुधार ऐन लागू हुनु अगावै क्षेत्रीय अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सो ऐन लागू हुनु अगावै सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन दर्ता भइसकेकोमा सर्वोच्च अदालतबाट संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ मा भएको व्यवस्थाको अधीनमा रही आफैंले सुनुवाई गरी निर्णय दिन पर्ने देखिन आउँछ ।

२८. अब विवादमा रहेको दोश्रो प्रश्न अर्थात् जिल्ला अदालत उपर क्षेत्रीय अदालतमा साविक न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(१)(ख) अन्तर्गत पहिलो पुनरावेदन परी क्षेत्रीय अदालतले गरेको फैसला वा अन्तिम आदेश

उपर न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ प्रारम्भ भए पछि सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन लाग्ने हो वा होइन भन्ने प्रश्नतर्फ हेर्दा जिल्ला अदालतले शुरु कारवाही गरी फैसला गरे उपर साविक न्यायप्रशासन सुधार ऐन, २०३१ बहाल रहेकै अवस्थामा सोही ऐनको दफा १३(१)(ख) अनुसार क्षेत्रीय अदालतमा पुनरावेदन परेकोमा माथि उल्लिखित कारणहरूबाट त्यस्तो पुनरावेदन संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ लागू भएपछि पनि क्षेत्रीय अदालतले नै किनारा गर्नु पर्ने भएकोले कानुनले आफूले निर्णय दिन पर्ने भई दिएको निर्णय उपर साविक ऐनले व्यवस्था गरे बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन दिन नपाउने भन्न, त्यस्तै मुद्दामा क्षेत्रीय अदालतले संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ प्रारम्भ हुनु अगावै गरेको फैसला तथा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन परी दायर रहेको निवेदनहरू सम्बन्धित दफामा देखाइएका कारणहरूबाट संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ मा भएका व्यवस्थाहरूको अधीनमा रही सर्वोच्च अदालतबाटै निर्णय दिनु पर्ने देखिन आएकोले, समानता, न्याय र पक्षको निहित अधिकारको दृष्टिकोणबाट मिल्ने देखिन आएन । अतः जिल्ला अदालतले शुरु कारवाही गरी गरेको फैसला उपर साविक न्यायप्रशासन सुधार ऐन, २०३१ को दफा १३(१)(ख) अनुसार क्षेत्रीय अदालतबाट पहिलो पुनरावेदन हेरी संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ प्रारम्भ भए पछि पनि क्षेत्रीय अदालतले त्यस्तो पुनरावेदन सुनी गरेको फैसला वा अन्तिम आदेश उपर साविक न्यायप्रशासन सुधार ऐन, २०३१ मा व्यवस्था भए बमोजिम सर्वोच्च अदालतले पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन लिई संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ मा भएको व्यवस्थाको अधीनमा रही निर्णय दिनु पर्ने देखिन आउँछ ।

२९. उपर्युक्त कारणहरूबाट संशोधित न्यायप्रशासन सुधार ऐन, २०३१ प्रारम्भ भएको मिति अर्थात् २०४३।७।२४ अगावै जिल्ला अदालतबाट शुरु कारवाही गरी गरेको निर्णय उपर क्षेत्रीय अदालतमा पहिलो पुनरावेदन परी सो ऐन लागू हुनु अगावै क्षेत्रीय अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन परी दायर रहेका र पछि पर्ने निवेदनहरूमा समेत न्यायप्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ को दफा

१४ मा व्यवस्था भए बमोजिम दफा १३(५) मा उल्लेख भएका आधारहरूमा पुनरावेदनको अनुमति दिने नदिने ठहर निर्णय गर्नु पर्ने हुन्छ ।

३०. अब निवेदकको माग बमोजिम पुनरावेदनको अनुमति दिन मिल्ने नमिल्ने तर्फ हेर्दा निवेदकले फक्कड आसन जमाएकोमा कान्छी श्रीमती लौठीदेवी चौधरीले आफ्नो ध्यान भंग गरेकोले तत्काल रिस उठी बन्चरोको विडले प्रहार गर्दा लौठी देवीको तत्काल मृत्यु हुन गएको कुरा स्वयं निवेदकले दिएको जाहेरी, प्रहरी तथा अदालतमा गरेको बयानमा उल्लेख गरेको देखिन्छ । घटनाको चस्मदिद निवेदककी जेठी श्रीमती परनीदेवी चौधरीको वकपत्रबाट पनि उक्त कुराको पुष्टि भएको समेतबाट निवेदकलाई ज्यानसम्बन्धीको १४ नं.बमोजिम १० वर्ष कैद गर्ने गरेको सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतको निर्णयमा कुनै त्रुटि नदेखिएकोले पुनरावेदनको अनुमति प्रदान गर्न मिलेन । तसर्थ पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन हेरी, पुनरावेदनको अनुमति दिन नमिल्ने भन्ने सम्म माननीय न्यायाधीश श्री गजेन्द्रकेशरी बास्तोलाको राय मनासिब ठहर्छ । मिसिल नियम बमोजिम गरी बुझाई दिनु ।

प्र.न्या धनेन्द्रबहादुर सिंह
न्या. बब्बरप्रसाद सिंह
न्या. महेशरामभक्त माथेमा
न्या.हरिहरलाल राजभण्डारी
न्या. हिरण्येश्वरमान प्रधान

इतिसम्वत् २०४३ साल फाल्गुण २९ गते रोज ६ शुभम् ।

## २. श्री ५ को सरकार विरुद्ध ऋषिकेश शाह समेत , ने.का.प.२०४५, अंकः १, निर्णय नं. ३३२२

निर्णय नं. ३३२२ - राजनीतिक उद्धेश्यले संघ संस्था खोलेको

भागः ३० सालः २०४५ महिनाः बैशाख अंकः १

फैसला मिति :२०४५/०१/०७ १०५०

पूर्ण इजलास

माननीय न्यायाधीश श्री पृथ्वीबहादुर सिंह

माननीय न्यायाधीश श्री हिरण्येश्वरमान प्रधान

माननीय न्यायाधीश श्री रुद्रबहादुर सिंह

सम्वत् २०४२ सालको फौ.पु.ई.नं.२२

आदेश भएको मितिः २०४५।१।७।३ मा

पुनरावेदक/वादी : श्री ५ को सरकार

विरुद्ध

विपक्षी/प्रतिवादी : ऋषिकेश शाह समेत

मुद्धा : राजनीतिक उद्धेश्यले संघ संस्था खोलेको

(१) सरकार वादी भई चलेको मुद्दा निर्णय हुने अवस्थामा वादी पक्षको प्रतिरक्षा महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका न्यायाधिवक्ताहरूद्वारा हुन्छ तापनि अन्य पक्ष सरह मुद्दामा रोहवरमा रही निर्णय सुन्ने र निर्णय सुनि पाएँ भनी राय किताबमा सही नगरिने र तारिखमा नरहेपछि नियम १२ (४) ले त्यसो गरिरहनु पर्ने प्रयोजन समेत नहुँदा मुद्दा मामिलामा निर्णय भएको

सूचना प्राप्त गरेपछि मात्र जानकारीमा आउने भएबाट निर्णय हुँदाकै मितिमा श्री ५ को सरकारलाई थाहा भएको मान्न मिलेन ।

(प्रकरण नं.४)

(२) सरकार वादी हुने मुद्दामा वादी पक्षको तर्फबाट कोही पनि तारिखमा नरहने तथा मुद्दाका अन्य पक्ष सरह निर्णय सुनि पाएको भनी राय किताबमा कसैको सहिछाप परेको नहुने तथा सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ को नियम १२ (४) ले निर्णयको सूचना दिनुपर्ने समेत बाध्यात्मक कानुनी व्यवस्था रहेको हुँदा त्यस्तो श्री ५ को सरकार वादी हुने फौज्दारी मुद्दामा निर्णय भएको मितिबाटै सो म्याद शुरु हुन्छ भन्न नमिल्ने ।

(प्रकरण नं.५)

(३) निर्णय हुँदा पक्ष रोहवरमा छैन भने निर्णयको जानकारी पाएको मितिबाट वा दण्ड सजायँ तिरेको मितिबाट पुनरावेदनको म्याद शुरु हुने ।

(प्रकरण नं.५)

(४) कानूनले नै स्पष्ट शब्दमा निर्णयको सूचना दिनुपर्छ भन्ने व्यवस्था गरिरहेको स्थितिमा निर्णयको सूचना पाएको मितिबाट ३५ दिनभित्र परेको निवेदनलाई म्याद नाघी परेको भन्न मिल्ने अवस्था नदेखिने ।

(प्रकरण नं. ५)

पुनरावेदक, वादीतर्फबाट : विद्वान का.मु. अतिरिक्त न्यायाधिवक्ता श्री प्रेमबहादुर विष्ट

विपक्षी, प्रतिवादी तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताहरु श्री मुकुन्द रेग्मी र श्री कृष्णप्रसाद पन्त

आदेश

प्रतिवादी ऋषिकेश शाह समेतले राजनीतिक उद्देश्यले प्रेरित भएको तदर्थ समिति नामको गैरकानुनी संगठन खोलेको संघ संस्था नियन्त्रण ऐन,२०१९ को दफा २ (१२) बिपरीत हुँदा दफा ३ अनुसार सजायँको माग दावी भएकोमा राजनीतिक उदेश्यले प्रेरित भएको संगठन खोल्यो भन्ने ठोस सबूद कतैबाट पनि पेश हुन नआएकोबाट ऋषिकेश शाह र तिलकराज शाहीले संघ संस्था नियन्त्रण ऐनको दफा २ (१) बमोजिम कसूर गरेको ठहर्दैन भन्ने बागमती अञ्चल अदालतबाट मिति २०३९।४।३२ मा फैसला भएको र सोही इन्साफ सदर हुने ठहराई म.क्षे.अ.बाट मिति २०४०।७।१४ मा फैसला भएको र उक्त म.क्षे.अ.को निर्णय उपर पुनरावेदनको अनुमति पाउँ भन्ने वादी श्री ५ को सरकारको यस अदालतमा परेको निवेदनमा पुनरावेदनको अनुमति प्रदान भई निर्णयार्थ संयुक्त इजालस समक्ष पेश हुँदा क्षेत्रीय अदालतबाट निर्णय भएपछि सो निर्णय उपर पुनरावेदनको अनुमति पाउँ भनी निवेदन दिंदा सर्वोच्च अदालत नियमावलीको नियम ६० अनुसार क्षेत्रीय अदालतबाट निर्णय भएको मितिले ३५ दिनभित्र दिनु पर्ने हो वा अ वं. १९३,१९७ नं. समेत बमोजिम फैसला भएको थाहा पाएको वा नक्कल सारेको वा दण्ड सजायँ तिरेको मितिले ३५ दिनभित्र निवेदन दिनु पर्ने हो भन्ने विषयमा सरकारी मुद्दा सम्बन्धी ऐन अन्तर्गत भएको पुनरावेदनको म्याद सम्बन्धी व्यवस्थामा र मुलुकी ऐन तथा प्रतिपादित सिद्धान्तहरू समेतबाट प्रस्तुत मुद्दामा सार्वजनिक महत्वको जटिल कानुनी प्रश्न समावेश भएको देखिन आएकोले सर्वोच्च अदालत नियमावली २०२१ को नियम ३३ (घ) बमोजिम पूर्णइजलासमा पेश गर्नु भन्ने संयुक्तइजलासबाट निर्णय भई पेश हुनआएको रहेछ ।

२.पुनरावेदक वादीतर्फबाट उपस्थित विद्वान का.मु. अतिरिक्त न्यायाधिवक्ता श्री प्रेमबहादुर विष्टले फैसला सुनिपाएको राय किताबमा सरकारी पक्षलाई सही गराउने प्रचलन छैन । मुद्दा मामिलामा प्रतिरक्षा सम्म महान्यायाधिवक्ताको कार्यालयले गर्ने हुँदा बहस गर्दैमा फैसला सुनि पाएको भन्न नमिल्ने हुँदा फैसलाको सूचना प्राप्त गरको मितिबाट पुनरावेदनको अनुमतिको निवेदन दिने म्याद शुरु हुने हुँदा सूचना प्राप्त गरेको मितिबाट ३५ दिनभित्र परेको पुनरावेदनको अनुमति निवेदनलाई म्याद नाघी परेको भन्न मिल्दैन भन्ने समेत बहस गर्नु भयो । प्रतिवादी ऋषिकेश शाह

समेतको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री मुकुन्द रेग्मीले अ.बं. १९३ तथा १९७ को व्यवस्था पुनरावेदनको अनुमति दिने विषयमा आकर्षित हुन सक्दैन । सर्वोच्च अदालत नियमावली, २०२१ को नियम ६० बमोजिम निर्णय भएका मितिले ३५ दिनभित्र पुनरावेदनको अनुमतिको निवेदन दिई सक्नु पर्छ भन्ने तथा विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद पंतले पुनरावेदनको अनुमतिको लागि निवेदन दिने म्याद निर्णय मिति वा जानकारी पाएको मिति कहिले देखि शुरु हुने हो सो कुराको व्याख्या हुनुपर्छ । तर त्यसो गर्दा अ.बं. १९३ वा १९७ तथा सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा ७ को व्यवस्थालाई आधार गरिनु हुँदैन किन भने सो व्यवस्था पुनरावेदनको अनुमतिको निवेदनको सम्बन्धमा आकर्षित हुँदैन भन्ने समेत बहस गर्नु भयो ।

३. यस्मा क्षे.अ.बाट मिति २०४०।७।१४ मा निर्णय भएको जानकारी मिति २०४०।९।२२ मा प्राप्त गरेको भनी म.क्षे.अ.को निर्णय उपर पुनरावेदनको अनुमति पाउँ भनी वादी श्री ५ को सरकारको स.अ.मा मिति २०४०।१०।२५ मा निवेदन दर्ता भएको पाईन्छ । श्री ५ को सरकारको उक्त निवेदनलाई म्यादभित्र परेको मान्न मिल्ने हो वा होइन भन्ने विषयमा सार्वजनिक महत्वको प्रश्न उपस्थित भएको भनी सोप्रश्नको समाधानार्थ प्रस्तुत मुद्दा यसइजलास समक्ष पेश हुनआएको छ ।

४. सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ को नियम १२(४) मा श्री ५ को सरकार वादी भई दायर भएको फौज्दारी मुद्दामा कुनै पनि अदालतमा प्रहरी कर्मचारी वा सरकारी अभियोक्तालाई तारिखमा राख्ने छैन तर अदालतले त्यस्ता मुद्दाको कारवाही निर्णयलाई समय समयमा तोकेको तारिखको लिखित सूचना सरकारी अभियोक्तालाई दिने छ र सो तारिखका दिन भएको कारबाही निर्णयको लिखित सूचना पनि सरकारी अभियोक्तालाई दिनेछ भन्ने उल्लेख भएको पाइन्छ । उक्त व्यवस्था अनुसार श्री ५ को सरकार वादी भई दायर भएको फौज्दारी मुद्दामा श्री ५ को सरकारले मुद्दाको प्रतिरक्षा सम्म गर्ने र तारिखमा बस्नु नपर्ने भन्ने देखिन्छ । यद्यपी श्री ५ को सरकार वादी भई चलेको मुद्दा निर्णय हुने अवस्थामा

वादी पक्षको प्रतिरक्षा महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका न्यायाधिवक्ताहरूद्वारा हुन्छ तापनि अन्य पक्ष सरह मुद्दामा रोहवरमा रही निर्णय सुन्ने र निर्णय सुनि पाएँ भनी राय किताबमा सही नगरिने र तारिखमा नरहेपछि उक्त नियम १२ (४) ले त्यसो गरिरहनु पर्ने प्रयोजन समेत नहुँदा मुद्दा मामिलामा निर्णय भएको सूचना प्राप्त गरेपछि मात्र जानकारीमा आउने भएबाट निर्णय हुँदाकै मितिमा श्री ५ को सरकारलाई थाहा भएको मान्न मिल्दैन ।

५. सर्वोच्च अदालत नियमावली, २०२१ को नियम ६० मा न्यायप्रशासन सुधार अध्यादेश, ०३० को दफा १३(५) को देहाय (ख) अन्तर्गत क्षेत्रीय अदालतको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने अनुमति पाउनको लागि दिइने निवेदनपत्र क्षेत्रीय अदालतबाट निर्णय भएको मितिबाट ३५ दिनभित्र दिनु पर्ने भन्ने व्यवस्था हुँदा निर्णयको जानकारी पाएको मितिबाट ३५ दिन नाघी परेको निवेदनलाई म्यादभित्र परेको मान्न मिल्दैन भन्ने विपक्षी प्रतिवादीतर्फका विद्वान वरिष्ठ अधिवक्ताको जिकिर सन्दर्भमा हेर्दा माथि उल्लेख गरिए अनुसार श्री ५ को सरकार वादी हुने मुद्दामा वादी पक्षको तर्फबाट कोही पनि तारिखमा नरहने तथा मुद्दाका अन्य पक्ष सरह निर्णय सुनी पाएको भनी राय किताबमा कसैको सहिछाप परेको नहुने तथा सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ को नियम १२(४) ले निर्णयको सूचना दिनु पर्ने समेत बाध्यत्मक कानुनी व्यवस्था रहेको हुँदा त्यस्तो श्री ५ को सरकार वादी हुने फौज्दारी मुद्दामा निर्णय भएको मितिबाटै सो म्याद शुरु हुन्छ भन्न मिल्दैन निर्णय हुँदा पक्ष रोहवरमा छैन भने निर्णयको जानकारी पाएको मितिबाट वा दण्ड सजायँ तिरेको मितिबाट पुनरावेदनको म्याद शुरु हुने मानिआएको परिपाटी पनि हो । कानूनले नै स्पष्ट शब्दमा निर्णयको सूचना दिनु पर्छ भन्ने व्यवस्था गरी रहेको स्थितिमा निर्णयको सूचना पाएको मितिबाट ३५ दिनभित्र परेको निवेदनलाई म्याद नाघी परेको भन्न मिल्ने अवस्था देखिँदैन ।

६. अतः प्रस्तुत मुद्दामा क्षेत्रीय अदालतबाट भएको निर्णयको सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र पुनरावेदनको अनुमति पाउँ भन्ने श्री ५ को सरकारको निवेदन दर्ता हुनआएको देखिएको हुँदा सो निवेदनलाई म्याद नाघी परेको मान्न मिल्ने

अवस्वथा देखिएन । प्रस्तुत मुद्दा उक्त प्रश्नको समाधानको लागि यस इजालससमक्ष पेश हुनआएको र मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्णय गर्ने काम बाँकी नै हुँदा यस इजलासको लगतकट्टा गरी संयुक्तइजलासको लगतमा दर्ता गरी नियमबमोजिम निर्णयार्थ पेश गर्नु ।

इतिसम्वत् २०४५ साल बैशाख ७ गते रोज ३ शुभम् ।

## ३. मिठे पुरी विरुद्ध मित्रमाया नेपाल, ने.का.प.२०५५ , अंकः ९,  निर्णय नं. ४९६९

निर्णय नं. ४९६९ - खिचोला

भागः ३६ सालः २०५५ महिनाः पौस अंकः ९
फैसला मिति :२०५१-०७-१० ८८६

निर्णय नं. ४९६९ २०५१, ने.का.प. अङ्क ९

पूर्ण इजलास
माननीय न्यायाधीश श्री ओमभक्त श्रेष्ठ
माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री अरविन्दनाथ आचार्य
सम्बत् २०५१ साल फौ.पु.इ.नं. ४२
फैसला मिति : २०५१।७।१०।५

मुद्दा : खिचोला ।
निवेदकः भ.पु.जि. सुडाल गा.वि.स. वडा नं. ८ बस्ने कृष्ण बहादुर पुरी ।
ऐ. ऐ. वस्ने मिठे पुरी
विरुद्ध
विपक्षी : ऐ. ऐ. बस्ने मित्रमाया नेपाल

§ **न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को व्यवस्था हेर्दा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णइ उपर पुनरावेदन सुन्ने पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था देखिन्छ । प्रस्तुत मुद्दामा शुरु अदालतले गरेको फैसला उपर पुनरावेदन अदालतले पुनरावेदन सुनेको नभै न्याय प्रशासन सुधार ऐन, २०३१ को व्यवस्था अनुसार तत्कालिन वा.अं.अ. ले पहिलो पुनरावेदन**

सुनी गरेको फैसला उपर दोश्रो तहको पुनरावेदन सुनेको देखिन आयो । यसरी न्याय प्रशासन सुधार ऐन, २०३१ अनुसार वा.अं.अ. ले गरेको फैसला उपर पु.वे.अ.ले पुनरावेदन सुनेकै कारणबाट न्याय प्रशासन सुधार ऐन, २०४८ लागु भएपछि न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को परिप्रेक्ष्यमा वा.अं.अ. को फैसलालाई शुरु फैसला भनी अर्थ गर्न नमिल्ने ।

(प्र.नं. १३)

§ पुनरावेदन तहकै तल्लो र माथिल्लो तहका अदालतको निर्णयमा रहेको भिन्नताको सम्बन्धमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने देखिदैन । पुनरावेदन र मुद्दा दोहराई पाउँ भन्ने निवेदनको स्वरुप भिन्न भएको न्याय प्रशासन ऐन, २०४८ को दफा ९ अनुसार पुनरावेदन अदालतले गरेको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा पनि दफा १२ अन्तर्गत दोहोऱ्याई पाउँ भन्ने निवेदन लाग्न सक्ने देखिन्छ । प्रस्तुत मुद्दा पनि दफा १२ अन्तर्गत दोहोऱ्याई पाउँ भन्ने निवेदन लाग्न सक्ने प्रकृतिको देखियो तर दोहऱ्याई पाउँ भन्ने निवेदन लाग्नेमा पक्षले पुनरावेदन दायर गरेकोमा त्यस्तो पुनरावेदनलाई दोहोऱ्याउने निवेदनको रुपमा हेर्नुपर्ने अथवा पक्षलाई अर्को निवेदन दिन समय दिनुपर्ने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ ले गरेको नदेखिने ।

(प्र.नं. १३)

§ कानूनले पुनरावेदन नै लाग्न नसक्ने मुद्दामा अदालतले म्याद दिएकै आधारले मात्र पुनरावेदन लाग्न नसक्ने ।

(प्र.नं. १४)

§ न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अन्तर्गतका लाग्नै नसक्ने पुनरावेदन दायर गरेको देखिँदा पुनरावेदन जिकीरको औचित्य तर्फ प्रवेश गरिरहनु नपर्ने ।

(प्र.नं. १४)

निवेदक तर्फबाट : x

विपक्षी तर्फबाट : x

अवलम्बित नजिर : x

फैसला

**न्या. ओमभक्त श्रेष्ठ**ः सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम यस यजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त ब्यहोरा यस प्रकार छ ।

२. भ.पु. जि. सुडाल गा.वि.स. वडा नं. ८(ख) कि.नं. १७३ रोपनी ८–१४–३ मध्ये ८–०–० विपक्षी मिठेपुरीलाई देव र पशुपतिले ०३९।६।१७ मा राजीनामा गरिदिएको रहेछ । मिठेपुरीको भ.पु.जि.अ. मा फिराद परी लिखत पारित हुने ठहरी भैसला भै मा.पो. का. बाट ०३९।८।१७ मा लिखत पास भएको मितिले ३५ दिन भित्र निखनाई पाउँ भनी मा.पो.का. मा धरौटी राखी सकेको छ । यस तर्फ पक्षको जग्गा भनी छुट्टिएको छैन । उक्त जग्गाको उत्तरतर्फ पुरानो घर भएको र दक्षिणतर्फ २०३७ साल माघ महिनामा मैले नयाँ घर बनाई बसोवास गरी आएको थिए । ०३९।१०।२ गते विहान अं. ८ बजेको समयमा र १२ बजेको समयमा विपक्षी मिठेपुरी आई मेरो नयाँ घरको वरिपरी लगाएको साग उखेली यो घर बनाएको जग्गा पनि मेरो हो घर भत्काई लगी खाली गरी देउ भन्नु भयो । विक्री भै वाँकी रहेको ०–१४–२ देखिदा घर बनाएको जग्गा मेरो हो भनी खिचोला गरेकोले खिचोला मेटाई पाउँ भन्ने समेत वादीको फिराद दावी ।

३. कि.नं. १७३ को ८–१४–३ जग्गा मध्ये रोपनी ८–०–० जग्गा ०३९।६।१७ गते रु ९०००।–बाट पशुपति नेपालले राजीनामा लेखिदिनु भएको थियो । पास गरी नदिएकोले यस अदालतमा नालिस गरी पास हुने ठहरी फैसला भएको थियो । सो फैसला अनुसार ०३९–८–१७ मा लिखत पास भएको हो राजीनामा लिएको मध्ये उत्तर तर्फ विपक्षीको दक्षिण तर्फ घर बनाउन पाउँ भनी म कृष्ण बहादुरले सुडाल गा.वि.स. मा निवेदन दिई ०३४।११।१५ को स्वीकृतीपत्र बमोजिम हामीले घर बनाई चलन गरी आएको हामीले ०३४ सालमै बनाएको घर भोग चलन गरी बसी आएको घरमा हामीले खिचोला गर्नु पर्ने कारण छैन । विपक्षीको फिराद अ.व. ८२ नं. ले खारेज गरी पाउँ भन्ने समेत प्रपिउत्तर जिकिर ।

४. वादी हकदार ठहरी मा.पो.का. बाट निखनाई दिने समेत ठहर देखिनाले प्रतिवादीले दावी बमोजिम खिचोला गरेको ठहर्छ भन्ने समेत ०४०।३।५ को भ.पु.जि.अ.को फैसला ।

५. नयाँ घर ०३४ सालमा नै निर्माण भै निर्माण गरी बसोवास गरी आएकोमा प्रमाणको मूल्याङ्कन नगरी शुरु जि.अ. ले गरेको फैसला बदर गरी मेरो प्रतिउत्तर जिकिर बमोजिम गरी पाउँ भयो प्र. कृष्ण बहादुर पुरी समेतको वा.अं.अ. मा परेको पुनरावेदन पत्र ।

६. विपक्षी वादीको दावी अनुरुप यी पुनरावेदक आफ्नो लिखत पारितपछि स्थापित हक समाप्ती नभएको अवस्थामा पुनरावेदकले खिचलो गरेको भन्ने ठहऱ्याउन न्याय संगत नहुँदा शुरु जि.अ. को फैसला उल्टी हुने ठहर्छ भन्ने समेत मिति ०४७।१।२५ को बा.अं.अ. को फैसला ।

७. मैले ०३७ सालमा बनाएको घरमा खिचोला गर्न आएकोमा खिचोला नठहऱ्याई बा.अं.अ. बाट भएको फैसला बदर गरी शुरु भ.पु.जि.अ.को फैसला सदर गरी पाउँ भन्ने समेत वादी मित्रमाया नेपालको म.क्षे.अ.मा परेको पुनरावेदन पत्र ।

८. यसमा अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई नियमानुसार पेश गर्नु भन्ने मिति ०४७।११।१४ को क्षे.अ. को आदेश ।

९. पुनरावेदन वादीको दावी अनुसार कि.नं. १७३ मध्ये उत्तर तर्फबाट जग्गा रोपनी ०–१४–३ पैसा जग्गा र सोमा बनेको घर समेत प्रतिवादीले खिचोला गरेको ठहराई वादी दावी पुग्ने ठहराई फैसला गर्नु पर्नेमा वादी दावी नपुग्ने ठहराई गरेको तत्कालीन वा.अ. को फैसला उल्टी हुने ठहर्छ भन्ने पु.वे.अ. पाटनको मिति २०४९।२।१३ को फैसला ।

१०. भ.पु.जि.अ. बाट उक्त घर मैले बनाएको भन्ने प्रतिवादी जिकिर पञ्चायतबाट सिफारिस लिई नयाँ घर खडा गरेकोमा विवाद छन भनी ठहर गरी फैसला गरेकोमा पुनरावेदन नगरी स्वीकार गरी चुप लागि बसेको छ । पुनरावेदन नै गर्न नसकेको नगरेको कुरामा पुनरावेदन परेको जस्तो गरी सो नियर्णय बदर हुने गरी बा.अं.अ. को फैसला बदर गरी पाउँ भन्ने समेत व्यहोराको कृष्ण बहादुर पुरी समेतको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

११. पुनरावेदन अदालतले पुनरावेदन नलाग्ने मुद्दामा पुनरावेदनको म्याद दिई दर्ता हुन आएको यस मुद्दामा पक्षको कुनै दोष नभै तारेखमा रही आएको समेत देखिन आएबाट यही पुनरावेदनलाई न्या.प्र. ऐन, २०४८ को दफा १२(१) को तात्पर्यको लागि मुद्दा दाहोऱ्याउने निवेदनमा दर्ता गरी कानून बमोजिम पेश गर्नु भन्ने मा.न्या. श्री मोहन प्रसाद शर्माको राय र प्रस्तुत मुद्दामा शुरु अदालतको निर्णय

उपर पुनरावेदन सुनेको नभै बा.अं.अ. को इन्साफ उपर पुनरावेदन सुनेको र जसको इन्साफ उपर इन्साफ उपर पुनरावेदन सुनेकै छैन त्यस्तो निकायसंग सहमती वा असहमती पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने कुराको मापक हुन्छ भन्ने पुनरावेदकीय अदालतको प्रकृति, अवधारणा स्वरुपसंग मेल नराखे हुँदा दोश्रो पुनरावेदनकै रुपमा हेर्नुपर्ने देख्दछु भन्ने मा.न्या. श्री लक्ष्मण प्रसाद अर्यालको छुट्टै राय भएको २०५१।१।९ को रायवाझी फैसला ।

**माननीय न्यायाधीश श्री ओमभक्त श्रेष्ठको राय :**

१२. प्रस्तुत मुद्दामा वादी दावी बमोजिम खिचोला ठहर गरेको शुरु भ.पु.जि.अ. को फैसलालाई उल्टी गरी गरेको बा.अ.अ को फैसला उपर म.क्षे.अ.मा पुनरावेदन परेकोमा सो पुनरावेदन पुनरावेदन अदालतमा सरी पु.वे.अ. पाटनबाट बा.अं.अ.को इन्साफ उल्टी गरे उपर प्रतिवादीले यस अदालतमा पुनरावेदन दायर गरेको देखियो ।

१३. न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को व्यवस्था हेर्दा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णइ उपर पुनरावेदन सुन्ने पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था देखिन्छ । प्रस्तुत मुद्दामा शुरु अदालतले गरेको फैसला उपर पुनरावेदन अदालतले पुनरावेदन सुनेको नभै न्याय प्रशासन सुधार ऐन, २०३१ को व्यवस्था अनुसार तत्कालिन वा.अं.अ.ले पहिलो पुनरावेदन सुनी गरेको फैसला उपर दोश्रो तहको पुनरावेदन सुनेको देखिन आयो । यसरी न्याय प्रशासन सुधार ऐन, २०३१ अनुसार वा.अं.अ. ले गरेको फैसला उपर पु.वे.अ.ले पुनरावेदन सुनेको कारणबाट न्याय प्रशासन सुधार ऐन, २०४८ लागु भएपछि न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को परिप्रेक्ष्यमा वा.अं.अ. को फैसलालाई शुरु फैसला भनी अर्थ गर्न मिल्ने समेत होइन । पुनरावेदन तहकै तल्लो र माथिल्लो तहका अदालतको निर्णयमा रहेको भिन्नताको सम्बन्धमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने देखिदैन । पुनरावेदन र मुद्दा दोहराई पाउँ भन्ने निवेदनको स्वरुप भिन्न भएको न्याय प्रशासन ऐन, २०४८ को दफा ९ अनुसार पुनरावेदन अदालतले गरेको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा पनि दफा १२

अन्तर्गत दोहोऱ्याई पाउँ भन्ने निवेदन लाग्न सक्ने देखिन्छ । प्रस्तुत मुद्दा पनि दफा १२ अन्तर्गत दोहोऱ्याई पाउँ भन्ने निवेदन लाग्न सक्ने प्रकृतिको देखियो । तर दोहऱ्याई पाउँ भन्ने निवेदन लाग्नेमा पक्षले पुनरावेदन दायर गरेकोमा त्यस्तो पुनरावेदनलाई दोहोऱ्याउने निवेदनको रुपमा हेर्नुपर्ने अथवा पक्षलाई अर्को निवेदन दिन समय दिनुपर्ने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ ले गरेको देखिँदैन । २०४९ सालको नि.नं. ९३४ निवेदक भुवनिधि तिवारी विरुद्ध सुन कुमारी तिवारी भएको दोहोऱ्याई पाउँ भन्ने निवेदनमा मुद्दाको पक्षले दिएको एक विषय वा प्रकृतिको निवेदनलाई अदालत आफैले अर्को विषय वा प्रकृतिको निवेदनलाई अदालत आफैले अर्को विषय वा प्रकृतिको निवेदनमा परिणत गरी हेर्न नमिल्ने भनी पूर्ण इजलासबाट मिति २०५१।३।९ मा आदेश समेत भई रहेकोबाट प्रस्तुत पुनरावेदनलाई दोहऱ्याई पाउँ भन्ने निवेदनमा परिणत गर्न पनि मिल्ने देखिएन ।

१४. कानूनले पुनरावेदन नै लाग्न नसक्ने मुद्दामा अदालतले म्याद दिएकै आधारले मात्र पुनरावेदन लाग्न सक्ने हुँदैन । अतः न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अन्तर्गतका लाग्नै नसक्ने पुनरावेदन दायर गरेको देखिँदा पुनरावेदन जिकीरको औचित्य तर्फ प्रवेश गरिरहनु परेन । प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ ।

उक्त रायमा म सहमत छु ।

न्या. अरविन्द नाथ आचार्य

**माननीय न्यायाधीश श्री केदारनाथ उपाध्यायको राय :**

प्रस्तुत मुद्दामा वादी दावी बमोजिम खिचोला ठहर गरेको शुरु भ.पु.जि.अ. को फैसलालाई उल्टी गरेको बा.अं.अ. को फैसला उपर म.क्षे.अ. मा पुनरावेदन परेकोमा न्याय प्रशासन ऐन, २०४८ को व्यवस्था अनुसार सो पुनरावेदन, पुनरावेदन अदालत पाटनमा सरी पु.वे.अ. पाटनबाट बा.अं.अ. को इन्साफ उल्टी गरे उपर प्रतिवादीको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) ले शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको

निर्णयमा तात्विक भिन्नता भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको देखिन्छ । तर प्रस्तुत मुद्दामा शुरु अदालतले गरेको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदन सुनेको नभै साविक न्याय प्रशासन सुधार ऐन, २०३१ को व्यवस्था अनुसार शुरु भ.पु.जि.अ. को फैसाला उपर वा.अं.अ. ले पुनरावेदन सुनी गरेको फैसला उपर परेको पुनरावेदनमा पुनरावेदन अदालतले फैसला गरेको देखिन आयो । प्रस्तुत मुद्दाको सन्दर्भमा बा.अं.अ. शुरु तहको अदालत नभै पुनरावेदन तहकै अदालत देखिँदा पुनरावेदन अदालतले पुनरावेदनको म्याद दिएको कारणबाट पुनरावेदन तहकै तल्लो र माथिल्लो दुई तहको अदालतहरुको निर्णयमा रहेको भिन्नताको सम्बन्धमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) आकर्षित हुन सक्ने समेत देखिदैन । अतः प्रस्तुत पुनरावेदन खारेज हुने देखिँदा पुनरावेदन खारेज हुने ठहराएको सहयोगी माननीय न्यायाधीशज्यूहरुको उपरोक्त रायसँग सहमत नै छु ।

पुनरावेदक प्रतिवादी आफूखुसी यस अदालतमा पुनरावेदन लिएर आएको नभै पुनरावेदन अदालत पाटनको फैसलाको तपसिल खण्डको दफा (२) ले यो फैसला उपर चित्त बनुझे सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी म्याद दिएको समेतको आधारबाट यस अदालतमा पुनरावेदन दायर भएको देखिन्छ । यस्तो अवस्थामा दायर भएको पुनरावेदन के हुने हो भन्ने सम्बन्धमा विचार गर्दा अदालतले पुनरावेदन गर्न जानु भनी म्याद दिँदा दिँदै अदालतको सो निर्देशनलाई वेवास्ता गरी यस्तोमा यी पुनरावेदक स्वयमले न्या.प्र.ऐन, २०४८ को दफा १२ अन्तर्गत मुद्दा दोहराई पाउँ भनी निवेदन लिई आउनु पर्थ्यो भन्नु न्यायसंगत हुन्छ भन्ने मलाई लाग्दैन । अहिलेको स्थितिमा पुनरावेदकको लागि न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गत मुद्दा दोहोराई पाउँ भनी निवेदन दिने म्याद समेत वाँकी नरहेकोले निजलाई पुनरावेदन अदालतले दिएको पुनरावेदनको म्यादमा निर्भर गरी पुनरावेदन दायर गर्न आएको कारणले दोहोराई पाउने म्याद गुज्रन गई वाधा पर्ने देखिन्छ । यस अवस्थामा स्पष्ट कानूनी कार्यविधिको अभाव रहेको भएपनि न्यायिक रोह रिटको लागि उचित र मनासिव माफिकको कार्यविधि अपनाउन प्रचलित नेपाल कानून हाम्रो न्यायिक प्रचलनले वाधा पुऱ्याएको पनि देखिन्न । अतः यस्तो अवस्थामा पुनरावेदकलाई मुद्दा दोहोऱ्याई पाउन निवेदन दिने नदिने कुरा रोक्ने र दिने भएमा के कस्तो जिकीर लिने हो भन्ने समेत आधार

जिकिर सहित पुनः प्रवेश गर्ने मौका दिनु न्यायोचित देख्दछु । पुनरावेदक प्रतिवादी रण कुमारी विरुद्ध देव नारायण गुरुङ समेत भएको नाता घरोट मुद्दामा नलाग्ने पुनरावेदन खारेज गरी ७ दिन भित्र पुनरावेदकको अनुमती पाउँ भन्ने निवेदन दिन ल्याए लिने गरेको संयुक्त इजलासको आदेशलाई कानूसम्मत ठहराई पूर्ण इजलासबाट २०४९।३।१८ मा फैसला भई यस किसिमको मौका समेत दिएको सिद्धान्त समेत प्रतिपादन भएको देखिन्छ । (ने.का.प. २०४९ अंक ४ निर्णय नं. ४५०७) सोही आधारमा पुनरावेदन अदालत पाटनको कार्यविधिगत त्रुटीले गर्दा दायर भएको प्रस्तुत पुनरावेदन खारेज भै त्यसको सट्टा पुनरावेदकले आजका मितिले ७ दिन भित्र न्या प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गतको निवेदन दिए लिई कानून बमोजिम कारवाही किनारा गरिने जानकारी निवेदकलाई दिनु पर्ने र सो बमोजिम निवेदन परेमा लिई कानून बमोजिम गर्नुपर्ने समेत देख्दछु । पुनरावेदन खारेज गर्ने सम्बन्धमा बहुमतको रायसँग सहमती रहेको भएपनि प्रस्तुत पुनरावेदकलाई दोहोऱ्याई पाउन निवेदनको मौका नदिने गरेको सम्म कार्यविधिगत कुरामा मलाई न्यायिक अभाव खड्किएकोले आफ्नो आंशिक विसम्मति ब्यक्त गरेको छु ।

इति सम्बत् २०५१ साल कार्तिक १० गते रोज ५ शुभम् ।

## ४. ज्ञानबहादुर राई विरुद्ध दिल बहादुर राई ,ने.का.प. २०५२, अङ्क ३ निर्णय नं. ५०६४

निर्णय नं. ५०६४ ने.का.प. २०५२ अङ्क ३

पूर्ण इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्याय
माननीय न्यायाधीश श्री सुरेन्द्र प्रसाद सिंह
माननीय न्यायाधीश श्री त्रिलोक प्रताप राणा
माननीय न्यायाधीश श्री रुद्र बहादुर सिंह
माननीय न्यायाधीश श्री ओमभक्त श्रेष्ठ
माननीय न्यायाधीश श्री मोहन प्रसाद शर्मा
माननीय न्यायाधीश श्री केशव प्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री लक्ष्मण प्रसाद अर्याल
माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी
माननीय न्यायाधीश श्री गोविन्द बहादुर श्रेष्ठ
माननीय न्यायाधीश श्री अरविन्दनाथ आचार्य
माननीय न्यायाधीश श्री उदयराज उपाध्याय
माननीय न्यायाधीश श्री हरि प्रसाद शर्मा
माननीय न्यायाधीश श्री पृथ्वी बहादुर सिंह
माननीय न्यायाधीश श्री कृष्ण कुमार वर्मा
माननीय न्यायाधीश श्री नरेन्द्र बहादुर न्यौपाने
माननीय न्यायाधीश श्री इन्द्रराज पाण्डे
दे.पु.नं. ५४
आदेश मिति : २०५२।१।१५।६
मुद्दा : अंश ।

पुनरावेदक/प्रतिवादीः इलाम जि.माई मझुवा गा.वि.स. वडा नं. २ बस्ने वर्ष ६६ को ज्ञानबहादुर राई ।

ऐ.ऐ बस्ने वर्ष ३३ को सुक बहादुर राई ।
विरुद्ध
प्रत्यर्थी/वादीः इलाम जि.सुलुवुङ गा.वि.स. वडा नं. १ बस्ने दिल बहादुर राई ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) मा भएको व्यवस्थालाई हेर्दा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णय उपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएकोमा यस अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दामा पुनरावेदन अदालत विराटनगरले शुरु इलाम जिल्ला अदालतको निर्णय उपर पुनरावेदन सुनेको नभै शुरु अदालतले गरेको फैसलालाई तत्कालिन मेची अञ्चल अदालतले उल्टाई फैसला गरे उपर तत्कालिन पूर्वाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन परेकोमा सो पुनरावेदन न्याय प्रशासन ऐन, २०४८ को दफा २६ को उपदफा (१) अनुसार पुनरावेदन अदालत विराटनगरमा सरी सो अदालतबाट निर्णय भएको देखिन्छ । सो बमोजिम प्रस्तुत मुद्दामा पहिलो पुनरावेदन तत्कालिन मेची अञ्चलबाट हेरिएको र पुनरावेदन अदालतले मेची अञ्चल अदालतको निर्णय उपर दोस्रो पुनरावेदन हेरी निर्णय गरेकोमा उपर्युक्त दफा ९ को उपदफा (१) को खण्ड (ग) आकर्षित हुने अथवा पुनरावेदकले पुनरावेदन अदालत, विराटनगरको फैसला उपर यस अदालतमा फेरि पुनरावेदन गर्न पाउने अवस्था देखिन्न । माथि उल्लेख भए अनुसार पुनरावेदन अदालतले गरेको पुनरावेदन फैसला उपर उक्त दफा ९ अन्तर्गत यस अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरु खास खास आधारहरुमा यस अदालतले दोहोऱ्याई हेर्न सक्ने व्यवस्था दफा १२ मा भएकै देखिन आउंछ । तर सो अनुसार यो मुद्दामा पुनरावेदन अदालतले गरेको निर्णय दोहोऱ्याई पाउं भनी यस अदालतमा निवेदन दर्ता भएको नभै सो निर्णय उपरको पुनरावेदनको रुपमा मुद्दा दर्ता हुन आएको र उक्त दफा ९ को उपदफा (१) को खण्ड (ग) अन्तर्गतको पुनरावेदन र दफा १२ अन्तर्गतको मुद्दा दोहोऱ्याउने निवेदन लाग्ने अवस्था र आधारहरु भिन्न भिन्न भएकोले यसमा अब केही विचार गरी रहन परेन । तसर्थ प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले गरेको फैसला उपर पुनरावेदन नलाग्नेमा पुनरावेदन परेको देखिन आएकोले पुनरावेदनको औचित्य तर्फ विचार गरी रहन नपर्ने ।

(प्रकरण नं. २०)
निवेदक तर्फबाटःx
विपक्षी तर्फबाटःx
अवलम्बित नजीरःx
आदेश

प्र.न्या.विश्वनाथ उपाध्यायः प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा यस प्रकार छ :–

२. स्वर्गीय पिता नरबहादुरको २ श्रीमती जेठी स्व. धनमाया पट्टि २ छोरा जेठा ज्ञानबहादुर, कान्छा मानबहादुर, कान्छी पट्टि २ छोरामा जेठा म फिरादी कान्छा दिपककुमार हुन। बाबु ०२८ सालमा र जेठी आमा ०३१ सालमा परलोक भएकोले चल अचल सम्पत्ति मुख्य जेठा दाजु ज्ञानबहादुरको जम्मा भएको म फिरादीको बोली नआउने हुँदा मजदुरी गरी निर्वाह गर्नु परेकोले अंश लिई बस्नु पर्‍यो भनी ०४२।३।१५ गते विपक्ष भएमा गई भन्दा लाटाले अंश पाउँदैनस् दिदैनौं भनी जवाफ दिनु भई अंश नदिने नियत गर्नु भएकोले अंश बण्डाको २०।३३ नं. बमोजिम बण्डा लाग्ने सम्पत्तिको फाँटवारी लिई ५ बण्डा लगाई मैले पाउने एक भाग अंश दिलाई पाउँ भन्ने समेत वादी दिलबहादुरको २०४२।४।२८ को फिराद ।

३. हाम्रो दाजु भाइमा जेठी आमाबाट म ज्ञानबहादुर र मानबहादुर, कान्छी आमा याङसिरी पट्टि कमलबहादुर र दिपकबहादुर ४ भाइ हौं, हामी दाजु भाइ ०२७ सालमा बण्डा गरी भाइ दिपकबहादुरले ०३८।८।३० मा नेत्रबहादुर दाहाललाई रु. ६०००।–अंश बापतको जग्गा पास समेत गरेको छ । फिरादीले अंश पाएपछि निजको आमा याङसिरी नाउँमा सुलुवुङ्ग गा.वि.स. वडा नं. १(क) कि.नं. ५९।३५ र १(ख) कि.नं. ३६ को जग्गा आज पनि देखिएकै छ । वादीलाई अंश दिन बाँकी नहुँदा वादी दावीबाट फुर्सद पाउँ भन्ने समेत सुकबहादुर राई समेतको प्रतिउत्तर ।

४. पिता ०२८ सालमा परलोक भई ज्ञानबहादुरले समाली आएका बखत नापी आउँदा प्र.ज्ञानबहादुरका नाउँमा भाइ मजुवा गा.वि.स. वार्ड नं. १ को कि.नं. २(ग) कि.नं. ६५।६६।६८।६९।७० र वार्ड नं. २घ को कि.नं. ६६।५५ को जग्गा र निजका छोरा सुकबहादुर राईका नाममा माइमझुवा गा.वि.स. वार्ड नं. १ को कि.नं. २ग कि.नं. ६२।६३ र ८(क) ७८ को जग्गा दर्ता गरेको कान्छी

आमाले निजको दाइजोबाट लिएको जग्गा दर्ता गरी भोगी आएको हुन, प्र.ज्ञानबहादुरले फिरादीलाई अंश ठग्न विपरीत कागज दाखिल गरी पेश गरेपनि ज्ञानबहादुर, सुकबहादुरले अंश दिनु पर्ने हो भन्ने प्र.मानबहादुरको प्रतिउत्तर ।

५. वादी दिलबहादुर र वादीको भाइ दिपक कुभरलाई अंशमा ठग्न आमा र भाइ समेतलाई बण्डापत्रमा नराखी जालसाजबाट खडा गरेका हुन सो लिखत बदर गरी साक्षी कलमी समेतलाई सजाय गरी पाउँ भन्ने वादी वा. चन्द्रकला राईको बयान ।

६. बाबु नरबहादुरले ४ भाइ छोराहरुलाई सत्य व्यवहारबाट अंश बण्डा कागज गरिदिएको हो जालसाजबाट खडा गरेको होइन भन्ने समेत प्र.वा. राम प्रसादको बयान ।

७. छोराहरुको बण्डा नहुंदै श्रीमान् २०२८ सालमा परलोक हुनु भयो दिलबहादुर दीपकबहादुरले प्रतिवादीहरुसँग अंश पाउने हुन मैले ०२६ सालमा सावित्री पौडेलबाट राजीनामा गराई लिंदा सबै सगोलमा बसी आएका थियौं भन्ने समेत याङसिरी राईको बयान ।

८. प्र.ज्ञानबहादुरले पेश गरेको ०२७।११।४ को घरसारको बण्डापत्र प्रतिवादीको बयान बमोजिम सद्दे ठहर्छ । सो बण्डापत्र सद्दे ठहरेपछि यी प्रतिवादीहरु अघि नै छुट्टि भिन्न भई आफ्नो भाग भोग चलन गरी आएको रहेछन् भन्ने कुरा देखिन आएकोले दावी बमोजिम तायदाती फाँटवारी लिई अंश गरी दिइरहनु पर्ने ठहराई इलाम जिल्ला अदालतबाट ०४४।३।३२ मा भएको फैसला ।

९. फिराद दावी बमोजिम हुनु पर्नेमा दावी नपुग्ने ठहराई भए गरेको फैसलामा चित्त बुझेन भन्ने समेत दिल बहादुरको पुनरावेदन । शुरुको फैसला कानुनी त्रुटिपूर्ण भएकोले सो इन्साफ उल्टाई पाउँ भन्ने समेत प्र.याङसिरीको पुनरावेदन ।

१०. मुलुकी ऐन अंशबण्डाको महलको २०।२१।२२।२३ नं. को रीतपुर्याई वादी जिम्माको वादीबाट र प्रतिवादी याङसिरी र दीपक कुमार, ज्ञानबहादुर, मानबहादुर, ज्ञानबहादुरको छोरा शुक्रबहादुरबाट चल अचल श्री सम्पत्तिको फाँटवारी दाखिल गराई लिनु भन्ने ०४५।१०।६ को आदेश।

११. २०२७।११।४ को बण्डा पत्र घरसारको हुनाले सो बण्डापत्रमा यी वादी र निजको भाइ दीपककुमार र याङसिरीको पनि सही नभएको याङसिरीको अंश भाग नलेखिएको समेत कारणबाट सो बण्डापत्र जालसाजबाट खडा गरेको देखियो । अन्य प्रतिवादीका नाउँमा छुट्टा छुट्टै दर्ता भए पनि वादी प्रतिवादी बीच बण्डा भएको भन्ने देखिएन । पिराद परेको अघिल्लो दिन छुट्टिएको मिति कायम गरी वादी प्रतिवादीबाट पेश भएको फाँटवारीमा ५ भागको १ भाग अंश वादीले पाउने ठहर्छ भन्ने मेची अञ्चल अदालतबाट २०४६।३।२० मा भएको फैसला ।

१२. बण्डा भइसकेकोलाई ५ भागको १ भाग अंश दिनु पर्ने ठहराई भए गरेको मेची अञ्चल अदालतको फैसला चित्त बुझेन भन्ने समेत व्यहोराको २०४६।४।२३ को पुनरावेदन ।

१३. व्यवहार प्रमाणबाट छुट्टी भिन्न भएको देखिने अवस्थामा पुनरावेदक प्रतिवादीबाट समेत अंश पाउने गरेको मेची अञ्चल अदालतको फैसला फरक पर्ने देखिँदा छलफलको लागि अ.बं. २०२ नं. बमोजिम विपक्ष वादीलाई र प्र.मानबहादुर, दीपककुमार राई, याङसिरी राईलाई म्याद दिई झिकाउनु भन्ने पूर्वाञ्चल क्षेत्रीय अदालतबाट २०४७।९।२५।४ मा भएको आदेश ।

१४. मेची अञ्चल अदालतले उक्त घरसारको बण्डापत्रलाई जालसाजी ठहराई तायदाती बमोजिम ५ भागको १ भाग अंश दिने गरेको समेतको इन्साफ मुनासिब ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत विराटनगरको फैसल ।

१५. पुनरावेदन अदालतले हामीलाई हराई गरेको फैसला कानुनी त्रुटिपूर्ण हुँदा उक्त त्रुटिपूर्ण फैसला उल्टी गरी शुरु इलाम जिल्ला अदालतको फैसला कायम राखी हामीहरुको पुनरावेदन जिकिर अनुसार इन्साफ पाउँ भन्ने व्यहोराको पुनरावेदन ।

१६. न्याय प्रशासन ऐन, २०४८ को दफा ९(ग) अनुसार पर्न आएको पुनरावेदन वा ऐ. को दफा १२ अनुसार पर्न आएका निवेदनलाई एक अर्कोमा परिणत गर्न नमिल्ने गरी पूर्ण इजलासबाट २०५१।३।९ मा निर्णय भएको छ । भूपनिधि तिवारी वि.गुनकुमारी तिवारी नि.नं. ९३४) पूर्ण इजलासको उक्त निर्णयबाट यस प्रकारका पुनरावेदन वा दोहर्‍याई पाउँ भन्ने निवेदनहरु एक अर्को प्रकृतिमा परिणत गरी हेर्ने अवस्था रहेन ।

१७. यसै गरी देवनारायण गुरुङ,पुनरावेदकको वादी विरुद्ध उदयराज गुरुङ,पुनरावेदक प्रतिवादी भएको नासो धरौट मुद्दामा यस अदालतको पूर्ण इजलासबाट नलाग्ने पुनरावेदन खारेज गरी सात दिनभित्र पुनरावेदन अनुमति पाउँ भन्ने निवेदन दिए दिन ल्याए लिने गरेको संयुक्त इजलासको आदेशलाई अन्यथा भन्न सकिने स्थिति रहेन तत्पश्चात उक्त आदेशानुसार परेका निवेदनको आधारमा पुनरावेदनको अनुमति भउकोलाई कानुनसम्मत मान्नु पर्ने भनी पूर्ण इजलासबाट मिति २०४९।३।१८ मा फैसला भएको ने.का.प. २०४९ पृष्ठ ३२५ बाट देखिन्छ । यस प्रकार एउटा पूर्ण इजलासबाट एक प्रकृतिका निवेदनलाई अर्को प्रकृतिमा परिणत गर्न नहुने भनी आदेश भएको पुनरावेदन वा निवेदन दिने मौका प्रदान नगरिएको र अर्को पूर्ण इजलासबाट पुनरावेदन खारेज भएपछि सात दिनभित्र अनुमतिको लागि निवेदन दिए लिई कानुन बमोजिम गर्नु भन्ने फैसला भएको पाइन्छ ।

१८. माथि उल्लेख भएका विषयमा पुनरावेदनलाई निवेदनमा र निवेदनलाई पुनरावेदनमा परिणत गर्ने अवस्था नरहेपछि यस्तो प्रकृतिमा पुनरावेदन वा निवेदनका सम्बन्धमा यसो गर्ने भन्ने निश्चितताको अभाव भई जटिल कानुनी प्रश्न उपस्थित हुन आएको र दुई पूर्ण इजलासबाट भिन्ना भिन्नै सिद्धान्त कायम भइरहेको परिप्रेक्ष्यमा यस जटिल कानुन प्रश्नको निराकरण हुनु पर्ने देखिएकोले सर्वोच्च अदालत नियमावली,२०४९ को नियम ३ खण्ड (ख) र (घ) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भन्ने व्यहोराको यस अदालत संयुक्त इजलासको मिति २०५१को अदेश ।

१९ नियम बमोजिमको दैनिक कजलिष्टमा चढी पेश हुन आँको प्रस्तुत मुद्दामा वादी दिलबहादुर राईले अंश नपाउने गरी भएको इलाम जिल्ला अदालतको मिति २०४४।३।२२ को फैसलालाई उल्टी गरी वादी दावी बमोजिम ५ खण्डको १ खण्ड अंश वादीले पाउने ठहरी मिति २०४६।३।२० मा मेची अञ्चल अदालतबाट भएको फैसला उपर पुनरावेदक प्रतिवादी ज्ञानबहादुर राईको पूवाञ्चल क्षेत्रीय अदालतमा परेको पुनरावेदन न्याय प्रशासन ऐन,२०४८ को दफा २६ अनुसार पुनरावेदन अदालत विराटनगरमा सरी सो अदालतबाट २०४९।२।७ मा मेची अञ्चल अदालतको फैसलालाई सदर गरी फैसला भएको र सो फैसला उपर ज्ञानबहादुर राईको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो ।

२०. माथि उल्लेख भए अनुसार प्रतिवादी पुनरावेदकले दिएको पुनरावेदनको आधारमा यस अदालतले पुनरावेदकीय अधिकार क्षेत्र ग्रहण गरी मुद्दाको निरुपण गर्न मिल्छ वा मिल्दैन भन्ने प्रश्न यस मुद्दामा निर्णय गर्नु पर्ने मुख्य प्रश्न देखिन्छ । यस सम्बन्धमा न्याय प्रशासन ऐन, २०४८ को दफ ९ को उपदफा (१) को खण्ड (ग) मा भएको व्यवस्थालाई हेर्दा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णय उपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएकोमा यस अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएको पाइन्छ । प्रस्तुत मुद्दामा पुनरावेदन अदालत विराटनगरले शुरु इलाम अदालतको निर्णय उपर पुनरावेदन सुनेको नभै शुरु अदालतले गरेको फैसलालाई तत्कालिन मेची अंचल अदालतले उल्टाई फैसला गरे उपर तत्कालिन पूर्वाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन परेकोमा सो पुनरावेदन न्याय प्रशासन ऐन, २०४८ को दफा २६ को उपदफा (१) अनुसार पुनरावेदन अदालत विराटनगरमा सरी सो अदालतबाट निर्णय भएको देखिन्छ । सो बमोजिम प्रस्तुत मुद्दामा पहिलो पुनरावेदन तत्कालिन मेची अञ्चलबाट हेरिएको र पुनरावेदन अदालतले मेची अञ्चल अदालतको निर्णय उपर दोस्रो पुनरावेदन हेरी निर्णय गरेकोमा उपर्युक्त दफा ९ को उपदफा (१) को खण्ड (ग) आकर्षित हुने अथवा पुनरावेदकले पुनरावेदन अदालत, विराटनगरको फैसला उपर यस अदालतमा फेरि पुनरावेदन गर्न पाउने अवस्था देखिन्न । माथि उल्लेख भए अनुसार पुनरावेदन अदालतले गरेको पुनरावेदन फैसला उपर उक्त दफा ९ अन्तर्गत यस अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरु खास खास आधारहरुमा यस अदालतले दोहोऱ्याई हेर्न सक्ने व्यवस्था दफा १२ मा भएकै देखिन आउँछ। तर सो अनुसार यो मुद्दामा पुनरावेदन अदालतले गरेको निर्णय दोहोऱ्याई पाउँ भनी यस अदालतमा निवेदन दर्ता भएको नभै सो निर्णय उपरको पुनरावेदनको रुपमा मुद्दा दर्ता हुन आएको र उक्त दफा ९ को उपदफा (१) को खण्ड (ग) अन्तर्गतको पुनरावेदन र दफा १२ अन्तर्गतको मुद्दा दोहोऱ्याउने निवेदन लाग्ने अवस्था र आधारहरु भिन्न भिन्न भएकोले यसमा अब केही विचार गरी रहन परेन । तसर्थ प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले गरेको फैसला उपर पुनरावेदन नलाग्नेमा पुनरावेदन परेको देखिन आएकोले पुनरावेदनको औचित्य तर्फ विचार गरी रहन परेन । प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ ।

विश्वनाथ उपाध्याय
प्रधान न्यायाधीश

उक्त रायमा हामीहरुको सहमती छ ।

न्या.रुद्रबहादुर सिंह
न्या.ओमभक्त श्रेष्ठ
न्या.मोहनप्रसाद शर्मा
न्या.कृष्णजंग रायमाझी
न्या.अरविन्दनाथ आचार्य
न्या.हरिप्रसाद शर्मा
न्या.पृथ्वीबहादुर सिंह
न्या.नरेन्द्रबहादुर न्यौपाने
न्या.इन्द्रराज पाण्डे

माननीय न्यायाधीश श्री उदयराज उपाध्यायको राय :–

भूपनिधि तिवारी वि.गुनकुमारी तिवारी भएको हक कायम दर्ता बदर मुद्दामा २०५१।३।९ मा र देवनारायण वि.रणकुमारी समेत भएको नासो धरौट मुद्दामा २०४९।३।१८ मा निर्णय भई दुई पूर्ण इजलासबाट भिन्दाभिन्दै सिद्धान्त कायम भएको देखिँदा निश्चितताको अभाव भई जटिल कानुनी प्रश्न उपस्थित हुन आएकोले निराकरण हुनु पर्ने देखिएको भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को खण्ड (ख) र (घ) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भन्ने संयुक्त इजलासबाट २०५१।४।११।३ मा भएको आदेश अनुसार प्रस्तुत मुद्दा यस वृहद पूर्ण इजलास समक्ष पेश हुन आएको देखिन्छ ।

प्रस्तुत विवादमा वादी दिव्यबहादुर राईले अंश नपाउने गरी भएको इलाम जिल्ला अदालतको मिति २०४४।३।३२ को फैसलालाई उल्टी गरी वादी दावी बमोजिम ५ खण्डको १ खण्ड वादीले अंश पाउने ठहरी २०४६।३।२० मा मेची अञ्चल अदालतबाट भएको फैसला उपर मानबहादुर राईको पूर्वाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन परी न्याय प्रशासन ऐन, २०४८ को दफा २६ अनुसार

पुनरावेदन अदालत विराटनगरमा सरी सो अदालतबाट २०४९।२।७ मा मेची अञ्चल अदालतको फैसला सदर भएको पाइन्छ ।

न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१)(ग) अनुसार शुरु अदालत निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णय उपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएको मुद्दामा पुनरावेदन लाग्ने र तात्विक भिन्नता नभएको मुद्दामा ऐ.ऐनको दफा १२ अनुसार दोहोऱ्याई पाउँ भन्ने निवेदन लाग्ने व्यवस्था भएको पाइन्छ । उक्त ऐनको दफा २६ ले सो ऐन लागू हुँदाको अवस्थामा क्षेत्रीय अदालत वा अञ्चल अदालतमा दायर रहेका मुद्दाहरु पुनरावेदन अदालतमा सर्ने व्यवस्था भएको पनि पाइन्छ । यसबाट पुनरावेदन अदातमा सोझै पुनरावेदन परेकोमा निर्णय हुने र सरी आएको पुनरावेदनमा निर्णय हुने दुई अवस्था देखिनछ । दुवै अवस्थामा शुरु र पुनरावेदन अदालतको निर्णयमा तात्विक भिन्नता हुन सक्दछ । क्षेत्रीय अदालत र अञ्चल अदालत दुवैको सथान पुनरावेदन अदालतले लिएपछि विलियनको सिद्धान्त (Doctrine of Merger) अनुसार अं.अ.को फैसला पुनरावेदन अदालतको फैसलामा विलियन हुने भै शुरु र पुनरावेदन अदालतको फैसलामा तात्विक भिन्नता रहेमा पुनरावेदन लाग्नु पर्ने भन्ने र अंचल अदालतबाट फैसला भएकोमा,शुरु अञ्चल र पु.बे.अदालतको गरी ३ तह फैसला हुन जाने कारणबाट दोहोऱ्याई पाउँ भन्ने निवेदन लाग्नु पर्ने भन्ने दुई भिन्न भिन्न विचारधारा मध्ये कुन विचारधारा कानुनसंगत,उपयुक्त एवं व्यवहारपरक छ भन्ने सन्दर्भमा न्याय प्रशासन ऐन,२०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) र ऐ.ऐनको दफा १२(१) को संरचना हेर्नु पर्ने हुन आउँछ । उक्त दफा ९(१)(ग) मा शुरु अदालत निकया वा अधिकारीले गरेको निर्णय र सो निर्णय उपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएको मुद्दा भन्ने र दफा १२(१) मा यो ऐन वा प्रचलित कानुन बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरुमा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश देहायका अवस्थामा सर्वोच्च अदालतले दोहोऱ्याई हेर्न सक्नेछ भनी देहायका अवस्थाहरु खुलाइएको देखिन्छ । अञ्चल अदालतले पुनरावेदन फैसला गरी सकेको अवस्था सो दफाहरुमा खुलाइएको देखिँदैन । कानुन बमोजिम गठन भई कानुनकै परिधिभित्र रही फैसला गर्ने अञ्चल अदालतको फैसलालाई शुन्य अवस्थाको मान्न पनि मिल्दैन । अञ्चल अदालतको फैसलाको कानुनी बल आफ्नो

स्थानमा कायमै रहेको हुन्छ । अं.अ. को फैसलामा उभय पक्षको चित्त बुझेमा सो फैसला अन्तिम रुपमा रही रहने स्थिति पनि हुन सक्दछ । यस परिप्रेक्ष्यमा अञ्चल अदालतले निर्णय गरी सकेकोमा शुरु र पुनरावेदन अदालतको फैसलामा तात्विक भिन्नता छ, छैन हेरी रहनु पर्ने नभई उक्त दफा ९(१)(ग) को अवस्थाले पुनरावेदन नलाग्ने भई दफा १२ को अवस्था अनुसार दोहोऱ्याई पाउँ भन्ने निवेदन दिनु पर्ने हुन्छ । कानुनले पुनरावेदन वा निवेदन के दिनु पर्ने हो ? सम्बन्धित पक्षकै दायित्वको विषय भएकोले पक्षले पुनरावेदन दिने ठाउँमा निवेदन र निवेदन दिने ठाउँमा पुनरावेदन दिएकोमा एक अर्कामा परिणत नहुने गरी भूपनिधि तिवारी विरुद्ध गुनकुमारीको मुद्दामा कायम भएको सिद्धान्तसँग असहमति जनाउनु पर्ने अवस्था भने देखिँदैन । तर अदालतकै निर्देशन बमोजिम पुनरावेदन परेको छ र सो पुनरावेदन मौकैमा दरपीठ नगरी सुनिएको छ भने पक्षले मात्र, त्रुटि गरेको भन्न मिल्दैन । त्यस्तोमा अदालतले समेत त्रुटि गरेको हुन जान्छ ।

पुनरावेदनको म्याद दिनु पर्ने विषयको कानुनी प्रावधानको सम्बन्धमा अ.बं. १९३ मा अड्डाबाट मुद्दा फैसला गरेपछि हाजिर रहेको झगडियालाई सो फैसला बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अड्डाको नाम समेत बताई निजबाट सुनी पाएको व्यहोराको कागज गराई राख्नु पर्छ । झगडिया हाजिर नरहेकोमा सो फैसला भएको ३ दिनभित्र यो मुद्दामा यो कुरा ठहरेको हुनाले तिमीलाई यो यति सजाय भएको छ भन्ने र पुनरावेदन लाग्नेमा पुनरावेदन लाग्ने अड्डाको नाम समेत खुलाई सो झगडियाको नाममा म्याद जारी गर्नु पर्छ भन्ने समेत उल्लेख भएको र सो अनुसार अदालतले पुनरावेदनको म्याद दिएको आधारमा प्रस्तुत पुनरावेदन पर्न आई पक्षले अदालतले देखाएकै मार्गको अवलम्बन गरेको देखिन्छ । यस्तो स्थितिमा पक्षले स्वेच्छाले पुनरावेदन दिएको जस्तो अर्थ गर्न न्यायोचित हुँदैन । एउटा अदालतले पुनरावेदन लाग्छ भन्नु अर्को अदालतले सो अनुसार दिएको पुनरावेदन खारेज गर्नुले अदालत प्रतिको आस्था सम्बन्धी प्रश्न पनि उठ्न सक्दछ । एकै फिरादपत्रबाट इन्साफ हुन सक्ने भन्दा बढी लेखी ल्याएकोमा बढी जतिको हकमा यस फिरादपत्रबाट इन्साफ गर्न नपर्ने अर्को फिरादपत्र दिए मात्र इन्साफ गर्नु पर्ने भनी पक्षलाई जानकारी समेत दिन पर्ने गरी अ.बं. ७२ नं. ले गरेको कानुनी व्यवस्थाबाट र नलाग्ने फिरादपत्र दिए दरपीठ गरी रीत पुऱ्याई ल्याउन ७ दिनको समय दिनु पर्ने भनी

अञ्चल तथा जिल्ला अदालत नियमावली, २०३४ को नियम २६ ले र पुनरावेदन पनि दरपीठ हुन सक्ने विषयमा ऐ.को नियम ३६ ले गरेको व्यवस्थाबाट समेत पक्षले कानुनी आधारबाटै सुविधा पाउनु पर्ने देखिन्छ ।

कर्मचारीको गल्तीले पक्षको सुविधा अपहरण हुँदैन भनी यस अदालतबाट समय समयमा सिद्धान्त प्रतिपादित भई सो सिद्धान्त लामो समय देखि अनुशरण हुँदै आइ रहेको समेत पाइन्छ । (फु. ०१८।१५६,फु. ८७।४६ इन्द्रमाया वि. गजसिंह मुद्दा जालसाजी ०१९।८।१२।३,फु. ०२३।१५७,फु.रि. १३ सोमप्रसाद वि.भु.सु.अ. काठमाडौं मु.उत्प्रेषण ०२५।११।१०।६,फु. ०२६,२६४,फु. ०२८,२२९। फु.०२९।३१० साथै अदालतबाट कायम भएको सिद्धान्त कानुन सरह नै मान्य हुन्छ ।

यसरी कानुनको मनसाय एवं प्रतिपादित सिद्धान्तबाट समेत नलाग्ने पुनरावेदन मौकैमा दरपीठ हुन नसकी निर्णयको अवस् थामा पुगी खारेज भएमा कानुनले निवेदन लाग्न सक्ने अवस्थामा निवेदन दिन सात दिनको समय दिनु पर्ने वाञ्छनीय देखिन्छ ।

तसर्थ न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम दर्ता हुन सक्ने अवस्थाको प्रस्तुत पुनरावेदन नदेखिंदा खारेज हुन्छ । तर अदालतको निर्देशन बमोजिम पुनरावेदन परेको खारेज हुने अवस्थामा निवेदन दिन सात दिनको समय दिनुपर्ने गरी देवनारायण वि. रणकुमारी गुरुङ समेत भएको नासो धरौट मुद्दामा ०४९।३।१८ मा पूर्ण इजलासबाट कायम भएको सिद्धान्त न्यायसंगत हुँदा अमान्य गर्नु पर्ने अवस्थाको नदेखिंदा सो अनुसार निवेदन दिन सात दिनको म्याद दिनु पर्ने ठहर्छ । म्याददिनु पर्ने वा सो हदसम्म बहुमतको रायसँग मेरो सहमति नभएकोले छुट्टै राय व्यक्त गरेको छु ।

न्या.उदयराज उपाध्याय

उक्त रायमा हामीहरुको सहमती छ ।

न्या.सुरेन्द्रप्रसाद सिंह
न्या.केशवप्रसाद उपाध्याय
न्या.गोविन्दबहादुर श्रेष्ठ

न्या.कृष्णकुमार वर्मा

माननीय न्यायाधीश श्री त्रिलोक प्रताप राणाको राय :–

यसमा अंश गरी दिइरहनु नपर्ने ठहराई गरेको इलाम जिल्ला अदालतको फैसलालाई उल्टी गरी ५ भागको १ भाग वादीले पाउने ठहर गरेको मेची अञ्चल अदालतको फैसला उपर पूर्वाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन परेकोमा मेची अञ्चल अदालतको इन्साफ मनासिब ठहराई भएको पुनरावेदन अदालत विराटनगरको फैसला उपर प्रस्तुत पुनरावेदन यस अदालतमा पर्न आएको देखिन्छ ।

पुनरावेदन अदालत विराटनगरको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने भए सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७ बमोजिम मौकामा दरपीठ गरी दिएको भए ऐनको म्यादभित्र पुनरावेदकको यस अदालतमा मुद्दा दोहो-याउनको लागि निवेदन पर्न सक्ने अवस्था थियो ।

तर कानुनले तोकेको निर्वाह एवं दायित्व स्वयं यस अदालतबाट भएको पाइन्न । यसमा पक्षको मात्र दोष नभई अदालतको पनि दोष छ । अदालतको गल्तीले पक्षको हकमा असर पार्न न्याय संगत नहुने र अदालतको गल्तीले पक्षको हक नजाने सिद्धान्त फौ.७७ स्वभागत विरुद्ध अमृतलाल भएको जालसाजी मुद्दामा पु.वे. ८७।४६ ईन्द्रमाया विरुद्ध शंत्त सिंह भएको जालसाजी मुद्दामा फु. ०२३।१५ (फु.रि. सोमप्रसाद विरुद्ध जि.भू.सु.अ. उत्प्रेषणको) मुद्दामा सिद्धान्त प्रतिपादित भएको र यसै गरी निवेदक रणकुमारी गुरुङ्ग समेत विरुद्ध देवनारायण गुरुङ्ग भएको नासो धरौट मुद्दामा नि.नं. ४५०७ बाट नलाग्ने पुनरावेदन दिएकोमा मौकैमा सर्वोच्च अदालतबाट दरपीठ नभएको कारण अदालतको गल्तीले पक्षको म्याद गुज्रन गई पक्षलाई मर्का पर्न जाने हुँदा पक्षलाई मौका दिने भन्ने सिद्धान्त यस अदालतबाट मिति २०४९।३।१८ मा समेत प्रतिपादित भएको पाइन्छ । मुद्दाका पक्ष दुई तरिकाबाट अदालतको ढोका घचघच्याउन आएका हुन्छन् । एउटा प्रचलित कानुनको आधारमा आएका हुन्छन् भने दोश्रो अभिलेख अदालतको रुपमा रहेको सर्वोच्च अदालतबाट समय समयमा प्रतिपादित भएका सिद्धान्तहरुको आधारमा आएका हुन्छन् ।

सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु केस ल (Case Law) हो यस्तो प्रतिपादित सिद्धान्त नजीर कानुन सरह हुन्छ । सर्वोच्च अदालतबाट अघि अघि प्रतिपादित सिद्धान्तको अनुरुप यस अदालतमा आउनेलाई सो कानुनी सिद्धान्तको अनुरुप सुविधा नदिँदा पक्षलाई न्याय हुँदैन । उक्त कानुनी सिद्धान्त नजीरको न्यूनीकरण हुन जान्छ । न्यायिक परिपाटी एवं न्यायिक प्रतिपादित कानुनी सिद्धान्तको अनुसरण विवेकपूर्ण तरिकाबाट नभएमा न्याय प्रशासनमा अनुकूल असर नपुग्न पनि सक्दछ ।

अघि प्रतिपादित कानुनी सिद्धान्तलाई सो भन्दा वृहत इजासले अन्यथा गरी अर्को कानुनी सिद्धान्त प्रतिपादित गर्न नसक्ने होइन । यस तर्फ अदालत पूर्ण रुपमा सक्षम छ । तर यस्तोमा अदालत अत्यन्त सचेत भई सतर्कता साथ चल्नु पर्छ । प्रस्तुत मुद्दामा पुनरावेदकले बाटो विराएको हो कि भन्नलाई वा उसलाई सो सम्बन्धी दोष लगाउनलाई पुनरावेदक यसै अदालतबाट अघि अघि प्रतिपादित सिद्धान्तको अनुरुप यस अदालतमा आएकोले पुनरावेदकले बाटो विराएको भनी दोष लगाउन न्यायसँगत हुँदैन । नजीरको कानुनी मान्यता हुन्छ । यो आफ्नो ठाउँमा कानुन सरह सक्षम छ । यी सबैलाई अवलोकन गर्दा यस पछि पर्ने पुनरावेदनको हकमा हाल प्रतिपादित सिद्धान्त बमोजिम हुने भए पनि प्रस्तुत पुनरावेदन अघि अघि यसै सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरुप परेकोले प्रस्तुत पुनरावेदन खारेज गर्ने न्यायसंगत एवं अर्थपूर्ण देखिन्न ।

नि.नं. ४३०० निवेदक परशुराम झा विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् भएको उत्प्रेषणको मुद्दामा यसै अदालतको वृहद इजलासबाट अघि साविक प्रतिपादित सिद्धान्त अनुरुपकै सुविधा प्रदान गर्ने गरी निर्णय भई एउटा न्यायिक सिद्धान्त परिपाटी समेत कायम भएकाले सो सिद्धान्त अनुरुप समान सुविधाबाट पुनरावेदकलाई वञ्चित गरी अन्यथा गर्ने भन्ने स्थिति समेत नदेखिँदा पुनरावेदन खारेज गरेको बहुमतको रायसँग मेरो सहमति नहुँदा छुट्टै राय व्यक्त गरेको छु ।

माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्यालको राय :–

प्रस्तुत मुद्दामा पुनरावेदन अदालत राजविराजले सगरमाथा अञ्चल अदालतको फैसलासँग असहमत भई निर्णय गरेकोले सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने भनी आफ्नो फैसलामा पुनरावेदनको म्याद दिए अनुसार प्रस्तुत मुद्दा पुनरावेदनको रुपमा

यस अदालतमा दर्ता हुन आएको देखियो । यस अदालतबाट कृष्णबहादुर पुरी विरुद्ध मित्रमाया समेतको मुद्दामा पूर्ण इजलासबाट वर्तमान तीन तह अदालती संरचना भएकोले अञ्चल अदालतसँग पुनरावेदन अदालत असहमत भए पनि शुरु इन्साफ सदर गरेको मुद्दामा दोहोर्‍याउने निवेदन लाग्ने भनी मिति २०५१।७।१० मा निर्णय भएको पाइन्छ । सो पूर्ण इजलासको मुद्दा हाल विचाराधीन अवस्थामा नभएकोले जे जस्तो रुपमा छ त्यसैलाई मान्नु पर्ने हुन आयो ।

अदालतले नै पुनरावेदन लाग्ने भनी पुनरावेदनको म्याद दिई पुनरावेदनको रुपमा यस अदालतमा दर्ता भएको प्रस्तुत मुद्दा उक्त पछि प्रतिपादित नजीर अनुसार पुनरावेदनको रुपमा दर्ता हुन नसक्ने अवस्था हुन आयो । पुनरावेदनको म्याद दिएपनि वा नदिए पनि पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने कुरा कानुनले निर्धारित गर्ने कुरा हो । तसर्थ हाल २०५२ सालमा आएर आधुनिक प्रजातान्त्रिक न्यायिक व्यवस्थाको पुनरावेदनमा रुपान्तरण गर्न म्याद दिनु कानुनसंगत हुँदैन । दुनियाँवादी हुने फौज्दारी मुद्दामा रुपान्तरण गर्ने व्यवस्था तत्कालिन सरकारी मुद्दा सम्बन्धी ऐन,२०१७ को दफा ७ मा भएबाट र कुनै प्रकारको म्याद दिने कार्य कानुनद्वारा मात्र सम्भव हुने हुँदा यो रुपान्तरण र म्याद प्रदान गर्ने विषय विरुद्ध विधायिकी कानुन अन्तर्गतको कुरा हो,न्यायपालिकाद्वारा निर्मित कानुनको परिधिभित्रको कुरा होइन । तसर्थ कानुनी व्यवस्थाको अभावमा पुनरावेदनलाई दोहोर्‍याउने निवेदनमा रुपान्तर गर्न समय दिन उचित देखिँदैन ।

उपरोक्तानुसार पूर्ण इजलासबाट निर्णय हुन,अघि पुनरावेदनको म्याद दिई आएका मुद्दाहरु यस अदालतमा दर्ता भई रहेको यस अदालतबाट दरपीठ समेत नगरेको पुरानो न्यायिक नीतिको अनुसरित भै रहेको अवस्थामा निर्णयोपरान्त मात्रसम्म नदिने गरी नि.नं. ४३०० निवेदक परशुराम झा विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् भएको उत्प्रेषण मुद्दामा झैं दोहोर्‍याउने निवेदन दिनु पर्नेमा पुनरावेदन गरेको वा पुनरावेदन दिनु पर्नेमा दोहर्‍याउने निवेदन दिन पुगेको अवस्थामा यस्तो स्थिति नयाँ र पुरानो न्यायिक व्यवस्थाको सन्धिकालमा पर्ने हुनाले यस्तो खास अवधिमा परेका मुद्दाहरुका लागि विशेष कानुनी व्यवस्था तत्काल गराउने तर्फ उचित कदम चाल्नु पर्ने र त्यस्तो कानुनी व्यवस्थामा नभएम्म यस प्रकारका मुद्दामा यथास्थितिमा राखी समस्याको न्यायोचित समाधान निकाल्नु पर्ने

देख्दछु । बहुमतको दोहऱ्याउने निवेदन गर्ने समय नदिई खारेज गरी हालने भन्ने र अल्पमतको कानुनको अभावमा सात दिने समय दिने गरेको दुवै रायसँग सहमत नभएकोले आफ्नो छुट्टै राय प्रस्तुत गरेको छु ।

इतिसम्वत् २०५२ साल बैशाख १५ गते रोज ६ शुभम् ।

## ५. श्री ५ को सरकार (विशेष प्रहरी विभाग) विरुद्ध दिलबहादुर लामा समेत , ने.का.प. २०५२, अंकः ९ निर्णय नं. ६०६४

निर्णय नं. ६०६४ - भ्रष्टाचार

भागः ३७ सालः २०५२ महिनाः पौस अंकः ९

फैसला मिति :२०५२/०९/२० १६८७

पूर्ण इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री सुरेन्द्रप्रसाद सिंह

माननीय न्यायाधीश श्री रुद्रबहादुर सिंह

माननीय न्यायाधीश श्री नरेन्द्रबहादुर न्यौपाने

फौ.पु.ई.नं. १२

मुद्दा : भ्रष्टाचार ।

पुनरावेदक/वादी : श्री ५ को सरकार (विशेष प्रहरी विभाग)

विरुद्ध

प्रत्यर्थी/प्रतिवादी : का.जि.का.न.पा. वडा नं. २९ ठमेल बस्ने दिलबहादुर लामा

ऐ ऐ बस्ने बसुन्धरा लामा ।

ऐ वडा नं. १० कोटेश्वर बस्ने चन्द्रप्रकाश देउजा ।

ऐ वडा नं. ९ बत्तिसपुतली बस्ने रोहिणी कुमार सिंह ।

जि. गोरखा थलाजोङ गा.वि.स. वडा नं. १ घर भै हाल का.जि. का.न.पा. वडा नं. ५ मालिगाउँ डेरा गरी बस्ने मणिराज गुरुङ ।

का.जि. बौद्ध तीनचुलिया बस्ने नाम्दुल के.सी. ।

ल.पु.जि. ल.पु.न.पा. वडा नं. ३ झम्सीखेल बस्ने राज बहादुर गुरुङ ।

ऐ वडा नं. १ कुपण्डोल कानदेवतास्थान बस्ने प्रकाशशंकर श्रेष्ठ ।

का.जि. का.न.पा. वडा नं. १६ नयाँ बजार बस्ने गोविनदमान प्रधान ।

भ.पु.जि. भ.पु.न.पा. लाकुलाछे टोल बस्ने विश्व बहादुर जोशी ।

का.जि. का.न.पा. वडा नं. ३२ बस्ने मान वहादुर श्रेष्ठ ।

ऐ ऐ वडा नं. २२ घर भई ६/१५२ पाको न्युरोड बस्ने रामकृष्ण मानन्धर ।

भ.पु. जि. भ.पु.न.पा. वडा नं. १५ घर भई हाल का.न.पा. ११ त्रिपुरेशवर बस्ने जगन्नाथ प्रधानाङ्ग ।

ल.पु.जि. ल.पु. न.पा. वडा नं. ४ जाउलाखेल बस्ने नर प्रसाद मुक्तान ।

धनुषा जिल्ला घर भई का.न.पा. वडा नं. ३३ मैतीदेवी डेरा गरी बस्ने बसन्त प्रसाद उपाध्याय ।

का.जि.का.न.पा. वडा नं. ३२ कालिका स्थान बस्ने कैलासध्वज खाँड ।

ऐ वडा नं. ११ बस्ने विनोद शाह ।

ऐ वडा नं. २९ ठमेल बस्ने सुशिल प्रधान ।

गोरखा जिल्ला तारानगर गा.पं. वडा नं. १ घर भई हाल का.जि. का.न.पा. वडा नं. १७ क्षेत्रपाटी बस्ने भोलाराज पाण्डे ।

का.जि. का.न.पा. वडा नं. २९ ठमेल बस्ने बाबुकाजी बज्राचार्य ।

ल.पु.जि. ल.पु.न.पा. वडा नं. ३ पुल्चोक बस्ने उमेश प्रसाद कर्माचार्य ।

का.जि.का.न.पा. वडा २० मरु इलाछे बस्ने हरि बहादुर प्रधान ।

ऐ वडा नं. ४ घर नं. २/५७१ बालुवाटार मा बस्ने अजित बहादुर खुलाल ।

ऐ वडा नं. २४ गुच्चाटोल बस्ने चन्द्र देव मानन्धर ।

ल.पु.जि. ल.पु.न.पा. वडा नं. ४ जाउलाखेल बस्ने मार्टिन लामा ।

ऐ वडा नं. ९ बस्ने रमेशमान जोशी ।

का.जि.का.न.पा. वडा नं. २९ ठमेल बस्ने सावित्री लामा ।

- **प्रस्तुत मुद्दामा मुख्य प्रश्न नै विशेष प्रहरी विभागबाट पुनरावेदन दायर भएकोमा मान्यता दिन मिल्ने हो होइन भन्ने रहेको छ । प्रस्तुत भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत पाटन ललितपुरबाट मिति २०४९।५।१४ मा भएको फैसला उपर ०४९।१०।८ मा विशेष प्रहरी अधिकृत विशेष प्रहरी विभागबाट पुनरावेदन दायर भई दर्ता भएको देखिन आउ"छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मिति २०४९।९।८ देखि लागू भएको र उक्त सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४(१) मा भएको व्यवस्था हेर्दा सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ वा २ मा लेखिएका मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिनेछ भन्ने व्यवस्था भएको र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २५ ले परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको अभियोगमा चलाइने सबै मुद्दाहरु सरकार वादी हुने भन्ने व्यवस्था भएबाट प्रस्तुत मुद्दा सरकार वादी हुने मुद्दा नै देखिएकोले प्रस्तुत मुद्दामा स.मु.स. ऐन, २०४९ को दफा २४(१) ले पुनरावेदन दिने काम कर्तव्य सरकारी वकीलको भएको देखिन्छ । तसर्थ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४(१) मा अनुसूची १ वा २ मा लेखिएको मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिनेछ भनेको र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २५ बमोजिम प्रस्तुत मुद्दा श्री ५ को सरकार वादी हुने**

**देखिएकोले प्रस्तुत मुद्दामा सरकारी वकीलले पुनरावेदन गर्नु पर्नेमा विशेष प्रहरी विभागबाट परेको पुनरावेदनबाट कारवाही गर्न नमिल्ने हुँदा पुनरावेदन खारेज हुने ।**

(प्रकरण नं. ६१)

पुनरावेदकवादी तर्फबाट : विद्वान वरिष्ठ सरकारी अधिवक्ता श्री बलराम के.सी.

विपक्षी प्रतिवादी तर्फबाट : विद्वान अधिवक्ता श्री लोकभक्त शमशेर ज.ब.रा.

अवलम्बित नजीर : x

फैसला

**प्र.न्या. सुरेन्द्रप्रसाद सिंह**: मेरो श्रीमान दिलबहादुर लामा प्रहरी महनिरीक्षक छँदा विभिन्न श्रोतबाट प्रहरी प्रधान कार्यालयमा आउने सो रकम राख्ने काम मैले गरी गएको थिएँ । पाई कम्पनीको १९८३ को कालो डायरी हेरें । उक्त डायरीको पाना पानामा मैले आफ्नो हस्ताक्षरबाट लेखेको हुँ । डायरीमा लेखिएका हिसाबहरु एकाउण्टेण्ट मणिराज गुरुङले ल्याई मलाई दिएका रकमको हिसाब र कहिले कहिले श्रीमान स्वयंले टिपाई बक्सेको हिसाबहरु लेखिएको हुन । कुन कुन श्रोतबाट प्राप्त गरिएका रकमहरु हुन जानकारी छैन । उल्लेखित हिसाबहरु पति दिलबहादुर लामाज्यूमा प्राप्त भएका रकम र खर्च गरिएको टिपोट कागजहरु हुन । नं. ४ को कागजमा लेखिएको हिसाब र नं. ६ मा १२५४६४८।–सम्म लेखिएको हस्ताक्षर मेरो श्रीमानको हो त्यो देखि मुनि लेखिएको अंक र.नं. ७ को कागजमा लेखिएका सबै हिसाब र.नं. ८ तथा नं. २ का पछाडीको अंकका हस्ताक्षर मेरा हुन सो नं. २ को अगाडि पट्टिको रु. १७९३०००।–को हिसाबको फाँटवारी लेखिएको अहं मणिराज गुरुङको हस्ताक्षर हो नं. १३ को पहेलो कागजमा लेखिएको रकमहरु विभिन्न ठेकेदार र मणिराज गुरुङले दिएका हुन माल सप्लाई गर्ने विभिनन ठकेदारबाट प्राप्त हुन आएको कमिशनको रकमहरु हुन सम्झनाको लागि टिपी राख भनी श्रीमानबाट मलाई टिपाउनु भए अनुसार मैले

टिपेको हो मणिराजलाई सबै थाहा छ । कमिशन बापतको भनी टिपी दिएको हो । सबै हिसाब हेरैं पेज नं. ५० मा जोड रकममा रु. २७,०३,६०१।–को रकम सोही पेजको पछाडि पट्टि र पेज नं. ५६ को पछाडी मूल हिसाब भनी लेखिएको समेत गरी ३ ठाउँमा लेखिन गएबाट उक्त रकमहरु २ कलम कट्टी हुनुपर्ने र यस्तै पेज नं. ५० को पछाडी पट्टि ०४१ फाल्गुण २२ गते गुरुङबाट खुकुरी र जुत्ताको भनी लेखिएको रु. १,५०,०००।–कट्टी हुनु पर्ने गरी जम्मा रु. ५५,५७,२०२।– कटाउँदा बाँकी हुन आउने रु. २,५९,९७,०९७।–देखिएकोमा पनि रु. ४०,००,०५६।–को रकम डायरीको पाना नं. ४० मा उल्लेख गरिएको हुनाले दोहोरो पर्न आएकोले उक्त रकम कट्टा गरी पाउँ आम्दानीको रकम खास रु. ४०,००,०५६।–नै हो । मुचुल्काको ४ नं. हिसाबमा अंकित रकम ठेकेदारहरुबाट दिइएका कमिसनका रकमहरु हुन । जोडको अंक रु. ९०,६७,६६९।–लेखिएकोमा रु. १२,५४,६४८।–को हिसाब के हो सम्झना भएन । बाँकी अरु लेखिएको हिसाब अंक उक्त पाई डायरीमा लेखिएको अंकहरुको हिसाबहरु हुन् । मुचुल्काको ७ नं. मा कागजमा लेखिएका अंकहरु सबै ठेकेदारहरुबाट प्राप्त भएका कमिशनका रकमहरु हुनु पर्दछ । मलाई श्रीमानले टिपाए अनुसार लेखिएको हो । श्रीमान विदेश जानु हुँदाका बखत विदेशी मुद्रा अमेरिकी डलर सटही गर्दाको खर्चको हिसाब टिपिएको हो । १७,९३,०००।–को रकम आम्दानी भएकै रकम मध्ये कै रकमको हिसाब हो । कुन स्रोतबाट प्राप्त भएको श्रीमानलाई थाहा छ । १,२६,९०,७२१।–को रकम पनि श्रीमानले प्राप्त गर्नुभएकै आयस्रोतको रकमहरुकै टिपोट गरिएको हिसाब हो । पहेंलो कागजमा लेखिएको अंक रकमहरु आम्दानी भएकै हो । योडायरीमा लेखिएको तथा प्राप्त टुक्रा कागजहरु समेतमा लेखिएको आम्दानीका रकमहरु मैले लिने नगरेको टिपोटसम्म मैले गरी दिने गरेको प्राप्त गरेका आम्दानीका सबै रकमहरु दिदी बसुन्धरा लामाले राख्ने र श्रीमान स्वयंले पनि राख्नु हुन्थ्यो । यसरी आएका रकमहरु सबै घरकै स्टीलको दराजमा राखिन्थ्यो । खरिद भएको सम्बन्धमा मलाई थाहा भएसम्म निम्न अनुसार छ । जग्गा खरिदमा करिब रु. ७०,००,०००।–घर बनाउँदा करिब रु. १५,००,०००।–कारखानाको निर्माण र

उत्पादन कार्यमा खर्च भएको रु. २५,००,०००।-जिप मोटर मोटर साईकल खरिदमा करिब १३,००,०००।-सुन र सुनका गहना खरिदमा रु. ३६,६३,०००।-र गहना २,५०,०००।-जति खर्च भएका छन् साथै सोही रकम मध्येबाट देवरको लागि रा.प.को चुनाव २९,००,०००।-जति खर्च भएको छ । घर खर्चमा पनि केही खर्च भएको छन । मैले थाहा पाएको रकम बरामद भएकै छ । अरु के कति जिन्सी र नगद छ मेरो श्रीमान र दिदीलाई बुझी पाउँ । यस बाहेक अरु आम्दानीका श्रोत मलाई थाहा छैन मेरो श्रीमानबाटै बुझी पाउँ रकमहरु राख्ने र खर्च गर्ने काम बसुन्धरा लामा तथा श्रीमान दिलबहादुर लामाबाट हुने गर्थ्यो । ५,०००।-नभई डलर हो भूलले डलरको चिन्हमा पौण्ड हुन गएको हो । सुनहरु मणि गुरुङ र राजेन्द्र ठकुरीले खरिद गरिएको हो मलाई खरिद गरेको ठाउँ थाहा छैन । लुकाउने काम परिवारकै सल्लाहबाट भएको हो परि आएको बेला काम लाग्ला भनेर । आफ्नो औकातको रकमभन्दा बढी रकमको पैसाबाट किनिएको हुँदा पक्राउ होला भनी लुकाएको हो । खरिद गरेको सुन के कति परिमाण थियो मलाई थाहा छैन २६ तोला वालाको टुक्रा थियो तर गन्ती एकीन साथ भन्न सक्दिन हिसाब सब ठिक छ । जोडकायम गर्ने समर्थन गर्दछु भन्ने समेत सावित्री लामाले प्रहरीमा गरेको बयान ।

२. ट्राफिक प्रहरीको नयाँ ड्रेसको व्यवस्थाको लागि आदेश भएपछि मैले आफ्नो बुद्धिले भ्याएसम्मको नयाँ ड्रेसको नमुनाहरु पेश गरेपछि हालको नयाँ व्यवस्था स्वीकृत भएको हो । लुगाफाटोको सम्बन्धमा ठेक्का सम्पूर्ण व्यवस्था विभागीय प्रक्रिया अनुरुप प्र.प्र.का. जिन्सी शाखाबाटै नै ट्राफिकमा प्राप्त भै सिलाउने कार्यहरु मेरो जिम्मा ट्राफिकमा प्राप्त भै सिलाउने कार्य हरु मेरो जिम्मा ट्राफिक प्रहरी कार्यालयमा नै गरेको हुँ । ठेक्का कोरियन कमपनी नाम थाहा भएन । एजेन्ट राजबहादुर गुरुङ हो कति कमिशन हुन्थ्यो त्यो प्रहरी प्रधान कार्यालयलाई नै प्राप्त भयो होला मलाई थाहा छैन । तर ठेकेदारले आफूले पाउने कमिशनको केही साँगा प्रहरी स्कुलको लागि बुझाउनु पर्ने थियो सो बापत बुझाएको हुनुपर्दछ । राजबहादुरसँग नगद रकम लिएको छैन। ठेकेदारको नाताले अन्य व्यापारीहरुसँग समेत राम्रो सम्बन्ध भएकोले मैले मेरो घर बनाउँदा आवश्यक

चिजबिज पुऱ्याउन अनुरोध गरेको थिए । मुल्यपछि हिसाब गरी दिनपर्नेमा दिएको छैन यदि त्यसैलाई रकम लिएको हुन्छ भने लिएको हुँ । कति हुन्छ त्यो थाहा छैन सामानको हकमा पानी मेशिन काठपात सिमेन्त तथा बाथरुपको सामानहरु लिएको हुँ । ट्राफिकको ईन्चार्जको हैसियतले कुनै रकम दिएको छैन ठे. राज बहादुर गुरुङले के को हो सम्झना छैन । रु. २०,०००।–एक पटक मसँग गई मेरो उपस्थितिमा दिलबहादुरलाई दिएको हो के बापत थाहा छैन । (राजबहादुरले) मलाई जिन्सी नै लिए पनि निजले नगदमा हिसाब गरी नगदै लिएको भनी भनेको हुनुपर्छ । म जिन्सी शाखामा रहँदा स्टेशनरी माल सामान खरिद बाहेक कुनै ठेक्का भएन त्यसबेला कमिशनको कुरासम्म चलेको थिएन । सवारी ल्याण्डरोभर खरीद भएको थियो । कुनै कमिशन प्राप्त भएन । लिष्ट सप्लाई ठे.राजबहादुर गुरुङले गरेको हुनुपर्दछ । कमिशन इत्यादिको बन्दोवस्त प्र.प्र.का. बाटै हुनुपर्छ । तय अनुसार रु. ५०,०००।–राजबहादुरले बुझाउनु पर्ने मलाई बुझाई देउ भनी नगदै दिएको पैसा मैले बुझाई दिएको हुँ रकम मैले भू.पु.प्र.म.नि. दिलबहादुर लामालाई टऋयाएको हुँ । दिलबहादुर लामा तथा जेठी श्रीमती माथी कारवाही भैसकेपछि म समेत माथी कारवाही होला मेरो घर खर्च चलाउन सजिलो हुन्छ राखिदिनु भनी श्रीमती सावित्री लामाले राख्न लगाउनु भएको रहेछ । म अनुसन्धानको सिलसिलामा महेन्द्र पुलिस क्लबमा भएकोले सो बारे थाहा भएन । एक्कासी खानतलासी भई बरामद हुँदा थाहा पाएँ उल्लेखित सामानहरु दिलबहादुर लामाकै भएको व्यहोरा अनुरोध गर्दछु । रु. ५,५९,०००।–नगद सुनको असर्फी थान २१ फाइन गोल्डनका लकेटहरु ३ थान नामदुल के.सी.को मुद्दती खाताको रसीद २ थान निता देउजाले ४०,०००।–बुझाएको सम्बन्धमा ठे.राजबहादुर गुरुङले प्रहरी महानिरीक्षकलाई दिनु भनी दिएको रकम हो उक्त रकम श्रीमती मार्फत पठाएको हुँ । सो रकम मालसमान सप्लाई गरेबापत नै हुनुपर्दछ । (दिलबहादुरले) म दिल्ली भ्रमण जाँदा मगाएको क्लक रोज (चिनीया) माटाका भाँडाहरु ल्याई दिए बापत लगेको ५,०००।–हो सो अन्यथा नभएको व्यहोरा अनुरोध गर्दछु । म ०३९ साल भाद्रमा ट्राफिक प्रहरीमा सरुवा भई त्यहाँ कार्य गर्दा पनि दिलबहादुर लामाले जिन्सी सामान ठेक्का सम्बन्धमा हेर्नु भन्ने आदेशानुसार ठेकेदारहरुलाई मिलाई बडी

से बढी स्कुल बनाउँदा चन्दा संकलन गर्न प्रयत्नशील रहेको सिलसिलामा ठे.राजबहादुर गुरुङसँग् विभिन्न जिन्सी सामानहरुको ठेक्काको लागि दिलबहादुर लामासँग परिचय गराएको हुँ । निजहरु दुई मिली विभिन्न सामानहरु प्रत्येकमा के कति चन्दा दिने विषयमा सम्झौता भएको थियो । सो थाहा छैन ठे.राजबहादुर गुरुङले आ.ब. ०३९/०४० मा धेरै सामानहरुको ठेक्का प्राप्त गरेको हो सो बापत निज ठे.ले केही रकम सोझै र केही रकम पटक पटक गरी म मार्फत बुझाई दिनु भनी दिन्थे र मैले स्वयं दिलबहादुरलाई बुझाई दिन्थे धेरै समय भएकोले यति नै भनी किटान गर्न असमर्थ छु । मेरो विश्वासमा करिब १२ लाख देखि १५ लाख रु. नगद बुझाएको हुनुपर्दछ । निज बाहेक अन्य ठेकेदारसँग मेरो सम्पर्क नभएकोले केही भन्न सक्दिन । तर अन्य ठेकेदारहरुले समेत चन्दा स्वरुप रकम नगद बुझाएकै हुनुपर्दछ । दिलबहादुर लामाले मलाई पुरस्कार स्वरुप कुनै रकम दिएको छैन । नेपाल प्रहरीमा कोरियन सामानको प्रचलन सर्वप्रथम ठे.राजबहादुर गुरुङलाई ठेक्का दिई दिलबहादुर लामाले गरेको हो । उक्त कोरिएन पाटीको अन्य पार्टीहरुबाट प्राप्त कोटेशन भन्दा कम मोलको र बढी चन्दा दिने भएकोले दिलबहादुर लामाले नै लिन लगाएको हो को कस्को हो सो मलाई थाहा छैन । नम्बर प्लेट बनाउने बन्दोवस्त गर्न दिलबहादुरले मौखिक अर्डर दिएको थियो ठे.गुरुङ र म सँगै दिलबहादुर लामालाई भेट्न जाने हुँदा भूल परेको हो रु. २०,०००।-ठेक्का बापतकै चन्दा भनी बुझाई दिनु भनी ठे.राजबहादुर गुरुङले दिएको हुँदा मैले दिलबहादुर लामालाई बुझाई दिएको हुँ । ल्याण्डरोभर गाडी ब्रिटीस कम्पनीबाट एल.सी. खोली झिकाइएको हो मैले कमिशनको कुरा गरिन सोझै भएको हुनुपर्दछ । ठे.राजबहादुरले विभिन्न जिन्सी सामानको ठेक्का दिएको सो रकम १२ देखि १५ लाख हुनुपर्छ । ठे.बाट मैले घर बनाउँदा मलाई गाह्रो परेकोले रु. ६०,०००।-दिएको नगद लिएको छु । ठे. राजबहादुर गुरुङले ४/५ पटक मलाई बुझाई दिनु भनेको रकम मैले नगदै दिलबहादुर लामालाई क्वाटरमा बुझाएकी छु । मैले लत्ता कपडाको ठेक्का काम गरेको छैन ठे.लाई चन्दा बापत ट्राफिकको कपडासम्म यथासक्य सहयोग गर्न भनी दिएको हुँ । निजहरुबाट पैसा लिई दिलबहादुरलाई आफ्नो हातबाट दिएको छैन स्कुल चन्दाबाट बनी रहेको

सुनेको हुँ र चन्दा प्र.प्र.का.बाट सङ्कलन भएको हो दिलबहादुर लामालाई पैसा लगिदिएको भन्ने प्रश्न छ । त्यस सम्बन्धमा पैसा वाहाँकै आदेशानुसार लगिदिएको हो । प्रहरी अधिकृतको हैसियतले त्यसरी रकम लगि दिनु नहुने हो तापनि यदि आदेश नमानेको भए त्यतिबेला प्रहरी नियम अनुसार कडा अपराधमा कारवाही हुने निश्चित भएकोले बाध्य भई आदेशको पालना गरेको हुँ भन्ने समेत चन्द्रप्रकाश देउजा प्रहरीमा गरेको बयान ।

३. २०३८ सालदेखि २०४३ सालसम्म प्र.प्र.का. मा कार्यरत थिएँ सो अवधिमा कानुन शाखामा थिएँ २०४० सालदेखि सामान शाखामा कार्यरत थिए । जिन्सी शाखामा रहँदा विभिन्न अञ्चलहरुको माग अनुसार सामान खरिदको लागि विभागीय प्रमुखको आदेशानुसार टेण्डर र कोटेशन माग गर्ने स्वीकृत पार्टीबाट सामान मगाउन प्रक्रिया अपनाउने र सामानहरु आइसकेपछि भण्डार शाखामा दाखिल गराउने र प्रहरी इकाईको माग अनुसार सामान पठाई दिने भनी भण्डार शाखालाई आदेश दिनेकाम गरियो । स्वीकृत टेण्डरदाताहरुसँग प्रहरी स्कुल निर्माण लागि डोनेशन लिनु भन्ने विभागीय प्रमुखले मौखिक निर्देशानुसार कुन टेण्डरवालाले सोप्रहरी स्कुलको लागि के कति रकम डोनेशन लिनु भन्ने विभागीय प्रमुखले मौखिक निर्देशानुसार कुन टेण्डरवालाले सो प्रहरी स्कुलको लागि के कति रकम डोनेशन दिने हो स्वेच्छाले सोधी त्यसको प्रतिशत र अंक खुलाई विभागीय प्रमुखमा जाहेर गरिथ्यो डोनेशन दाता मध्ये कसैले बैंककमा जम्मा गरी भौचर नगदीमा पेश गर्दथ्यो भने कसैले नगद नै दिने गर्दथे । स्वीकृत टेण्डरदाताहरुले स्कुलको लागि दिने डोनेशन रकम बारे चन्द्रप्रकाश देउजालाई थाहा होला मैले डोनेशन उठाई प्रहरी महानिरीक्षकलाई बुझाएको र भउचरबाट जम्मा भएको डोनेशनको रकम मैले जाने सम्म नगदमा लगभग एक करोड पच्चीस लाख तत्कालीन आई.जी.पी. दिलबहादुर लामालाई दिएको हुँ । यस प्रकारको रकम कुनै बेला कार्यालयको कोठामा र कुनै बेला निजको निवासस्थानमा नै बुझाउथे मेरो कार्यकालमा बैंक भाउचरबाट कति डोनेशन जम्मा भयो सो हाल मलाई सम्झना छैन । सप्लायर रमेश मान जोशी सबै भन्दा ठूलो डोनर हो । मलाई सम्झाना रहेसम्म यो पार्टी सभन्दा ठूलो अरु डोनर भए जस्तो लाग्दैन । निजले

पटक पटक गरी ६१ लाख ८८ हजार रकम दिएको हुन सक्तछ । मैले निजबाट नगदै बुझी तुरुन्तै दिलबहादुर लामालाई कार्यालयमा भएका बखत कार्यालय कोठामै र कार्यालयमा नभई क्वाटरमा गई बुझाउन गरेको थिएँ । मैले यस्तो रकम निजका परिवारको कसैलाई दिएको छैन । २०४२।४३ सालमा लत्ता कपडा बापत प्राप्त हुने डोनेशन रकम सोही दिन दिलबहादुरलाई बुझाउने गर्दथे । यसरी डोनेशनको रकम आई.जि.पी.दिलबहादुर लामालाई नबुझाए सम्म सम्बन्धित पार्टीको नाममा एल.सी. खोलिने काम र सामान खरिद गर्ने टिप्पणी दिलबहादुर लामाले सदर गर्नु हुन्थिएन । मैले कुनै पार्टीबाट कमिशन भनी रकम लिएको छैन विभागीय प्रमुख आई.जि.पि.को मौखिक आदेशानुसार डोनेशन उठाई आएको हो पार्टी रमेशमान जोशीको डोनेशनको रकम निकै ठूलो भएकोले मैले सो रकम पटक पटक गरी लामालाई दिएपछि मलाई पटक पटक बक्सीस दिएका थिए । सो रकम एकसाठी हजार थियो । सो रकम घर खर्च गरें । यस बाहेक अरु कुनै रकम कलम दिलबहादुर लामाले मलाई दिएका छैनन् । राजबहादुर गुरुङको दिलबहादुर लामासँग सोझै कारोबार लेनदेन हुन्थ्यो । एक पटक दिलबहादुरले तपाईलाई २० हजार देउ भनी भन्नु भएकोले यो रकम दिन आएको हुँ भनी मलाई एक पटक २० हजार दिएका थिए । त्यस बाहेक अरु कुनै लेनदेन राजबहादुरसँग मेरो भएको छैन । सो रकम बारे आई.जि.पि.मा जाहेर गर्दा ठिकै छ राख भनी भनेकाले मैले खर्च गरें। मैले २० हजार मात्र पाएको हुँ । राजबहादुर गुरुङले बढी रकम किन लेखाए तिनै जानून । अन्य सामान दिने पार्टीहरु निकै थिए । तर हाल मलाई नाम सम्झना छैन । कोटेशनमा सामान दिने व्यक्तिहरुको फेक्ट्री रेट ठेकेदारले राख्ने रेटको चार्ट लिई जसले बढी डोनेशन दिन्थ्यो । उक्त रकमको भिन्नतामा त्यसको रेट गोप्य राखी अन्य कोटेशन केही बढाएर राख्न लगाई कोटेशन लिने गरिन्थ्यो र यसरी बढी डोनेशन दिने पार्टीको कम मोल भएकोले सामान उसैको स्वीकृत हुन्थ्यो । उक्त भिन्नतामा डोनेशन यति दिनु पर्ने भनी पेश गरेको चार्ट हेरी तत्कालिन प्र.मा.नी.डि.वि. लामाको आदेश हुन्थ्यो र सोही कुरा ठेकेदारलाई मैले भन्थे र सोही अनुसार ठेकेदारबाट डोनेशन जम्म हुन्थ्यो पटक पटक दिल बहादुर लामाबाट ८१,०००।–हजार लिएको ४–५ लाख मलाई दिएको

भनी भनेको हकमा ८१ हजारदेखि बाहेक पटक पटक गरी ७० हजार रुपैयाँ दिनु भएको थियो । ४-५ लाख दिउको छैन । सोझै दिलबहादुर लामाले ठेकदारहरुसँग दिल गर्ने हुनाले मैले अन्य कुनै रकम पाएको छैन । मेरो कार्यकालमा रमेशमान जोशी प्रतिनिधि डाउड कम्पनी कोरिया तथा आर.बी. गुरुङ दुसान कम्पनी कोरियाले तत्कालिन दिलबहादुर लामाको आदेशानुसार फेक्ट्रि रेट कोटेशन भिन्नता डोनेशनको रुपमा ठेकेदारले जम्मा गर्दथ्यो । दिलबहादुर लामाबाट १,५१,०००।-बाहेक अरु कुनै रकम लिएको छैन । ठे.राजबहादुर गुरुङ र ठे.रमेशमान जोशी बाहेक अरु सप्लायर्समा ओभर विलिङ्ग भएको मलाई थाहा छैन । ०४१।४२ तथा २०४३ को लत्ता कपडा खरिदबाट दिलबहादुरको आदेशानुसार करिब सवा करोड जति स्कूलको डोनेशनमा उठेको छ । राजबहादुर गुरुङले दिएको उल्लेखित गरेको रु. बीस बाईस लाख भन्दा बढी रकम दिएको हुनुपर्छ । म जिन्सी शाखामा खटिए पछि ठेकेदारहरुबाट यस प्रकारको रकम स्कूल निर्माणको लागि उठाई आएको हो । सो रकम उठाउन लामाले मलाई बोलाई आदेश दिएको हुँदा मैले उठाउने गरेको हुँ । सो बाट उठेको रकम रु. एक करोड पच्चीस लाख मैले पटक पटक गरी रकम प्राप्त भए अनुसार नगद नै दिलबहादुर लामालाई बुझाएको हुँ । यसरी प्राप्त हुने रकम प्राप्त भए अनुसार मलाई दिनु भनी लामाले निर्देशन दिनु भएको हुँदा निजलाई नै बुझाई आएको र सो रकम पटक पटक गरी कार्यालय कोठामा दिएको हुँ मलाई सम्झाना रहेसम्म कोटेशन दिने ठेकेदारहरुमा राजबहादुर गुरुङ रमेशमान जोशी प्रकाश शंकर श्रेष्ठ विश्वबहादुर जोशी मानबहादुर श्रेष्ठ विरेन्द्र श्रेष्ठ नै प्रमुख हुन् अरुको नाम हाल सम्झना भएन । ओभर विलिङ्ग गर्ने काम मैले गरेको हैन । ओभरविलिङ्ग गरी सामान लिनु कानुन अपराध हो। तर यसरी मोल बढाई ठेकेदारहरुबाट डोनेशन लिने काम डि.वि. लामाले गरेको हो । डोनेशन नलिई टिप्पणी नउठाउने हुँदा यो नियमित अनियमित के हो भन्ने कुरा डि.वि. लामालाई थाहा हुनु पर्ने हो । मैले आदेशानुसारको लाय अह्राएको काम मात्र गरेको हो भन्ने समेत रोहिणी कुमार सिंहले प्रहरीमा गरेको बयान ।

४. दिलबहादुर लामा मेरो ज्वाई हुनुहुन्छ । छोरी बसुन्धरा र सावित्री उहाँलाई विवाह गरी दिएको हुँ । कान्छी छोरी सावित्रीसँग मिलेर नामदुल कार्पेट इण्डष्ट्रिज खोली उद्योग गरी आएको छु । ज्वाईलाई थुनामा राखेको जानकारी छ । ज्वाईको अवकास भएप्छि कारखाना खोल्नको लागि भनी ५-५ टेलको १० टुक्रा सुन पटक पटक गरी दिनु भएको थियो । सो सुन लोप्साङलाई बिक्री गर्न लगाई सो रकम कारखानामा लगाई ज्वाई थुनामा पर्नु भन्दा १५-२० दिन अघि (दिलबहादुरले) ५-५ टेलको ४० टुक्रा सुन लुकाई राख्न भनी दिनु भयो । सो सुन सबै आफ्नो घरमा राख्न डर लागेकोले भदै कसाङ सेर्पाको घरमा ५-५ टेलको १० टुक्रा सुन राख्न दिएकोमा केसाङले पनि उस्को साथी छिरिङ छोमा सेर्पाको घरमा राख्न दिएकी छिन् । अरु ५-५ टेलको १५ टुक्रा सुन मेरो भाइ बुहारी फुर्पु डोमा लामाको स्वयम्भुको घरमा राख्न दिएकोमा फुर्पु डोमाले ५-५ टेलको ४ टुक्रा सुन बिक्री गरी आएको रकम मेरो जेठी छोरी बसुन्धरा लामालाई दिएको थियो । अरु ५-५ टेलको १५ बटा सुनको टुक्रा मेरो बौद्ध तिनचुलेको घरमा छ । ज्वाई पक्राउ भए पछि मैले चन्द्र प्रकाश देउजालाई पाँचलाख नगद र २१ वटा असर्फी समेत राख्न दिएको छु अरुलाई लुकाउन दिएको छैन । खान तलासी हुँदा सुन र नगद अन्यत्र राखेको कुरा खोल्दा केही होला भन्ने डरले नबताएको हुँ । खान तलासी गरी लगेकोबाट अब सुरक्षित होला भनी केही सुन आफ्नो घरमा ल्याई राखेको हुँ । घर बौद्ध तिन चुलेको दुबै छोरीको नाममा दर्ता गरी दिएको छु। जसमा एउटा घरपछि बनाएको हुँ । आफ्नो ईष्टमित्र र आमा सम्झी आउने हुनाले कसैबाट रकम मागेको छैन । र कसैले दिएका पनि छैन काम गरी दिएकोमा मेरो उपकारको गुण सम्झन्थे । भाइ बुहारीले ४ टुक्रा सुन बिक्री गरे भनी भने तापनि वास्तवमा बिक्री भएको रहेनछ । सो १५ टुक्रा ५-५ टेलको सुन मैले नै राख्न दिएको हुँ दिए अनुसार नै राखेका रहेछन् सो सुन बिक्री गरी जेठी छोरी बसुन्धरालाई पैसा दिए भनी भन्नु मेरा भ्रम भएछ । मेरो घरबाट बरामद भएको ३ तोलाको वाला घरमा काम गर्न मैते भन्ने बूढीको हो र अरु नगद मेरो घर बहालबाट प्राप्त भएको नगद हो । मुद्दति खाताको रकम मेरो पुरानो बचतको र

घर भाडा प्राप्त बचतको रकम हो । मुद्दति खाताको रकम ८।१० वर्ष देखि जम्मा गरी आएको रकम हो भन्न समेत नामडुल के.सी.ले प्रहरीमा गरेको बयान ।

५. म.प्र.प्र.का को नगदी शाखामा ०३९ साल असोज देखि कार्यरत छु । प्र.प्र.का. को नगदी कारोबार बैंक खाता संचालन गर्ने हर हिसाब राख्ने जस्ता कार्यहरु गरी आएको छु । दिलबहादुर लामाको पालामा श्री ५ को सरकारको साधारण बजेट संचालन गर्नुको अतिरिक्त प्रहरी स्कूल निर्माणका लागि विभिन्न प्रहरी कार्यालयहरु समाज सेवी महानुभावहरु र प्र.प्र.का.का जिन्सी शाखा मार्फत ठकेदारहरुबाट आउने सानो तिनो रकम जस्तै छपाई कार्यालयहरु अरु माल सामान क्ले.फा. एजेन्टबाट प्राप्त रकम र विटिङ रिटिङ तथा साँस्कृतिक कार्यक्रमबाट आउने रकमहरुको हिसाब मैले राखी नगद दिलबहादुरको आदेशानुसार उहाँका श्रीमती बसुन्धरा लामालाई बुझाई आउने गर्दथे यस्तो सानो तिनो हिसाब म बाहेक अरुले राख्दैनथियो । उपरोक्त सानोतिनो हिसाबको श्रोतबाट आउने रकम बाहेक माल सामान सप्लाई गर्ने ठेकेदारहरुबाट स्कूल निर्माणको लागि भनी उठाई आएका ठूला ठूला रकमहरु रोहिणीकुमार सिंहले ठेकेदारहरुबाट उठाई आफैं लगी लामालाई दिने गरी आउनु हुन्थ्यो । सानो तिनो हिसाबको रकम र निर्माणबाट प्राप्त हुने रकम १ नं. फाइलमा चढाउने र दिलबहादुर लामाबाट चढाई राख्नु भनी दिनु हुने रकम जतिको हिसाब २ नं. फाइलमा सरबाट प्राप्त रकम भनी चढाउने गर्दथे । सो रकमहरुको श्रोत भने के के थियो मलाई थाहा छैन । दिलबहादुर लामाले अन्य किसिमबाट पनि आर्थिक फाइदा उठाउनु भएको कुरा उल्लेख गर्दछु । सो कुरा मैले प्र.प्र.का मा पनि प्रतिवेदन दिएको छु । त्यसमा प्र.प्र.का बुझेमा पनि प्रष्ट हुनेछ । ०३९।०४२ साल सम्म विटिङ रिटिङको साँस्कृतिक कार्यक्रमबाट उठेको रु. १३,७८,८३३।८६ बसुन्धरा लामालाई खातामा आम्दानी नबाँधी सोझै दिलबहादुरलाई साँस्कृतिक कार्यक्रमको बुझाएको रु. ७,००,०००।-साँगा स्कूलको निर्माण खाताबाट खाता र व्यक्ति सम्बन्धित नभएको भनी लामाले लिनु भएको रकम रु. १३,३१,०७२।१२ सामान नल्याई बिल मात्र बनाई ककनी स्कूलको हिसाबमा राख्नु भनी बिल मात्र दिई राखेको रु. ७,०४,६३६।२० समेत जम्मा ४१,१४,५४०।१८ का रकमहरु १

र २ नं. फाइल देखिन बाहेकका रकमहरु हुन् मैले सञ्चालन गर्ने गरेको १ नं. फाइलमा अन्दाजी ८।९ लाख जतिको हिसाब चढेको थियो र २ नं. फाइलमा एकिन सम्झना छैन र करोडौं हिसाब हुनुपर्दछ । सो फाइलको म सँग भएको २ प्रति डि.वि. लामा ०४३ साल जेष्ठ १ गतेबाट विदा बस्नु हुने भएकोले ०४३ साल बैशाख मसान्तको बेलुका जेठी श्रीमती बसुन्धरा लामालाई क्वाटरमा लगी बुझाई दिएको हुँ । सो को अर्को कपी श्री लामा ज्यूसँगै क्वाटरमा नै रहन्थ्यो । अरु नियमित किसिमबाट प्राप्त गरे नगरेको मलाई थाहा छैन । एक पटक हजार र पाँचसयका उहाँहरुका नोट साट्ने विषयमा कुरा हुँदा केही रकमको सुन किनी राख्ने भन्ने कुरा भई मलाई सुन खोज्नुस् भनी अराउनु भएको थियो । बजारमा भाउ बुझी खबर गर्न जाँदा प्रति तोला रु. १० बढी भयो भनी भन्नु भएबाट सुन किनी ल्याउने कुरा मबाट भएन । सोही कुरा खबर गर्न जाँदा लामा र उहाँको श्रीमतीहरु वेड रुपमा बसी सुनका टुक्राहरु तह लगाउँदै हुनुहुन्थ्यो। मेरो अन्दाजमा १६।१६ तोलाका पिस करिब १०० टुक्रा जति हुनु पर्ने देखेको थिएँ । सो सुन कहाँबाट प्राप्त भएको हो थाहा भएन ।

६. २ नं. फाइल आई.जि.पि.को निवास स्थानमा बसी तयार गर्ने गरेको हो । डि.वि.ले अराए अनुसार कुनै कुनै बेला सावित्री लामासँग बसी हिसाब किताब गर्ने गरेको थिएँ । डि.वि. लामाले एउटा कलमले हिसाब मिलेन भनी भन्दा उहाँको श्रीमतीहरु सँग बसी सोधनी गर्दा रु. १७,९३,०००।-को हिसाब मैले गरी दिएको हुँ सो रकम कस्तो किसिमको हो मलाई थाहा भएन । डि.वि. लामाको पालामा लाए अह्राएको काम नगरे कडा अपराध लगाई कारवाही गर्छु भन्नु हुन्थ्यो त्यसैको डरले पनि जे जस्तो काम अराए पनि गर्नु नै पर्ने भएकोले सो लाए अराएको कार्य गर्दै आए । लामाको आँखा छली कुनै आर्थिक लाभ मैले गर्न सकेको कुनै पनि बाटो थिएन । किनभने टिप्पणी सदर चेकको भुक्तानीमा वहाँकै दस्तखत हुनुपथ्र्यो । फाइल १ र २ नं. को रकम स्कूल निर्माणको बहाना देखाई लिएको हुँदा मलाई एक मुष्ट दिने कुरा भएन समयको एकिन भएन उहाँको कार्याकाल भरी पटक पटक गरी अन्दाजी १ लाख जति पुरस्कारको रुपमा लिएको हो । सो रुपैयाँ मैले आफ्नो घर खर्चमा खर्च गरेको छु । १ र २ नं. फाइल

दिलबहादुरको आदेशानुसार खडा गरेको निजी फाइल हो डि.वि.लामाको मौखिक आदेशानुसार ठेकेदारहरुबाट लामाले भने अनुसारको रकम उठाई जम्मा पारी आई.जि.पि. निवासमा लगी बसुन्धरा लामालाई पटक पटक बुझाउनु पर्ने आदेश थियो । ठेकेदारहरुबाट प्राप्त रकम बैंक दाखिला गर्रिंदैनथ्यो । सो रकम पटक पटक गरी लामाको आदेशानुसार बुझाएको हुँ । सो बाहेक बैंक दाखिला गरी ठेकेदारहरुले भौचर दाखिला गर्न ल्याउँथे । यस्तो रकम समेत ठेकेदारहरुलाई फिर्ता दिन्छु भनी डि.वि. लामाले पटक पटक गरी रु. १३,३१,०७२।२२ बैंकबाट झिक्न लगाई आफूले मसँग लिनु भएको हो । डि.वि.ले बोलाएर अह्राएको हुँदा सो ठेकेदारहरुको रकम लिने र जम्मा गरी बुझाई दिने काम बाध्याता बस गरी आएको हुँ । एक दुई पटक आलटाल गर्दा कडा अपराधको अभियोग लगाई कारवाही गर्छु भनी डि.वि.लामाले भन्नु हुन्थ्यो त्यसैले लाए अराए अनुसार काम गरी आएको हुँ । ट्राफिकका श्री हिरण्य प्रकाशबाट रु. ४,००,०००।-गरी स्कूल निर्माणलाई भनी बुझी स्कूलको खातामा आम्दानी बाँधी आएको हो के बापतको रकम हो भन्ने कुरा मलाई जानकारी छैन भन्ने समेत मणीराज गुरुङको प्रहरीमा भएको बयान ।

७. मणी गुरुङवे मेरो श्रीमान्ले पनि मलाई रकम ल्याई राख्न दिने गरेको थियो । सो १ नं. र २ नं. फाइल राख्ने गरे नगरेको मलाई थाहा भएन । मणीराज गुरुङ मार्फत १६ तोलाको १८ टुक्रा र मेरो मामा पर्ने राजेन्द्र ठकुरीबाट १६ तोलाका २० टुक्रा जति खरिद भएको जस्तो लाग्छ । हाल एकिन सम्झना भएन निजहरुले कहाँबाट सुन खरिद गरे सो थाहा छैन । रकमको हिसाब बहिनी सावित्री लामा र श्रीमानलाई थाहा होला । आमा नामदुल के.सी.लाई १६ तोलाको १५ टुक्रा सुन राख्न दिएकोसम्म मलाई थाहा छ । त्यसपछि बहिनी सावित्री र श्रीमानले को कसलाई के कति सुन नगद चाँदी राख्न दिए मलाई थाहा छैन । मणिराज गुरुङले बेला बेलामा रकम ल्याई दिएको हो सो रकम मैले लिएर सामुहिक रुपमा खर्च गरेको हो । मैले निजी रुपमा लिएको छैन । मेरो श्रीमानले मणीले ल्याएको पैसा लिनु भने अनुसार लिएर राखेको हुँ भन्न समेत बसुन्धरा लामाले प्रहरीमा गरेको बयान ।

८. ०३९ साल देखि ०४३ साल बैशाखसम्म प्रहरी महानिरीक्षक पदमा बहाल छु । ३,०००।–३,५००।–सम्म तलब भत्ता महिनावारी हुन्थ्यो । तलब भत्ता बाहेक ठमेलको घरको भाडा बापत ८।१० हजार आउँछ । सरकारी निवासमा बस्दा ४ वर्ष जति जापानीलाई घर बहालमा दिएको थिए । वहाँले सम्झौता गरेको थिएन । ७ जना परिवार छौं । पढाई शुल्क र खान लाउन खर्च ४।५ हजार मासिक पर्दथ्यो । जिप १ लाखको,कार करिब २ लाख,मोटर साइकल १–६० हजार पर्ने र एउटा मोटर साइकल बहाल छँदा नै किनेको अन्य मोटर साइकल र जीप बहाल छुटेपछि किनेका भाइका चुनावमा २ वटा ल्याण्डलोभर किनेको थिएँ बेची सके । बहाल छँदा खानपीन रहनलहनका लागि मात्र २५,०००।–लाग्दथ्यो बैंक डिपोजिट तथा गाउँ घरमा लगानी छैन । श्रीमती सावित्री लामाका नाउँमा नेपाल बैंकमा १२।१३ हजार रुपैयाँ होला सासु नामदुक के.सी.को नाममा धेरै वर्ष अगाडि मुद्दती खाता खोलेको कति छ थाहा छैन । पैत्रिक सम्पत्तिका हकमा २०।३० मुरी धान आउने पातले खेत १५ मुरी धान आउने चामल भन्ने खेत १० मुरी आउने जलजले भन्ने खेत पचासे पाटा भन्ने १५–२० रोपनी गरगहनाको हकमा केही नभएको भाडा कुडाहरु पित्तल तामाका थिए अरु पैतृक सम्पत्ति केही नरहेको ठमेलको घर जग्गा बाहेक अरु सम्पत्ति केही खरिद गरेको छैन । गर गहना अं. २०।२५ तोलाको थियो होला म प्रहरी महानिरीक्षक भएदेखि हालसम्म नगदीको हकमा पटक पटक गरी किनेको सुन रु. ३६ लाखको गर गहना साढे दुई लाखको खरिद भएको होला । अचल सम्पत्ति खरिद गरेको मितिको सम्झना छैन । ठमेल शक्ति होटल छेउमा एक रोपनी जग्गा रु. २५ लाखमा मेरो नाममा खरिद गरेको ठमेलको पुरानो घरमा तला थप्न र पसल कवल झिक्ने काम गरेको अन्दाजी ५–७ लाख लागेको होला । धापासीमा बसुन्धरा लामाको नाममा ८ आना जग्गा बसुन्धरा लामाको नाममा किनेको अन्दाजी रु. ३ लाख ५० हजार जति कम्पाउण्ड बाल समेत गरी खर्च भएको । बौद्ध आरुवारीमा करिव ४ रोपनी १० आना जग्गा सावित्री लामाको नाममा अन्दाजी रु. ९० हजारमा खरिद भएको बौद्धको एक रोपनी जग्गामा बनेका बसुन्धरा लामा र सावित्री लामाको नाममा दर्ता रहेको घर जग्गा बनाउँदा सासु

नामदुललाई १ डेढ लाल र काठपात झ्याल ढोका समेत मद्दत गरेको हो । तिलिङटारमा सावित्री लामाका नाउँमा लिएको ५ रोपनी १० आना र सोमा बनेको घर समेत र टहरा समेत गरी अं. ४०,५० लाखमा बनेको । गोङ्गबुको जग्गा दिपान्जली छोरी र दिप्साको नाउँमा किनेको करिब ७ रोपनी १५ जग्गा र सो मा बनेको घर समेतको ५०,६० लाखमा बनेको र छोरो दिपक लामाको नाममा पटक पटक गरी अं. रु. १ लाखको खेतबारी नुवाकोट गेखुमा खरिद गरेको नगदी रकम मसँग छैन । परिवारको लालन पालन छोरा छोरीको खर्च समेत गरी अं. २५ हजार मासिक खर्च भएको छ । बढी खर्च ठेकेदारहरुबाट आएको कमिशनबाट खर्च हुन्थ्यो माथि उल्लेखित घर जग्गा त्यही रकमबाट खरिद गरिएको हो कमिशनको रकम रोहिणी कुमार सिं चन्द्र प्रकाश देउजा मणि गुरुङ मार्फत प्राप्त हुन्थ्यो कहीं ठेकेदारहरुले मलाई नै दिन्थे। सो रकमहरु मैले नै राख्तथे । को सँग कति प्रतिशत उठाउने सो कुरा रोहिणी कुमार सिंहलाई थाहा छ । टेण्डर फर्म दिने अवस्थामा नै को सँग के कति प्रतिशत लिने भन्ने कुरा रोहिणी कुमारले नै मिलाई ल्याउने गर्थे निजले यो चाही बढी दिने भन्दा बढी दिने व्यक्ति हो भने अनुसार बढी दिनेलाई नै दिने भन्ने टिप्पणीमा मैले निर्णय दिन्थे । ओभरविलिङ्ग भन्ने कुरा वास्तवमा मलाई थाहा नै थिएन । ओभरविलिङ्ग नभई बढी कमिशन दिने कुरा पनि नआउने कुन सामानमा ओभरविलिङ्ग भयो मलाई थाहा छैन । सबै रोहिणीकुमारले गर्थे म त्यसलाई समर्थन गर्थे प्रचलित मूल्य भन्दा बढी मोल कायम गरी सामान दिने ठेकेदारहरुमा रमेश, जोशी, गुरुङ, विरेन्द्र श्रेष्ठ, प्रकाश शंकर श्रेष्ठ हो । सानातिना सामान खरिद गर्दा कमिशन लिने गर्थे त्यसको हिसाब मणीले राख्तथे । यसरी प्राप्त गरेको रकम २ करोड, साँढे दुई करोड जति होला । हिसाब मणी र श्रीमती सावित्री लामाले राख्ने गर्दथे । मेरो श्रीमतीले राख्ने गरेको हिसाबको डायरी मेरो घर खान तलासी गर्दा लगी सकेको छ । मणीले राख्ने गर्ने १ र २ नं. को फाइल चाहीं उहीसँग छ । डायरी हेरे श्रीमती सावित्रीले लेख्ने गरेको हिसाब हो । आर.वि. गुरुङले क्वाटरमा कमिशनको रकम ल्याई दिन्थे । कतिपय ठेकेदारहरुको रोहिणी कुमार र मणि गुरुङ मार्फत रकम दिई पठाउँथे । रोहिणी र मणि गुरुङलाई ४-५ लाख दिएको हो । चन्द्र प्रकाश

देउजालाई दिएको छैन । रकम संकलन गर्ने काममा उनीहरु पनि संलग्न भएकोले दिएको हो । चन्द्रप्रकाशले उठाएको रकम आफू र आफ्नै श्रीमती निता मार्फत म कहाँ पठाउँथे म प्रहरी महानिरीक्षक पदमा रहँदा अन्य कुनै श्रोतबाट व्यक्तिगत लाभ उठाएको छैन । ठेकेदारहरुबाट आउने रकम र फण्डहरुमात्र हो । १ नं. फाइलमा कार्यालयको सामानहरु खरिद गरेको कमिशनहरु राख्ने र २ नं. फाइलमा ठेकेदारहरुबाट आउने रकमहरु राख्दथे । नामदुल कार्पेट इण्डष्ट्रिजमा तयारी माल कच्चा पदार्थ र तानहरुमा समेत गरी अं. २०,२५ लाखको हुनुपर्दछ एकिनन् भएन । चन्द्रप्रकाशको घरबाट निस्केको नगद र सुन श्रीमती सावित्री लामाले राखेको हुनुपर्दछ एकिनन् भएन । चन्द्र प्रकाशको घरबाट निस्केको नगद र सुन श्रीमती सावित्री लामाले राखेको हुनुपर्दछ । अरुहरुको घरबाट निस्केको सुन सासूलाई राख्न दिएको हो । सासुले अरुलाई राख्न दिएको हुन सक्तछ । आफ्नो आर्जन भन्दा बढी सम्पत्ति भएकोले राख्न दिएको हो । ३६ लाखको सुन मणी मार्फत खरीद भएको हो । सुन खरिद गर्दा पछि नाफा हुन्छ भन्ने मेरो घर परिवारको सल्लाहबाट किनेको हो भाइको चुनावको लागि २५ लाख जति र कार्पेट फ्याक्ट्रीको लागि कच्चामाल र तयारी मालमा रु. २० लाख जति छोरी दिपान्जलीको विवाहमा रु. ७ लाख जति बैंक औषधी उपचार गर्न जाँदा रु. १० लाख जति कालो डायरी अनुसारको फुटकर खर्च ६,६८,७८५।-जति मणी गुरुङबाट किनिएको सुन बरामद भएको हो । मेरो घरबाट निस्केको डायरीमा नै आउने रकमहरु जनाउने मूल हिसाबहरु राख्ने डायरी भएकोले सो डायरीमा लेखिएको अन्दाजीको हिसाबहरु मात्र हो त्यस बाहेकका अन्य चिटहरुमा लेखिएको हिसाबहरु श्रीमतीले हर हिसाब गरिएको चिट मात्र हो नं. ४ मा उल्लेखित चिटमा लेखिएको अंकहरु मैले टिपेको हो सो रकमहरु २ नं. फाइलमा जनाई मुल डायरीमा आम्दानी बाँधन लगाएको हुँ नं. १३ को चिटमा विरेन्द्र श्रेष्ठले गरेको हिसाब हो त्यसको रकम भनी २ नं. फाइलमा जनाई डायरीमा आम्दानी बाधन लगाएको हुँ । पाउण्ड र अमेरीकी डलर मसँग पहिला देखिनै रहेको मणी मार्फत आउने गरेको रकम कालो डायरीमा १ करोड १६ लाख रकम हो । १३,७८,८३३।८६ मणी मार्फत प्राप्त भएको हो । अस्पताल भवन निर्माणमा रु.

१७,६४,८१५।१२ को अन्तर पाए राशन,ठेकेदारसँग डाइरेक्ट मैले लिएको छैन । मणी मार्फत आएको हुन सक्तछ । ९,८६,७६९।१५ मणीले २ नं. फाइलमा चढाई दिएको रकम मध्यमा नै परेको रकम मैले प्राप्त गरेको हो । सो फिर्ता नगरेका रकम व्यहोर्न मञ्जुर छु । नारायण सिंहले ल्याएको रकम म्यादी प्रहरी सम्बन्धी भनी ल्याएको मैले प्राप्त गरेको हो । विरेन्द्र प्रहरी अस्पतालको लागि स्यानीटरी फिटिङको सामानमा एक लाख पचास हजार प्राप्त भएको हो सो सोहिणीकुमारले दिए जस्तो लाग्छ । १३,३१,०७२।१२ र ७,०४,६३६।-,१३,७८,८३३।-,७,००,०००।-८१,८२३।-९,८६,७६९।१५,१,२६,९००।-,१,५०,०००।-समेतका रकमहरु कालो डायरीमा परेको मध्ये कै रकमहरु हुन मणीले यस्तै रकम बुझाउन ल्याउँथ्यो । त्यसैले यो डायरीमा मिल्न नसकेको हो । यस्मा भिड्दैन भिडाउन सक्तिन । केही सुन मणीबाट राजेन्द्र ठकुरीबाट खरिद भएको हो कालो डायरीमा भएको रकमहरु मात्र हिसाब मान्दछु उक्त रकम मैले हिनामिना गरी मारेको हो । यस्मा कानुनले जो ठहर्छ भन्ने समेत प्रतिवादी दिलबहादुर लामाले प्रहरी समक्ष गरेको बयान ।

९. आर्मी पुलिसका विशेषतः कपडा लता र अन्य सामानहरु सप्लाई गर्ने काम मेरो पक्ष मार्फत हुने गर्दछ । दिलबहादुर लामाको पालामा पटक पटक टेण्डरबाट ट्राफिक युनिफर्म लत्ता कपडा आदि खरिद हुँदा प्रहरी फण्डलाई भनी मैले पटक पटक रकमहरु दिएको थिएँ हाल सम्झना भएसम्म २० देखि २२ लाख सम्म रकम मैले दिएको हुनुपर्छ शुरुमा चन्द्रप्रकाश देउजा मार्फत ३-४ पटक रोहिणी कुमार सिंहबाट ४-५ पटक स्वयं दिलबहादुर लामालाई वहाँकै हातमा दिएको हुँ नगद नै दिने गरेको थिएँ । प्रत्येक पटक आर्थिक व्यवस्था हेरी ७५ हजार देखिन दुई लाख सम्म बढीमा दिने गरेको हुँ । यस प्रकार दिएको रकम प्रहरी सामाजिक कार्यमा लगाइन्छ भनी लामाले भन्नु हुनु हुन्थ्यो एस.पि. रोहिणी विरामी पर्दा २५-३० हजार र चन्द्र प्रकाश देउजालाई घर बनाउँदा नपुग ६० हजार दिएको हुँ । अन्य घटना हाल सम्झना भएन। उल्लेखित रकम आई.जि.पि. निवासस्थानमा उहाँलाई दिएको हुँ भन्ने समेत राजबहादुर गुरुङले प्रहरीमा गरेको बयान ।

१०. दिलबहादुर लामाको कार्यकालमा ५ वटा भ्यान र पछि १७ वटा जिप र ३ वटा लाइट डिउटी ट्रक सप्लाई गरेको थिए । यस सप्लाईमा श्री गोविन्दप्रधानले कुरा गर्नेलाई मिलाई दिए बापत निजलाई पटक पटक गरी सम्झना भएसम्मको १४,५,०००।–कमिशन १७ वटा जिप र ३ वटा लाइट डिउटी ट्रक अडर पाएको बेला पुलिस स्कूलको लागि ३०,०००।–तोकिएको बैंकको खातामा जम्मा गरी दिएको थिएँ । २० गाडी काठमाडौं आई सकेपछि गाडीको रंग नमिलेको सम्बन्धि सिलसिलामा लामाले बोलाई ककनि स्कूलको लागि थप चन्दा चाहियो र पछि पनि व्यापारहरु हुन सक्ने आस्वासन दिनु भएकोले मैले थप रु. ८६,०००।–चन्दा स्वरुप निज लामाको हातमा दिएको हुँ । हेमन्त लामाले झिकाएको एउटा जिपमा दिलबहादुर लामाले यस्तो गरी एउटा गाडी वहाँको मान्छेलाई मिलाई दिनु भनी अनुरोध गरेकाले डिस्काउण्ट दिन पर्ला मूल्यमा कम्पनी सँग मिलाई दिएको थिएँ जसले गर्दा सो गाडी बजार भाउ भन्दा ३०,०००।–जति सस्तो पर्दछ । कुल जम्मा २,६१,०००।–हाम्रो फरम तर्फबाट दिएको हुँ । यस बाहेक अरु रकम कलम दिएको छैन भन्ने समेत प्रकाश शंकर श्रेष्ठले प्रहरीमा गरेको बयान ।

११. दिलबहादुर लामाले मलाई बोलाई कुन मोटर राम्रो छ भनी सोध्नु भयो मैले ईसूजु कम्पनीको राम्रो छ भनी पहिला ५ थान दोश्रा पटक ट्रक जिप समेत गरी २० थान मोटर म मार्फत खरिद भएको हो मोटर खरिद गरे बापत एजेन्ट प्रकाश शंकर श्रेष्ठले पहिला पटक रु. ४५ हजार दोश्रो ४० हजार र ६० गरी जम्मा रु. १,४५,०००।–नगद मलाई दिएको सो रकम ३ पटक गरी आई.जि.पि. निवास्थानमा लगी श्रीमती सावित्री लामालाई दिएको थिएँ । यसको केही दिनपछि दिलबहादुरले मलाई रु. ५०,०००।–हजार बक्सीस दिनु भएको थियो । यस बाहेक दिलबहादुर लामाले व्यक्तिगत एउटा ल्याण्लोभर जिप म मार्फत रु. १ लाख ४५ हजारमा किन्नु भएको थियो त्यस बाहेक अरु कुनै कारोवार भएको छैन । उक्त ल्याण्डलोभर गाडीको बा.अ.म. १७५४ हो । उक्त मोटर खरिद गरेको मिति मलाई सम्झना भएन भन्ने समेत गोविन्दमान प्रधानले प्रहरीमा गरेको बयान ।

१२. दिलबहादुर लामाको पालामा ४ पटक करारनामा गरी पटक पटक गरी जम्मा २४०९ जोर १६५,१७९ र १८९ मा बुझाएको छु । यो काम पाएकोमा प्रति वोटा रु. ५।–को हिसाबले सागाको स्कुललाई भनी उक्त रकम पटक पटक बिल भुक्तानी प्राप्त भएको समयमा नगदी शाखामा मणिराज र एक पटक प्र.मा.नि.कै हातमा सो रकम दिएको मिति थाहा छैन । उक्त रकम ३५-४० हजार डि.वि.लामा कै हातमा दिएको स्कूल चन्दा बापत भनी पटक पटक गरी जम्मा रु. १,२०,३९५।–बुझाएको हो भन्ने समेत मानबहादुर श्रेष्ठले प्रहरीमा गरेको बयान ।

१३. दिलबहादुर लामाको पालामा हाम्रो फर्मले मध्यस्थता गरी कोरिया,सिंगापुर,भारत र हङकङबाट सामान मगाई प्रहरी कार्यालयमा सप्लाई गरेको हो । त्यस री सप्लाई गर्दा दिइने कमिशन हामीले दिने नभई सो सप्लायरले नै दिने गर्दछ । सो अवधिमा रु. ६१,८८,०००।–कमिशन बापत दिई आएका छौं । सो रकम सप्लायरको मानिस काठमाडौंको आई नगद नै साविक प्रहरी उपरीक्षक रोहिणी कुमार सिंहलाई दिएको हो । आ.व. २०४०/४१ मा गरेको सप्लाईको कमिशन बैंक दाखिल गरेको थियो । त्यस बाहेक अरु कमशिनका रकम अर्थात् ५९ लाख ८० हजार जति नगदै नै एस.पि. रोहिणीकमार सिंह मार्फत बुझाएको हो यस बाहेक अरु कुनै रकम कसैलाई दिएको छैन । ३ करोडको सप्लाई हाम्रो फर्म मार्फत भएको थियो । टेण्डर लिन आउँदा रोहिणीकुमार सिंहले पनि रकम कमिशन चाहिन्छ स्कूलहरु बनाउनु छ । त्यसैले शुरुमा नै रेट मिलाएर ल्याउनुस भनी भन्ने गरेका र सप्लाएरको प्रतिनिधि राखी जसले बढी कमिशन दिन कबूल गर्‍यो उसको नै विधि पुर्‍याएर टेण्डर पुराउने गरेको हुँदा हाम्रो प्रिन्सिपल सप्लायरले शुरुमा नै सो कमिशन समेतलाई ल्याई दिई रेट उल्लेख गरेको हुँदा व्यापार गर्न सकेकोहो । कमिशनको रकमले गर्दा बजार भाउ भन्दा बढी थियो । तर पनि टेण्डर दाताहरुमा हाम्रो रेट न्यून भएकोले हामीले काम पाएको हो । अरु रकम कसैलाई दिएको छैन भन्ने समेत रमेशमान जोशीले प्रहरीमा गरेको बयान ।

१४. मेरो फर्मको नाम डि.एस.एन. इन्टर नेशनल कं.प्रा.लि. हो यस्ले फोर्ड कम्पनीको डिलर सिप लिएको छ । दिलबहादुर लामाको पालामा पहिला पटक १ थान ट्रक बिक्री गरेको थिएँ सो ट्रक बिक्री गर्दा प्रहरी कर्मचारीलाई मद्रासमा कमपनीको खर्चमा तालिम दिएको थिएँ र त्यसपछि ट्रक मिनिबस र भेन समेत ७ थान र पछि १० थान ट्रक र मिनिवस बिक्री गर्दा स्कूल निर्माणलाई चन्दा भनी १०,०००।-रा.बा. बैंक नक्साल शाखामा रु. २,००,०००।-दिलबहादुर लामालाई उहाँको क्वाटरमा गई नगद नै प्रहरी फण्डमा भनि दिएको छु । रोहिणी कुमारलाई रमाइलो मेलामा चिठ्ठा राख्न भनी निजले भन्नु भए मुताबिक एक थान स्कुटर दिएको थिए । मैले २,१०,०००।-र स्कुटर मात्र हो । अरुलाई दिएको छैन भन्ने समेत विश्वबहादुर जोशीले प्रहरीमा गरेको बयान ।

१५. दिलबहादुरको पालामा २००० जोर बुटको अर्डर पाएको थियो । सो सामान सप्लाई गर्दा प्रति जोर १० का दरले स्कूल निर्माणलाई भनी रकम भुक्तानी लिँदा कट्टा गरी लिन्थे १० प्रति जोरका दरले हुने रकमको बेग्लै चेक बनाई पछाडी दस्तखत गराई एकाउण्टेण्टले लिने गर्दथे । अरु सप्लाई गरेको छैन । अरुलाई रकम दिएको छैन । रु. २०,०००।-बीस हजार लिई आएको छु भन्ने समेत जगन्नाथ प्रधानाङ्गले प्रहरीमा गरेको बयान ।

१६. दिलबहादुर लामाको पालामा १ पटक मात्र कम्बल सप्लाई गर्ने काम पाएको थिएँ सो पनि क्यान्सील भयो । स्कूल निर्माणको निमित्त म बाट रु. १,५०,०००।-चन्दा स्वरुप डि.वि. लामाले लिएको र नाम चन्दा दातामा लेखिनेछ भन्ने आश्वासन दिएको थियो भन्ने समेत नरप्रसाद मोक्तानले प्रहरीमा गरेको बयान ।

१७. एक पटक दिलबहादुरको लागि बैंकको होटल खर्च बापतको रु. ५०००।-र एक पटक इन्टर पोलको बैठकमा (द.अमेरिका) जाँदा आउँदा तीन जवानको टिकट हाम्रो एअर लाईन्सबाट लिए बापत कमिशनको रु. २१,०००।- निज लामा कै हातमा निजको निवासस्थानमा दिएको हुँ । जम्मा रु. २६,०००।- बाहेक अरु लेनदेन मैले गरेको छैन भन्ने समेत मार्टिन लामाले प्रहरीमा गरेको बयान ।

१८. दिलबहादुर लामाको पालामा उनी कमिज कपडा टेरिकटन कपडा उनी ट्यूनिकको कपडाहरु सप्लाई गरेको थिएँ । सामान सप्लाई गरे बापत रोहिणी कुमार सिंहबाट प्रहरी स्कूल निर्माणको सहयोगको लागि चन्दा माग गरेको हुँदा निज मार्फत पहिलो पटक ४५,४५,०००।–दोश्रा पटक १,८०,०००।–तेश्रा पटक १,२०,०००।–चौथा पटक २,२६,०००।–बैंक मार्फत रु. २०,०००।–दिएको हुँ । चन्दा स्वरुप बैंक मार्फत दिन्छु भन्दा नगदै माग गरेको हुँदा रु. ५,७१,०००।–नगद दिएको हुँ । २० हजारको भौचर मणीराजलाई दिएको हुँ । अरु रकम नगदै रोहिणी कुमार सिंहलाई दिएको हुँ पाई नोट बुकको नं. १३ मा चढेको कागज मैले लेखेको हुँ । पहेंलो कागजमा लेखिएको हिसाबको विवरण दिलबहादुर लामाले उनी कमिज ऊनी कम्बल,खाकी टेरिकटन टेयर ग्यास सप्लाई गर्दा चन्दाको रकम भनी निजको आदेश बमोजिम बेग्ला बेग्लै खुलाएर लेख भनेबाट लेखि दिएको हो भन्ने समेत विरेन्द्र श्रेष्ठले प्रहरीमा गरेको बयान ।

१९. दिलबहादुर लामाको पालामा ४०,०००।–मिटर खाकी जिन कपडा १०,९६८ रातो व्यारेट क्याप ३००० निलो वेरेट क्याप कोरियन झुलको सामान सप्लाई गरेको अन्य सामानमा X-Ray Machine IPC Photo copy Machine IPC; PT Shoose ६००० १५,००० मिटर खाडी जिन कपडा भनी मैले यसै कार्यालयमा क्गउउथि गरेको हुँ र म सँग डोनेशन भनी यी सबै सामान सप्लाई बापत जम्मा एक लाख सात हार पटक पटक गरी नगद दिएको हुँ । त्यस बखत रुपैयाँ लिई रोहिणीकुमार सिंहको कोठामा जाने र रोहिणीले अ.स.ई. चुडा लामालाई बोलाएर ल्याएको डोनेशन रकम के कति छ भनी गन्न लगाई राख्ने गर्थे र सोही अनुसार मैले दिएको रकम एस.पि. रोहिणी कुमार सिंह कहाँ दिएको हुँ भन्ने समेत वसन्त उपाध्यायले प्रहरीमा गरेको बयान ।

२०. दिलबहादुर लामाको पालामा ०४२ साल तिर उनी कमिज कपडाको ८००० मिटर सप्लाई गरेको थिएँ र सो बापत प्रहरी रकुलको सहयोगको लागि भनी ६०,०००।–चन्दा दिएको थिएँ रकम जम्मा गर्ने खाता नं. खोज्न जाँदा रोहिणीकुमार सिंहले रकम लिएर आउनु भएको छ भनी सोद्धा छ भनी उत्तर दिंदा

त्यो रकम यहाँ छाडी जानुस पछि हामी आफैं जम्मा गरुँला भन्दा नगदै रोहिणीकुमार सिंहलाई दिएको हुँ भन्ने समेत कैलाशध्वज खाँडले प्रहरीमा गरेको बयान ।

२१. म श्री न्यू ओरियण्टल कलकत्ताको काठमाडौंमा काम गर्दछु र कलकत्ता पोर्टबाट नेपाल प्रहरीको क्लियरिङ र फर्वाडिङको काम गरेको छु । हाम्रो अफिस कलकत्तामा मात्र छ र म यहाँ सम्पर्क प्रतिनिधि मात्र हुँ कलकत्ता अफिसले पठाएको खबर अनुसार सन् १९८५ मा क्लियरिङ गरेको थियो र यस सालमा जम्मा रु. ६०,२१,६८८।–अस्पताल र स्कूल निर्माणको लागि चन्दा र सन् १९८६ सालमा १,९२,२२,६२३।–ने.रु. चन्दाको रुपमा नगदी रोहिणी सिंहलाई बुझाएको छ । जम्मा २,५२,४४३।११ छ भन्ने समेत विनोद शाहले प्रहरीमा गरेको बयान ।

२२. म र मेरो साथी लिविन्द्रमान शाक्य ग्रेहाउण्ड इलेक्ट्रोनिकसँग प्राविधिक काममा सम्बन्धित छौं । ०३८ साल देखि कोडान कं. को वायरलेस सेट नेपाल प्रहरीमा सप्लाई गरिएको हो । तर पछि डि.वि. लामाको पालामा आई कोडान सेटको सट्टा वा अरु नै सेटको खरिद गर्न लागेकोले लिविन्द्रमानले तोमबहादुर कार्की मार्फत भरत गुरुङसँग सम्पर्क राख्दा मैले डि.वि. लामालाई भनि दिएको छु । भेट्न जानु भनी भनेकाले लिविन्द्रमान डि.वि. लामा कहाँ सम्पर्क राख्न जाँदा कोडान सेट नै खरिद गरियो सो बापत भरत गुरुङलाई ९४,०००।–दिई आएको हो । डि.वि. लामाले अब उप्रान्त भरत गुरुङलाई फोन गराउनु पर्दैन भनी ६,००,०००।–(छ लाख) डि.वि. लामालाई उहाँकै क्वाटरमा पटक पटक बुझाई आएको हो । सो रकम बुझाए बापत कुनै निस्सा पाएको छैन । अरु कसैलाई यस बाहेक दिएको छैन भन्ने समेत रामकृष्ण मानन्धरले प्रहरीमा गरेको बयान ।

२३. दिलबहादुर लामाको पालामा स्टेशनरी सामान सप्लाई गरेको थिए २ लाख जतिको थियो । सो सामान सप्लाई गरे बापत स्कूलको लागि चन्दा भनी रु. ९०००।–हजार पटक पटक गरी नगदी शाखाका मणिराज गुरुङलाई दिएको हुँ

। सो बाहेक अन्य रकम कसैलाई दिएको छैन भन्ने समेत शुशिल प्रधानले प्रहरीमा गरेको बयान ।

२४. दिलबहादुर लामाको कार्यकालमा प्र.प्र.का. को लागि २ लाखको स्टेसनरी पटक पटक सप्लाई गरेको थिए । सामानको रकम भुक्तानी लिँदा मूल्याको १० प्रतिशतका दरले २०,०००।-बिस हजार पटक पटक गरी रोहिणीकुमार सिंहलाई दिएको हुँ स्कूल र हस्पिटल चन्दा चन्दा भनी दिएको हुँ । यस बाहेक अरु रकम छैन भन्ने समेत भोलाराज पाण्डेले प्रहरीमा गरेको बयान ।

२५. दिलबहादुरको कार्यकालमा मैले पटक पटक गरी करिब १,५०,०००।-को छपाई सम्बन्धी काम पाएको थिएँ । सो काम पाए बापत स्कूलको लागि चन्दा चाहिन्छ भनी माग गरेको हुँदा चन्दा बापत पटक पटक रु. १५,०००।-नगदै रोहिणीकुमार सिंहको हातमा दिएको थिएँ भन्ने समेत बाबुकाजी बज्राचार्यले प्रहरीमा गरेको बयान ।

२६. दिलबहादुर लामाको पालामा छपाई सम्बन्धी काम पाएको थिएँ पटक पटक गरी ५०००।-नगदै स्कूलको लागि चन्दा भनी चुडादेव लामालाई दिएको हुँ । सो बाहेक अरु रकम दिएको छैन भन्ने समेत उमेशप्रसाद कर्माचार्यले प्रहरीमा गरेको बयान ।

२७. प्र.प्र.का.लाई कन्डेन्समिल्क मात्र सप्लाई गरेको सम्झना छ । अरु सप्लाई गरेको थाहा छैन । प्रहरी फण्डलाई भनी ६२,५१५।२० दिएको छु । सो रकम मणिराज गुरुङलाई दिएको हो भन्ने समेत हरिबहादुर प्रधानले प्रहरीमा गरेको बयान ।

२८. दिलबहादुरको कार्यकालमा क्लीयरिङको काम गरेको थिएँ सो काम गरे बापत प्राप्त रकम मध्ये पटक पटक गरी स्कूल निर्माणलाई रु. १८,०००।-प्र.अ. रोहिणीकुमार सिंहलाई दिएको थिएँ। एक पटक कलकत्ताको पार्टी बैद्य अरगनाइजेशनले पत्र पठाउँदा नोक्सान परेकोले उक्त पार्टी काठमाडौं आउँदा निजबाट स्कूल निर्माण भनी ५०,०००।-दिएर रोहिणी कुमार सिंह मार्फत

बुझाएको हो । मेरो फर्मबाट जम्मा ६८,०००।–बुझाएको छ अरु छैन भन्ने समेत अजितबहादुर खुलालको प्रहरीमा गरेको बयान ।

२९. डि.वि. लामाको पालामा ०४०।४२ साल सम्म पटक पटक तेलको ठेक्का पाएँ । काम पाएबापत पटक पटक १५,०००।–रा.बा. बैंक प्रहरी फण्डमा जम्मा गरी दिएको ७ हजार नगद भण्डार शाखामा देवबहादुर हस्ते चन्दा बुझाएको छु । पटक पटक गरी ४० हजारको सामान भण्डार शाखामा बुझाएको हुँ भन्ने समेत चन्द देव मानन्धरले प्रहरीमा गरेको बयान ।

३०. दिलबहादुर लामा उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ६, ७(१) १०, १३, १४(क) १५ र १६ (ग) अन्तर्गत चन्द्रप्रकाश देउजा र रोहिणीकुमार सिंह उपर भ्र.नि. ऐन, २०१७ को दफा ४, ५, ६, ७(१) र १६(क) अन्तर्गत मणिराज गुरुङ उपर भ्र.नि. ऐन, २०१७ को ४, ६, ७(१) १३ र १६(क) अन्तर्गत बसुन्धरा लामा सावित्री लामा समेत २ उपर भ्र.नि. ऐन, २०१७ को दफा ८ र १६ (क) अन्तर्गत रामकृष्ण मानन्धर उपर भ्र.नि.ऐन, ०१६ को दफा ५, १० र १६ (क) अन्तर्गत गोविन्दमान प्रधान उपर भ्र.नि. ऐन, २०१७ को दफा ४, ८ र १६(क) अन्तर्गत नामदुल के.सी उपर भ्र.नि. ऐन, २०१७ को दफा १६ अन्तर्गत राजबहादुर गुरुङ, प्रकाश शंकर श्रेष्ठ, रमेशमान जोशी, विश्वबहादुर जोशी, जगन्नाथ प्रधानाङ्ग नरप्रसाद भुक्तान, विरेन्द्र श्रेष्ठ, बसन्तप्रसाद उपाध्याय, कैलाश ध्वज खाँड, विनोद शाह, शुशिल प्रधान, भोलाराज पाण्डे बाबुकाजी बज्राचार्य, उमेशप्रसाद कर्माचार्य, हरिबहादुर प्रधान, अजितबहादुर खुलाल चन्द्रदेव मानन्धर, मार्टिन लामा मानबहादुर श्रेष्ठ समेत १९ उपर भ्र.नि. ऐन, २०१७ को दफा ५ र १६ (क) अन्तर्गत कारवाही भै हदैसम्म सजाय हुन र दफा २९(१) अन्तर्गत र गैरकानुनी तरिकाले आम्दानी गरेको देखिएको जम्मा रु. ४,३५,२६,९०९।–प्रहरी प्रधान कार्यालयको विभिन्न मितिका पत्रहरु समेतबाट प्रहरी प्रधान कार्यालयको बजेट तथा फण्डमा दाखिल भएको र दाखिल हुनुपर्ने रकमहरु गैर काननुी तरिकाले आफू तथा आफ्ना श्रीमती समेतले लिनु खानु गरेको ५४,९८,८८४।३३ रामकृष्णबाट लिएको रु. ६,००,०००।–नरप्रसादबाट रु.

१,५०,०००।–राजबहादुरबाट श्रीमतीहरुलाई लिन लगाएको रु. १०,०००।– समेत जम्मा रु. ७,६०,०००।–सो मध्ये रामकृष्णबाट लिएको रु. ६,००,०००।–मध्ये ९७,५००।–मात्र डायरीमा आम्दानी देखाई अरु आम्दानी नै नदेखाई लिनु खानु गरे गराएको रु. ६,६२,५००।–कुल जम्मा बिगो रु. ४,९६,८८,२९३।–सो मध्ये विटिङ रिट्रटको रु. १३,७८,८८३।८६ राजबहादुरबाट बसुन्धराले लिएको रु. ५०००।–रोहिणीलाई दिएको रु. १,३१,०००।–मणीलाई दिएको रु. १,००,०००।–गोविन्दमानलाई दिएको रु. ५०००।–राजबहादुरबाट सावित्रीले बुझेको रु. ५०००।–समेत जम्मा रु. १६,२४,८३३।८६ कट्टा गर्दा बाँकी रहन आएको जम्मा बिगो रु. ४,८०,६३,४५९।४७ निज दिलबहादुर लामाबाट असुल उपर गर्नु पर्ने हुँदा दायरी र अन्य कागजातबाट गैरकानुनी तरिकाले आमदानी गरेको रु. ४,३२,९०,९०९।– रामकृष्ण र नरप्रसाद मोक्तानबाट प्राप्त गरेको आम्दानी नदेखाएको रु. ६,५२,५००।–समेत जम्मा बिगो रु. ४,३९,४३,४०९।–दिलबहादुर लामाबाट असुल उपर गरी जफत गरी श्री ५ को सरकारको सर्वसञ्चित कोषमा दाखिल हुन र बाँकी रु. ४१,२०,०५०।४७ प्रहरी प्रधान कार्यालयको विभिन्न शीर्षकमा जम्मा भएको र जम्मा गर्नु पर्ने रकम हुँदा रु. ४१,२०,०५०।४७ पनि दिलबहादुर लामाबाट उपर गरी प्र.प्र.का.लाई दिलाई भराई पाउँ । बसुन्धरा लामाले लिनु खानु गरेको विटिङ रिट्रिट कार्यक्रमको रु. १३,७८,८३३।८६ राजबहादुरबाट लिनु खानु गरेको रु. ५०००।–समेत जम्मा रु. १३,८३,८३३।८६ निज बसुन्धरा लामाबाट असुल उपर गरी सो मध्ये विटिङ रिट्रिटको रु. १३,७८,८३३।८६ प्रहरी प्र.का.लाई दिलाई भराई बाँकी रु. ५०००।–श्री ५ को सरकारको सर्वसञ्चित कोषमा दाखिल गरी पाउँ दिलबहादुर लामासँग लिएको रु. १,३१,०००।–राजबहादुरबाट लिएको रु. २०,०००।–समेत जम्मा १,५१,०००।–रोहिणीकुमार राजबहादुरबाट लिएको रु. ६०,०००।–र रु. ६०,०००।–बराबरको पानी मेसिन समेतको मालसामान गरी जम्मा रु. १,२०,०००।–चन्द्र प्रकाश देउजाबाट दिलबहादुर लामासँग लिएको १,००,०००।–मणिरज गुरुङबाट दिलबहादुर लामाबाटै लिएको रु. ५,०००।–

गोविन्द मानबाट राजबहादुर गुरुङसँग लिएको ५,०००।–सावित्री लामाबाट असुल उपर गरी जफत गरी सर्वसञ्चित कोषमा दाखिल गरी पाउँ साथै भ्र.नि. ऐन, २०१७ को दफा १६(ग) अन्तर्गत दिलबहादुर लामा चन्द्र प्रकाश देउजा, नामदुल के.सी. पेमा लामा, छिरिङ छोपो शेर्पा समेतको घर तथा डेराबाट बरामद भएको र नेमलालले लोप्साङ गुरुङ मार्फत दाखिल गरेको २०४४।६।२२।५ को जोखतौल मुचुल्कामा उल्लेख भएका सुन तथा सुनका गहनाहरु र रुपैयाँ समेत र प्रहरी नियमावलीको दफा ८.३ को विपरीत खरिद गरेको म.प्र.क्षे.का.को २०४४ ४।२६ को पत्र हाल रोक्का रहेका पत्रमा उल्लेखित जग्गाहरु तथा सो जग्गामा बनाइएका घरहरु र दिपान्जली लामा र दिपक लामाको नामको दर्ता भएको मोटर थान ३ मोटर साईकल थान २ दिपक कुमार लामा, दिलबहादुर लामा, बसुन्धरा लामा, सावित्री लामाको नाममा दर्ता भएका बन्दुकहरु थान ७ वटा र बन्दुकका गोलीहरु समेत जफत गरी लिलाम बिक्री जो जे गर्नु पर्छ गरी आएको रकम सर्वसञ्चित कोषमा दाखिल गरी पाउँ । चन्द्रप्रकाश, रोहिणी र मणिराज गुरुङ, गोविन्दमान प्रधान, बसुन्धरा लामा, सावित्री लामा, नामदुल के.सी. र ठेकेदारहरुलाई समेत भ्र.नि. ऐन, २०१७ को दफा १६(क) को प्रतिबन्धात्मक वाक्यांश अनुसार सजाय समेत हुन अनुरोध छ भन्ने समेत प्रहरी आरोपपत्र ।

२९. प्रहरीमा भएको बयानको जवाफमा हस्ताक्षरसम्म मेरै हुन विशेष प्रहरीमा अरुलाई कुटपिट गरेको देखेकोले डर, त्रासले प्रहरीले जे जसो भन्दछ सो अनुसार लेखि दिएको सम्म हुँ । म एपोलो इन्टरनेशनल फर्मको कर्मचारी मात्र हुँ प्रहरी फण्डलाई रकम दिने अधिकार मलाई छैन मैले दिएको पनि छैन । फर्मको भुक्तानी लिन प्रहरी प्रधान कार्यालयमा जाने सम्म गर्थे कानुनले लिन नहुने रकम फर्मको तर्फबाट प्रहरीलाई दिएकै नहुनाले आरोपित कसूरमा मलाई सजाय गरिनु पर्ने होइन भन्ने समेत हरिबहादुर प्रधानले अदालतमा गरेको बयान ।

३०. प्रहरीमा भएको बयानको जवाफको हस्ताक्षरसम्म मेरा हुन मलाई प्रहरीहरुले डर त्रास देखाई यो यति लेख भनेबाट लेखि सम्म दिएको हुँ । प्रहरी प्रधान कार्यालयको लागि मैले स्टेशनरी सामान सप्लाई गरेको सम्म हुँ । २

लाखको सामान सप्लाई गरेको होईन । सामान शाखामा इन्चार्ज रोहिणी कुमारलाई १० प्रतिशतले हुने रु. बिस हजार दिएको होइन । म त्यति चन्दा दिन सक्ने पनि थिइन मैले प्रहरी कार्यालयमा जे जति सामान दिएँ त्यसको कमिशन पनि मैले कसैलाई दिएको छैन । तसर्थ मैले आरोपित कसूरमा सजाय पाउनु पर्ने होइन भन्ने समेत भोलाराज पाण्डले अदालतमा गरेको बयान ।

३१. प्रहरीमा गरेको बयानको जवाफमा हस्ताक्षरसम्म मेरै हो । मैले प्रहरी प्रधान कार्यालयमा छपाई सम्बन्धी काम गरे बापत पाउने रकम लिन जाँदा स्कूललाई चन्दा चाहिन्छ भनी चुडादेवले भनेबाट २ पटक गरी ५,०००।–लिए भर्पाई माग्दा दिएनन् स्कूललाई चन्दा सम्म दिएको हुँ । कर्मचारीसँग मिली दुरुत्साहन गरी सो रकम मैले दिएको नभै आफू इच्छाले दिएको हुँदा आरोपित कसूरमा सजाय पाउनु पर्ने होइन भन्ने समेत उमेशप्रसाद कर्माचार्यले अदालतमा गरेको बयान ।

३२. वि.प्र.वि. मा गरेको बयानमा जवाफका हस्ताक्षरहरु सबै मेरा हुन् मलाई ४ दिनसम्म पुलिस क्लबमा राखी १ रात हनुमान ढोकामा थुनामा राखी दिलबहादुर लामाले बनाएको स्कूल अस्पताललाई चन्दा दिएको हुँ भनी लेखिदेउ तिमीलाई तारेखमा पनि बस्नु पर्दैन हामी छाडी दिन्छौं । लेखि नदिएसम्म थुनामा राख्छौं भनेबाट प्रहरीले भने अनुसार मैले लेखि दिएको सम्म हुँ । प्रहरी प्रधान कार्यालयको लागि मैले पटक पटक गरी ट्रक, मिनी बस, क्रेन गाडी, कोटेशनद्वारा सप्लाई गरेको थिए । सो बेला स्कूलको लागि चन्दा भनी करिब दश हजार बैंकमा जम्मा गरेको थिएँ । रोहिणीकुमारले भने मुताविक श्री ५ मुमा बडामहारानी सरकारको शुभजन्मोत्सवको मेलाको लागि भनी १९,५००।–जतिको स्कुटर खरिद गरी दिएको सम्म हुँ । दिलबहादुर लामालाई रु. २,००,०००।–दिएको होइन । अरु कसैलाई केही रकम दिएको छैन । दिलबहादुर लामाले किन त्यस्तो लेखाउनु भयो वहाँले नै जान्नुहोला । पाई डायरीको पेज नं. ५० मा लेखिएको सम्बन्धमा मलाई थाहा छैन । प्रहरी प्रधान कार्यालयको लागि बस र ट्रक गरी १८ थान मात्र सप्लाई गरेको हुँ । सो गरे बापत दिलबहादुर लामालाई रु. ३,१०,०००।–

दिएको छैन मैले कमिशन बापत नगद नदिएको र दुरुत्साहन र मिलोमतो नभएबाट आरोपित कसुरमा मैले सजाय पाउनु पर्ने होइन । दश हजारको भौचर बाहेक रोहिणीकुमारलाई दिएको छैन । किन त्यस्तो लेखे उनै जानुन् भन्ने समेत विश्वबहादुर जोशीले अदालतमा गरेको बयान ।

३३. प्रहरीमा भएको बयान सुने जवाफको हस्ताक्षर मेरा हुन् प्रहरीले डायरीमा लेखेको हिसाब मिलाउन पर्‍यो भनी चन्दा दिनु कुनै अपराध होइन भन्ने प्रलोभन थुनामा राख्ने डर त्रास देखाई यो यति लेख्नुपर्छ भनी भनेबाट प्रहरीले जे भन्छन् मैले सोही कुराको जवाफ लेखी दिएको हुँ । प्रहरी प्रधान कार्यालयको टेण्डर बमोजिम उनी कम्बल समेतका समान मैले सप्लाई गरेको हुँ । पाँच लाख एकहत्तर हजार चन्दा भनी रोहिणीकुमार सिंहलाई दिएको होइन । तत्कालिन प्र.मा.नि. दिलबहादुर लामाले मलाई बोलाई प्रहरी स्कूल तथा अन्य कल्याणकारी काम गर्न लागेको छु भनी चन्दा माग गर्नु भएको थियो । मैले नक्साल वाणिज्य बैंक स्थित स्कूलको खातामा रु. २०,०००।-चन्दा जम्मा गरी मणिराज गुरुङलाई जानकारी गराएको थिएँ पछि दिलबहादुर लामाले मलाई बोलाई तपाईको चन्दा ज्यादै कम भयो भन्नुभयो मैले त्यो भन्दा बढी दिन सक्तिन भने त्यसपछि वहाँले यी खेश्रा साफी गर्नुहोस् भनी कागज दिनु भयो आई.जि.पि. जस्तो मानिसले भनेकोले साफी गरी वहाँलाई छाडी म फर्के । पछि फेरि मलाई बोलाई थप चन्दा माग गर्नु भयो । हामीले बढी चन्दा दिन सक्तैनौ बरु विदेशी कम्पनीलाई अनुरोध गरेमा पाउन सकिए ला भनी सुझाव दिएको थिएँ । बेलायतको हिल्द ब्रदर्श लिं लाई प्र.प्र.का.बाट सम्पर्क भएछ कम्पनीबाट मेरो ठेगानामा अं. ३०० जातको बेलायती पाउण्डका ड्राफ्ट प्राप्त भयो सो ड्राफ्टको रकम प्र.प्र.का. को ने.बैं.लि. मा रहेको खातामा जम्मा गरेको थिएँ । पछि अल्का मेलामा राख्न भनी प्रहरी महिलाहरुको अनुरोधमा स्रिङ्गर सोइङ मिसिन २ र पंखा १ थानसम्म थप चन्दा दिएको हुँ । देखाइएको पहेंलो रंगको कागजमा लेखिएका अंक अक्षर मेरा हुन आई.जि.पि.ज्यूले भने बमोजिम साफी गरेको कागज यही हो । सो कागजमा लेखिए अनुसारको प्रतिशतमा चन्दा दिएको छैन । उक्त कागजमा उल्लेख भएको सामान सप्लाई गर्न कम्पनीले अर्डर पनि पाएको छैन । मैले सो भन्दा बढी चन्दा दिएको छैन पाई

डायरीमा मेरा नाम कस्ले किन उल्लेख गरे मलाई थाहा छैन । मैले कुनै अपराध जन्य काम गरेको छैन चन्दा दिन अपराध नमानीले हुनाले प्रहरी प्रतिवेदन दावी अनुसार मैले सजाय पाउनु पर्ने होइन भन्न समेत वीरेन्द्र श्रेष्ठले अदालतमा गरेको बयान ।

३४. प्रहरीमा भएको बयानको जवाफको हस्ताक्षरसम्म मेरो हो व्यहोराको हकमा समय समयमा खान नदिई यातना दिई उनीहरुले भनेको कुरा स्वीकार नगरेमा थुनामा राख्ने समेत धम्की दिएबाट कर बलले उनीहरुले भने बमोजिमकोजवाफ लेखि दिएको हुँ । मेरो स्टाफले प्रहरी स्कूलको लागि भनी रु. ३०,०००।-चन्दा स्वरुप राखी दिएको हो सो बाहेक अरु कुनै रकम गोविन्दप्रधान तथा दिलबहादुर लामालाई चन्दा दिएको छैन । अदालतबाट देखाइएको कालो १९८३ को पाई डायरीको पेज नं. ५० को पछाडी उल्लेख भएको प्रकाश श्रेष्ठ ८६,०००।-भन्ने लेखेको देखियो । मेरो पुरा नाम प्रकाश शंकर श्रेष्ठ हो सो डायरीमा लेखिएको प्रकाश श्रेष्ठ भन्ने अरु नै हुन सक्छ । साथै उक्त पेजमा गोविन्द १,४५,०००।-भन्ने लेखिएको पनि कस्ले लेखे के कारोबार हो मलाई थाहा छैन । प्र.प्र. कार्यालयको लागि मैले तयारी मोटर सप्लाई गरेको थिएँ । सो गाडीहरु बढी मोल राखी दिएको छैन । रोहिणीकुमार सिंहले किन तयस्तो बयान गरे मलाई थाहा छैन । मैले कुनै कसूर नगरेको हुनाले आरोपित कसूरमा सजाय पाउनु पर्ने होइन भन्ने समेत प्रकाश शंकर श्रेष्ठले अदालतमा गरेको बयान ।

३५. प्रहरीमा भएको बयान मेरो राजीखुशीबाट भएको हो । म न्यू ओरियन्टल क्लीयरिङ र फर्वादिङको सम्पर्क प्रतिनिधि हुँ । मलाई एक दिन प्रहरीले बोलाउन पठाएबाट म पुलिस क्लबमा गएँ । त्यहाँ अधिकृत श्री केशव उपाध्याय हुनुहुँदो रहेछ । वहाँले प्रहरी प्रधान कार्यालयलाई कति चन्दा दिनु भएको छ भनी सोध्नु भयो । मलाई यस बारे कुनै जानकारी छैन । मैले चन्दा पनि दिएको छैन भने खातामा तिम्रो कम्पनीले चन्दा दिएको देखिन्छ भनेबाट त्यसो भए ठीक छ म कम्पनीलाई सोधनी गर्छु भनी घर फर्के र कम्पनीलाई

कलकत्ताबाट टं«क गर्दा अ.एकाउन्टेण्ट पि.एन. गंगुलीले टिपाए अनुसार एक पटक ६०,२१६।८८ अर्को पटक १,९२,२२६।२३ समेत जम्मा रु. २५२,४४३।११ नेपालमा दान खर्च भएको देखिन्छ । साहुजी आएपछि हिसाब चढाउने छु भनी जवाफ दिएबाट सोही व्यहोरा मैले प्रहरीमा जवाफ लेखि दिएको हुँ पछि साहुजीले दान खर्च यस प्रकार छ भनी टिपाउनु भयो । सन् १९८५ को श्री पशुपतिनाथको पुजा ५,२१२।८८ दक्षिणा वैद्य ४०४।-स्कूल निर्माण ५१,०००।-सन. १९८६ को स्कूल चन्दा ३०,०००।-कम्बल १५१ शिवरात्री दान ५१,२२२।२३ पुजा ५०० भट्ट दक्षिणा ४ के ४००४।-भण्डार साधु महात्मा २१,०००।-हनुमान गीतामन्दीर पूजा दान १०,०००।-टिकाखेल पुलिस ५००।-स्कूल ५१,०००।- मनकामना पूजा खर्च दक्षिणकाली पुजा ईत्यादि ३०००।-भुक्तिनाथ जाने २१ साधुको लागि दक्षिणा २१,०००।-समेत २ सालको जम्मा २,५२,४४३।११ साहुजीले टिपाएको हो मैले प्रहरी प्रधान कार्यालयलाई कुनै रकम चन्दा दिएको थिइँन । प्रहरी प्रधान कार्यालयको चार्टमा मेरो नाम उल्लेख भएको भए पनि म वास्तविक ठेकदार होइन ठेकदारमा मेरो नाम किन उल्लेख गरे थाहा छैन । दिलबहादुर लामा रोहिणीकुमारको बयान सुने मैले कुनै रकम दिएको छैन भ्रष्टाचारपूर्ण काम गरेको छैन । आरोपित कसूरमा सजाय पाउनु पर्ने होइन भन्ने समेत विनोद शाहले अदालतमा गरेको बयान ।

३६. प्रहरी समक्ष भएको बयान मेरो राजीखुशीबाट भएको होइन । मलाई डरत्रास देखाई गराएका हुन् । मलाई मेरो ज्वाई दिलबहादुर लामाले सुन राख्न दिएको थिएन । मेरा आफ्नो ४० टुक्रा ५-५ टेलको सुन थियो मेरो भन्दै नाताकी केसाङ व्यापार गर्नु भनी १० टुक्रा सुन बिक्री गर्न दिएकी हुँ । हामी थुनामा परेपछि डरले उक्त बिक्री गर्न दिएको सुन छिरिङ डुपालाई राख्न दिएको हुनुपर्छ । फुर्पु डोल्मा मेरो भाइ बुहारी हो । गलैंचा कारखाना चालु गर्न पैसा माग गरेकोले १५ टुक्रा सुन निजलाई दिएको हुँ । १५ टुक्रा सुन मेरो घर खानतलासी हुँदा बरामद भएकै छ । बौद्ध ३ चुलेमा घर बनाएकी छु । सो घर दुवै छोरीहरुको नाममा छ अरु बारी ५ रोपनी चानचुन जग्गा छोरी सावित्री लामालाई म आफैंले खरिद गरी दिएकी हुँ । सो बाहेक पटक पटक छोरीहरुलाई नगद दिने गर्थे घर

खान तलासीबाट बरामद भएको वाला मेरो घरमा काम गर्ने मै मै भन्नेको हो । नगद घर बहालबाट आएको हो । ने.बैं.लि. को मुद्दती खातामा मेरो पुरानै हो प्रेम लामासँग पहिला पार्टनरसिप थियो अहिले कुनै सम्पर्क छैन । मेरो श्रीमान् बखत बहादुर खत्री ल्हासा वकिल अफिसमा सुब्बा हुनुहुन्थ्यो । म २०११ सालमा कालीङपोङबाट काठमाडौं फर्कंदा ल्याएको सुन गहना पथ्थर र मामा घर ल्हासाबाट सुन नगद पथ्थर हिरा पठाएका थिए सो सबै सामान लिई म २०१७ सालमा काठमाडौं आउँदा रक्सौल भन्सारले रोक्यो । परराष्ट्रमा उजुर परि सके सामान पाउने भए त्यसपछि सो सामान बिक्री गर्न थाले म सँग भएको हिरा आरु तोर्पे सेर्पा तथा उस्को श्रीमती थार जि लाई ३,००,०००।–मा बिक्री गरेको थिएँ । कैले काही मखन साहुसँग खरिद गर्थे कैले काही आरतोर्पे सेर्पाले पनि खरिद गरेर ल्याई दिन्थे सोही सुन जम्मा गरेर राखेको थिएँ। लोप्साङलाई सुन बिक्री गर्न पठाएको र नेमिलाललाई पैसा दिएको समेत छैन । मेरा नाउँको चेक र नगद रु. ५ लाख चन्द्रप्रकाश देउजाको श्रीमती निता देउजालाई राख्न दिएको हुँ । कार्पेक्ट फ्याक्ट्री मेरो र छोरी सावित्रीको साझेदारी हो । जग्गा नातिनी दिपान्जलीको नाममा खरिद भएको हो । फ्याक्ट्री संचालन गर्न अं. ४०।५० लाख खर्च मैले नै गरेको हुँ बरामद भै आएका सुन तथा नगद समेत मेरो निजी सम्पत्ति हो । मैले दिलबहादुर लामाको सम्पत्ति लुकाउने दुस्प्रयास गरेको छैन । तसर्थ मैले आरोपित कसूरमा सजाय पाउनु पर्ने होइन भन्ने समेत नामदुल के.सी.ले अदालतमा गरेको बयान ।

३७. प्रहरीमा भएको बयानको जवाफको हस्ताक्षर मेरा हुन् । व्यहोराको हकमा मलाई बिना पुर्जी पुलिस क्लबमा बोलाए गए मेरो घरबाट बरामद भएको डायरीमा नलेखिएको ठाउँमा धम्की दिई लेख्न लगाए । बेलुका १०.३० बजेतिर छाडी दिए त्यसको ४ दिन पछि बोलाए म गएँ वि.प्र.वि. मा बयान गराउन लगे । उनीहरुले भनेको लेख्न नमान्दा त्यस बखत मेरो श्रीमानलाई त्यहाँ ल्याइयो र श्रीमानले मलाई भन्नु भयो कि हिजो मलाई हेमबहादुर सिंहले बोलाई भन्नु भयो कि भने जस्तो बयान नगरेमा सानु भाउजूलाई समेत थुन्छौं त्यसपछि वहाँलाई के गर्छौं भनी रहनु पर्दैन भनी भनेका छन् त्यसकारण उनीहरुले भने जस्तो बयान गरी दिनु

भनी श्रीमानले भन्नु भएकाले प्रहरीहरुले जे भन्दछन् सोही कुरा लेखि दिएको हुँ । उक्त बयान मेरो राजीखुशीबाट भएको होइन । श्रीमानले आफ्नो कार्यकालमा उहाँले भ्रष्टाचारपूर्ण तरिकाले कुनै रकम आर्जन गर्नु भएको थिएन आफू पनि त्यस्तो सरिक र मतियार थिइन । तसर्थ मैले आरोपित कसूरमा सजाय पाउनु पर्ने होइन भन्ने समेत सावित्री लामाले अदालतमा गरेको बयान।

३८. प्रहरीमा भएको बयानको जवाफको हस्ताक्षरहरु सबै मेरा हुन् । व्यहोराको हकमा मेरो स्वेइच्छाबाट भएको होइन । साँचो कुरा गर्दा सुनवाई नभई वि.प्र.वि.ले चाहे अनुसारले खाइयो मेरो जिम्मामा भएको काम कुरामा कुनै भ्रष्टाचार भएको छैन । प्रहरी प्र.का. बाट भएको ठेक्कामा मैले भ्रष्टाचार गर्न सक्ने अवस्था नै छैन स्कूलको लागि टेण्डर दाताबाट रकम असुल गर्नु भनी प्र.मा.नि. ले भन्नु भएको थिएन । मेरो उपस्थितिमा राजबहादुरले दिलबहादुरलाई रु. बीसहजार बुझाएको होइन । लिष्ट सप्लाई कसले कहिले गऱ्यो मलाई थाहा छैन । २०४२ सालमा म धनगढी अञ्चल प्रहरी कार्यालयमा कार्यरत थिएँ । मैले राजबहादुरसँग रु. ५० हजार लिई दिलबहादुरलाई बुझाए भन्ने कुरा झुठ्ठा हो । २०३९ साल देखि २०४१ सालसम्म म प्र.प्र.का. मा कार्यरत छैन । तसर्थ राजबहादुरबाट १२ लाख देखि १५ लाखसम्म उठाई दिलबहादुरलाई बुझाएको छैन । बेलुका ९.३० देखि १२.३० सम्म मेरो घर खान तलासी भयो । त्यस बखत अरु केही निस्केन आमाको गहना भन्दा भन्दै लगे । म थुनामा परिसकेपछि हजुरआमा सासुले अब हामीलाई पनि थुन्छ मेरो पैसा र कागजपत्र राखी दिनु भनी मेरो श्रीमतीलाई र पाँच लाख नगद र बैंक मुद्दति खाताको २ थान रसिद समेत राख्न दिएको रहेछ । सो बरामद गर्न पुनः मेरो घर खानतलासी गर्दा मेरो घरमा भएको श्रीमतीको ४० सालमा दोश्रो विवाह हुँदा ससुराली तर्फबाट पाएको १८ थान असर्फी छोराको भात खुवाउँदा आफैंले किनेको १ र ५९ हजार मेरो निजी नगद समेत बरामद गरी ल्याई दिए । पाई डायरीको पाना नं. ३ मा लेखिएको कुरा मलाई थाहा छैन । म रमेरो श्रीमतीलाई कमिशन बापत नगद पठाउने गरेका भनी दिलबहादुर आमालाई जबरजस्ती लेखाएको हुनु पर्छ । आरोपि कसुर मैले कुनै गरेको छैन ।

तसर्थ मैले सजाय पाउनु पर्ने होइन भन्ने व्यहोराको चन्द्र प्रकाश देउजाको अदालतमा भएको बयान ।

३९. प्रहरीमा गरेको बयानको जवाफको हस्ताक्षर मेरो हो । व्यहोराको हकमा मेरो स्वइच्छाबाट भएको होइन । अनुसन्धान कर्ता रणबहादुर चन्द्र, डि.एस.पि. गोपाल विष्ट, केशवप्रसाद उपाधयायले यातना दिई यातनाको सीमा नाघेपछि उनीहरुले टिपेर ल्याए बमोजिम मैले लेखि दिएको हुँ । यो बयान पूर्वाग्रह साथ प्रतिसोधको भावनाले पूर्व निश्चित षडयन्त्रमा मलाई फसाइएको हो । यो षड्यन्त्रको सुत्रपात २०३६ साल देखि मेरो विरुद्धमा शुरु भएको हो । प्रारम्भमा मलाई हाल माननीय खड्ग जित बरालको मानिस भन्ने लेबुल लगाई षडयन्त्रमा फसाउने सुरुवात भयो र मलाई विभिन्न दुर्गम स्थानहरुमा खटाइयो । गरेको कामको कदर भएन त्यसपछि मलाई झापाको जुट सम्बन्धी विरोधमा खटाइयो म त्यहाँसम्म माने पुगेकोमा पनि समयमा नपुगेको भनी स्पष्टीकरण सोधिएकोमा तत्कालीन डि.आई.जि. दिलबहादुर लामा समेतले समयमा नै पुगेको भनी जवाफ दिएपछि मलाई डि.वि. लामाको लेबल लगाइयो । मैले डोनेशन बापत कुनै रकम उठाएको र दीलबहादुर लामालाई १ करोड २५ लाख बुझाएको छैन यो सरासर झुठ्ठा हो । प्रहरी आरोपपत्र बमोजिमको कसूर नगरेकोले सजाय पाउनु पर्ने होइन प्रहरीले कुटपिट गर्दा मेरो आङ जिउमा परेको घा खत जचाई पाउँ भन्ने समेत रोहिणी कुमार सिंहले अदालतमा गरेको बयान ।

४०. वि.प्र.वि. समक्ष गरेको बयान सुने उक्त बयानको जवाफका हस्ताक्षरहरु मेरा हुन् । व्यहोरा मेरो होइन । २०३९ साल देखि म प्र.प्र.का. को लेखा शाखामा कार्यरत थिएँ । ठूलठूला रकम जिन्सी शाखाबाट आएको भनेपछि पत्यार पर्छ भनी मलाई लेख्न लगाएकी हुन् १।२ नं. फायल भनेको मलाई थाहा छैन । ठूला ठेकेदारबाट रोहिणी कुमारले रकम उठाई लामा साहेवलाई दिनु हुन्थ्यो भनी मैले भनेको होइन । सप्लायर्सबाट आएको बैंक खाताको रकम सप्लायर्सलाई फिर्ता दिनु पर्छ भनेबाट रु. १३,३१,१७२।१२ को रकम झिकी पैसा र भर्पाई समेत मैले आई.जि.पि. साहेबलाई दिएको हुँ सो बुझाएको भर्पाई मैले

फिर्ता पाएको छैन । विटिङ रिट्रिटको रकम कुनै साहेबलाई नै र आदेशानुसार कुनै रकम उहाँको श्रीमती बसुन्धारालाई बुझाएको छु । ०३९ साल देखि ०४२ सालसम्म उठेको रकम रु. १३,७८,८३३।८६ उहाँलाई र उहाँकै जेठी श्रीमतीलाई बुझाएको हुँ । सुन किनी दिएको र सुनका टुक्राहरु उहाँकी श्रीमतीका रोहवरमा गन्न लागेको देखेको होइन सो व्यहोरा झुठ्ठा हो । म प्र.प्र.का. मा कार्यरत रहँदा विभागीय प्रमुखको आदेश निर्देशन पालन गरी बसेको र डि.वि. लामालाई कार्वाही गर्न सबूदको लागि भनी अनुसन्धान कर्ताहरुले डर, धाक, प्रलोभन देखाएर जबरजस्ती बयान गराएको हो मैले आफ्नो मनज्ञानले व्यक्तिगत स्वार्थको लागि कुनै अपराध गरेको नभई वाध्यताबस कानुनी त्रुटि हुन गएकोमा मलाई प्रहरी प्रतिवेदन दावी अनुसार सजाय हुनु पर्ने होइन भन्ने समेत मणिराज गुरुङले अदालतमा गरेको बयान ।

४१. प्रहरी समक्ष भएको बयानको जवाफको हस्ताक्षरसम्म मेरो हो सो बयान मेरो राजीखुशीबाट भएको होइन । जबरजस्ती गराइएको हो । श्रीमानले गर्नु भएको आर्जन मलाई दिनु हुँदैनथ्यो । तलबसम्म दिनु हुन्थ्यो । मणिराज गुरुङ र राजेन्द्र ठकुरीबाट सुन खरिद गरेको छैन। २०३९ साल देखि ०४२ सालसम्म रिट्रिङ विट्रिङबाट उठेको रकम १३,७८,८२३।८६ मणिराजले मलाई बुझाएको छैन । अनुसन्धानकर्ताले भने अनुसार लेखि दिएको हुँ । म र बहिनी सावित्रीको नाममा रहेको बौद्ध तिनचुले पाटन खुमलटार र काठमाडौं धापासीको जग्गा आमा नामदुलले खरिद गरी दिनु भएको हो । श्रीमानको रकमबाट खरिद भएको होइन राईफल मेरा घरबाट बरामद भएको हो । श्रीमानको रकमबाट खरिद भएको होइन राईफल मेरोघरबाट बरामद भएको हो देखाइएका गहनाहरु मेरा घरबाट बरामद भएको हुन् । सि.नं. १५ देखि २८ सम्मका गहनाहरु छोरी दिपान्जलीको हो । अरु गहना ससुरा बुबा तथा आमाले बनाई दिएका हुन् नगद समेत मेरै घरबाट बरामद भएको हो । वग्ला धाई आमाको हो । ५/५ टेलका सुनका टुक्राहरु आमा नामदुल के.सी. कहाँ देखेको थिएँ । मैले कुनै रकम लिए खाएको नहुँदा आरोपित कसूरमा सजाय गरिनु पर्ने होइन भन्ने समेत बसुन्धरा लामाले अदालतमा गरेको बयान ।

४२. वि.प्र.वि. समक्ष गरेको बयान सुने । जवाफका हस्ताक्षर सबै मेरा हुन् । बयान व्यहोरा मलाई टर्चर दिई लेखाएका हुन् । मेरो राजीखुशीबाट भएको होइन । प्रहरीमा बयान गर्दा २५ हजार लाग्थ्यो भन्ने कुरा प्रहरीको ड्राफ्ट अनुसार लेख्न लगाएका हुन् । पैत्रिक सम्पत्तिमा ठमेलको घर आमाकै नाउँमा होला नुवाकोटको जग्गाबाट अन्दाजी ५५ मुरी अन्न आउँछ गहनामा बाबुकै पालाको १५०।२०० तोला सुनको गहना चाँदी असर्फी हुनु पर्दछ । म प्र.म.नि. भएपछि सुन गहना किनेकै छैन । ३६ लाखको सुन र दुई लाखको गहना किनेको भनी लेखाएको मेरो भनाई होइन । ठमेलमा १ रोपनी जग्गा मेरा नाउँमा खरिद गरेको छु । श्रीमती बसुन्धरा तथा सावित्रीका नाउँमा खरिद भएको जग्गा र सो मा बनाएको घर सासुले नै खरिद गरी बनाई दिनु भएको हो । छोरी दिपान्जली तथा दिप्ताका नाउँमा खरिद भएको गोंगबुको जग्गा र सोमा टहरा घर केही सासुको र केही मेरो पैसाबाट बनेको हो । ठेकदारहरुबाट कमिशन लिई खर्च गर्ने गरेको छैन । जबरजस्ती लेखाएको हो । ठेक्का स्वीकृत हुँदा टेण्डर नियम बमोजिम स्वीकृत भै जान्थ्यो ओभर विलिङ गर्न ठेकदारहरुमा रमेशमान जोशी, आर.वि. गुरुङ, विरेन्द्र श्रेष्ठ, प्रकाश शंकर श्रेष्ठ हुन् भन्ने कुरा मलाई जबरजस्ती लेखाएका हुन् चन्दा उठेको रकमबाट साँगा र ककनीमा स्कूल बनेका छन् सरकारी रकम परेको छैन । १।२ नं. फाराम भनेको मलाई थाहा छैन के लेखाए उनीहरु नै जानुन । मणिराज गुरुङ, रोहिणी कुमार सिंह, चन्द्र प्रकाशको श्रीमतीलाई मैले कुनै रकम दिएको छैन । भाइलाई चुनाव खर्च दिएकै छैन । छोरीको विवाह र उपचारको लागि केही रकम खर्च भयो यति नै भन्ने हाल सम्झना भएन । प्रहरीले सास्ती यातना दिएबाट पाई डायरीको हिसाब सनाखत गरी दिएकोसम्म हुँ । सो हिसाब सम्बन्धमा मलाई केही थाहा छैन । डि.डि. शर्मा, रणबहादुर चन्दको घरमा बस्तथ्यो निज उपर ठूलो लागू पदार्थ काण्ड चलेको साथै लौकिको गाजा काण्डमा समेत रणबहादुर चन्द उपर कारवाही गरेको थिएँ । त्यही पूर्वाग्रह लिई सानो कर्मचारीलाई डर त्रास प्रलोभन दिई यो प्रतिवेदन दिन लगाएको हुन सक्तछ । मेरो ससुरा २९ वर्ष ल्हासा वाणिज्य दूतावासमा सुब्बा पदमा रहनु भएको सासुले सुन तथा सम्पत्ति ल्याउनु भएको मेरो पैत्रिक सम्पत्ति पनि थियो बाजेले गाडेर राखेको

भनी १०।१५ गाग्री रुपैयाँ पिताजीले मलाई देखाउनु भएको थियो। मेरो पैत्रिक सम्पत्ति र सासुले जोडी दिएको सम्पत्तिबाट खरिद भएको घर जग्गा हो । ०७ साल भन्दा अगाडी क्रान्तिमा भाग लिई ३७ वर्षसम्म सरकारी सेवामा रही गरेको जेथाको मूल्यांकन गरी न्याय पाउँ आरोपित कसूर मैले नगरेबाट सजाय पाउनु पर्ने होइन प्रहरी प्रतिवेदन दावीबाट फुर्सद पाउँ भन्ने दिलबहादुर लामाले अदालतमा गरेको बयान ।

४३. प्रहरीमा भएको बयानको जवाफको हस्ताक्षरसम्म मेरो हो बयानको व्यहोरा मेरो होइन अनुसन्धान अधिकृतले डि.वि. लामाले पदको दुरुपयोग गरेबाट कारवाही चलाउनको लागि हो तपाईको लागि होइन भनी फकाउने तथा डर त्रासमा पारी निजहरुले तयार पारेको जवाफ मैले सारीसम्म दिएको हुँ । मैले रोहिणी कुमारलाई ६० हजार दिएका होइन छैन सो सबै प्रहरीले जबरजस्ती लेखाएको मात्र हो । मैले प्रहरीको लागि उनी कमिज कम्बल सप्लाई गरेको पनि होइन म प्रहरी प्र.का. को ठेकदार होइन मैले आरोपित कसूर नगरेबाट सजाय पाउनु पर्ने होइन भन्ने कैलाशध्वज खाँडले अदालतमा गरेको बयान ।

४४. प्रहरी समक्ष भएको बयान प्रहरीले लेखेर ल्याएको सार भने अनुसार डरले सारी सही गरी दिएको हुँ मैले छपाई सम्बन्धी काम पाए रोहिणीकुमार सिंहलाई रु. १५ हजार चन्दा दिउको होइन तसर्थ आरोपित कसूरमा सजाय पाउनु पर्ने होइन भन्ने समेत बाबुकाजी बज्राचार्यले अदालतमा गरेको बयान ।

४५. प्रहरी समक्ष भएको बयानको जवाफको हस्ताक्षर मेरा हुन् प्रहरीले मलाई ३६ दिनसम्म थुनी हामीले भने बमोजिम बयान गरे छाडी दिन्छौं भनी प्रहरीले भने अनुसार मैले यो बयान सारी दिएँ । त्यसपछि मलाई छाडी दिए । दिलबहादुर लामाले म मार्फत २० वटा ट्रक जिप खरिद गरेको,प्रकाश शंकरले मलाई रु. १,४५,०००।-दिएका सो रकम मैले सावित्री लामालाई दिएको र लामालाई मैले ल्याण्ड लोभर बिक्री गरेको समेत छैन । लामाले मलाई रुं ५ पाँच हजार बक्सिस दिएको पनि होइन १९८३ को पाई कम्पनीको कालो डायरीका पेज नं. १९ मा गोविन्द दाइलाई ५०००।-भन्ने र ५० पेजको पछाडी गोविन्द दाइ

१,४५,०००।–भनी कस्ले के कारणबाट लेखे मलाई थाहा छैन । मेरो नाम गोविन्द मान प्रधान हो मैले कुनै रकम लिए दिएको नहुँदा आरोपित कसूरमा सजायँ पाउनु पर्ने होइन भन्ने समेत गोविन्द मानले अदालतमा गरेको बयान । साल याद भएन मैले प्र.प्र.का. को लागि स्टेशनरी सामान सप्लाई गरेको थिएँ सामान सप्लाई गरे बापत कसैलाई कुनै रकम दिएको थिइन । मैले स्कूललाई चन्दा भनी रु. नौ हजार दिएको होइन थुन्ने डरत्रास देखाएबाट प्रहरीले भने अनुसार उक्त बयान मैले लेखी दिएको हुँ । मैले कुनै रकम नदिएबाट आरोपित कसूरमा सजाय पाउनु पर्ने होइन भन्ने समेत सुशिल प्रधानले अदालतमा गरेको बयान ।

४६. प्रहरी समक्ष भएको बयानको जवाफको हस्ता मेरो हो व्यहोरा मेरो राजीखुशीबाट भएको होइन । प्र.प्र.का.को लागि मेरो फर्मबाट लत्ता कपडा कुनै दिएको छैन सबै दुसान कम्पनी दक्षिण कोरिया (सियुल) द्वारा सोझै लिने गरेको थियो । म एउटा साधारण प्रतिनिधिको रुपमा कामसम्म गर्दथे । मलाई प्रहरीमा बोलाई कमपनीले प्र.प्र.का. लाई २०।२२ लाख रुपैयाँ प्रहरी कल्याण कोषमा चन्दा दिएको देखिन्छ भनी मलाई डर त्रास र बयान नगरेमा थुन्ने धम्की समेत दिइयो र जस्तो उहाँहरुले भन्नु भयो त्यस्तै लेखी सही मात्र मैले गरी दिएको हुँ । कम्पनी र प्र.प्र.कार्यालयको खबरसम्म आदान प्रदान गर्ने काम मेरो हो मालसामान झिकाउने काम राष्ट्र बैंक मार्फत यलसी खोली सोझै हुन्थ्यो कम्पनीले चन्दा दियो दिएन मलाई थाहा छैन । मैले दिलबहादुर लामा,सावित्री बसुन्धरा,चन्द्र प्रकाश देउजा रोहिणीकुमार सिंहलाई कुनै रकम दिएको होइन छैन सो बयान मेरो राजीखुशीबाट भएको होइन । तिमीले यस्तै बयान गर्नु पर्छ भनी जबरजस्ती लेखाएका मात्र हुन् प्रहरीले दुःख दिन मलाई यो झुठ्ठा आरोप लगाएका हुन् मैले अपराध नगरेकाले सजाय पाउनु पर्ने होइन भन्ने समेत राजबहादुर गुरुङले अदालतमा गरेको बयान ।

४७. प्रहरी समक्ष भएको बयानको जवाफका हस्ताक्षर सबै मेरा हुन् । यो बयान मैले कर कापमा दिएको हुँ । मलाई पैला जावलाखेल लाईनले बोलायो र एक जना एस.एस.पि. सँग सम्पर्क गराइयो र टेलिफोनमा मलाई तपाईले कसरी

ठेक्का प्राप्त गरेको भनी प्रश्न गरे मैले गो.प.मा प्रकाशित सिल्टटेण्डर बमोजिम ठेक्का पाएको भनी जवाफ दिएँ । एस.एस.पि.ले तपाईले डि.वि.लामालाई प्रसस्त पैसा नदी ठेक्का पाएको हुन सक्तैन भनी आरोप लगाए मैले केही रकम दिएको भनी स्वीकार नगरेको खण्डमा डिटेशनमा राख्तछु भनेबाट मैले सो बयान दिएको हुँ ठेक्का प्राप्त गर्न कुनै रकम दिएको भए शायद मेरो ठेक्का बदर हुने थिएन होला मेरो ठेक्का बदर भएको कारण मलाई धेरै क्षति भएको छ । मैले भू.पु.प्र.म. नि. दिलबहादुर लामालाई रुं १,५०,०००।–चन्दा स्वरुप दिएको होइन । मैले कुनै अपराध नगरेबाट सजाय पाउनु पर्ने होइन भन्ने समेत नरप्रसाद मोक्तानले अदालतमा गरेको बयान ।

४८. म श्री ५ को सरकारको रा.प.द्वितिय श्रेणीको अधिकृत कर्मचारी भएको नाताले मैले कुनै फर्ममा काम गर्ने कुरै आउँदैन र गरेको पनि छैन गैह्रदण्ड इलेक्ट्रोनिकक्स फर्म बहिनीको नाममा दर्ता भई पारिवारिक व्यापार जस्तो भई कहिले काही घर सल्लाह चाही हुन्थ्यो प्र.प्र.का. सँग कुनै ठेक्का पट्टाको काम गरी आएको छैन । साँगा स्कूललाई चन्दा भनी पटक पटक गरी रु. ६ लाख डि.वि. लामालाई दिएको भन्ने बयानको जवाफको हस्ताक्षर मेरा हुन् तर व्यहोरा तपाईले सरकारी गवाह बनी दिनु पर्‍यो तपाईलाई केही हुँदैन भनी डर त्रास देखाएकाले वि.प्र.वि. का केशव भन्नेले लेखेर राखेको कागज मैले सारीसम्म दिएको हुँ । मैले डि.वि. लामालाई ६ लाख दिएको होइन छैन । कालो १९९३ पाई कम्पनी डायरीको पेज नं. ५० को पछाडी उल्लेख भएको आर.के.मानन्धर भन्ने र ९७,५००।–भन्ने उल्लेख भएको रकम मैले दिएको होइन सो नाम र अंक किन कसरी लेखे थाहा छैन आ.बा.सेट खरिद गर्न मैले प्रहरी प्रधान कार्यालयसँग सम्झौता नै गरेको छैन । किन ठेकेदारको महलमा मेरो नाम लेखे थाहा छैन । मैले आरोपित कसूर नगरेको हुँदा सफाई पाउँ भन्ने समेत रामकृष्ण मानन्धरले अदालतमा गरेको बयान ।

४९. मैले प्रहरी प्रधान कार्यालयमा सामान शाखामा नियम बमोजिम कोटेशन दिई मेरो सस्तो कोटेशन पर्न आएकोमा मैले काम पाएको थिए । त्यसमा स्कूल

निर्माणको लागि कुनै पनि बकस दिएको छैन । प्रहरीमा मलाई दिएको हुनु पर्दछ । दिएको छु भनी लेख नत्र तिमीलाई यही राख्तछौं भनी डर देखाए १८,०००।- दिएको भनी लेख भने डरले लेखी दिएको सम्म हुँ । मैले कुनै रकम दिएको छैन । कलकत्ताको पार्टीले ५०,०००।-दियो भन्ने सुनेको हुँ । मैले पार्टी सँग लिएर रोहिणी कुमार सिंहलाई दिएको छैन । मैले कसैलाई दुरुत्साहन दिएको र मतियार समेत भए गरेको छैन । कसैलाई गैरकानुनी रकम दिएको छैन । मलाई सजाय हुनु पर्ने होइन भन्ने समेत अजितबहादुर खुलालले यस अदालतमा गरेको बयान ।

५०. मलाई प्रहरीले बोलाई लगी डि.वि. लामालाई नै मैले नगद दिएको हो भनी मलाई लेख भने मैले इन्कार गर्दा डर,त्रास देखाई प्रहरीहरुले भने अनुसार मैले लेखिसम्म दिएको हुँ,मैले भू.पु.प्र. महानिरीक्षक समेत कसैलाई चन्दा भनी दिएको छैन । प्रहरीका लागि २०४१।४२।४३ सम्ममा २४१५७ थान बुट जुत्ता मेरो उद्योगबाट तयार गरी कोटेशनद्वारा मैले सप्लाई गरेको हुँ । सो काम पाए बापत मैले प्रहरी स्कूलको लागि भनी कुनै चन्दा दिएको छैन । प्रहरीमा भएको बयान राजीखुशीबाट भएको छैन । डायरीको पेज नं. ५० मा मेरो नाम र अंक लेखिएको समेत देखे उक्त रकम मैले दिलबहादुर लामालाई दिएको छैन किन सो कुरा उल्लेख गरे थाहा छैन रोहिणीकुमार सिंहलाई कुनै रकम दिएको छैन । प्रहरी प्रधान कार्यालयमा २०२७ साल देखि जुत्ता सप्लाई गर्दै आएको हुँ । दिलबहादुरलाई कुनै रकम दिएकै छैन । किन पोल गरे उनी नै जानुन् । प्रहरी प्रधान कार्यालयमा काम पाए बापत कुनै चन्दा कमिशन केही दिएको छैन । आरोपित कसूर नगरेको हुँदा सजाय गरिनु पर्ने होइन आरोपबाट सफाई पाउँ भन्ने समेत मानबहादुर श्रेष्ठले यस अदालतमा गरेको बयान ।

५१. मलाई प्रहरीले बोलाई लगी ४-५ घण्टा राखे त्यसपछि मलाई बयान गराउने भनी भन्दा मैले कस्तो बयान भनी सोद्धा हामीले जस्तो भन्दछौं उस्तै लेख भने मैले नमान्दा थुन्छु र पिट्छु भनी दर त्रास देखाउन थाले जे जे भन्दछन् मैले लेखिसम्म दिएको हुँ । बैंकमा १५ हजार नगद देवबहादुर मार्फत ७,०००।- समेत प्रहरी प्रधान कार्यालयमा,बुझाएको छैन ४० हजारको सामान भण्डार

शाखामा बुझाएको छैन । प्रहरीले भने अनुसार लेखिसम्म दिएको हुँ। मैले प्रहरी प्रधान कार्यालयबाट कुनै ठेक्का पट्टा पाएको छैन । कुनै रकम समेत दिएको छैन भने सजाय गरिनु पर्ने होइन आरोपित कुरामा सफाई पाउँ भन्ने समेत चन्द्रदेव मानन्धरले यस अदालतमा गरेको बयान ।

५२. प्रतिवादी बसन्तप्रसाद उपाध्यायले मिति २०४४।११।१३ प्र. जगन्नाथ प्रधानाङ्गले २०४४।११।२१ र रमेशमान जोशीले २०४४।१२।७ मा तामेल भएको समाव्हानको म्याद गुजारी बसेको ।

५३. प्रतिवादी दिलबहादुर लामाले भ्र.नि. ऐन, २०१७ को दफा ३ अनुसार र आफ्नो जिम्मामा नियन्त्रणमा रहेको प्रहरी प्रधान कार्यालयको नगद तथा जिन्सी समेत दुरुपयोग गरी निजी प्रयोगमा ल्याएको देखिएकोले दफा १३ समेत कसूर गरेको देखिन्छ । जम्मा रु. १,८२,२३,४४४।–को रकम निजले गैर कानुनी रुपमा लिनु खानु गरेकोमा मणिराज गुरुङबाट दिलबहादुर लामाको आदेशानुसार बसन्धराले विटिङ रिट्रिङको रकम लिएको भनी दावी गरी रु. १३,७८,८३३।८६ मणिराजबाट आएको सबै रकम डायरी मै आम्दानी बाँधिएको छ भनी दिलबहादुर लामाको भनाई देखिँदा प्रमाणबाट नदेखिएसम्म उक्त भनाईलाई अन्यथा सम्झन नहुने देखिएकोले वसुन्धरा लामाको हकमा देखिएका आधार प्रमाणबाट ठहरिएको रु. ८,५२,५६७५।०८ यस तर्फ दावी नरहेकोले बाँकी हुन आउने रु. १,७३,७०,८६८।९३ दिलबहादुर लामाले भ्रष्टाचार गरी लिए खाएको ठहर्छ । प्र.प्र.का. लाई निजबाट भराई पाउँ भनी रु. ४१,२०,०५०।४७ को दावी गरिएको मध्ये २२,०१,४५८।३२ सम्म कायम हुने देखिन्छ । बिगो असुल गरी पाउँ भन्ने दावीको अतिरिक्त दफा १६(ग) बमोजिम निज र निजको परिवारको नाममा रहेको चल अचल र नगद समेत जफत गरी पाउँ भन्ने दावीको हकमा अपराध गर्दाको अवस्थामा प्रचलित रहेको १६(ग) अनुसार कसुरसँग सम्बन्धी नगदी वा जिन्सी माल सामान जफत हुने अवस्था रहेको संविधानको धारा ११(२) को व्यवस्थाले पनि ०४४ सालको संशोधित दफा १६(ग) आकर्षित नहुने हुँदा अचल सम्पत्ति जफत गरी पाउँ भन्ने दावी पुग्न सक्दैन साथै भ्र.नि. ऐन, २०१७ को दफा १४(क)

बमोजिम थप सजायको माग दावी पनि पुग्ने अवस्था देखिएन । नगद र जिन्सी माल सामानको हकमा दिलबहादुरको घरबाट बरामद भएको २,३३,६००।- चन्द्रप्रकाश देउजाको घरबाट बरामद भएको रु. ५,५९,०००।-मध्ये रु. ५,००,०००।-समेत गरी जम्मा नगद रु. ७,३३,६००।-दिलबहादुर लामा कै गैरकानुनी आर्जन भित्रको देखिएकोले अपराध हुँदाको अवस्था प्रचलित रहेको दफा १६(ग) बमोजिम जफत हुने ठहर्छ । जिन्सी मालसामान तर्फ नामदुल के.सी.को घरबाट बरामद भएको मध्येको मिति ०४४।४।१ को मुचुल्का अनुसारको १५ टुक्रा सुन पेमा लामाको घरबाट मिति ०४४।३।३१ मा बरामद भएको १५ टुक्रा सुन छिरिङ छोमा सेर्पाको घरबाट मिति ०४४।३।३० मा बरामद भएको १० टुक्रा सुन समेत ४० टुक्रा सुन दिलबहादुरले आफू पक्राउ परी खान तलासी हुन सक्छ भन्ने डरले सासू नामदुल के.सी.लाई राख्न लुकाउन दिएको भनी स्वीकार गरेका र यसै गरी नेमिलालले दाखिल गरेको ५ टुक्रा सुन नामदुल के.सी.ले लोप्साङ मार्फत बिक्री गर्न पठाएको १० टुक्रा मध्ये बिक्री भई बाँकी रहेको ५ टुक्रा हो भनी अदालतमा समेत बकपत्र दिएको यसरी ४५ टेल सुन समेत अपराध गर्दाको अवस्था प्रचलित रहेको दफा १६(ग) अनुसार जफत हुने देखिन्छ। जफत हुने ठहरेको सुनको रु. ३६,६०,०००।-नगद र जिनसीमा द.नं. २७०० को मोटर साइकलको दिलबहादुरको बयान अनुसार रु. ५० हजार समेतको जम्मा रु. ४७,४३,६००।-निजले भ्रष्टाचार गरेको रकमबाट कटाउँदा बाँकी रु. १,२६,२७,२६८।९२ दफा २९(१) बमोजिम असुल हुने ठहर्छ । सो असुल हुने रकमबाट प्र.प्र.का.को निजले हिनामिना गरेको ठहरिएको रु. २२,०१,४५८।३२ भरी पाउने देखिन्छ । निज दिलबहादुर लामाले ऐनको दफा ३ र १३ को कसूर गरेको देखिएकोले निजलाई कैद वर्ष ६ र बिगो रु. १,७३,७०,८६८।९२ बमोजिम जरिवाना हुने ठहर्छ । बसुन्धरा लामाको हकमा निजले ऐनको दफा ८ को कसुर गरेको देखिएकोले निजलाई दफा ८ बमोजिम कैद वर्ष १ र बिगो रु. ८,५२,५७५।०९ बमोजिम जरिवाना समेत हुने ठहर्छ । मणिराज गुरुङको हकमा निजले दफा १३ र ७(१) को कसूर गरेको देखिंदा दफा १३ बमोजिम कैद वर्ष ३ हुने ठहर्छ । प्र.चन्द्र प्रकाश देउजा र रोहिणीकुमार सिंहको हकमा निजहरुले

व्यापारीहरुसँग स्कूल र फण्डको लागि चन्दा कमिशन उठाई आफूहरु राष्ट्र सेवक भएको अवस्था नेपाल कानुन जानी जानी पालन नगरी दिलबहादुरलाई गैरकानुनी लाभ पुऱ्याएको देखिएकोले निजहरुले दफा ७(१) को कसुर गरेको देखिँदा जनही कैद वर्ष १ हुने ठहर्छ । प्र. गोविन्दमान प्रधानको हकमा निजले दफा ४ को कसुर गरेको देखिएकोले निजलाई दफा ४(ख) बमोजिम रु. २०००।-जरिवाना हुने ठहर्छ । गैर कानुनी रुपमा लिनु खानु गरेको रु. ५०००।-दफा २९(१) बमोजिम निजबाट असुल हुने ठहर्छ । प्र.रामकृष्णमानन्धरको हकमा निजले आफू राष्ट्रसेवक भएकोले अरुको नाममा फर्म दर्ता गराई व्यापार गराई दिलबहादुर लामालाई गैरकानुनी रकम दुरुत्साहन दिएको देखिँदा निजले दफा १० र ५ को कसूर गरेको देखिन्छ । कसूर गरेको अवस्था निज राष्ट्रसेवक भएको देखिँदा निजलाई दफा ५ अनुसार दुरुत्साहन दिएको रकम रु. ९७,५००।-जरिवाना हुने ठहर्छ । प्र.उमेशप्रसाद कर्माचार्यको हकमा दफा ५ बमोजिमको कसुर गरेको देखिन्छ। दफा ५ बमोजिम रु. २,५००।-निजलाई जरिवाना हुने ठहर्छ । प्र.मानबहादुर श्रेष्ठ,विश्वबहादुर जोशी,रमेशमान जोशी,राजबहादुर गुरुङ,विरेन्द्र श्रेष्ठ र प्रकाश शंकर श्रेष्ठको हकमा यी प्रतिवादीहरुले रोहिणी कुमार सिंह समेतका प्रहरी अधिकृत मार्फत दिलबहादुर लामालाई आफ्नो पक्षमा प्रभावमा पर्न सामान सप्लाई गर्न पाए बापत डायरीमा उल्लेख भए अनुसार गैरकानुनी रकम दुरुत्साहन दिई गैरकानुनी आर्थिक लाभ पुऱ्याएको देखिँदा निजहरुले दफा ५ बमोजिमको कसूर गरेको देखिन्छ । तसर्थ दफा ५ बमोजिम राजबहादुर गुरुङ के. रु. १०,८९,८४६।५० प्र.विरेन्द्र श्रेष्ठ के. रु.२,८५,५००।-प्र.विश्वबहादुर जोशी के. रु. १,५५,०००।-प्र.प्रकाश शंकर श्रेष्ठको रु. १,१५,५००।-प्र.रमेश मान जोशीको रु. १,००,०००।-प्र.मानबहादुर श्रेष्ठको रु. ५०,०००।-जरिवाना हुने ठहर्छ । प्र.मार्टिन लामाको हकमा निजले दिलबहादुर लामालाई गैरकानुनी कमिशन दिएको भन्ने दावी पुग्ने देखिएन तसर्थ आरोपित कसूरबाट सफाई पाउने ठहर्छ प्र.नामदुल के.सी.को हकमा दफा १६(क) बमोजिम कसुर गरेको भन्न नसकिने हुँदा वादी दावी पुग्ने देखिएन । तसर्थ आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । प्र.सावित्री लामाको हकमा दिलबहादुर लामाको भ्रष्टाचार पूर्ण कसूरमा

मतियार भई काम गरेको र गैरकानुनी रुपमा राजबहादुरबाट लिनु खानु गरेको समेत मिसिल प्रमाणबाट नदेखिएकोले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । प्र.जगन्नाथ प्रधानाङ्ग, नरप्रसाद मोक्तान, वसन्त प्रसाद उपाध्याय, विनोद शाह, कैलाशध्वज खाँड, सुशिल प्रधान, भोला राज पाण्डे, बाबुकाजी बज्राचार्य, हरिबहादुर प्रधान, अजितबहादुर खुलाल र चन्द्र देव मानन्धरको हकमा निजहरुले दिलबहादुर लामालाई गैरकानुनी रकम दुरुत्साहन दिएको भन्ने कुरा शंकास्पद देखिएकोले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भन्ने समेत मध्यमाञ्चल क्षेत्रीय अदालतको २०४५।६।१७ को फैसला ।

५४. म.वि.अ. को कानुन एवं न्याय प्रतिकूलको निर्णय बदर गरी झुठ्ठा आरोपबाट फुर्सद पाउँ भन्ने व्यहोराको मणिराज गुरुङ, बसुन्धरा लामा, रोहिणी कुमार सिंह, चन्द्र प्रकाश देउजा, दिलबहादुर लामा, नामदुल के.सी. विश्वबहादुर जोशी, प्रकाश शंकर श्रेष्ठ, विरेन्द्र श्रेष्ठ, राजबहादुर गुरुङ, मानबहादुर श्रेष्ठ, गोविन्द मान प्रधान, रामकृष्ण मानन्धरको पुनरावेदन ।

५५. शुरु म.वि.अ. ले प्रमाणको न्यायिक मूल्यांकन नगरी प्रमाण ऐन, २०३१ को दफ ५४ समेतको प्रतिकूल गरेको त्रुटिपूर्ण फैसला बदर गरी सबै प्रतिवादीहरुलाई शुरु आरोपपत्र माग दावी बमोजिम हदैसम्म सजाय र बिगो समेत दिलाई भराई पाउँ भन्ने समेत विशेष प्रहरी विभागको पुनरावेदनपत्र ।

५६. मध्यमाञ्चल विशेष अदालतको २०४५।६।१७ को फैसला उपर पुनरावेदन नगर्ने प्रतिवादीको हकमा विचार गरिरहनु परेन । पुनरावेदन गर्ने प्रतिवादी दिलबहादुर लामाको हकमा निज मिति २०३९।३।१ देखि २०४३।२।११ सम्म प्रहरी महानिरीक्षक रहेको समयमा प्रहरी स्कूल बनाउने तथा प्रहरी फण्ड खडा गर्ने कार्यको लागि भनी चन्दा समेत उठाई सो उठाएको रकमबाट आफूलाई गैरकानुनी लाभ पुर्‍याउने बदनियतले कानुनले लिन पाउने पारिश्रमिक बाहेकको सो विद्यालय र प्रहरी फण्डको रकम लिनु खानु गरी सो रकमबाट सुन तथा जग्गा जमिन खरिद गरी आफ्नो आम्दानीको श्रोतको अनुपातमा नमिल्दो उच्च जीवनस्तर बनाएको पुष्टी हुन आएकोले भ्रष्टाचार निवारण

ऐन,२०१७ को दफा ३७(१) १३ तथा दफा १५ समेतको कसुर गरी जम्मा बिगो रु. ७२,४३,२७९।१० को रकम भ्रष्टाचार गरेको ठहर्छ । सो ठहर्नाले अपराध हुँदाको परिस्थिति,अपराधको मात्रा तथा निज प्रतिवादीको उमेर समेतको विचार गरी निजलाई कैद वर्ष ५(पाँच) र कानुन बमोजिम बिगो बमोजिम जरिवाना समेत हुने ठहर्छ । सो हदसम्म मध्यमाञ्चल विशेष अदालतको इन्साफ उल्टी हुने ठहर्छ । पुनरावेदक प्रतिवादी बसुन्धरा लामा १,चन्द्र प्रकाश देउजा १,रोहिणी कुमार सिंह १,मणिराज गुरुङ १,नामदुल के.सी. १ समेतको हकमा शुरु मध्यमाञ्चल विशेष अदालतको इन्साफ मनासिब देखिएकोले निजहरुको पुनरावेदन जिकिर पुग्न सक्दैन । पुनरावेदक प्रतिवादीहरु रामकृष्ण मानन्धर १,राजबहादुर गुरुङ १,विश्वबहादुर जोशी १,प्रकाश शंकर श्रेष्ठ १,मानबहादुर श्रेष्ठ १,गोविन्दमान प्रधान १ समेतको हकमा निजहरुले प्रहरी स्कूल तथा प्रहरी फण्डको लागि चन्दा तथा कमिशन दिएको भन्ने सम्म देखिएकोले निजहरुले आरोपित कसूर गरेको भन्ने पुष्टि हुन नआएबाट निजहरुले वादी दावीबाट सफाई पाउने ठहर्छ । निजहरुको हकमा मध्यमाञ्चल विशेष अदालतको इन्साफ उल्टी हुने ठहर्छ । पुनरावेदक प्रतिवादी विरेन्द्र श्रेष्ठको हकमा निजको मिति २०४९।४।१६ मा मृत्यु भै सकेको भन्ने देखिन आएकोले अ.बं. १७६ नं. बमोजिम हुन्छ । पुनरावेदक प्रतिवादीहरु तथा अभियोग पत्रमा दावी लिइएका अन्य प्रतिवादीहरु उपर शुरु माग दावी बमोजिम हदैसम्म सजाय हुनु पर्छ भन्ने वादी श्री ५ को सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत पाटन ललितपुरको फैसला ।

५७. पुनरावेदन अदालत पाटन,ललितपुरको फैसलामा चन्दा ऐन,२०३० को दफा ६.११ प्रमाण ऐन,२०३१ को दफा ९,२७ र ५४ को प्रतिकूल तथा प्रमाणको मूल्यांकन सम्बन्धी त्रुटि भएको समेत कारणबाट बदर गरी शुरु अभियोग पत्र,पुनरावेदन अदालत समक्ष प्रस्तुत गरेको पुनरावेदन पत्र तथा सम्मानीत सर्वोच्च अदालतमा प्रस्तुत भैरहेको यो पुनरावेदन पत्र समेतको बुँदा आधार प्रमाणबाट माथि उल्लेखित प्रतिवादीहरुलाई माग दावी बमोजिम हदैसम्म सजाय गरी पाउँ भन्ने व्यहोराको विशेष प्रहरी विभागको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

५८. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को व्यवस्था बमोजिम श्री ५ को सरकारको प्रस्तुत पुनरावेदन सरकारी वकीलबाट दायर नभै विशेष प्रहरी विभागबाट दायर भएको मानयता दिन मिल्ने हो होइन ? भन्ने प्रश्नमा यसै प्रकृतिको विशेष प्रहरी विभागबाट दायर भएका अन्य पुनरावेदनहरु समेत रहेकोले व्यापक परिणाम पर्न सक्ने जटिल कानुनी प्रस्तुत मुद्दामा समाविष्ट देखिन आएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को खण्ड (घ) बमोजिम उक्त जटिल कानुनी प्रश्नको निरोपण पूर्ण इजलासबाट हुनु उपयुक्त देखिएकोले यसै लगाउका फौ.पु.नं. ८९०, ८९१, ८९२, ८९३, ८९४, ८९५ र ८९६ समेतका मुद्दाहरु साथै नियमानुसार पूर्ण इजलासमा पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतको संयुक्त इजलासको आदेश ।

५९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा विद्वान वरिष्ठ सरकारी अधिवक्ता बलराम के.सी. ले जसले मुद्दा चलाउँछ त्यसलाई नै पनुरावेदन गर्न पाउने हक हुने कानुनी सिद्धान्त अनुसार प्रस्तुत पुनरावेदन विशेष प्रहरी विभागले दायर गरेको हुँदा संयुक्त इजलासबाट नै पुनरावेदन हेरी किनारा गरिदिए हुने हो पूर्ण इजलासमा पठाइरहनु पर्ने होइन भन्ने बहस प्रस्तुत गर्नु भयो भने विद्वान अधिवक्ता लोकभक्त शमशेर ज.ब.रा. ले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४(१) मा कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा सरकारी वकीलले पुनरावेदन दिने छ भन्ने उल्लेख भएको छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २५ मा परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको अभियोगमा अदालतमा चलाइने सब मुद्दाहरु सरकारवादी हुने भन्ने उल्लेख भएको र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४(१) बमोजिम प्रस्तुत मुद्दामा सरकारी वकीलले पुनरावेदन गर्नु पर्ने देखिँन आउँछ । प्रस्तुत मुद्दामा विशेष प्रहरी अधिकृतले पुनरावेदन गरेको पुनरावेदनपत्र अधिकार विहिन हुन गएको भनी संयुक्त इजलासबाट उठाइएको जटील प्रश्नको निरोपण गरी पाउँ भन्ने बहस प्रस्तुत गर्नु भयो ।

६०. यसमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४ को उपदफा (२) बमोजिम श्री ५ को सरकारको प्रस्तुत पुनरावेदन सरकारी वकीलबाट दायर नभै विशेष प्रहरी विभागबाट दायर भएकोमा मान्यता दिन मिल्ने हो होइन ? भन्ने प्रश्नमा यसै प्रकृतिको विशेष प्रहरी विभागबाट दायर भएका अन्य पुनरावेदनहरु समेत रहेकाले व्यापक परिणाम पर्न सक्ने जटील कानुनी प्रश्न प्रस्तुत मुद्दामा समाविष्ट देखिन आएकोले सर्वोच्च अदालत निमयावली, २०४९ को नियम ३ को खण्ड (घ) बमोजिम उक्त जटिल कानुनी प्रश्नको निरोपण पूर्ण इजलासबाट हुन् उपयुक्त देखिएकोले यसै लगाउको फौ.पु.इ.नं. ८९०, ८९१, ८९२, ८९३, ८९४, ८९५ र ८९६ समेतका मुद्दाहरु साथै नियमानुसार पूर्ण इजलासमा पेश गर्नु भन्ने संयुक्त इजलासबाट भएको आदेश बमोजिम पूर्ण इजलासमा पेश हुन आएको देखियो ।

६१. प्रस्तुत मुद्दामा मुख्य प्रश्न नै विशेष प्रहरी विभागबाट पुनरावेदन दायर भएकोमा मान्यता दिन मिल्ने हो होइन भन्ने रहेको छ । प्रस्तुत भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत पाटन ललितपुरबाट मिति २०४९।५।१४ मा भएको फैसला उपर ०४९।१०।८ मा विशेष प्रहरी अधिकृत विशेष प्रहरी विभागबाट पुनरावेदन दायर भई दर्ता भएको देखिन आउँछ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मिति २०४९।९।८ देखि लागू भएको र उक्त सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४(१) मा भएको व्यवस्था हेर्दा सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ वा २ मा लेखिएका मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरालोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिनेछ भन्ने व्यवस्था भएको र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २५ ले परिच्छेद २ अन्तर्गत सजाय हुने कसूरको अभियोगमा चलाइने सबै मुद्दाहरु सरकार वादी हुने भन्ने व्यवस्था भएबाट प्रस्तुत मुद्दा सरकार वादी हुने मुद्दा नै देखिएकोले प्रस्तुत मुद्दामा स.मु.स. ऐन, २०४९ को दफा २४(१) ले पुनरावेदन दिने काम कर्तव्य सरकारी वकीलको भएको देखिन्छ । तसर्थ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २४(१) मा अनुसूची १ वा २ मा लेखिएको मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको

मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिनेछ भनेको र भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा २५ बमोजिम प्रस्तुत मुद्दा श्री ५ को सरकार वादी हुने देखिएकोले प्रस्तुत मुद्दामा सरकारी वकीलले पुनरावेदन गर्नु पर्नेमा विशेष प्रहरी विभागबाट परेको पुनरावेदनबाट कारवाही गर्न नमिल्ने हुँदा प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ । यसै साथ पेश भएका फौ.पु.इ.नं. १५,१३,१६,१७,१८,१९ का पुनरावेदनमा नियम बमोजिम कारवाही हुन संयुक्त इजलासमा पेश गरी मिसिल नियम बमोजिम बुझाई दिनु ।

उक्त रायमा हामीहरुको सहमति छ ।

न्या. रुद्रबहादुर सिंह

न्या. नरेन्द्रबहादुर न्यौपाने

इति सम्वत् २०५२ साल पौष २० गते रोज ५ शुभम् ।

## **६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फवाट श्री ५ को सरकार विरुद्ध लोकमासिंह कार्की समेत, ने.का.प.२०५६, अंकः ८ निर्णय नं. ६७६४**

निर्णय नं. ६७६४ - भ्रष्टाचार

भागः ४१ सालः २०५६ महिनाः मंसिर अंकः ८

फैसला मिति :२०५६/०२/१२ १३२५

संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री मोहन प्रसाद शर्मा

मानीय न्यायाधीश श्री राजेन्द्रराज नांख्वा

संवत २०५४ सालको फौ.पु.नं १५९८,१६४८,१६४९

मुद्दा : भ्रष्टाचार ।

पुनरावेदक/वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फवाट श्री ५ को सरकार

विरुद्ध

विपक्षी/प्रतिवादी : काठमाडौ महानगरपालिका वार्ड नं १० गौचर घर भै हाल अर्थ मन्त्रालयमा कार्यरत तत्कालीन भंसार विभागका महानिर्देशक लोकमासिंह कार्की ।

पुनरावेदक/प्रतिवादी : ल.पु. उपमहानगरपालिका वार्ड नं. ४ भनिमण्डल घर भै शाहि नेपाल वायुसेवा निगम हङकङका व्यवस्थापक यादम लामिछाने समेत ।

विरुद्ध

विपक्षी/ वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले श्री ५ को सरकार

पुनरावेदक/प्रतिवादी : रुपन्देही जिल्ला वुटवल नगरपालिका वाड नं ७ लक्ष्मीनगर वस्ने भवेन्द्रप्रसाद वुढाथोकी

विरुद्ध

विपक्षी/वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फ वाट श्री ५ को सरकार

- **अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चलाएको भ्रस्टाकचार मुद्दा श्री ५ को सरकार वादी हुनेछ भन्ने अ.द.नि.आ ऐन, २०४८ को दफा ३४)२ (मा व्यवस्था भएको पाइन्छ । सरकारी मुद्दा समवन्धी ऐन ०४९ को दफा २४)१ (मा ... कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भन्ने मुद्दामा पुनरावेदन गर्ने अधिकारीमा सरकारी वकील भन्ने उल्लेख भएको पाइन्छ । यसरी श्री ५ को सरकार वादी हुने मुद्दाको खास ऐनमा सरकारी वकिल मार्फत पुनरावेदन आउनु पर्नेमा सो वमोजिम आएको देखिन आएन । उसमा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन भन्दा पछि आएको सो सरकारी मुद्दा समवन्धी ऐनको व्यवस्थालाई असर गर्ने गरी व्याख्या गर्न पनि मनासिव हुन नआउने ।**

(प्र.नं ३३)

पुनरावेदनक वादी तर्फवाट विद्वान नायव महान्यायाधिवक्ता श्री वलराम के.सी

पुनरावेदक प्रतिवादीका तर्फवाट : विद्वान वरिष्ठ अधिवक्ता श्री गणेशराज शर्मा, विद्वान अधिवक्ता श्री राधेश्याम अधिकारी, विद्वान अधिवक्ता श्री सुनिल अधिकारी, विद्वान अधिवक्ता श्री नारायण वल्लभ पन्त,

विपक्षी प्रतिवादीका तर्फवाटः विद्वान अधिवक्ता श्री सुसिलकुमार पन्त

अवलम्विमत नजिर : ने.का.प. २०५२, भाग ३७, अंक ९ पृष्ठ ७५९

फैसला

**प्र.न्या. मोहनप्रसाद शर्मा,** पुनरावेदन अदालत पाटनको मिति २०५४।५।४।४ को फैसला उपर न्याय प्रशासन ऐन २०४८ को दफा ९(१)(क) अन्तर्गत पर्न आएको पुनरावेदन सहितको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यस प्रकार छ ।

२. २४ डिसेमवर १९९४ का दिन हङकङ काठमाण्डमौ उडानमा रहेको आर.ए.४१० को शौचालयमा १० के.जी. सुन १५० के.जी चांदी लुकाई छिपाइ चोरी पैठारी भैरहेको सुराक भन्सार प्रमुख भगवतीकुमारलाई दिएका थियौं । उक्त सुन चांदी ना.सु. मित्रराज शर्मा, ख.प्रेमवावु विष्ट, अच्युतप्रसाद त्रिपाठी मधुसुदन पौडेल, भरतप्रसाद घिमिरे तथा भन्सार प्रमुख भगपतिप्रसाद काफ्ले समेतको मिलेमतोमा आउदै नआएका व्यक्तिको नाममा सुन चांदी डिपोजित गराई निजकै नामवाट उक्त सुनचादी छुटाई भगवतीकुमार काफ्ले समेतले काल्पनिक नामवाट झिकी मिलाई खाएका छन भन्ने समेत व्यहोराको विशेष प्रहरी विभागमा परेको उजूरी ।

३. आर.ए. ४१० को उडानवाट आएको वेवारिसे १० किलो सुन, १५० किलो चांदी भगवतीकुमार काफ्ले समेतको मिलेमतोमा नक्कली व्यक्तिको नाममा दाखिल गराई सुनचांदी छाडी भ्रष्ट्रचार गरेको विषयमा अनुसनधान हुदै जांदा हङकङवाट सुन चांदी आई भन्सारमा डिपोजित भएकोमा हङकङ अध्यागमनको छापलाई आधार मानी सुनचांदी छाड्ने कार्य भै सो कार्यमा भन्सार विभागमा महानिर्देशक समेतको संलग्नता देखिएको भन्ने विशेष प्रहरी विभागको पत्रसाथ कारवाही फाइल ।

४. विशेष प्रहरी विभागवाट सुधिर गुरुङ, भवेन्द्र वुढाथोकीले हङकङ काठमाण्डौ यात्रा गरे नगरेको सम्वन्धमा इन्टरपोलवाट वुझि पठाइ दिन प्रहरी प्रधान कार्यालयमा लेखि गएकोमा निजहरुले १ अक्टोवर देखि ३१ डिसेम्वर सम्म

हङकङ काठमाडौ ओहोरदोहोर गरेको अभिलेख हङकङ अध्यागमनमा नभएको भन्ने हङकङ इन्टरपोलले लेखि पठाएको भन्ने प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान शाखाको पत्र ।

५ शा.ने.वा.नि. तथा अध्यागमन कार्यालयले पठाएको २९ डिसेम्वर १९९४ को आर.ए.४१० को यात्रु उडान सूतीमा भवेन्द्र वुढाथोकीको नाम उल्लेख नभएको यात्रु सूचीको प्रतिलिपि ।

६. भवेन्द्र वुढाथोकी, सुधिर गुरुङको टिकटमा आएको शा.ने.वा.नि ले प्रमाणित गरेको निजको पासपोर्टमा हङकङ अध्यागमनले छाप लगाएको, काठमाण्डौ अध्यागमन प्रमुखवाट मौखिकरुपमा प्रमुख भन्सार अधिकृतलाइ सो व्यक्ति उक्त उडानवाट आएको हो भनि जानकारी दिएको प्रमुख भन्सार अधिकृतले आफ्नो टिप्पणीमा लेखु भएको आधार र निजले भन्सार क्षेत्रमा आई आफूले ल्याएको सामान घोषणा गरेको देखिएको आधारमा जांच पास गर्न राय दिएको हुँ भन्ने समेतको शा.अ. टंकप्रसाद साखः को वयान ।

७. प्रमुख भन्सार अधिकृत भगवतीकुमार काफ्ले टिप्पणी पेश गर्न मौखिक निर्देशन दिए अनुसार संलग्न कागजातको आधारमा पेश गरेको हुँ । शा.ने.वा.नी ले भवेन्द्र वुढाथोकी, सुधिर गुरुङको टिकटवाट आएको भनी प्रमाणित गरेको र हङकङ अध्यागमनले निजक राहदानीमा प्रस्थान छाप लगाएको निजले सुन चांदी घोषणा गरी फारम भरेको आधारमा टिप्पणी पेश गरेको मात्र हो । मैले पेश गरेको राय अन्तिम होइन । मैले सुनचांदी जांचपास गरेको होइन । आदेश वमोजिम टिप्पणी पेश गरेको हुँ भन्ने समेतको ना.सु. कुलराज ज्ञवालीको वयान ।

८. प्रमुख भन्सार अधिकृतवाट रायको लागि म समक्ष फाइल प्राप्त हुन आएकोमा भवेन्द्र वुढाथोकी २४ डिसेम्वर १९९४ मा आएको शा.ने.वा.नि. ले प्रमाण्ति गरेको हङकङ अध्यागमनले पासपोर्टमा प्रस्थानको छाप लगाएको, निजले सुनचादी घोषणा गरी फारम भरी सोही दिन निजका नाममा सामान डिपोजित भएको आधारमा राय दिएको हुँ अध्यागमन कार्यालयले गरेको कारवाही

विषयमा मलाई जानकारी छैन । यो निर्णय भन्सार विभागवाट भई सुनचांदी जाँचपास भएको हो भन्ने समेतको उप सचिव इश्वर प्रसाद पोखरेलको वयान ।

९. तत्कालीन भन्सार प्रमुखले महसूल लिइ जांच पास गर्न महानिर्देशक समक्ष पेश गरेकोमा शा.ने.वा.नि हङकङले भवेन्द्र वुढाथोकी सुधिर गुरुङको टिकटमा काडमाण्मढौ आएको प्रमाणित गरेको अध्यागमन कार्यालय हङकङले निजको पासपोर्टमा प्रस्थान गरेको भन्ने छाप लगाएको, निज भवेन्दले घोषण गरी लामो फारम भरेको कागजातको धारमा झिटीगुण्टा भरी आदेश वमोजिम समेतका आधारमा राय दिएको हुँ । अध्यागमन कार्यालयले फाइल उठाई श्री ५ को सरकारको निर्णय भएको व्यहोरा फाइलमा उल्लेख छैन भन्ने समेतको तत्कालीन निर्देशक व्दारीकाप्रसाद उपाध्यायको वयान ।

१०. २४ डिसेम्वर १९९४ मा भवेन्द्र कुमार वुढाथोकीले ल्याएको सुनचांदी महसूल लिई छाडी दिनु पर्ने देखि विभागमा फाइल पेश गरेको प्रस्तुत केश चोरी पैठारीसंग सम्वन्धित नभएको । नीतिगत निर्णय लिनुपर्ने देखिएकोले विभागमा पेश गरेको हुँ । भवेन्द्रप्रसाद वुढाथोकीको पासपोर्टमा अध्यागमन कार्यालयले छाप नलगाई दिएको । सो सम्वन्धी निर्णयको लागि विभागमा पेश गरेको वुझिंदा भन्सार कार्यालयले पनि नीतिगत निर्णयको लागि विभागमा पेश गरेको हो । भवेन्द्र पुढाथोकी, सुधिर गुरुङको टिकटमा आएको सम्वन्धित एयर लाइन्सले प्रमाणित गरेको छ । निजले घेषणा गरी सामान जाँचपास गराउदै रहेको अवस्थामा पारपोर्टमा हेर्दा आगमनको छाप नलागेको देखिएपछि भन्सारवाटै निजसहित अध्यागमन कार्यालयमा छाप लगाउन पठाइयो, अध्यागमनले उक्त दिन निजको पासपोर्ट नदिएको र निज कहिले विदेश गएको भन्ने कुरा पेश गर्न नसकेकोले सो पनि सामान निजको नाममा जम्मा हुन गएको हो भन्ने समेतको तत्कालीन प्रमुख भन्सार अधिकृत भगवतीकुमार काफ्लेको वयान ।

११. भन्सार कार्यालयका प्रमुखले २०५१।९।२८ मा पेश गरेको फाइलमा भन्सार महसूल लिई सुन चांदी छाडि दिन निर्णय गरेको हुँ नौलो केश भएकोले भन्सार प्रमुखले प्रकृयागत विषयमा निर्णयको माग गरेको ऐनमा प्रकृयागत

विषयमा किटानी व्यवस्था नभएको हुँदा उक्त व्दिविधा निराकरण गर्न पेश भएको हो । महानिर्देशकको हैसियतले कार्यालय प्रमुखलाई व्दिविधा परेको र भन्सारको काममा एकरुपता ल्याउने विषयमा समेत निर्देशन दिने महानिर्देशको दायित्व हुँदा नियमानुसार गर्ने गरी निर्णय गरेको हुँ । भन्सार ऐन वमोजिम गर्ने विषय प्रमुख भन्सार अधिकृतमा निहित अधिकार हो । नियमानुसार महशुललिई सामान लैजाने दिने कारवाही कानूनसम्मत छ भन्ने समेतको महानिर्देशक लोकमान सिंह कार्कीको वयान ।

१२. २४ डिसेम्वरमा भवेन्द्र वुडाथोकीको यात्रा गरेको भनी प्रमाणित गरेको हुँ । भवेन्द्र वुढाथोकीको सुधिर गुरुङले वोडिङ पासवाट यात्रा गरेको प्रमाणित गर्न निवेदन दिएको र भवेन्द्र वुढाथोकीले प्रस्थान गरेको निजको पासपोर्टमा छाप लागेको हुँदा मैले सो कुराको जानकारी दिएको हुँ । मैले प्रममाणित गरेकोले कानून विपरित काम गरे जस्तो लाग्दैन भन्ने समेतको यादव लामिछानेको वयान ।

१३. आगमन र प्रस्थानको अभिलेख राख्न पासपोर्टमा छाप लगाउनु पर्ने हुन्छ । २४ डिसेमवर १९९४ का दिन ड्युटी समाप्त हुने वेलामा एक व्यक्तिले भंसार क्षेत्रवाट अध्कयागमन क्षेत्रमा आइ छाप छुटेको हुँदा पासपोर्टमा छाप लगाउन मागेको विषयमा विभागमा पेश हुँदा यात्रुको लिप्टमा नाम नभएका व्यक्तिको आगमन प्रमाणित गर्न नमिल्ने मन्त्रालयवाट निर्णय भएको हुँदा यात्रु नामावलीमा नाम नभएको हुँदा छाप लगाउन मिल्दैन भन्ने जानकारी निज भवेन्द्र वुढाथोकीलाई दिएको छाप नै नलगाएपछि निज आएको यथार्थ हो भन्ने कुरा कसैलाई भनेको छैन भन्ने समेतको तत्कालीन अध्यागमन कार्यालयका प्रमुख निरन्जन वरालको वयान ।

१४. भवेनद्रप्रसाद वुढाथोकीले सुन चांदी छुटाइ लगेको विषयमा मैले कुनै काम गरेको छैन म काउण्टरमा कार्यरत नभएको हुँदा सो घटना वारे मलाई जानकारी नभएको हुँदा सो घटनावारे मलाई जानकारी छैन । विभागीय निर्णय भै सुनचांदी फिर्ता दिएपछि सुनेको हुँ भन्ने समेतको मधुसुदन पौडेलको वयान ।

१५. म काउण्टरमा कार्यरत नभएको भवेन्द्र वुढाथोकीको नाममा सुनचांदी जम्मा भएको छाडिएको विषयमा मलाई कुनै जानकारी छैन भन्ने समेतको भरतप्रसाद धिमिरेको वयान । भवेन्द्रप्रसाद वुढाथोकीले तामेल भएको सूचनाको म्याद भित्र उपस्थिमत नभई गुजारी वसेको ।

१६. भवेन्द्र वुढाथोकीको हकमा निजका नाममा २०५१।९।९ मा हङकङ काठमाण्डौ उडानको हवाई टिकट नभएको सो दिन सोही उडानवाट आएको भन्ने अध्यागमन कार्यालयको अभिलेख र शा.ने.वा.निको यात्रु सुचिवाट देखिदैन भनि भवेन्द्र १ अक्टोवर देखि ३१ डिसेम्वरसम्म हङकङ काठमाण्डमौ ओहोर दोहोर गरेको अभिलेख हङकङ अध्यागमन कार्यालमा नभएको भन्ने लेखि आएवाट निज भवेन्द्र वुढाथोकी २४ डिसेमवर १९९४ मा आर ए ४१० को हङकङ काठमाडौ उडानवाट नआएको यदि निज उक्त उडानवाटै आएको भए तुरुन्तै अध्यागमन शाखा गै आफनो पासपोर्टमा आगमन सम्वन्धी छाप लगाउनु पर्नेमा सो गर्न नसकेको । अध्यागमन विभाग तथा गृह मन्त्री समेतवाट आगमन भएको छाप लाग्न नमिल्ने भनी ०५१।९।१७ मा निर्णय भएको समेतवाट आफू आएको प्रमाणित नहुँदा नहुदै पनि भन्सार कार्यालय प्रमुख तथा महाकनिर्देशक समेतसंग मिलेमतो गरी श्री ५ को सरकारका नाममा आम्दानी वाध्नु पर्ने सुन तथा चांदी प्र. यादव लामिछाने,लोकमाकन सिंह कार्की तथा भगवतीकुमार काफ्लेको मिलेमतोवाट छुटाई लगेको पुष्टि हुन आएकोले भ्र.नि.ऐन २०१७ को दफा ८ को प्रतिकूल हुँदा निज भवेन्द्र प्रसाद वुढाथोकीलाइ सोही दफामा उल्लेख भए वमोजिम हदैसम्म सजाय गरी ऐ ऐनको दफा २९ वमोजिम श्री ५ को सरकारलाई हानी नोक्सानी वनाई लगेको सुन तोला ८४४३।४ को जम्मा रु ६०५३८६६। तथा चांदी १२८५८ तोलाको जम्मा १२४७२६। समेत दुवैको कूल रु.७३०१०९३। (अक्षरेपी रु. त्रिहत्तर लाल एक हजार त्रियानव्वे मात्र) निज प्रतिवादीवाट भराई विगो वमोजिम जरीवाना गरी पाउन प्र. भगवतीकुमार काफ्लेको हकमा आर.ए. ४१० को उडानवाट नेपाल आएको भन्न सम्वन्धी टिकट,वोडिङ पास ल्याएको सामानको प्रमाण एवं तोल इन्टरपोलको प्रतिवेदन तथा क्याथे प्यासिफिकले दिएको जानकारी समेतलाई वेवास्ता गरी वनावटी प्रमाण खडा गर्न भवेन्द्रलाई पासपोर्टमा

छाप लगाउन अध्यागमन कार्यालमा पठाएको र गृहमन्त्रीवाट आगमन प्रमाणित गर्न नमिल्ने गरी निर्णय भएपछि गृहमन्त्रीको निर्णय विपरित लाग्ने महसुल लिइ सुनचांदी फिर्ता दिनुपर्ने किसिमले टिप्पणी उठाउन लगाई आफू समेतले सुनचांदी भन्सार महसूल लिई भवेन्द्र वुढाथोकीलाई उपलव्ध गराउनु पर्ने भनी टिप्पणी उठाई भन्सार ऐन २०१९ वमोजिम जफत गरी श्री ५ को सरकारमा वुझाउनु पर्ने कानूनी कर्तव्य भएका प्रमुख भन्सार अधिकृत भगवतीकुमार काफ्लेले सोही ऐनको दफा १९ वमोजिम कानूनी कर्तव्यवाट वीचलित भै श्री ५ को सरकारलाई गैरकानूनी हानी नोक्कसानी र प्र. भवेन्द्रप्रमसाद वुढाथोकी समेतलाई गैरकानूनी फाइदा पुऱ्याउनु वदनियतपूर्वक कार्य गरेको २०५१।९।२८ मा महानिर्देशक समक्ष टिप्पणी पेश गरेको र महानिर्देशक समेतको मिलेमतोवाट लेखिएको भन्ने कुरामा महानिर्देशकवाट सोही मितिमा निर्देशकले व्दारिका समक्ष रायको लागि पठाएको तर उक्त निर्णय फाइल भर्ने भन्सार विभागमा पठाएको पत्र भन्ने भन्सार विभागमा २०५१।१०।८ मा दर्ता भएवाट समेत जानी जानी वदनियतपूर्वक कार्य गरेको पुष्टि हुन आयो भने प्रतिवादी लोकमान सिंह कार्कीको हकमा भने महानिर्देशक जस्तो व्यक्तिले भवेन्द्र वुढाथोकी आर.ए.४१० को उडानवाट २४ डिसेमवर १९९४ का दिन आएको प्रमाणित गर्ने ठोस कानूनी कागज प्रमाण नभएको र मन्त्री समेतवाट आगमन प्रमाणित गर्न नमिल्ने निर्णय भएपछि सुनचांदीलाई भंसार महसूल लिई दिन गरी २०५१।१०।१० मा निर्णय गर्नुले प्रतिवादी भवेन्द्र वुढाथोकी संग मिली आफू समेतले खाने मनसायपूर्ण निर्णय गरको वदनियतपूर्वक श्री ५ को सरकारलाई हानी नोक्कसानी र आफू तथा भवेन्द्र वुढाथोकी समेतलाई गैरकानूनी फाइदा पुग्ने गरी नेपाल कानून जानी जानी पालन नगरेको देखिंदा उक्त कार्य भ.नि.ऐन. २०१७ को दफा ७(१) को प्रतिकूल देखिंदा प्रतिवादी लोकमान सिंह कार्की तथा प्रतिवादी भगवतीकुमार काफ्ले उपर सोही दफामा लेखिए वमोजिम हदैसम्म सजाय गरी पाउँ । साथै प्रतिवादी यादव लामिछानेको हकमा निजले भवेन्द्रलाई जो जससंग सम्वन्धित छ भनी प्रमाणपत्र वनाई भवेन्द्रको लागि फाइदा हुने गरी श्री ५ को सरकारलाई नोक्कसानी हुने गरी झुठ्ठो प्रमाणपत्र वनाई दिएको हुँदा निजले भ्र.नि.ऐन,२०१७ को दफा७(२) को

अपराध गरेकोले सोही दफा वमोजिम निज उपर हदैसम्म सजाय हुन र प्र. लोकमान सिंह कार्की, भगवतीकुमार काफ्ले तथा यादव लामिछानेको हकमा भवेन्द्रप्रसाद वुढाथोकीवाट असूल उपर गर्नुपर्ने विगो असूल उपर हुन नसक्ने अवस्था भएमा यी प्रतिवादीहरुवाट भ्र.नि.ऐन को दफा २९ वमोजिम असूल उपर गरी विगो वमोजिम जरिवाना समेत गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग दावी ।

१७. म २४ डिसेम्वर १९९४ मा हङकङ काठमाडौ उडानवाट सुधिर गुरुङको टिकटवाट आएको हुँ । तत्काल भन्सार तिरी सामान लिन नसक्नुको कारण म टिकट काउण्टरमा जांदा काउण्टर वन्द भएको कारण साथि सुधीर गुरुङको टिकट प्रयोग गरेको हो । २४ डिसेम्वर १९९४ मा आर.ए. ४१० वाट आएको हुँ । त्रिभुवन विमानस्थलमा ओर्ले पछि आगमन काउन्टर आइ आगमन कार्ड र पासपोर्ट दिएपछि काउन्टरवाट पासपोर्ट फिर्ता लिई लामो फाराम र सुनचांदी डिक्लेरेशन फारम समेत भरेको हुँ । त्यसपछि लागेको दिन अनुरोध गर्दा टिकट माग्नु भयो । टिकट हेरेपछि अर्काको टिकटमा आएकोले छाप लगाउन मिलदैन भनी पासपोर्ट राखिदिनु भयो । पर्सि आउनु भनेकोले मेरो ल्याएको सामान दर्ता गरी डिपोजित गरेको हुँदा उक्त उडानवाट आउंदा १० के.जी. सुन १५० के.जी चांदी टि.भी. क्यासेटप्लेयर आदि लिई आएकको थिए । मलाई भ्र.नि.ऐन २०१७ को दफा ७ वमोजिम सजाय तथा जरिवाना हुनुपर्ने होइन भन्ने समेतको प्र भवेन्द्रप्रसाद वुढाथोकीले पुनरावेदन अदालतमा गरेको वयान ।

१८. प्रतिवादी भवेन्द्रप्रसाद बुढाथोकीको हकमा निज अर्काको टिकटबाट आएको प्रमाणित रहेको र आफ्नो आर्जनबाट ल्याएको अवस्था प्रमाणित राख्न नसकेको अवस्थामा निज अभियुक्तको सम्बन्ध पछि ठहरे बमोजिम हुने नै हुँदा हाल भ्र.नि. ऐन, २०१७ को दफा २७(४) बमोजिम रु. १०,००,०००। (दशलाख) धरौटी वा जेथाजमानी दिए दिई तारेखमा राखी र धरौटी वा जेथाजमानी नदिए थुनामा राख्नु भन्ने समेतको पुनरावेदन अदालतको २०५४।२।२२ को थुनछेक आदेश ।

१९. प्रतिवादी भवेन्द्रप्रसाद वुढाथमोकी २४ डिसेमवर १९९४ मा आएको कुरा हङकङ इमिग्रेशनले निजको पासपोर्टमा लगाएको डिपार्चर छ । भन्सारमा कानूनसम्मत ल्याएको सामान महसुल तिरेर लैजान पाउने निवेदन दिए पश्चात भन्सार निय र ऐन अनुसार महसूल लिई सामान जांचपास गरिएको हो । भन्सारमा सामान आइपुग्दा एयरलाइसेन्सले सामान यात्रुलाई जिम्मा दिइसकेको हुन्छ । झीटीगुण्टा नियम अन्तर्गत आउने यात्रुको सामान तौल हेर्दा काम भन्सारले गर्दैन । महसूल लाग्छ लाग्दैन सो मात्र हेर्ने गरिन्छ । सुनचांदी वाहेक अरु सामानको मुल्यांकन भन्सार विभागले गर्दछ । मेरा मातहत कर्मचारीले कानूनसम्मत टिप्पणी फाइल पेश गर्नु भएकोमा मैले निजहरुको राय हेरी टिप्पणी फाइल महानिर्देशक समक्ष पेश गरेकोमा महानिर्देशकवाट ०५१।१०।१० मा टिप्पणी सदर भई भन्सारवाट सामानको महसूल लिई जांच पास भएको हो । भन्सार ऐन नियम अनुसार सामान जांच पास गरी कानूनसम्मत तरिकाले काम गरेको हुँदा मलाई भ्र.नि.ऐनका सजाय हुनु पर्ने होइन भन्ने समेतको प्र.भगवमतीकुमार काफ्लेले पुनरावेदन अदालतमा गरेको वयान ।

२०. प्रमितवादी भगवती कुमार काफ्लेको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २७(४) को अवस्था वमोजिम निजवाट धरौट वा जमानत लिनु पर्ने भएकोले निजवाट रु.५५,०००। (पचपन्न हजार) मात्र धरौट वा जमानत लिइ भुद्दाका पुर्पक्षको निमित्त तारेखमा राख्ने र धरौट वा जमानत दिन नसके थुनामा राख्न पठाई कानून वमोजिम गर्नु भनने समेतको पुनरावेदन अदालत पाटनको मिति २०५४।३।४ को थुनछेक आदेश ।

२१. भनसार क्षेत्रमा आइ लामो फाराम भरी सुनचांदी ल्याएको घोषणा गरेको र झिटीगुण्टा भारी आदेश वमोजिम नेपाली नागरिकले सुनचांदी पैठारी गर्न पाउने समपूर्ण प्रकृया पुरा गरेको हुँदा नियमानुसार महसुल लिइ छोडने तलवाट उठी आएको टिप्पणीलाई सदर गरेको हो । मैले सदर गर्ने गरी गरेको कार्य कानूनसम्मत छ र भन्सार ऐनमा भएको अधिकार प्राप्त भएको व्यक्तिको राय वमोजिमको निर्णय भएको उक्त कार्य गैरकानूनी तवरले भएको छैन । भन्सार

कार्यालमा प्रस्तुत गरेको प्रमाणको आधारमा भवेन्द्रप्रसाद वुढाथोकी काठमाडौ आएको निर्विवाद देखिन्छ । कुनै सामानको घोषणा भन्सारमा गरिसकेपछि घोषणा वमोजिमको सामान भएमा कानूनतः जफत गर्न सकिने कुनै प्राबधान नभएको हुँदा त्रि.वि भन्सार कार्यालय मार्फत नियमानुसार महशुल लिइ जाँच पास गर्नुपर्ने भनी प्रस्तुत भएको टिप्पणीलाई सदर गर्ने काम गरेको हुँदा भवेन्द्रप्रसमाद वुढाथोकी र भगवती कुमार काफ्लेसंग मिलेमतो गरी वदनियत ढंगले छोडिएको भन्ने आरोप निराधार तथा काल्पनिक छ भन्ने समेतको प्र. लोकमान सिंह कार्कीले पुनरावेदन अदालत पाटनमा गरेको वयान ।

२२. निज लोकमान सिंह कार्कीको हकमा अन्य कानूनको प्रचलित अवस्था हेर्नुपर्ने अवस्था नभै सपठित ऐनको दफा २७(४) वमोजिम धरौट वा जमानत लिनु पर्ने हुँदा निजवाट रु.४०,०००। (चालिस हजार मात्र धरौटी वा जमानत लिइ मुद्दाको पुर्पक्ष निमित्त तारिखमा राख्ने र धरौट वा जमानत दिन नसके थुनामा राख्न कारागारमा पठाई कानून वमोजिम गर्नु भन्ने समेतको पुनरावेदन अदालतको मिति २०५४।३।९ मा भएको थुनछेक आदेश ।

२३. वोर्डिङ पास टिकट वालाको नाममा जारी गरिन्छ । अन्तराष्ट्रिय उडानमा वोडिङ पास लिइ सकेपछि टिकटवाला भन्दा अर्को व्यक्तिले पनि उडमान गर्न सक्ने संभावना हुन्छ मैले सुधिर गुरुङ्गको वोडिंङ पासवाट भवेन्द्र प्रसाद वुढाथोकी उडेको भन्ने शा.ने.वा.नि.त्रि.वि . कार्यालयवाट २७ डिसेम्वर १९९४ मा भवेन्द्र वुढाथोकी,सुधिर गुरुङ्गको टिकटवाट हङकङ एअरपोर्टको अध्यागमन कार्यालय प्रस्थान गरेको भनी २४ डिसेम्वर १९९४ मा छाप लगाएको सुधिर गुरुङ्गले आफ्नो वोर्डिङ पास भवेन्द्र वुढाथोकीलाइ दिएको हुँदा भनी स्वीकार गरी शा.ने.वा.नि हङकङमा निवेदन दिएको हङकङ अध्यागमन कार्यालयले २४ डिसेम्वर १९९४ मा यात्रा गरेको प्रमाणित गरेको समेतवाट २७ अप्रिल १९९५ मा वुढाथोकीको यात्रा वारेमा सम्पूर्ण विवरण खुलाई प्रमाण सहित लेखि पठाएको हुँ मैले कुनै किसिमको झुठ्ठो प्रमाण वनाएर दिएको छैन तसर्थ मैले कुनै किसिमको

भ्रष्टाचार गरेको छैन र यो अभियोग म उपर लागु हुन सक्दैन भन्ने समेतको प्र. यादव लामिछानेको पुनरावेदन अदालत पाटनमा भएको वयान ।

२४. भ्र.नि. ऐन, २०१७ को दफा २७(४) को अवस्था विद्यमान रहेको देखिनाले पछि मुद्दा फैसला हुँदाको वखत ठहरे वमोजिम हुने गरी हाल पुर्पक्षको निमित्त प्र.यादव लामिछानेवाट भ्र.नि.ऐन २०१७ को दफा २७ (४) वमोजिम रु.१०,००,०००। (दश लाख) नगद धरौट वा सो वमोजिम जेथा जमानी दिए लिइ तारेख राख्ने र सो दिन नसके थुनामा राख्न अ.वं १२१ नं वमोजिम थुनुवा पूर्जि दिइ कारागारमा पठाइ दिने भन्ने समेतको पुनरावेदन अदालत पाटनको मिति २०५४।३।१० मा भएको थुनछेक आदेश ।

२५. कानूनतः गर्नुपर्ने कार्यको पदीय दायित्व पृथक रहन नसक्ने कुरा निश्चित हो पदीय जिममेमवारी वहान गरी त्यसलाई नियोजित रुपमा फाईदा पुग्ने तर्फ प्रवृत्त भएको देखिएको अवस्थामा त्यसवाट आशयमा शंका गर्नुपर्ने हुन्छ । साथै भ्रष्ट्रचार निवारण ऐन, २०१७ को दफा ७(१),७(२) र ८ को व्यवस्था पनि त्यही नै हो र गैरकानूनी लाभ र हानीको प्रश्नमा वदनियतसाथ नेपाल कानूनको जानीजानी पालन नगरेमा भ्रष्टाचार ठहरिने हुँदा नोपालका कानूनको पालना नहुनु पहिलो शर्त हो र भन्सार सम्वन्धित कानूनवाट उल्लेखित सामान फिर्ता दिने अधिकार प्रमुख भन्सार अधिकृतमा रहेको देखिन्छ र निजवाट सो कानूनले निर्दिष्ट गरेको कानूनको रोह रीत नपुऱ्याइ फिर्ता दिने कार्य भएको र सो कार्य निजको निहित कार्य क्षेत्र भित्रको देखिंदा सो दायित्ववाट निज पृथक हुन सक्ने देखिएन । त्यस्तै सो सामान फिर्ता दिने कार्यमा भंसार समवन्धी कानूनमा महानिर्देशकको अधिकार नदेखिएको हुँदा निजलाई कानूनले सो सम्वन्धी अधिकार प्रदान नगरेको कर्तव्य किटान नगरेको अवस्थामा सो पालना हुने नहुने सम्वन्धी प्रश्न आउने स्थिति पनि हुँदैन । निहित अधिकारको उल्लघंनवाट दायित्व वहन गर्नुपर्ने हुन्छ भने नभएको अधिकारको पालनाको प्रश्न आउदैन । अभियोग पत्रमा प्रमुख भंसार अधिकृत भगवतीकुमार काफ्ले उपर निजलाई प्राप्त भंसार सम्वन्धी कानूनले प्रदान नगरेको अधिकारको उल्लघन भएको भनी दावी लिएको अवस्थामा सो कानूनको

उल्लंधन भएको देखिए पनि महानिर्देशक लोकमान सिंह कार्कीको उल्लेखित कामको सन्दर्भमा निजको कार्यक्षेत्र भित्र नपर्ने विषयमा निजलाई जिम्मेवार वनाउंदा निजले नेपाल कानूनको कुन व्यवस्था उल्लंघन गरेको हो सो कुरा देखिनुपर्ने हुनछ । अभियोग पत्रमा सो केही नहुँदा र निजले कानून गर्नुपर्ने कुरा के नगरेको हो सो पनि अभियोग पत्रमा उल्लेख नभएको अवस्थामा निजले सो दायित्व व्यहोर्नु पर्छ भन्ने दावी कानूनसंगत देखिएन ।

२६. तसर्थ माथि उल्लेख भएको आधार र कारणवाट प्रतिवादी भवेन्द्रप्रसाद वुढाथोकी र भगवतीकुमार काफ्लेले आरोपित कसूर गरेको ठहर्छ भने प्रतिवादी लोकमान सिंह कार्की र यादव लामिछाने उपरको अभिभकयोग दावी पुग्न नसक्ने ठहर्छ भन्ने पु.वे.अ पाटनका माननीय न्यायाधीश श्री कोमल नाथ शर्मावाट भएको मिति २०५४।४।४ को फैसला ।

२७. पु.वेअ. पाटनले मिसिल संलग्न तथ्यको अवहेलना गरी नेपाल आउदै नआएको प्रमाणित भएको व्यक्ति भवेन्द्रप्रसाद वुढाथोकीलाई भ्रष्टाचार गरेको ठहर गर्ने भंसार अधिकृतको टिप्पणीलाई सदर गर्ने महानिर्देशक लोकमान सिंह कार्की र नेपाल आएको प्रमाणित गर्न अख्तियारै नपाएको यादव लामिछानेलमाई सफाइ दिने गरी भएको फैसला आत्मनिष्ट एवं गैरकानूनी हुँदा मिति २०५४।५।४ को फैसला वदर गरी शुरु अभियोग मागदावी वमोजिम प्र. लोकमान सिंह कार्की तथा प्र. यादव लामिछानेको हकमा पनि ठहर गरी पाउँ भन्ने अ.दु.नि आयोगको तर्फवाट श्री ५ को सरकारको यस अदालतमा दायर हुन आएको पुनरावेदन पत्र ।

२८. पु.वे.अ. को फैसला ने.का.प. ०५०,नि.नं ४७६७,पृ.३७० र नेका.प. ०५२ नि.नं ६०७५ पृ. ८२३ मा प्रतिवादित सिद्धान्त र भन्सार ऐन,नियम विपरित फैसला भएको हुँदा सो फैसला वदर गरी सफाइ पाउँ भन्ने र भवेन्द्रप्रसाद वुढाथोकी,भगवतीकुमार काफ्लेको यस अदालतमा दायर हुन आएको छुट्टाछुट्टै पुनरावेदन पत्र ।

२९. पु.वे.अ पाटनवाट प्र. लोकमान सिंह कार्की र प्र यादव लामिछानेलाई वादीको पर्ने देखिएवाट अ.वं २०२ नं वमोजिम झिकाइ आएपछि वा अवधि नाघेपछि लगाउका फौ.पु.नं.१६४८ र १६४९ को पुनरावेदन साथै राखी नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालत संयुक्त इजलासको आदेश ।

३०. नियम वमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी पुनरावेदक र झिकाएको तर्फवाट वहस पैरवीका लागि उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री वलराम के.सीले शुरु मुद्दा दायर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुनरावेदन गर्ने होइन । सो सम्वन्धमा दिलवहादुर लामा समेतको मुद्दामा सिद्धान्त प्रतिवादन भएको छ र पुनरावेदक भगवतीकुमार काफ्लेको तर्फवाट उपस्थिमत वरिष्ठ अधिवक्ता श्री गणेश राज शर्मा र अधिवक्ता श्री राधेश्याम अधिकारीले श्री ५ को सरकार वादी हुने मुद्दामा पुनरावेदन गर्ने नगर्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्ताको हो । । अ.दु.अ.आ.ले दायर गरेको पुनरावेदन संविधान प्रतिकूल छ । भन्सारमा काम गर्ने कर्मचारीले कुन एयर लायन्सवाट आउको हो पासपोर्ट छ छैन भनी हेर्ने कुरा होइन । महानिर्देशकवाट राय सदर भएकोले जानी जानी कानूनको पालना नगरेको भनी मेरो पक्षलाई सजाय गर्नमिल्दैन । भन्सार प्रमुखले कानूनले दिएको अख्तियार अन्तर्गत कार्य गरेको हुँदा पुनरावेदन अदालतले सजाय गर्ने गरेको मिलेको छैन । प्र. यादव लामिछानेको तर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण वल्लभ पन्तले र प्र. लोकमान सिंह कार्कीको तर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री सुसिलकुमार पंतले पुनरामवेदन गर्दा सरकारी वकिलले नै गनुपर्ने व्यवस्था कानूनले गरेपछि अ.नु.अ.आ. ले पुनरावेदन गर्नसक्ने होइन ,अ.दु.आ.को पुनरावेदन सुन्य हुनु पर्छ । मेरो पक्ष कुनै कारणले दोषी छैन । पुनरावेदनको फैसला सदर हुनुपर्छ भन्ने र पुनरावकेदक भवेन्द्रप्रसाद वुढाथोकीको तर्फवाट उपस्थिमत विद्वान अधिवक्ता श्री सुनिल अधिकारीले मेरो पक्षले भंसारको अधिकारीसंग मिलेको पुष्टि हुन सकेको छैन ठाडो अभियोग मात्र लगाइएको छ ,कसलाई फाइदा र के वेफाइदा भयो भन्ने अभियोग पत्र र पु.वे.अ.

को फैसला मौन हुदा मेरो पक्षले सफाइ पाउनुपर्छ भन्ने समेत वहस प्रस्तुत गर्नुभयो ।

३१. पुनरावेदन अदालत पाटनको फैसला मिले नमिलेको के रहेछ सो को निर्णया दिनु पर्ने हुन आयो ।

३२. निर्णय तर्फ विचार गर्दा प्रस्तुत मुद्दा भ्रष्टाचार मुद्दा भन्ने कुरामा विवाद देखिन आउदैन । अखितकयार दुरुपयोग अनुसनधान आयोगले प्रस्तुत मुद्दा पुनरावेदन अदालतमा दायर गरी यो मुद्दाको सुरुवात भएको देखिन्छ । पुनरावेदन अदालत पाटनवाट फैसला हुँदा महानिर्देशक लोकमान सिंक कार्की र यादव लामिछानेलाई सफाइ दिए उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस अदालतमा पुनरावेदन दायर गरेको देखिन्छ । यसमा आयोगले पुनरावेदन गर्ने हो वा सरकारी मुद्दा सम्वन्धी ऐन,०४९ वमोजिम सरकारी वकीलले पुनरावेदन गर्ने हो सो मुख्य विवादको विषय हुन आएको छ ।

३३. मुलुकी ऐन अदालती वन्दोवस्तको १९३ नं. वमोजिम झगडियाले पुनरावेदन गर्न पाउने साधारण सिद्धान्त भएपनि त्यस सम्वन्धमा खास खास ऐनमा यदि व्यवस्था छ भने सो व्यवस्था झन प्रभावकारी हुन आउने कानूनी सिद्धान्त हो । त्यस सम्वन्धमा हेरिदा अख्तिकयार दुरुपयोग अनुसन्धान आयोगले चलाएको भ्रष्टाचार मुद्दा श्री ५ को सरकार वादी हुनेछ भन्ने अ.नु.अ.आ ऐन,२०४८ को दफा ३४(२) मा व्यवस्था भएको पाइन्छ । सरकारी मुद्दा समवन्धी ऐन,०४९ को दफा २४(१) मा ... कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भन्ने मुद्दामा पुनरावेदन गर्ने अधिकारीमा सरकारी वकिल भन्ने उल्लेख भएको पाइन्छ । यसरी श्री ५ को सरकार वादी हुने मुद्दाको खास ऐनमा सरकारी वकिल मार्फत पुनरावेदन आउनु पर्नेमा सो वमोजिम आएको देखिन आएन । उसमा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन भन्दा पछि आएको सो सरकारी मुद्दा सम्वन्धी ऐनको व्यस्थालाई असर गर्ने गरी व्याख्या गर्न पनि मनासिव हुन आउँदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा पुनरावेदन गर्ने व्यवस्थाको वारे मौन छ ।

३४. उपरोक्त कुराको साथै मिति २०५२।९।२०।५ मा पूर्ण इजलासवाट सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २४(१) ले पुनरावेदन दिने काम कर्तव्य सरकारी वकिलको रहे भएको देखिन्छ भन्दै सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा २४(१) मा अनुसूची १ वा २ मा लेखिएको मुद्दा र कुनै ऐनमा श्री ५ को सरकार वादी हुने भनि लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्वन्धी कुनै निवेदन दिनु पर्दा सम्वन्धित सरकारी वकिलले दिनेछ भन्ने भनेको र भ्रष्टाचार निवारण ऐन, ०१७ को दफा २५ वमोजिम प्रस्तुत मुद्दा श्री ५ को सरकारवादी हुने देखिएकोले प्रस्तुत मुद्दामा सरकारी वकिलले पुनरावेदन गर्नुपर्नेमा विशेष प्रहरी विभागवाट परेको पुनरावेदनवाट कारवाही गर्न नमिलने हुँदा पुनरावेदन खारेज हुने भन्ने श्री ५ को सरकार विशेष प्रहरी विभाग विरुद्ध दिल वहादुर लामा समेत भएको भ्रष्टाचार मुद्दा ने.का.प ०५२ भाग ३७ अंक ९ पृष्ठ ७५९ सिद्धान्त प्रतिपादन भइरहेको अवस्था हुँदा सो पूर्ण इजलासको नजिर यस संयुक्त इजलमासले मान्नु वाहेक अन्य सोच गर्न पनि हुने अवस्था आउदैन । तसर्थ अख्तियार दुरुपमयोग अनुसन्धान आयोगको पुनरावेदनतर्फ विचार गरी रहन पर्ने अवस्था नहुँदा त्यस्ता पुनरावेदन खारेज हुने ठहर्छ ।

३५. अव भवेन्द्रप्रसाद र भगवमती कुमार काफ्लेको पुनरावेदनतर्फ विचार गर्दा भवेन्द्रप्रसाद २४ डिसेम्वर १९९४ हङकङ काठमाडौ उडानमा रहेको आर.ए. ४१० मा हङकङवाट प्रस्थान भएको भन्ने हङकङ अध्यागमनको छाप लागेको मिसिल संलग्न निजको पासपोर्ट फोटोकपीवाट देखिन आउँछ । निज भवेन्द्रप्रसाद त्रिभुवन विमानस्थलमा ओर्ले पछि आगमन काउन्टरमा आइ आगमन कार्ड र पासपोर्ट देखाई प्रज्ञापन फाराम र सुनचांदी डिक्लेरेशन फाराम समेत भरी महसूल वुझाउन जांदा अर्काको टिकटवाट आएकोले छाप लगाउन नमिलने भनि अध्यागमनले पासपोर्ट खिचेको देखिन्छ भने निजले साथमा ल्याएको सामान दर्ता गरी सुनचांदी डिपोजिट गरेको, तर टि.भी. र क्यासेट प्लेयर छुटाइ लगेकोले सोही मितिमा त्रि.विमानस्थलमा उपस्थित भएको फाइलवाट देखिन आउछ । हवाइमार्गवाट नआएको भन्ने हो भने सोही अवस्थामा त्रिभुवन विमानस्थलमा आफ्नो पासपोर्ट पेश गरेको देखिन आउँछ । अन्य साधनवमाट त्रि.वि. एयरपोर्टमा आउन

सक्ने अवस्था हुदैन । अर्काको टिकटमा आएको भनि अध्यागमन विभागले निज भवेनद्रलाई फिर्ता पठाउने जस्ता अध्यागमन कानून वमोजिम कारवाइ उठाएको देखिदैन । सिर्फ प्यासेनजर लिष्टमा नाम नपरेको कारणले पासपोर्ट मात्रमा काठमाडौको अध्यागमनमा छाप लाग्न नसकेको भएतापनि अन्तर्राष्ट्रिय उडानमा एकको वोडिङ पासवाट अर्को व्यक्ति उड्न सक्नेसंभावना रहन्छ भनि आर.एन.ए.सी. का प्र यादव लामिछानेले वयान गरेको पाइन्छ भने टिकटवाला सुधिर गुरुङले वोडिङपास भवेन्द्रप्रसादलाइ दिएको छु भनि शा.ने.वा.नि. हङकङमा निवेदन दिएकोले मसोही टिकट र पासवाट निज त्रि.वि. स्थलमा आएको भनि सुधिर गुरुङको पेश भएको टिकट फाइलवाट देखिन आउँछ । अर्काको टिकट लिइ आएकको मात्र कारण भएपनि हङकङ अध्यागमनवाट हिड्नु Departure कुन सोही दिन एअरपोर्टमा हुनु प्रज्ञापन भर्नु कार्यलाई अन्यथा भन्न र भ्रष्टाचारको संज्ञा दिन भिल्न आएन ।

३६. अर्का भंसार प्रमुख भगवती कुमार काफ्लेले भंसारमा ल्याएको सामान वैध,अवैध के हो महसूल तिरेर लैजान पाउने नपाउने के हो हेर्ने कुरा हो । अर्काको टिकटमा आउने व्यक्तिले ल्याएको मालसामान छुटाउन दिने वा नदिने भन्ने कुरामा र मातहतका कर्मचारीले पेश गरेको टिप्पणीलाई भंसार प्रमुखले आफ्नो राय समेत लेखि महानिर्देशक समक्ष पेश गरेको र महानिर्देशकवाट सदर भई आएपछि महसूल लिई जांच पास गरेको यस्तो कार्यलाई भ्रष्टाचार गरे भन्न सकिने अवस्था नभएवाट निज दुवै जना भवेन्द्र प्रसाद वुढाथोकी र भंसार प्रमुख भगवतीकुमार काफ्लेले सफाइ पाउने ठहर्छ । पु.वे.अ .पाटनको फैसला केही उल्टी हुन्छ । अरु तपसिल वमोजिम गर्नु ।

तपसिल

पुनरावेदन प्रतिवादी भवेन्द्र वुढाथोकी के माथि इन्साफ खण्डमा लेखिए वमोजिम पुनरावेदन अदालत पाटनको फैसला केहि उल्टी भै निजले आरोपित कसूरवाट सफाइ पाउने ठहरेकाले पुनरावेदन अदालत पाटनको फैसलाको तपसिल खण्डको देहाय १ वमोजिम राखिएको लगत कायम नहुने हुँदा उक्त लगत कट्टा गरी दिनु

भनी रुपन्देही जिल्ला अदालतमा लेखि पठाइ दिनु र निज प्र. भवेन्द्रप्रसाद वुढाथोकीले पुनरावेदन अदलतमा पुर्पक्षको लागि तारिखमा रहंदा नगद रु.१०,००,०००। (दशलाख) धरौट राखेको र पुनरावेदन अदालतको फैसला उपर पुनरावेदन गर्दा यस अदालतमा जेथाजमानी राखी पुनरावेदन गरेको देखिंदा यस अदालतको आदेशले रोक्का रहेको जग्गा फुकुवामा गरी दिनु भनि सम्वन्धित कार्यालयमा लेखि पठाई धरौट रकम फिर्ता पाउँ भनि ऐनका म्यादभित्र दरखास्त दिन आए नियमानुसार फिर्ता पठाई दिनु भनि पुनरावेदन अदालत पाटनमा लेखि पठाइदिनु ................ १

पुनरावेदक प्रतिवादी भगवतीकुमार काफ्लेके माथि इन्साफ खण्डमा लेखिए वमोजिम पुनरावेदन अदालतको फैसला केही उल्टी भै निजले आरोपित कसूरवाट सफाइ पाउने ठहरेकाले पुनरावेदन अदालत पाटनको फैसलाको तपसिल खण्डको देहाय २ वमोजिम राखिएको लगत कायम नरहने हुँदा उक्त लगत कट्टा गरी दिनु भनी काठमाडौ जिल्ला अदालतमा लेखी पठाई दिनु र निज प्र भगवती कुमार काफ्लेले पुनरावेदन अदालतममा पुर्पक्षको लागि तारेखमा रहंदा नगद रु.५५,०००। (पचपन्न हजार) धरौटी राखेको र पुनरमावेदन अदालतको फैसला उपर पुनरावेदन गर्दा यस अदालतमा जेथाजमानी राखी पुनरावेदन गरेको देखिंदा यसै यसै अदालतको आदेशले रोक्का रहेको जग्गा फुकुवा गरी दिनु भनि सम्वन्धित कार्यालयमा लेखि पठाई उक्त धरौट रकम फिर्ता पाउँ भनि ऐनका म्यादभित्र दरखास्त दिन आए नियमानुसार फिर्ता दिनु भनि पुनरावेदन अदालत पाटनमा लेखि पठाइ दिनु ...........२

मिसिल नियमानुसार गरी वुझाई दिनु ..............३

उक्त रायमा म सहमत छु ।

न्या. राजेन्द्रराज नाख्वा

इति संवत् २०५६ साल जेष्ठ १२ गते रोज ४ शुभम् ..............।

## ७. रे.भोगेन्द्र रायमाझीको प्रतिवेदनले श्री ५ को सरकार विरुद्ध पन्द घले समेत , ने.का.प. २०५८,अंकः ३, निर्णय नं. ६९९९

निर्णय नं. ६९९९ - कस्तुरी मारी विना बिक्री सम्बन्धमा

भागः ४३ सालः २०५८ महिनाः असार अंकः ३
फैसला मिति :२०५७/११/१९ १०५४

संयुक्त इजलास
माननीय न्यायधीश श्री राजेन्द्रराज नाख्वा
माननीय न्यायधीश श्री केदारप्रसाद गिरी
सम्वत २०५२ सालको फौ.पु.नं. १४६२

मुद्दाः कस्तुरी मारी विना बिक्री सम्बन्धमा ।

पुनरावेदक/वादीः रे.भोगेन्द्र रायमाझीको प्रतिवेदनले श्री ५ को सरकार ।

प्रत्यर्थी

प्रत्यर्थी/प्रतिवादीः जिल्ला धादिङ्ग सेरतुङ्ग गा.वि.स.वडा नं.५ बस्ने पन्द घले समेत ।

- **७० दिन भित्र पुनरावेदन गर्न नसकेको कारण देखाई अ.वं.५९ नं.अन्तर्गत उक्त ७० दिन गुज्रेको मितिले ३० दिन भित्र थमाइ पाउन निवेदन दिई म्याद थमाइ २०५१।५।९ मा मात्र प्रतिवादीहरुले पुनरावेदन दर्ता गराएको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ दफा ३१(३)मा त्यस्तो फैसला उपर ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भइरहेको पाइन्छ । तर ७० दिनको पुनरावेदन म्याद दिएकोले ७० दिन भित्र पुनरावेदन लाग्ने हो कि भन्नेतर्फ विचार गर्दा कानूनद्वारा तोकिएको म्याद भन्दा**

**घटि बढी हुने गरि पुनरावेदन गर्ने म्याद दिंदैमा त्यसरी दिएको म्याद भित्र पुनरावेदन लाग्ने नभई कानूनद्वारा निर्दिष्ट गरिएको म्याद भित्रै पुनरावेदन गर्नु पर्ने हुन्छ । विधायिकाबाट ऐनमा नै प्रष्टरुपले तोकि दिएको पुनरावेदन गर्ने म्याद अन्यथा हुने गरी घटी बढी उल्लेख गर्दैमा त्यस्तो घटी बढी कायम रहन सक्ने नभई कानूनद्वारा निर्दिष्ट मँयद नै कायम हुने हुँदा सम्बन्धित मुद्दाका पक्ष विपक्षले पनि कानूनद्वारा निर्दिष्ट म्यादलाई नै अनुशरण गरी सोही म्याद भित्रै पुनरावेदन गर्नुपर्ने हुन्छ ।**

- **प्रस्तुत मुद्दामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ३१(३)द्वारा निर्दिष्ट ३५ दिन म्याद भित्र प्रतिवादीहरुले पुनरावेदन नगरी २०५१।२।२ मा तामेल भएको पुनरावेदन गर्ने म्यादबाट ३५ दिन र अ.वं.५९ नं.ले थमाउन पाउने म्याद ३० दिन नघाई २०५१।५।१९ मा आयर मात्र दायर भएको देखिंदा त्यस्तो पुनरावेदन ग्रहण गरी इन्साफ गर्न नमिल्ने भई पुनरावेदनै खारेज गर्नुपर्नेमा सो नगरी इन्साफ गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको नदेखिएकोले उल्टी हुने ।**

(प्र.नं. १९ र २०)

पुनरावेदक वादी श्री ५ को सरकार तर्फबाटः विद्वान सह न्यायाधिवक्ता श्री पुष्पराज कोइराला

प्रत्यर्थी प्रतिवादी तर्फबाटः x

अवलम्वित नजिरः x

फैसला

**न्या.राजेन्द्रराज नाख्वाः** पुनरावेदन अदालत राजविराजको फैसला उपर न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१)(ग) अन्तर्गत वादी श्री ५ को सरकारको पुनरावेदन परी दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

२. मिति २०४९।५।७ गते साँझ ७ः३० बजे तिर जोरसल्ले प्रवेशद्वारका कर्मचारी र श्री नयाँ गुल्मका सिपाही समेतको सक्रियातामा जिल्ला धादिङ्ग सेरतुङ्ग गा.वि.स. वडा नं. ५ बस्ने पन्द घले, ऐ.ऐ. का अम्वर तामाङ्ग र फलाम तामाङ्गको खानतलासी लिंदा कस्तुरी विना एक खुकुरी थान ३, कस्तुरीको सुकुटी मासु पोका २ र निजहरुको आफ्नो ओड्ने ओछ्याउने कपडा समेतका समानहरु बरामम भएकोले पक्राउ गरी आवश्यक कार्यवाहीको लागि सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय पठाइएको भन्ने समेत व्यहोराको भोगेन्द्र रायमाझीको प्रतिवेदन ।

३. श्रावण १५ गते म लगायत फलाम तामाङ र अम्वर तामाङ घरबाट हिंडी काठमाडौं मनाङ्गी भन्ने गोफ्ले साहुलाई भेटी हामीलाई निजले लुक्ला आउने टिकट समेत दिएको हुँदा ऐ. २३ गते लुक्ला आई अर्को दिन स्यांगवोचे गई पासो थाप्दा भदौ ६ गते सम्ममा भाले कस्तुरी १ र पोथी कस्तुरी १ परेकोले सो को विना लैजादा जोरसल्ले प्रवेशद्वारमा पक्राउ परेको हो । पहिले पौष महिनामा पनि सोही जङ्गलबाट भाले कस्तुरी १ मारी मनालङ्गी गोफ्ले साहुलाई प्रति तोला रु.३५००। का दरले विना बिक्री गरेका भन्ने समेत व्यहोराको अभियुक्त पन्द घलले सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयमा गरेको साविती बयान ।

४. म सहित पन्द घले र अम्वर तामाङ्गले २०४९।५।६ गते कस्तुरी मारी ऐ.७ गते लिएर जाँदा जोरसल्ले प्रवेशद्वारमा पक्राउ परेको हो । पन्द घलेले गोफ्ले साहुलाई चिनाएको र निज साहुले हाम्रो प्लेनको टिकट किनी खर्चको लागि रु.४०० का दरले दिएका र विनाको प्रति तोला रु.३५००। दिने कुरा गरेको थिए । सोनाम मेरो सालो पर्छ भन्ने समेत व्यहोराको फलाम तामाङ्गले सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय सोलुमा गरेको बयान ।

५. पन्द घलले, फलाम तामाङ्ग र म सहित स्यांगवोचे जङ्गलबाट कस्तुरी मृत मारी विना लिएर जाँदा जोरसल्लेमा पक्राउ परेको हौं भन्ने समेत व्यहोराको अम्वर तामाङ्गले सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयमा गरेको बयान ।

६. यी व्यक्तिहरुबाट कस्तुरीको वीना मासु समेत बरामद भएकाले यिनीहरु कस्तुरी मारी विना बिक्री गर्ने मानिस हुन भन्ने समेत एकै मिलानको मिति २०४९।५।९ को सर्जमिन मुचुल्का ।

७. अभियुक्त पन्द घले, फलाम तामाङ्ग र अम्वर तामाङ्गले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ५(क)को वर्खिलाप कार्य गरेकोले सोही ऐनको दफा २६(१)अनुसार जनही रु.२५०००। जरिवाना र ५ वर्ष कैद सजाय गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०४९।५।१० को फिराद पत्र ।

८. मैले मेरा साथीहरुसँग मिली कस्तुरी मार्ने र विना बिक्री गर्ने समेतको काम गरेको हुँ भन्ने समेत व्यहोराको पन्द घलेले मिति २०४९।५।१६ मा सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय सोलुका नि.प्रमुख संरक्षण अधिकृत समक्ष गरेका बयान ।

९. मैले कस्तुरी मृग मार्ने कार्यमा भाग लिएकै हुँ र गोफ्ले साहुले सामान टिकट समेत खरिद गरी दिएको हुँदा वीना उसैलाई बेच्ने विचार गरेको थियौं भन्ने समेत व्यहोराको अभियुक्त अम्वर तामाङ्गले नि.प्रमुख संरक्षण अधिकृत समक्ष गरेका बयान ।

१०. पासो थापी कस्तुरी मृग मारेको हुँ । वीना बिक्रीबाट धेरै पैसा कमाउन सकिन्छ भन्ने अभिप्रायले मृगको शिकार गरी विना बेच्ने गरेको भन्ने समेत व्यहोराको फलाम तामाङ्गले नि.प्रमुख संरक्षण अधिकृत समक्ष मिति २०४९।५।१६ मा गरेको बयान ।

११. प्रतिवादीहरु पन्द घले, फलाम तामाङ्ग र अम्वर तामाङ्गलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा २६(१)अनुसार जनही ५ वर्ष कैद र

पच्चीस हजार रुपैया जरिवाना हुने ठहर्छ भन्ने समेत व्यहोराको सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०५१।१।२५ को फैसला

१२. हामीसँग जवरजस्तीपूर्ण तवरले लिएको साविती र त्रुटिपूर्ण बरामदी मुचुल्कालाई आधार मानी शुरु कार्यालयले गरेको फैसला वदर गरी हक इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादीहरु पन्द घले, अम्वर तामाङ्ग र फलाम तामाङ्गको संयुक्त पुनरावेदन पत्र ।

१३. विशेष अदालत ऐन, २०३१ को दफा ८(१) बमोजिम प्रतिवादीको मुद्दा हेर्ने अधिकार समक्ष नभै निमित्त समक्ष बयान भएको देखिएको, मुलुकी ऐनको ढाँचामा बयान नभएको, बयानमा प्रतिवादीको साक्षी सबुद नसोधिएको नखुलाएको, मुद्दा हेर्ने अधिकारी समक्ष दशी पेश नभएको, सनाखत नभएको, सजाय पनि हदै सम्मको भएका देखिएकोले शुरुको इन्साफ फरक पर्ने देखिंदा प्रत्यर्थी झिकाई पेश गर्नु भन्ने समेत व्यहोराको पुनरावेदन अदालत राजविराज सस्तरीको मिति २०५२।३।२७।३ को आदेश।

१४. यसमा पुनरावेदक प्रतिवादी पन्द घले, अम्वर तामाङ्ग फलाम तामाङ्ग समेतले कस्तुरी मारी वीना बिक्री गर्ने कार्यमा आफ्नो संलग्नता रहेको भनी आरोपित कसूर गरेकोमा साविती रही गरेको बयान, निजहरुबाट कस्तुरीको वीना १ समेत बरामद भएको बरामदी समेतको आधारमा पुष्टी हुन गएको अवस्था र स्थितिमा निजहरुले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ५(क)को अपराध गरेको देखिन आउँदा उक्त ऐनको दफा २६(१) बमोजिम कसूरको मात्रा अनुसार प्रतिवादीहरुलाई शुरुले गरेको सजाय चर्को पर्ने देखिंदा निजहरुलाई जनही १ वर्ष कैद र रु.५०००। जरिवाना हुने ठहर्छ भन्ने समेतको पुनरावेदन अदालत राजविराजको मिति २०५२।७।१३ को फैसला ।

१५. पुनरावेदन अदालतको उक्त फैसलामा चित्त बुझेन । प्रतिवादीहरु अनुसन्धान अधिकारी तथा मुद्दा हेर्ने अधिकारी समक्ष कसूरमा सावित छन् । निजहरु उपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अन्तर्गत कसूर कायम

भएको छ । उक्त ऐन अनुसारको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को अनुसूची भित्र पर्ने नभै श्री ५ को सरकार वादी भई चल्ने मुद्दा हो । सो मुद्दामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ दफा ३१(३)अनुसार ३५ दिन भित्र पुनरावेदन परेको भए मात्र ग्रहण गर्नु पर्नेमा पुनरावेदन अदालत राजविराजबाट कानूनले थमाउन पाउने हदम्याद समेत गुज्रि पर्न आएको पुनरावेदन पत्र ग्रहण गरी गरेको फैसला उक्त ऐन र मुलुकी ऐन अ.वं.१९३ नं.समेतको त्रुटी गरी गरेको हुँदा वदर गरी शुरु सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयको फैसला अनुसार नै वादी दावी बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदन पत्र ।

१६. यसमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०४९ दफा ३१(३)मा तोकिएको अदालत वा अधिकारीले गरेको निर्णय वा आदेश उपर सो निर्णय वा आदेश भएको ३५(पैंतिस)दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने भन्ने व्यवस्था भएकोले सो व्यवस्था अनुरुप प्रस्तुत पुनरावेदनमा सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय सोलुबाट मिति २०५१।१।२५ मा भएको फैसला उपर पैंतीस दिन भित्र पुनरावेदन अदालत राजविराजमा पुनरावेदन लाग्न सक्नेमा सो पैंतीस दिन नघाई मिति २०५१।५।९ मा परेको पुनरावेदन लिई हेरेको पुनरावेदन अदालतको फैसला नमिली फरक पर्न सक्ने देखिंदा अ.वं.२०२ नं.बमोजिम छलफलको लागि प्रत्यर्थीहरु झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालत संयुक्त इजलासबाट मिति २०५७।२।२३ मा भएको आदेश ।

१७. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी श्री ५ को सरकार तर्फबाट रहनु भएका विद्वान सह–न्यायाधिवक्ता श्री पुष्पराज कोइरालाले प्रतिवादीहरु आफूले कसूर गरेमा अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारी समक्ष सावित रहेका छन् । निजहरुको सँग साथबाट अवैध कस्तुरीको विना थान एक समेत बरामद भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ दफा ३१(३)मा शुरु फैसला उपर चित्त नबुझे ३५ दिन भित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्न

सक्ने व्यवस्था स्पष्टरुपले भइरहेको अवस्थामा सो म्याद नघाई दिएको पुनरावेदन लिई इन्साफ बोलेको पुनरावेदन अदालतको फैसला वदर भई शुरुबाट भएको फैसला सदर कायम रहनु पर्दछ भनी गर्नु भएको वहस सुनी पुनरावेदन सहितका मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरी हेर्दा पुनरावेदन अदालत राजविराजले गरेको फैसला मिले नमिलेको के रहेछ ? र पुनरावेदन जिकिर बमोजिम हुने वा नहुने के हो ? भन्ने सम्बन्धमा नै निर्णय दिनु पर्ने हुन आयो ।

१८. यसमा निर्णय तर्फ विचार गर्दा प्रतिवादीहरुले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ५(क) को वर्खिलाप कार्य गरेकाले सोही ऐनको दफा २६(१) अनुसार जनही रु. २५०००। जरिवाना र ५ वर्ष कैद सजाय गरी पाउँ भन्ने समेतको मुख्य फिराद दावीमा प्रतिवादीहरुले कस्तुरी मृग मारेमा सावित भई बयान गरेको प्रस्तुत मुद्दामा शुरु सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका संरक्षण अधिकृतले प्रतिवादीहरु तीनैजनालाई कसूरदार ठहऱ्याई जनही कैद वर्ष ५ र रु. २५,०००। जरिवाना गर्ने गरेको फैसला आंशिक उल्टी गरी प्रतिवादीहरुलाई जनही कैद वर्ष १ र रु. ५,०००। जरिवाना गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला उपर वादी श्री ५ को सरकारको तर्फबाट प्रस्तुत पुनरावेदन परेको पाइन्छ ।

१९. यसमा प्रतिवादीहरु पन्द घले समेतका तीनै जना अभियुक्तहरुलाई फिराद दावी बमोजिम कसूरदार ठहऱ्याई सगरमाथा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृतले मिति २०५१।१।२५ मा गरेको फैसला उपर प्रतिवादीहरुको २०५१।५।१९ मा मात्र पुनरावेदन अदालतमा पुनरावेदन परेको पाइन्छ । सो २०५१।१।२५ मा भएको फैसला उपर चित्त नबुझे ७० दिन भित्र पुनरावेदन गर्न भनी प्रतिवादीहरुका नाममा म्याद जारी भएकोमा सो म्याद प्रतिवादीहरुले २०५१।२।२ मा बुझेको मिसिल संलग्न निजहरुको भरपाइबाट देखिन्छ । ७० दिन भित्र पुनरावेदन गर्न नसकेको कारण देखाई अ.वं. ५९ नं. अन्तर्गत उक्त ७० दिन गुज्रेको मितिले ३० दिन भित्र थमाइ पाउन निवेदन दिई म्याद थमाइ २०५१।५।९ मा मात्र प्रतिवादीहरुले पुनरावेदन दर्ता गराएको देखिन्छ । राष्ट्रिय

निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ दफा ३१(३)मा त्यस्तो फैसला उपर ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भइरहेको पाइन्छ । तर ७० दिनको पुनरावेदन म्याद दिएकोले ७० दिन भित्र पुनरावेदन लाग्ने हो कि भन्नेतर्फ विचार गर्दा कानूनद्वारा तोकिएको म्याद भन्दा घटि बढी हुने गरि पुनरावेदन गर्ने म्याद दिंदैमा त्यसरी दिएको म्याद भित्र पुनरावेदन लाग्ने नभई कानूनद्वारा निर्दिष्ट गरिएको म्याद भित्रै पुनरावेदन गर्नु पर्ने हुन्छ । विधायिकाबाट ऐनमा नै प्रष्टरुपले तोकि दिएको पुनरावेदन गर्ने म्याद अन्यथा हुने गरी घटी बढी उल्लेख गर्दैमा त्यस्तो घटी बढी कायम रहन सक्ने नभई कानूनद्वारा निर्दिष्ट मँयद नै कायम हुने हुँदा सम्बन्धित मुद्दाका पक्ष विपक्षले पनि कानूनद्वारा निर्दिष्ट म्यादलाई नै अनुशरण गरी सोही म्याद भित्रै पुनरावेदन गर्नुपर्ने हुन्छ ।

२०. तसर्थ प्रस्तुत मुद्दामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ दफा ३१(३)द्वारा निर्दिष्ट ३५ दिन म्याद भित्र प्रतिवादीहरुले पुनरावेदन नगरी २०५१।२।२ मा तामेल भएको पुनरावेदन गर्ने म्यादबाट ३५ दिन र अ.वं.५९ नं.ले थमाउन पाउने म्याद ३० दिन नघाई २०५१।५।१९ मा आयर मात्र दायर भएको देखिंदा त्यस्तो पुनरावेदन ग्रहण गरी इन्साफ गर्न नमिल्ने भई पुनरावेदनै खारेज गर्नुपर्नेमा सो नगरी इन्साफ गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको नदेखिएकोले उल्टी हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

तपसिल

प्रतिवादी पन्द घले,अम्वर तामाङ्ग र फलाम तामाङ्ग के,माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदन अदालत राजविराजको इन्साफ उल्टी हुने ठहरी फैसला भएकोले पुनरावेदन अदालत राजविराजले निजहरुको हकमा गर्ने गरेको कैद र जरिवाना कायम रहन नसक्ने भै सो पुनरावेदन अदालतको फैसला अनुसारको कैद र जरिवानको लगत काटी दिन र शुरुले कायम गरेको कैद र जरिवाना

यथावत रहेन हुँदा सो बमोजिम बाँकी कैदको लगत दिनु र जरिवाना असूल गर्नु भनी शुरु सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयलाई लेखी पठाउनु......१

मिसिल नियमानुसार गरी बुझाई दिनु................२

उपयुक्त रायमा सहमत छु ।

प्र.न्या.केदारप्रसाद गिरी

इति संवत २०५७ साल फाल्गुण १९ गते रोज ६ शुभम् ।

## ८. प्र.ना.उ.धीरेन्द्रकुमार देवानको प्रतिवेदनले श्री ५ को सरकार विरुद्ध किर्तिबहादुर चन्द समेत ,ने.का.प. २०५९, अंकः ३, निर्णय नं. ७०७०

निर्णय नं. ७०७० - लागू औषध

भागः ४४ सालः २०५९ महिनाः असार अंकः ३

फैसला मिति :२०५८/०९/०५ १२५०

पूर्ण इजलास

माननीय न्यायाधीश श्री गोबिन्दबहादुर श्रेष्ठ

माननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय

माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

सम्बत २०५८ सालको फौ.पू.ई.नं.१७ देखि २२

मुद्दाः लागू औषध ।

पुनरावेदक

वादीः प्र.ना.उ.धीरेन्द्रकुमार देवानको प्रतिवेदनले श्री ५ को सरकार

विरुद्ध

विपक्षी

प्रतिवादीः जिल्ला बैतडी कलवन गा.वि.स.घर भै कन्चनपुर महेन्द्रनगर न.पा.वडा नं. २ बस्ने डम्बरबहादुर भन्ने किर्तिबहादुर चन्द समेत

पुनरावेदक

प्रतिवादीः कन्चनपुर जिल्ला महेन्द्रनगर न.पा.वडा नं.५ घर भै हाल कारागार शाखा कन्चनपुरमा  थुनामा रहेको रतन दमाई

विरुद्ध

विपक्षी

वादीः प्र.ना.उ. धीरेन्द्रकुमार देवान समेतको प्रतिवेदनले श्री ५ को सरकार

पुनरावेदक

प्रतिवादीःप्यूठान जिल्ला,नाराकोट गा.वि.स. वडा नं. ३ घर भई हाल का.जि.का.म. न.पा.वडा नं.३३ बस्ने कमल पुरी

विरुद्ध

विपक्षी

वादीः प्र.ना.उ.धीरेन्द्रकुमार देवान समेतको प्रतिवेदनले श्री ५ को सरकार

पुनरावेदक

प्रतिवादीः वैतडी जिल्ला कलवन गा.वि.स.वडा नं. ८ घर भै हाल सदरखोर शाखा डिल्ली बजार  काठमाडौंमा थुनामा रहेको डम्बरबहादुर भन्ने किर्तिबहादुर चन्द

विरुद्ध

विपक्षी

वादीः प्र.ना.उ.धीरेन्द्रकुमार देवान समेतको प्रतिवेदनले श्री ५ को सरकार

पुनरावदेक

प्रतिवादीः कन्चनपुर जिल्ला महेन्द्र नगर न.पा.वडा नं.५ घर भई हाल केन्द्रीय कारागार शाखा काठमाडौंमा थुनामा रहेको करविर सिं सावद

विरुद्ध

विपक्षी

वादीः प्र.ना.उ. धीरेन्द्रकुमार देवान समेतको प्रतिवेदनले श्री ५ को सरकार

पुनरावेदक

प्रतिवादीः का.जि.का.म.न.पा.वडा नं ६ बौद्ध घर भई हाल कारागार शाखा डिल्लीवजारमा थुनामा बस्ने रवीन्द्र कोइराला

विरुद्ध

विपक्षी

वादीः प्र.ना.उ.धीरेन्द्रकुमार देवान समेतको प्रतिवेदनले श्री ५ को सरकार

- **ऐन कानूनको व्याख्या गर्दा समन्वयात्मक किसिमबाट गर्नुपर्ने भन्ने व्याख्याको मान्य सिद्वान्त हुनाले ऐनको व्याख्या गर्दा कार्यविधिगत पक्षलाई जटिल बनाउने र असामञ्जस्यपूर्ण हुने हिसावबाट व्याख्या गर्न नहुने ।**
- **ऐनको शव्दले स्पष्ट नबोलेको अवस्थामा पक्षको सुविधामा प्रतिकूल असर पर्ने ढंगले समेत व्याख्या गर्नु नहुने ।**

- न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को "दश वर्ष भन्दा बढी कैदको सजाय भएको" मुद्दा भन्ने वाक्यांशलाई व्यक्तिलाई दश वर्ष कैद भएको अवस्थामा यस्तो व्यक्तिको हकमा मात्र पुनरावेदन लाग्ने हो भनी व्यक्तिलाई भएको कैदलाई पुनरावेदनको मापदण्ड बनाउने हो भने कुनै मुद्दामा धेरै प्रतिवादीहरु भई कसैलाई १० वर्ष भन्दा बढी कैद सजाय ठहर भएको र कसैलाई १० वर्ष भन्दा कम कैद सजाय ठहर भएकोमा एकै मुद्दामा प्रतिवादीहरुले आफूलाई भएको सजायलाई हेरी १० वर्ष वा बढी कैद भएकाले पुनरावेदन गर्नुपर्ने र सो भन्दा मुनि कैद भएको प्रतिवादीले दोहोर्‍याई पाउं भन्ने निवेदन दिनुपर्ने ।

- अतः एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरुले समेत दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसंगत र सुविधाजनक समेत हुने ।

- आफुले बोकी ल्याएको ब्यागमा लागु औषध भएको तथ्य थाहा थिएन भनी निजले आफ्नो अज्ञानता देखाए पनि कानून बमोजिम कसूर ठहरिने कार्यको अज्ञानतावाट सजांयमा छुट हुन्छ भन्न नमिल्ने ।

- लागु औषध सम्वन्धी अपराध ठहरिने कार्यमा सरिक भएको देखिएकै मात्र आधारमा ऐनमा ब्यबस्था भएको माथिल्लो हदको कसूर कायम गरी सजाय गर्नु पर्दछ भन्ने दावी न्यायोचित हुन नसक्ने ।

- एउटै कसूरमा संलग्न देखिएका ब्यक्तिहरुको पनि कसूरमा संलग्नताको रुप फरक फरक हुन सक्नाले कसूरमा संलग्नताको रुप र त्यस सम्बन्धी भएको कानूनी व्यवस्थालाई मध्यनजर राखेर नै सजाय गर्नुपर्ने ।

(प्र.नं. ४४ देखि ४६)

पुनरावेदक वादी तर्फबाटः विद्वान सह न्यायाधिवक्ता श्री टिकाबहादुर हमाल

विपक्षी प्रतिवादी तर्फबाटः विद्वान अधिवक्ताहरु श्री हरिहर दाहाल, लभकुमार मैनाली, वालकृष्ण न्यौपाने र कमल नयन पन्त

अवलम्वित नजिरः

फैसला

**न्या.गोविन्दबहादुर श्रेष्ठः** सर्वोच्च अदालत नियमावली, २०४८ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार छ :–

२. मिति ०५१।५।२८ गते नेपाल लयर्स च्याम्बरको अफिस कोठामा कमल पुरी, डम्बरबहादुर भन्ने किर्तीबहादुर चन्द,रतन दमाई, करवीर सिं साउद र रविन्द्र कोइराला समेतले लागू औषध विक्री गर्न पार्टीको प्रतिक्षामा बसी रहेको अबस्थामा ५०५ ग्राम र कानूनका किताब राखेको कोठाको दराजबाट ५५० मि.ग्राम समेत जम्मा ५०५ ग्राम ५५० मि.ग्राम खैरो हिरोइन सहित ५ जना प्रतिवादीलाई पक्राउ गरेको हो भन्ने वरामदी मुचुल्का ।

३. प्रतिवादीहरुले भारतवाट लागू औषध खरिद गरी ल्याई कमल पुरीको नेपाल लयर्स च्याम्बरमा विक्री वितरण गर्दछन् भन्ने सुराक पाई तलासी लिंदा प्रतिवादीहरु ५ जना बसी बरामद लागू औषध विक्री गर्न पार्टीको प्रतिक्षामा बसेको अबस्थामा फेला परेकोले पक्राउ गरी दाखेल गरेका छौं भन्ने प्रतिवेदन पत्र ।

४. कृषि विकास बैंकवाट लिएको ऋणको ब्याज मिनाहा गराउने सिलसिलामा सल्लाह लिन वकिल कमल पुरीको फर्ममा आउंदा कमल पुरीले भारतवाट हिरोइन खरिद गरी ल्याउनुहोस् फाइदा हुन्छ भनेकाले करविर र रतन दमाई संग सल्लाह गरी १३ हजार भा.रु.मा करविर साउद, रतन दमाई र म भै मेरठ बस्ने रमेश चन बर्माबाट खरिद गरी ल्याई रतन दमाईलाई वोकाई काठमाडौं ल्याई कमल पुरीको फर्ममा आई खरिद गर्ने मानिसको प्रतिक्षामा बसेको अबस्थामा पक्राउ परेको हुं भन्ने किर्तीबहादुर चन्दको अनुसन्धानको क्रममा भएको बयान ।

५. किर्तीबहादुर र करविरले हिरोइन खरिद गरी ल्याए फाइदा हुन्छ तिमीलाई रु २,०००।-र श्रीमतीको उपचार गराई दिन्छु भनेकाले उनीहरुसँग गई रमेश चन्द बर्माबाट आधा किलो हिरोइन खरिद गरी मलाई वोकाई काठमाडौं स्थित कमल पुरीको नेपाल लयर्स च्याम्बरको टेबुलमा राखी खरिद गर्ने पार्टीको प्रतिक्षामा बसेको अबस्थामा खरिद गर्न आउने भन्ने पार्टी नै प्रहरी परेकाले प्रहरीले पक्राउ गरेको हो भन्ने प्रतिवादी रतन दमाईको अनुसन्धानको क्रममा भएको बयान ।

६. किर्तीबहादुर र म एउटै गाउंका हौं,हामी दुवैले कृषि वैंकवाट ऋण लिएका र किर्तीबहादुर ऋणको ब्याज मिनाहा गराउनेतर्फ लागेका, मेरो पनि मिनाहा गराउन वकिल चिनेको छु । उसको नाम कमल पुरी हो । खैरो हिरोइन विक्री गर्दा प्रशस्त फाइदा हुन्छ म विक्री गर्छु भनेका छन् । भारतवाट खरिद गरी लैजाउ भनेकाले हामी दुवैले २६ हजार भा.रु जम्मा पारी रतन दमाईलाई लिई रमेश चन बर्माबाट दुई पोका खैरो हिरोइन खरिद गरेका हौं । त्यहाँवाट खरिद गरी काठमाडौं आई २०५१।५।२८ गते विक्री गर्न कमल पुरीको लयर्स च्याम्बरमा पार्टीको प्रतिक्षामा बसेको अबस्थामा हामी ५ जनालाई प्रहरीले पक्राउ गरेका हुन् । कमल पुरीका मान्छे भनेको रामकृष्ण श्रेष्ठ भाग्न सफल भए भन्ने समेत करविर सिं साउदको अनुसन्धानको क्रममा भएको बयान ।

७. किर्तीबहादुर चन्द ब्याज मिनाहाका लागी आउने गर्दथे । मेरो च्याम्बरमा रामकृष्ण श्रेष्ठ संग ला.औं. खरिद विक्री गर्ने कुरा मिलाई किर्तीबहादुर, करविर, रतन दमाई समेत भै ५०० ग्राम खैरो हिरोइन ल्याउनु भएछ । मेरो लयर्स चेम्वरमा वसी विक्री गर्नु पऱ्यो, २० हजार दिउंला भनेकाले विक्री गर्न लयर्स चेम्वर दिएको हुं । म संगै बसेको थिएं । ५५० मि.ग्राम चाही नमूनाका लागि कानून कितावमा राखेको थिए । विक्री गर्न नपाउदै खैरो हिरोइन सहित पक्राउ गरेको हो विक्री नभएकोले रकम पाएको थिइन । २० हजार खाने आशयले कारोवार गर्न दिएको हुं भन्ने कमल पुरीको अनुसन्धानको क्रममा भएको बयान ।

८. किर्तिबहादुर समेतले ला.औ.लाई खरिद गर्ने पार्टीको प्रतिक्षामा बसेको अवस्थामा पक्राउ गरेको हो । मलाई रामकृष्णले मद्दतका लागि बोलाएका थिए । निज भाग्न सफल भए म पक्राउ परे भन्ने समेत रविन्द्र कोइरालाको अनुसन्धानको क्रममा भएको बयान ।

९. बरामद भै परीक्षणका प्राप्त नमूना अवैध ला.औ. अफिमवाट बनाएको ला.औ.खैरो हिरोइन देखिएको भन्ने राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको प्रतिवेदन ।

१०. कमल पुरीले मेरो घर कोठामा लयर्स चेम्बर भाडामा सञ्चालन गरी बसेको थिएं, निजले ला.औ.को कारोवार गरेको थाहा थिएन, हाल ला.औ.सहित पक्राउ गरेकाले कारोवार गर्दा रहेछन् भन्ने थाहा पाएको हुं । कमल पुरी सहित ५ जनालाई खैरो हिरोइन सहित पक्राउ गरेको हो भन्ने घरधनी गौतम तुलाधरको कागज ।

११. रामकृष्ण भन्ने ब्यक्तिको ठेगाना पत्ता लगाउन नसकिएको भन्ने प्र.स.नि.अर्जुन खड्काको प्रतिवेदन पत्र ।

१२. कमल पुरीको लयर्स चेम्वरवाट खैरो हिरोइन सहित कारोवारमा सँलग्न रतन दमाई समेतलाई पक्राउ गरेका हुन् भन्ने घटनास्थलको सर्जमिन मुचुल्का ।

१३. प्रतिवादीहरु डम्बरबहादुर भन्ने किर्तिबहादुर चन्द, करविर सिँह सावद र रतन दमाईले ला.औ.नियन्त्रण ऐन,२०३३ को संशोधित दफा ४ को खण्ड(घ)(ङ) र (च) बमोजिम कसूर गरेको, कमल पुरी रविन्द्र कोइरालाले सोही ऐनको दफा ४ को खण्ड (घ) र (छ) को कसूर गरेको देखिंदा निजहरु पांचजनालाई सोही ऐनको दफा १४(१) को छ(३) बमोजिम सजाय गरी पक्राउ नपरेका रामकृष्ण श्रेष्ठ, रमेश चन वर्माको वतन नखुलेकाले वतन खुल्न आएमा छुट्टै अभियोगपत्र प्रस्तुत गरिने छ भन्ने समेत अभियोग पत्र ।

१४. प्रहरीले कुटपिट गरी सहीछाप गर्न लगाएको हो । कमल पुरीलाई भेट्न जाँदा खाना खान गएकाले फेरी भेट्न गइरहेको बेला वारदलीमा पुग्दाको

अबस्थामा प्रहरीले पक्राउ गरेको हो । प्रहरीले कहांबाट कसरी बरामद गरे मलाई थाहा छैन भन्ने रविन्द्र कोइरालाको अदालतमा भएको बयान ।

१५. प्रहरीले कुटपिट गरी ब्यहोरा नसुनाई सहिछाप गराएकोले मैले नोकरको हैसियतले मालिकको ब्याग बोकी हिंडेको हो, ब्याग भित्र हिरोइन थियो थिएन मलाई थाहा छैन । किन म समेत संलग्न भनि प्रहरीले पक्राउ गरे मलाई थाहा छैन भन्ने समेत रतन दमाईको अदालतमा भएको बयान ।

१६. मलाई कुटपिट गरी मेरो ल फर्ममा लगि मानिस जम्मा गरी त्यहांबाट वरामद भएको भन्ने मुचुल्का बनाई मलाई पनि सहि गर्न भन्दा मैले नमानेकाले अफिसमा लगि कुटपिट गरी यातना दिई सही गराइयो । हामीवाट यस किसिमको कार्य भएको होइन भन्ने कमल पुरीको अदालत समक्ष भएको बयान ।

१७. किर्तीबहादुर चन्दलाई चिन्दछु । ला.औ. बरामद भएको भन्ने थाहा छैन, कुटपिट गरी ब्यहोरा नसुनाई सही गराएको हो, मैले ला.औ. को कारोवार गरेको छैन । बैंकको ऋण मिनाहाका लागि काठमाडौं आएको हुं भन्ने समेत करविर सिं साउदले अदालतमा गरेको बयान ।

१८. प्रहरीमा भएको बयान ब्यहोरा नसुनाई कुटपिटबाट गराएको हो । ला.औ.बरामद भएको मलाई थाहा छैन । बैंकको ब्याँजको हर्जना मिनाहाका लागि काठमाडौं आएकोमा कमल पुरीसंग सल्लाहाका लागि ल फर्म खोज्दै भोटाहिटी निजको ल फर्मतर्फ जांदा प्रहरीले पक्राउ गरेको हो । मैले ला.औ. को कारोवार गरेको छैन भन्ने किर्तीबहादुर चन्दको अदालतमा भएको बयांन ।

१९. प्रतिवादीका साक्षीहरुले प्रतिवादीहरुको मिलान गरी र प्रतिवेदक सर्जमिनका मानिस र बरामदी मुचुल्काका मानिसहरुले मौकाको ब्यहोरा समर्थन गरी अदालत समक्ष गरेको वकपत्र ।

२०. प्र. रतन दमाईको हकमा ला.औ. (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड(घ) (ङ) र (च) अनुसारको कसूर अपराधमा सोही ऐनको दफा १४(१)

को खण्ड छ(३) अनुसार, प्र. डम्बरबहादुर भन्ने किर्तीबहादुर चन्द, प्र. करविर सिं साउद र प्र. रविन्द्र कोइरालालाई सोही ऐनको दफा १७ बमोजिम र प्र. कमल पुरीलाई सोही ऐनको दफा १५ बमोजिम सजांय हुने ठहर्छ । प्र. रतन दमाई वाहेकका प्रतिवादीहरु उपरको ला.औ. (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(च) को कसूरमा दफा १४ (१) को खण्ड छ(३) बमोजिमको दावी पुग्न नसक्ने ठहर्छ भन्ने समेत ब्यहोराको शुरु काठमाडौं जिल्ला अदालतको मिति २०५३।८।१२ को फैसला ।

२१. प्रतिवादीहरुलाई पूर्ण अभियोग माग दावी वमोजिम सजाय नगरी आंशिक सजाय गर्ने गरेको शुरु जिल्ला अदालतको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी अभियोग माग दावी बमोजिम सजाय गरी पाउं भन्ने समेत ब्यहोराको वादी श्री ५ को सरकारको तर्फवाट पुनरावेदन अदालत पाटन समक्ष पर्न आएको पुनरावेदन पत्र ।

२२. शुरु जिल्ला अदालतले कसूर कायम गरी सजाय गर्ने गरेको फैसला त्रुटीपूर्ण हुंदा वदर गरी अभियोग माग दावीबाट पूर्ण सफाइ पाउं भन्ने समेत ब्यहोराको प्रतिवादीहरु रतन दमाई,डम्बरबहादुर भन्ने किर्तीबहादुर चन्द, रविन्द्र कोइराला, कमल पुरी, करविर सिं साउदको पुनरावेदन अदालत पाटनमा परेको छुट्टाछुट्टै पुनरावेदन पत्र ।

२३. लागू औषध वरामदी कमल पुरीको फर्ममा भएको अवस्था पुष्टि रही अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादीहरु साविति रहेको, अदालत समक्ष मात्र केही प्रतिवादीहरु इन्कार रहेपनि ला.औ.वरामद भएको होइन भनि इन्कार गर्न सकेको पाइदैन । तसर्थ शुरु जिल्ला अदालतले प्रतिवादी मध्येको किर्तिबहादुर चन्द, रविन्द्र कोइराला, करविर सिं सावदको हकमा ला.औ. नियन्त्रण ऐनको दफा १७ बमोजिम र प्र. कमल पुरीलाई सोही ऐनको दफा १५ वमोजिम सजाँय गर्ने गरेको शुरु काठमाडौं जिल्ला अदालतको मिति २०५३।८।१२ को फैसला मिलेकै देखिदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनको मिति २०५४।९।२९।३ को फैसला ।

२४. प्रतिवादीहरुलाई शुरु अदालतले अभियोग माग दावी बमोजिम सजाय गर्नुपर्नेमा नगरी आंशिक सजांय गर्ने गरी गरेको फैसला त्रुटीपूर्ण र वदरभागी हुंदाहुंदै उक्त फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला बदर गरी प्रतिवादीहरु करविर सिंह साउद, किर्तिबहादुर चन्द, रविन्द्र कोइराला र कमल पुरीलाई शुरु अभियोग माग दावी बमोजिम सजाय गरी पाउं भन्ने समेत व्यहोराको वादी श्री ५ को सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र ।

२५. म आफु एक निरीह पेट पाल्नको लागि भारी बोक्ने भरिया भएकोले भारतको मेरठ बस्ने रमेश चन बर्माको झोला बोकी काठमाडौं आएको र झोलामा के भएको भन्ने कुरा थाहा समेत नभएकोमा आपराधिक मनसाय समेत नभएको स्थितिमा म झोला बोक्ने नोकरलाई कुनै भरपर्दो प्रमाणका अभावमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) (ङ) र (च) आकर्षित गरी सोही ऐनको दफा १४(१) खण्ड छ(३) बमोजिम १५ बर्ष कैद र ५ लाख जरिवाना हुने गरी गरेको शुरुको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला त्रुटीपूर्ण हुंदा सो त्रुटीपूर्ण फैसला बदर गरी अभियोग दावीबाट सफाइ पाउं भन्ने समेत व्यहोराको प्रतिवादी रतन दमाईको यस अदालतमा परेको पुनरावेदन पत्र ।

२६. कसूरमा र बरामदीको सम्वन्धमा मैले अदालतमा पूर्ण इन्कारी बयान गरेको, बरामदी मुचुल्कामा बस्ने स्वतन्त्र साक्षीहरुले अदालत समक्ष गरेको बकपत्रमा लागू औषध बरामद गरिएको भन्ने कुरा नै थाहा नपाएको, सहिछाप गर केही हुंदैन भनेवाट अज्ञानतावस सहिछाप गरेको भनि लेखाएका, प्रतिवादी मध्येका रतन दमाईले आफुले वोकेको झोलावाट लागू औषध बरामद भएको भनी बयान गरेको, लागू औषध मेरो फर्मबाट बरामद नभएको, मेरो प्रहरी समक्षको बयानको स.ज.नं.११ मा वाक्यांश थपिएको, लेखा विशेषज्ञ समेत द्वारा प्रमाणित भएको स्थितिमा मेरो स्वेच्छा वेगरको कपटपूर्ण नियतले अनुसन्धानकर्ताले थपघट गरेको झुठ्ठा बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) को देहाय (२) अनुसार प्रमाणमा लिन नमिल्नेमा प्रमाण लगाई गरिएको शुरुको फैसला सदर गरेको

पुनरावेदन अदालत पाटनको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३, ९(२)(क)(२) र ५४ को ब्याख्यामा गम्भीर त्रुटी र ने.का.प. २०४५, नि.नं. ३६१०, अंक ११, पृष्ठ १०३६ समेतमा प्रतिपादित सिद्वान्त समेतको विपरीत हुंदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) (ख) का आधारमा मुद्दा दोहोर्‍याई हेरी अभियोगबाट सफाइ पाउं भन्ने समेत व्यहोराको प्रतिवादी कमलपुरीको यस अदालतमा परेको निवेदन ।

२७. मेरो स्वेच्छा विपरीतको बयानलाई प्रमाणमा लगाई गरेको शुरुको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३, ९, ५४ समेतको ब्याख्यामा गम्भीर त्रुटी र ने.का.प. २०४५, अंक ११, नि.नं. ३६१० मा प्रतिपादित सिद्वान्त विपरीत हुंदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क)(ख) का आधारमा मुद्दा दोहोर्‍याई हेरी अभियोगवाट सफाइ पाउं भन्ने समेत व्यहोराको प्रतिवादी डम्बरबहादुर भन्ने किर्तिबहादुर चन्दको यस अदालतमा परेको निवेदन ।

२८. बरामदीलाई अस्वीकार गरी बयान गरेको अबस्थामा मेरो स्वेच्छा विपरीतको प्रहरीको बयानलाई प्रमाण लगाई मैले कसूर गरेको ठहराएको शुरुको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३, ९, ५४ समेतको ब्याख्यामा गम्भीर ब्याख्यात्मक त्रुटी र ने.का.प. २०४४, नि.नं. ३२८६, विपरीत हुंदा प्रस्तुत मुद्दा दोहोर्‍याई हेरी अभियोगबाट सफाइ पाउं भन्ने समेत व्यहोराको प्रतिवादी करविर सिं सावदको यस अदालतमा परेको निवेदन ।

२९. प्रतिवादी मध्येका रतन दमाईले अदालत समक्ष स्वतन्त्र रुपमा गरेको बयान, मेरो साक्षीहरुले अदालतमा गरेको वकपत्र, बरामदी मुचुल्काका काम तामेल गर्ने बाहेकका ब्यक्तिले अदालतमा गरेको बकपत्र समेतलाई ध्यान नदिई मेरो स्वेच्छा विपरीतको बयानलाई प्रमाण लगाई गरेको शुरुको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क)(२) को व्याख्यामा गम्भीर त्रुटी र ने.का.प. २०४५, अंक ११, नि.नं. ३६१० मा

प्रतिपादित सिद्वान्त समेतको विपरीत हुँदा न्याय प्रशासन ऐन २०४८ को दफा १२(१) को खण्ड (क)(ख) का आधारमा मुद्दा दोहोऱ्याई हेरी अभियोगवाट सफाइ पाउं भन्ने समेत ब्यहोराको प्रतिवादी रविन्द्र कोइरालाको यस अदालतमा परेको निवेदन ।

३०. वादी श्री ५ को सरकारले दावी लिंदा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड(घ)(ङ) र (च) अनुसारको माग दावी भएकोमा इन्साफ गर्दा माग दावीमा सिमित रही गर्नुपर्नेमा सो भन्दा वेग्लै प्रकृतिको घर वा सवारीधनी वा उपभोगकर्ताले ऐ.ऐनको दफा ४ ले निषेध गरिएको कार्य गर्न अनुमति दिएको भनि कसूरदार ठहर गर्ने गरी गरेको इन्साफलाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिंदा अ.वं. २०२ नं. बमोजिम विपक्षी झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०५७।१।५।२ को आदेश ।

३१. शुरु फैसला उपर प्रतिवादी रतन दमाईले पुनरावेदन अदालत पाटनवाट फैसला हुंदा प्र. रतन दमाईको हकमा सदर वदर के भएको हो सो कुरा ठहरमा वोलेको नदेखिंदा मुलुकी ऐन,अ.वं. २०२ नं. बमोजिम महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत संयुक्त इजलासको मिति २०५७।१।५।२ को आदेश ।

३२. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १५ मा घर वा सवारी धनी वा उपभोग कर्ताले ऐ.ऐनको दफा ४ द्वारा निषेधित कार्य गर्न अनुमति दिएको भन्ने अभियोग दावी नै नभएकोमा अदालतवाट वेग्लै प्रकृतिको कसूर गरेको ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०५४।९।२९ को फैसलामा कानूनी त्रुटी देखिदा न्याय प्रशासन ऐन,२०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) को आधारमा मुद्दा दोहोऱ्याई हेर्नका लागि निस्सा प्रदान गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गर्नु भन्ने समेत व्यहोराको यस अदालत संयुक्त इजलासको मिति २०५७।१।५।२ को आदेश ।

३३. यसै लगाउको नि.नं. ४८११ को निवेदनमा आजै यसै इजलासवाट मुद्दा दोहऱ्याई हेर्नका लागि निस्सा प्रदान भएको हुँदा प्रस्तुत मुद्दामा समेत सोही आधार प्रमाणबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) अनुसार निस्सा प्रदान गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना दिई पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत संयुक्त इजलासको मिति २०५७।१।५।२ को आदेश ।

३४. निवेदक उपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ), (ङ) र (च) को कसूर गरेको भनी माग दावी भएकोमा पु.वे.अ. पाटनले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुसार मतियारको अभियोगमा सजांय गरेको शुरुको इन्साफलाई सदर गरेको देखियो । अदालत स्वयंले दावी नभएको कुरामा कसूर कायम गरी सजाँय गर्दा अभियोग साथ प्रमाणहरु पनि सम्वद्ध हुनुपर्ने भन्ने सिद्धान्त अनुरुप नहुने र के कुन कार्य गरी मतियार भएको हो सो कुरा फैसलामा उल्लेख भएको समेत नहुंदा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ को प्रयोग सम्बन्धमा कानूनी त्रुटी विद्यमान देखिदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को देहाय (क) अन्तर्गत मुद्दा दोहोऱ्याई हेर्नको लागि निस्सा प्रदान गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०५७।१।५।२ को आदेश ।

३५. श्री ५ को सरकार वादी हुने कुनै फौजदारी मुद्दामा तहकिकात गर्दा जुन अपराधका सम्बन्धमा सो तहकिकात गर्न लागेको हो सो अपराधसित सम्बन्धित कुनै वस्तु वा धनमाल कुनै घर वा अरु कुनै ठाउंमा फेला पर्ने सम्भावना छ भन्ने विश्वास गर्ने मनासिव माफिकको कारण भएमा अ.वं. १७२ नं. को रीत पुऱ्याई खानतलासी गर्नुपर्नेमा प्रस्तुत मुद्दामा प्र. कमल पुरीको ल फर्मको तलासी लिन खोजको कारण खोली सो कुराको सूचना निजलाई दिएको वा वस्तु कव्जा गरी लिएको त्यसको भरपाइ समेत दिनुपर्ने कानूनी व्यवस्था बमोजिम भएको भन्ने देखिन आउंदैन । कानून अनुकूल नभएको बरामदी मुचुल्काको आधारमा प्रतिवादीलाई

दोषी ठहर गर्नु कानूनसंगत नहुने (ने.का.प. २०४९,पृ. २२४,नि.नं.४४८९) । प्र.कमल पुरी उपर ला.औं (नियन्त्रण) ऐन,२०३३ को दफा ४ अनुसार कारोवारको दावी भएकोमा सो दावी भन्दा बाहिर गई ऐ.को दफा १५ अन्तर्गत सजायं गर्ने गरेको शुरुको सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला ने.का.प. २०४७,नि.नं. ४१२,पृ.३२५ र ने.का.प. २०५०,नि.नं. ४७९६,पृ. ५५४ मा प्रतिपादित सिद्वान्त अनुरुप देखिएन । विवादित ला.औ. प्र. रतन दमाईले बोकी ल्याएको झोलामा हाली ल फर्ममा लगी टेवुलबाट बरामद भई सो त्यसै ल फर्मबाट कारोवार हुने रहेछ भन्ने कुरा प्रमाणित हुन नआएकोले प्र. रतन दमाईलाई निजको प्रहरीको सावितीको भरमा लागू औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ४(घ)(च) को कसूरमा ऐ.को दफा १४(१) बमोजिम शुरुले सजायं गरेको,सो उपरको पुनरावेदनमा पुनरावेदन अदालतले केहि नबोलेको र प्र. कमल पुरीलाई ऐ.को दफा १५ बमोजिम निजको प्रहरीको साविती भरमा लयर्स च्याम्बर अवैध लागू औषध कारोवार गर्न दिएको ठहऱ्याई सजायं गरेको शुरुको फैसला सदर गरेको देखियो । स्वतन्त्र रुपमा नभएको सावितीको मान्यता नहुने,साविती न्यायको सिद्वान्त होइन,प्रमाणमा लिन मिल्दैन (स.अ. वुलेटीन,वर्ष ६,अंक १२,पूर्णांक १२६) भन्ने यस अदालतबाट स्थापीत सिद्वान्तको प्रतिकूल सावितको भरमा कसूरदार ठहर गरेको शुरु र पुनरावेदन अदालतबाट भएका उक्त फैसलाहरु मिलेको देखिएन उल्टी हुन्छ । विवादित ला.औ. रतन दमाईले बोकी ल्याएको र कमल पुरीको ल फर्मबाट बरामद भएको भन्ने तथ्य शंका रहित तवरले पुष्टि हुन आएको नदेखिएकोले सो काममा उक्त ल फर्ममा जम्मा भई पार्टीको प्रतिक्षामा रहेका भनी प्र.कीर्तिबहादुर चन्द,करवीर सिं साउद र रविन्द्र कोइराला समेत ला.औ. वेचविखन गर्न समेत पाटीको प्रतिक्षामा रहेका भनी निजहरु उपर लगाएको आरोपमा ऐनको दफा १७ बमोजिम मतियार मानी सजायं गरेको शुरुको सदर गरेको पु.वे.अ. पाटनको फैसला उक्त लयर्स फर्मबाट ला.औं बरामद भएको भन्ने स्वतन्त्र प्रमाणबाट पुष्टि भैरहेको भन्ने देखिन नआएकाले मिलेको देखिएन उल्टी हुन्छ । आरोपित कसूरबाट प्रतिवादीहरु रतन दमाई,कमल पुरी,कीर्तिबहादुर चन्द,करवीर सिं साउद र रविन्द्र कोइरालाले सफाइ पाउने ठहर्छ । निज

प्र.हरुलाई अभियोग दावी बमोजिम सजायं गरी पाउं भन्ने वादी श्री ५ को सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

३६. रतन दमाई बाहेकका अन्य प्रतिवादीहरुको दोहोऱ्याई पाउं भन्ने निवेदन नै लाग्न नसक्ने हुनाले त्यस्तो निवेदनमा निस्सा प्रदान भई पुनरावेदकको रुपमा पेश हुन आएको पुनरावेदनमा बिचार गर्न नमिल्ने हुंदा निजहरुको हकमा निवेदन नै खारेज हुने भन्ने माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्रीको रायको सम्बन्धमा बिचार गर्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) मा उल्लेख गरिए बमोजिमका अवस्थामा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने र दफा १२(१) को अवस्थामा मुद्दा दोहोऱ्याउन निवेदन दिन पाउने व्यवस्था छ । प्रस्तुत मुद्दामा प्र.रतन दमाईलाई १५ वर्ष, प्र.कमल पुरीलाई २ वर्ष ४ महिना र अन्य प्रतिवादीहरुलाई ७ वर्ष कैदको सजायं हुने ठहर गरेको शुरु जिल्ला अदालतको फैसला पुनरावेदन अदालतबाट सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलाबाट देखिन्छ । प्र. रतन दमाईलाई १५ वर्षको कैद सजायं भएको तथा अभियोग दावी बमोजिम अन्य प्रतिवादीहरुलाई सजायं नभएकोले वादी श्री ५ को सरकार र प्र. रतन दमाईको यस अदालतमा पुनरावेदन पर्न आएको छ । एकै मुद्दाका विभिन्न प्रतिवादीहरु मध्ये कसैले पुनरावेदन गर्ने अवस्थामा अन्य पुनरावेदन गर्न नपाउने प्रतिवादीहरुले पनि पुनरावेदन गर्नुपर्ने हुन्छ भन्ने उक्त दफा ९(१) मा स्पष्ट खुलेको पाइदैन । वरु उक्त दफाको देहाय (ख) अनुसार १० वर्ष मुनि सजाय भएको र ऐ.(ग) अनुसार तात्विक भिन्नता नभएको अवस्थामा पुनरावेदन गर्न नपाउने भई दफा १२(१) अनुसार यस अदालतमा मुद्दा दोहोऱ्याउन निवेदन दिन सक्ने देखिन्छ । सोही अनुसार रतन दमाई बाहेकका अन्य प्रतिवादीहरुले मुद्दा दोहोऱ्याउन निवेदन दिएका र सोही अनुसार यस अदालतबाट निस्सा प्राप्त भई पुनरावेदनको लगतमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत प्रतिवादीहरु उपर लगाइएको अभियोगमा अपराधको मात्रा अनुसार बेग्लाबेग्लै सजायं भएको पाइन्छ । उक्त ऐनमा अपराधको प्रकृति, मात्रा, संगठित गिरोह समेतको परिप्रेक्ष्यमा जन्मकैदसम्म र रु. पच्चीस लाख रुपैयांसम्म जरिवाना र

अपराधमा घर वा सवारी साधन प्रयोग भएमा सो समेत अवस्थानुसार जफत हुन सक्ने प्रावधान छ । यहां प्रतिवादी मध्ये कसैलाई १५ वर्ष,कसैलाई २ वर्ष ४ महिना र कसैलाई ७ वर्ष कैदको सजाय भएको अवस्था छ । सजायं वा जरिवानामा चित्त नबुझेकाले निर्दोष छु सफाइ पाउं भनी माथिल्लो अदालतमा अवस्थानुसार पुनरावेदन वा निवेदन दिइन्छ । एकै व्यक्तिको बेग्लाबेग्लै मुद्दाहरु रहेछन् कसैमा शुरु र पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा कुनै मुद्दामा तात्विक भिन्नता रहेमा सर्वोच्च अदालतमा पुनरावेदन पर्ने र सो भिन्नता नरहेको र १० वर्ष मुनी कैदको सजायं भएको अवस्थामा निवेदन पर्ने,सो दुवैलाई साथै हेरी अवस्थानुसार दोहोऱ्याउने निस्सा वा झ.झि. गर्ने सर्वोच्च अदालतको प्रचलन रहिआएको छ । एकै मुद्दा पनि कसैका हकमा सजायको मात्रा र अवस्थानुसार बेग्लाबेग्लै पुनरावेदन वा निवेदन पर्ने र सो मा सकभर साथै राखी इजलासले पुनरावेदनमा झ.झि. भएको छ भने निवेदनमा पनि दोहाऱ्यायाउने निस्सा समेत दिने वा दोहोऱ्याउने निस्सा भएको छ भने झ.झि. गर्ने न्यायिक प्रचलन रही आएको छ । तसर्थ प्रस्तुत मुद्दामा १५ वर्ष कैदको सजायं पाएका रतन दमाई सरह अरुले पनि पुनरावेदन नगरेको आधारमा निस्सा समेत प्रदान गरी पुनरावेदनको लगतमा चढेको अवस्थामा सो खारेज हुने हो भने अन्तिम तहको सर्वोच्च अदालतमा न्यायको याचना गरी प्रवेश गरेका पक्ष विपक्ष न्यायबाट सधैंका लागि विमुख हुन जाने अवस्था पर्न सक्ने हुंदा र कानूनको व्याख्याको सिद्धान्त अनुसार न्यायलाई मर्न नदिने हेतुले कानूनको उदार तथा समन्वयात्मक (Liberal and harmonious) व्याख्या हुनुपर्ने हुंदा सो खारेज हुनुपर्ने भन्न न त कानून न त न्यायको रोहरीतमा मिल्ने देखिन्छ । लागू औषधसंग सम्बन्धित सम्बेदनशील तथा गम्भीर अपराधको आरोप लागी सजाय हुने ठहऱ्याई प्रतिवादीहरुलाई १० वर्ष मुनिको सजायं भएको अवस्थामा पनि निजहरुले रतन दमाईको देखासिखी गरी पुनरावेदन गर्नुपर्ने भन्ने ऐनको स्पष्ट मनसाय विपरीतको हुन जान्छ । तसर्थ प्रतिवादी रतन दमाईका हकमा मात्र बिचार गरी निजलाई सफाइ हुन नसक्ने र अन्य प्रतिवादीहरुको निवेदन निस्सा भए पनि खारेज गर्ने ठहऱ्याएको सहयोगी मा.न्या. श्री गोपालप्रसाद खत्रीको अभिमतसंग सहमत हुन नमिलेकोले सर्वोच्च अदालत

नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भन्ने माननीय न्यायाधीश श्री टोपबहादुर सिंहको राय ।

३७. यसमा रतन दमाईले कसूर गरेको ठहराई शुरु जिल्ला अदालतले गरेको सजायं सदर गरेको र अन्य प्रतिवादीहरुलाई घटी सजाय गरेको पुनरावेदन अदालत पाटनको फैसला उपर प्र.रतन दमाई र वादी श्री ५ को सरकारका तर्फबाट बेग्लाबेग्लै पुनरावेदन परी अन्य प्रतिवादीहरु कमल पुरी, रविन्द्र कोइराला, करविर सिं सावद, डम्बरवहादुर भन्ने किर्तिवहादुर चन्द समेतको दोहऱ्याई पाउं भनि निवेदन परी दोहऱ्याउने निस्सा प्रदान भई पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी रतन दमाई अधिकार प्राप्त अधिकारी समक्ष आरोपित कसूरमा सावित रही अदालतमा बयान गर्दा लागू औषध रहेको व्याग बोकेको तथ्यलाई स्वीकार गरेको तर सो लागू औषध भएको व्याग आफ्नो वा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान बमोजिम करविर सिं समेत मिली ल्याएको नभई रमेश चन बर्माको देखाई आफूले बोकेको व्यागमा लागू औषध रहे भएकोमा आफू अनभिज्ञ रहेको भनि बयान गरेको पाइन्छ । तर निजले लागू औषध बरामद भएको स्थलको सम्बन्धमा अदालतमा बयान गर्दा कुनै जिकिर लिन सकेको देखिंदैन । आफुले बोकी ल्याएको व्यागमा लागू औषध भएको तथ्य थाहा थिएन भनी निजको भनाईबाट अपराधको अज्ञानताले सजायंमा छुट हुने भन्न पनि मिल्ने हुंदैन । लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेश बमोजिम प्राप्त गरेको वा राखेको भन्ने कुराको प्रमाण अभियुक्तले पेश गर्नुपर्ने र त्यस्तो प्रमाण पेश गर्न नसकेमा अन्यथा प्रमाणित भएमा बाहेक जसबाट लागू औषध बरामद भएको हो निजले यस ऐन अन्तर्गत सजाय हुने अपराध गरेको मानिने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त भै रहेको कानूनी व्यवस्था बमोजिम प्रतिवादी रतन दमाईले घटनास्थलबाट बरामद भएको लागु औषोधी यो यस्तो गरी ल्याए राखेको भनि लेखाउन खुलाउन सकेको समेत देखिएन । तसर्थ प्रतिवादी रतन दमाईले कसूर गरेको ठहऱ्याएको शुरुको इन्साफ सदर गरेको पुनरावेदन अदालत पाटनको इन्साफ बेमनासिब देखिएन । अब अन्य प्रतिवादीहरुलाई अभियोग बमोजिम सजायं भएन भन्ने वादी श्री ५ को सरकारको

पुनरावेदनतर्फ बिचार गर्दा अभियोग दावीको कसूर गरेको कुरामा अदालतमा बयान गर्दा इन्कार रहेकोमा बरामद ला.औ. आफूले बोकेको भन्ने रतन दमाईले अदालतमा उपस्थित भै बयान समेत गरेको, बरामदी मुचुल्काका केशव खरेल, कृष्ण गोपाल पनेरुले अदालत समक्ष उपस्थित भै बरामदीलाई पुष्टि गरी बकपत्र समेत गरेको भए पनि मौकामा घटनास्थलमा उपस्थित कमल पुरी समेतका अन्य प्रतिवादीहरु रविन्द्र कोइराला, करविर सिं सावद, डम्बरवहादुर भन्ने किर्तीबहादुर चन्दलाई अभियोग माग दावी बमोजिम नै सजाय हुनुपर्ने जिकिर प्रमाणबाट पुष्टि भएको पाइन्छ । तसर्थ शुरुले कसूरको प्रकृति, त्यसमा अभियुक्तहरुको संलग्नतालाई दृष्टिगत गरी कसूरको मात्रा अनुसार घटी सजाय गरेको शुरुको इन्साफ सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिंदा मनासिव ठहर्छ । वादी श्री ५ को सरकारको र प्रतिवादी मध्येको रतन दमाई दुवैको पुनरावेदन जिकिर पुग्न सक्दैन । अव आफूलाई कसूरदार ठहऱ्याई गरेको सजायं सम्बन्धमा प्रतिवादीहरु कमल पुरी, रविन्द्र कोइराला, करविर सिं सावद, डम्बरवहादुर भन्ने किर्तीबहादुर चन्दको दोहोऱ्याई पाउं भन्ने बेग्लाबेग्लै निवेदन परि पेश हुन आए तर्फ बिचार गर्दा प्रतिवादी रतन दमाई र यी प्रतिवादीहरु एउटै वारदातमा संलग्न रहेको भनि एकै मुद्दामा सबै अभियुक्तहरुको संलग्नता देखाई मुद्दा दायर भएको र शुरुको फैसला सदर गरे तर्फ वादी श्री ५ को सरकारको र आफूलाई सजायं भएतर्फ रतन दमाईको पुनरावेदन परेकोमा एकै मुद्दामा अन्य यी प्रतिवादीहरुको दोहोऱ्याई पाउं भनी निवेदन पर्न आएको पाइन्छ । न्याय प्रशासन ऐन, २०४८ को दफा १२ ले सजायंको अवधि प्रकृति र निर्णयको अवस्थाबाट पुनरावेदन लाग्ने नलाग्ने अवस्थामा विभेद नराखी मुद्दा शव्द राखिएको र कुनै मुद्दामा भएको निर्णय उपर कसैले पुनरावेदन गर्न पाउने भए सजायंको अवधिको वा निर्णयको प्रकृतिले दोस्रो तह पुनरावेदन गर्न बन्देज लगाएको भन्न मिलेन । पुनरावेदन लाग्ने मुद्दामा पुनरावेदन गर्नुपर्ने दोहोऱ्याई पाउं भन्ने निवेदन लाग्न नसकी खारेज हुने भनी २०५५ सालको फौ.पु.नं. १७५४ वादी श्री ५ को सरकार विरुद्ध डिलाराम खनाल समेत (स.अ.वुलेटिन वर्ष ९, अंक १६, पूर्णांक २०२ मिति १६३०, २०५७) को मुद्दामा म सहितको इजलासबाट खारेजी भएकोले निजहरुको दोहोऱ्याई पाउं

भन्ने निवेदन खारेज हुने ठहर्छ । प्र.रतन दमाईलाई सफाइ दिने र प्र.करविर सिंसाउद समेतका प्रतिवादीहरुको दोहोऱ्याई पाउं भन्ने निवेदनमा प्रवेश गरी निर्णय दिनु पर्ने भन्ने माननीय न्यायाधीश श्री टोपवहादुर सिंहको रायसंग सहमत हुन नसकेकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भन्ने माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्रीको राय ।

३८. नियमानुसार पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक श्री ५ को सरकारवाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री टीकावहादुर हमालले न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ख) ले दश बर्ष वा सो भन्दा बढी कैदको सजांय भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको र सो खण्डमा रहेको 'मुद्दा' भन्ने शब्दले जतिसुकै प्रतिवादी भए पनि एउटा मुद्दाका कसै उपर १० बर्ष भन्दा बढी कैद भएको रहेछ भने पुनरावेदन नै गर्नु पर्दछ भन्ने आशय राखेको हो । एउटै मुद्दाका प्रतिवादीहरुलाई अलग अलग सजांय भएकोमा १० बर्ष भन्दा बढी कैद भएको प्रतिवादीले चांही पुनरावेदन गर्नुपर्ने र सो भन्दा कम सजाय भएकाहरुले दफा १२(१) अन्तर्गत दोहोऱ्याई पाउं भन्ने निवेदन दिनुपर्ने गरी एउटै मुद्दालाई अलग अलग प्रक्रियाबाट सुनुवाई गर्ने आशय उक्त ऐनले राखेको छैन । तात्विक भिन्नता भएकोमा पुनरावेदन गर्नुपर्ने हो, दोहोर्‍याई पाउं निवेदन दिने होइन, एकै मुद्दाका विभिन्न प्रतिवादी मध्ये कसैले पुनरावेदन गर्नुपर्ने अबस्थामा अन्य हद मुनि सजाय भएका प्रतिवादीहरुले समेत पुनरावेदन गर्नुपर्ने भन्ने उक्त ऐनमा स्पष्ट नभए पनि उक्त दफाको देहाय (ख) अनुसार १० बर्ष मुनि सजांय भएको र ऐ. (ग) अनुसार तात्विक भिन्नता नभएको अबस्थामा पुनरावेदन गर्न नपाउने भई १२(१) अन्तर्गत दोहोऱ्याई पाउं निवेदन लाग्ने ब्यबस्था रहेको पाइन्छ । मुद्दाको कुनै पक्ष विशेषलाई भएको सजांयको मात्रा र तात्विक भिन्नताको प्रश्नलाई पक्ष वा ब्यक्तिको सन्दर्भमा नहेरी समग्र मुद्दाको सन्दर्भमा हेर्नुपर्ने हुन्छ । व्यक्ति वा पक्षको सन्दर्भमा हेरिन पर्छ भन्ने अर्थ गर्ने हो भने प्रस्तुत मुद्दाको अन्य प्रतिवादीहरुको हकमा श्री ५ को सरकारको पुनरावेदन लाग्न नसक्ने अर्थ निस्कन गै एउटै मुद्दामा श्री ५ को सरकारले कुनै प्रतिवादी उपर

पुनरावेदन र कुनै प्रतिवादी उपर दोहोऱ्याउने निवेदन दिनुपर्ने भन्ने निश्कर्ष निस्कन पुग्दछ, अतः यस्तो द्विविधाजनक स्थिति पैदा हुने गरी कानूनको ब्याख्या गर्न मिल्दैन । तसर्थ पुनरावेदन लाग्ने अवस्थाको मुद्दामा दोहोऱ्याई पाउं निवेदन दिई निस्सा प्रदान भएर पुनरावेदनको रुपमा पेश भएका पुनरावेदनहरु खारेज गर्ने गरेको माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्रीको राय मनासिव छ, प्रतिवादीको रोहवरमा लागू औषध बरामद भै ल फर्मका धनी कमल पूरी समेतको रोहवरमा रीतपूर्वकको बरामदी मुचुल्का खडा भै मुचुल्कामा सही गरेको, प्रतिवादी मध्येको कसूरदार ठहरेको रतन दमाईले उक्त लागू औषध बरामद भएको स्थानको सम्बन्धमा विवाद नउठाएको, प्रतिवादीहरुले अदालतमा गरेको इन्कारी जिकीर निजका साक्षी समेतले ठोस रुपमा प्रमाणित गर्न नसकेको समेतवाट लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १३ अनुसार आफु उपरको दावी अन्यथा प्रमाणित गर्न नसकेको अबस्थामा माग दावी बमोजिम सजाय हुनु पर्नेमा प्रतिवादी मध्येका किर्तीवहादुर चन्द, करवीर सिं सावद, रविन्द्र कोइराला र कमल पुरी समेतलाई आंशिक सजांय दिएको शुरु फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला उल्टी गरी अभियोग दावी बमोजिम सजांय गरी पाउं भनी वहस गर्नु भयो ।

३९. त्यस्तै प्रतिवादीहरु मध्ये किर्तिवहादुर चन्दको तर्फवाट विद्वान अधिवक्ता श्री हरिहर दाहाल, करविर सिं सावदको तर्फवाट विद्वान अधिवक्ता श्री लभकुमार मैनाली, रविन्द्र कोइरालाको तर्फवाट विद्वान अधिवक्ता श्री वालकृष्ण न्यौपाने र श्री कमल नयन पन्तले न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) मा सर्वोच्च अदालतमा कस्तो अवस्थामा पुनरावेदन लाग्ने भन्ने सम्बन्धमा ब्यबस्था गरेको, सो दफाको खण्ड (ख) मा दश बर्ष वा सो भन्दा बढी कैदको सजांय भएको मुद्दा र खण्ड (ग) मा अरु अदालत वा निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णय उपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएको मुद्दा भन्ने ब्यबस्था गरेको र सोही ऐनको दफा १२ ले सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा दोहोऱ्याई पाउं निवेदन लाग्ने ब्यबस्था गरेको समेतवाट पुनरावेदन र दोहोऱ्याई पाउं निवेदन के लाग्ने हो भन्ने कुरा प्रतिवादीलाई भएको सजांय वाट निर्धारण हुनुपर्ने स्थिति विद्यमान छ, कुनै मुद्दाका एउटा प्रतिवादीलाई

१० बर्ष कैद भएकै कारणवाट रु.२०।- मात्र जरिवाना गरिएको अन्य प्रतिवादीले समेत दफा ९(१)(ख) अन्तर्गत पुनरावेदन गर्नुपर्ने हो भन्ने ऐनको आशय होइन । तल्लो तहको अदालतवाट १० बर्ष भन्दा बढी कैद भएकोमा सजायको गम्भीरतालाई दृष्टिगत गर्दै १० बर्ष भन्दा बढी कैदको सजांय भएकोमा मात्र पुनरावेदनको अधिकार दिइएको हो, दुई तह राय सदर भएकोमा पुनरावेदन लाग्ने ब्यबस्था इन्कार गर्दै दोहोऱ्याई पाउं निवेदन दिनुपर्ने न्याय प्रशासन ऐनको मनसाय हो, न्याय प्रशासन ऐनले सानो प्रकृतिका मुद्दा, थोरै सजांय भएको मुद्दामा सर्वोच्च अदालत पुग्नु नपरोस् भन्ने भावनाले पुनरावेदन सम्बन्धी विभिन्न ब्यबस्थाहरु गरेको, एउटा मुद्दामा एक प्रतिवादीले पुनरावेदनको अधिकार पायो भन्दैमा अन्य प्रतिवादीले पनि पुनरावेदन गर्न पाउने हो भनी ऐनले नदिएको अधिकार दिन मिल्दैन, अ.वं. २०५ नं. को ब्यबस्थाले पुनरावेदन गर्नेको हकमा सजांय उल्टी हुने भएकोमा पुनरावेदन नगर्नेको हकमा समेत विचार गर्नुपर्ने व्यवस्था गरेबाट हाम्रो ऐन फौजदारी कसूरका सम्बन्धमा बढी संवेदनशील रहेको मान्नु पर्ने हुन्छ, पुनरावेदन नगर्नेको हकमा समेत इन्साफ गर्नुपर्ने ब्यबस्थालाई अंगालेको हाम्रो कानूनी ब्यबस्था भित्र पुनरावेदन गर्नुपर्नेमा दोहोऱ्याई पाउं भनी निवेदन दिएको भन्ने आधारमा इन्साफ नगर्ने हो भने न्यायको मकसद नै मर्न जान्छ । प्रतिवादी मध्येको कमल पुरीको बयानमा वाक्यांश थपिएको विशेषज्ञ समेतवाट पुष्टि भएको छ, बरामदी मुचुल्का नै विवादास्पद छ, रतन दमाईले झोलामा के थियो म आफैलाई थाहा थिएन भनी अनभिज्ञता प्रकट गरेको छ, अभियोग प्रमाणित हुने ठोस सवुद प्रमाणको अभावमा प्रतिवादीलाई सजांय गरेको शुरु फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नहुंदा प्रतिवादीको दोहोऱ्याई पाउं निवेदन पनि लाग्न सक्ने र प्रतिवादीले अभियोग कसूरबाट सफाइ पाउने ठहऱ्याएको माननीय न्यायाधीश श्री टोपवहादुर सिंहको राय सदर हुनु पर्दछ भनी वहस गर्नुभयो ।

४०. वादी प्रतिवादीका तर्फवाट प्रस्तुत भएको उपरोक्त वहस समेत सुनी मिसिल कागज अध्ययन गरी हेर्दा प्रतिवादीहरु किर्तिवहादुर चन्द, करवीर सिं सावद र रतन दमाईले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ) र (च) को कसूर गरेको, प्रतिवादी कमल पुरी र रविन्द्र कोइरालाले ऐ.

ऐनको दफा ४ को खण्ड (घ) र (च) को कसूर गरेकोले निजहरुलाई ऐ. ऐनको दफा १४(१) को छ(३) बमोजिम सजांय गरी पाउं भन्ने अभियोग माग दावी र हामीले अभियोजित कसूर गरेको नहुंदा अभियोगवाट सफाइ पाउं भन्ने कसूरवाट इन्कार रहेको प्रतिवादीहरुको बयान रहेको प्रस्तुत मुद्दामा शुरु अदालतले प्रतिवादी रतन दमाईको हकमा ऐ. ऐनको दफा (घ)(ङ) र (च) को कसूर कायम गरी ऐ. को दफा १४(१) को छ(३) अनुसार, किर्तिवहादुर चन्द, करवीर सिँ सावद र रविन्द्र कोइरालाको हकमा ऐ. को दफा १७ बमोजिम र प्र. कमल पुरीलाई ऐ.को दफा १५ बमोजिम सजांय हुने र रतन दमाई वाहेकका अन्य प्रतिवादी उपर ऐ. ऐनको दफा ४ को खण्ड (घ)(च) को कसूरमा दफा १४(१) को खण्ड छ(३) को दावी पुग्न नसक्ने ठहऱ्याएको र उक्त फैसला पुनरावेदन अदालत पाटनवाट सदर भएको रहेछ ।

४१. शुरु काठमाडौं जिल्ला अदालतवाट भएको फैसला पुनरावेदन अदालत पाटनवाट सदर भएपछि वादी श्री ५ को सरकारको तर्फवाट प्र. मध्ये रतन दमाई वाहेकका अन्य प्रतिवादीहरु उपर शुरु अभियोग माग दावी बमोजिम सजांय हुन भनी मिति २०५५।२।२१ मा यस अदालतमा पुनरावेदन पर्न आएको र प्रतिवादीहरु मध्ये रतन दमाईले कारागार शाखा कञ्चनपुर मार्फत यस अदालतमा दिएको पुनरावेदन प्राप्त भई मिति २०५५।२।२६ मा दर्ता हुन आएको रहेछ । रतन दमाई वाहेकका प्रतिवादीहरु मध्ये किर्तिवहादुर चन्दको २०५५।२।२६ मा, करवीर सिँ सावदको २०५५।२।२६ मा, रविन्द्र कोइरालाको २०५५।४।२० मा र कमल पुरीको २०५५।११।६ मा यस अदालतमा दोहोऱ्याई हेरी पाउं भन्ने निवेदन दर्ता हुन आएको र उक्त निवेदनहरु यस अदालतको संयुक्त इजलासमा पेश हुंदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को (क) को अबस्था भएको भन्ने आधारमा २०५७।१।५।२ मा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएपछि उल्लेखित ४ जना प्रतिवादीहरुको दोहोऱ्याई पाउं निवेदन पनि पुनरावेदनको लगतमा दर्ता भएको देखिन्छ । वादी श्री ५ को सरकारको तर्फवाट परेको पुनरावेदन तथा प्र. रतन दमाईको तर्फवाट परेको पुनरावेदनहरुमा सोही मितिको सोही संयुक्त इजलासवाट विपक्षी झिकाउने आदेश

भई सबै पुनरावेदनहरु एकैसाथ पेश भएकोमा संयुक्त इजलासका माननीय न्यायाधीश श्री टोपवहादुर सिंह र श्री गोपालप्रसाद खत्रीका वीच निर्णयमा मतैक्य हुन नसकी पूर्ण इजलासको लगतमा दर्ता हुन आएको प्रस्तुत मुद्दामा निम्न प्रश्नहरु उपर निर्णय दिनुपर्ने देखिएको छ ।

१) प्रतिवादीहरु मध्येका रतन दमाई बाहेकका प्रतिवादीहरुको दोहोर्‍याई पाउं भन्ने निवेदन लाग्न सक्ने हो, होइन ?

२) वादी श्री ५ को सरकार तथा प्रतिवादी रतन दमाईको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ?

४२. सर्वप्रथम रतन दमाई वाहेकका अन्य प्रतिवादीहरुको दोहोर्‍याई पाउं भन्ने निवेदन लाग्न सक्ने हो होइन ?भन्ने प्रश्न तर्फ विचार गर्दा सर्वोच्च अदालतमा पुनरावेदन तथा दोहोर्‍याई पाउं भन्ने निवेदन लाग्ने सम्वन्धमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ र १२ मा निम्न वमोजिमको ब्यबस्था रहेको देखिन्छ ।

दफा ९, सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेः

(१) पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर देहायका मुद्दाहरुमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ :

क) पुनरावेदन अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दा,

ख) दश बर्ष वा सो भन्दा बढी कैदको सजांय भएको मुद्दा, र

ग) शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णय उपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णयमा तात्विक भिन्नता भएको मुद्दा ।

(२) सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्न सक्नेछ ।

दफा १२ः मुद्दा दोहोऱ्याई हेर्ने ः

(१) यो ऐन वा प्रचलित कानून वमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरुमा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश देहायका अवस्थामा सर्वोच्च अदालतले दोहोऱ्याई हेर्न सक्नेछ ः–

क) पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा संविधान वा कानूनको ब्याख्यामा गम्भीर त्रुटि भएको,

ख) सर्वोच्च अदालतवाट स्थापित कानूनी सिद्वान्त वा नजीरको पालन नगरेको वा गलत किसिमले ब्याख्या गरी प्रयोग गरेको,

ग) सार्वजनिक सम्पत्ति सम्वन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको ,वा

घ) वालक,महिला,वृद्ध वा मानसिक रोगवाट पीडित ब्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको,

४३. यसप्रकार न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१) बमोजिमको अबस्थामा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने र दफा १२(१) को अबस्थामा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याउन निवेदन दिन पाउने व्यबस्था रहेको देखिन्छ । प्रतिवादीहरु पांचै जनालाई लागू औषध (नियन्त्रण) ऐन,२०३३ को दफा १४(१) को (छ) ३ बमोजिम सजांय हुन भनी अभियोग माग दावी भएको प्रस्तुत मुद्दाका प्रतिवादीहरु मध्ये रतन दमाईलाई ऐ ऐनको दफा १४(१) को छ(३) बमोजिम १५ बर्ष,प्रतिवादी कमल पुरीलाई ऐ.को दफा १५ बमोजिम २ बर्ष ४ महिना र

प्रतिवादी किर्तिवहादुर चन्द, करवीर सिं सावद र रविन्द्र कोइरालालाई ऐ. को दफा १७ बमोजिम ७ बर्ष ६ महिना कैदको सजांय हुने गरी शुरु अदालतबाट फैसला भएकोमा सो फैसला पुनरावेदन अदालतबाट सदर भएको देखिन्छ । अव एउटै बारदातमा संलग्न एउटै अपराधका कसूरदार हुन् भनि धेरै प्रतिवादीहरु उपर एउटै अभियोग मागदावी भएको एउटा मुद्दामा शुरु अदालतबाट इन्साफ हुंदा भिन्न भिन्न प्रतिवादीहरुलाई कसैलाई १० वर्ष भन्दा बढी कैदको सजायं र कसैलाई १० वर्ष भन्दा कम कैदको सजायं ठहर भई सो इन्साफ पुनरावेदन अदालतबाट सदर भएको अवस्थामा सो मुद्दामा उल्लेखित न्याय प्रशासन ऐनको दफा ९(१)(ख) बमोजिम सबै वादी प्रतिवादीहरुले सर्वोच्च अदालतमा पुनरावेदन गर्नुपर्ने हो ?वा १० वर्ष कैद सजायं भएको प्रतिवादीले तथा निजको हकमा मात्र वादीले पुनरावेदन गरी अन्य प्रतिवादीले र अन्य प्रतिवादीको हकमा वादीले समेत दफा १२(१) को आधारमा दोहोर्याई पाउं भन्ने निवेदन दिनुपर्ने हो ?भन्ने सम्बन्धमा न्याय प्रशासन ऐनको दफा ९(१) को उपरोक्त व्यवस्था हेर्दा तत्सम्बन्धमा स्पष्ट खुलेको पाइदैन । तसर्थ उक्त दफा ९(१) को खण्ड (ख) मा रहेको "दश वर्ष वा सो भन्दा बढी कैदको सजायं भएको मुद्दा" भन्ने वाक्यांशको अभिप्राय मुद्दामा व्यक्तिलाई भएको कैदको सजायंलाई मापदण्ड मानेर सो अनुरुप व्यक्तिपिच्छे अलग अलग पुनरावेदन गर्नुपर्ने भन्ने हो ?वा कैदको सजायं भएको मुद्दालाई मापदण्ड मानेर एउटा मुद्दामा एउटै हिसावले पुनरावेदन गर्नुपर्ने भन्ने हो ?सो को निक्यौंल हुनुपर्ने देखिन्छ ।

४४. ऐन कानूनको व्याख्या गर्दा समन्वयात्मक किसिमबाट गर्नुपर्ने हुन्छ भन्ने व्याख्याको मान्य सिद्वान्त हो । ऐनको व्याख्या गर्दा कार्यविधिगत पक्षलाई जटिल बनाउने र असामञ्जस्यपूर्ण हुने हिसावबाट व्याख्या गर्नु हुंदैन । साथै ऐनको शव्दले स्पष्ट नबोलेको अवस्थामा पक्षको सुविधामा प्रतिकूल असर पर्ने ढंगले समेत व्याख्या गर्नु हुंदैन । न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) र १२(१) मा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने र दोहोर्याई पाउं भन्ने निवेदन लाग्ने फरक फरक अवस्थाको निर्धारण गरिएको पाइन्छ । ऐनमा भएको व्यवस्था अन्तर्गत सिधै सर्वोच्च अदालतमा पुनरावेदन गर्न पाउने अधिकार र सो पुनरावेदन गर्न नपाई दोहोर्याई पाउं भन्ने निवेदन मार्फत मात्र सर्वोच्च अदालतमा प्रवेश गर्न पाउने

अधिकार फरक फरक हैसियत राख्ने अधिकार हुन् । सिधै पुनरावेदनको रुपमा पेश भएको मुद्दामा बिचार गर्ने कुराहरु र दोहोर्याई पाउं निवेदन मार्फत पेश भएको मुद्दामा बिचार गर्ने कुराको आआफ्नै सीमा तोकिएको छ । दोहोर्याई पाउं भन्ने निवेदनमा दफा १२(१) मा उल्लेखित अवस्थाहरु छ,छैन भन्ने प्रारम्भिक प्रश्नमा इजलासले बिचार गरी उल्लेखित अवस्था विद्यमान छ भन्ने कुरामा सन्तुष्ट भएमा मात्र दोहोर्याई हेर्ने निस्सा प्रदान गर्ने र त्यस्तो निस्सा प्रदान भएपछि मात्र सो निवेदनको लगत कट्टा भई पुनरावेदनको लगतमा दर्ता हुने हुन्छ । न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१)(ग) को व्याख्या गर्दा शुरुले गरेको सजायमा पुनरावेदन अदालतले हेरफेर गरेकोलाई तात्विक अन्तर परेको मान्नु पर्ने भनी त्यस्तो मुद्दामा यस अदालतमा पुनरावेदन लाग्ने भनि २०५२ सालको फौ.पु.ई.नं. २७ र २८ मा निर्णय भई यस अदालतबाट सिद्वान्त समेत प्रतिपादन भइरहेको पाइन्छ (ने.का.प.२०५४,नि.नं. ६४८०,पृष्ठ ६८२) । प्रस्तुत दफा ९(१)(ख) को व्याख्या गर्दा सर्वोच्च अदालतले ९(१)(ग) को सन्दर्भमा गरेको व्याख्या समेतलाई मध्यनजर गर्नुपर्ने हुन्छ। उक्त सिद्वान्त समेतका आधारमा प्रतिवादी उपरको सजाय समेतमा केही हेरफेर गरी अरु प्रतिवादीको हकमा शुरु सजाय सदर गरेकोमा सो ऐनको दफा ९(१) (ग) बमोजिम तात्विक अन्तर परेको भनि सदर हुने प्रतिवादीको समेत यस अदालतमा पुनरावेदन लिने गरिएको पाइन्छ। कानून बमोजिम पुनरावेदन गर्ने वा दोहोर्याई पाउं भन्ने निवेदन दिने भन्ने कुरा पक्ष विपक्षको अनुकूलता प्रतिकूलतालाई हेरी निर्धारण गर्न मिल्दैन । कुनै विषयमा दायर भएको मुद्दामा वादी प्रतिवादीको संख्या जतिसुकै भए पनि एउटै मुद्दाको रुपमा ग्रहण गरिन्छ । एउटै वारदातमा धेरै प्रतिवादीहरु संलग्न भई ऐन बमोजिम सजाय हुने कसूर गरेको भनी अभियोग मागदावी भएको मुद्दा जतिसुकै प्रतिवादी भए पनि एउटै मुद्दा हो । तसर्थ त्यस्तो अवस्थाको एउटा मुद्दा पछिसम्म पनि एकवटै मुद्दाको रुपमा कायम गरिरहेमा मात्र अदालतलाई मुद्दाको सुनुवाई गर्नमा पनि सहयोग पुग्ने हुन्छ र एकै प्रक्रियाबाट पेश गर्नु पर्दा मुद्दाका पक्षहरुलाई पनि सुविधाजनक तथा सरल नै हुन जाने हुन्छ । न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को "दश वर्ष भन्दा बढी कैदको सजाय भएक" मुद्दा भन्ने वाक्यांशलाई

व्यक्तिलाई दश वर्ष कैद भएको अवस्थामा यस्तो व्यक्तिको हकमा मात्र पुनरावेदन लाग्ने हो भनी व्यक्तिलाई भएको कैदलाई पुनरावेदनको मापदण्ड बनाउने हो भने कुनै मुद्दामा धेरै प्रतिवादीहरु भई कसैलाई १० वर्ष भन्दा बढी कैद सजाय ठहर भएको र कसैलाई १० वर्ष भन्दा कम कैद सजाय ठहर भएकोमा एकै मुद्दामा प्रतिवादीहरुले आफूलाई भएको सजायलाई हेरी १० वर्ष वा वढी कैद भएकाले पुनरावेदन गर्नुपर्ने र सो भन्दा मुनि कैद भएको प्रतिवादीले दोहोर्याई पाउं भन्ने निवेदन दिनुपर्ने हुन्छ । त्यति मात्र नभएर वादी श्री ५ को सरकारले समेत एउटै वारदातको एउटै मुद्दामा प्रतिवादीलाई भएको सजायको आधारमा अलग अलग प्रतिवादीहरु विरुद्ध कसैको सम्बन्धमा पुनरावेदन र कसैको सम्बन्धमा दोहोर्याई पाउं भन्ने निवेदन दिनुपर्ने स्थिति हुन्छ । यसरी एउटै मुद्दामा कुनै प्रतिवादी उपर दोहोर्याई पाउं भनी निवेदन दिनुपर्ने र कुनै प्रतिवादीका हकमा पुनरावेदन दिनुपर्ने भन्ने अव्यवहारिक मनसाय ऐनले राखेको हो भनी निश्कर्ष निकाल्नु तर्कसंगत हुंदैन । अतः न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१) (ग) को सन्दर्भमा यस अदालतबाट भइआएको व्याख्याको अनुरुप नै सो ९(१)(ख) समेतको व्याख्या गर्नु सान्दर्भिक र व्यवहारिक हुंदा एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरुले समेत दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसंगत र सुविधाजनक समेत हुने हुंदा प्रतिवादी करवीर सिंह सावद,किर्तिबहादुर चन्द,कमल पुरी र रविन्द्र कोइराला समेतको पुनरावेदन उपर इन्साफ गर्नुपर्ने ठहर्याएको माननीय न्यायाधीश श्री टोपबहादुर सिंहको रायसंग सहमत हुन सकिएन । पुनरावेदन अदालत पाटनको फैसला उपर परेको दोहोर्याई पाउं भन्ने लाग्नै नसक्ने निवेदनको आधारमा पुनरावेदनको निस्सा समेत भई पुनरावेदनमा दर्ता गरेको समेत कानून अनुरुपको देखिन आएन । दोहोर्याई पाउं भन्ने निवेदन खारेज हुने ठहर्याएको माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्रीको राय मनासिव ठहर्छ ।

४५. अब दोश्रो प्रश्न मध्ये पहिले प्रतिवादी रतन दमाईको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा प्रतिवादी रतन दमाईले उक्त बरामद भएको लागू

औषध रहेको व्याग आफुले बोकेको तथ्यलाई स्वीकार गर्दै आरोपित कसूरमा सावित भई अधिकार प्राप्त अधिकारी समक्ष बयान गरेको पाइन्छ । अदालत समक्ष बयान गर्दा लागू औषध रहेको ब्याग बोकेको तथ्यलाई स्वीकार गरेको तर सो लागू औषध रहेको ब्याग आफ्नो भएको तथा सो ब्याग करवीर सिं समेत मिली ल्याएको नभई रमेशचन वर्माको हो भन्दै आफुलाई सो व्यागमा लागू औषध रहेको कुरा समेत थाहा जानकारी नभएको भनी बयान गरेको पाइन्छ । लागू औषध बरामद भएको स्थल सम्बन्धमा अदालतमा बयान गर्दा निजले कुनै जिकिर लिन सकेको देखिंदैन । आफुले बोकी ल्याएको ब्यागमा लागु औषध भएको तथ्य थाहा थिएन भनी निजले आफ्नो अज्ञानता देखाए पनि कानून बमोजिम कसूर ठहरिने कार्यको अज्ञानतावाट सजांयमा छुट हुन्छ भन्न मिल्दैन । लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा १२ मा यो ऐन र यस ऐन अन्तर्गत वनेको नियम वा जारी गरिएको आदेश बमोजिम प्राप्त गरेको वा राखेको भन्ने कुराको प्रमाण अभियुक्तले पेश गर्नुपर्ने र त्यस्तो प्रमाण पेश गर्न नसकेमा अन्यथा प्रमाणित भएमा वाहेक जसवाट लागू औषध बरामद भएको हो निजले यस ऐन अन्तर्गत सजाय हुने अपराध गरेको मानिने भन्ने कानूनी ब्यबस्था रहेको पाइन्छ । उक्त कानूनी ब्यबस्था बमोजिम प्रतिवादी रतन दमाईले घटना स्थलवाट बरामद भएको लागू औषध यो यस्तो गरी ल्याएको हो भनी ऐन वमोजिमको आधार देखाइ दिन सकेको पाइदैन । अतः बरामद भएको लागू औषध कानूनसम्मत ढङ्गले प्राप्त गरेको हो भन्ने आधार कारण देखाउन नसकेको,लागू औषध बरामद भएको स्थानका सम्वन्धमा निजले अन्यथा जिकीर लिन नसकेको,निजले बोकेको व्यागवाट नै लागू औषध बरामद भएको,बरामद भएको लागू औषध रहेको ब्याग आफुले वोकेको तथ्यलाई अदालतमा बयान गर्दा समेत स्वीकार गरेको समेतका आधार प्रमाणबाट निजले लागु औषध (नियन्त्रण) ऐन,२०३३ अन्तर्गत सजाय हुने कसूर गरेको छैन भन्न सक्ने अवस्था नदेखिंदा अभियोग दावीबाट सफाइ पाउं भनी लिएको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन ।

४६. अव रतन दमाई वाहेकका डम्बरवहादुर भन्ने किर्तिवहादुर चन्द समेतका अन्य प्रतिवादीहरुलाई अभियोग माग दावी बमोजिम सजाय हुनु पर्दछ भन्ने वादी श्री

५ को सरकारको पुनरावेदन जिकिर तर्फ विचार गर्दा निज प्रतिवादीहरुले अदालतमा उपस्थित भई बयान गर्दा आफुहरु अपराधमा संलग्न नभएको भनी पूर्णरुपमा आरोपित कसूरमा इन्कार भई बयान गरेको देखिन्छ । अनुसन्धान अधिकृत समक्ष निजहरुले गरेको बयान हेर्दा प्र. किर्तिवहादुर चन्द र करवीर सिं सावदले आफुहरु समेत भै प्र. रतन दमाईले बरामद भएको लागु औषध भारतवाट ल्याएको भनी बयान गरेको पाइन्छ । अर्का प्रतिवादी रविन्द्र कोइरालाले पैसा पाउने प्रलोभनमा ग्राहक खोज्ने काममा सरिक भएको भनी लागू औषधको खरिद विक्रीको कारोवारमा सँलग्न रहेको कुरा स्वीकार गरेको पाइन्छ । निजहरुले अदालतमा बयान गर्दा उक्त वयान प्रहरीले जवर्जस्ती गराएको र आफुहरुले आरोपित कसूर नगरेको भन्ने बयान गरे पनि निजहरुलाई जवर्जस्ती स्वेच्छा विपरीत बयान गराइएको भन्ने कुराको प्रमाण गुज्रन आएको छैन । भारतमा गई विक्री गर्ने उद्देश्यले लागु औषध ल्याएको र खरिद गर्ने ग्राहक खोज्ने कार्यमा आफु सरिक भएको भनी लागु औषध (नियन्त्रण) ऐन अनुसार कसूर ठहरिने कार्यमा सरिक भएको भनी गरेको निजहरुको बयानलाई अन्यथा भन्ने अवस्था देखिंदैन । त्यस्तै प्रतिवादी कमल पुरीको ल फर्मवाट लागु औषध बरामद भएको भन्ने प्रमाणबाट पुष्टि भइरहेको देखिन्छ । निजको आफ्नो फर्मबाट लागु औषध बरामद भएको होइन भन्न सकिने आधार प्रमाण केही देखिन आएको छैन । रतन दमाई वाहेकका अन्य चारै जना प्रतिवादीहरु समेत लागू औषध ऐन बमोजिम सजाय हुने कार्यमा सरिक भएको भन्ने तथ्य स्थापित भएकोमा पेश भएका सवुद प्रमाण तथा प्रतिवादीहरुको बयान समेतवाट निजहरुले गरेको कसूर फरक फरक प्रकृतिको देखिन आई निजहरुले गरेको कसूरको प्रकृति र त्यसमा रहेको संलग्नतालाई दृष्टिगत गर्दा निजहरुले गरेको कसूरको मात्रा फरक फरक भएको पाइन्छ । लागू औषध सम्बन्धी कसूर ठहर्ने काममा निज प्रतिवादीहरु संलग्न रहेको देखिए पनि निजहरु सवैले गरेको कसूर लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ) र (च) अन्तरगतको कसूर हो भनी निष्कर्षमा पुग्न सकिने आधार प्रमाण वादी पक्षले पेश गर्न सकेको देखिदैन । कानूनमा ब्यबस्था भए बमोजिम प्रमाणवाट जुन प्रकृतिको कसूर देखिन आउंछ सोही कसूरको निमित्त निर्धारित

सजांय मात्र दिन सकिन्छ । लागु औषध सम्वन्धी अपराध ठहरिने कार्यमा सरिक भएको देखिएकै मात्र आधारमा ऐनमा ब्यबस्था भएको माथिल्लो हदको कसूर कायम गरी सजाय गर्नु पर्दछ भन्ने दावी न्यायोचित हुन सक्दैन । एउटै कसूरमा संलग्न देखिएका ब्यक्तिहरुको पनि कसूरमा संलग्नताको रुप फरक फरक हुन सक्दछ, कसूरमा संलग्नताको रुप र त्यस सम्बन्धी भएको कानूनी व्यवस्थालाई मध्यनजर राखेर नै सजाय गर्नुपर्ने हुन्छ । अतः प्रतिवादीहरु मध्ये किर्तिवहादुर चन्द, करवीर सिं सावद, रविन्द्र कोइराला तथा कमल पुरीले गरेको कसूरको प्रकृति तथा कसूरमा रहेको संलग्नता समेतलाई दृष्टिगत गर्दै कसूरको मात्रा र प्रकृति अनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ तथा दफा १५ अनुसारको कसूर कायम गर्दै सजाय गर्ने गरेको शुरु फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहर्‍याएको माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्रीको राय मनासिव देखिंदा अभियोग माग दावी बमोजिम सजाय हुनु पर्ने भन्ने श्री ५ को सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन। अतः दोहोर्याई पाउं निवेदन नलाग्ने र पुनरावेदन अदालतको फैसला मनासिव ठहर्याएको माननीय न्यायाधीश गोपालप्रसाद खत्रीको राय मनासिव ठहर्छ । नियमानुसार गरी मिसिल बुझाई दिनु ।

उक्त रायमा सहमत छौ ।

न्या.हरिश्चन्द्रप्रसाद उपाध्याय
न्या. मीनबहादुर रायमाझी

इति सम्वत २०५८ साल पौष ५ गते रोज ५ शुभम्

## ९. ने.का.प. २०६०, नि. नं. ७२२०, अंकः ५,

निर्णय नं. ७२२० - कार्यविधिमा एकरुपता सम्बन्धी टिप्पणी आदेश

भागः ४५ सालः २०६० महिनाः भाद्र अंकः ५

फैसला मिति :२०६०/०४/३० १९१४

पूर्ण इजलास

माननीय न्यायाधीश श्री गोविन्दवहादुर श्रेष्ठ

माननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय

माननीय न्यायाधीश श्री खिलराज रेग्मी

सम्बत् २०६० सालको पू.ई. प्रतिवेदन नं. ७

आदेश मितिः २०६०।४।३०।६

बिषय :–कार्यविधिमा एकरुपता सम्बन्धी टिप्पणी आदेश ।

- **विशेष अदालत ऐन २०५९ को दफा ११ मा विषेश अदालतले हेर्ने वा हेरेको मुद्दामा म्याद तारेख थाम्ने सम्बन्धमा छुट्टै व्यवस्था गरिएको र त्यसमा विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला उपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न कावु वाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो व्यहोरा मनासीव ठहरिएमा एक पटक वढीमा १५ दिन सम्मको म्याद तारेख थाम्न सकिनेछ भन्ने व्यवस्था गरेको देखिई ऐ ऐनको दफा १२ मा मुद्दाको कारवाही र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो वाहेकका अन्य कुरामा विशेष अदालतले प्रचलित कानून वमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्ने व्यवस्था पाइदा विशेष अदालत ऐन २०५९ मा**

व्यवस्था नगरिएको विषयमा मात्र अन्य प्रचलित कानूनमा भएको व्यवस्था लागु हुन सक्ने ।

- विधायिकाले विशेष अदालतले हेर्रे छिनेका मुद्दामा पुनरावेदनको म्याद र सो म्याद गुजे्रमा थमाउने समेतको छुट्टै व्यवस्था गर्न खोजेको मनसाय प्रष्ट भै विशेष अदालत ऐन, २०५९ को प्रस्तावनामा खास किसिमका मुद्दाहरुको कारवाही र किनारा छिटो,छरितो तथा प्रभावकारी ढंगले गराउन सो कानूनी व्यवस्था गरिएको भन्ने उल्लेख भएबाट पनि ऐनको उद्देश्य र भावना अनुरुप कानूनको प्रयोग र व्याख्या हुनु आवश्यक हुने ।

- विशेष अदालत ऐन २०५९ मा पुनरावेदनको म्याद दिने र सो गुज्रेमा थमाउने छुट्टै व्यवस्था गरिएको, प्रस्तुत विशेष अदालत ऐन २०५९ सालमा वनी लागु भएको र सरकारी मुद्दा संवन्धी ऐन, २०४९ सालमा वनी लागु भएको अवस्थाबाट पनि पछि वनेको ऐनको भिन्न व्यवस्थाले अघिको ऐनको व्यवस्थालाई प्रतिस्थापन गरेको मान्नु पर्ने हुन्छ । यस स्थितिबाट विचार गर्दा पनि सरकारी मुद्दा संवन्धी ऐन, २०४९ को दफा २६)२ (प्रस्तुत विषयमा आकर्षित हुने अवस्था नदेखिने ।

- मुलुकी ऐनको प्रारम्भिक कथनको ४ नं ले छुट्टाछुट्टै वनेका कानूनमा लेखिए जतिमा सोही कानून वमोजिम हुने भन्ने सिध्दान्तलाई अगींकार गरेको समेतबाट पुनरावेदनको म्याद थमाउने प्रसंगमा विशेष अदालत ऐन २०५९ ले यस ऐन वमोजिम र अरु प्रचलित कानून वमोजिमको सुविधा समेत पाउन सक्ने भन्ने स्पष्ट व्यवस्था गरेको देखिन नआएको स्थितिमा विशेष अदालतले हेर्रे छिनेका मुद्दाहरुमा खास मुद्दाहरुको काम कार्यवाही छिटोछरितो किसिमले टुङ्गयाउने प्रयोजन र उद्देश्यवाट वनेको विशेष अदालत ऐन २०५९ को दफा ११ को व्यवस्था वाहेक अरु प्रचलित ऐन कानूनको कार्यविधि समेत आकर्षित हुने भन्न नमिल्ने ।

(प्र.नं. ५ देखि ७)

श्री ५ को सरकार तर्फवाटः विद्वान नायव महान्यायाधिवक्ता श्री नरेन्द्रप्रसाद पाठक

विपक्षी तर्फवाटः

अवलम्वित नजिरः

आदेश

१. नियम बमोजिम दैनिक पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत विषयमा श्री ५ को सरकारको तर्फवाट खटीई आउनु भएका विद्वान नायव महान्यायाधीवक्ता श्री नरेन्द्रप्रसाद पाठकले गर्नु भएको बहस जिकिर समेत सुनी हेर्दा विशेष अदालतको फैसला पश्चात विशेषअदालत ऐन २०५९को दफा ११ बमोजिमको म्याद गुज्रिएकोले स.मु.स.ऐनको दफा २६(२) र अ.वं. ५९ नं. वमोजिम म्याद थामी पुनरावेदन दर्ता गरी पाउं भनी लागू औषध मुद्दामा दर्ता हुन आएका पुनरावेदनहरुमा विभिन्न मितिमा विभिन्न एकल इजलासवाट पृथक –पृथक आदेश हुन गई कार्यविधिमा एकरुपता नआई जटिलता उत्पन्न हुन गएकोले विशेष अदालत ऐनको दफा ११ वमोजिमको म्याद गुज्रिएकोमा म्याद थामी पुनरावेदन दर्ता गर्न मिल्ने नमिल्ने भन्ने बिषयमा निर्णय गरी कार्यविधिमा निश्चितता कायम हुनुपर्ने देखिएकोले दरपिठ सदर भएका र दरपिठ वदर भएका सक्कल फाईलहरु यसैसाथ राखी पेश गरेको छु भन्ने सह रजिष्ट्रारको कार्यविधिमा एकरुपता कायम हुनका लागि भन्ने बिषयको टिप्पणी प्रतिवेदनमा पृथक –पृथक मुद्दामा एउटै कानूनी प्रश्नमा वेग्लावेग्लै निर्णय भई राख्नु न्यायोचित र स्वस्थ न्यायिक प्रचलन पनि नहुने हुंदा सर्वोच्च अदालत नियमावली,२०४९ को नियम ३(१) (च) वमोजिम निराकरणको लागि पूर्ण इजलासमा पेश गर्नु भन्ने सम्माननीय प्रधानन्यायाधीशको मिति २०६०।४।२६ को आदेशानुसार प्रस्तुत बिषय यस इजलास समक्ष पेश हुन आएको देखिन्छ ।

२. उपर्युक्त टिप्पणी आदेश साथ पेश हुन आएका टिप्पणीमा उल्लेख भएका पुनरावेदक प्रतिवादी रहमत आलम बिपक्षी वादी श्री ५ को सरकार भएको लागू औषध मुद्दामा र पुनरावेदक प्रतिवादी सुनिलकुमार सिंह बिपक्षी वादी श्री ५ को सरकार भएको लागू औषध मुद्दामा विशेष अदालत ऐन,२०५९ अन्तर्गत गठित विशेष अदालत काठमाडौंले फैसला गरेकोमा सोही ऐनको दफा १७ वमोजिमको ३५ दिने पुनरावेदन म्याद र सो गुज्रेमा थमाउन पाउने ऐ ऐनको दफा ११ बमोजिमको १५ दिने म्याद समाप्त भएपछि अन्य प्रचलित कानून वमोमिजको म्याद थामी पुनरावेदन दर्ता गर्न मांग गरी आएकोमा विशेष अदालत ऐन,२०५९ को दफा ११ को म्याद भुक्तान भएपछि पर्न आएको भनी पुनरावेदन दरपीठ भए उपर यस अदालत एक न्यायाधीशको इजलासको मिति २०५९।८।१९ र २०५९।१०।२४ को आदेशानुसार सो दरपीठ आदेश सदर भई पुनरावेदन दर्ता हुन नसकेको अवस्था रहेको देखिन आउंछ । पुनरावेदक वादी श्री ५ को सरकार बिपक्षी प्रतिवादी धुरव वस्नेत समेत भएको विभिन्न छुट्टाछुट्टै ४ थान लागू औषध मुद्दामा सोही विषेश अदालतको फैसला उपर यस अदालतमा विशेष अदालत ऐन,२०५९ को दफा ११ ले थमाउन पाउने म्याद समाप्त भएपछि दर्ता हुन आएका पुनरावेदनमा माथि उल्लेख भएकै प्रकृतिको दरपीठ आदेश भएकोमा सो आदेश यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६०।४।६ को आदेशले दरपीठ आदेश वदर भै रहेको अवस्था देखिन आउंछ ।

३. यस परिप्रेक्षमा प्रस्तुत बिषयमा विशेष अदालतले कार्यवाही किनारा गरेको मुद्दामा पुनरावेदन गर्नु पर्दा सो विशेष अदालत ऐन २०५९ को दफा ११ ले थमाउन पाउने म्याद भुक्तान भएपछि सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को दफा २६(२) समेतले म्याद थमाई पुनरावदेन दर्ता गर्न पाउने हो,होइन ?सो सम्बन्धमा निर्णय हुनुपर्ने देखियो ।

४. सो तर्फ विचार गर्दा विशेष अदालत ऐन २०५९ को दफा ११ मा विषेश अदालतले हेर्ने वा हेरेको मुद्दामा म्याद तारेख थाम्ने सम्बन्धमा छुट्टै व्यवस्था गरिएको र त्यसमा विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला

उपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न कावु वाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो व्यहोरा मनासीव ठहरिएमा एक पटक वढीमा १५ दिन सम्मको म्याद तारेख थाम्न सकिनेछ भन्ने व्यवस्था गरेको देखिन्छ । ऐ ऐनको दफा १२ मा मुद्दाको कारवाही र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो वाहेकका अन्य कुरामा विशेष अदालतले प्रचलित कानून वमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्ने व्यवस्था पाइन्छ । यसबाट विशेष अदालत ऐन २०५९ मा व्यवस्था नगरिएको विषयमा मात्र अन्य प्रचलित कानूनमा भएको व्यवस्था लागु हुन सक्ने देखिन्छ ।

५. विशेष अदालत ऐन, २०५९ प्रचलनमा आउनु भन्दा अघिको तत्काल प्रचलित विशेष अदालत ऐन २०३१ मा पुनरावेदनको म्याद दिने र थमाउने सबंन्धमा छुट्टै व्यवस्था गरिएको पाइदैन । परन्तु प्रस्तुत विशेष अदालत ऐन, २०५९ मा भने उपरोक्त वमोजिम दफा १७ मा ३५ दिन पुनरावेदनको म्याद दिनुपर्ने र दफा ११ मा वढीमा १५ दिन संमको म्याद थामिन सक्ने व्यवस्था गरेको पाइन्छ । यसबाट विधायिकाले विशेष अदालतले हेरे छिनेका मुद्दामा पुनरावेदनको म्याद र सो म्याद गुजे्रमा थमाउने समेतको छुट्टै व्यवस्था गर्न खोजेको मनसाय प्रस्ट हुन्छ । विशेष अदालत ऐन, २०५९ को प्रस्तावनामा खास किसिमका मुद्दाहरुको कारवाही र किनारा छिटो,छरितो े तथा प्रभावकारी ढंगले गराउन सो कानूनी व्यवस्था गरिएको भन्ने उल्लेख भएबाट पनि ऐनको उद्देश्य र भावना अनुरुप कानूनको प्रयोग र व्याख्या हुनु आवश्यक हुन आउँछ ।

६. जहाँसम्म टिप्पणी प्रतिवेदनमा उल्लेख भएका मुद्दाहरु श्री ५ को सरकारवादी र सरकारी मुद्दा संबन्धी ऐन, २०४९ को अनुसूची भित्रका मुद्दाहरु हुँदा म्याद थाम्ने संबन्धमा ऐ ऐनको दफा २६ (२) आकर्षित हुन सक्ने हो भन्ने सनंदर्भ छ ,उक्त ऐनको दफा २६ (१) ले अनुसूची

(१) वा (२) मा लेखिएको मुद्दामा पुनरावेदनको म्याद दिंदा अदालतले ७० दिनको म्याद दिनुपर्ने व्यवस्था गरेको र उपदफ (२) मा उपदफा (१) वमोजिमको म्याद

गुज्रेमा अन्य प्रचलित कानूनले थमाउन पाउने म्यादमा अदालतले वढीमा तीस दिन संम थप गर्न सक्ने व्यवस्था गरिएको पाइन्छ ।यसबाट के देखिन आउँछ भने उपदफा (१) वमोजिम दिइएको पुनरावेदनको म्याद गुज्रेमा मात्र उपदफा (२) बमोजिम थप ३० दिन अदालतले दिन सक्ने हुन्छ अन्यथा हुदैन । उक्त ऐनको दफा २६(१) र २६(२) को अन्तरसम्बन्ध रहेकोबाट उक्त उपदफा (२) को प्रयोग स्वतन्त्र रुपमा अलग हुन सक्दैन । उपरोक्त वमोजिम विशेष अदालत ऐन २०५९ मा पुनरावेदनको म्याद दिने र सो गुज्रेमा थमाउने छुट्टै व्यवस्था गरिएको, प्रस्तुत विशेष अदालत ऐन २०५९ सालमा वनी लागु भएको र सरकारी मुद्दा संवन्धी ऐन, २०४९ सालमा वनी लागु भएको अवस्थाबाट पनि पछि वनेको ऐनको भिन्न व्यवस्थाले अघिको ऐनको व्यवस्थालाई प्रतिस्थापन गरेको मान्नु पर्ने हुन्छ । यस स्थितिबाट विचार गर्दा पनि सरकारी मुद्दा संवन्धी ऐन, २०४९ को दफा २६(२) प्रस्तुत विषयमा आकर्षित हुने अवस्था देखिन आएन ।

७. उल्लेखित कानूनी व्वस्थाको विश्लेषणका साथै वस्तुतः मुलुकी ऐनको प्रारम्भिक कथनको ४ नं ले छुट्टाछुट्टै वनेका कानूनमा लेखिए जतिमा सोही कानून वमोजिम हुने भन्ने सिध्दान्तलाई अगींकार गरेको समेतबाट पुनरावेदनको म्याद थमाउने प्रसंगमा विशेष अदालत ऐन २०५९ ले यस ऐन वमोजिम र अरु प्रचलित कानून वमोजिमको सुविधा समेत पाउन सक्ने भन्ने स्पष्ट व्यवस्था गरेको देखिन नआएको स्थितिमा विशेष अदालतले हेरे छिनेका मुद्दाहरुमा खास मुद्दाहरुको काम कार्यवाही छिटोछरितो किसिमले टुङ्गयाउने प्रयोजन र उद्देश्यवाट वनेको विशेष अदालत ऐन २०५९ को दफा ११ को व्यवस्था वाहेक अरु प्रचलित ऐन कानूनको कार्यविधि समेत आकर्षित हुने भन्न मिलेन । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय समेतमा पठाई नियम वमोजिम गर्नु ।

न्या.गोविन्दबहादुर श्रेष्ठ

न्या.हरिश्चन्द्रप्रसाद उपाध्याय

न्या.खिलराज रेग्मी

इति सम्बत् २०६० साल श्रावण ३० गते रोज ६ शुभम् ...... ।

## **१०. गुणाकर खरेल विरुद्ध चितवन जिल्ला अदालत, भरतपुर समेत , ने.का.प.२०६०,अंकः ११, निर्णय नं. ७३०३**

भागः ४५ सालः २०६० महिनाः फागुन अंकः ११

फैसला मिति :२०६०/०३/१० १३१०

संयुक्त इजलाश

माननीय न्यायाधीश श्री दिलीपकुमार पौडेल

माननीय न्यायाधीश श्री सुशिला सिंह सिलु

सम्बत् २०५६ सालको रिट नं.३७१४

आदेश मितिः २०६०।३।१०।३

विषय : उत्प्रेषण ।

रिट निवेदकः चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं.६ बस्ने वर्ष ५० को गुणाकर खरेल

विरुद्ध

विपक्षीः चितवन जिल्ला अदालत, भरतपुर समेत

- **वन ऐन, २०४९ अन्त गतको कसूर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्र पनि परेको अबस्था नहुँदा केवल श्री ५ को सरकार वादी भएकै**

**आधारमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) आकर्षित हुन्छ भन्न नमिल्ने ।**

- **कानूनले नै अनुसूचीमा परेको मुद्दामा मात्र ७० दिनको पुनरावेदनको म्याद पाउने स्पष्ट कानूनी व्यवस्था गरेको अबस्थामा सो कानूनी व्यवस्था विपरीत अनुसूचीमा नपरेको मुद्दामा समेत अदालतले ७० दिनको म्याद दिंदैमा सो म्याद कायम हुनुपर्ने भन्ने जिकिर मनासिव नदेखिने ।**

- **जिल्ला अदालत र पुनरावेदन अदालतको आदेश गैरकानूनी नदेखिदा ३५ दिन भित्र पुनरावेदनको म्याद पाउने भनी बोली सकेको अबस्थामा उपरोक्त निर्णय आदेशहरु समेतलाई निस्क्रिय पार्ने गरी निवेदकले पुनरावेदनको म्याद पाउने भन्न नमिल्ने हुँदा कानून बमोजिमको पुनरावेदन गर्ने म्याद नघाई दायर गर्न ल्याएको पुनरावेदन दर्ता गर्न नमिल्ने भनि दरपीठ गरेको आदेशमा कुनै कानूनी त्रुटी नदेखिंदा प्रस्तुत रिट खारेज हुने ।**

(प्र.नं. १०)

निवेदकतर्फवाटः

विपक्षीतर्फवाटः

अवलम्वित नजिरः

आदेश

**न्या.दिलीपकुमार पौडेलः** नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :–

२. म निवेदकले प्रचलित कानून बमोजिम खरेल फर्निचर तथा काष्ठ उद्योग दर्ता गरी काठको काम गरी आएको थिए । मिति २०५१।५।२६ को जिल्ला वन कार्यालय भरतपुरको च.नं.१०१३ को इजाजत प्राप्त काठ गोलिया थान ३ को क्यू.फि.३०.८५ गोलाई काठ चिरान गर्दै गरेको अबस्थामा मिति २०५२।२।३० गते जिल्ला वन कार्यालय,चितवन भरतपुरले चोरीको काठ भन्दै उक्त क्यू.फि.१७.०४ चिरान काठ बरामद गरेको भनी रु.६,१७०,-बिगो कायम गरी वन ऐन,२०४९ को दफा ४९(घ) को कसूरमा ऐ.ऐनको दफा ५० (घ) को देहाय ४ बमोजिम सजाय हुन अभियोग लगाई मुद्दा दायर गरेकोमा बरामदी काठहरु चोरीको नभई लिलाममा सकार गरेको भनी इन्कारी बयान समेत गरेकोमा चितवन जिल्ला अदालतबाट मिति २०५३।३।१० मा वन ऐन,२०४९ को दफा ४९(३) को कसूर ठहराई तपसिल खण्डमा यो इन्साफमा चित्त नवुझे ७० दिन भित्र पुनरावेदन अदालत,हेटौंडामा पुनरावेदन गर्न जानु भनी म्याद दिने गरी फैसला गरियो । फैसलाले तोकेको म्याद भित्र पुनरावेदन गर्न जान नसकी थामी पाउने मयाद ३० दिन भित्र पुनरावेदन लिई दर्ता गर्न गएकोमा वन ऐन,२०४९ बमोजिम ३५ दिन भित्र नआएको भनी रजिष्ट्रार ज्यूले दरपीठ गरेकोमा सो उपर मुख्य न्यायाधीश समक्ष निवेदन दिएकोमा सो दरपीठ आदेश सदर गरियो । सो आदेश उपर यस सम्मानीत अदालतमा अ.वं.१७ नं.बमोजिम निवेदन गरेकोमा वन ऐन,अन्तर्गतको मुद्दा अनुसूची भित्र नपरेको र त्यस्तो मुद्दामा पुनरावेदन गर्न ऐनले ३५ दिनको म्याद पाउने किटानी व्यवस्था हुँदा हुँदै फैसला तपसिल खण्डमा ७० दिनको म्याद दिएता पनि कानूनी मान्यता विहिन हुने भनी पुनरावेदन अदालतको आदेशलाई नै सदर गरिएको थियो । सो पश्चात यस सम्मानीत अदालतमा रिट नं.२५३५ मा रिट निवेदन गर्दा पुनरावेदन गर्न म्याद ७० दिन कायम हुनुपर्द भन्ने जिकिर कानून संगत नभएको भनी रिट खारेज हुने ठहरी मिति २०५५।८।१५ मा निर्णय भयो । सो निर्णय उपर पुनरावलोकनको निवेदन दिंदा समेत निस्सा प्रदान गर्न नमिल्ने गरी मिति २०५६।४।१० मा आदेश भयो । उपरोक्त आदेश एवं निर्णयबाट समेत चितवन जिल्ला अदालतको मिति २०५३।३।१० को फैसलाको तपसिल खण्डमा ७० दिनको म्याद दिने गरी उल्लेख भएको त्रुटीपूर्ण

भएको प्रमाणित हुन्छ । यसरी अनुसूचीकृत नभएको वन ऐन, २०४९ को मुद्दामा समेत चितवन जिल्ला अदालतबाट ७० दिने पुनरावेदनको म्याद दिने कार्य मुलुकी ऐन, अ.वं.१९३ नं.विपरीत भएको र सो काम कारवाहीले म निवेदकलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) र १२(१) ले प्रदान गरेको मौलिक हकमा आघात पुग्न गएको छ ।

३. कानून बमोजिमको कार्य गर्ने निकायबाट कानूनी त्रुटीपूर्ण कार्य हुन गई म निवेदकको Right to Appeal कुण्ठीत हुन गई प्राकृतिक न्याय सिद्धान्तको समेत वर्खिलाप भई म निवेदक पुनरावेदन गर्न पाउने हकबाट वंचित हुन पुगेको छु । अड्डाको गल्तीबाट पक्षको हक हितमा असर नपर्ने भन्ने सिद्धान्त विपरीत अदालतको गल्तीबाट मलाई असर पर्ने होइन ।

४. मुलुकी ऐन, अ.वं.१९३ नं.को प्रक्रिया फौज्दारी मुद्दामा अनिवार्य प्रक्रियाको रुपमा रहेको छ । जुन प्रक्रिया पुरा गर्नुपर्ने अभिभारा अदालत उपर नै रहेको हुन्छ । "अड्डा अदालतको भूलले त्यसमा पनि फौज्दारी अभियोगमा सजाय पाएकोमा अ.वं.१९३ नं.को प्रक्रिया अनिवार्य रुपमा पूरा नगर्ने हो भने प्रतिवाद गर्न पाउने नागरिकको अधिकारमा गैरकानूनी नियन्त्रण हुन सक्छ । अतः विपक्षी जिल्ला अदालतको सो फैसला उपर तत्कालीन व्यवस्था अनुसार पुनरावेदनमा जाने माग समेत नभएको भन्नु प्राकृतिक न्यायको सिद्धान्त समेत बिरुद्ध समेत हुन जाने" भनी स्थापित सिद्धान्त विपरीत म निवेदकको पुनरावेदन गर्न पाउने हक हनन भएको हुँदा जिल्ला अदालतको तपसिल खण्ड बदर गरी अ.वं.१९३ बमोजिम पुनरावेदनको म्याद दिनु भनी जिल्ला अदालतको नाममा परमादेशको आदेश समेत जारी गरि पाउँ भन्ने समेतको रिट निवेदन ।

५. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? बाटाका म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ लिई आउनु भन्ने विपक्षीहरुको नाममा कारण देखाउ आदेश जारी ।

६.	रासी इलाका वन कार्यालय देव नगरको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी विपक्षी गुणाकर खरेल भएको काठ चोरी निकासी मुद्दामा मिति २०५३।३।१० गते यस अदालतबाट फैसला हुँदा फैसलाको तपसिल खण्डमा सो इन्साफमा चित्त नबुझे आजका ७० दिन भित्र पुनरावेदन अदालत,हेटौंडामा पुनरावेदन गर्नु होला भनी प्रतिवादीलाई फैसला सुनाई निस्सा मिसिल सामेल राख्नु भन्ने उल्लेख भएको र उक्त मुद्दा फैसला भएपछि सोही मितिमा प्रतिवादी गुणाकर खरेललाई फैसला सुनाई निस्सा मिसिल सामेल रहेको देखिएको व्यहोरा सादर अनुरोध छ। प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेतको चितवन जिल्ला अदालतको लिखित जवाफ।

७.	सरकारी मुद्दा सम्बन्धी ऐनको दफा २६ ले अनुसूची १ वा २ मा लेखेको मुद्दामा पुनरावेदनको म्याद दिंदा अदालतले ७० दिनको म्याद दिनु पर्ने भएको,प्रस्तुत मुद्दा वन ऐन अन्तर्गतको हुँदा सरकारी मुद्दा सम्बन्धी एनेको अनुसूची भित्र परेको देखिन आएन । सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची भित्र नपरेको मुद्दामा कानून विपरीत गरी सत्तरी दिनको म्याद दिन नहुनेमा त्यस्तो कानून विपरीतको कार्यबाट कुनै पक्षले सुविधा पाउँदछ भन्नु कानून अनुरुप नहुने हुँदा यस अदालतबाट मिति २०५३।६।१७ मा भएको आदेश कानून बमोजिम कै हुँदा रिट जारी हुने होइन रिट खारेज गरी पाउँ भन्ने समेतको पुनरावेदन अदालत हेटौंडाको लिखित जवाफ ।

८.	नियम बमोजिम आजको दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल कागजात अध्ययन गरी हेर्दा निवेदन माग बमोजिम आदेश जारी हुने हो वा होइन,सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

९.	निर्णयतर्फ विवचार गर्दा,निवेदकलाई वन ऐन,२०४९ को दफा ४९(घ) को कसूरमा सो को देहाय (४) बमोजिम सजाय भई चितवन जिल्ला अदालतबाट फैसला भई तपसिल खण्डमा ७० दिनको पुनरावेदन गर्ने म्याद दिएको हुँदा सोही बमोजिम पुनरावेदन गर्न जाँदा वन ऐन,२०४९ को कसूरमा ३५ दिन भित्र पुनरावेदन गर्नुपर्ने हुँदा पुनरावेदन दर्ता गर्न नमिल्ने भनी रजिष्ट्रारबाट दरपीठ

भएको आदेश मुख्य न्यायाधीशबाट सदर भएकोमा सो उपर यस अदालतमा रिटमा आएकोमा रिट निवेदन समेत खारेज भएको तर अदालतको गल्तीले पक्षको हक अधिकारमा असर नपर्ने भन्ने सिद्धान्त विपरीत अदालतले दिएको म्यादको आधारमा निवेदकको पुनरावेदन गर्न पाउने हक हनन भएको हुँदा चितवन जिल्ला अदालतको तपसिल खण्ड बदर गरी पुनः पुनरावेदनको म्याद दिनु भनी विपक्षी चितवन जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन र सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची भित्र नपरेको मुद्दामा कानून विपरीत गरी ७० दिनको म्याद दिन नहुने त्यस्तो कानून विपरीतको कार्यबाट कुनै पक्षले सुविधा पाउँदछ भन्न नमिल्ने हुँदा रिट खारेज हुन पर्छ भन्ने समेतको लिखित जवाफ रहेको पाइन्छ ।

१०. यसमा रिट निवेदक उपर वन ऐन, २०४९ को दफा ४९(घ) को कसूर ठहरी चितवन जिल्ला अदालतबाट मिति २०५३।३।१० गते फैसला भएको सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) मा अनुसूची १ वा २ मा लेखिएको मुद्दामा पुनरावेदनको म्याद दिंदा अदालतले सत्तरी दिनको म्याद दिनुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेका पाइन्छ । तर, प्रस्तुत वन ऐन, २०४९ अन्तर्गत को कसूर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची भित्र पनि परेको अबस्था नहुँदा केवल श्री ५ को सरकार वादी भएकै आधारमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) आकर्षित हुन्छ भन्न मिल्दैन । यसरी कानूनले नै अनुसूचीमा परेको मुद्दामा मात्र ७० दिनको पुनरावेदनको म्याद पाउने स्पष्ट कानूनी व्यवस्था गरेको अबस्थामा सो कानूनी व्यवस्था विपरीत अनुसूचीमा नपरेको मुद्दामा समेत अदालतले ७० दिनको म्याद दिंदैमा सो म्याद कायम हुनुपर्ने भन्ने जिकिर मनासिब देखिंदैन । यसै विषयमा निवेदक पुनरावेदन अदालत, हेटौंडा समेतको आदेश उपर अ.वं.१७ नं.बमोजिम निवेदन लिई यस अदालतमा आएकोमा २०५३।१०।४ मा कानूनी व्यवस्था विपरीत ७० दिनको म्याद दिंदैमा कायम नहुने भनी र सम्वत् २०५३ सालको रिट नं.२५३५ मा यस अदालत संयुक्त इजलाशबाट समेत वन ऐन, २०४९ को कसूरमा ३५ दिनको म्याद पाउने भनी मिति २०५५।८।१५ मा नै निर्णय आदेश भै अन्तिम भै सकेको अबस्था

मिसिलबाट देखिन्छ । यसरी उपरोक्त निर्णायहरुबाट जिल्ला अदालत र पुनरावेदन अदालतको आदेश गैरकानूनी नदेखिदा ३५ दिन भित्र पुनरावेदनको म्याद पाउने भनी बोली सकेको अबस्थामा उपरोक्त निर्णय आदेशहरु समेतलाई निस्क्रिय पार्ने गरी निवेदकले पुनरावेदनको म्याद पाउने भन्न नमिल्ने हुँदा कानून बमोजिमको पुनरावेदन गर्ने म्याद नघाई दायर गर्न ल्याएको पुनरावेदन दर्ता गर्न नमिल्ने भनि दरपीठ गरेको आदेशमा कुनै कानूनी त्रुटी नदेखिंदा प्रस्तुत रिट खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या.शुसिला सिंह सिलु

इति सम्वत् २०६० साल असार १० गते रोज ३ शुभम्- ।

## ११. रामजीप्रसाद गुप्ता समेत विरुद्ध प्रकाशकुमार अधिकारी समेत – ने.का.प.२०६१,अंकः ६, निर्णय नं. ७३९१

निर्णय नं. ७३९१ - दर्ता बदर गरी सार्वजनिक वाटो कायम गरी पाऊँ

भागः ४६ सालः २०६१ महिनाः असोज अंकः ६

फैसला मिति :२०६१/०६/०७ १२७७

पूर्ण इजलास

माननीय न्यायाधीश श्री दिलीपकुमार पौडेल

माननीय न्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री हरिजंग सिजापती

सम्वत २०६० सालको दे.पु.इ.नं. २७

फैसला मितिः २०६१।६।७।५

मुद्दाः –दर्ता वदर गरी सार्वजनिक वाटो कायम गरी पाउँ ।

पुनरावेदक

वादीः जिल्ला मोरङ्ग विराटनगर उप–महानगरपालिका वडा नं. १३ वस्ने वर्ष ५७ को रामजीप्रसाद गुप्ता समेत

विरुद्ध

प्रत्यर्थी

प्रतिवादीः सुनसरी जिल्ला सिधिया गा.वि.स. वडा नं ४ वस्ने जयप्रसाद अधिकारीको मु.स. गर्ने छोरा प्रकाशकुमार अधिकारी समेत

- पुनरावेदकीय अधिकार कानूनी अधिकार (Legal Right) हो । त्यस्तो अधिकार कानूनद्वारा नै व्यवस्थित गरिएको हुन्छ । कानूनद्वारा व्यवस्थित गरिएकोले नै यस अधिकारलाई कानूनी अधिकारको रुपमा ग्रहण गरिने ।

- ऐनले नै पुनरावेदन सम्बन्धी विषेश व्यवस्था गरी सो ऐन अन्तर्गतका कुन दफा अन्तर्गतको के कस्तो निर्णय उपर पुनरावेदन लाग्ने भनी विधायिकाले प्रष्ट सीमा रेखा कोरिदिएको अवस्थामा सो ऐनमा पुनरावेदन लाग्न सक्ने भनी छुट्याएको विषयवस्तु भन्दा वढी कुरामा पुनरावेदन लाग्न नसक्ने ।

- सम्बन्धित ऐनले नै कति कुरामा पुनरावेदन कहां लाग्ने हो भनी किटानी व्यवस्था गरिरहेको अवस्थामा सो भन्दा वाहेकका पुनरावेदन लाग्ने नभनिएको कुरामा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा ८ पकडी पुनरावेदन लाग्न सक्छ भनी अर्थ गर्न नमिल्ने ।

- मालपोत ऐन, २०३४ को पाँचौं सशोधन पूर्वको दफा २४(४) बमोजिम मालपोत कार्यालय मोरङले दर्ता वदर गर्ने गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्थाको अभावमा पनि पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णय कानून अनुरुपको देखिन नआउने ।

(प्र.नं. २२ देखि २४)

पुनरावेदक वादीतर्फवाटः विद्वान अधिवक्ता श्री हरिहर दाहाल

प्रत्यर्थी प्रतिवादीतर्फवाटः विद्वान वरिष्ठ अधिवक्ता श्री मुकुन्द रेग्मी तथा विद्वान अधिवक्ता श्री हरिशंकर निरौला

अवलम्वित नजिरः स.अ. वुलेटिन वर्ष १०, अंक १७, पुष १ – १५, २०५८, पूर्णांक २२७

फैसला

**न्या.दिलीपकुमार पौडेलः** पुनरावेदन अदालत विराटनगरको मिति २०५४।५।१६ को फैसला उपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अन्तर्गत परेको पुनरावदेनमा संयुक्त इजलाशका माननीय न्यायाधीशहरुका बीच मत्यैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१)(क) अन्तर्गत पेश हुन आएको प्रस्तुत मुद्दाको व्यहोरा एवं ठहर यसप्रकार छ :-

२. जिल्ला मोरङ्ग विराटनगरको वरगाछी चांदनीचौक र त्यसठाउँवाट दक्षिण पश्चिम हुदै साविक मौजे दामावन्दीमा केशलिया नदी सम्म परापूर्व देखि मानिस गाडा आदि हिडी आएको सार्वजनिक वाटो सडक रहेको उक्त जग्गा साविक जिम्दार केशवप्रसाद कोइरालाको जिम्दारी भित्र थियो । हाल सर्भे नापी हुँदा सो सडक वाटो वखरी गा.प. वडा नं. ९(क) अन्तरगत उदगम आचार्य र पुष्कर आचार्य समेतको आवादी जग्गा देखि दक्षिण र वखरी गा.प. वडा न. ९(घ) को अन्तरगत भवनाथप्रसाद पौडेल, शम्भु पौडेल, सुरज शाह, भोला शाह समेतको आवादी जग्गा देखि उत्तर तर्फ रहेको पूर्व पश्चिम भएको सडक जग्गालाई पर्ति भनी वखरी गा.प. वडा नं. ९(घ) को कि.नं. ६४ मा नापी गरिएको रहेछ र सो जग्गा यद्यपी पर्ति सडक वाटो नै रही हामी समेतका आमजनताले हिडी आएको सर्वाजनिक जग्गा हो । हाल उक्त जग्गा विराटनगर नगरनगरपालिकामा गाभिन गएको हो । त्यस्तो परापूर्व देखि हिडी आएको सडक वाटो भएको सार्वजनिक जग्गा वखरी गा.प.वडा नं. ९(घ) को कि.नं ६४ को ५-७-० जग्गा मेरो नम्वरी हो भनी जि. खोटाङ्ग डुम्रेकोट गा.पं.वडा नं. ३ ज्यामिरे वस्ने जय प्रसाद उपाध्याय अधिकारी भन्ने मानिसले निजको मौजे दामावन्दीमा कुनै जग्गा नै नभएकोमा पनि आफ्नो नामको मौजे कारखानाको २ नं. रसिद देखाई उक्त मौजे दामावन्दी अन्तरगत पर्ने सार्वजनिक सडक भनी निवेदन दिई नमालुम कसरी हो तत्कालीन भूमि प्रशासन कार्यालय मोरङ्गवाट मिति २०३४।१२।२७ मा निर्णय गराई आफ्नो नाउँमा दर्ता गराई लिएको रहेछ । उक्त सडक वाटो भएको वखरी गा.पं. वडा नं. ९(घ) को कि.नं. ६४ को पूर्व पश्चिम उत्तर दक्षिण चारै तर्फ मौजे दामावन्दीको जग्गाहरु भै

सो मैजाका रैतिहरुले आ–आफ्ना नाउँमा जग्गा दर्ता गराएका हुन् अर्थात सो जग्गाको उत्तर तर्फ वखरी गा.पं. वडा.नं. ९झ को कि.नं ११८,११९,१२० र १२१ मौजे दामावन्दीकै रैती नं. ३ तिलोत्तमा देवी, रै.नं. ५० को विष्णु कुमारी पडेनी, रै.नं. ६ को ललित वहादुर खडकाको हाल क्रमश वखरी गा.प.वडा नं. ९(ख) को कि.नं ७०, कि.नं ८५ र कि.नं ७१ पर्दछ । पूर्वमा मौजे दामावन्दी रै.नं. ३४ को निजामुद्दिन रियाजुद्दिनको भई हाल वखरी गा.प.वडा नं. ९(घ) कि.नं १४ मा र दक्षिण तर्फ ९ घ कै कि.नं ६३ मा निजामुद्दिन, रियाजुद्दिन कै नाममा नापी भएको र वखरी गा.पं. वडा नं ९(घ) कै कि.नं. १६ र १९ पनि मौजे दामावन्दीकै जग्गा भै विचमा कि.नं ६४ मौजे कारखानाको जग्गा हुनै नसक्नेमा पनि विपक्ष जयप्रसाद उपाध्यायले मौजे कारखानाको जग्गा भनी त्यस्तो सडक वाटो भएको सार्वजनिक जग्गालाई आफ्नो नाउँमा मालपोत ऐन, २०३४ को दफा २४(१) को विपरीत दर्ता गराईए पनि सो जग्गा परापूर्व कालदेखिका सडक वाटो भै यद्दपी सो जग्गामा सडक वाटो नै रही हामी समेतका आम जनताले सार्वजनिक वाटोमा प्रयोग गरी राखेका हुनाले मालपोत ऐन, २०३४ को दफा २४(३)(४) वमोजिम दर्ता सदर रहन नसक्ने भई वदर हुने कुरा स्पष्ट छ । विपक्षी जयप्रसाद उपाध्यायले माथि लेखिए अनुसार दर्ता गराइएको उक्त कि.नं. ६४ को सार्वजनिक जग्गा मध्ये २–०–० जग्गा जिल्ला मोरंग विराटनगर नगरपालिका वडा नं.४ वस्ने मायादेवी अधिकारीलाई मिति २०३५।३।२६ मा राजिनामा पारित गरी दिएपछि कि.नं. ६४ कित्ता काट भै कि.नं. १८३।१८४ मा परिणत हुन गई कि.नं.१८३ को २–०–०–० मायादेवी अधिकारीका नाउँमा दर्ता हुन गई कि.नं. १८४ को विपक्षी जयप्रसाद उपाध्यायमा कायम रहेको जग्गा सडक वाटो नै रही सार्वजनिक रुपमा प्रयोग भई रहेकोले मालपोत ऐन, २०३४ को दफा २४(४) वमोजिम परापूर्व देखि हिडी आएको सार्वजनिक वाटो सडक भएको जग्गा कानून विपरीत दर्ता गराएकोले सो जग्गा दर्ता गर्ने समेतको निर्णय वदर गरी श्रेस्तामा वाटो सडक नै कायम गरी पाउँ भन्ने समेत व्यहाराको विजुल चौधरी समेतको द.नं. ९१०१ मिति २०४१।२।१९ को निवेदन पत्र ।

३. मायाँदेवी अधिकारीको हकमा वा. रेवतीरमण अधिकारीले मालपोत कार्यालयमा मिति २०४१।८।१९ मा गरेको वयानमा गा.पं.वखरी वडा नं.९घ.कि.नं. १८३ को ज.वि. २-०-०-० जग्गा साविक कारखाना मौजाको रै.नं. १०९ कि.नं ६५, ११, ३६, १७, ३८, ३९, ७१, ७२, ७३, ७४, ७५, १८, १, २, २८, ३०, २१, ६६, ६३, ४, ७१ समेतको ज.वि. १०-५-१० साविक जग्गा धनी लप्टन रेवती रमण उपाध्याय पोखरेलवाट जयप्रसाद अधिकारीले पाई निज जयप्रसादको भोग तिरो दर्ता सात (७) नं. फांटवारीको आधारमा साविकको नम्वरी जग्गा २०३४ चैत्र २७ मा ज.ध. प्र.पुर्जा भू.प्र.का.मोरंगवाट प्राप्त गरी खाई भोगेको जग्गा हुनाले सो जग्गा मध्येवाट कि.नं. ६४ उत्तर तर्फवाट कित्ताकाट भै कि.न. १८३ को २-०-० जग्गा राजिनामा पारित गरी लिएको छु । उजुरवाला विजुल चौधरीको भाई फेकुवा चौधरी उपर आवादी जग्गा खिचोला गरी वाली लुटपिट गरेकोमा मोरंग जिल्ला अदालतवाट २०३९।६।१८ मा फैसला भएको र सो जग्गा नरघटी भै ५-१५-० कायम भएको जग्गामा कुनै सार्वजनिक वाटो पर्दैन । साविक देखिको नम्वरी जग्गा भएकोले मालपोत ऐन लागू हुनु भन्दा पहिले नै दर्ता कायम भई साविक नम्वरीको आधारमा तिरो भरो भोग चलन समेत गरी आएको जग्गा हुनाले कानून व्याख्या सम्वन्धी ऐन समेतले यो उजुरी दायर रही कारवाही हुनु नपर्ने भन्ने समेत व्यहोराको गरेको वयान ।

४. उक्त जग्गा वाटो होइन वाटो भए सवै नक्सामा वाटो हुनु पर्ने,सो नहुनाले वाटो छाड्न मंजुर छैन । वाटो कायम गरी दिएमा मेरो ५-०-० जग्गा जाने हुनाले मलाई मर्का पर्छ । त्यसो हुँदा मेरो नम्वरी नै कायम गरी पाउँ । सक्कल २०२६ सालको रसिद,७ नं.फाँटवारी पछि पेश गर्नेछु । उक्त जग्गा रेवतीरमण पोखरेलसंग लिएको कारखाना मौजाको हो भन्ने समेत व्यहोराको जयप्रसाद अधिकारीलेमालपोत कार्यालय मोरङ्गमा मिति २०४१ साल पौष २४ गते गरेको वयान ।

५.	उक्त जग्गा साविक देखिको सडक हो भन्ने कसैको र कसैले आवादी हो भनी उल्लेख गरेको मालपोत कार्यालय मोरङ्गवाट मिति २०४३ साल मार्ग २ गते पुण्य प्रकाश उपाध्यायले स्थलगत मुचुल्का ।

६.	कि.नं १८४ को दक्षिण पूर्वको ०-०-१७ र सोही कि.नं. कै दक्षिण गएको भागको विचवाट उत्तर दक्षिण ०-१०-९ जग्गा वाटो देखिने र कि.नं. १८३ मा ट्रेसमा वाटो उल्लेख नभएको भन्ने मेन्टिनेन्स नापी शाखा मोरंगको चलानी नं. १०४६ मिति २०४३।१२।१८ को पत्र ।

७.	परापूर्वकाल देखिको गौचर, डगर वाटो पर्ति भनी नापी भएको जग्गा जयप्रसाद उपाध्यायले मौजे कारखानाको भनी नापी गराएको हुँदा डगर वाटो नै कायम गर्न शान्ति शर्मा समेत २३ जनाको निवेदन पर्दा ३१ जनावाट भएको सर्जमिन मुचुल्का समेत अनुसार उक्त जग्गा दामावन्दी मौजाको गौचर, डगरवाटो जग्गालाई मौजे कारखानाको जग्गा भनी दर्ता गराई विक्रि समेत गरेको हुँदा मालपोत ऐनको दफा २४ को उपदफा (३) र (४) वमोजिम सार्वजनिक गौचर ,डगर, वाटोको जग्गा दर्ता वदर गरी सार्वजनिक गौचर डगर वाटो नै कायम गरिन पर्ने भन्ने समेत व्यहोरको तत्कालीन विराटनगर नगरपालिकाको च.नं. ५१५२ मिति २०४६।१०।२६ र विराटनगर नगरपालिकाको चलानी न. १०४२१ मिति २०४७।३।७ समेतको पत्र ।

८.	वखरी ९घ कि.नं ६४ को जग्गा परापुर्व देखि डगर वाटो पर्ति जग्गा हो । सो ६४ देखि उत्तरमा म पुष्कर आचार्यको ९(क) कि.नं. ११८, ११९, १२०, १२१ को जग्गा पर्दछ । मेरो सांधमा सो कि.न. ६४ को डगर वाटो पर्ति जग्गा दामावन्दी, मेठवन्दी भित्र पर्नेमा त विवादै छैन । सो देखि दक्षिण पश्चिम रै.नं. तिलोत्तमा देवी, रै.नं. ५० को विष्णुकुमारी पडेनी, रै.नं. ६ को ललितवहादुर खडका, रै.नं. ३४ को निजामुद्दिन रिजाजुद्दिन समेतका नापीमा क्रमश ९ (ख) कि.नं ७०, ८५, ७१ र ९(घ) कि.नं. १४ देखि क्रमशः दक्षिण पूर्व साँधमा सुरत शाह, शम्भु पौडयाल, भवनाथ पौडयाल, उदगम आचार्य आदिको क्रमश दामावन्दी मेठवन्दी भित्रका जग्गाहरुमै पर्दछन् । वडा.नं. ९(घ) कि.नं ६४

कित्ताकाट भई १८३÷१८४ वा अन्य जतिसुकै कित्ताहरु भए पनि कि.नं. ६४ पर्ति सडक डगर वाटो सार्वजनिक जग्गा हो । यस्तो जग्गा दर्ता गराए तापनि यसमा दर्ता गराउने जयप्रसाद अधिकारीको वा. निजका भतिजा रेवतीरमण अधिकारीको श्रीमती मायाँदेवीको समेत भोग आवाद नरहेको,फिल्डवुकमा आ.लायक नजनाइएको,दामावन्दी मेठवन्दी भित्र पर्ने पर्ति सडक वाटोको जग्गा हो भनी पुष्करप्रसाद आचार्य समेत १९ जनाको व्यहोरा भएको ०५०।११।२८ को सर्जमिन मुचुल्का ।

९. वखरी वडा नं. ९(घ) को साविक कि.नं. ६२ को जग्गा फिल्डचेक गर्न उक्त क्षेत्रमा गई साँध सधियार ,भरभलादमी,जनप्रतिनिधि र मालपोत कार्यालय मोरंगका खरीदार प्रकाशकुमार चापागाई समेतको रोहवरमा जग्गा छुट्याई जग्गाको साँध सिमाना कायम गरिएको र जग्गाको अवस्था हाल वाँझो पर्ति रहेको र उक्त कित्ता नं. को जग्गाको नक्सामा वाटो नरहेको,नक्सा ट्रेशमा रातो मसिले वाटोको संकेत देखाए अनुसारको वाटो मिति २०५०।१।२७ गते फिल्डचेक गर्दा जग्गामा कायम रहेको देखिएको हुँदा सोही अनुसारको नक्सा ट्रेश तयार गरी प्रतिवेदन साथ पेश गरेको छु भन्ने समेत व्यहोराको नापी शाखाका अमिन केदारनाथ दाहालको २०५०।१२।२ को फिल्डचेक प्रतिवेदन ।

१०. विवादित जग्गाको साँध संधियारको जग्गा दामावन्दी मौजामा दर्ता भएको देखिएकोमा उक्त जग्गा उजुरकर्ताहरुले दामावन्दी मौजेको हो भनी उजुरी गरेको अवस्थामा प्रतिवादीहरुले कारखाना मौजाको भनी प्रतिवाद सम्म गरी प्रमाण पेश गर्न नसकेको स्थितिमा उक्त जग्गा हाल सम्म आवाद नभई साविक देखि सार्वजनिक रुपमा प्रयोग भएको पर्ति जग्गा देखिनुका साथै साविक देखि भोग चलन गरेको नदेखिंदा मालपोत ऐन,२०३४ को दफा २४(१) अनुसार यस्तो जग्गा दर्ता गर्न नमिल्ने र दफा २४(४) वमोजिम यस्तो जग्गाको दर्ता यो ऐन प्रारम्भ भए पछि जुनसुकै वखत मालपोत कार्यालयले वदर गर्न सक्ने कानूनी व्यवस्था भएको र सो जग्गा सार्वजनिक रुपमा चलन भै आएको वाटो पर्ति देखिएको हुँदा भूमि प्रशासन कार्यालय मोरंगको ०३४।१२।२७ को निर्णयवाट दर्ता भएको वखरी

वडा नं. ९घ साविक कि.नं. ६४ को जग्गा दर्ता वदर गरी दिने ठहर्छ । सो ठहर्नाले शुरु दर्ता जग्गा नै वदर भई सकेपछि अन्य व्यक्तिका नाउँमा विक्रि भई गई सकेको भएपनि वदर हुन्छ भन्ने समेत व्यहोराको मालपोत कार्यालय मोरंगको मिति २०५१।१।९ को निर्णय ।

११. साविक आवादी नम्वरी जग्गालाई असम्वन्धित ऐन लगाई सम्वन्धित मानी हामीहरुले प्रमाणको रुपमा उल्लेख गरेको अदालतवाट भएको फैसला लगायतका अन्य सवुद प्रमाणहरुको मूल्यांङ्कन नगरी विवादित जग्गाको दर्ता वदर गर्ने गरेको शुरु मालपोत कार्यालयको निर्णय त्रुटिपूर्ण हुँदा सो फैसला वदर गरी हाम्रो प्रतिउत्तर जिकिर वमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी जयप्रसाद अधिकारी समेत ३ जनाको पुनरावेदन अदतलत विराटनगरमा परेको संयुक्त पुनरावेदन पत्र ।

१२. केवल सार्वजनिक वाटो भएकोले दर्ता वदर गरी पाउँ भनी दिएको मनगढन्ते निवेदनलाई आधार वनाई दावीको प्रमाण पुष्टी गर्ने भार प्रतिवादी माथि थोपारी प्रमाणमा उल्लेख गरेका अदालतका फैसला लगायतका अन्य सवुद प्रमाणहरुको समेत मूल्यांङ्कन नगरी गरेको शुरु फैसला त्रुटिपूर्ण हुँदा मालपोत कार्यालयको उक्त फैसला वदर गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी मध्येका मायादेवी अधिकारीको पुनरावेदन अदालत विराटनगरमा परेको मिति २०५१।२।२९ को पुनरावेदन पत्र ।

१३. प्रतिवादीहरुले प्रमाणको रुपमा उल्लेख गरेको अदालतको फैसला लगायतका सवूद प्रमाणहरुको मूल्यांङ्कन तथा विवेचना नै नगरी विवादित कि.नं. ६४ को जग्गाको दर्ता वदर गर्ने गरेको शुरु मालपोत कार्यालयको निर्णय विचारणीय देखिएकोले छलफलको लागि अ.वं. २०२ नं. तथा पु.वे.अ.नियमावली, ०४८ वमोजिम विपक्षी झिकाई पेश गर्नु भन्ने समेत व्यहोराको पुनरावेदन अदालत विराटनगरको मिति २०५२।३।२५ को आदेश ।

१४. विवादित जग्गा आवादलायक भनी पुनरावेदिकाका नाउँमा विशूद्ध रुपमा भएको दर्तालाई निवेदकहरुको दर्ता वदरतर्फ सर्वोच्च अदालतको फैसला उप्रान्त पनि उजुरी पुनरावेदन र फैसला वदर सम्मको दावी लिन सकेको अवस्था विद्यमान नभएको स्थितिमा मालपोत ऐन, २०३४ को दफा २४(१) ले दिएको अधिकार भनी भूमि प्रशासन कार्यालय मोरङ्गको ०३४।१२।२७ को निर्णय वदर गर्न सक्ने अधिकार मालपोत कार्यालयलाई भएको नदेखिंदा दर्ता वदर गरि दिने भनी गरेको ०५१।१।९।६ को निर्णय कानूनी त्रुटीपूर्ण भै नमिलेको हुँदा उल्टी हुने. ठहर्छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत विराटनगरको २०५४।५।१६ को फैसला ।

१५. उक्त फैसलामा चित्त वुझेन । जुन जग्गा विपक्षीले दर्ता गराएको हो, सो हाल सम्म पनि विपक्षीवाट भोगचलन भएको छैन । साविक कि.नं ६४ कित्ताकाट गराई कि.नं. १८३ को वारेमा मुद्दा परे पनि कि.नं १८४ को जग्गामा मूल दर्तावालाले कुनै अदालती प्रमाण तयार गर्न पनि नसकिने अवस्थामा दूषित रुपवाट भएको दर्तालाई नै मान्यता प्रदान गरिएको उक्त फैसला वदरभागी छ । सार्वजनिक जग्गा दर्ता गराएमा वदर हुने कुरा तत्कालीन भूमि प्रशासन ऐन, २०२४ को दफा २० मा उल्लेख भएको र सो ऐनको कार्यविधिलाई निरन्तरता दिएको मालपोत ऐन, २०३४ को दफा २४ ले त्यस्तो दुषित दर्तालाई वदर गर्न सक्ने कानूनी अधिकार प्रदान गरी सो अख्तियारी अन्तर्गत भएको मालपोत कार्यालयको निर्णयलाई अनधिकृत ठहर गरिएको उक्त फैसलामा मालपोत ऐन, २०३४ को दफा २४ को व्याख्यात्मक त्रुटी समेत रहेको छ । सार्वजनिक जग्गा दर्ता गरे गराएकोमा दर्ता भएकै कारणले स्वामित्व कायम हुन सक्ने होइन । मालपोत ऐन, २०३४ को दफा २४ ले प्रदान गरेको अधिकार अन्तर्गत स्थलगत सरजमिन, नगरपालिकाको चिठी र अन्य सम्वद्ध सवुद प्रमाण हेरी कानूनसम्मत तरिकाले मालपोत कार्यालयले गरेको निर्णय वदर गरेको ने.का.प. २०५४ अंक ११ पृष्ठ ६०५ र ऐ अंक १२ पृष्ठ ६७८ मा प्रकाशित सिद्धान्त समेतको परिप्रेक्ष्यमा वदरभागी भएकोले पुनरावेदन अदालतको फैसला वदर गरी मालपोत

कार्यालय मोरङ्गको मिति २०५१।१।९ को निर्णय सदर गरी पाउँ भन्ने समेत व्यहोराको वादीको यस अदालतमा परेको पुनरावेदन पत्र ।

१६. भूमि प्रशासन कार्यालय मोरङ्गवाट २०३४।१२।२७ मा वादीका नाममा विवादित जग्गा दर्ता हुने ठहरेको हाल उजुरकर्तावाट सार्वजनिक वाटो भनी परेको उजुर उपर सुनुवाई गरी मालपोत ऐन, २०३४ मा भएको कानूनी व्यवस्था अनुसारको अधिकार प्रयोग गरी उक्त २०३४ सालको निर्णय वदर गर्ने ठह¥याएको ०५१।१।९ को कानूनसम्मत निर्णय उपर पुनरावेदन लाग्ने व्यवस्था नभएको समेत अवस्थामा उक्त २०५१ सालको मालपोत कार्यालयको निर्णय उल्टी हुने ठह¥याएको पुनरावेदन अदालत विराटनगरको फैसला फरक पर्ने देखिंदा छलफलको लागि अ.वं. २०२ नं. वमोजिम प्रत्यर्थी झिकाई पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत संयुक्त इजलासको मिति २०५८।६।२९ को आदेश ।

१७. प्रस्तुत विवाद भूमि प्रशासन ऐन, २०२४को दफा २० र मालपोत ऐन, २०३४ को दफा २४को अधिकारको प्रयोगवाट सिर्जित भएकोमा दुवै पक्ष वीचमा विवाद देखिएको छैन । मालपोत अधिकृतले गरेको निर्णय उपर मालपोत ऐन, २०३४ को दफा ३१ अनुसार पुनरावेदन लाग्ने कानूनी व्यवस्था रहेकोले सो कानूनी व्यवस्था हेर्दा मालपोत असुल तहसिल गर्ने काममा वाधा विरोध गर्नेलाई सजाय गरेको (दफा २८), आवाद गर्न नहुने जग्गा आवाद गर्नेलाई सजाय गरेको (दफा २९) र स्वीकृति विना जग्गा आवाद गर्नेलाई सजाय गरेको ( दफा ३४) सम्वन्धमा मालपोत कार्यालयको प्रमुखको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने देखिन्छ । प्रस्तुत विवाद ऐनको दफा २४ वमोजिमको सार्वजनिक जग्गा दर्ता गरेको विषयको भएको र मालपोत अधिकृतले विवादित जग्गाको दर्ता वदर गरेको सम्म देखिएकोले सो उपर पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था भएको पाइएन । यसरी कानूनले नै पुनरावेदन लाग्ने व्यवस्था नगरेको स्थितिमा मालपोत कार्यालय मोरङ्गको ०५१।१।९ को निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न नसक्ने हुँदा पुनरावेदन लिई फैसला गरेको पुनरावेदन अदालत विराटनगरको २०५४।५।१६ को फैसला त्रुटीपूर्ण देखिंदा वदर हुने ठहर्छ । माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्रीको छुट्टै असहमत

राय हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उप नियम (१) को खण्ड (क) वमोजिम पूर्ण इजलासमा पेश गर्नु भन्ने समेत व्यहोराको माननीय न्यायाधीश श्री कृष्णकुमार वर्माको राय ।

१८. विवादित कि.नं. ६४ को जग्गा प्रतिवादी जयप्रसादका नाउँमा भूमिसुधार कार्यालय मोरङ्गवाट २०३४।१२।२७ मा दर्ता गर्ने निर्णय भएको देखिन्छ । भूमि प्रशासन ऐन, २०२४ को दफा २० अन्तर्गतको सार्वजनिक जग्गा नपर्ने भनी उक्त कार्यालयवाट निर्णय भएको अवस्था छ । जग्गा दर्ता गर्ने अख्तियारी प्राप्त साधिकार निकायवाट सो दफा २० अन्तर्गत नपर्ने भनी निर्णय गरिसकेकोमा उही निकाय मालपोत कार्यालय विराटनगरले मालपोत ऐन, २०३४ को दफा २४(२) प्रयोग गरी साविक कि.नं. ६४ को जग्गाको दर्ता वदर गरेको मिलेको देखिंदैन । आफूले गरेको निर्णय आफैले वदर गर्न नहुने भनी यस अदालतवाट ने.का.प. २०५० अंक ४ पृष्ठ २२८ मा प्रकाशित नि.नं. ४७३२ मा समेत सिद्धान्त प्रतिपादित भइरहेको समेत देखिन्छ । उपरोक्त परिप्रेक्ष्यमा मालपोत कार्यालय मोरङ्गको ०५१।१।९ को निर्णयलाई वदर गरी सोही मालपोत कार्यालयकै रुपमा कार्य गर्ने एउटै निकाय भूमि प्रशासन कार्यालय विराटनगरको मिति २०३४।१२।२७ को निर्णय सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेकै देखिंदा मनासीव ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न सक्तैन । पुनरावेदन अदालतको फैसला वदर गरेको माननीय न्यायाधीश श्री कृष्णकुमार वर्माको रायसंग असहमत भएकोले सर्वोच्च अदालत नियमावली, २०४९को नियम ३ को उप नियम (१) को खण्ड (क) वमोजिम पूर्ण इजलासमा पेश गर्नु भन्ने समेत व्यहोराको माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्रीको राय सहितको यस अदालत संयुक्त इजलासको मिति २०६०।२।१९ को फैसला ।

१९. नियम वमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी तर्फवाट विद्वान अधिवक्ता श्री हरिहर दाहालले विवादको कि.नं ६४ को जग्गा मौजे दामावन्दी भित्रको जग्गा हो । दामावन्दी मौजा भित्र प्रत्यर्थी जयप्रसादको जग्गा छैन । विवादको जग्गा सार्वजनिक जग्गा भएको भन्ने कुरा देखिएको छ ।

त्यस्तो सार्वजनिक जग्गा कसैले पनि दर्ता गराउन मिल्दैन । दर्ता गराएको भए पनि मालपोत ऐन, २०३४ को दफा २४ ले मालपोत कार्यालयलाई वदर गर्न सक्ने अधिकार प्रदान गरेकोछ । सोही अधिकार प्रयोग गरी मालपोत कार्यालयले दर्ता वदर गर्ने निर्णय गरेको हो । मालपोत कार्यालयले गरेको त्यस्तो निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनमा व्यवस्था छैन । पुनरावेदन लिई मालपोत कार्यालयको ०५१।१।९ को निर्णय वदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला त्रुटीपूर्ण हुँदा माननीय न्यायाधीश श्री कृष्णकुमार वर्माको राय सदर हुनुपर्दछ भन्ने समेत व्यहोराको वहस जिकिर प्रस्तुत गर्नु भयो । प्रत्यर्थी प्रतिवादी तर्फवाट विद्वान वरिष्ठ अधिवक्ता श्री मुकुन्द रेग्मी तथा विद्वान अधिवक्ता श्री हरि शंकर निरौलाले मालपोत कार्यालयको निर्णय उपर सोही ऐनको दफा ३१ मा उल्लेखित व्यवस्थाबाट पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने नै देखिन्छ । साथै न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) अनुसार पनि मालपोत कार्यालयको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने नै हुन्छ । एकपटक सबूद प्रमाणको मूल्यांकन गरी दर्ता गर्ने निर्णय गरी सकेको अवस्थामा उही कार्यालयले आफ्नो निर्णय आफै वदर गर्न मिल्दैन । पुनरावेदन अदालतको फैसला सदर हुने ठह¥याएको माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्रीको राय मिलेकै हुँदा सदर हुनुपर्दछ भन्ने समेत व्यहोराको वहश जिकिर प्रस्तुत गर्नु भयो ।

२०. आज निर्णय सुनाउन तोकिएको प्रस्तुत मुद्दामा विद्वान कानून व्यवसायीहरुको वहश जिकिरलाई समेत विचार गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत विवादमा पुनरावेदकतर्फबाट विवादको दर्ता वदर गर्ने गरेको मालपोत कार्यालयको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन नै लाग्न नसक्नेमा पुनरावेदन लिई सुनुवाई गरी गरेको पुनरावेदन अदालतको निर्णय क्षेत्राधिकारविहीन भै त्रुटीपूर्ण रहेको भन्ने प्रारंभिक प्रश्न उठाएको पाइएकोले सर्वप्रथम सोही प्रश्नको निराकारण हुनुपर्ने देखिन आयो । सोतर्फ विचार गर्दा उक्त जग्गा हालसम्म आवाद नभई सार्वजनिक रुपमा प्रयोग भएको पर्ति जग्गा देखिनुको साथै दर्ता गराउनेले दर्ता गराई सकेपछि साविक देखिकै निजको जग्गा भए आवाद गरी भोग गरेको

हुनुपर्नेमा आवाद नभई साविकै देखि सार्वजनिक रुपमा प्रयोग भएको पर्ति जग्गा देखिएको हुदां निजको भोग चलन समेत रहेको देखिएन । मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) अनुसार परापूर्व देखि हिडि आएको बाटो, सडक, गौचर, गाईवस्तु चराउने चौर, गाईवस्तु निकाल्ने निकास, त्यस्तै सार्वजनिक रुपमा चलन भई आएको वा सन्धिसर्पन पर्ने जग्गा दर्ता गर्न नमिल्ने सोेही दफाको उपदफा (४) मा यस्तो दर्ता यो ऐन प्रारंभ भएपछि जुनसुकै वखत मालपोत कार्यालयले वदर गर्न सक्ने कानूनी व्यवस्था भएको र सो जग्गा सार्वजनिकरुपमा चलन भै आएको बाटो पर्ति देखिएको हुँदां भूमी प्रशासन कार्यालय मोरङ्गको मिति २०३४।१२।२७ को निर्णयबाट दर्ता भएको वहरी वडा नंं ९ कि.नं ६४ को जग्गा दर्ता वदर गरिदिने ठहर्छ भन्ने मालपोत कार्यालय मोरङको मिति २०५१।१।९ को निर्णमा उल्लेख भएको देखिन्छ । सोही दर्ता वदर गर्ने गरेको मालपोत कार्यालयको निर्णय उपर न्याय प्रशासन ऐन, २०४८ को दफा ८ ले पुनरावेदन सुन्ने अधिकारक्षेत्र यस अदालतलाई छ भन्ने व्यहोरा उल्लेख गरी प्रत्यर्थी प्रतिवादीहरुको पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन परेको देखिन आउँछ । न्याय प्रशासन ऐन, २०४८ को दफा ८ पुनरावेदन अदालतको अधिकारक्षेत्र मूल शीर्षक अन्तर्गत सो दफाको उपदफा (१) ले पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको शुरु फैसला वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने र कानून बमोजिम साधक जाँच्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको देखिन्छ । यस दफामा प्रयुक्त प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा भन्ने वाक्यांशबाट जुन निकाय वा अधिकारीले जुन कानून प्रयोग गरी निर्णय गरेको हो सो कानूनले पुनरावेदकीय अधिकारको व्यवस्था कसरी गरेको रहेछ वा गरेको छ भन्ने कुराले विशेष महत्व राख्ने देखिन्छ र त्यसतर्फ विचार गर्नुपर्ने हुन आउंछ ।

२१. माथि उल्लेख भएबमोजिम मालपोत कार्यालय मोरङ्गले मालपोत ऐन, २०३४ को दफा २४ अन्तर्गतको अधिकार प्रयोग गरी विवादित निर्णय मिति

२०५१।१।९ मा गरेको हुँदा सो वखत पुनरावेदन सम्बन्धमा मालपोत ऐन,२०३४ मा के कस्तो व्यवस्था रहेको थियो भन्ने कुरा सान्दर्भिक देखिन आएको छ । मालपोत ऐन,२०३४ को (चौथो सशोधन २०४९।९।८) दफा ३१ पुनरावेदन मूल शीर्षक अन्तर्गत सो दफाले दफा २८,२९ वा ३० अन्तर्गत मालपोत कार्यालयको प्रमुखले गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । सो दफा ३१ को व्यवस्था अनुसार मालपोत ऐन,२०३४ को दफा २८,२९,३० अन्तर्गतका कुरामा गरिएको निर्णय उपर मात्र त्यस्तो निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउने व्यवस्था गरेको देखिन्छ । मालपोत ऐन,२०३४ को दफा ३१ मा मिति २०५४।८।२६ मा पाचौं संशोधन भएको देखिन्छ । सो पांचौं सशोधनले सो ऐनको दफा ३१ मा समेत संशोधन भएको र सो संशोधित दफा ३१ ले यस ऐनको दफा ७,८,८(ख),२८,२९ र ३० बमोजिम मालपोत कार्यालयले गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । सो संशोधित व्यवस्थाले पनि मालपोत कार्यालयले मालपोत ऐन,२०३४ को दफा २४ अन्तर्गत गरेको निर्णय उपर पुनरावेदन लाग्नसक्ने व्यवस्था गरेको देखिदैन । यसबाट साविक देखि हाल सम्मको मालपोत ऐन को व्यवस्था अनुसार सो ऐनको दफा २४ अन्तर्गतको निर्णय उपर पुनरावेदन नलाग्ने भन्ने विधायिकी मनसाय रहेको पुष्टी हुन आउँछ । मालपोत ऐन २०३४ को दफा २८ अनुसार मालपोत असूल तहसिल सम्बन्धी कार्यमा वाधा गर्नेलाई सजाय गर्न सक्ने व्यवस्था,दफा २९ अनुसार आवाद गर्न नहुने जग्गा आवाद गर्नेलाई सजाय गर्ने व्यवस्था र दफा ३० अनुसार स्वीकृति विना जग्गा आवाद गर्नेलाई सजाय गर्ने व्यवस्था अन्तर्गत निर्णय गरेकोमा वाहेक मालपोत अधिकृतको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदन सुनी गरेको निर्णय क्षेत्रविहीन देखिने स्वतः स्पष्ट छ भन्ने निर्णय यस अदालत पूर्ण इजलासबाट धर्मदत्त कोइराला विरुद्ध कुञ्ज विहारीप्रसाद सिंह भएको पारित राजिनामा बमोजिम जग्गा नाप नक्सा गरी दाखेल खारेज गरी पाउँ भन्ने मुद्दामा (स.अ. वुलेटिन वर्ष १०,अंक १७ पुस १ देखि १५,२०५८,पूर्णाङ्क २२७ ) भएको निर्णयसंग असहमत हुनुपर्ने अवस्था देखिदैन ।

अतः दफा २९ को व्यवस्थाको परिप्रेक्षमा समेत मालपोत कार्यालयको प्रस्तुत निर्णय उपर पुनरावेदन लाग्न सक्छ भन्ने प्रत्यर्थीतर्फका विद्वान कानून व्यवसायीहरुको जिकिरसंग सहमत हुन सकिने अवस्था देखिएन ।

२२. मालपोत ऐन, २०३४ को दफा २४(४) अन्तर्गत गरेको निर्णय उपर सो ऐनको दफा ३१ ले पुनरावेदन लाग्न सक्ने व्यवस्था नगरे पनि न्याय प्रशासन ऐन २०४८ को दफा ८(१) को व्यवस्था अनुसार मालपोत कार्यालय मुद्दा मामिलाको सुनुवाइको प्रयोजनका लागि पुनरावेदन अदालतको मातहतको अर्धन्यायिक निकाय भएकोले न्याय प्रशासन ऐनको सो व्यवस्था अनुसार मालपोत कार्यालयले गरेको अन्तिम आदेश वा निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्दछ भन्ने प्रत्यर्थी प्रतिवादीतर्फको जिकिरका सम्बन्धमा विचार गर्दा पुनरावेदकीय अधिकार कानूनी अधिकार (Legal Right) हो । त्यस्तो अधिकार कानूनद्वारा नै व्यवस्थित गरिएको हुन्छ । कानूनद्वारा व्यवस्थित गरिएकोले नै यस अधिकारलाई कानूनी अधिकारको रुपमा ग्रहण गरिन्छ । कुन विवादमा कुन कानून अन्तर्गत कुन निकाय वा कार्यालयले शुरु अधिकार ग्रहण गरी विवादको छिनोफानो गर्न पाउने हो र त्यसरी गरिएको विवादको छिनोफानोमा चित्तन वुझे कहां कुन प्रक्रियाद्वारा कस्ले पुनरावेदन गर्न पाउने हो भन्ने कुरा कानूनद्वारा नै व्यवस्थित भएको हुनुपर्छ । अन्यथा कानूनी अधिकारको रुपमा रहेको पुनरावेदकीय अधिकारको सिर्जना नै हुन सक्दैन ।

२३. मालपोत ऐन, २०३४ को पाँचौं सशोधनसम्मद्वारा गरिएको सो ऐनको संशोधित व्यवस्थासम्ममा समेत सो ऐनको दफा ३१ ले सो ऐनको दफा २४ अन्तर्गत मालपोत कार्यालयले गरेको निर्णय उपर पुनरावेदन लाग्न सक्ने व्यवस्था गरेको देखिन आएको छैन । यसरी सम्बन्धित ऐनले नै सो ऐन अन्तर्गतको कुनै दफा अन्तर्गतको निर्णयमा पुनरावेदन लाग्ने भनी स्पष्ट व्यवस्था गरिरहेकोले सो ऐन अन्तर्गतका अन्य दफाहरु अन्तर्गतका निर्णयमा पुनरावेदन लाग्न नसक्ने भन्ने कानूनी मनसाय रहेको देखिन्छ । यसरी छुट्टै उद्देश्य पूर्तिको लागि निर्माण भएको ऐनले नै पुनरावेदन लाग्न सक्ने व्यवस्था नगरेको देखिएको

अवस्थामा पुनरावेदन गर्न पाउँने कानूनी अधिकार निश्रृत भएको रहेछ भनी मान्न मिल्ने देखिदैंन । मालपोत ऐनले नै पुनरावेदन सम्बन्धी विषेश व्यवस्था गरी सो ऐन अन्तर्गतका कुन दफा अन्तर्गतको के कस्तो निर्णय उपर पुनरावेदन लाग्ने भनी विधायिकाले प्रष्ट सीमा रेखा कोरिदिएको अवस्थामा सो ऐनमा पुनरावेदन लाग्न सक्ने भनी छुट्याएको विषयवस्तु भन्दा बढी कुरामा पुनरावेदन लाग्न सक्छ भन्न मिल्दैन । छुट्टै ऐनमा पुनरावेदन लाग्ने वा नलाग्ने संवन्धमा कुनै कुरा नवोलिएको अवस्थामा मात्र न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) आकर्षित हुने हो । अरु ऐनमा पुनरावेदन सम्बन्धमा विशेष व्यवस्था गरिएकोमा न्याय प्रशासन ऐन समेत आकर्षित गरी एकसाथ दुवै ऐनको कानूनी व्यवस्था क्रियाशील हुन्छ भन्नु कानूनको प्रयोगमा झनद्विविधा उत्पन्न गर्नु हुन  जान्छ । तसर्थ सम्बन्धित ऐनले नै कति कुरामा पुनरावेदन कहां लाग्ने हो भनी किटानी व्यवस्था गरिरहेको अवस्थामा सो भन्दा वाहेकका पुनरावेदन लाग्ने नभनिएको कुरामा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा ८ पकडी पुनरावेदन लाग्न सक्छ भनी अर्थ गर्न मिल्दैन । अतः प्रत्यर्थीतर्फको यस सम्बन्धी जिकिरसंग सहमत हुन सकिएन ।

२४. माथि गरिएको प्रारंभिक प्रश्नको विवेचनाबाट प्रत्यर्थी प्रतिवादीका नाउँमा भएको विवादको कि.नं ६४ को जग्गाको मालपोत ऐन, २०३४ को पाँचौं सशोधन पूर्वको दफा २४(४) बमोजिम मालपोत कार्यालय मोरङले दर्ता वदर गर्ने गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्थाको अभावमा पनि पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णय कानून अनुरुपको देखिन आएन । यसरी कानूनले लाग्दै नलाग्ने पुनरावदेन लिई मालपोत कार्यालयले विवादित दर्ता वदर गर्ने गरेको निर्णय वदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला अधिकारक्षेत्रविहीन भै त्रुटीपूर्ण रहेको देखिन आयो । कानूनतः नलाग्ने पुनरावेदन खारेज गर्नुपर्नेमा नगरी कानूनी व्यवस्थाको अभावमा परेको पुनरावेदन सुनी गरेको पुनरावेदन अदालतको फैसला वदर हुने हुँदां पुनरावेदन लाग्न नसक्ने भनी पुनरावेदन अदालतको फैसला उल्टी हुने ठहऱ्याएको सम्म माननीय न्यायाधीश श्री कृष्णकुमार वर्माको राय सदर हुन्छ । अरु तपसिल बमोजिम गर्नु ।

तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम पुनरावेदन अदालतको फैसला उल्टी हुने ठहरेकोले पुनरावेदन अदालतको फैसलाको तपसिलको देहाय १ र २ बमोजिमको लगत कायम नरहने हुँदां सो कट्टा गरिदिनु र मालपोत कार्यालयको निर्णय अनुसार गर्नु भनी शुरु मालपोत कार्यालय मोरङमा लेखि पठाई दिनु .... १

नियमानुसार गरी मिसिल बझाइ दिनु ... २

उपर्युक्त रायमा सहमत छौं ।

न्या.खिलराज रेग्मी

न्या.हरिजंग सिजापती

इति सम्वत २०६१ साल असोज ७ गते रोज ५ शुभम्................।

**१२. महानन्द पौडेल समेतको जाहेरीले श्री ५ को सरकार विरुद्ध कलावती सुवेदी समेत , ने.का.प.२०६३, अंकः ९, निर्णय नं. ७७६८**

निर्णय नं. ७७६८ - कर्तव्यज्यान

भागः ४८ सालः २०६३ महिनाः पौस अंकः ९

फैसला मिति :२०६३/०८/०८ १६९७

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री वलराम के.सी

माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह

संवत २०६१ सालको फौ.पु.नं. —३१६७

मुद्दाः कर्तव्य ज्यान ।

पुनरावेदक

वादीः महानन्द पौडेल समेतको जाहेरीले श्री ५ को सरकार

विरूद्ध

प्रत्यर्थी

प्रतिवादीः पर्वत जिल्ला, पाङ गा.वि.स. वडा नं. ४ वस्ने कलावती सुवेदी समेत

§ फौजदारी मुद्दाका वादीले पहिलो कुरा अपराधै भयो भएन सो कुरा अपराध भएको भन्ने संकारहित तवरबाट प्रमाणित भएपछि कसै उपर अभियोग लगाई मुद्दा चलाईन्छ भने त्यसरी मुद्दा चलाईएको व्यक्ति उपर संकारहित तवरबाट अभियोग प्रमाणित गर्नु पर्ने ।

§ शंकाको भरमा वा अपराध भएको सुनेको भन्ने Hear Say Evidence को भरमा वा अदालतलाई ग्राह्य नहुने प्रमाणको भरमा मात्र राज्यले कसै उपर अभियोग लगाई मुद्दा चलाउन नहुने ।

§ वारदात प्रतिवादीहरुको संलग्नतामा भएको भन्ने प्रत्यक्ष प्रमाण वा परिस्थितीजन्य वा कुनै अन्य प्रमाण पनि नभएको अवस्थामा मुद्दानै चल्न नसक्ने अवस्थाको प्रतिवादीहरुलाई मुद्दा चलाई पुनरावेदन सुन्ने अदालतबाट समेत सफाई दिए उपर वादी नेपाल सरकारले चित्त बुझाई बस्नु पर्नेमा अझ सँजाय हुनुपर्छ भनी वादीले गरेको पुनरावेदन जिकिर उपर सहमती हुन नसकिने ।

§ फौजदारी मुद्दामा वादी राज्य पक्ष हुने हुनाले राज्यले पुनरावेदन गर्ने अधिकारका सम्वन्धमा हाम्रो कानूनले वादी र प्रतिवादीलाई समान पुनरावेदन गर्ने अधिकार दिएको छ । पुनरावेदन गर्ने अधिकार कानूनले प्रदान गरेको छ भन्दैमा प्रमाण सुन्य मुद्दामा समेत पुनरावेदन गर्ने वर्तमान परिपाटी राज्यले अन्त्य गर्ने तर्फ ध्यान दिनुपर्ने ।

§ पुनरावेदन गरी मुद्दा लम्व्याउने भन्दा कहाँ के किन र कस्तो त्रुटीले गर्दा राज्यले मुद्दा हार्न गयो भन्ने तर्फ सुधार गरेपछि यस अदालत एवं राज्य दुवैको अमुल्य समय खेर नजाने ।

(प्रकरण नं.३३)

§ सजायको माग गरी पुनरावेदन दावी लिएका यी प्रतिवादीहरुलाई अभियोगमा सजाय गर्न तथ्य प्रमाणको अभाव देखिएको र सफाई दिने गरी भएको पुनरावेदन फैसलालाई यस अदालतबाट फौ.पु.नं. ३०७९ को कर्तव्य ज्यान मुद्दामा मिति

**२०६०।२।१९ मा सदर ठहरी फैसला समेत भैसकेको देखिदा यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिदा सदर हुने ।**

(प्रकरण नं.३४)

पुनरावेदक वादी तर्फबाटः

प्रत्यर्थी प्रतिवादी तर्फबाटः

अवलम्वित नजीरः

फैसला

**न्या.वलराम के.सी.** : पुनरावेदन अदालत वाग्लुङको मिति २०५९।३।१२ को फैसला उपर वादी श्री ५ को सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परी न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ख) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य सहित ठहर यस प्रकार छ : –

२. म जाहेरवालाको जेठो छोरा वर्ष १९ को शेषकान्त उपाध्यायको विवाह २ वर्ष अगाडि धाइरिङ माइत भएकी जमुनासँग भएको र उनीहरू बीचको सुमधुर रहेको कुनै किसिमको खटपट थिएन । हालसम्म कुनै सन्तानको जन्म भएको छैन, मिति ०५७।१०।२४ गते छोरा शेषकान्तलाई ज्वरो आई सुतिरहेको र बुहारी जमुना उपाध्याय रेग्मी खानाखाई घरको काम धन्दा सकि सुतेकी र राति १० बजेको समयमा पाङबाट मेरी माइती सासुले कोसेली स्वरुप ल्याई दिएको रोटी भाउजुलाई लगिदे भनि मेरो श्रीमतीले कान्छा छोरालाई पठाउँदा कोठामा चुकुल लगाएको, पटक पटक वोलाउँदा नवोलेपछि माइलो छोराले वत्ति लिएर गई

झ्यालबाट हेर्दा जमुना उनि च्यादरले घाटीमा पासो लगाई झुण्डिरहेको देखि भाउजु झुण्डीनु भएको छ भनी हल्ला खल्ला गरेपछि मेरो श्रीमती योगमायाले गई झ्यालबाट पसेर पासो फुकाइ पानी खुवाउँदा पानी ननिलेकी प्राण गई सकेको रहेछ निजले आफै पासो लगाई आत्माहत्या गरेकी हुन् भन्ने जि. पर्वत नाङलिवाङ गा.वि.स. वडा नं. ४ वस्ने वर्ष ४८ का महोदत्त उपाध्याय रेग्मीको पाना २ को जाहेरी दरखास्त ।

३. यसमा पूर्व तेर्छो डहर पश्चिम जाहेरवालाकै खेत, उत्तर मणीनाथ उपाध्यायको घर, दक्षिण जाहेरवालाकै वारी, यति ४ किल्ला भित्र जाहेरवालाको घरको माथि पश्चिम पट्टिको वार्दलिकोठा सो कोठा भित्र खाटमा उत्तानो अवस्थामा राखिएको मृतक जमुना उपाध्यायको लास भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

४. सो कोठा भित्र खाटमा पूर्व दक्षिण टाउको उत्तर पश्चिम गोडा रहेको मृतक जमुनाको लास दुवै आखा बन्द दुवै कान सुख्खा, दुवै नाकको प्वालबाट तरलपदार्थ निस्केको घाँटीमा कहिँ कतै झुण्डिएको चिन्ह नदेखिएको दुवै हात अर्ध खुम्चिई पेटमाथि रहेको दुवै खुट्टा उत्तर पश्चिमतर्फ फर्केका मृतकले लगाएको सम्पूर्ण कपडाहरु खोली ओल्टाई पल्टाई हेर्दा मृतकका वायाँ पट्टिका गाला सुनिएका जस्तो देखिएको, चिउडोमा सानो काटेको खत रगत सुकेको अवस्थामा रहेको दाहिने हातको चुरा फुटि भुइमा खसेको सोही दायाँ हातको चुराले नाडिमा काटेको रगत सुनेको अवस्थामा रहेको गुद्वारबाट दिसा निस्केको मुत्रद्धारबाट केही ननिस्केको, झुण्डिएको भनिउको वलो देखि भुई सम्मको उचाई ५ फिट २ इन्च रहेको भन्ने घटनास्थल विवरण ।

५. घाँटि थिचिई स्वास प्रश्वास वन्द हुन गएको कारणबाट मृत्यु भएको भन्ने मिति ०५७।१०।१५ गतेको जिल्ला स्वास्थ्य कार्यालय वाग्लुङबाट प्राप्त भएको लास पोष्टमार्टम रिपोर्ट ।

६. मेरी वहिनी वर्ष १९ की जमुनालाई मिति ०५५।११।१७ गते शेषकान्त रेग्मी उपाध्यासँग परम्परा अनुसार विवाह गरी दिएकोमा विवाह पश्चात मेरी वहिनीलाई सासुले तेरा माइतिले सासु ज्वाई समेतलाई सिक्रि दिनुपर्ने दिएनन र अन्य दाइजो कम भयो भन्ने विषयलाई लिई वहिनीलाई दुःख दिने गर्दथे र वहिनी माइतमा आउँदा घरमा जान नमान्ने गर्दथिन् । मैले सम्झाई बुझाई घरमा पुर्‍याई दिने गर्दथे । मिति ०५७।१०।२५ गतेका दिन दिउँसो मेरो घरमा ऐ. २८ गते हुने स्वस्थानी सांगेको निम्तो दिन वहिनीको घर तर्फ जाँदै गर्दा बाटोमा नै वहिनीको हत्या गरे भन्ने सुने सो दिन घटनास्थलमा पुगी वेलुका नाङलिवाङ ७ स्थित ससुराली गई वास वसियो घटना सम्वन्धमा सोधपुछ गर्दा सो दिन वहिनीको सासुकी आमा पाङ गा.वि.स. ४ निवासी यमुना सुवेदीको आमा सोही साँझ वहिनीको घरमा आई ज्वाई शेषकान्तको विवाह गरी दिने केटीको खोजी गरी विवाह गर्ने सल्लाह गर्ने सिलसिलामा पहिला मेरी वहिनीलाई नपन्छाई विवाह गर्ने धौं हुने भएकोबाट वहिनीको ससुरा महोदत्त, साहिलो छोरा र कान्छो छोरा समेतको मद्दत र सल्लाहा लिई हत्या गरी मायतिलाइ समेत खवर नगरी लास दवाउने काम समेत गर्न खोजेको भन्ने बुझिएको भन्ने समेत व्यहोराको जिल्ला पर्वत धाइरिङ गा.वि.स. वडा नं. ४ वस्ने वर्ष ३४ का महानन्द पौडेलको किटानी जाहेरी दरखास्त ।

७. मृतक जमुनालाई मैले मिति ०५५।११।७ गते परम्परा अनुसार विवाह गरी ल्याएको हो र हामीहरु विच राम्रो सम्वन्ध थियो । यस्तै क्रममा विवाह पश्चात मेरी आमा योगमाया उपाध्यायले दाइजो कम भएको विषयलाई लिई मेरी श्रीमती जमुनालाई गालि गर्ने रिसाउने गरेको थाहा पाएको थिएँ, निज माइतमा वढी जाने हुँदा माइत जाने क्रममा पनि रिसाउने गाली गर्ने गर्नु हुन्थ्यो मिति ०५७।१०।११ गते देखि म विरामी परी सुतेको थिएँ र निज श्रीमती रजस्वला भएको कारण वाहिर काम धन्दा गर्दथिन् । मिति ०५७।१०।२४ गते रजस्वला अवधिबाट उम्की दिउसो मेलामा गई वेलुका घरमा आई घरको काम धन्दा सकि आफु सत्ने गरेको वार्दलिको कोठामा गई सुतिन, म विरामी परेको र श्रीमती

रजस्वला भएकै कारण भुई तलामा नै सुति आएको थिएँ । सो दिन २४ गते पनि भुई तलामानै सुतेको थिएँ रातको अं. १० बजेको समयमा श्रीमती सुतेको कोठामा घुद्रक गरेको आवाज पनि सुनेको थिए उक्त आवाज झण्डै १०।१५ मिनेटसम्म आई रहेको थियो सो समयमा म विरामी परी सुतेको हुनाले श्रीमती सुतेको कोठामा जान सकिन श्रीमतीको मृत्यु आत्माहत्या नभई भन्ने समेत व्यहोराको प्रतिवादी शेषकान्त उपाध्यायको वयान कागज ।

८. मिति ०५७।१०।२४ गते पाङबाट हजुरआमा आउनु भएको थियो । दाई शेषकान्त विरामी परी भूई तलामा सुत्न भएको थियो, आमा र हजुरआमा भुई तलामा कुराकानी गरी वस्नु भएको थियो वुवा पनि वार्दलीको पूर्वतर्फको कोठीमा सुत्नु भएको थियो भाउजु आफु सुत्ने कोठामा ९ बजेनै सुति सक्नु भएको थियो । म र भाइ पढदै थियौं । रातको अं. ९.३० बजेको समयमा आमा र हजुर आमा भाउजु सुत्नु भएको कोठा तिर जानु भएको हो केही छिनमा नै भाउजुको कोठामा गएको १०।१५ मिनेट पछि तल्लो तलामा आई आमाले भाउजुलाई रोटी लगिदे भनि कान्छो भाइलाई भनेकीले भाइले रोटी लिई भाउजु सुत्ने कोठामा लगी भाउजुलाई वोलाउँदा भाउजु नवोलेपछि मैले बत्ति लिई गई झयालबाट हेर्दा भाउजु खाटको तलपट्टि मुन्तिर मृत अवस्थामा लडी रहनु भएको देखें । त्यसपछि आमालाई समेत वोलाई आमाले भाउजुलाई पानी खुवाउँदा पनि नील्नु भएन । उहाँको मृत्यु भैसकेको रहेछ । म ढोका खोली पसी हेर्दा कोठाको माथि वलोमा पासो लगाइएको देखेको हुँ । यसरी आमा र हजुरआमा भाउजु सुतेको कोठिमा गई १०।१५ मिनेट पछि तल झर्नु, कोठिमा घद्राक घुद्रुक आवाज आउनु, तल्लो तलामा आउने वित्तिकै भाइलाई भाउजुलाई रोटी लगिदे भनि आमाले भन्नु, भाई तथा म समेत कोठिमा जाँदा भाउजुको मृत्यु भएको हुनु यसमा मेरो आमा र हजुर आमाले कर्तव्य गरी भाउजुलाई मारेकोमा विश्वास लाग्छ भन्ने प्रतिवादी थगराज उपाध्याय रेग्मीको वयान कागज ।

९. मृतक जमुना रेग्मीको मानसिक अवस्था राम्रो भएको निसँग गाउँ घरमा कोही कसैसँग पूर्वरिसइवी भए नभएको मलाई थाहा भएन । घरमा मृतकको

सासुले विवाहपछि दाइजोको विषयलाई लिई जमुनालाई गाली गर्ने रिसाउने झै झगडा गर्ने मावली हजुर आमा कलावती सुवेदीले समेत मेरो घरमा आई दाइजो दिएनन् भन्ने विषयलाई लिई कल झगडा गर्दथिन, घरमा वस्न सक्दिन भनि घरबाट माइत जाँदा रुदै म घरमा जान्न भन्दथिन् । सोही दाइजोको विषयलाई लिई जाहेरीमा उल्लेखित प्रतिवादीहरुले कर्तव्य गरी मारेकोमा पूर्ण विस्वास लाग्छ भन्ने व्यहोराको रामप्रसाद पौडेलको कागज ।

१०. जमुनाले माइतमा आउँदा घरमा दाइजोको विषयलाई लिई मलाई बिभिन्न गाली गलोज गर्दछन मलाई घरमा बस्न साह्रै गारो भयो भन्ने निज मृतकबाट थाहा पाएको हुँदा र मिति ०५७।१०।२४ गते निज जमुनाको मृत्यु भएको हुँदा सोही दाइजोको विषयलाई लिई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ निजले आत्माहत्या गर्नुपर्ने कारण केही थिएन, निजको मानसिक अवस्था ठिक थियो भन्ने समेत व्यहोराको चित्रवहादुर के.सी को कागज ।

११. मिति ०५७।१०।२४ गते राति १० बजेको समयमा मेरो घरमा स्वास्थानी पढि म वाहिर घर पछाडि पिसाव फेर्न जाँदा जमुनाको घरमा निजकै सासु योगमायाले जमुना उपाध्यायलाई तईले हामीहरुलाई ज्यान मारा पार्ने झुण्डिएकी होस यस्तो काम पनि गर्ने हो भन्दा सुनि म घर भित्र गर्य मेरा श्रीमानसँग सो कुरा वताएपछि मेरा श्रीमानले जान तँ के रहेछ भनेको हुँदा म त्यहाँ जाँदा सो घरको माथि वार्दलीमा गई हेर्दा जमुना खटमुनि बसाए जस्तो अवस्थामा निजको सासु योगमायाले आफ्नो खुट्टामा अडाई हातले समाएकी थिइन । मैले हातमा वत्ति लिई टाउको उठाउ जमुना भन्दा टाउको नउठाएको हुँदा निज योगमायाले टाउको मुख खुल्ला रहेको अवस्थामा देखियो । पानी खुवाउँदा पानी ननिलेको हुँदा के भएको भनि भाइले सोधपुछ गर्दा पासो लगाई झुण्डि मरीछ । सो अवस्था देखि मैले माया लागि पासो फुकाई दिएकी हुँ भनेकी हुन पासो लगाएको ठाउँ कहाँको डोरी खोइ भनी सोधपुछ गर्दा खाटमाथि रहेको च्यादर देखाएकी हुन । घटनास्थल हेर्दा र झुण्डिएको भनेको ठाउँ हेर्दा झुण्डि आत्माहत्या गरे जस्तो लाग्दैन । कर्तव्य हो वा आत्माहत्या म एकिन भन्न सक्दीन सो समयमा

सो कोठा भित्र योगमाया, कलावती सुवेदी थगराज उपाध्याय थिए भन्ने समेत व्यहोराको राधिका खत्रीको कागज ।

१२. मिति ०५७।१०।२४ गते म पाङ ४ घरबाट छोरी ज्वाईको घरमा गएकी हुँ, साना नातीहरु पढदै थिए ठूला नाती शेषकान्त विरामी भएको हुँदा सुति सकेको थिए म र छोरी भुई तलामा सुति वातचित गर्दा गर्दै निधाएछु । रातको अं. १० बजेको समयमा वुहारी मृत अवस्थामा भएको कुरा माइलो नातिले भनि थाहा पाएको हुँ । म पहिला वुहारी सुतेको कोठामा गएकी होइन सो खवर पाएपछि गएकी हुँ । निजको के कसरी मृत्यु भयो मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी कलावती सुवेदीको वयान कागज ।

१३. मिति ०५७।१०।२४ गते जमुना उपाध्यायको मृत्यु भएछ मैले २५ गते विहान गाउँ घरमा हल्ला चलेपछि थाहा पाएको हुँ निजको मानसिक अवस्था राम्रो थियो, गाउँ घरमा कोही कसैसँग झै झगडा भएको थाहा भएन निजले आफै झुण्डि आत्माहत्या गरेकोमा विश्वास लाग्दैन कोही कसैको कर्तव्यबाट मृत्यु भएकोमा शंका लाग्छ भन्ने व्यहोराको गिता रेग्मीको कागज ।

१४. मिति ०५७।१०।२४ गते म घरमा नै थिए, सो दिन मैले सो घटना थाहा पाइन २५ गते विहान मात्रै गाउँ घरमा हो हल्ला भएपछि थाहा पाएकी हुँ मृतकको घर र मेरो घर आधा घण्टाको फरकमा पर्ने र निज र म जंगल घाँस दाउरा गर्ने जाँदा सँगै जाने हुँदा निजले म सँग मेरा घरमा मलाई गालि गर्दछन् झगडा भएको थाहा भएन निजको मानसिक अवस्था ठिक थियो निजको मृत्यु निजकै घरपरिवारको कर्तव्यबाट भएकोमा विश्वास लाग्छ भन्ने कोपिला रेग्मीको कागज ।

१५. मिति ०५७।१०।२४ गते मैले सो घटनाको सम्वन्धमा थाहा पाइन पछि २६ गते मृतकको दाजुले भनेपछि थाहा पाउको हुँ जमुना माइतमा जाँदा घरमा जान कठिन गर्दथिन कारण के हो थाहा भएन गाउँ घरमा कोही कसैसँग झै झगडा भएको मलाई थाहा भएन निज माइतमा आउँदा घरमा जान नमान्नुको कारण

निजको आत्महत्या नभई कर्तव्यबाट हुन सक्ने शंका लाग्छ को कसको कर्तव्यबाट निजको मृत्यु भएको हो मलाई थाहा भए भन्ने समेत व्यहोराको हिमलाल रिजालको कागज ।

१६. मिति ०५७।१०।२४ गते म घरमा नै वसे, मेरी वुहारी जमुना रेग्मी गाउँमा काममा गइन वेलुका साँझ कामबाट आई खाना खाई निज आफ्नो कोठामा सुत्न गईन छोरा शेषकान्त रेग्मी विरामी भएको हुँदा तल्लो तलामा सुत्यो निज उपल्लो तलाको कोठामा सुत्न गईन सोही दिन पाङबाट मेरी आमा कलावती सुवेदी आएकी थिइन । निजले घरबाट पाउरोटी लिएर आएकी थिइन । राति अं. १० बजेको समयमा रोटी भाउजुलाई लगीदे भनी कान्छो छोरा पठाएकोमा भाउजु भनी वोलाउँदा नवोलेको हुँदा छोरा कान्छो तल आयो र माइलो छोरा थगराजलाई लिट्ट हेर्न पठाउँदा निज भाउजु जमुना रेग्मीलाई झुण्डि रहेको अवस्थामा देखि मलाई वोलाई म घटनास्थलमा गई श्वास छ कि भनि घाँटीमा वाँधेको पछ्यौरा फुकाएकी हुँ मैले कर्तव्य गरी मारेको होइन के कति कारणबाट मेरो नाममा किटानी जाहेरी दिए सो विषयमा मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी योगमाया रेग्मीले गरेको वयान कागज ।

१७. मिति ०५७।१०।२४ गते म आफ्नो घरमा नै काम गरी वसी रहेकी थिएँ । वेलुका खाना खाई सुतें, राति अं. १०, १५ बजेको समयमा वाहिरबाट गोपाल गोपाल भनेको आवाज सुनी के हो ? किन वोलाएको भनि सोधपुछ गर्दा थगराजले तल आउनुहोस् काम छ भनी भनेको हुँदा के काम हो, पहिला भन अनि मात्र आउछु भनी मैले भने त्यसपछि निजले भाउजु जमुना रेग्मी घरमा झुण्डिएको कुरा सुनाएपछि तत्काल उठी कपडा लगाई घटनास्थलतर्फ आउँदै गर्दा धर्मराज के.सी को घर पनि बाटोमा नै पर्ने हुँदा निजलाई उठाउन लगाई म धर्मराज के.सी हामी दुवै जना भई घटनास्थलमा गएको हो हामी पुग्दा मृत्यु लासलाई खाटमाथि सुताइएको थियो । त्यसपछि घटनास्थललाइ सुरक्षित राखी गाउँ घरका मानिसहरु तथा भद्र भलादवीहरुलाई खवर गरेको हो पछि भोली पल्ट विहान प्रहरीमा खवर गरेको हो निज मृतकको मानसिक अवस्था ठिक थियो

मृतक जमुनाको कोही सँग पूर्वीरसइवी झगडा केही थिएन जाहेरीमा उल्लेखित प्रतिवादीहरुले कर्तव्य गरी मारेकोमा हामीहरुलाई पूर्ण विश्वास लाग्छ भन्ने एकै मिलान व्यहोराको गोपाल रेग्मी धर्मराज के.सी र मणीनाथ उपाध्यायले गरेको एकै मिलान व्यहोराको कागज ।

१८. वहिनी जमुनालाई विवाह पश्चात दाइजोको विषयलाई लिई निजकी सासु योगमाया रेग्मीले हेर्दा होचो गर्ने गरेको कुरा वहिनीले माइतमा आउँदा वेला बखतमा भन्ने गरेकोमा ०५७।१०२४ गते राती वहिनी आफनै कोठामा मस्त सुतीरहेको अवस्थामा घाँटी अँठ्याई योगमाया समेतले मारेकोमा विश्वास लाग्छ भन्ने जाहेरी भएकोमा घाँटीमा झुण्डी मरेको कुनै चिन्हहरु नभएको, चिउँडोमा सानो काटेको खत रहेको गुद्वारबाट दिशा निस्केको साथै मृतकको मृत्युको कारण निस्सासियर भएको र घाँटीमा पासोको चिन्ह नभएको वायाँ पट्टि घाटीमा रगत जम्नुको साथै सुनिएको भन्ने व्यहोराको लास जाँच प्रतिवेदन व्यहोराबाट खुल्न आएको प्र. योगमायाले आफुले कसूर गरेकोमा पूर्ण इन्काररही वयान गरेता पनि मृतक भन्दा अगाडि मृतकको कोठामा आमा कलावती सुवेदीलाई साथमा लिई गएको लगतै गद्रक गुद्रकको आवाज आएको र तत्पश्चात रोटी लगीदे भने मुताविक कान्छो छोराले रोटी लिई गई वोलाउँदा नवोलेको माइलो छोरा वत्तीलीई जाँदा मृत अवस्थामा जमुनालाई खात नेर देख्न रातको समयमा आफु निद्रामा हुँदा म माथि मिति सुतेको कोठामा घद्राक घुद्रुक आवाज आएको र त्यसपछि श्रीमती मरेको हुँदा र माइत जाने एवं दाइजो सम्वन्धी विषयमा पनि आमाले श्रीमतीलाई वेलावेलामा गाली गर्ने गरेको हुँदा आमा समेत भै श्रीमती जमुनालाई मारेकोमा विश्वास लाग्छ भनी वयान क्रममा प्र. शेषकान्तले व्यक्त गरेको, मौकामा घटनास्थलमा पुगेकी राधीका खत्रीले पासोमा झुण्डिएको भनी योगमायाले भनेता पनि कोठामा पासो थिएन आत्माहत्या गरि मरेकोमा विश्वास लाग्दैन भनि निजले गरेको कागजबाट आफूले झुण्डिएको अवस्थामा देखेको हुँ भन्ने प्र. योगमायाको वयान खण्डीत हुन पुगेको देखिनु मौकामा बुझिएका गिता रेग्मी समेतका व्यक्तिहरुले गरेको कागज एवं वस्तुस्थिति मुचुल्का समेतका अधार प्रमाणबाट जमुना रेग्मीलाई निज सुती

निदाएको अवस्थामा अभियुक्त योगमाया रेग्मीले घाँटी अँठ्याई कर्तव्य गरी मारेको स्पष्ट रुपमा पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन ज्यान सम्वन्धी महलको १३(३) विपरीतको कसूरमा सोही महलको १३(३) नं. बमोजिम सजाय हुन मागदावी लिइएको अर्का प्रतिवादी शेषकान्त रेग्मीको हकमा निजले समेत मारेको भनि जाहेरीमा किटान भएता पनि निज सो दिन भन्दा पहिलादेखि नै विरामी परि तल्लो तलामा सुतेको भन्ने निजको वयान लगायत अन्य प्र. वादीहरुको वयानबाट र शुरु जाहेरी कथनबाट पुष्टि हुन आएको मृतकलाई मार्नमा आफनो कुनै संलग्नता नरहेको भनी वयानमा भन्ने तापनि रातको समयमा श्रीमती सुतेको कोठामा घद्राक घुद्रुकको आवाज आउँदा पनि नकराई नवोली राख्नुले निजले पनि उक्त वारदातमा मौन सहमती रही मतलवी देखिन आएकोले निजलाई सोही महलको १७(३) को कसूरमा सोही १७(३) नं. बमोजिम सजाय हुन माग दावी लिइएको छ । त्यस्तै अर्का प्रतिवादी कलावती सुवेदीले आफु कसूर गरेकोमा पूर्णत इन्काररही वयान गरेतापनि प्र.थगराज रेग्मीले वयान गर्दा मृतक मर्नु भन्दा पूर्व आमाका साथमा हजुरआमा पनि जानु भएको थियो भनी पोल गरेको देखिएको र निज प्र. कलावती सुवेदीको शारीरिक अवस्था एवं उमेरका हिसावले मृतकलाई मार्ने कार्यमा जिउमा हात हालेको भन्ने नदेखिएता पनि मृतकलाई भाग्न उम्कन नपाउने ध्येयले कोठा भित्र गर्य घटनास्थलमा मौजुद रही मार्ने कार्यमा संयोग पारी दिएको देखिदा निज कलावती सुवेदी उपर ऐ थगराज रेग्मी मृतक मर्नु भन्दा पूर्व आमा समेत मृतकको कोठामा गउको कुरा निजलाई थाहा भएको । उक्त कोठामा घद्राक घुद्रुक गरेपछि आमा र भाई थगराजको आवाज आएको सुनी थाहा पाएको भनी प्र. शेषकान्तले वयानका क्रममा व्यक्त गरेको देखिन आएबाट मृतकलाई मार्दाका बखत निज मृतक भाग्न उम्कन नपाउने गरी प्र. थगराज रेग्मीले मार्ने कार्यमा सहयोग पुर्‍याएको देखिएको र निज प्र. थगराज रेग्मीको उमेर केवल १४ वर्ष मात्र पुगेको देखिदा निज उपर मु. ऐन ज्यान सम्वन्धी महलको १७(२) को कसूरमा निजको उमेर अनुसार वालवालिका सम्वन्धी ऐ ऐन २०४८ को दफा ११(३) नं. बमोजिम सजाय हुन मागदावी लिइएको अभियोगपत्र ।

१९. २०५७।१०।२४ गते साँझा छोरी भेटन छोरीको घर नाङलिवाङ पुगेकी थिएँ । मृतक जमुना नातीनी वुहारी हुन उक्त दिन जमुनाको कसरी मृत्यु भयो मलाई केही थाहा भएन उनको मृत्यु कति बजे भयो मलाई थाहा मैले मारेको रर मार्नेमा सहयोग समेत गरेको होइन भन्ने समेत अभियुक्त कलावती सुवेदीले अदालतमा गरेको बयान ।

२०. ०५७।१०।२४ गते म विरामी परेको कारण घरमै सुतिरहेको थिएँ । घटना करिव १० बजेतिर घटेछ खल्ल वल्ल गरेपछि मैले थाहा पाएँ, म माथी जान नसकेकोले माथि गईन । श्रीमती र मेरो विवचमा राम्रो सम्वन्ध थियो । श्रीमतीको मानसिक अवस्था ठिक थियो । जमुना झुण्डिएकी रहिछ भनी अरुले भन्दा सुनेको हुँ मारेकोमा कसैमाथि शंका लाग्दैन भन्ने समेत अभियुक्त शेषकान्त रेगमीले अदालतमा गरेको वयान ।

२१. ०५७।१०।२४ गते राती १० बजे भाउजु जमुना गम्छाको पासो लगाई आत्माहत्या गरी मरेको हुन पासो लगाउँदा र मर्दा कुनै आवाज मैले सुनिन सवै परिवार सँग सम्वन्ध राम्रो थियो, भाइले मामा काहाँ कि हजर आमाले ल्याएको रोटी लिई गई भाउजुलाई वोलाउँदा नवोलेकोले गै हेर्दा कोठामा पासो लगाई झुण्डिरहेको अवस्थामा देखेको र आमाले पानी ल्याई खुवाउँदा नखान भएकोले मैले जेठा वुवालाई वोलाए जेठा वुवाले नाडी छाम्दा परान छैन भने र मृत्यु भउको थाहा भयो । भाउजुको कोठामा चुकुल लगाएको थिएन भाउजु जमुना आत्माहत्या गरी मारेको हुन् भन्ने समेत अभियुक्त थगराज रेग्मीले अदालतमा गरेको वयान ।

२२. ०५७।१०।२४ वेलुका म आफ्नै घरको तल्लो तलामा सुतेकी थिएँ, वुहारी जमुना माथी तलामा सुत्न गएकी थिइन । उनी नछुने भएकी थिइन ठूलो छोरा शेषकान्त जरो आई विरामी भएकोले तल्लो कोठामा सुतेको थियो माहिलो र कान्छो पढदै थिए । माथी कोठामा खात र दराज एकै ठाउँमा भएकोले वर्जने गर्दथ्यो । सो दिन ठूलो आवाज आएको ले माहिलो छोरालाई किन ठूलो आवाज आयो भनी वोलाउन लगाए । भाउजु भनि निजले वोलाउँदा जमुना नवोले

पछि ढोका भित्रबाट लगाएको हुँदा थगराज झयालबाट पसी टुकी वाली हेर्दा जमुनाले पासो लगाई मरेको देखि डराई मलाई वोलायो र मसमेत गै पासो फुकाई उनलाई मैले धान्न नसकी भुईमा लडिन चुराले हात दराजमा ठोकिइ गालामा चोट लाग्यो । प्राण छ जस्तो लागेकोले पानी खुवाएँ एक छिन पछि प्राण गयो मैले कर्तव्य गरी मारेकी होइन भन्ने समेत व्यहोराको अभियुक्त योगमाया रेग्मीले अदालतमा गरेको बयान ।

२३. आदेशानुसार बुझिएका जाहेरवाला महानन्द पौडेल, मौकामा कागज गर्ने गिता रेग्मी, चित्रवहादुर के.सी, कोपिला रेग्मी, रामप्रसाद पौडेल, राधिका खत्री, तथा मृतक जमुना रेग्मीको पोष्टमार्टमा राय व्यक्त गर्ने वाग्लुङ जिल्ला अस्पतालका डा. तेजराज जोशीले गर्नुभएको बकपत्र र प्रतिवादीका साक्षी योगेन्द्रवहादुर रेग्मी, राधीका खत्री, प्रेमकुमारी रेग्मी, तेजवहादुर खत्री, लक्ष्मीप्रसाद शर्मा, ऋषिराम पाध्या समेतले वकेको बकपत्र मिसिल संलग्न रहेछ ।

२४. अदालतका आदेशानुसार प्रतिवादी मध्येकी योगमाया रेग्मीको ०५८।८।१९।३ मा अंश रोक्का मुचुल्का भै मिसिल संलग्न रहेछ ।

२५. अदालतको च.नं. ७१२ मिति ०५८।८।२१ को पत्रले प्रतिवादी योगमाया रेग्मीको अंश रोक्का राखी जानकारी दिनु हुन भनि मालपोत कार्यालय पर्वतमा पत्राचार भई मालपोत कार्यालय पर्वतको च.नं. ४१८ मिति ०५८।८।२२ को पत्रले रोक्का राखिएको जानकारी प्राप्त भई मिसिल संलग्न रहेको रहेछ ।

२६. प्रतिवादी योगमाया रेग्मीले ज्यान सम्वन्धी महलको १ नं. को वर्खिलाप गरी घाँटी तथा नाक मुख समेत थिची कर्तव्य गरी जमुना रेग्मीको ज्यान मारेको ठहर्छ । सजायको हकमा ज्यान सम्वन्धी महलको १३(३) नं. बमोजिमको सजाय यि प्रतिवादीलाई हुन्छ । ज्यान सम्वन्धी महलको १७(२) नं. बमोजिमको सजायको मागदावी लिएका प्रतिवादी थगराज रेग्मी तथा कलावती सुवेदी १४ वर्षका नावालक तथा ७६ वर्षकी वृद्धाले अभियोग दावी बमोजिम मृतक

जमुनालाई मार्ने कार्यमा प्र. योगमाया रेग्मीलाई सहयोग पुर्याएको भन्ने वादी पक्षको अभियोग दावी ठोस प्रमाणले पुष्टि भएको नदेखिदा अभियोग दावी पुग्न नसकी प्रतिवादी कलावती सुवेदी तथा थगराज रेग्मीले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । ज्यान सम्वन्धी महलको १७(३) नं. बमोजिम सजाय मागदावी लिएको प्रतिवादी शेषकान्त रेग्मीलाई केवल ज्यान मरेको थाहा थियो भन्ने अनुमानको भरले सजाय गर्न नमिल्ने देखिदा निज उपरको अभियोग दावी समेत पुग्न सक्दैन । आरोपित कसूरबाट प्रतिवादी शेषकान्त रेग्मीले समेत सफाई पाउने ठहर्छ भन्ने समेत व्यहोराको शुरु पर्वत जिल्ला अदालतको मिति ०५८।९।१२ को फैसला ।

२७. लाश प्रकृति मुचुल्कालाई पूर्णतया वेवास्ता गरी शव परीक्षण प्रतिवेदनमा लेखिएको कारण र शव परीक्षण प्रतिवेदन दिने चिकित्सकले अदालत समक्ष अन्दाजका भरमा दिएको वयानलाई आधार लिई उल्लेख गरेको झुण्डिएको लक्षण, पोष्टमार्टम रिपोर्ट, मैले अदालत समक्ष गरेको इन्कारी वयान र मेरा साक्षीले किटानीसाथ मलाई सफाई दिई गरेको बकपत्र र प्रमाण ऐन २०३१ को दफा ९ को समेत वेवास्ता गरी मलाई ज्यान सम्वन्धी महलको १३(३) बमामेजिम सजाय गर्ने गरी भएको फैसला प्रमाण ऐन २०३१ को दफा ५४ र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको आधारमा वदर भागी हुँदा शुरु जिल्ला अदालतबाट मिति ०५८।९।१२ मा मलाई कसूरदार ठहर्याईएको फैसला उल्टी गरी पूर्णतया मलाई अभियोग दावीबाट सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक प्रतिवादी योगमाया रेग्मीको पुनरावेदन अदालत वाग्लुङमा परेको पुनरावेदन जिकिर ।

२८. मृतकको शरीरमा देखिएका विभिन्न घा खत चिन्ह समेतले पनि मृतकको प्राण लिने कार्य सम्पन्न गर्दा प्र. योगमाया र मृतकको बीचमा छ शारीरिक संघर्ष भएको कुरालाई पुष्टी गर्दछ । शारीरिक बलमा प्र. योगमाया समान रहन सक्ने उमेरकी मृतकलाई मार्ने कार्य सम्पन्न गर्न पूर्ण मनसाय र तयारीका साथ गएकी योगमायाबाट मृतक भाग्न उम्कन संघर्ष रहनु स्वाभाविककै हुने र त्यसरी

भाग्न उम्कन नदिन प्र. कलावती र प्र. थगराजको मद्दत प्र. योगमायालाई आवश्यक रहेकोले छेक्ने ढोका थुन्ने कार्य प्र. कलावती र थगराजले गरेका हुन भन्ने कुरा मिसिल संलग्न तथयगत र परिस्थितीजन्य प्रमाणले पुष्टि गरी रहेकै अवस्थामा निजहरुलाई पूर्णत सफाई दिइएको र प्र. शेषकान्त वीरामीका कारण तल्लो तलामा सुतेको तथ्य प्रमाणहरु देखिए पनि आफ्नी श्रीमती सुतेको कोठामा रातको समयमा गद्राक गुद्रुक आवाज निरन्तर १०।१५ मिनेट सम्म आई रहेको थाहा पाइकन पनि निजले कुनै प्रतिक्रिया नजनाई हार गुहार पनि नगरी मौनतापूर्वक वसी मतलवीको भूमिकामा अप्रत्यक्ष रुपमा अपराधमा संलग्न भएको अवस्थामा ज्यान सम्वन्धी महलको १७(३) नं. को कानूनी प्रावधानलाई समष्टीगत रुपमा नहेरी केवल एउटा वाक्यांश र प्रावधानलाई उल्लेख गरी प्रमाण कानून समेतलाई सही र वस्तुनिष्ठ रुपमा मूल्यांकन नगरी भएको शुरु फैसला कानून र न्याय सम्मत नभएको हुँदा सो फैसला वदर गरी अभियोग पत्र बमोजिम कारवाही र सजाय हुन सादर अनुरोध छ भन्ने समेत व्यहोराको पुनरावेदक वादी श्री ५ को सरकारको पुनरावेदन अदालत वाग्लुङमा परेको पुनरावेदन जिकिर ।

२९. यसमा प्र. थगराज र प्र. शेषकान्त उपाध्याय रेग्मी समेतलाई आरोपित कसूर सजायँबाट सफाई दिने गरी र उपरोक्त विवेचित प्रमाणको आधारमा प्र. योगमाया उपाध्याय रेग्मीलाई दावी बमोजिम सर्वस्व सहित जन्मकैद हुने ठहऱ्याई भएको पर्वत जिल्ला अदालतको उक्त ०५८।९।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने वादी श्री ५ को सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत वाग्लुङको मिति २०५९।३।१२ को फैसला ।

३०. मृतक जमुना उपाध्यायलाई प्रतिवादी योगमाया उपाध्यायले कर्तव्य गरी मारेको पुष्टि भएको र उक्त वारदात हुँदाका अवस्थामा प्रतिवादीहरु कलावती सुवेदी, थगराज उपाध्याय र शेषकान्त उपाध्याय समेत उक्त घरमा रहेको र सँगै प्रतिवादी कलवाती सुवेदी पनि मृतकको कोठामा गएको मृतकको कोठाबाट गद्राक गुद्रुकको आवाज आएको प्र. शेषकान्तले सुनेको र उक्त समयमा योगमाया र प्रतिवादी थगराज पनि आमासँग बोलेको सुनेको भनी प्रतिवादी शेषकान्तले गरेको

घटना विवरणको प्रस्तुतिले जमुनालाई प्र. योगमायाले कर्तव्य गरी मार्दाका अवस्थामा निजहरु वारदातस्थालमा नै रहेको र सजायबाट वच्न झुण्डिई मरेको भन्ने देखाउन जाहेरी दिएको समेतका भाग्न उम्कन नदिएको पुष्टि हुन्छ । मार्ने कार्यमा सहयोग नपुरयाएको भए ततकाल मृतकलाई वचाउने समेतका कार्य केही गरेको नदेखिएको, अन्य प्रतिवादीहरुले सहयोग नदिएको भए प्रतिवादी योगमायाले मात्र मार्न सक्ने अवस्था नरहेको समेतका आधारबाट प्रतिवादीहरुलाई सफाई दिने गरी भएको शुरु फैसला सदर गरेको पुनरावेदन अदालत वाग्लुङको फैसला सो हदसम्म वदर गरी पुनरावेदनको विरुद्ध प्रतिवादीलाई समेत अभियोग दावी बमोजिम सजाय गरी पाउँ भन्ने वादी श्री ५ को सरकरको तर्फबाट यस अदालतमा परेको पुनरावेदनपत्र ।

३१. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र सहितको मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालत वाग्लुङको फैसला मिलेको छ, छैन र पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन भनी निर्णय दिनुपर्ने देखियो ।

३२. निर्णयतर्फ विचार गर्दा, जमुना रेग्मीलाई निज सुती निदाएको अवस्थामा प्रतिवादी सासु योगमाया रेग्मीले घाँटी अठ्याई कर्तव्य गरी मारेको मुलुकी ऐन ज्यान सम्वन्धी महलको १३(३) नं. बमोजिम र प्र. शेषकान्त रेग्मीका हकमा ऐ १७(३) नं. बमोजिम र प्र. कलावती सुवेदीका हकमा ऐ १७(२) नं. बमोजिम र प्र. थगराज रेग्मीलाई ज्यान सम्वन्धी महलको १७(२) को कसूरमा निजको उमेरका आधारमा वालवालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम सजायको माग दावी लिई अभियोगपत्र पेश भएकोमा शुरु पर्वत जिल्ला अदालतबाट प्र. योगमाया रेग्मीलाई अभियोग दावी बमोजिम ज्यान सम्वन्धी महलको १३(३) बमोजिम सजाय गरी अन्य प्रतिवादीहरु थगराज रेग्मी, कलावती सुवेदी तथा शेषकान्त रेग्मी समेतलाई अभियोग दावीबाट सफाई पाउने ठहरी भएको फैसला पुनरावेदन अदालत वाग्लुङबाट मिति २०५९।३।१२ मा सदर भै फैसला भएको देखिन्छ । सो फैसला उपर प्रतिवादी योगमाया रेग्मीको तर्फबाट

पुनरावेदन परी यस अदालतबाट २०६०।२।१९ मा फैसला हुँदा निज प्र. योगमाया रेग्मीलाई कसूरदार ठहऱ्याई सजाय गरेको र अन्य प्रतिवादीहरु शेषकान्त रेग्मी, कलावती सुवेदी र थगराज रेग्मीलाई सफाई दिएको पुनरावेदन अदालत वाग्लुङबाट भएको फैसला मनासिव ठहऱ्याई फैसला भएको देखिन्छ । तर प्रस्तुत मुद्दामा प्रतिवादीहरु कलावती सुवेदी, शेषकान्त रेग्मी र थगराज रेग्मीलाई समेत सजाय गरी पाउँ भन्ने जिकिर लिई नेपाल सरकारको पुनरावेदन परेको देखिन्छ । मृतक जमुना रेग्मीलाई कर्तव्य गरी मार्नमा योगमाया रेग्मी बाहेकका अन्य कुन कुन प्रतिवादीहरुले कस्तो भूमिका खेलेका हुन भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको देखिदैन । प्रतिवादीहरु अधिकार प्राप्त अधिकारी तथा अदालत समेतमा वयान गर्दा आफूले कर्तव्य गरी जमुना रेग्मीलाई मारेकोमा इन्कार रही वयान गरेको र घटना घटीसकेपछि मात्र थाहा पाएको भन्ने देखिन्छ भने शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारणमा श्वास प्रश्वास अवरुद्ध (Asphyxia death due to suffocation) भन्ने उल्लेख भै धेरै जना प्रतिवादीहरुको संलग्नता भै मृतकलाई मारेको भन्ने कुराको पुष्टयाई हुन सकेको छैन ।

३३. फौजदारी मुद्दाका वादीले पहिलो कुरा अपराधै भयो भएन ? सो कुरा अपराध भएको भन्ने शंकारहित तवरबाट प्रमाणित भएपछि कसै उपर अभियोग लगाई मुद्दा चलाइन्छ भने त्यसरी मुद्दा चलाइएको व्यक्ति उपर संकारहित तवरबाट अभियोग प्रमाणित गर्नु पर्छ । शंकाको भरमा वा अपराध भएको सुनेको भन्ने Hear say evidence को भरमा वा अदालतलाई ग्राह्य नहुने प्रमाणको भरमा मात्र राज्यले कसै उपर अभियोग लगाई मुद्दा चलाउन पनि हुँदैन । यो फौजदारी न्याय एवं न्यायको मान्य सिद्धान्त समेत हो । प्रमाण ऐन २०३१ को दफा २५ ले वादीलाई कसूर प्रमाणित गर्ने कानूनी कर्तव्य तोकेको छ । दफा २५ को कर्तव्य पूरा गर्ने वादीको कानूनी कर्तव्य हो । सो सम्वन्धमा प्रमाण ऐन २०३१ को दफा ८ मा परिच्छेद ३ बमोजिम साँक्षीले अदालत समक्ष बकेको कुरामात्र प्रमाणमा लिन हुन्छ भनी स्पष्ट कानूनी व्यवस्था गरेको देखिन्छ । प्रतिवादीहरु विरुद्ध प्रत्यक्षदर्शी गवहा भएको देखिदैन । प्रतिवादीहरु वारदात स्थलमा पक्राउ भएको

भन्ने पनि देखिदैन । वारदात प्रतिवादीहरुको संलग्नतामा भएको भन्ने प्रत्यक्ष प्रमाण वा परिस्थितीजन्य वा कुनै अन्य प्रमाण पनि नभएको यस्तो अवस्थामा मुद्दानै चल्न नसक्ने अवस्थाको प्रतिवादीहरुलाई मुद्दा चलाई पुनरावेदन सुन्ने अदालतबाट समेत सफाई दिए उपर वादी नेपाल सरकारले चित्त बुझाई बस्नु पर्नेमा अझ सँजाय हुनुपर्छ भनी वादीले गरेको पुनरावेदन जिकिर उपर सहमती हुन सक्ने अवस्था देखिएन । फौजदारी मुद्दामा वादी राज्य पक्ष हुने हुनाले राज्यले पुनरावेदन गर्ने अधिकारका सम्वन्धमा हाम्रो कानूनले वादी र प्रतिवादीलाई समान पुनरावेदन गर्ने अधिकार दिएको छ । तर न्यायपालिका स्वतन्त्र भएको, अपराध अनुसन्धान गर्ने र मुद्दा चलाउने निकाय अलग अलग एवं Professional भएका अन्य कतिपय मुलुकहरुमा त शुरु अदालतबाट प्रमाणको अभावमा अभियुक्तले सफाई पाउने ठहर भए उपर राज्यले पुनरावेदन नै गर्न नपाउने व्यवस्था भएका देशहरु पनि छन् । हामी कहाँ पुनरावेदन गर्ने अधिकार कानूनले प्रदान गरेको छ भन्दैमा प्रमाण सुन्य मुद्दामा समेत पुनरावेदन गर्ने वर्तमान परिपाटी राज्यले अन्त्य गर्ने तर्फ ध्यान दिनुपर्छ । पुनरावेदन गरी मुद्दा लम्व्याउने भन्दा कहाँ के किन र कस्तो त्रुटीले गर्दा राज्यले मुद्दा हार्न गयो भन्ने तर्फ सुधार गरेपछि यस अदालत एवं राज्य दुवैको अमुल्य समय खेर जाँदैन ।

३४. तसर्थः सजायको माग गरी पुनरावेदन दावी लिएका यी प्रतिवादीहरुलाई अभियोगमा सजाय गर्न तथ्य प्रमाणको अभाव देखिएको र सफाई दिने गरी भएको पुनरावेदन फैसलालाई यस अदालतबाट फौ.पु.नं. ३०७९ को कर्तव्य ज्यान मुद्दामा मिति २०६०।२।१९ मा सदर ठहरी फैसला समेत भैसकेको देखिदा यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको पुनरावेदन अदालत वाग्लुङको मिति २०५९।३।१२ को फैसला मिलेकै देखिदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु ।

उक्त रायमा सहमत छु ।

न्या.रामकुमारप्रसाद शाह

इ.अः चुरामन खड्का

संवत २०६३ साल मार्ग ८ गते रोज ६ शुभम् ................

## **१३. किशोरी महतो सुडी विरुद्ध रामसरोवर देवी समेत ने.का.प.२०६४, अंकः ५, निर्णय नं. ७८४३**

निर्णय नं. ७८४३ - जालसाज समेत

भागः ४९ सालः २०६४ महिनाः भाद्र अंकः ५

फैसला मिति :२०६४/०४/१८ १२६२

पूर्ण इजलास

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारी

माननीय न्यायाधीश श्री गौरी ढकाल

सम्बत् २०६४ सालको प्रतिवेदन नं. ००२३

आदेश मितिः२०६४।४।१८।६

विषय :-दोहोर्याई पाउने निस्सा नहुने आदेश उपर पुनरावलोकन निवेदन लाग्ने नलाग्ने सम्बन्धमा ।

निवेदक/प्रतिवादीः किशोरी महतो सुडी

विरूद्ध

विपक्षी/वादीः रामसरोवर देवी समेत

मुद्दा :-जालसाज समेत ।

- **शुरु अदालतले गरेको फैसलामा न्याय प्रशासन ऐन,२०४८ को दफा ९ को अवस्थाका मुद्दाहरूमा बाहेक अन्य मुद्दामा एक तह मात्र पुनरावेदन अदालतबाट**

इन्साफ जाँचे पुग्छ, एउटै मुद्दामा पटक पटक तह तह सुनुवाई गरी इन्साफ जाँचिरहन नपर्ने ।

- दुई तहको एउटै राय भएमा इन्साफ पर्छ र मुद्दा लम्बिन हुदैन बरू चाँडो अन्त्य हुनुपर्छ भन्ने अवधारणा र मान्यताले शुरु र पुनरावेदन तहको राय मिलेमा न्याय प्रशासन ऐनको दफा १२ को अवस्था बिद्यमान भएमा मात्र **Supervisory Jurisdiction** अन्तर्गत यस अदालतले दोहोऱ्याई हेर्न सक्ने।

(प्रकरण नं. ५)

- पुनरावेदन सुन्ने व्यवस्था **Extention of original jurisdiction** भएको कारण शुरु अदालतले सरह पुनरावेदन सुन्ने अदालतले पनि आवश्यकता अनुसार सवुद प्रमाण बुझ्ने लगायतका सम्पूर्ण कार्यविधि पूरा गरी निर्णय गर्न सक्तछ तर **Supervisory jurisdiction** अन्तर्गत दोहोऱ्याई हेर्दा वा पुनरावलोकन गर्दा ऐनमा तोकिएको सीमित आधारमा मात्र हेर्नुपर्ने ।

(प्रकरण नं.८)

- एक पटक अदालतले न्याय प्रशासन ऐनको दफा १२ को अवस्था विद्यमान नभएको ठहर गरी **Statutory finality clause** अन्तर्गत अन्तिम भैसकेको मुद्दालाई न्याय प्रशासन ऐन, २०४८ को अर्को दफा अन्तर्गत मुद्दा **re-open** हुन सक्दैन । यदि पुनरावेदन अदालतको फैसलामा त्रुटि भए न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गतको कुनै निवेदनको सुनुवाई गर्ने इजलासले नै निस्सा प्रदान गर्ने थियो । अतः एउटै मुद्दामा दफा १२ अन्तर्गतको निवेदनमा यस अदालतले मुद्दा दोहोऱ्याई हेर्न पर्ने अवस्था नदेखेर टुंगो लागिसकेपछि पुनरावलोकनलाई हतियार बनाएर मुद्दा **re-open** हुन नसक्ने ।

(प्रकरण नं.१४)

निवेदक प्रतिवादी तर्फबाट :

विपक्षी वादी तर्फबाट :

अबलम्वित नजीरः ने.का.प.२०४८ सालको निवेदन प्रतिवेदन नं.२१

आदेश

१. यसमा शुरु महोत्तरी जिल्ला अदालतको मिति २०५९।२।१९ को फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६१।८।२३ को फैसला उपर प्रतिवादीको यस अदालतमा मुद्दा दोहोरयाई हेरिपाउँ भनी परेको निवेदनमा उक्त फैसलामा न्याय प्रशासन ऐन, २०४९ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) को अवस्था विद्यमान नरहेकोले मुद्दा दोहोरयाई हेर्न नमिल्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६३।७।२४ मा आदेश भएकोमा सो आदेश उपर पनि मुद्दा पुनरावलोकन गरिपाऊँ भनी प्रतिवादीको परेको निवेदन यस अदालतका सहरजिष्ट्रारबाट मिति २०६४।१।३१ मा दरपीठ भएकोमा सो उपर परेको निवेदनमा यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०६४।३।३१ मा उक्त दरपीठ आदेश बदर भएको पाइन्छ । यस अदालत पूर्ण इजलासबाट रणबहादुर खड्का विरूद्ध फुलकुमारी नेपाल भएको लिखत बदर मुद्दामा दोहोरयाउने निस्सा नहुने आदेश पुनरावलोकन हुने प्रकृतिको विषयवस्तु हो भन्न नमिल्ने भन्ने सिद्धान्त प्रतिपादन भइरहेको र सो अनुरुप नै मुद्दा दोहोऱ्याउने निस्सा नहुने आदेश पुनरावलोकन गरिपाऊँ भनी परेको निवेदन दर्ता नगर्ने प्रचलन रहेको सन्दर्भमा यस अदालतबाट दोहोरयाउने निस्सा नहुने आदेश भए उपर पर्न आएको उक्त आदेश पुनरावलोकन गरिपाऊँ भन्ने उपर्युक्त किशोरी महतो सुडीको निवेदनमा भएको दरपीठ आदेश बदर गरी पुनरावलोकनको निवेदन कानून बमोजिम दर्ता गर्नु भनी एकल इजलासबाट पूर्ण इजलासबाट भएको नजीरको प्रतिकूल निर्णय भएको र अहिलेसम्मको स्थापित मान्यता अनुकूल नदेखिएको, यस्तो अवस्थामा मुद्दामा बाढी आउने संभावना समेत भएकोले स्पष्ट निर्देशनको लागि पुनः यो विषय पूर्ण इजलासमा पेश हुन मनासिव हुँदा साधसोधको

सन्दर्भमा भनी पेश भएको टिप्पणीमा सम्माननीय प्रधान न्यायाधीशबाट पूर्ण इजलासमा पेश गर्न आदेश भए  अनुसार प्रस्तुत विषय यस इजलास समक्ष पेश भएको पाईयो ।

२. नेपालको अन्तरिम संविधान,२०६३ को धारा १०७ (३) मा सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भए बमोजिम शुरु मुद्दा हेर्ने,पुनरावेदन सुन्ने,मुद्दा दोहोऱ्याई हेर्ने अधिकार हुनेछ भन्ने उल्लेख छ । ऐ. उपधारा (४) मा कानूनले तोकेको अवस्था र शर्तमा सर्वोच्च अदालतले आफ्नो फैसलाको पुनरावलोकन गर्न सक्नेछ भन्ने व्यवस्था भएको छ । अदालतको शुरु मुद्दा हेर्ने अधिकार र व्यवस्था,पुनरावेदन सुन्ने अधिकार र व्यवस्थाको छोटो विवेचना हुन आवश्यक देखियो । हाम्रो संविधानले तीन तहको अदालतको व्यवस्था गरेको छ । शुरु तहको अदालतमा जिल्ला अदालत र अन्य न्यायिक र अर्धन्यायिक निकायहरू,पुनरावेदन तहमा पुनरावेदन अदालत र अन्तिम तथा माथिल्लो तहको अदालतमा सर्वोच्च अदालतको व्यवस्था भएको छ ।

३. वर्तमान अन्तरिम संविधानको धारा १०७(३) र (४) को प्रयोजनको लागि न्याय प्रशासन ऐन,२०४८ बनेको देखिन्छ । उक्त ऐनको. दफा ७ मा जिल्ला अदालतको अधिकार क्षेत्रको व्यवस्था,दफा ८ मा पुनरावेदन अदालतको अधिकार क्षेत्रको व्यवस्था,दफा ९ मा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था,दफा ११ मा सर्वोच्च अदालतले पुनरावलोकन गर्ने व्यवस्था र १२ मा सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई हेर्ने व्यवस्था भएको देखिन्छ । संविधानले हाम्रो न्यायपालिकामा गरेको तीन तहको अदालतमा जिल्ला अदालत शुरु तहको अदालत,जिल्ला अदालतले गरेको फैसलामा एक तह स्वतः पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने पुनरावेदन तहको अदालतको व्यवस्था र न्याय प्रशासन ऐन,२०४८ को दफा ९ को खण्ड (ख) र (ग) को अवस्थामा दोश्रो तह सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था र अन्य अवस्थामा पुनरावेदन अदालतको फैसला अन्तिम हुने व्यवस्था भएको देखिन्छ। दफा ९ को अवस्था बाहेकको अवस्थामा पुनरावेदन अदालतले शुरु सदर गरेको फैसला उपर दफा १२ बमोजिम

सर्वोच्च अदाललते दोहोऱ्याई हेर्न सक्ने र दफा ११ को अवस्थामा सर्वोच्च अदाललते आफ्नो फैसला उपर पुनरावलोकन गर्न सक्ने व्यवस्था भएको देखिन्छ ।

४. हाम्रो मात्र होइन स्वतन्त्र न्यायपालिका भएको अन्य राष्ट्रहरू जस्तै– अमेरिका, बेलायत, भारत आदि राष्ट्रहरूमा पनि हाम्रो जस्तो तीन तहको अदालतहरूको व्यवस्था भएको देखिन्छ र खास मुद्दाहरूमा मात्र दोश्रो तह पुनरावेदन लाग्ने अन्यथा एक तह मात्र पुनरावेदन लाग्ने व्यवस्था भएको पाइन्छ । कतिपय अवस्थामा पुनरावेदन अदालतले शुरु सदर गरेको मुद्दामा हामीकहाँ सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याई हेर्ने व्यवस्था भए जस्तो अन्य राष्ट्रहरूमा दोहोऱ्याई हेर्ने व्यवस्थाको विकल्पमा पुनरावेदन गर्ने अनुमती Leave to Appeal को व्यवस्था भई पुनरावेदन गर्ने अनुमती प्राप्त भएमा मात्र पुनरावेदन लाग्ने व्यवस्था भएको देखिन्छ । केहि गम्भीर मुद्दाहरूमा दोश्रो तह पुनरावेदन लाग्न सक्ने व्यवस्था र सामान्य अवस्थामा पुनरावेदन र शुरु तहको अदालतको एउटै राय मिलेमा कानूनी त्रुटिमा मात्र पुनरावेदन गर्ने अनुमतिको व्यवस्था मान्य प्रचलनमा रहेको देखिन्छ ।

५. सामान्यतयाः एक तह मात्र पुनरावेदन लाग्ने व्यवस्था र गम्भीर मुद्दाहरूमा मात्र दोश्रो पुनरावेदन लाग्ने व्यवस्था, पहिलो र दोश्रो तहको अदालतको राय मिलेमा पुनरावेदन गर्ने अनुमतीको व्यवस्था सामान्य नियम मानिन्छ । तर, हामीकहाँ दुई तहको राय मिलेमा कानूनी त्रुटिमा दोहोऱ्याई हेर्ने व्यवस्था र अन्तमा सर्वोच्च अदालतले आफ्नो फैसला पुनरावलोकन गर्ने व्यवस्था भएको छ । यसको पछाडि केही अवधारणाहरू छन् । अदालत स्वतन्त्र, सक्षम र निष्पक्ष छ, विधायिकाले निर्माण गरेको कार्यविधि कानून एवं सारभूत कानून दुवै कानूनहरू सरल छन्, ती कानूनहरूको प्रयोग र ब्याख्या गर्न अदालत सक्षम छ, अदालतले निर्णय गर्नु अगाडि सबै प्रमाण बुझी दुवै पक्षको कुरा सुन्छ र माथिल्लो अदालतबाट विभिन्न ऐनहरूको ब्याख्या गरी सिद्धान्त समेत स्थापित गरिसकेको कारणले गर्दा शुरु अदालतले गरेको फैसलामा न्याय प्रशासन ऐनको दफा ९ को

अवस्थाका मुद्दाहरूमा बाहेक अन्य मुद्दामा एक तह मात्र पुनरावेदन अदालतबाट इन्साफ जाँचे पुग्छ, एउटै मुद्दामा पटक पटक तह तह सुनुवाई गरी इन्साफ जाँचिरहन पर्दैन । दुई तहको एउटा राय भएमा इन्साफ पर्छ र मुद्दा लम्बिन हुदैन बरू चाँडो अन्त्य हुनुपर्छ भन्ने अवधारणा र मान्यताले शुरु र पुनरावेदन तहको राय मिलेमा दफा १२ को अवस्था बिद्यमान भएमा मात्र यस अदालतको Supervisory Jurisdiction अन्तर्गत यस अदालतले दोहोऱ्याई हेर्न सक्ने व्यवस्था भएको हो । विश्वका स्वतन्त्र न्यायपालिका भएका अन्य राष्ट्रहरूमा पनि एक तह पुनरावेदन लाग्ने व्यवस्था गरी बिशेष प्रकृतिका मुद्दाहरूमा बाहेक अन्य मुद्दाहरूमा शुरु र पुनरावेदन तहको राय एउटै भएमा पुनरावेदन गर्ने अनुमती प्राप्त भएमा मात्र पुनरावेदन लाग्ने व्यवस्था मान्य सिद्धान्त नै हो ।

६. नेपालले हस्ताक्षर गरी अनुमोदन समेत भै नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल कानूनमा समावेश भए सरहको *International Covenants on Civil & Political Rights 1966* को धारा १४(२), (५) र (६) मिलाएर व्याख्या गर्दा एक तह पुनरावेदनको ब्यवस्था र तत्पश्चात कानूनी आधारमा एक तह पुनरावलोकन गर्नसक्ने भन्ने देखिन्छ । धारा १४ को (२)(५) यसप्रकार छ :-

*Article 14(2)* Everyone charged with a criminal offence shall have the right to be presumed innocent until proved guilty according to law.

5. Everyone convicted of a crime shall have the right to his conviction and sentence being reviewed by a higher tribunal according to law.

6. When a person has by a final decision been convicted of a criminal offence and when subsequently his conviction has been reversed or he has been pardoned on the ground that a new or newly discovered fact shows conclusively that there has been a miscarriage of justice, the person who has suffered punishment as a result of such conviction shall be compensated according to law, unless it is proved that the non-disclosure of the unknown fact in time is wholly or partly attributable to him.

७. उपरोक्त धारा १४(२), (५) मा reviewed by higher tribunal भन्ने उल्लेख छ । यो उपधारामा प्रयुक्त भएको reviewed by higher tribunal को अर्थ पुनरावलोकन

होइन । उपधारा (२) र (५) एउटै खण्डमा शुरु तहबाट conviction.पछि माथिल्लो tribunal बाट हेर्ने भनेको हो । अर्थात माथिल्लो एक तहबाट पुनरावेदन हेर्ने भनेको हो । त्यसैगरी उपधारा (२),(६) मा उल्लेखित '... reversed or he has been pardoned on the ground that a new or newly discovered fact shows conclusively that there has been a miscarriage of justiceÚ भन्नाले पुनरावेदन तह समाप्ती पछिको एक तह माथिल्लो अदालतले supervisory jurisdiction अन्तर्गत पुनरावलोकन गर्ने भनेको हो । पक्षहरूको हितलाई ध्यानमा राखी मुद्दा छिटो टुङ्गिनु पर्छ, छिटो छरितो र सुलभ न्याय पाउने नागरिकहरूको मौलिक हकलाई समेत ध्यानमा राखी एक पटक पुनरावेदन सुनी अन्त्य भएको मुद्दामा supervisory jurisdiction अन्तर्गत माथिल्लो अदालतबाट हेरी दोहोऱ्याई हेर्न Fit case होइन भनी विश्वासमा पुगी सकेपछि एउटै मुद्दा पटक पटक पुनरावलोकनको नाउँमा पुनः open हुन सक्तैन ।

८. न्याय प्रशासन ऐन,२०४८ दफा ९ (ख) र (ग) को अवस्थामा मात्र दोश्रो तह पुनरावेदन लाग्ने व्यवस्था गरी शुरुको इन्साफ पुनरावेदन तहबाट सदर भई शुरु र पुनरावेदन तहको राय मिलेकोमा दफा १२ को अवस्थामा मात्र यस अदालतले दोहोऱ्याई हेर्ने व्यवस्था भएको छ । दफा १२ को यस अदाललते मुद्दा दोहोऱ्याई हेर्ने व्यवस्था, दफा ११ को यस अदालतले पुनरावलोकन गर्ने व्यवस्था र दफा ८ र ९ को पुनरावेदन लाग्ने व्यवस्थामा कानूनी रूपले भिन्नता छ । पुनरावेदन सुन्ने व्यवस्थालाई Extention of original jurisdiction मानिन्छ भने हाम्रो दोहोऱ्याई हेर्ने व्यवस्था र पुनरावलोकन गर्ने व्यवस्थालाई Supervisory jurisdiction मानिन्छ । पुनरावेदन सुन्ने व्यवस्था Extention of original jurisdiction भएको कारण शुरु अदालतले सरह पुनरावेदन सुन्ने अदालतले पनि आवश्यकता अनुसार सवुद प्रमाण बुझ्ने लगायतका सम्पूर्ण कार्यविधि पूरा गरी निर्णय गर्न सक्तछ तर Supervisory jurisdiction अन्तर्गत दोहोऱ्याई हेर्दा वा पुनरावलोकन गर्दा ऐनमा तोकिएको सीमित आधारमा मात्र हेर्दछ ।

९. न्याय प्रशासन ऐन, २०४८ दफा १२ अन्तर्गत दोहोऱ्याई हेरिपाउन परेको निवेदनमा यस अदालतले न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को (१)

को खण्ड (क) देखि खण्ड (घ) सम्म उल्लेख भएका त्रुटि छ भन्ने कुरामा convince भएमा अर्को पक्षलाई झिकाई सुनवाई गर्न दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिन्छ । निवेदनमा जेसुकै र जति सुकै कुरा लेखिए पनि दफा १२ को १ को खण्ड (क) देखि (घ) का अवस्था विद्यमान नभई पुनरावेदन अदालतले शुरुको इन्साफ सदर गरेको मुद्दामा कुनै व्याख्यात्मक त्रुटि नदेखिएमा मुद्दा अनावश्यक नलम्ब्याउन र जित्ने पक्षलाई न्याय छिटो छरितो र सुलभ तरिकाले उपलब्ध गराउन निस्सा प्रदान गरिँदैन । यसरी निस्सा प्रदान नभएको अवस्थामा उक्त मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा १९ र नेपालको अन्तरिम संबिधान, २०६३ को धारा ११६ को Statutory Finality Clause ले यस्तो मुद्दा अन्त भएको मानिन्छ । तत्पश्चात फैसला कार्यान्वयन हुनुपर्छ । पुनः त्यस्तो मुद्दा यउभल हुन सक्दैन । दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएमा दोहोऱ्याई हेरेको मानिने, निस्सा प्रदान नभएमा दोहोऱ्याई हेरेको नमानिने सोचाई एवं अर्थ गलत हो ।

१०. यस सम्बन्धमा यहाँ केहि illustration दिन सकिन्छ । कतिपय पुनरावेदन लाग्ने मुद्दाहरूमा पुनरावेदन अदालतले गरेको फैसला उपर परेको पुनरावेदनमा यस अदालतबाट अ.वं. २०२ नं. बमोजिम झगडिया नै नझिकाई अन्त्य पनि गरिन्छ । संविधानको धारा ३२ र धारा १०७(२) अन्तर्गत परेको निवेदनहरूमा विपक्षीहरूको लिखित जवाफ नै नमगाई खारेज पनि गरिन्छ, अ.वं. १७ नं.को Correctional Jurisdiction अन्तर्गत परेका निवेदनहरूमा कैफियत प्रतिवेदन नै नमगाएर पनि अन्त्य गरिन्छ । त्यसैगरी राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ अन्तर्गत पुनरावेदनको अनुमतिका लागि परेका निवेदनहरूमा अनुमती प्रदान नभई अन्तिम हुन सक्तछ । सबै अवस्थामा यस अदालतले हेरी जाँची ती मुद्दाहरूमा तल्लो अदालतहरूबाट भएका काम कारवाही वा निर्णयमा कुनै त्रुटी नदेखिएकोले अर्को पक्ष झिकाउन आवश्यक नभएको कारण. Statutory Finality Clause अन्तर्गत अन्तिम भएको मुद्दालाई यउभल गर्न कानूनी आधार नभएर निस्सा प्रदान नगरिएको वा अनुमति प्रदान नगरिएको हो । यस अदालतको appellate jurisdiction र Supervisory jurisdiction को फरक नै यही हो ।

११. पुनरावलोकनको ब्यवस्था आफूले गरेको काममा कुनै त्रुटि छ कि भनी पुनः एकपटक आफैले हेरी जाँची यदि कारणवश कुनै त्रुटि भएको रहेछ भने सच्याई सुधार्ने ब्यवस्था हो । कानूनी वा संवैधानिक भाषामा पुनरावलोकन भनेपनि यसको मुख्य उद्देश्य र ब्यवस्था आफूले गरेको कामको पुनः एकपटक आफैले जाँच्ने ब्यवस्था हो । मानवीय भुलवश miscarriage of justice नहोस् भन्ने पुनरावलोकनको एक मात्र उद्देश्य हो । त्यसैले न्याय प्रशासन ऐन,२०४८ को दफा ११ मा पुनरावलोकन के के आधारमा गर्ने भनी पुनरावलोकन हुन सक्ने आधारहरू स्पष्टसँग तोकिएको छ । ती आधारहरू भन्दा बाहिर गएर पुनरावलोकन हुनसक्दैन । यदि बाहिर जाने हो भने Extention of original jurisdiction अन्तर्गतको पुनरावेदन सुन्ने अधिकारमा र पुनरावेदन तहबाट वा यसै अदालतबाट समेत दोहोऱ्याउने निस्सा प्रदान नहुने गरी इन्साफ जाँच भइसकेको अवस्थाको supervisory jurisdiction अन्तर्गतको पुनरावलोकन गर्ने अधिकार क्षेत्रको फरक नै के भयो र ?

१२. बेलायतमा पनि शुरु शुरुमा पुनरावलोकन गर्ने कानूनी ब्यवस्थाको बिकास हुनु अगाडि देखि अदालतहरूले आफूमा भएको inherent power अन्तर्गत पुनरावलोकन गर्न Supervisory jurisdiction को अधिकार प्रयोग गरी आएको विभिन्न मुद्दाहरूबाट देखिन्छ । सन् १८३६ को Privi Council को Narain Rao v. Bijai Govind Singh को मुद्दामा स्थापित सिद्धान्त महत्वपूर्ण छ । उक्त मुद्दामा That an order made by the court was final and could not be altered nevertheless if by misprisions in embodying the judgments by errors have been introduced these courts possess by common law the same power which the courts of record and statute have of rectifying the mistakes which have crept in...भन्दै It is impossible to doubt that the indulgence extended in such cases is mainly owing to the natural desire prevailing to prevent irremediable injustice being done by a court of last resort where by some accident without any blame the party has not been heard and an order has been inadvertendly made as if the party hade been heard. भन्ने ब्याख्या भएको देखिन्छ । शुरु शुरुमा पुनरावलोकन गर्ने ब्यवस्था सम्बन्धमा कुनै कानून नै नबनेपनि Privi Council र House of Lords ले स्थापित गरेको सिद्धान्तको आधारमा पुनरावलोकन हुने गरेको देखिन्छ । १९४१ को *Raja Prithivi Chandlal Chowdhary Vs. Sukhraj Rai* को मुद्दामा Even though no rules had been framed

permitting the highest court to review its' order yet it was available on the limited and narrow ground developed by the Privi Council and House of Lords. भन्ने ब्याख्या भएको देखिन्छ ।

१३. भारतको सर्वोच्च अदालतले १९९३ मा *Awadhbihari Singh & others Vs. State of Bihar & others* भएको मुद्दामा पुनरावलोकन सम्बन्धमा æReview literally and even judicially means re-examination or reconsideration . Basic philosophy inherent in it is the universal acceptance of human fallibility. Yet in the realm of law the courts and even the statutes lean strongly in favour of finality of decision legally and properly made. Exceptions both statutorily and judicially have been carved out to correct accidental mistakes or miscarriage of justice. Even when there was no statutory provision and no rules were framed by the highest court indicating the circumstances in which it could rectify its' order the courts culted out such power to avoid abuse of or miscarriage of justice. भन्ने ब्याख्या भएको देखिन्छ ।

१४. हाम्रो संवैधानिक एवं कानूनी ब्यवस्थाहरू, पुनरावलोकन सम्बन्धी मान्य सिद्धान्त र Case Law हेर्दा पुनरावलोकन भनेको सम्भावित मानवीय गल्ती भएको छ कि भनी आफ्नो फैसला एकपटक Limited Ground मा आफैले हेर्ने ब्यवस्था हो । दरपीठ गरिएको निवेदनको सम्बन्धमा हेर्दा यस अदालतको २०६३।७।२४ मा निस्सा प्रदान नहुने आदेश भएको देखियो । दुई तहको राय मिली यस अदालतबाट दोहोऱ्याउने निस्सा प्रदान गर्ने आधार नभएको भनी दोहोऱ्याई हेर्न इन्कार गरिसकेको बिषयमा पुनः त्यहि मुद्दा review को लागी re-open हुनसक्तैन । प्रस्तुत निवेदनमा मुख्य विवाद नै दोहोऱ्याई हेर्ने निस्सा प्रदान नभएकोमा पुनः यस अदाललते न्याय प्रशासन ऐन, २०४८ को दफा ११ बमोजिम पुनरावलोकन हुन सक्छ, सक्दैन भन्ने हो । एक पटक यस अदालतले न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को अवस्था विद्यमान नभएको ठहर गरी Statutory finality clause अन्तर्गत अन्तिम भैसकेको मुद्दालाई न्याय प्रशासन ऐन, २०४८ को अर्को दफा अन्तर्गत मुद्दा re-open हुन सक्दैन । यदि पुनरावेदन अदालतको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गतको कुनै त्रुटि भए दफा १२ अन्तर्गतको निवेदनको सुनुवाई गर्ने इजलासले नै निस्सा प्रदान गर्ने थियो । अतः एउटै मुद्दामा दफा १२ अन्तर्गतको निवेदनमा यस अदालतले

मुद्दा दोहोऱ्याई हेर्न पर्ने अवस्था नदेखेर टुंगो लागिसकेपछि पुनरावलोकनलाई हतियार बनाएर मुद्दा re-open हुन सक्दैन ।

१५. पुनरावेदन अदालतले शुरुको इन्साफ सदर गरेको मुद्दामा दोहोऱ्याई हेर्ने आधार न्याय प्रशासन ऐन,२०४८ को दफा १२ को (१) को खण्ड (क) देखि (घ) सम्म व्यवस्था भएको छ । त्यसैगरी पुनरावलोकन गर्ने आधार दफा ११ को १ को (क) र (ख) मा व्यवस्था रहेको छ । निवेदनबाट दफा ११ र १२ को अवस्था विद्यमान भएको नदेखिएमा दोहोऱ्याई हेर्ने वा पुनरावलोकन गर्ने निस्सा प्रदान गरिदैन। नेपालको संविधान २०१९ अन्तर्गत नेपालको न्यायपालिकामा चार तहका अदालतहरू थिएं । ती अदालतहरूमा शुरु तहको अदालतमा जिल्ला अदालत, अञ्चल अदालत दोश्रो तहको अदालतमा, क्षेत्रीय अदालत तेश्रो तहको अदालतमा र अन्तिम तहको अदालतमा सर्वोच्च अदालतको व्यवस्था भएको थियो। न्याय प्रशासन ऐनको दफा १२ मा पुनरावेदन अदालतले शुरु सदर गरेकोमा यस अदालतमा दोश्रो तह पुनरावेदन नलाग्ने तोकिएको आधारमा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएमा दोहोऱ्याई हेर्ने व्यवस्था जस्तो प्रकृतिको तत्कालिन निजामती सेवा ऐन, २०१३ को दफा ९(३) मा भएको यस अदालतले पुनरावेदनको अनुमति दिए पुनरावेदन लाग्ने व्यवस्थाको सम्बन्धमा पुनरावेदनको अनुमतिको माग गरेको निवेदनमा प्रशासकीय अदालतको निर्णयमा गम्भीर कानूनी त्रुटि भएमा यस अदालतले अनुमति प्रदान गर्ने र अनुमतीलाई निश्चित उपचारको व्यवस्था मानी व्याख्या भएको छ (पर्शुराम झा विरूद्ध सरकार, ने.का.प.२०४८ पृष्ठ २४० ) । त्यस्तै दोहोऱ्याई हेर्ने व्यवस्था पनि प्रभावकारी व्यवस्था हो । पुनरावेदन अदालतको फैसलामा गम्भीर त्रुटि भएमा मात्र यस अदालतले दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दछ ।

१६. यस्तै प्रकृतिको बिषयमा यस अदालतबाट संवत् २०५३ सालको दे.पु.ई.नं. ९८ को वादी रामेश्वरी दवाडी समेत प्रतिवादी शक्तिदेवी अधिकारी भएको बकसपत्र बदर मुद्दामा यस अदालतको पूर्ण इजलासबाट पुनरावेदनको अनुमति पाँउ भनी परेको निवेदनमा अनुमति नदिने गरी भएको यस अदालतको आदेश

पुनरावलोकन हुन सक्ने प्रकृतिको नभएको भनी मिति २०५४।२।२ मा र २०५४ सालको नि.प्र.नं.२१ को पुनरावेदक/प्रतिवादी रणबहादुर खड्का प्रत्यर्थी/वादी फूलकुमारी नेपाल समेत भएको लिखत दर्ता बदर मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०५८।२।३१ मा मुद्दा दोहोरयाई हेर्ने निस्सा प्रदान नहुने आदेश न्याय प्रशासन ऐन,२०४८ को दफा ११(१) को खण्ड (क) वा (ख) बमोजिम पुनरावलोकन हुने प्रकृतिको बिषयबस्तु हो भन्न नमिल्ने भनी सिद्धान्त कायम भइरहेको देखिएको र उक्त सिद्धान्तसँग असहमत हुनुपर्ने अवस्था समेत छैन ।

१७. उपरोक्त उल्लेख भए अनुसार शुरु सदर गरेको पुनरावेदन अदालतको फैसला उपर यस अदालत संयुक्त इजलासबाट न्याय प्रशासन ऐन,२०४८ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोरयाई हेर्ने निस्सा प्रदान नहुने गरी भएको आदेश न्याय प्रशासन ऐन,२०४८ को दफा ११(१) को देहाय (क) र (ख) अन्तर्गत पुनरावलोकन हुन नसक्ने भएकोले मुद्दा दोहोऱ्याउने निस्सा नहुने आदेश उपर परेको पुनरावलोकनको निवेदन दरपीठ गरेको सह–रजिष्ट्रारको आदेश बदर गरी निवेदन दर्ता गर्नु भनी यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६४।३।३१ मा भएको आदेश पुनरावलोकन सम्बन्धी अवधारणा र उपरोक्त कानूनी सिद्धान्तको विपरीत तथा न्याय प्रशासन ऐन,२०४८ को दफा ११ को गलत अर्थ गरी भएको देखिँदा उक्त त्रुटिपूर्ण आदेश बदर गरिदिएको छ । कानून बमोजिम गर्नु ।

न्या. बलराम के.सी

न्या. राजेन्द्रकुमार भण्डारी

न्या. गौरी ढकाल

इति संवत् २०६४ साल साउन १८ गते रोज ६ शुभम् .........................।

## १४. प्र.ना.नि.नेत्रबहादुर थापाको जाहेरीले नेपाल सरकार विरुद्ध मगरे खाँ समेत – ने.का.प.२०६६,अंकः १०, निर्णय नं. ८२४३

भागः ५१ सालः २०६६ महिनाः माघ अंकः १०

फैसला मिति :२०६६/०५/१४ २२८२

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री सुशीला कार्की

संवत् २०६५ सालको स.फौ.नं.–RC–०१२८

मुद्दा : लागू औषध (ब्राउन सुगर)

पुनरावेदक वादीः प्र.ना.नि.नेत्रबहादुर थापाको जाहेरीले नेपाल सरकार

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः जिल्ला कपिलबस्तु, कपिलवस्तु न.पा. वडा नं. १ मस्जिद टोला बस्ने मगरे खाँ समेत

शुरु फैसला गर्ने :

मा.न्या.श्री लेखनाथ रेग्मी

पुनरावेदन फैसला गर्ने :

मा.न्या. श्री केशवप्रसाद मैनाली

मा.न्या. श्री हरिबाबु भट्टराई

- **लागू औषधको Manace लाई नियन्त्रण गर्ने उद्देश्यले विधायिकाले आफूमा भएको विधायिकी अधिकार प्रयोग गरी समाजको बृहत्तर हितलाई ध्यानमा राखी बनाएको कानूनलाई अन्यथा भन्न नमिल्ने ।**

(प्रकरण नं.५)

- **फौजदारी अपराधमा अपराध भएको भन्ने तथ्य अर्थात् Corpus Delict पहिला वादीले प्रमाणित गरी त्यसपछि मात्र अभियोग लगाएको व्यक्तिले नै त्यस्तो अपराध गरेको भनी प्रमाणित गर्नुपर्ने ।**

(प्रकरण नं.११)

- **कुनै व्यक्तिले लागू औषधको कारोवार गर्ने व्यक्तिलाई चिन्दैमा, कारोवार गर्ने व्यक्तिसँग आवजावत, उठबस गरी मित्रता कायम गर्दैमा त्यस्तो व्यक्ति पनि दोषी हुँदैन । त्यस्तो व्यक्तिका विरुद्ध ठोस सबूद प्रमाण भए मात्र मुद्दा चल्न सक्ने ।**

- **अपराध जतिसुकै गम्भीर, शंका जतिसुकै बलियो, चरित्र र चालचलन जतिसुकै खराब, गतिबिधि जस्तोसुकै शंकास्पद भएपनि यस्ता कुराहरूले प्रमाणको ठाउँ लिन नसक्ने ।**

- **फौजदारी अपराधमा व्यक्तिका विरुद्ध ठोस र शंकारहीत प्रमाण संकलन हुनुपर्छ तव मात्र राज्यले अभियोग लगाउन, मुद्दा चलाउन सक्छ यदि बिनाप्रमाण राज्यले कसैलाई फौजदारी अपराधको अभियोग लगाउँछ र त्यसको फलस्वरुप अभियुक्तले सफाइ पाउँछ भने त्यस्तोमा महान्यायाधिवक्ताले पुनरावेदन गरी अभियुक्तलाई हैरानी गर्न नहुने ।**

(प्रकरण नं.१४)

पुनरावेदक वादी तर्फबाटः

प्रत्यर्थी प्रतिवादी तर्फबाटः

अवलम्वित नजीरः

सम्बद्ध कानूनः

- अ.वं. १८४क, १८५क
- प्रमाण ऐन, २०३१ को दफा ३, ४, ९, २४
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२), १३५(२)
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ४, ७, १२
- लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १७(क), २, ४

फैसला

**न्या.बलराम के.सी.**ः न्याय प्रशासन ऐन २०४८ को दफा ९(१)(क) अन्तर्गत यस अदालतमा पुनरावेदनको रोहमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :—

जिल्ला कपिलबस्तु, कपिलबस्तु नगरपालिका वडा नं. २ स्थित टेक्सी स्टेण्डमा जि.क.व.न.पा. वडा नं. २ बस्ने सन्तोषकुमार कशौधन (गुप्ता) को साथबाट सुर्ती राख्ने डिब्बा भित्र लुकाई राखेको १५ पुडिया लागू औषध (ब्राउन सुगर) प्रहरीले फेला पारी वरामद गरेको भन्ने बरामदी मुचुल्का ।

मैले १०/१२ वर्ष अघिदेखि लागू औषध (ब्राउन सुगर) सेवन गर्न थालेको हुँ । सेवन गर्ने लत बसिसकेकाले खरीद गर्ने, सेवन गर्ने गरिरहेको थिएँ । यस्तैमा मिति २०६२।५।१३ गते क.व.न.पा. वडा नं. १ बस्ने सुल्लु कहारबाट रु. ८००।–मा २० पुडिया र अन्य कागजमा धुलो समेत गरी लागू औषध खरीद गरी साथमा लिई हिडिरहेको अवस्थामा मिति २०६२।५।१४ गते प्रहरीले फेला पारेका हुन् । मैले सो भन्दा पहिला गुठे पाण्डे (पण्डित) सँग मगाई सेवन गर्ने

गर्दथें। मैले विक्री वितरण गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी सन्तोषकुमार कसौधनको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज।

जिल्ला कपिलबस्तु, कपिलवस्तु नगरपालिका वडा नं. २बहादुरगञ्ज चोकमा ऐ.१ बस्ने मंगरे खाँको साथबाट प्रहरीले एक पुडिया लागू औषध (ब्राउन सुगर) फेला पारी वरामद गरी लिई गएको भन्ने समेत व्यहोराको मंगरे खाँको बरामदी मुचुल्का।

सन्तोषकुमार कसौधन र मंगरे खाँको साथबाट वरामद भएको लागू औषध (व्राउन सुगर) नमूनाको लागि राख्न मात्रा कम भएकोले वरामद पूरै परीक्षणको लागि पठाउन प्याक गरेको मुचुल्का।

मैले २/३ महिना अघि देखि लागू औषध सेवन गर्न थालेको हुँ। मैले गुठे मुसलमानसँग खरीद गरी सेवन गर्ने गर्दथें। अन्य सेवन गर्नेहरूमा पप्पु बर्मा, अवधकिशोर कान्दु, राधेश्याम रैदास, प्रेमनारायण पाण्डे, राममिलन लोनिया, नन्दराम यादव, जमुनाप्रसाद यादव, वल्ली भन्ने अकवर अली पठान, राजेश शर्मा, जाकिर दर्जी समेतका व्यक्तिहरू छन्। मैले बिक्री वितरण गर्ने गर्दिन, सेवन मात्र गर्दछु भन्ने समेत व्यहोराको सुरेन्द्रकुमार श्रेष्ठको अधिकारप्राप्त अधिकारसमक्ष भएको बयान कागज।

क.व.न.पा. वडा नं. १ स्थित नयाँ टोलमा ऐ.ऐ. बस्ने राजेश शर्मालाई प्रहरीले एक पुडिया लागू औषध (ब्राउन सुगर) सहित पक्राउ गरेका हुन् भन्ने समेत व्यहोराको वरामदी मुचुल्का।

मैले लागू औषध (व्राउन सुगर) सेवन गर्ने गर्दछु। मैले क.व.न.पा. वडा नं. १ बस्ने कौशल कान्दुसँग खरीद गरी सेवन गर्ने गरेको छु। प्रति पुडियालाई रु ५०। पर्दछ, लागू औषध सेवन सञ्चय गर्नेहरूमा सन्तोषकुमार कशौधन, राम मिलन लोनिया समेतका मानिसहरू छन् भन्ने समेत व्यहोराको प्रमोद पाण्डेको बयान कागज।

मैले आजभन्दा डेढ वर्षअघिदेखि क.व.न.पा. वडा नं. १ बस्ने कौशल कान्दूसँग लागू औषध खरीद गरी सेवन गर्ने गरेको हुँ। मैले कौशल कान्दुसँग खरीद गर्ने गरेको र अन्यलाई बिक्री वितरण गर्नेमा क.व.न.पा. वडा नं. १ बस्ने सुल्लु कहार र ऐ वडा नं. ९ बस्ने बब्बु खाँ समेतले बिक्री गर्ने गर्दै आएका छन्। मैले सेवन मात्र गर्दछु, बिक्री गरेको छैन भन्ने समेत व्यहोराको सुरजप्रसाद पाण्डेको बयान कागज।

मैले ६ महिना अगाडिदेखि मेरो घर अगाडि बस्ने राजेशकुमार वर्माले यी लागू औषध बिक्री गरी मलाई प्रतिपुडिया रु. ५०।–दिए हुन्छ, तिमीले प्रतिपुडिया रु. ६०।–देखि रु. ८०।–सम्म बिक्री गर्नुपर्छ भनी दिएकाले मैले लागू औषध विक्री गर्न थालेको हो। मलाई प्रतिपुडिया १०/२० रुपैयाँ फाईदा हुन्थ्यो, मैले क.व.न.पा. वडा नं. २ बस्ने सन्तोषकुमार कसौधन र गुठे पण्डित भन्ने रविन्द्र मिश्र लगायत २।३ जनालाई विक्री गरेको हुँ भन्ने समेत व्यहोराको ओमप्रकाश कहारको बयान कागज।

मैले लागू औषध सेवन गर्ने क्रममा खरीद गरी साथमा भएको लागू औषध १०।२० रुपैयाँ फाइदा भएमा बिक्री वितरण पनि गर्ने गर्दछु। मैले कौशल गुसा र वब्बु खाँ सँग खरीद गरेको लागू औषधमध्ये एक पुडिया मेरो साथबाट प्रहरीले वरामद गरेको हो भन्ने समेत व्यहोराको मंगरे खाँको बयान कागज।

मैले आज भन्दा ४ वर्ष अघि देखि लागू औषध सेवन गर्दै आएको छु। मैले क.व.न.पा. वडा नं. २ बस्ने राजेशकुमार वर्मा, पप्पु कहार, दुर्गेश शर्मा समेतबाट खरीद गरी सेवन गर्ने गर्दथेँ। अन्यलाई बिक्री वितरण र सेवन गर्नेमा कौशल कान्दू (गुसा) वव्वु खाँ समेतका व्यक्ति हुन् भन्ने समेत व्यहोराको मनोजकुमार कौशलको बयान कागज।

मैले आजभन्दा ४।५ वर्ष अघिदेखि लागू औषध सेवन गर्न थालेको हुँ। मैले बिक्री वितरण गर्दिन, आफैले सेवन गर्नको लागि साथमा लिई हिड्ने, सेवन गर्ने गर्दछु। मेरो साथबाट वरामद भएको एक पुडिया लागू औषध मैले कपिलवस्तु

न.पा. वडा नं. १ बस्ने मञ्जू कहारसँग खरीद गरेको हुँ। निजबाट २ पुडिया खरीद गरेकोमा एक पुडिया सेवन गरी सकेको र साथमा एक पुडिया भएकोले प्रहरीले फेला पारी वरामद गरेको हो। बजारमा लागू औषध बिक्री वितरण गर्नमा मञ्जू कहार, सुल्लु भन्ने शम्भु कहार, अनवर मनिहार, गुठे पाण्डे, बब्बु भन्ने अजमल खाँ, कौशल कान्दु, पप्पु कहार, दुर्गेश वर्मा, राजेशकुमार वर्मा, पराग भन्ने राजेश कशौधन समेत विक्री वितरण सञ्चय र ओसारपसार गर्ने गर्दछन् भन्ने समेत व्यहोराको राजेश शर्माको बयान कागज।

मैले लागू औषध (व्राउन सुगर) गुडे भन्ने रविन्द्र मिश्रबाट खरीद गरी सेवन गर्दै आएको थिएँ। मैले बिक्री वितरण गर्ने गरेको छैन। लागू औषध विक्री वितरण गर्नेमा राजेशकुमार वर्मा, दुर्गेश बर्मा, पप्पु कहार, ओमप्रकाश कहार, सुल्लु कहार, मञ्जू कहार, कौशल गुप्ता, बब्बु खाँ र गंगाराम कहार समेतले बिक्री वितरण गर्ने गर्दै आएका छन् भन्ने समेत व्यहोराको प्रतिवादी पप्पु वर्माको वयान कागज।

मैले आजभन्दा २ वर्ष अघिदेखि लागू औषध सेवन गर्न थालेको हुँ। हालसम्म राजेशकुमार बर्मा, पप्पु कहार, दुर्गेश बर्मा र सुल्लु कहारसँग खरीद गरी सेवन गर्ने गरेको छु। मैले खरीद बिक्री गर्ने गरेको छैन भन्ने समेत व्यहोराको राधेश्याम रैदासको वयान कागज।

मैले भैंसीको दूध बिक्री गर्ने क्रममा कपिलवस्तु न.पा. वडा नं. २ बस्ने राजेशकुमार बर्माको घरमा दूध ल्याई निजलाई दिने गर्दै आएको थिएँ। निज राजेशले यो चिज खानुपर्छ राम्रो हुन्छ भनी लागू औषध सेवन गर्न सिकाई दिएकाले मैले निजलाई दिएको दूधको रुपैयाँबाट कट्टा हुने गरी प्रतिपुडिया रु. ५०।-मा खरीद गरी सेवन गर्ने गर्दै आएको थिएँ भन्ने समेत व्यहोराको नन्दराम यादवको बयान कागज।

मैले आजभन्दा ७।८ महिना अघिदेखि लागू औषध सेवन गर्दै आएको छु मैले हालसम्म गुठे भन्ने देवेन्द्रप्रसाद मिश्र, सुल्लु, राजेश वर्मा, दुर्गेश बर्मा, पप्पु

कहार, कौशल कान्दू (गुप्ता) सँग खरीद गरी सेवन गर्ने गरेको छु, बिक्री वितरण गरेको छैन भन्ने समेत व्यहोराको जाकिर दर्जीको बयान कागज ।

मैले आजभन्दा २ वर्ष अघिदेखि किरानाका सामान खरीद बिक्री गर्ने क्रममा राजेश बर्मासँग सम्पर्क भएको र घरमा मानिसहरू आई कागजको पुडियामा लागू औषध हो भनी लैजाने खाने गरेकोले मैले पनि सेवन गर्न थालेको हुँ । मैले हालसम्म निज राजेश बर्मा, दुर्गेश वर्मा, पप्पु कहार, सुल्लु कहार, मञ्जू कहार, कौशल कान्दू, गुठे भन्ने देवेन्द्र मिश्र र बब्बु भन्ने अजमल खाँबाट रु. ५०।–देखि रु. १००।–सम्म प्रति पुडिया खरीद गरी सेवन गर्ने गरेको छु भन्ने समेत व्यहोराको व्रम्हभुषण भन्ने प्रेमनारायण पाण्डेको बयान कागज ।

मैले आजभन्दा १ वर्ष अगाडिदेखि लागू औषध सेवन गर्न थालेको हुँ । मैले हालसम्म सुल्लु कहार र पप्पु कहारसँगबाट पटक–पटक खरीद गरी सेवन गरी आएको थिएँ । मेरो साथमा सेवन गर्नेमा कमलेश भन्ने बृजविहारी शुक्ला, वजरंगी पाण्डे, सन्तोषकुमार कसौधन र गंगाराम कहार समेत हुन् । गंगाराम कहारले बिक्री वितरण पनि गर्दछन् भन्ने समेत व्यहोराको जमुनाप्रसाद यादवको बयान ।

जिल्ला कपिलवस्तु न.पा. वडा नं. १ स्थित ऐ. ऐ. ३ बस्ने पराग भन्ने राजेश कशौधनको शरीर खान तलासी लिँदा १ पुडिया लागू औषध ब्राउन सुगर फेला परेको भन्ने वरामदी मुचुल्का ।

मैले आजभन्दा ४ वर्ष पहिलादेखि लागू औषध सेवन गर्दै आएको छु । यस्तैमा सेवन गर्नको लागि मिति २०६२।७।१ गते मञ्जू कहारनीको घरमा गई १ पुडिया लागू औषध खरीद गरी फर्की आइरहेको अवस्थामा प्रहरीले फेला पारी वरामद समेत गरी ल्याएका हुन् । मैले हालसम्म निज मञ्जू कहारनी, सुल्लु भन्ने शम्भु कहार, राजेश बर्मा, गुठे भन्ने देवेन्द्र मिश्रसँग खरीद गरी सेवन गर्दै आएको छु । सेवन गर्नेमा सन्तोषकुमार कशौधन समेतका थुप्रै साथीहरू छन् भन्ने समेत व्यहोराको पराग भन्ने राजेश कसौधनको वयान कागज ।

मैले आजभन्दा ५।६ वर्ष पहिलादेखि लागू औषध सेवन गर्न थालेहो हुँ। मैले हालसम्म पप्पु कहार, मञ्जू कहारनी, अनवर मनिहार, मंगरे खाँ, राजेशकुमार वर्मा, दुर्गेश बर्मा समेतबाट खरीद गरी सेवन गर्ने गरेको छु। मजदूरी गरेको पैसाले खरीद गरी सेवन गर्न नपुग्ने भएकाले मञ्जू कहारनीको लागू औषध मैले र सरोज थापाले बिक्री गरिदिएपछि निजले सेवन गर्ने लागू औषध दिई सोही सेवन गर्दै आएको थिएँ भन्ने समेत व्यहोराको कुन्का भन्ने सरोज कहारको बयान कागज।

मैले आजभन्दा ७।८ महिना अघिदेखि लागू औषध सेवन गर्न थालेको हुँ। मैले शुरुमा दुर्गे वर्मासँगबाट खरीद गरी सेवन गर्न थालें र हाल अनवर मनिहार, राजेश वर्मासँग खरीद गरी सेवन गर्ने गरेको छु। बिक्री वितरण गर्नेमा अन्य सुल्लु भन्ने शम्भु कहार, मञ्जू कहारनी, मंगरे खाँ, सरोज थापा, कुन्का भन्ने सरोज कहार, गुठे भन्ने देवेन्द्र मिश्र र गंगाराम कहार समेतले बिक्री वितरण गर्ने गर्दछन् भन्ने समेत व्यहोराको बब्बु भन्ने अजमल खाँको वयान कागज।

मैले आजभन्दा ६।७ वर्ष अघिदेखि लागू औषध सेवन गर्न थालेको हुँ। मैले हालसम्म सुल्लु कहार, मञ्जू कहारनी, मनोज कौशल, राजेश वर्मा र कौशल कान्दूसँग लागू औषध ब्राउन सुगर खरीद गरी सेवन गर्ने गर्दै आएको थिएँ भन्ने समेत व्यहोराको अवधकिशोर कान्दूको बयान कागज।

मैले आजभन्दा ५।६ वर्ष अघिदेखि लागू औषध सेवन गर्न थालेको हुँ र हालसम्म मैले राजेश बर्मा, पप्पु कहार, सुल्लु भन्ने शम्भु कहार, मञ्जू कहारनीसँगबाट खरीद गरी सेवन गर्ने गरेको छु भन्ने समेत व्यहोराको वल्ली भन्ने अकवर अली पठानको वयान कागज।

मैले आजभन्दा ३ वर्ष अघिदेखि लागू औषध सेवन गर्न थालेको र हालसम्म सुल्लु भन्ने शम्भु कहार, मञ्जू कहारनी, पप्पु कहार, गुठे भन्ने देवेन्द्र मिश्र समेतबाट खरीद गरेको छु र मञ्जू कहार र सुल्लु भन्ने शम्भु कहारले बिक्री गर्न भनी दिएको लागू औषध बिक्री गरिदिने गर्दथैं भन्ने समेत व्यहोराको कौसल कान्दू (गुप्ता)को बयान कागज।

प्रतिवादीहरू नन्दराम यादव, राजेश वर्मा, पराग भन्ने राजेश कसौधन, कुन्का भन्ने सरोज कहार, लिख्खु भन्ने राजेश वर्मा, कौशल कान्दू (गुप्ता), सुल्लु भन्ने शम्भु कहार, दुर्गेश वर्मा, पप्पु कहार, राजेशकुमार वर्मा, सरोज थापा, गुठे भन्ने देवेन्द्र मिश्र, वजरंगी पाण्डे, कमलेश भन्ने बृजबिहारी शुक्ला, गंगाराम कहार, अनवर मनिहार, वव्वु भन्ने अजमल खाँ, मञ्जू कहारनी, सूर्यनारायण पाण्डे, सुरज पाण्डे, राधेश्याम रैदास, सुरेन्द्रकुमार श्रेष्ठ, वल्ली भन्ने अकवर पठान, पप्पु वर्मा, अवध किशोर कान्दू, जाकिर दर्जी, मनोजकुमार कौशल, सन्तोषकुमार कसौधन, राम मिलन लोनिया, प्रमोद पाण्डे, चिन्का भन्ने ओमप्रकाश कहार र शम्भुनारायण पाण्डेको घर खानतलासी गर्दा अपराधमा प्रमाण लाग्ने कुनै चिजवस्तु फेला नपरेको भन्ने अलग-अलग खान तलासी मुचुल्का ।

प्रतिवादीहरू सन्तोषकुमार कसौधन, मंगरे मुसलमान, राजेश बर्मा र पराग भन्ने राजेश कसौधनको साथबाट बरामद भएको दशीको सामान परीक्षणको लागि पठाइएकोमा भौतिक सबूद नं. १ मा हिरोईन पाइएन र भौतिक सबूद नं. २, ३ र ४ मा हेरोइन पाइएको छ भन्ने परीक्षण प्रतिवेदन ।

मिसिल संलग्न प्रहरीको प्रतिवेदन जाहेरी, लागू औषध (ब्राउन सुगर) वरामदी मुचुल्का, पक्राउमा परेका प्रतिवादीहरूको वयान कागज, परीक्षण, प्रतिवेदन, वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाइ समेतबाट विरुद्ध खण्डका उल्लिखित प्रतिवादीहरू मध्ये सन्तोषकुमार कसौधनको साथबाट अवैध लागू औषध (ब्राउन सुगर) फेला परेकाले वरामद गरी निजलाई आवश्यक कारवाहीको लागि पेश गरेको छु भन्ने प्र.ना.नि. नेत्रबहादुर थापाको प्रतिवेदन जाहेरी परी अनुसन्धान कारवाही शुरु भएको प्रस्तुत मुद्दामा मैले अगाडिदेखि नै लागू औषध (ब्राउन सुगर) खरीद गरी सेवन गर्ने गरेकोमा मिति २०६२।५।१३ गते सुल्लु कहारबाट रु. ८००।-मा २० पुडिया र खाली धुलो समेत खरीद गरी ल्याएको थिएँ, सो मध्ये सोही दिन ५ पुडिया सेवन गरी अन्य बाँकी १५ पुडिया साथमा लिई हिडेको अवस्थामा मिति २०६२।५।१४ गते प्रहरीले पक्राउ गरी मेरो साथबाट वरामद गरेका हुन् । मैले लागू औषध (ब्राउन सुगर) बब्बु खाँ, कौशल कान्दू, पप्पु कहार, दुर्गेश वर्मा, अनवर

मनिहार, मंगरे मुसलमान समेतबाट खरीद गर्छु भन्ने समेत व्यहोराको पक्राउमा परेका सन्तोषकुमार कसौधनको साविती बयान, त्यस्तै गरी पक्राउमा परेका अन्य लिखु भन्ने राजेश शर्मा, मंगरे खाँ, बब्बु भन्ने अजमल खाँ, कौशल कान्दू, चिन्का भन्ने ओमप्रकाश कहार समेतले अवैध लागू औषध (ब्राउन सुगर) खरीद गरी बिक्री वितरण सञ्चय र सेवन समेत गरेमा सावित भई बयान गरेका र अन्य फरार रहेका प्रतिवादीहरू सुल्लु भन्ने सम्भु कहार, राजेश कुमार वर्मा, पप्पु कहार, दुर्गेश वर्मा, मञ्जू कहारनी, अनवर मनिहार, सरोज थापा, गुठे भन्ने देवेन्द्र मिश्र, गंगाराम कहार समेतलाई निजहरूले अवैध लागू औषध (ब्राउन सुगर) खरीद बिक्रीको कारोवार गर्ने व्यक्ति हुन् भनी पोल गरेको समेत देखिएको, अनुसन्धानको क्रममा बुझिएका वस्तुस्थिति मुचुल्काका मनाउ रंगरेज समेतका मानिसहरूले सन्तोषकुमार कसौधन, बब्बु भन्ने अजमल खाँ, कौशल कान्दू, मंगरे खाँ, चिन्का भन्ने ओमप्रकाश कहार, राजेश शर्मा समेतका यी प्रतिवादीहरू र फरार रहेका सुल्लु भन्ने शम्भु कहार समेतका प्रतिवादीहरू लागू औषध (ब्राउन सुगर) बिक्री वितरण, ओसार पसार, सञ्चय र सेवन समेत गर्ने व्यक्तिहरू हुन् भनी किटानीसाथ लेखाई दिएको देखिनुका अतिरिक्त अन्य प्रतिवादीहरू मनोजकुमार कौसल समेतले लागू औषध सेवन मात्र गर्छन् भनी लेखाई दिएको देखिएको र लागू औषध सेवन गरेमा निज प्रतिवादी मनोजकुमार कौसल समेत सावित भै वयान कागज गरेको पाइएको साथै प्रतिवादहिरू मध्ये सन्तोषकुमार कसौधन (गुप्ता), मंगरे खाँ, राजेश शर्मा र पराग भन्ने राजेश कसौधनको साथबाट अवैध लागू औषध (ब्राउन सुगर) वरामद भएको, परीक्षण प्रतिवेदनबाट वरामद भएको लागू औषध (ब्राउन सुगर) मा हिरोइन पाईएको छ भनी लेखी आएको ।

जहाँसम्म प्रतिवादीमध्येका मंगरे खाँको साथबाट वरामद भएको लागू औषध (ब्राउन सुगर) मा हिरोइन नपाईएको भनी परीक्षण प्रतिवेदनमा उल्लेख भए पनि स्वयं प्रतिवादी मंगरे खाँ आफूले लागू औषध (ब्राउन सुगर) खरीद बिक्री सञ्चय र सेवन समेत गरेकोमा साबित भई बयान कागज गरेको, सो कुरालाई वस्तुस्थिति मुचुल्कामा मानिस र अन्य प्रतिवादीहरूले पोल गरी बयान कागज गरेको समेत देखिन आएबाट बिरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू मध्ये सुल्लु, भन्ने शम्भु

कहार, राजेशकुमार बर्मा, पप्पु कहार, दुर्गेश बर्मा, मञ्जू कहारनी, मंगरे खाँ, बब्बु भन्ने, अजमल खाँ, कौशल कान्दू (गुप्ता), चिन्का भन्ने ओम प्रकाश कहार, सन्तोषकुमार कसौधन, अनवर मनिहार, सरोज थापा, गुठे भन्ने देवेन्द्र मिश्र, गंगाराम कहार, लिख्खु भन्ने राजेश शर्मा समेतका जना १५ ले अवैध लागू औषध (ब्राउन सुगर) खरीद बिक्री ओसार–पसार सञ्चय समेतको कारोबार समेत गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (ङ), (च) ले निषेधित कार्य गरेको देखिन आएकोले सो कार्य कसूर गरेमा उल्लिखित प्रतिवादीहरू सुल्लु भन्ने शम्भु कहार समेतका जना १५ लाई ऐ ऐनको दफा १४(१) (छ)१ अनुसार सजाय हुन र अन्य प्रतिवादीहरू सुरेन्द्रकुमार श्रेष्ठ, सुरज पाण्डे, अवध किशोर कान्दु, प्रमोद पाण्डे, वल्ली भन्ने अकवर अली पठान, प्रेमनारायण पाण्डे, पप्पु वर्मा, मनोजकुमार कौशल, पराग भन्ने राजेश कसौधन, कुन्का भन्ने सरोज कहार वजरंगी पाण्डे ददन भन्ने सूर्यनारायण पाण्डे, शम्भुनारायण पाण्डे, बृज बिहारी शुक्ल समेतका जना १९ मध्ये पक्राउमा परेका उल्लिखित प्रतिवादी सुरेन्द्रकुमार श्रेष्ठ समेतले अवैध लागू औषध (ब्राउन सुगर) सेवन गर्दै आएकोमा अधिकारप्राप्त अधिकारीसमक्ष स्वयं साबिती भै अन्य फरार कमलेश भन्ने बृज बिहारी शुक्ल समेत लाई पोल गरी बयान गरेको देखिन आएको र सो कुरालाई वस्तुस्थिति मुचुल्काका मानिसले समेत पुष्टि गरी कागज गरिदिएको समेतबाट निज उल्लिखित प्रतिवादीहरू सुरेन्द्र श्रेष्ठ समेतका जना १९ ले अवैध लागू औषध (ब्राउन सुगर) सेवन गरी लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(छ) ले निषेधित कार्य गरेको देखिँदा निज प्रतिवादी सुरेन्द्रकुमार श्रेष्ठ समेतका उल्लिखित जना १९ लाई ऐ. ऐनको दफा १४(१)(ङ) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग दावी ।

मिति २०६२।५।१८ गतेका दिन प्रहरीले मलाई लागू औषध सेवन गर्छस् भनी घरबाटै समातेका हुन्। मैले ३।४ वर्ष अघि लागू औषध सेवन गर्ने गरेको तर हाल सेवन गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी जाकिर दर्जीले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मलाई मिति २०६२।५।१८ गते केही काम छ हिंड् भनी प्रहरीले जिल्ला प्रशासन कार्यालय अगाडिबाट समाती लगेका हुन् मैले लागू औषध खरीद बिक्री ओसार–पसार केही गर्दिन, कहिले काँहीं सेवन मात्र गर्छु भन्ने समेत व्यहोराको प्रतिवादी सुरेन्द्रकुमार श्रेष्ठले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान।

मैले ५।६ वर्ष अगाडि मञ्जू कहारनी, पप्पु कहार, कमला कहार, समेतका मानिसहरूसँग लागू औषध खरीद गरी सेवन गर्ने कार्य गर्थें हाल मैले लागू औषध सेवन गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी कुन्का भन्ने सरोज कहारले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान।

मैले लागू औषध सेवन गर्दिन, मौकामा भएको बयान कागजको व्यहोरा मेरो होइन। प्रतिवादी सुरेन्द्रकुमार श्रेष्ठले म समेतले लागू औषध सेवन गर्ने भनी किन बयान गरे मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी अवधकिशोर कान्दूले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान।

मैले लागू औषध विक्री वितरण सेवन समेत केही गर्दिन। मौकामा भएको वयान कागजको व्यहोरा मेरो स्वैच्छाले भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी कौशल कान्दू (गुप्ता) ले शुरु कपिलबस्तु जिल्ला अदालतमा गरेको बयान।

मैले लागू औषध बेचविखनको कारोवार तथा सेवन समेत केही गर्दिन। मौकामा भएको बयान कागजको व्यहोरा मेरो स्वेच्छाले भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी चिन्का भन्ने ओमप्रकाश कहारले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान।

मसँगबाट लागू औषध ब्राउन सुगर वरामद भएको होइन। मौकामा भएको बयान कागजको व्यहोरा मेरो स्वेच्छाले भएको होइन। मैले लागू औषध खरीद विक्री तथा सेवन समेत गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी मँगरे खाँले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान।

मैले ४।५ वर्ष अगाडि कौशल कान्दू, राजेश बर्मा, दुर्गेश वर्मा, पप्पु कहार, मञ्जू कहारनी, पाँडे कहारसँग लागू औषध खरीद गरी सेवन गर्ने गर्थें तर हाल सेवन पनि गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी सुरज पाण्डेले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैले एक वर्ष अगाडि एकपटक मनोज कौशलसँग लागू औषध किनेर खाएको हुँ । हाल मैले लागू औषध सेवन गर्दिन । मौकामा भएको बयान कागजको व्यहोरा मेरो स्वैच्छाले भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी राम मिलन लोनियाले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैले २ वर्ष अघि लागू औषध खाने गर्थें, हाल औषधि उपचार गराई खान छोडेको छु, मैले लागू औषध सम्बन्धी कुनै कार्य गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी मनोजकुमार कौशलले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैले लागू औषध सेवन गर्दिन, मौकामा भएको बयान कागजको व्यहोरा मेरो स्वैच्छाले भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी नन्दराम यादवले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मेले ५।६ वर्ष अघि लागू औषध सेवन गर्थें, तर हाल सेवन विक्री वितरण केही पनि गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी वल्ली भन्ने अकवर अली पठानले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैले लागू औषध कहिल्यै पनि सेवन गरेको छैन । म समेतले लागू औषध सेवन गर्ने गरेको भनी सहप्रतिवादी सुरेन्द्र श्रेष्ठले किन लेखाए मलाई थाहा छैन । मौकामा भएको बयान कागजको व्यहोरा मेरो स्वेच्छाले भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी पराग भन्ने राजेश कशौधनले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

म समेतले लागू औषध सेवन गर्ने गरेको भनी सहप्रतिवादी सन्तोषकुमार कसौधनले किन पोल गरे मलाई थाहा छैन । मैले लागू औषध सेवन गर्दिन भन्ने

समेत व्यहोराको प्रतिवादी प्रमोद पाण्डेले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैले गाँजा खाने गर्छु, लागू औषध केही पनि खाँदिन । प्रहरी समक्ष भएको बयान मेरो स्वेच्छाले भएको होइन । अभियोग दावीबाट सफाइ पाउनु पर्छ भन्ने समेत व्यहोराको जमुनाप्रसाद यादवले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैले ५।६ वर्ष अघिदेखि लागू औषध (ब्राउन सुगर) खान सिकेकोमा १ वर्ष देखि खान छाडेको छु, सन्तोष कसौधन, मनोज कौशल, पराग भन्ने राजेश कसौधनसँग किनेर खाने गर्थें । मैले लागू औषध वेचविखन गर्दिन । प्रहरीसमक्ष भएको बयान मेरो स्वेच्छाले भएको होइन भन्ने समेत व्यहोराको राधेश्याम रैदासले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैले लागू औषध सेवन तथा वेचविखन केही गर्दिन । म समेतले लागू औषध वेचविखन गर्ने गरेको भनी सुरेन्द्र श्रेष्ठले किन लेखाए मलाई थाहा छैन । प्रहरी समक्ष भएको बयान मेरो स्वेच्छाले भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी लिख्खु भन्ने राजेश शर्माले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैले लागू औषध सेवन विक्री वितरण केही पनि गर्दिन । प्रहरी समक्ष भएको बयान मेरो स्वैच्छाले भएको होइन । मैले अभियोग दावीबमोजिमको कसूर गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी बब्बु भन्ने अजमल खानले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैल ३ वर्ष अघि लागू औषध ब्राउन सुगर खाने गर्थें, हाल सेवन गर्दिन । म समेतले लागू औषध ब्राउन सुगर सेवन गर्ने गरेको भनी सहप्रतिवादी सुरेन्द्रकुमार श्रेष्ठ समेतले किन बयान गरे मलाई थाहा छैन । प्रहरी समक्ष भएको बयान मेरो स्वैच्छाले भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी प्रेमनारायण पाण्डेले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान ।

मैले डेढ वर्ष अघि देखि औषध सेवन गर्न थालेको भए पनि हाल सेवन गर्दिन। मनोज कौशलले दिएको हुँदा खाएको हुँ। म आफूले किनेर खाएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी पप्पु वर्माले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान।

मैले २०५८ साल अघि लागू औषध सेवन गर्ने गरेको भए पनि सो पछि गराएको उपचार पश्चात् सेवन गर्न छाडेको छु। म समेतले लागू औषध खरीद विक्री सेवन गर्ने गरेको भनी सहप्रतिवादीहरू राजेश कसौधन, जमुनाप्रसाद यादव तथा राम मिलन लोनियाले किन वयान गरे मलाई थाहा छैन। मबाट लागू औषध (ब्राउन सुगर) वरामद भएको होइन। प्रहरी समक्ष भएको बयान मेरो स्वैच्छाले भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी सन्तोषकुमार कसौधन गुप्ताले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान।

प्रतिवादी गंगाराम कहार, कमलेश भन्ने बृज विहारी शुक्ला, राजेशकुमार वर्मा, पप्पु कहार, गुठे भन्ने देवेन्द्र मिश्र, वजरंगी पाण्डे, शम्भुनारायण पाण्डे, अनवर मनिहार, मञ्जू कहार, दुर्गेश वर्मा, ददन भन्ने सूर्यनारायण पाण्डेले शुरु म्यादै गुजारी हाजिर नभै वसेका रहेछन्।

प्रतिवादी सुरेन्द्र श्रेष्ठले पोल गरेकाले नन्दराम यादवलाई प्रहरीले पक्राउ गरेका हुन्। निज लागू औषध (ब्राउन सुगर) सेवन गर्ने मानिस होइनन् भन्ने समेत व्यहोराको प्रतिवादी नन्दराम यादवका साक्षी समयप्रसाद शुक्लाले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बकपत्र।

तिवादी सुरेन्द्र श्रेष्ठले पोल गरेकाले जमुनाप्रसाद यादवलाई प्रहरीले पक्राउ गरेका हुन्। निज लागू औषध (ब्राउन सुगर) सेवन गर्ने मानिस होइनन् भन्ने समेत व्यहोराको प्रतिवादी जमुनाप्रसाद यादवका साक्षी पिंगल कुर्मीले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बकपत्र।

ओमप्रकाश कहारलाई प्रतिवादी सन्तोषकुमार कसोधनले पोल गरेकाले निजलाई प्रहरीले पक्राउ गरेको हो। निज ओमप्रकाश कहारले आरोपित कसूर

गरेका छैनन् । निर्दोष हुँदा सफाइ पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी चिन्का भन्ने धमालु कहारले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बकपत्र ।

मनोजकुमार कौशलले लागू औषध सेवन गर्दैनन् भन्ने समेत व्यहोराको प्रतिवादी मनोजकुमार कौशलको साक्षी वुधई कहारले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बकपत्र ।

राममिलन लोनियाले लागू औषध सेवन गर्दैनन्, निजको चाल चलन राम्रो छ भन्ने समेत व्यहोराको प्रतिवादी राममिलन लोनियाको साक्षी खेलावन कहारले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बकपत्र ।

प्रेमनारायण पाण्डेले लागू औषध सेवन गर्दैनन् भन्ने समेत व्यहोराको प्रतिवादी प्रेमनारायण पाण्डेका साक्षी दिनानाथ बनियाले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बकपत्र ।

प्रमोद पाण्डेले लागू औषध सेवन गर्दैनन् । निजको चाल चलन राम्रो छ भन्ने समेत व्यहोराको प्रतिवादी प्रमोद पाण्डेका साक्षी जसई पासीले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको वकपत्र ।

अवध किशोर कान्दूलाई सुरेन्द्रकुमार श्रेष्ठले पोल गरेको कारण निज समातिएका हुन् । निज लागू औषध सेवन गर्दैनन् भन्ने समेत व्यहोराको प्रतिवादी अवधिकिशोर कान्दूको साक्षी अजित मुसलमानले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको वकपत्र ।

सुरज पाण्डेलाई सन्तोषकुमार कसौधनले पोल गरेकाले पक्राउ गरेका हुन् । निज सुरज पाण्डेले लागू औषध सेवन गर्दैनन् भन्ने समेत व्यहोराको प्रतिवादी सुरज पाण्डेका साक्षी राजु चौहानले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको वकपत्र ।

अकवर अली पठानले लागू औषध सेवन गर्दैनन् । निज निर्दोष छन् भन्ने समेत व्यहोराको प्रतिवादी वल्ली भन्ने अकबर अली पठानका साक्षी मेहदी हसन खाँले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको वकपत्र ।

सहप्रतिवादी बब्बु भन्ने अजमल खाँ ले मलाई समेत लागू औषध वेचविखन गर्ने भनी किन पोल गरे थाहा छैन। मैले लागू औषध वेचविखन तथा सेवन केही गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी सरोज थापाले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान।

मैले लागू औषध वेचविखन तथा सेवन केही गर्दिन। मैले लागू औषध वेचविखन गर्ने गरेको भनी सह–प्रतिवादीहरूले गरेको बयान झूठ्ठा हो भन्ने समेत व्यहोराको प्रतिवादी सुल्लु भन्ने शम्भु कहारले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बयान।

सरोज थापाको चालचलन राम्रो छ, निजले अभियोग दावीबाट सफाइ पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी सरोज थापाको साक्षी सर्जु भुजेलले अदालतमा गरेको वकपत्र।

सुल्लु भन्ने शम्भु कहारले लागू औषध (ब्राउन सुगर) वेचविखन समेत केही गर्दैनन् भन्ने समेत व्यहोराको प्रतिवादी सुल्लु भन्ने शम्भु कहारका साक्षी कमला कहारले शुरु कपिलवस्तु जिल्ला अदालतमा गरेको बकपत्र।

मगरे खाँबाट बरामद भएको वस्तु ब्राउन सुगर नभएको र प्रतिवादी चिन्का भन्ने ओमप्रकाश कहारबाट लागू औषध बरामद नभएको समेतका कारणबाट निजहरूले सफाइ पाउने ठहर्छ। प्रतिवादी सन्तोषकुमार कसौधन (गुप्ता) समेतका प्रतिवादीले पोल गरेका आधार समेतबाट शम्भु कहारले लागू औषध बिक्री बितरण गरेको देखिन आएकोले निजलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रु. ५०००।–(पाँच हजार) जरीवाना हुने र अभियोग माग दावीबमोजिम लागू औषध (ब्राउन सुगर) सेवन तर्फ मागदावी भएका सुरेन्द्रकुमार श्रेष्ठ, सुरज पाण्डे, अवधकिशोर कान्दू, प्रमोद पाण्डे, वल्ली भन्ने अकवर अली पठान, नन्दराम यादव, जमुनाप्रसाद यादव, राधेश्याम रैदास, जाकिर दर्जि, राममिलन लोनिया, प्रेम नारायण पाण्डे, पप्पु वर्मा, मनोज कुमार कौशल, पराग भन्ने राजेश कसौधन, कुन्का भन्ने सरोज कहार, समेतका

प्रतिवादीहरूलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१)(ङ) बमोजिम रु. १०,०००।– (दश हजार रुपैयाँ) जरीवाना गर्नुपर्ने र उपर्युक्त बाहेकका अन्य प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम गर्नुपर्ने हुँदा र फरार रहेका प्रतिवादीहरू राजेशकुमार वर्मा, पप्पु कहार, दुर्गेश वर्मा, मञ्जू कहारनी, अनवर मनिहार, गुठे भन्ने देवेन्द्र मिश्र, गंगाराम कहार, वजरंगी पाण्डे, ददन भन्ने सूर्य नारायण पाण्डे, शम्भुनारायण पाण्डे र कमलेश भन्ने वृज विहारी शुक्लका हकमा अ.वं. १९० नं. बमोजिम मुल्तवी राखिदिनु पर्ने र अभियोग माग दावीमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम सजायको मागदावी भएका मध्ये आरोपित कसूरबाट सफाइ पाएका मगरे खाँ र चिन्का भन्ने ओम प्रकाश कहार वाहेकका अन्य प्रतिवादीहरू सरोज थापा, सुल्लु भन्ने शम्भु कहार, सन्तोषकुमार गुप्ता कसौधन, कौशल, कान्दू, (गुप्ता), लिख्खु भन्ने राजेश शर्मा, बब्बु भन्ने अजमल खाँ समेतका प्रतिवादीहरूलाई लागू औषध (नियन्त्रण) ऐन ,२०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५(पाँच) वर्ष कैद र रु. ५०,०००।– (पाँच हजार रुपैयाँ) जरीवाना गर्नुपर्ने हुँदा उपर्युक्त बमोजिम कैद र जरीवाना समेत गर्नुपर्ने ठहर्छ भन्ने समेत शुरु कपिलवस्तु जिल्ला अदालतको मिति २०६३।११।१ को फैसला ।

प्रतिवादी मगरे खाँबाट बरामद भएको पदार्थ परीक्षण गर्दा ब्राउन सुगर नदेखिए तापनि निजले मौकाको अनुसन्धानमा लागू औषध बरामद भएकोमा सनाखत गरी लागू औषध सेवन तथा बिक्री वितरण समेत गर्ने गरेको भनी साविती बयान दिएकोले अभियोगदावी ठहर गर्नुपर्नेमा सो बमोजिम नगरी सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ । प्रतिवादी चिन्का भन्ने ओमप्रकाश कहार अनुसन्धान अधिकारीसमक्ष कसूरमा साविती भई बयान गरेकाले निजलाई पनि लागू औषध विक्री वितरण एवं सञ्चय गरेकोमा सजाय हुनुपर्नेमा सफाइ दिएको मिलेको नहुँदा निजहरूका हकमा उल्टी गरी अभियोग दावीबमोजिम सजाय गरिपाऊँ भन्ने समेत वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

अरु अभियुक्तले पोल गरेको र प्रहरीमा सावित भएका आधारमा मलाई सजाय गर्ने गरेको शुरुको फैसला नमिलेकोले उल्टी गरी सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी कौशल गुप्ता कान्दूको पुनरावेदन पत्र ।

यसमा सजाय ठहर भएका अन्य प्रतिवादीहरूको पुनरावेदन नपरेको र पुनरावेदक वादीका तर्फबाट पनि केवल २ जना प्रतिवादीका उपर मात्र पुनरावेदन परेको देखियो । त्यसमध्ये प्रतिवादी मगरे खाँ का हकमा विचार गर्दा निज अनुसन्धान अधिकारीसमक्ष कसूर गरेको भनी सावित भएको पाइन्छ । निज सरहकै अन्य प्रतिवादीले पनि निजलाई पोल गरेको देखिन्छ भने निजको साथबाट लागू औषध भनिएको बस्तु फेला परेको देखिन्छ । निजले बयान गर्दा यही फेला परेकै मध्येका चिजबस्तुलाई लागू औषध भनी विक्री गर्ने गरेको देखिन्छ । साथै प्रमाणका व्यक्ति जाकिर दर्जी,प्रेमनारायण समेतका व्यक्तिले किटान गरी अपराध गरेको देखाएका छन् । यस अवस्थामा निजलाई निर्दोष भन्न मिलेन । जाँच गरिएको वस्तु लागू औषध नभए पनि लागू औषध (नियन्त्रण) ऐन २०३३ को संशोधित दफा १७(क) ले मुल अपराधमा हुने सजायको आधा सजाय हुने व्यवस्था भएकै पाईंदा निजले लागू औषधिको खरीद बिक्री कारोवारको अपराध गरेकै हुँदा लागू औषध (नियन्त्रण) ऐन २०३३ को दफा ४ को देहाय (घ) को कसूरमा ऐ दफा १४(१) (घ)(१) बमोजिम ५ वर्ष कैद र रु. ५,०००।–जरीवाना हुनसक्ने अवस्था हुँदा ऐ दफा १७(क) ले आधा सजाय अर्थात् २ वर्ष ६ महिना कैद र जरीवाना रु. २५००।–हुन्छ,निजलाई सफाइ दिएको फैसला मिलेको देखिएन ।

अर्का प्रतिवादी चिन्का भन्ने ओमप्रकाशका हकमा निजबाट लागू औषध फेला परेको देखिँदैन । निजलाई सफाइ दिएको मिलेकै देखियो भने पुनरावेदक प्रतिवादी कौशलकुमारका हकमा विचार गर्दा निज प्रहरी समक्ष बयान गर्दा सावित देखिए पनि निज सरहकै प्रतिवादी चिन्का भन्ने ओमप्रकाशलाई सफाइ दिएको हो । त्यस्तै यी प्रतिवादीबाट पनि लागू औषध खरीद बिक्री कारोवार गरेको भनेको दशी बस्तु केही फेला परेको देखिएन,यस अवस्थामा निजलाई प्रहरी सावितीको भरमा सजाय

गर्नु न्यायोचित नहुँदा निजलाई सजाय गरेको मिलेको देखिएन। निजलाई सफाइ हुनुपर्ने देखियो।

अतः माथि लेखिएबमोजिम शुरु कपिलवस्तु जिल्ला अदालतको मिति २०६३।११।१ को फैसला उल्टी भई प्र. कौशल कान्दू गुप्तालाई सफाइ र मगरे खाँलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) को कसूरमा ऐ को दफा १४(१)(छ)(१) र १७(क) बमोजिम २(दुई) वर्ष ६(छ) महिना कैद र रु. २५००।-(दुई हजार पाँच सय) जरीवाना हुने ठहर्छ भन्ने समेत पुनरावेदन अदालतको २०६५।१।३० को फैसला।

पुनरावेदन अदालत बुटवलको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी छ। प्रतिवादी मगरे खाँ का हकमा निजले मौकाको अनुसन्धानमा निजबाट लागू औषध बरामद भएकोमा सनाखत गरी लागू औषध सेवन तथा विक्री वितरण समेत गर्ने गरेको भनी साविती बयान गरेकोमा निज लागू औषध विक्री वितरण गर्ने व्यक्ति हुन् भनी प्रतिवादीहरू सन्तोष कुमार कसौधन, पप्पु वर्मा, सरोज कहार, अजमल खान, कौशल गुप्ता, जाकिर दर्जी, नारायण पाण्डेले गरेको साविती सहितको पोल एवं बारामदी मुचुल्का समेतबाट प्रतिवादी मगरे खाँको अनुसन्धान अधिकारीसमक्षको बयान समर्थित भइरहेको छ।

प्रतिवादी चिन्का भन्ने ओमप्रकाश कहारको हकमा निजको साथबाट लागू औषध बरामद भएको नदेखिए तापनि निजले मौकामै पक्राउ परी अनुसन्धानका क्रममा श्रृंखलाबद्ध तथ्य खुलाई आफूले लागू औषध सेवन गर्ने गरेको तथा त्यसको विक्री वितराण एवं सञ्चय समेतमा संलग्न रहेको भनी अनुसन्धान अधिकृत समक्ष बयान गरेको तथा कसूर ठहर भएको प्रतिवादी पप्पु वर्मा, सन्तोषकुमार कशौधन, समेतले यी प्रतिवादीसँग लागू औषध खरीद गर्ने गरेको भनी खुलाएका वस्तुनिष्ठ तथ्यबाट कसूर पुष्टि भै रहेको अवस्थामा छ।

प्रतिवादी कौशल कान्दू गुप्ताका हकमा निज प्रतिवादीले अनुसन्धानमा गरेको तथ्ययुक्त सावितीबाट निजउपरको कसूर पुष्टि भएको तथा कसूर ठहर भएका पप्पु

वर्मा, सन्तोषकुमार कशौधनले मौकामा गरेको बयान व्यहोराबाट समेत समर्थित भएको छ ।

अतः उल्लिखित अवस्थामा प्रमाणको उचित विश्लेषण नगरी पुनरावेदन अदालत बुटवलबाट मगरे खाँका हकमा कम सजाय गर्ने गरेको र ओमप्रकाश कहार र कौशल कान्दू गुप्तालाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले सो बदर गरी अभियोग दावीबमोजिम सजाय गरी पाउन अनुरोध गरिन्छ भन्ने समेत व्यहोराको नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र ।

प्रतिवादी मगरे खाँको पुनरावेदन परेको नदेखिएको भन्ने रहेछ ।

उल्लिखित प्रमाणहरूको विद्यमानता छँदाछँदै पुनरावेदन अदालतबाट प्रमाणको मूल्याङ्कन तथा विवेचना नगरी भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय हुनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो ।

२. उल्लिखित कागज प्रमाणहरूको अध्ययन तथा बहस सुनी निर्णयतर्फ विचार गर्दा प्रतिवादी मगरे खाँलाई २ वर्ष ६ महिना कैद र रु. २५००।- जरीवाना हुने तथा प्रतिवादीहरू ओमप्रकाश कहार र कौशल कान्दू गुप्तालाई सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको २०६५।१।३० को फैसला मिले नमिलेको के रहेछ ? त्यसैमा निर्णय दिनुपर्ने देखियो ।

३. यसमा प्रतिवादी मध्येको मगरे खाँ भन्नेबाट १०० मिलिग्राम लागू औषध वरामद भएको भन्ने मिति २०६२।५।१८ को बरामदी मुचुल्काबाट देखिन्छ । वरामदी मुचुल्का हेर्दा मगरे खाँ बाट मात्र लागू औषध वरामद भएको देखिन्छ । वरामद भएको वस्तु मिति २०६२।७।९ मा केन्द्रीय प्रहरी बैज्ञानिक प्रयोगशालामा परीक्षण भएको देखिन्छ । उक्त बैज्ञानिक प्रयोगशाला परीक्षणको प्रतिवेदन मिति २०६२।७।११,च.नं. ७८५ बाट प्राप्त भएको देखिन्छ । परीक्षणबाट अपराधसम्बन्धी पदार्थ/चिज वा वस्तु भनी वरामद गरिएको पदार्थ लागू औषध नभई उक्त बस्तुमा हेरोइन पाइएन भन्ने देखिन्छ । लागू औषध नियन्त्रण

ऐन, २०३३ ले लागू औषध साथमा राख्न नहुने, सञ्चय गर्न नहुने, कारोवार गर्न नहुने, विक्री व्यवहार गर्न नहुने, आयात निर्यात गर्न नहुने, वितरण गर्न नहुने, सेवन गर्न नहुनेदेखि लिएर ओसार पसार सम्मका सम्पूर्ण कारोवारलाई प्रतिबन्ध लगाई लागू औषध नियन्त्रण ऐन, २०३३ ले लागू औषध भनी परिभाषा गरेको पदार्थ वा वस्तुलाई नै Criminalize गरेको देखिन्छ। लागू औषधको सेवन स्वास्थ्यका लागि घातक र खतरानाक पदार्थ हो। एकपटक लागू औषधको सेवनमा Addict भएपछि त्यसबाट मुक्त हुन वडो कठिन हुन्छ। लागू औषधको सेवनले, सेवन गर्नेलाई मात्र होइन सेवन गर्नेको परिवार, समाज र राष्ट्रलाई नै असर गर्दछ। लागू औषधको सेवनले समाजका सिर्जनशिल युवा पिडीलाई बढी असर पुऱ्याएको इतिहास साक्षी छ। त्यसैकारणले गर्दा लागू औषधलाई Criminalize गर्न अन्तर्राष्ट्रिय रुपमा नै राष्ट्रहरू सँगठित भई Multilateral convention बनी सदस्य राष्ट्रहरूले Convention मा पक्ष भएको कारण र आफ्नै Domestic Requirement का लागि नै पनि सबै राष्ट्रले लागू औषधलाई Criminalize गर्ने आ–आफ्नो कानून बनाएको हो। प्रायः संसारका सबै राष्ट्रले लागू औषध सम्बन्धी कानूनमा कडा सजायको व्यवस्था समेत गरेको पाइन्छ।

४. लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १७क ले लागू औषध भनी नक्कली लागू औषध कारोवार गर्नेलाई पनि Criminalize गरेको देखिन्छ। उक्त दफा १७क यस प्रकार छः–

> दफा १७क : लागू औषधको विश्वास पारी अन्य पदार्थको कारोवार गर्नेलाई सजाय :
>
> लागू औषध वाहेकको अन्य कुनै पदार्थलाई लागू औषध भन्ने विश्वासमा पारी त्यस्तो कारोवार, बेचविखन, निकासी पैठारी, सञ्चय, उत्पादन समेतको कार्य गर्ने व्यक्ति वा गिरोहलाई सो अपराध गरेवापत हुने सजायको आधा सजाय हुनेछ।

५.    सरसर्ती हेर्दा लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा २ ले लागू औषध भनी परिभाषा गरेको वस्तुलाई मात्र Criminalize गरेको छ । ऐनको उद्देश्य नै लागू औषध वाहेक नक्कली लागू औषध पदार्थलाई समेट्ने होइन । प्रश्न आउन सक्छ । जब नक्कली लागू औषध पदार्थ समाज वा सेवन गर्नेलाई घातक पनि हुँदैन र नक्कली लागू औषध पदार्थको कुनै बजार नै हुँदैन भने त्यस्तोमा पनि आधा सजाय गर्ने व्यवस्था के Just Law हो र ? भन्ने प्रश्न पनि कताकता देखिन्छ । तर लागू औषधको Manace लाई नियन्त्रण गर्ने उद्देश्यले विधायिकाले आफूमा भएको विधायिकी अधिकार प्रयोग गरी समाजको बृहत्तर हितलाई ध्यानमा राखी बनाएको कानूनलाई अन्यथा भन्न मिल्दैन ।

६.    प्रतिवादीबाट नक्कली लागू औषध जसलाई प्रयोगशाला परीक्षण प्रतिवेदनबाट हेरोइन नदेखिएको भन्ने देखिन्छ, सो बस्तु आफैमा Harmful होइन तर यहाँ प्रतिवादीको Mens Rea र Conduct महत्त्वपूर्ण देखिन्छ । प्रतिवादीले बयान गर्दा आफूले लागू औषध सेवन गर्ने गरेको भनेको देखिन्छ । सेवन गर्नेले सञ्चय गर्दछ, सञ्चय गर्नेले कारोवार गर्दछ, कारोवार गर्नेले किनवेच ओसारपसार गर्दछ र ओसार–पसार गर्नेले विक्री वितरण पनि गर्दछ । नक्कली लागू औषधलाई लागू औषध भनी कारोवार गर्नेले मौका पायो भने सक्कली लागू औषध पनि कारोवार गर्न सक्छ भने खरीद गर्नेले त झनै लागू औषध भनेर नै खरीद गर्छ । यसको रोकथामको लागि विधायिकाले सक्कली लागू औषध भनी नक्कली लागू औषधको कारोवारलाई पनि Criminalize गर्नुको उद्देश्य फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार कार्य (Action) दोषी होइन मनसाय दोषी हुन्छ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार नक्कली लागू औषध भनी कारोवार गर्नेलाई आधा सजाय हुने व्यवस्था गरेको देखिन्छ ।

७.    अतः प्रतिवादी मगरे खाँ बाट नक्कली लागू औषध १०० mg वरामद भएको शंकारहित प्रमाणबाट प्रमाणित भएको हुँदा प्र. मगरे खाँलाई लागू औषध (नियन्त्रण) ऐन २०३३ को दफा १७क अनुसार आधा सजाय गरेको फैसला मिलेको देखिँदा सदर हुन्छ ।

८. अव अन्य प्रतिवादीद्वय चिन्का भन्ने ओमप्रकाश कहार र कौशल कान्दू गुप्ताका हकमा विचार गर्दा यी दुई प्रतिवादीहरूलाई लागू औषध नियन्त्रण ऐन २०३३ को दफा ४ को देहाय (घ), (ङ), (च) को कसूर गरेको भन्ने आरोपमा दफा १४(१)(छ)(१) को सजाय माग गरेको देखिन्छ। दफा १४(१)(छ)(१) अनुसार कसूर प्रमाणित भएमा ५ देखि १० वर्ष कैद र पाँच हजार देखि २५ हजार रुपैयाँसम्म जरीवानाको सजाय हुन सक्छ। निज प्रतिवादीद्वय अदालतमा बयान गर्दा अभियोगमा पूरै इन्कार भई बयान गरेको देखिन्छ। निजहरूमध्ये कौशल कान्दू गुप्ताको वासस्थान र शरीर समेत खानतलासी गरेको देखिन्छ भने प्रतिवादी चिन्का भन्ने ओमप्रकाश कहारको वासस्थानमा खानतलासी गरेको देखिन्छ। खानतलासी गर्दा निजहरूको वासस्थान र साथबाट पनि लागू औषध वरामद भएको देखिँदैन। यी दुई प्रतिवादीहरू प्रहरी समक्ष बयान गर्दाको सावितीवाहेक कुनै प्रमाण देखिँदैन।

९. लागू औषधको अपराध गम्भीर अपराध हो यसमा विवाद भएन। लागू औषधको अपराध एक देशभित्र मात्र र सीमित रहन पनि सक्छ र Transnational र Transborder दुबै अपराध पनि हुन सक्छ। यो अपराध International Dimension को हुन्छ। लागू औषधको कारोवार सँगठित रुपमा मात्र नभई यसले Cortel को राय पनि लिएको देखिन्छ। यस्तो अपराध गिरोहबाट सञ्चालित हुन्छ यसमा पनि विवाद भएन। यस्तो अपराधमा Money Laundering धन्दा समेत हुन्छ। लागू औषध नियन्त्रण ऐन अन्तर्गतको यस्तो गम्भीर अपराध लागू औषधलाई हेरी सफाइ पाउने यी दुई प्रतिवादीका विरुद्ध अन्य प्रमाण जस्तै अदृश्य गोप्य क्यामेरा CCTV को प्रमाण, खरीद गर्ने भनी बनेको Decoy Agent सँगको भेटवार्ता वा प्रतिवादीहरूले लागू औषधको गिरोहका अन्य सदस्यसँग कुरा गरेको Interception आदि अन्य केही प्रमाण छ कि भनी हेर्दा सफाइ पाएका उक्त दुई प्रतिवादीको हकमा केवल प्रहरी समक्षको Confessional statement साविती बयान बाहेक अन्य केही प्रमाण देखिँदैन। प्रहरी समक्षको साविती बयान अन्य स्वतन्त्र प्रमाणको अभावमा प्रमाण होइन। तैपनि यी दुई प्रतिवादीउपर ऐनको दफा ४ को देहाय (घ), (ङ), (च) को अभियोग लगाएको देखियो।

१०.	लागू औषध (नियन्त्रण) ऐन २०३३ अन्तर्गतको अपराध सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची १ मा समावेश भएको हुँदा सो मुद्दा प्रहरीद्वारा अनुसन्धान हुन्छ। सरकारी वकीलद्वारा अभियोग लगाइ मुद्दा दायर गरिन्छ। प्रहरी यस्तो मुद्दाको लागि वादी राज्यको Agent को हैसियतले अनुसन्धान गर्दछ। हामीकहाँ फौजदारी मुद्दामा Miranda Warning लाई Introduce गरेको छैन। Miranda warning को व्यवस्था Introduce गर्ने हो भने Miranda warning का चार शर्तको पूरा र पालना गरेपछि मात्र प्रहरी समक्षको बयानले केही हदसम्म मान्यता पाउन सक्ला। प्रहरीको हैसियत वादीको अनुसन्धानकर्ता भएको कारण प्रहरीले गराएको बयानको अन्य स्वतन्त्र प्रमाणले समर्थन नभएमा प्रहरीको बयानको आधारमा मात्र सजाय गर्न मिल्दैन भन्ने कुरा फौजदारी न्यायको मान्य सिद्धान्त हो।

११.	ICCPR को धारा १४(३)(e) महत्वपूर्ण छ। धारा १४(३) (e) मा To examine, or have examined, the witness against him and to obtain the attendance and examination or witnesses on his behalf under the same conditions as witnesses against him; भन्ने छ। फौजदारी मुद्दामा बादीबाट अभियुक्त विरुद्ध साक्षी प्रमाण पेश गर्ने कार्य हाम्रो जस्तो Accusatorial Adversarial System of Prosecution को महत्वपूर्ण पक्ष हो। वादीले पेश गरेको अभियोग पत्रमा मुद्दा चलाइएको अभियुक्त विरुद्ध कुनै प्रमाण नै छैन भने प्रमाण बिनाको अभियोग कस्तो हुने ? हाम्रो प्रमाण ऐन, २०३१ को दफा २५ को व्यवस्थाले पनि अभियुक्त उपरको अभियोग प्रमाणद्वारा प्रमाणित गर्नुपर्छ भनेको हो। २०२८ सालको हिरापासी विरुद्ध विरुद्ध नेपाल सरकार भएको डाँका मुद्दामा यस अदालतले स्वतन्त्र प्रमाणको अभावमा अभियुक्तको प्रहरी समक्षको साविती बयानको कानूनी मान्यता नहुने वारेमा व्याख्या समेत गरिसकेको छ। यत्ति हुँदाहुँदै पनि प्रतिवादीद्वय चिन्का भन्ने ओमप्रकाश कहार र कौशल कान्दु गुप्तालाई कुनै पनि प्रमाणको अभावमा केवल आफू समक्षको साविती बयानको आधारमा मात्र मुद्दा चलाएको देखियो। प्रहरी आफैले प्रतिवादीद्वयको वासस्थान खानतलासी गर्ने, खानतलासी गर्दा अपराधसँग सम्बन्धित लागू औषध वरामद नभएपछि र अन्य कुनै स्वतन्त्र प्रमाण नभएको अवस्थामा पनि केवल प्रहरी समक्षको साविती

बयानलाई मात्र आधार मानी मुद्दा चलाउने कार्यलाई अब यस अदालतले गम्भीरताका साथ लिनुपर्छ। यस्तो Prosecution लाई यस इजलासले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) को दुरुपयोग र सरकारी मुद्दा सम्बन्धी ऐन २०४९, प्रमाण ऐन, २०३१ को दफा २५ र ICCPR को धारा १४ र फौजदारी न्यायको मान्य सिद्धान्तविपरीतको Peosecution ठहर गर्दछ। फौजदारी अपराधमा वादीले अपराध भएको भन्ने तथ्य अर्थात् Corpus Delict पहिला प्रमाणित गर्नुपर्छ त्यसपछि मात्र आफैले अभियोग लगाएको व्यक्तिले नै त्यस्तो अपराध गरेको भनी प्रमाणित गर्नुपर्छ। तर प्रस्तुत मुद्दामा त प्रतिवादीद्वयले अपराध गरेको भन्ने प्रमाण नहुनु त छँदैछ यी प्रतिवादीहरूको हकमा कुनै लागू औषधको कारोवार भएको भन्ने नै प्रमाण देखिँदैन। यी प्रतिवादीका विरुद्ध सो अभियोग ज्यादै हचुवाका भरमा र ज्यादै गैरजिम्मेवारीपूर्ण तरिकाले अभियोग लगाएको देखियो।

१२. प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने भार वादीमा रहन्छ भनी कसूर प्रमाणित गर्ने कानूनी कर्तव्य वादीलाई तोकेको छ। हाम्रो जस्तो Accusatorial System of Persecution भएको प्रणालीमा यो मान्यसिद्धान्त नै हो। स्वतन्त्र प्रमाणको अभावमा बादीले अभियोग नै लगाउन नहुने मात्र होइन स्वतन्त्र प्रमाणको अभावमा सरकारी वकीललाई अभियोग लगाउने अधिकार नै हुँदैन भन्ने कुरा प्रमाण ऐन, २०३१ को दफा ३, दफा ४ र मुलुकी ऐन अ.वं. १८४क बाट स्पष्ट देखिन्छ।

प्रमाण ऐन, २०३१ को दफा ३ यस प्रकार छ :—

दफा ३. प्रमाण बुझ्न हुने कुराहरू : अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ।

**स्पष्टीकरण:** "सम्बद्ध कुरा" भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनु पर्छ।

१३. दफा ३ मा ठहर गर्नुपर्ने कुरा र त्यससँग सम्बन्धित कुराको प्रमाण बुझ्न हुन्छ भन्ने छ। यहाँ प्रमाण बुझ्न हुन्छ भनेको मुद्दामा प्रमाण हुन्छ भनेको हो।

स्पष्टीकरणमा सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित गर्ने वा खण्डन गर्ने कुरालाई जनाउँछ भनिएको हुँदा अदालतमा दर्ता हुने मुद्दामा सबूद प्रमाण हुनुपर्छ भन्ने स्पष्ट गर्दछ। दफा ४ को अवस्थामा पनि प्रमाण आवश्यक पर्दछ। तर दफा ४ को अवस्थामा अदालतले प्रमाण बुझ्न पर्दैन भनेको हो। त्यसैगरी अ.वं. १८४क को हाम्रो व्यवस्था भनेको अमेरिका लगायत विकसित राष्ट्रमा भएको मुद्दाको कारवाही सुरु गर्न अगाडि हुने Pre Trial Conference को व्यवस्था हो। हाम्रो अदालती बन्दोवस्तको महलको १८५क को Equivalent को Pre Trial Conference मा अदालतको अमूल्य समय बचाउन र न्याय छिटो छरितो र सुलभ तरिकाले पक्षहरूलाई उपलब्ध गराउने उद्देश्यले मुद्दाको Trial शुरु गर्नु अगाडि दुई पक्षहरू भेला भई आ–आफ्नो कानून व्यवसायी साथ आ–आफ्नो जिकीरको प्रमाणको आधारमा कति हदसम्म एक अर्काले स्वीकार गरी दावी छाड्ने वा समर्पण गर्ने भन्ने छलफल गरिन्छ। हाम्रो त्यतिबेला बनेको अ.वं. १८४क मा पनि प्रतिउत्तर परेपछि जव अदालतमा दुई पक्षको एकै दिन भेट हुन्छ। दुई पक्षको रोहवरमा अदालतले मुख मिलेमा तुरुन्तै फैसला गर्ने र मुख नमिलेमा मुख नमिलेको कुरामा मात्र प्रमाण बुझ्न तारेख तोक्ने स्पष्ट व्यवस्था भएको देखिन्छ। यसबाट नै चाहे त्यो व्यक्तिवादी हुने मुद्दा होस् चाहे त्यो सरकारवादी हुने फौजदारी मुद्दा होस् जुनसुकै र जो सुकै वादी हुने मुद्दा भएपनि बिना सबूद प्रमाण मुद्दा गर्न हुँदैन भनेको बुझिन्छ। अव यस प्रश्नमा हेर्दा प्रस्तुत मुद्दामा अभियुक्तद्वय ओमप्रकाश र कौसल कान्दू (गुप्ता) केबल प्रहरी समक्ष मात्र सावित भएको देखिन्छ। निजहरूको साथबाट लागू औषध बरामद भएको देखिँदैन। निजहरूका विरुद्ध कुनै प्रत्यक्षदर्शी गवाह छैन, देखिँदैन। निजहरूका विरुद्ध कुनै Documentary Evidence देखिँदैन। निजहरूका विरुद्ध लागू औषध कारोवार गरेको वा लागू औषधको धन्दामा संलग्न भएको भन्ने बैंकिङ कारोवार देखिँदैन। निजहरूका विरुद्ध कुनै Decoy Agent वा Voice Interception आदि केही प्रमाण देखिँदैन। यस्तो अवस्थामा कानूनले सरकारी वकीललाई अभियोग लगाउने अधिकार प्रदान गर्दैन।

१४. लागू औषध एउटा गम्भीर अपराध हो यसमा विवाद हुँदैन। कुनै व्यक्तिले लागू औषधको कारोवार गर्ने व्यक्तिलाई चिन्दैमा, लागू औषध कारोवार गर्ने

व्यक्तिसँग आवजावत, उठबस गरी मित्रता कायम गर्दैमा प्रमाणको अभावमा त्यस्तो व्यक्ति पनि दोषी हुँदैन। त्यस्तो व्यक्तिका विरुद्ध ठोस सबूद प्रमाण हुनु पर्दछ तब मात्र मुद्दा चल्न सक्दछ। अपराध जतिसुकै गम्भीर, शंका जतिसुकै वलियो, चरित्र जतिसुकै खराब, गतिबिधि जस्तोसुकै शंकास्पद र चालचलन जतिसुकै खराब भएपनि यस्ता कुराहरूले प्रमाणको ठाउँ लिन सक्तैन। फौजदारी अपराधमा व्यक्तिका विरुद्ध ठोस र शंकारहित प्रमाण संकलन हुनुपर्छ तव मात्र राज्यले अभियोग लगाउन मुद्दा चलाउन सक्छ यदि विनाप्रमाण राज्यले कसैलाई फौजदारी अपराधको अभियोग लगाउँछ र त्यसको फलस्वरुप अभियुक्तले सफाइ पाउँछ भने त्यस्तोमा पनि महान्यायाधिवक्ताले पुनरावेदन गरी अभियुक्तलाई हैरानी गर्न हुँदैन।

१५. मुद्दामा प्रमाणका सम्बन्धमा Witeness are weighted not counted भनिन्छ। सबूद प्रमाणको नम्बर गनिदैन सबूद प्रमाण नै लिइन्छ। मुद्दामा एउटै मात्र भएपनि यदि त्यो प्रमाण शंकारहित र ठोस प्रमाण हो भने त्यस्तो प्रमाणको आधारमा पनि दावी प्रमाणित हुन सक्छ। तर यस मुद्दामा प्र. ओमकार र प्र. कौशल कान्दू (गुप्ता) विरुद्ध विनाप्रमाण अभियोग लगाएको देखियो। प्रमाण ऐन, २०३१ को दफा ३ को व्यवस्थाले प्रत्येक मुद्दामा प्रमाण ऐन, २०३१ को परिच्छेद ३ को दफा ९ र दफा २४ वाहेकका अन्य दफा तथा अन्य सम्बद्ध परिच्छेदअन्तर्गतका प्रमाण हुनपर्छ भनेको हो। प्रस्तुत मुद्दामा यी प्रतिवादीका सन्दर्भमा अपराध भयो भएन भन्ने कुरा नै स्थापित नभएको अवस्थामा विनाप्रमाण अभियोग लगाउने कार्य त्रुटिपूर्ण हुनुका साथै नेपाल राज्यको Prosecutional Power को दुरुपयोग समेत भएको देखियो। अतः उपरोक्त कारणले गर्दा प्रतिवादीद्वय ओमप्रकाश कहार र कौशल कान्दू (गुप्ता) लाई सफाइ दिएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिंदा सदर हुन्छ।

१६. नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(२) मा कानूनबमोजिम वाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुन नहुने व्यवस्था भएको छ। सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा ४, ७, १२, को व्यवस्था हेर्दा स.मु.स. ऐन २०४९ ले नै पनि Evidence oriented investigation र Evidence Supported Prosecution गर्नुपर्छ भन्ने देखिन्छ। अ.वं‌ं १८४क, प्रमाण ऐन, २०३१ को दफा

३, ४, २५, ICCPR 1966 को धारा १४ तथा फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार हाम्रो Prosecution System Accusatorial System भएकोले यस्तो Accusatorial System मा अनुसन्धान अधिकारीसमक्ष दिएको साविती बयान प्रमाण हुन नसक्ने हुँदा राज्यले सबूद प्रमाणको अभावमा कसैलाई पनि अभियोग लगाउन सक्दैन। यदि बिना सबूद प्रमाण अभियोग लगाई मुद्दा चलाउँदै जाने हो भने राज्यको Agent को हैसियतले संविधानको धारा १३५(२) बमोजिम नेपालको महान्यायाधिवक्तालाई प्राप्त Prosecutional Power Prosecution मा प्रयोग भएको नभई Persecution भएको पर्ने हुन्छ ।

१७. नागरिकहरूलाई आफू विरुद्ध लागेको अभियोग स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत अर्थात् Independent, Impartial र Competent अदालतबाट सुनुवाई हुन पाउने हक प्राप्त भएको हुँदा विना प्रमाण अभियोग लाग्न सक्दैन। विना प्रमाण राज्यले कसैलाई पनि अभियोग लगाउन हुँदैन। जाहेरी दर्खास्त पर्न आयो, अनुसन्धानका लागि हिरासतमा पनि लिइयो भन्दैमा अभियोग लगाउने वर्तमान प्रचलन र मानसिकताबाट मुक्त हुनपर्छ। यसरी अभियोग लगाई मुद्दा चलाउँदै जाने हो भने वास्तविक अपराधी छुट्न र निर्दोष व्यक्ति अभियुक्त बन्न सक्छ। यसतर्फ प्रहरी प्रमुख र महान्यायाधिवक्ता दुबैको ध्यानाकर्षित हुनुपर्छ। यस्तो नहोस् भनेर नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ (२) मा अभियोग लगाउने अधिकार संविधानले महान्यायाधिवक्तालाई दिएको हो ।

१८. यस मुद्दामा कुनै पनि प्रमाण संकलन नगरी प्र. ओमप्रकाश कहार र कौशल कान्दु गुप्ताका विरुद्ध अपराध भए नभएको भन्ने सम्म पनि प्रमाण शंकलन नगरी केवल प्रहरी समक्षको साविती बयान को आधारमा मात्र मुद्दा चलाएको देखियो। Blak's Law Dictionary मा Malicious Prosecution भनेको "A Judical Proceeding Instituted against a person out of the prosecutors malice and ill will with the intention of injuring him without probable cause to sustain if the process and proceedings being regular and formal but not justified by the facts. भनेको देखिन्छ। Malicious prosecution हुन दुई अवस्था विद्यमान हुनपर्छ ।

(क) अभियुक्तउपर सरकारी वकीलको Malice र ill will र

(ख) अभियोग अदालतमा Sutstain गर्न सक्तैन भन्ने ज्ञान ।

१९. प्रस्तुत मुद्दालाई Maliciuos Prosecution भनेको होइन तर प्रतिवादीद्वयका विरुद्ध कुनै प्रमाण नै नभई मुद्दा चलाए पनि यस मुद्दामा Maliciuos Prosecution को लागि आवश्यक पर्ने दुई अवस्थामध्ये अभियुक्तउपर सरकारी वकीलको Malice र ill will विद्यमान देखिँदैन तर सो अवस्था वाहेक प्रस्तुत मुद्दा प्रमाणको अभावमा अभियोग अदालतमा Sustain गर्न सक्तैन भन्ने अवस्था भने विद्यमान छ । विना प्रमाण यसरी मुद्दा चलाउनु हुँदैन । सरकारी वकीलले सबूत प्रमाणको अभावमा यसरी मुद्दा चलाउने र पुनरावेदन गर्ने परम्परा बन्द गर्नुपर्छ । प्रतिवादीद्वय उपर मुद्दा चलाउने यस्तो निर्णय एवं कार्यलाई धारा १३५(२) को अधिकारको स्वैच्छाचारीपूर्वक प्रयोग गरेको मान्नुपर्छ र यस्तो कार्य Rule of Law कै विपरीत भएको मान्नुपर्छ । अनुसन्धान अधिकारी समक्षको साविती बयानको आधारमा मात्र अभियोग लगाई मुद्दा चलाउने बर्तमान प्रणाली र प्रचलन अर्थात् प्रहरी समक्षको साविती बयान अर्थात् Confessional Statement Oriented Prosecution लाई सुधार गरी हाम्रो संबैधानिक व्यवस्था, ICCPR १९६६ को व्यवस्था र फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार Evidence Oriented Investigation र Evidence Supported Prosecution गर्न वर्तमान प्रणालीमा सुधार गर्नु भनी प्रहरी महानिरीक्षक र महान्यायाधिवक्तालाई ध्यानाकर्षण गर्न लेखी पठाउनू । तसर्थ उल्लिखित आधार र कारणहरूबाट वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुगन सक्दैन । प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई मुद्दाको दायरीको लगत काटी मिसिल नियमानुसार गर्नु ।

उक्त रायमा सहमत छु ।

न्या.सुशीला कार्की

इति संवत् २०६६ साल भदौ १४ गते रोज १ शुभम्

<u>१५. धनकुमारी ढुंगेल समेत विरुद्ध उमादेवी ढुंगेल – ने.का.प. २०६८, अंकः ९, निर्णय नं. ८६७८</u>

**निर्णय नं. ८६७८ - घरायसी अंशबण्डा सम्पत्तिको दाखिल खारेज ।**

भागः ५३ सालः २०६८ महिनाः पौस अंकः ९

६७८८फैसला मिति :२०६८/०३/०९ १२४९

सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी

माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय

माननीय न्यायाधीश श्री भरतराज उप्रेती

दे.पु.इ.नं. : ०६६–DF–००१८

मुद्दाः घरायसी अंशबण्डा सम्पत्तिको दाखिल खारेज ।

पुनरावेदक वादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ बस्ने धनकुमारी ढुंगेल समेत

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. २ बस्ने उमादेवी ढुंगेल

शुरु निर्णय गर्नेः

सुधीरकुमार शाह, मालपोत कार्यालय भक्तपुर

पुनरावेदन निर्णय गर्नेः

मा.न्या.श्री गिरीश चन्द्र लाल

मा.न्या.श्री हरिबाबु भट्टराई

सर्वोच्च अदालत, संयुक्त इजलासः

स.प्र.न्या.श्री अनूपराज शर्मा

मा.न्या.श्री रणबहादुर बम

- **पुनरावेदकीय अधिकार भनेको कानूनी अधिकार हो, जुन कानूनद्वारा व्यवस्थित गरिएको हुन्छ । यो अन्तर्निहीत अधिकारका रुपमा प्रयोग गर्न मिल्ने हुँदैन । कानूनले पुनरावेदन लाग्ने भनी व्यवस्था नगरेको अवस्थामा पुनरावेदन गर्ने अधिकार रहन्छ भनी अरु कुरामा पुनरावेदकीय अधिकार भएको अदालत वा निकायले अनुमान गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **कानूनमा पुनरावेदन लाग्छ भनी उल्लेख भएको विषयमा पुनरावेदन सुन्ने निकाय कुन हुने भन्ने पनि सोही कानूनमा तोकिएको हुन्छ । सोही आधारमा साधिकार निकायमा पुनरावेदन गर्ने अधिकार सम्बन्धित पक्षमा रहन्छ । विधिकर्ताले नै पुनरावेदनको आवश्यकता नदेखेको विषयमा न्यायिक व्याख्याद्वारा पुनरावेदन लाग्ने भनी अधिकारक्षेत्र विस्तारित गर्न नमिल्ने ।**
- **कानूनले प्रदान गरेको अधिकारअन्तर्गत पक्षको पुनरावेदन परेको अवस्थामा पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गरेमा मात्र त्यस्तो निर्णयले आफ्नो क्षेत्राधिकारको वैधता प्राप्त गर्न सक्दछ । अन्यथा अधिकारक्षेत्रात्मक त्रुटि भई भएको निर्णय कायम रहन नसक्ने भई बदर हुने ।**

(प्रकरण नं.५)

- **विशेष ऐनले गरेको पुनरावेदनसम्बन्धी अधिकार विशेष पुनरावेदकीय अधिकार हो । सामान्य पुनरावेदकीय अधिकार असीमित हुन्छ भने विशेष पुनरावेदकीय अधिकार सीमित हुन्छ । विशेष ऐनले जति कुरामा पुनरावेदन सुन्ने अधिकार प्रदान गर्दछ, त्यति कुरामा मात्र पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न सकिने ।**

(प्रकरण नं.७)

पुनरावेदक वादीतर्फबाटः विद्वान अधिवक्ता बालकृष्ण नेउपाने

प्रत्यर्थी प्रतिवादी तर्फबाटः विद्वान वरिष्ठ अधिवक्ताहरू श्यामप्रसाद खरेल, बसन्तराम भण्डारी र हरिहर दाहाल, विद्वान अधिवक्ता ईन्द्र खरेल

अवलम्बित नजीरः नेकाप २०६१, अङ्क ६, नि.नं. ७३९१, पृष्ठ ६९९

सम्बद्ध कानूनः

- अंशबण्डाको महलको ३० नं.
- मालपोत ऐन, २०३४ को दफा ७, ८, ८(ख), २८, २९, ३०, ३१

फैसला

**न्या.ताहिर अली अन्सारीः** पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा पुनरावेदन परी संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(घ) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भनी भएको आदेशअनुसार यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः–

भक्तपुर जिल्ला, गा.वि.स. कटुञ्जे, वडा नं. ३ बस्ने कृष्णकुमारी ढुंगेल र धनकुमारी ढुंगेलको वारेस विनोद ढुंगेलले गा.वि.स. कटुञ्जे, वडा नं. २ स्थित कि.नं. २७८, वडा नं. ३ स्थित कि.नं. ६६६, वडा नं. २ स्थित कि.नं. १०२, वडा नं. ३ स्थित कि.नं. ७७९, ११२, १३१ वडा नं. २(क) स्थित कि.नं. २२४, १९८, गुण्डु गा.वि.स, वडा नं. ४ स्थित कि.नं. ४७, ४६, ३३८ ३६३, दधिकोट गा.वि.स. वडा नं. ७(ख) स्थित कि.नं. ८७, कटुञ्जे गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ८२, ७७९, ८४०, वडा नं. २ स्थित कि.नं. २८८, २८४, १४७, ३४३, ३४७ का जग्गा हाम्रो पति हरिनाथ उपाध्याय ढुंगेल र ढुण्डिराज उपाध्याय ढुंगेलबीच घरसारमा २०२९।३।२३ गतेका दिन भएका घरसारको बण्डापत्र बमोजिम निजहरू परलोक भै सक्नु भएको हुँदा हाम्रो नाममा दा.खा. नामसारी गरिपाऊँ भनी वृषकुमारी र धनकुमारी ढुंगेलको निवेदन पत्र।

विपक्षी ढुण्डिराज ढुंगेललाई यस कार्यालयबाट मिति २०५०।३।८ मा म्याद जारी गरी पठाउँदा म्याद तामेल हुन नसकी मिति २०५०।३।२४ को आदेशानुसार गोरखापत्रमा मिति २०५०।३।२४ गते हकदावीसम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा ढुण्डिराज ढुंगेलको हकदार उमादेवी ढुंगेलको वारेस उमेश ढुंगेलले निवेदन दावी गर्दा मेरो पति ढुण्डिराज उपाध्याय २०३८ सालमा परलोक भै सक्नु भएको, ढुण्डिराज र हरिनाथ बीचमा घरसारकै अंशबण्डा वारे मलाई कुनै जानकारी नभएको, निवेदकहरूले पेश गरेको बण्डापत्र झूठा हो। मेरो पति ढुण्डिराज ढुंगेल र देवर हरिनाथको बीचमा अंशबण्डा हुन बाँकी छ भन्ने व्यहोरा को प्रतिवाद जिकीर।

ढुण्डिराज उपाध्याय ढुंगेल र हरिनाथ ढुंगेलबीच भएको बण्डापत्र र साक्षी रमेशनाथ, श्यामराज ढुंगेल समेत भई मिति २०२९।३।२३ मा भएको बण्डापत्र घरसारको र कटुञ्जे गा.पं. कार्यालय (तत्कालीन) भक्तपुरको मिति २०३५।१।२९, च.नं. ७, प.स. ०३४/३५ को घर बनाउन स्वीकृत दिएको पत्रमा कटुञ्जे वडा नं. ३, कि.नं. ७७९ जग्गा ३—१०—२ घरमध्ये पश्चिम पट्टीको आधा भाग तपाईको वावा पं.हरिनाथ ढुंगेलको अंश भागमा पर्न आएको भन्ने कुरा मिति

२०२९।३।२३ मा भएको घरसारको बण्डापत्रबाट देखिन आएको जग्गा रोपनी १–१३–१ घर बनाउन स्वीकृत दिएको पत्रबाट पनि हरिनाथ ढुंगेल र ढुण्डिराज ढुंगेलबीच उपरोक्त मितिमा बण्डा भएको देखिन आएको। दावी गर्ने उमादेवी ढुंगेलले उनका पति र हरिनाथको बीचमा घरसारमा कुनै अंशबण्डाको कागज भएको छैन झूठा हो भन्ने सम्म दावी लिएको, तर सो घरसारको बण्डापत्र कीर्ते हो वा जालसाजी के हो सो तर्फ कुनै उजूर गरेको छु भन्न सकेको देखिँदैन। यस्तो स्थितिमा मुलुकी ऐन अंशबण्डाको महलको ३० नं. मा भएको सातौं संशोधनले व्यवस्था गरेअनुसार सो ऐन लागू हुनुभन्दा अगावैको घरसारको अंशबण्डालाई नै मान्यता दिनु पर्ने भएकोले मिसिल संलग्न रहेको बण्डापत्रबमोजिम तपसीलमा लेखिएको जग्गा निवेदकहरूको नाममा दाखिल खारेज गरी दिने भन्ने समेत व्यहोराको शुरु भक्तपुर मालपोत कार्यालयको मिति २०५०।५।३०।४ को निर्णय।

मालपोत कार्यालयले जिल्ला अदालतको अधिकारक्षेत्रमा अतिक्रमण गरी कथित घरसारको बण्डापत्रको मूल्याङ्कन गरेको छ। अंशबण्डाको ३० नं. को गलत व्याख्या गरी विपक्षी वादीहरू र म बीच अंशबण्डा भएको ठहर गरेको छ। अ.वं. ७८ नं. को कारवाही गर्ने निकाय मालपोत कार्यालय होइन। अ.वं. ३० नं. मा भएको सातौं संशोधन पूर्व कुनै व्यवहार कसैले गरेको भए सो व्यवहार ऐनमा भएको संशोधन पूर्व नै कार्यान्वयन भएको हुनु पर्नेमा कथित बण्डापत्र सातौं संसोधन पूर्व नै कार्यान्वयन भएको भन्ने कुरा विपक्षीहरू र मालपोत कार्यालय समेतले सप्रमाण भन्न र लेख्न नसकेको हुँदा मालपोत कार्यालय भक्तपुरको निर्णय पर्चा कानूनी एवं अन्यायपूर्ण भएकोले सो पर्चा बदर गरिपाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी उमादेवी ढुंगेलको तर्फबाट पुनरावेदन अदालत, पाटनसमक्ष मिति २०५०।८।१३ मा पर्न आएको पुनरावेदन पत्र।

यसै लगाउको यिनै पक्ष विपक्ष समेत भएको दे.पु.नं. १५७५ समेतको अंश मुद्दामा मिति २०२९।३।२३ को घरासरको बण्डापत्रलाई पूर्णतः प्रमाणमा नलिई शुरु जिल्ला अदालतबाट फैसला भएको देखिन्छ भने प्रस्तुत मुद्दामा शुरु मालपोत

कार्यालयबाट उक्त घरसारको बण्डापत्रलाई प्रमाणमा लिई नामसारी दाखिल खारेज गरी दिने निर्णय गरेको देखियो। यस स्थितिमा शुरु तहको अदालत र मालपोतको दृष्टिकोण फरक भएको स्थितिमा शुरु निर्णय प्रमाणको मूल्याङ्कनको दृष्टिकोणबाट फरक पर्न सक्ने हुँदा छलफलको निमित्त विपक्षी झिकाउने भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०५८।११।१०।६ मा भएको आदेश।

यसमा वादीले मिति २०२९।३।२३ मा भएको घरसारको बण्डापत्रको आधारमा जग्गा दाखिल खारेजको लागि निवेदन गरेकोमा उक्त मिति २०२९।३।२३ को घरसारको बण्डापत्रको कागजबाट मानो छुट्टिएको कुरा मात्र मान्यता हुने र कानूनबमोजिम अंशबण्डा भएको मान्न नमिल्ने भनी यिनै उमादेवी समेत वादी र यिनै धनकुमारी समेत प्रतिवादी भएको दे.पु.नं. १३४/३०३२ समेतको अंश चलन मुद्दामा आजै यसै इजलासबाट फैसला भएको हुँदा उक्त मिति २०२९।३।२३ को घरसारको बण्डापत्र कागजको आधारमा वादीको नाममा जग्गा दा.खा. गर्ने गरी मालपोत कार्यालय भक्तपुरबाट मिति २०५०।५।३० मा भएको निर्णय नमिलेकोले बदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला।

हरिनाथ र ढुण्डिराजबीच भएको अंशबण्डाको लिखत कानूनी मान्यताप्राप्त लिखत हो। सो लिखतले कानूनी मान्यता र अर्थ राख्दछ। सो बण्डापत्रको आधारमा हरिनाथ र ढुण्डिराजबीच एकपटक अंशबण्डा भै सोहीअनुसारको व्यवहार समेत हुँदै आएकोले निज हरिनाथ र ढुढुण्डिराजका हकदार हामी वादी प्रतिवादीहरू बीच पुनः अंशबण्डा हुनु पर्ने होइन भन्ने सम्बन्धमा यसै लगाउको अंश मुद्दामा विस्तृत रुपमा उल्लेख गरेको हुँदा सो मुद्दामा लिएको पुनरावेदन जिकीरका बुँदालाई समेत यस मुद्दामा पनि पुनरावेदन जिकीरको रुपमा कायम गरिपाऊँ। प्रस्तुत मुद्दाको मूल विवाद मिति २०२९।३।२३ मा हरिनाथ र ढुण्डिराजबीच भएको घरसारको अंशबण्डाको लिखतअनुसार हरिनाथको अंश भागमा परेको घर जग्गाहरू निजका पत्नी म धनकुमारी ढुंगेल समेतका हकदारले नामसारी गरी लिन पाउने हो वा होइन भन्ने नै हो। यस सम्बन्धमा घरसारमा लिखत भएको उक्त

लिखत रजिष्ट्रेशन पारीत नभए तापनि अंशबण्डाको ३० नं. को कानूनी व्यवस्थाअनुसार मान्यता पाउने भएकोले सो बण्डापत्र अनुसार नाउँ सारी गरी दिने मालपोत कार्यालय भक्तपुरको निर्णय पर्चामा कुन कानूनको त्रुटि हुन गएको हो भन्ने कुरा पुनरावेदन अदालतको फैसलामा उल्लेख हुन सकेको छैन। फैसला अ.वं. १८९ नं. विपरीत भएको छ।

मुलुकी ऐन, जग्गा पजनीको २, २ क नं. ले आफ्नो हक हुन आएको सम्पत्ति नामसारी गरी लिन पाउने अधिकार प्रदान गरेको छ भने मालपोत ऐन, २०३४ को दफा ८(१) ले कानूनबमोजिम नामसारी दाखिल खारेज गर्ने काम मालपोत कार्यालयलाई सुम्पेको छ। यस्तो अवस्थामा मालपोत कार्यालयबाट मिति २०२९।३।२३ को लिखत बमोजिम हरिनाथको भागमा परेको सम्पत्ति निजको परलोक पछि निजका हकदार हामी पुनरावेदकले नामसारी गरी लिन पाउने निर्णय गरेको मालपोत कार्यालयको निर्णय कानूनसम्मत् भएकोमा त्यसलाई बदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ। साथै मिति २०२९।३।२३ को उक्त घरसारमा भएको लिखतलाई विपक्षीले अन्यथा भन्न सक्नु भएको छैन। उक्त लिखतमा उल्लिखित साक्षीमध्येका उत्तमराज र लेखक श्यामराज विपक्षीका छोरा भएको कुरामा पनि विवाद छैन। यसरी मूल अंशियारबीच राजीखुशी र रीतपूर्वक भएको अंशबण्डा लिखतको आधारमा गरिएको नामसारी निर्णय कानूनसम्मत् भएको अवस्थामा सो निर्णयलाई बदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा सो लाई बदर गरी शुरु मालपोत कार्यालयबाट भएको निर्णय सदर कायम राखी न्याय पाऊँ भन्ने समेत व्यहोराको पुनरावेदक वादीको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा मालपोत कार्यालय भक्तपुरले विवादका जग्गाहरू पुनरावेदक वादीका नाउँमा दाखिल खारेज गर्ने गरी मिति २०५०।५।३० मा गरेको निर्णयउपर पुनरावेदन अदालतले न्याय प्रशासन ऐन, २०४८ को दफा ८ अन्तर्गत पुनरावेदन सुनी शुरुको निर्णय उल्टी गरेको देखियो। मालपोत ऐन, २०३४ मा मिति २०५४।८।२६ मा पाँचौ संशोधन हुनु पूर्व सो ऐनको दफा २८, २९, ३० को

विषयमा मात्र पुनरावेदन लाग्ने कानूनी व्यवस्था भई दफा ८ अन्तर्गत दाखिल खारेज गरेको विषयमा पुनरावेदन लाग्ने अवस्था देखिँदैन। विषय विषयमा बनेका विशेष ऐनमा यो यति कुरामा पुनरावेदन लाग्छ भनी स्पष्ट रुपमा व्यवस्था भएकोमा सो भन्दा बाहेकका काम कुरामा न्याय प्रशासन ऐन, २०४८ को दफा ८ अन्तर्गत पुनरावेदन लाग्छ भन्न नमिल्ने भनी यस अदालतको पूर्ण इजलासबाट नेकाप २०६१, नि.नं. ७३९१, पृष्ठ ६९९ मा सिद्धान्त प्रतिपादन भैरहेको परिप्रेक्ष्यमा क्षेत्राधिकारको प्रश्नमा पुनरावेदन अदालत, पाटनको फैसला फरक पर्न सक्ने देखिंदा मुलुकी ऐन अ.वं. २०२ नं. बमोजिम प्रत्यर्थी वादीलाई झिकाई आएपछि वा अवधि नाघेपछि लगाउको अंश मुद्दा समेत साथै राखी नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०६५।५।२५ को आदेश।

यसमा यसै लगाउको दे.पु.नं. ८३०१ समेतको अंश चलन मुद्दामा अंशबण्डाको महलको ३० नं. मा भएको कानूनी व्यवस्था तथा प्रश्नको बारेमा पूर्ण इजलासबाट विस्तृत व्याख्या गरी यसमा एकरुपता कायम गर्नुपर्ने अवस्था देखिएको भनी उक्त अंशचलन मुद्दा सुनुवाइको लागि पूर्ण इजलासमा पेश गर्ने गरी आजै यसै इजलासबाट आदेश भएको र प्रस्तुत मुद्दा पनि सोही अंश चलन मुद्दासँग अन्तप्रभावी रहे भएको देखिँदा प्रस्तुत मुद्दा पनि सोहीबमोजिम पूर्ण इजलासबाट सुनुवाई हुन उपयुक्त देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(घ) बमोजिम प्रस्तुत मुद्दा सुनुवाईको लागि पूर्ण इजलासमा पेश गरी संयुक्त इजलासको लगत कट्टा गर्नु भन्ने समेत व्यहोराको यस अदालत संयुक्त इजलासबाट मिति २०६६।१०।१३ मा भएको फैसला।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीतर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री बालकृष्ण नेउपानेले र प्रत्यर्थी प्रतिवादी तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरू श्री श्यामप्रसाद खरेल, श्री वसन्तराम भण्डारी र श्री हरिहर दाहालका साथै अधिवक्ता श्री इन्द्र खरेलले गर्नु भएको वहस सुनी निर्णयतर्फ विचार गर्दा पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन ? भन्ने कुराको निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा हरिनाथ उपाध्याय ढुंगेल र ढुण्डिराज उपाध्याय ढुंगेलबीच मिति २०२९।३।२३ मा घरसारमा भएको बण्डापत्रको लिखत बमोजिमका विभिन्न कित्ता जग्गाहरू आफ्नो नाममा दाखिल खारेज, नामसारी गरिपाऊँ भनी हरिनाथ उपाध्यायकी श्रीमती धनकुमारी ढुंगेल समेतले मालपोत कार्यालय भक्तपुरमा दिएको निवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सो सम्बन्धमा प्रतिवादी उमादेवी ढुंगेलले निवेदकहरूले पेश गरेको बण्डापत्र झूठा हो, आफ्ना पति ढुण्डिराज र देवर हरिनाथका बीचमा अंशबण्डा हुन बाँकी नै रहेको छ भनी प्रतिवाद गरेको देखिन्छ। मालपोत कार्यालय भक्तपुरबाट मुलुकी ऐन अंशबण्डाको महलको ३० नं. मा भएको सातौं संशोधनले व्यवस्था गरेअनुसार सो ऐन लागू हुनुभन्दा अगावैको घरसारको अंशबण्डालाई मान्यता दिनु पर्ने भन्ने समेतका आधारमा बण्डापत्र बमोजिमका विभिन्न कित्ता जग्गाहरू निवेदकहरूको नाममा दाखिल खारेज गरी दिने भनी २०५०।५।३० मा निर्णय भएको रहेछ। सो निर्णयउपर प्रतिवादीका तर्फबाट पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेकोमा सो अदालतबाट मिति २०२९।३।२३ को घरसारको बण्डापत्र कागजको आधारमा निवेदिकाहरूको नाममा जग्गा दाखिल खारेज गर्ने गरी भएको मालपोत कार्यालय भक्तपुरको निर्णय नमिलेकोले बदर हुने भनी फैसला भएको र सो फैसलाउपर वादी तर्फबाट यस अदालतमा पुनरावेदन परी निर्णयार्थ पेश भएको रहेछ।

३. उल्लिखित तथ्यसमेतका आधारमा प्रस्तुत मुद्दामा प्रारम्भतः विवादको विषयमा मालपोत कार्यालयको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदन सुन्न सक्ने हो वा होइन ? भन्ने प्रश्नको निरुपण गरिनु पर्ने भएको छ।

४. प्रस्तुत मुद्दामा हरिनाथ उपाध्याय ढुंगेल र ढुण्डिराज उपाध्याय ढुंगेलबीच मिति २०२९।३।२३ मा घरसारमा भएको बण्डापत्रबमोजिम विभिन्न कित्ता जग्गाहरू आफ्नो नाममा दाखिल खारेज, नामसारी गरिपाऊँ भनी हरिनाथ ढुंगेलकी पत्नी धनकुमारी ढुंगेल समेतले मालपोत कार्यालय भक्तपुरमा निवेदन दिएकोमा मालपोत कार्यालय भक्तपुरबाट मुलुकी ऐन अंशबण्डाको ३० नं. को कानूनी

व्यवस्थालाई आधार बनाएर सो भन्दा अघिको घरसारको बण्डापत्र लिखतलाई मान्यता दिनु पर्ने भनी वादी दावीबमोजिमका विभिन्न कित्ता जग्गाहरू निवेदकहरूको नाममा दाखिल खारेज गरी दिने भनी मिति २०५०।५।३० मा निर्णय भएको देखिन्छ। मालपोत कार्यालय भक्तपुरमा वादी तर्फबाट पेश भएको निवेदनमा मालपोत ऐन,२०३४ को दफा ८ लाई उद्धृत गर्दै २०२९।३।२३ को बण्डापत्रका आधारमा दाखिल खारेज नामसारीको माग गरिएको छ। मालपोत ऐनको तत्कालीन कानूनी व्यवस्थालाई हेर्दा मालपोत ऐनमा २०५४।८।२६ मा पाँचौं संशोधन भई दफा ८ अन्तर्गत मालपोत कार्यालयले गरेको निर्णयउपर पनि पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था भएको देखिन्छ। सो भन्दा अघिको कानूनी व्यवस्थाअनुसार साविकको दफा ८ मा रजिष्ट्रेशन,नामसारी,दाखिल खारेज र लगत कट्टा गर्ने गरी मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था नै थिएन। उक्त ऐनको दफा ३१ मा गरिएको पुनरावेदन सम्बन्धी व्यवस्थाअनुसार दफा २८,२९ वा ३० अन्तर्गत मालपोत कार्यालयका प्रमुखले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने भनिएबाट उल्लिखित दफा बाहेकका अन्य दफा अन्तर्गतको अधिकार प्रयोग गरी मालपोत कार्यालयबाट भएका निर्णयउपर पुनरावेदन नलाग्ने भन्ने स्वतः देखिन आउँछ। पुनरावेदकीय अधिकार भनेको कानूनी अधिकार हो,जुन कानूनद्वारा व्यवस्थित गरिएको हुन्छ। यो अन्तर्निहीत अधिकारका रुपमा प्रयोग गर्न मिल्ने हुँदैन। कानूनले पुनरावेदन लाग्ने भनी व्यवस्था नगरेको अवस्थामा पनि पुनरावेदन गर्ने अधिकार रहन्छ भनी अरु कुरामा पुनरावेदकीय अधिकार भएको अदालत वा निकायले अनुमान गर्न मिल्दैन।

५. कानूनमा पुनरावेदन लाग्छ भनी उल्लेख भएको विषयमा पुनरावेदन सुन्ने निकाय कुन हुने भन्ने पनि सोही कानूनमा तोकिएको हुन्छ। सोही आधारमा साधिकार निकायमा पुनरावेदन गर्ने अधिकार सम्बन्धित पक्षमा रहन्छ। विधिकर्ताले नै पुनरावेदनको आवश्यकता नदेखेको विषयमा न्यायिक व्याख्याद्वारा पुनरावेदन लाग्ने भनी अधिकारक्षेत्र विस्तारित गर्न मिल्ने हुँदैन। कानूनले प्रदान गरेको अधिकारअन्तर्गत पक्षको पुनरावेदन परेको अवस्थामा पुनरावेदकीय

अधिकारक्षेत्रको प्रयोग गरेमा मात्र त्यस्तो निर्णयले आफ्नो क्षेत्राधिकारको वैधता प्राप्त गर्न सक्दछ । अन्यथा अधिकारक्षेत्रात्मक त्रुटि भई भएको निर्णय कायम रहन नसक्ने भई बदर हुन्छ ।

६. यसैसँग पेश भई निर्णय भएको दे.पु.इ.नं.००१४ को अंश चलन मुद्दामा प्रस्तुत मुद्दाका प्रतिवादी समेतका वादीले अंश पाउने भई आज यसै इजलासबाट फैसला भइसकेको छ। प्रस्तुत मुद्दामा मालपोत कार्यालय भक्तपुरको २०५०।५।३० को निर्णयले नामसारी भएका कित्ताका जग्गाहरू समेत दुवै पक्षद्वारा दाखिल तायदातीमा उल्लिखित जग्गाहरूबाट वादीले अंश पाउने ठहर फैसला भइसकेको छ । सगोलका जुनसुकै अंशियारका नाममा रहेको भए तापनि अंशबण्डाको प्रयोजनको लागि त्यसबाट असर पर्ने हुँदैन। यस्तो अवस्थामा यस मुद्दाको रोहबाट २०५०।५।३० को मालपोत कार्यालयको निर्णयले यी पुनरावेदिका समेतको नाउँमा भएको नामसारी दर्तासम्बन्धी निर्णय कायम रहनु वा नरहनुले कुनै तात्विक अन्तर पर्ने अवस्था छैन। तथापि कानूनी प्रश्नको निरोपण गर्नुपर्ने नै हुन्छ ।

७. यस सन्दर्भमा प्रस्तुत मुद्दामा मालपोत कार्यालयको २०५०।५।३० को निर्णयउपर तत्काल प्रचलित मालपोत ऐन, २०३४ को दफा ३१ ले पुनरावेदन अदालतलाई पुनरावेदन सुन्ने अधिकारक्षेत्र थियो थिएन भन्ने कानूनी प्रश्नको निरोपण गर्नुपर्नेसम्म देखिएको छ। मालपोत ऐनमा २०५४।८।२६ मा भएको पाँचौं संशोधनले मात्र ऐनको दफा ७, ८, ८(ख), २८, २९ र ३० बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ भनी व्यवस्था गरेको कुरा माथिको प्रकरणमा उल्लेख गरी सकिएको छ। सो भन्दा अगाडि उक्त ऐनको दफा २८, २९ र ३० बाहेकका अन्य दफाअन्तर्गत भएका निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने भन्ने व्यवस्था गरिएको देखिएन। पुनरावेदन अदालतको अधिकारक्षेत्रका सम्बन्धमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८ मा व्यवस्था गरिएको छ। ऐनको दफा ८ को उपदफा (१) अनुसार पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित

कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको शुरु फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने अधिकार हुने देखिन्छ । पुनरावेदन अदालतलाई प्रदान गरिएको यो सामान्य पुनरावेदकीय अधिकार हो । प्रचलित कानूनमा अन्यथा व्यवस्था भएमा सोहीबमोजिम हुन्छ । विशेष ऐनले गरेको त्यस्तो पुनरावेदनसम्बन्धी अधिकार विशेष पुनरावेदकीय अधिकार हो। सामान्य पुनरावेदकीय अधिकार असीमित हुन्छ भने विशेष पुनरावेदकीय अधिकार सीमित हुन्छ । विशेष ऐनले जति कुरामा पुनरावेदन सुन्ने अधिकार प्रदान गर्दछ, त्यति कुरामा मात्र पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न सकिन्छ ।

८. प्रस्तुत मुद्दामा मालपोत ऐनले २०५४।८।२६ भन्दा अगाडि पुनरावेदन लाग्ने व्यवस्थाअन्तर्गत ऐनको दफा ८ अनुसार भएको मालपोत कार्यालयको निर्णयलाई समावेश नगरेको हुँदा सो विषय पुनरावेदन अदालतको अधिकारक्षेत्रबाट स्वतः बाहिर पर्ने देखिन्छ । त्यसरी अधिकारक्षेत्र नै नरहेको विषयमा पुनरावेदन सुनी गरिएको निर्णयलाई कानूनअनुरूपको निर्णय मान्न सकिँदैन ।

९. यस्तै विषय समावेश भएको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट ऐनले नै पुनरावेदनसम्बन्धी विशेष व्यवस्था गरी सो ऐनअन्तर्गतका कुन दफाअन्तर्गतको के कस्तो निर्णयउपर पुनरावेदन लाग्ने भनी विधायिकाले प्रष्ट सीमारेखा कोरिदिएको अवस्थामा सो ऐनमा पुनरावेदन लाग्न सक्ने भनी छुट्याएको विषयवस्तु भन्दा बढी कुरामा पुनरावेदन लाग्न नसक्ने भनी न्यायिकसिद्धान्त (रामजीप्रसाद गुप्ता समेत विरुद्ध जयप्रसाद अधिकारीको मु.स. गर्ने प्रकाशकुमार अधिकारी समेत, नेकाप २०६१, अङ्क ६, नि.नं. ७३९१, पृष्ठ ६९९) प्रतिपादन भैरहेको देखिन्छ । प्रस्तुत मुद्दामा पनि मालपोत ऐनको दफा ८ अन्तर्गत मालपोत कार्यालयबाट निर्णय भएको र सो निर्णय हुँदाका बखत प्रचलित ऐनमा सो निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था नरहेको हुँदा उक्त न्यायिक सिद्धान्त यसमा पनि आकर्षित हुने देखिन्छ ।

१०. तसर्थ, माथि गरिएको विश्लेषणबाट कानूनले लाग्दै नलाग्ने पुनरावेदन ग्रहण गरी मालपोत कार्यालय भक्तपुरको मिति २०५०।५।३० को निर्णय बदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला अधिकारक्षेत्रविहीन भै त्रुटिपूर्ण भएकाले सो फैसला बदर भै पुनरावेदन समेत खारेज हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा हामी सहमत छौं।

न्या.कृष्णप्रसाद उपाध्याय
न्या.भरतराज उप्रेती

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम्
इजलास अधिकृतः उमेश कोइराला

**१६. क कुमारीको जाहेरीले नेपाल सरकार विरुद्ध ज्योति राई , ने.का.प. २०६९, अंकः ७, निर्णय नं. ८८५८**

**निर्णय नं. ८८५८ - मानव बेचविखन तथा ओसारपसार ।**

भागः ५४ सालः २०६९ महिनाः कार्तिक अंकः ७

फैसला मिति :२०६९/०५/१३ १५६६

सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधानन्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री भरतराज उप्रेती

फौ.पु.नं. ०६८–CR–०७८८

मुद्दा : मानव बेचविखन तथा ओसारपसार ।

पुनरावेदक वादीः क कुमारीको जाहेरीले नेपाल सरकार

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः उदयपुर जिल्ला रामपुर ठोक्सिला गा.वि.स. वडा नं. ६ बस्ने ज्योति राई

- **सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकारलाई क्रमशः हलुका गर्दै लैजाने विधायिकाको मनसाय रहेको तथ्य विधायिकी इतिहासबाट स्पष्टै देखिएको**

**अवस्थामा विधायिकाको उक्त मनसायविपरीत हुने गरी न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्थाको प्रयोग गर्न नमिल्ने ।**

(प्रकरण नं.६)

- **न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) को कानूनी व्यवस्थाअनुसार शुरु अदालत, निकाय वा अधिकारीबाट तीन वर्षभन्दा कम सजाय गरेको र पुनरावेदन अदालतले सो सजाय उल्टी वा केही उल्टी गरेको अवस्थामा पुनरावेदन अदालतको उक्त फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न नसक्ने ।**

(प्रकरण नं.७)

- **पुनरावेदन अदालतबाट वादी र प्रतिवादीहरूमध्ये ज–जसको हकमा एकैपटक फैसला भएको छ सो आधारमा एकैचोटि फैसला भएकाको हकमा यस अदालतमा पुनरावेदन लाग्ने र नलाग्ने निष्कर्ष निकाल्नु पर्दछ भन्ने न्याय प्रशासन ऐन २०४८ को दफा ९ को मनसाय भएकाले भविष्यमा के कस्तो होला भन्ने अनुमानको आधारमा अमुक प्रकारको निष्कर्ष निकाल्न नमिल्ने ।**

(प्रकरण नं.८)

पुनरावेदक वादी तर्फबाटः विद्वान सहन्यायाधिवक्ता किरण पौडेल

प्रत्यर्थी प्रतिवादी तर्फबाटः

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

- न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख), (ग) र (२)
- न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १३(१)(क), (ख) र (५)(क)
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२)(ख), १५(१)(च)
- अ.बं.१९० नं.

(विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दाका जाहेरवाला/पीडितको वास्तविक नाम परिवर्तन गरिएको छ । निजको वास्तविक नाम र ठेगानासहितको यथार्थ विवरण सिलबन्दी गरी छुट्टै खाममा मिसिलसाथ राखिएको छ ।)

फैसला

**प्र.न्या.खिलराज रेग्मीः** प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं निर्णय यसप्रकार रहेको छः-

म घरमा बसी आफ्नो घरायसी काम गरिरहेको अवस्थामा प्रतिवादी ज्योति राई निजको मामाको घरमा आएको बेला मसँग चिनजान भई तिमीहरू यहाँ यसरी बस्नुभन्दा विदेशमा ज्यादै खाँचो छ, केही काम गरेर बस्नुपर्छ । मसँग विदेश पठाउने मान्छे छ । म तिमीलाई विदेश पठाइदिन्छु भनी राहदानीसमेत निज प्रतिवादीले नै पैसा लगाई बनाई दिई मलाई विभिन्न प्रलोभन देखाई निज प्रतिवादीले नै मलाई झापाको काँकडभिट्टासम्म पुऱ्याई त्यहाँबाट अपरिचित मानिसहरूको जिम्मा लगाई निज फर्किआएको र ती मानिसहरूले भारतको बम्बई हुँदै विदेश पठाउने सिलसिलामा मलाई जवर्जस्ती यौन दुव्र्यवहार गर्ने गरेको र महिना मरेपछि पैसा माग्दा तँलाई मैले नेपालबाट किनेर ल्याएको भनेकोले मलाई बेचेको रहेछ भन्ने कुरा थाहापाई म त्यहाँबाट भाग्न उम्कन सफल भई नेपाल आई यो जाहेरी

दरखास्त पेश गर्न आएकी छु। निज ज्योति राईउपर कारवाही होस् भन्ने व्यहोराको क कुमारीको जाहेरी दरखास्त।

म आफ्नो घरमा घरायसी काम गरी बस्तै आएकीमा प्रतिवादी ज्योति राईसँग चिनजान भयो। चिनजान भई कुराकानी गर्दै जाँदा प्रतिवादीले म मान्छे विदेश पठाउने काम गर्छु। एजेण्ट हुँ तिमी जस्तो धेरै महिलालाई विदेश पठाई सकेकी छु भनेकी र तपाईलाई पनि दुःख नै रहेछ राहदानी बनाउनुहोस् म विदेश पठाइदिन्छु भनेकीले मसँग राहदानी बनाउने पैसा छैन भनी मैले भनें। त्यसपछि राहदानी पनि म आफ्नो खर्च लगाई बनाइदिन्छु भनी मलाई रु.५,०००।–समेत निजले नै लगाई जिल्ला प्रशासन कार्यालयबाट राहदानीसमेत बनाई दिई झापाको काँकडभित्तासम्म पु¥याई त्यहाँबाट मलाई पे्रम अधिकारीले भेटी त्यहाँबाट मलाई राती नै मैले नचिनेको अपरिचित २ जना केटाहरूलाई जिम्मा लगाई निजहरूले मलाई भारतको बम्बईमा लगी त्यहाँ केही दिन राखी त्यहाँबाट भीसा आयो भनी मलाई त्यहाँबाट प्लेनमा चढाई विदेश कुवेत पठाई दिए। कुवेतमा पनि मैले विभिन्न दुःख भोग्नु प¥यो। मलाई त्यहाँ विदेशी केटाहरूले जवर्जस्ती यौन दुव्र्यवहार गर्ने गर्थे। नमान्दा तँलाई मार्छौं भन्ने गर्थे। यस्तैमा दिन बिताउँदै महिना मरी सकेपछि साहूसँग तलब माग्दा तलाई मैले नेपालबाट किनेर ल्याएको हुँ भनी भनेकोले म यहाँ बेचिएर आएकी रहेछु भन्ने कुरा थाहा पाई म त्यहाँबाट भाग्न उम्कन सफल भई नेपाल आएकी हुँ। यसरी निज प्रतिवादीले मलाई विक्री गरी विदेश पठाएकी हुन् भन्ने व्यहोराको पीडित क कुमारीको बयान।

जिल्ला उदयपुर, त्रि.न.पा. वार्ड नं. २ स्थित पूर्वमा पिपलचौक, पश्चिममा अग्नी यातायातको काउण्टर भएको घर उत्तरमा तीर्थ श्रेष्ठको होटल घर, दक्षिणमा मिलन होटल यति चारकिल्लाभित्र भएको सडकमा ज्योति राई हिंडिरहेको अवस्थामा प्रहरीले पक्राउ गरी निजको शरीर तलासी गर्दा Airtel लेखिएको ८९९५१००००००६१४९०३८ र १८९९१९२०८१०१५६४६३८ नं. भएको २ वटा सीमकार्ड ५२२९३।४०५५ नं. को ज्योति राईको नागरिकता प्रमाणपत्र २३६९४६३ नं. को राहदानी बुक र बाहिर Person alplanma लेखिएको पूरा पाना

५६ भएको आधा पाना ६ वटा भएको लम्बाई ७ ईञ्च चौडाई ३ ईञ्च २ सुता भएको फोन डायरी समेत बरामद भएको भन्ने व्यहोराको बरामदी मुचुल्का ।

म आफ्नो सानुबुवा तथा सानीआमाको घरमा भेटघाट गर्न गएको अवस्थामा सानीआमाले चिनजान गराई बाहिर विदेशबाट आएकी हो भनेकीले निज क कुमारीसँग चिनजान भएको हो । त्यसपछि निजले मलाई बारम्बार भेट गरी मलाई पनि रोजगारीको लागि विदेश जसरी भए पनि पठाइदिनु घरमा आर्थिक अवस्था कमजोर छ भनेकीले मैले पासपोर्ट चाहिन्छ भनें । निजले पैसा छैन पासपोर्ट बनाउने भनेकोले मैले पासपोर्ट बनाउन रु.५,०००।-दिएकी हुँ । मैले कुवेतमा मासिक १०,०००।-नेपाली हुन्छ भन्दा निजले जसरी भए पनि मलाई पठाइदिनु भनेकीले निज जाहेरवालीको अनुरोधमा निज मिति २०६५।१२।१४ गते मेरो घर आएकीले मिति २०६५।१२।१५ गते झापाको काँकडभिट्टा हुँदै भारतको मुम्बई लगी त्यहाँबाट १२।१३ दिनपछि निज जाहेरवालीलाई प्लेनमा चढाई विदेश कुवेत पठाएकी हुँ । निजको भीसा आउञ्जेल भारतको बम्वैको कोठामा राखी भीसा आएपछि मैले नै प्लेनको टिकट काटी निज जाहेरवालीलाई कुवेत पठाई म नेपाल आएकी हुँ । पछि जाहेरवाली आफ्नो कारणले २०६६ साल आषाढ महिनामा कुवेतबाट फर्की आएकी हुन् । निजलाई मैले कुनै पनि कारणले विक्री गरेको होइन भन्ने व्यहोराको प्रतिवादी ज्योति राईको बयान ।

जाहेरवाली विदेश जानुभन्दा अगाडि निज विदेश जाँदैछिन् भन्ने कुरा हामीलाई केही थाहा भएन । पछि निज जाहेरवाली विदेश जान भनी गाउँबाट गइसकेपछि विदेश कुवेत गएकी छिन् भन्ने कुरा गाउँ घरमा हल्ला भएपछि थाहा पाएको हो । २।३ महिनापछि जाहेरवाली विदेशबाट फर्की आएपछि निजसँग बुझ्दा मलाई प्रतिवादी ज्योति राईले नै पैसा लगाई राहदानी बनाई दिई विदेश जाउँ पैसा कमिन्छ भनी निजले नै मलाई झापाको काँकडभिट्टा पुऱ्याई निज प्रतिवादी फर्किआएकी र त्यहाँबाट निजले मलाई अपरिचित केटाहरूलाई जिम्मा लगाई पठाएकीमा निजहरूले मलाई भारतको बम्वईको बाटो कुनै विदेश कुवेत गएकीमा त्यहाँ मलाई विदेशी केटाहरूको जवर्जस्ती यौन दुव्र्यवहार गर्ने गरेको, गर्न नदिए

तँलाई मार्छौं भनी विभिन्न धाक धम्की दिएर यौन दुर्व्यवहार गर्न बाध्य बनाउने, महिना मरेपछि साहूसँग पैसा माग्दासमेत तँलाई मैले किनी ल्याएको हुँ भनेपछि म बेचिएर आएकी रहेछु भन्ने कुरा थाहा पाई त्यहाँबाट भाग्न उम्कन सफल भई नेपाल आएकी हुँ भनी जाहेरवालीले सुनाएपछि थाहा पाएका हौं। यदि निज जाहेरवालाले यस्तो व्यवहार सहनु भोग्नु नपरेको भए आफ्नो इज्जतमा दाग लाग्ने कुरा आफैं गर्ने थिइनन् होला। त्यसकारणले निज प्रतिवादीले जाहेरवालीलाई विक्री गरी विदेश पठाएकोमा विश्वास लाग्छ भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्का।

जाहेरवाली विदेश जाँदा हामीलाई केही थाहा भएन। विदेश पठाउँदा कस कसले पठाए थाहा भएन। २।३ महिनापछि जाहेरवाली घर फर्की आएपछि घटना सम्बन्धमा बुझ्दा प्रतिवादीहरूले जाहेरवालीलाई विदेश जाऊँ पैसा कमिन्छ भनी प्रतिवादी ज्योति राईले राहदानीसमेत आफ्नै पैसा लगाई बनाई दिई निज ज्योति राईले नै काँकडभित्तासम्म पु¥याई त्यहाँ प्रतिवादी पे्रम अधिकारीलाई भेटी निजहरूले २ जना अपरिचित केटाहरूको जिम्मा लगाए, त्यसपछि म भारतको बाटो हुँदै विदेश कुवेत गएकोमा त्यहाँ अनैतिक यौन दुर्व्यवहार भोग्नु परेको र साहूसँग पैसा माग्दा तँलाई मैले किनेर ल्याएको भनी भनेपछि अनेक तरहले भाग्न उम्कन सफल भई फर्की आएकी हुँ भनी जाहेरवालीले भनेपछि सुनी थाहा पाएका हौं। निज जाहेरवालीले विदेशमा त्यस्तो व्यवहार भोग्नु नपरेको भए आफ्नो इज्जतमा दाग लाग्ने कुरा गर्ने थिइनन्। प्रतिवादीहरूले जाहेरवालीलाई प्रलोभन देखाई विदेश पठाई विक्री गरेकोमा पूर्ण विश्वास लाग्छ भन्ने प्रायः एकै मिलानको दीपसेर राईसमेत जना ३ ले गरिदिएको घटना विवरण कागज।

मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी ज्योति राई र पे्रम अधिकारीले मिलेमतो र संलग्नतामा जाहेरवालीलाई विदेश पठाई दिने भनी घरबाट हिँडाई काँकडभित्ताबाट बम्बई भारतको बाटो हुँदै कुवेतसम्म लगी विक्री गरेको तथ्य प्रष्ट भएकोले निज प्रतिवादीहरू ज्योति राई र प्रेम अधिकारीलाई मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ३ विपरीतको कसूर अपराधमा ऐ ऐनको दफा १५(१)(क) बमोजिम सजाय गरिपाउन र ऐ. ऐनको दफा १७

बमोजिम पीडित क कुमारीलाई क्षतिपूर्ति भराई पाउन समेतको माग दावी लिई प्रस्तुत भएको अभियोग पत्र ।

क कुमारी मेरो घरमा आई विदेश जाँदा कस्तो हुन्छ भनी मलाई सोधिन् । राम्रो हुन्छ भने मलाई पनि पठाइदिनु भनिन् । कन्ट्याक्ट गराई दिनु भनेकीले मैले कुवेतमा नेपालकै पश्चिमतिरको मोहन दाई भन्नेसँग फोनमा कन्टयाक्ट गराइदिएकी हुँ । मोहन भन्नेको यकीन नाम, थर, वतन थाहा भएन । म पनि पहिला कुवेत गई काम गरी आइसकेकी हुँदा कुवेतमै काम गर्दा चिनजान भएका भाउजू भन्ने लेडिज केटी मान्छे पनि छुट्टीमा घर आएकी हुँदा उनीसँगै साथ लगाएर जाहेरवालीलाई काँकडभिट्टाबाट पठाइदिएकी हुँ । प्रेम अधिकारीसँग कुनै मिलेमतो छैन । बम्बई र कुवेतमा जाहेरवालासँग के कस्तो व्यवहार भयो मलाई थाहा छैन । म पनि यसरी नै विदेश गएकी थिएँ । मसँग कुनै त्यस्तो घटना भएन । मेरो बहिनी रोमा पनि विदेश ओमनमा छिन् । मैले जाहेरवालीलाई बेचविखन तथा ओसारपसार समेत केही गरेको छैन । अभियोग दावी झूठा हो । कसको भनाइमा लागी जाहेरी दिए मलाई थाहा भएन । जाहेरवाली आफैं आएर कर लगाएकीले मैले कन्ट्याक्टसम्म गरिदिएकी हुँदा अभियोग दावीबमोजिम सजाय हुने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी ज्योति राईले मिति २०६७।१।२८ मा अदालतमा गरेको बयान ।

प्रतिवादी ज्योति राईले जाहेरवाली पीडित क कुमारीलाई विदेशमा रोजगार लगाइदिन्छु भनी प्रलोभनमा पारी निजलाई बसेको ठाउँ उदयपुर चौदण्डी गा.वि.स.बाट झापाको काँकडभिट्टासम्म पुऱ्याई भारतको बाटो हुँदै विदेश कुवेतसम्म लैजान अरुलाई जिम्मा लगाएको देखिएको तर निजले पीडितलाई यति फाइदा लिई विक्री गरेको तथ्य कुरा खुल्न नआएको अवस्था हुँदा निजलाई अभियोग मागदावीबमोजिम नै कसूर अपराध गरेको भन्न सकिने अवस्था रहेन । प्रतिवादी ज्योति राईले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा २ को खण्ड (ख) बमोजिम कसूर अपराध गरेको देखिएकोले सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (च) बमोजिम दुई वर्ष कैद सजाय हुने ठहर्छ । फरार रहेका अर्का प्रतिवादी प्रेम अधिकारीको हकमा मुलुकी

ऐन,अ.वं. १९० नं. बमोजिम मुलतवी राखी दिने ठहर्छ भन्ने शुरु उदयपुर जिल्ला अदालतको मिति २०६७।९।१२ गतेको फैसला।

शुरुमा जाहेरवाली क कुमारीलाई मैले कुनै कारणले विक्री गरेकोसमेत होइन। निज आफ्नो स्वेच्छाले रोजगारीका लागि विदेश कुवेत गएकी हुन् भन्ने कुरा अनुसन्धान तथा अदालतमा भएका कागजातले सरासर प्रमाणित भएको छ। अब जाहेरवाली क कुमारीले अदालतसमक्ष उपस्थित भई मिति २०६७।७।८ गते बकपत्र गर्दा प्रतिवादी निर्दोष रहेका छन्,जाहेरी व्यहोरा मेरो होइन,प्रतिवादी राम्रो चरित्र भएकी मानिस हुन् भनी किटानीरुपमा लेखाइदिएको अवस्था छ। जसलाई पीडित भनिएको हो सो पीडितले नै प्रतिवादी निर्दोष रहेको भनी अदालतमा स्वेच्छापूर्वक लेखिदिएको बकपत्रलाई प्रस्तुत मुद्दामा भरपर्दो प्रमाणको रुपमा मूल्याङ्कन गरिनु वाञ्छनीय हुन्छ। त्यस्तै अनुसन्धानकै क्रममा भैआएको वस्तुस्थिति मुचुल्कामा रहेका लक्ष्मी राई,नन्दकुमारी राई,शर्मिला राई,सुरेन्द्र राईले पनि अदालतमा उपस्थित भै बकपत्र गर्दा प्रतिवादीले मानव बेचविखन ओसारपसार समेत गरेका होइनन्,निर्दोष छन्। प्रतिवादीले अभियोग दावीबाट फुर्सद पाउनु पर्ने हो भन्ने व्यहोरा किटानीरुपमा लेखाइदिएको अवस्था हुँदा शुरुबाट अनायसै मानव शोषण गर्ने उद्देश्यले मैले कसूर गरेको ठहऱ्याई २ वर्ष कैद सजाय हुने ठहऱ्याई भएको मिति २०६७।९।१२ को फैसला प्राकृतिक न्यायको सिद्धान्त एवं फौजदारी न्यायको सिद्धान्तविपरीत भएकोले उक्त फैसला बदर गरी मेरा प्रमाणहरूलाई बुझी सही मूल्याङ्कन गरी शुरुको त्रुटिपूर्ण फैसला बदर गरी सफाइ पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी ज्योति राईको पुनरावेदनपत्र।

प्रस्तुत मुद्दामा शुरु अदालतको फैसलाले वारदातको सत्यता र प्रतिवादीको संलग्नतालाई अस्वीकार नगरेको हुनाले वारदात प्रमाणित गर्ने सन्दर्भमा प्रमाणको थप जिकीर लिइरहनु पर्ने अवस्था छैन। पीडित जाहेरवालीले मौकामा दिएको जाहेरी र सम्मानीत अदालतबाट प्रमाणित भएको बयानमा प्रतिवादी ज्योति राईसँग चिनजान भएपछि म मानिस विदेश पठाउने काम गर्छु,तिमी जस्तै धेरै महिलालाई विदेश पठाइसकेको छु,तिमीसँग राहदानी बनाउने पैसा छैन भने म आफै हाली

दिउँला भनी विभिन्न प्रलोभन दिई राहदानी निजकै पैसामा बनाई नेपालको काँकडभिट्टा हुँदै बम्बै (भारत) पुऱ्याई त्यहाँ समेत यौन शोषण भई कुवेत पुगेकोमा त्यहाँका मालिक लगायतका विदेशी केटाहरूले जवर्जस्ती यौन शोषण गरेका पैसा माग्दा तँलाई नेपालबाट किनेर ल्याएको हो भनी भन्ने गरेकोले आफू बेचिएको पक्का भई भाग्न उम्कन सफल भई नेपाल आएको हो भनी प्रतिवादीउपर किटानी रुपले आफू बेचिएको तथ्य खुलाई लेखाइदिएको मिसिल संलग्न प्रमाणलाई शुरु अदालतले अनदेखा गरी यौन शोषणमा मात्र सजाय गर्न मिल्ने स्थिति छैन। के कति रकममा पीडितलाई बेचिएको हो। पीडितले खुलाउन सक्ने पनि होइन। तसर्थ उल्लिखित आधारमा मात्र प्रतिवादीलाई कम सजाय गर्न मिल्दैन। प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयान र अदालतमा भएको बयानमा पीडितलाई विदेश पठाइदिएको हो भनी स्वीकार गरेकी, बेच्ने उद्देश्य नभए विना कारण उनाउ व्यक्तिलाई रु.५,०००।- खर्च गरी पासपोर्ट बनाई विदेश नपठाइने र आफूलाई पैसा कमाउने माध्यम बनाउने प्रतिवादीलाई आफू नबेचिएको अवस्थामा मानव बेचविखनको कसूरमा कारवाही गरिपाऊँ भनी निवेदन गर्ने भन्ने तथ्य मानवीय स्वभावविपरीत पनि रहेको प्रमाण ऐन, २०३१ को दफा ७(ग) अनुसार तर्कोचित रुपले अनुमान गर्नुपर्ने स्वाभाविक वास्तविकतालाई समेत अनदेखा गरी भावनात्मक र काल्पनिक विवरण उल्लेख गरी भएको शुरु फैसला प्रमाण मूल्याङ्कन समेतबाट त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दावीबमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन जिकीर।

पीडित जाहेरवाली क कुमारीले मिति २०६७।७।८ मा अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा निज प्रतिवादी निर्दोष हुन् प्रतिवादी निर्दोष भएकोले सजाय हुनुपर्ने होइन, जाहेरी दरखास्तमा भएको सहिछाप मेरो हो, व्यहोरा मेरो होइन भन्नेसमेत व्यहोराको बकपत्र गरिदिएको पाइन्छ। प्रस्तुत मुद्दामा पीडित एवम् जाहेरवाला एकै व्यक्ति भएको र निजको जाहेरी दरखास्त व्यहोराको सेरोफेरोमा नै प्रस्तुत मुद्दा चलेको अवस्थामा निजको अदालतसमक्ष भएको बकपत्रलाई प्रस्तुत मुद्दामा प्रत्यक्ष प्रमाण मान्नुपर्ने देखिन्छ। निजको उक्त बकपत्र मिसिल संलग्न अन्य कागजात एवम् प्रतिवादीको बयान समेतले समर्थन गरी रहेको देखिन्छ।

यसर्थ उल्लिखित आधार कारणबाट प्रतिवादीलाई मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (च) बमोजिम दुई वर्ष कैद सजाय हुने ठहऱ्याई शुरु उदयपुर जिल्ला अदालतबाट मिति २०६७।९।१२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भै प्रतिवादी ज्योति राईले सफाइ पाउने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन। प्रस्तुत मुद्दामा जाहेरवाली क कुमारीले झूठा पोल उजूर गरी जाहेरी दिएको अवस्थासमेत विद्यमान रहे भएको देखिएकोले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८ को उपदफा (२) को खण्ड (क) बमोजिम निजलाई रु.३,०००।-जरीवानासमेत हुने ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत राजविराजको मिति २०६८।२।११ को फैसला।

जाहेरवाला (पीडित) ले अदालतमा आफ्नो जाहेरीविपरीत Hostile भई बकपत्र गरेको मात्र आधारमा प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिने गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरिपाऊँ भन्ने व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र।

न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ ले न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) मा गरेको कानूनी व्यवस्थाअनुरूप प्रतिवादीलाई शुरुले २ वर्ष कैदको सजाय गरेउपर पुनरावेदन अदालतबाट सफाइ दिएको अवस्थामा प्रस्तुत मुद्दामा पुनरावेदन लाग्न सक्ने अवस्था विद्यमान नहुँदा प्रस्तुत पुनरावेदनपत्र सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७ एवं अ.वं. २७ नं. बमोजिम दरपीठ गरिएको छ भन्ने यस अदालतका सहरजिष्ट्रारको मिति २०६८।८।२८ को आदेश।

सहरजिष्ट्रारबाट भएको दरपीठ आदेश बदर गरी पुनरावेदन पत्र दर्ता गरिपाऊँ भन्ने व्यहोराको वादी नेपाल सरकारको निवेदनपत्र।

न्याय प्रशासन ऐन, २०४८ को संशोधित दफा (१)(क) ले "तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय ..... हुने मुद्दामा" सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको छ। पुनरावेदन अदालतको फैसलाको टिपोट खण्डमा प्रतिवादीहरू ज्योति राई र पे्रम अधिकारी दुवै जनालाई मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(क) को सजाय माग गरिएको पाइन्छ।

उक्त दफामा २० वर्षसम्म कैद हुने व्यवस्था छ। प्रतिवादी पे्रम अधिकारी फरार रहेबाट निजको हकमा मुलतवी रही प्रतिवादी ज्योति राईलाई २ वर्ष कैद सजाय भएको शुरुको निर्णय पुनरावेदन अदालतले उल्टी गरी सफाइ दिएको पाइन्छ। सो फैसलाउपर नेपाल सरकारको तर्फबाट दायर हुनआएको पुनरावेदन यस अदालतबाट भएको कैदको सजायलाई आधार लिई पुनरावेदन नलाग्ने भनी दरपीठ भएको पाइयो। तर उक्त ऐनको दफा ९(१)(ग) मा विधिकर्ताले "फैसला" नभनी "मुद्दा" भनी शव्द प्रयोग गरेको छ। एउटै मुद्दाका अर्का प्रतिवादी पे्रम अधिकारीलाई तीन वर्षभन्दा बढी कैद भयो भने निजका हकमा पुनरावेदन लाग्ने र यी प्रतिवादी ज्योति राईका हकमा दोहोऱ्याई पाउन निवेदन लाग्ने उद्देश्य विधिकर्ताको हुनसक्तैन। ज्यानसम्बन्धी महलमा घटीमा तीन महिना र बढीमा जन्मकैद अर्थात् २० वर्षसम्म कैद हुने व्यवस्था रहेको छ। एउटै मुद्दामा विविध मागसहित र बेग्लाबेग्लै कैद सजायको माग गर्दै एउटै मुद्दा दायर हुन सक्दछ। यस्तो अवस्थामा गरिएको कैदलाई मापदण्ड बनाई कुनै प्रतिवादीको सर्वोच्च अदालतमा पुनरावेदन र कुनैको दोहोऱ्याई पाऊँ भन्ने निवेदन लाग्ने अवस्थाको परिकल्पना गरी विधिकर्ताले मिति २०६७।१२।१५ मा उक्त दफामा संशोधन गरी नयाँ प्रबन्ध गरेको अर्थ गर्न मिल्दैन। यस्तो व्याख्याले न्यायिक प्रक्रियामा जटिलतासमेत ल्याउनेछ। अभियोगको प्रकृतिबाट सानातिना मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन नलागोस् भन्ने विधिकर्ताको मनसायलाई अदालतले गर्ने सजायसँग गाँसेर हेर्न मिल्दैन। समग्र मुद्दाको प्रकृति हेर्दा ३ वर्ष वा सोभन्दा बढी सजाय, रु.२५,०००।-वा सोभन्दा बढी जरीवाना, रु.५०,०००।-वा सोभन्दा बढी विगो भएको वा विगो नखुलेको मुद्दामा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही

वा पूरै उल्टी भएको देखिन्छ भने यस प्रकृतिका मुद्दामा पुनरावेदन नै लाग्ने भएबाट यस अदालतका सहरजिष्ट्रारको उक्त आदेश बदर गरिदिएको छ भन्ने व्यहोराको यस अदालतको एक न्यायाधीशको इजलासबाट भएको मिति २०६८।९।२७ को आदेश।

यस अदालतको एक न्यायाधीशको इजलासबाट भएको उपरोक्त आदेशबमोजिम प्रस्तुत पुनरावेदनपत्र दर्ता भई निर्णयार्थ पेश हुनआएको रहेछ।

पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री किरण पौडेलले न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ग) को प्रावधानअनुसार प्रस्तुत मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन नै लाग्ने हो। दुई वा सोभन्दा बढी प्रतिवादी भएको एकै मुद्दामा प्रतिवादीहरूलाई भिन्नाभिन्नै सजाय हुनसक्ने हुँदा मातहत अदालतबाट भएको सजायलाई आधार मानी एउटै मुद्दामा कसैको पुनरावेदन लाग्ने र कसैको पुनरावेदन नलागी दोहोर्‍याई पाऊँ भन्ने निवेदन लाग्ने भनी उक्त संशोधित व्यवस्थाको अर्थ गर्दा त्यसले न्यायिक प्रक्रियामा जटिलता उत्पन्न हुन्छ। प्रस्तुत मुद्दामा जाहेरवाला (पीडित) ले आफ्नो जाहेरीविपरीत अदालतमा गरेको ज्यकतष्भि बकपत्र मात्रको आधारमा प्रतिवादीलाई अभियोग मागदावीबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग मागदावीअनुसार सजाय हुनुपर्दछ भनी बहस गर्नुभयो।

उल्लिखित बहससमेत सुनी सर्वप्रथम प्रस्तुत मुद्दामा पुनरावेदन अदालत राजविराजबाट भएको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने हो वा होइन भन्ने विषय नै निरोपण गर्नुपर्ने देखिन आएको छ।

पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर यस अदालतमा पुनरावेदन लाग्ने अवस्थाहरूको बारेमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा व्यवस्था भएको पाइन्छ। सो दफामा रहेको प्रावधान निम्नानुसार छः–

**सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेः** (१) पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः–

(क) पुनरावेदन अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दा,

(ख) दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा, र

(ग) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चीस हजार रुपैयाँ वा सोभन्दा बढी जरीवाना, पचास हजार रुपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा ।

(२) सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्न सक्नेछ ।

२. न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा वर्णित उपरोक्त व्यवस्थाहरूमध्ये खण्ड (ख) र (ग) तथा उपदफा (२) मा प्रयुक्त "भएको" र "गरेको" भन्ने शव्दहरूको सूक्ष्म विश्लेषण गर्नुपर्ने देखिन्छ । सो "भएको" वा "गरेको" भन्ने शव्दले "अदालतबाट भएको" भन्ने अर्थ सूचित गर्ने हुँदा खण्ड (ख) को सन्दर्भमा पुनरावेदन अदालतले दश वर्ष वा सोभन्दा बढी कैदको सजाय "गरेको" अवस्थामा र खण्ड (ग) को सन्दर्भमा शुरु अदालत, निकाय वा अधिकारीले तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय "गरेको" वा पच्चीस हजार रुपैयाँ वा सोभन्दा बढी जरीवाना "गरेको" वा पचास हजार रुपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा पुनरावेन अदालतले पुनरावेदन सुनी निर्णय गर्दा शुरु तहको निर्णय केही उल्टी वा पूरै उल्टी "गरेको" अवस्थामा मात्र पुनरावेदन अदालतको निर्णयउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नसक्ने देखिन्छ ।

यस सन्दर्भमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अवस्थाहरूको बारेमा विगतदेखि हुँदैआएका विभिन्न कानूनी व्यवस्थाहरूको तुलनात्मक अध्ययन गर्दै विधायिकी इतिहाससमेतको आधारमा उपयुक्त निष्कर्षमा पुग्नुपर्ने देखिनआएको छ ।

३. न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) मा हाल रहेको कानूनी व्यवस्था न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ (नेपाल राजपत्र, खण्ड ६० मिति २०६७।१२।१५ अतिरिक्ताङ्क ३७ मा प्रकाशित) ले न्याय प्रशासन ऐन, २०४८ मा संशोधन गरी उक्त ऐनको दफा ९(१)(ग) मा भएको व्यवस्थाको सट्टा गरेको नयाँ व्यवस्था हो । यो संशोधनद्वारा प्रतिस्थापित उक्त ऐनको दफा ९(१)(ग) मा "शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा" भन्ने प्रावधान रहेको थियो ।

४. न्याय प्रशासन ऐन, २०४८ लागू हुनुभन्दा अघि प्रचलनमा रहेको न्याय प्रशासन सुधार ऐन, २०३१ मा भएको यससम्बन्धी केही व्यवस्थाहरूको उल्लेखन र त्यसबारे विचार गर्नु पनि प्रासंगिक हुने देखिन्छ । पुनरावेदन लाग्ने अवस्थाको सम्बन्धमा उक्त ऐनको दफा १३ को उपदफा (१) को खण्ड (क) (ख) तथा उपदफा (५) को खण्ड (क) मा रहेको व्यवस्था निम्नानुसार रहेको पाइन्छ :-

**पुनरावेदनः** (१) दफा ९ अन्तर्गत जिल्ला अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दामा देहायका अदालतमा पुनरावेदन लाग्नेछ ः-

(क) झगडा परेको वा दावा गरेको विषयको मोल बिगो पचास हजार रुपैयाँसम्म भएको मुद्दा वा पाँच वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरीवाना हुने मुद्दा वा दफा ११ अन्तर्गत सजाय भएको मुद्दामा अञ्चल अदालतमा,

(ख) खण्ड (क) मा लेखिएभन्दा बढी मोल बिगो भएको मुद्दा वा बढी कैद वा जरीवाना हुने मुद्दा वा विषयको प्रकृतिले बिगो खुल्न नसक्ने सामूहिक कुलो

पानी, सन्धि सर्पन, गौचरसम्बन्धी मुद्दा वा तायदाती नआएको अंश मुद्दा वा नाता सम्बन्ध कायम गराई माग्ने विषयको मुद्दामा क्षेत्रीय अदालतमा ।

(५) क्षेत्रीय अदालतबाट फैसला वा अन्तिम आदेश भएको मुद्दामध्ये देहायका मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः–

(क) मृत्युदण्ड, सर्वश्वसहित जन्मकैद वा जन्मकैदको सजाय हुने मुद्दा ।

५. पुनरावेदनको विषयमा न्याय प्रशासन सुधार ऐन, २०३१ का उपरोक्त व्यवस्थाहरू अध्ययन गर्दा हाल प्रचलित न्याय प्रशासन ऐन, २०४८ ले गरेको भन्दा फरक व्यवस्थाहरू साविकको उक्त ऐनले गरेको देखिन्छ । उक्त ऐनका उपरोक्त व्यवस्थाहरूमा "....हुने मुद्दा" र "....भएको मुद्दा" भन्ने शव्दावलीहरू ठाउँ ठाउँमा प्रयोग भएका देखिन्छन् । "भएको" शव्दले "अदालतबाट भएको" भन्ने अर्थ जनाएजस्तै "हुने" शव्दले "कानूनले हुनसक्ने" अर्थबोध हुन्छ । उदाहरणका लागि उक्त ऐनको दफा १३(१) को (क) र दफा १३(५)(क) को व्यवस्थालाई लिन सकिन्छ । दफा १३(१)(क) मा ".....पाँच वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरीवाना हुने मुद्दा" वाक्याँशको प्रयोग भएको देखिँदा पाँच वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरीवाना हुनसक्ने भनी कानूनमा लेखिएको रहेछ भने अदालतबाट सोहीबमोजिम सजाय भएको भए पनि वा कम सजाय भएको भए पनि वा सजाय नगरी सफाइ दिएको भए पनि फैसलाले भएको सजायलाई आधार नमानी हुनसक्ने सजायलाई नै आधार मानी पुनरावेदन गर्न सकिने व्यवस्था रहेको देखिन्छ । यसबाट पुनरावेदन गर्ने सन्दर्भमा वर्तमान न्याय प्रशासन ऐन, २०४८ र पूर्ववर्ती न्याय प्रशासन सुधार ऐन, २०३१ ले गरेका व्यवस्थाहरूमा सारभूत अन्तर रहेको देखिन आउँछ । न्याय प्रशासन सुधार ऐन, २०३१ ले "कानूनले हुनसक्ने सजाय" को मापदण्ड निर्धारण गरी सोको आधारमा माथिल्लो अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको देखिन्छ भने वर्तमान न्याय प्रशासन ऐन, २०४८ ले "हुनसक्ने सजाय" को आधारमा नभई "अदालतबाट भएको फैसला (सजाय)" लाई मापदण्ड बनाई सोको आधारमा पुनरावेदन लाग्ने नयाँ व्यवस्था गरेको देखिन्छ ।

६. "हुनसक्ने सजाय" लाई मादपण्ड बनाई पुनरावेदन गर्न सकिने साविक न्याय प्रशासन सुधार ऐन, २०३१ को व्यवस्था आफैंमा व्यापक र माथिल्लो तहको पुनरावेदकीय क्षेत्राधिकारलाई फराकिलो बनाउने प्रकृतिको रहेको देखिन्छ । यसको विपरीत "तल्लो अदालतबाट भएको सजाय" लाई मापदण्ड बनाई पुनरावेदन गर्न सकिने व्यवस्था गरेको वर्तमान न्याय प्रशासन ऐन, २०४८ को व्यवस्थाबाट माथिल्लो अदालतको पुनरावेदकीय क्षेत्राधिकार तुलनात्मक रुपमा संकुचित वा कम हुने देखिन्छ । न्याय प्रशासन सुधार ऐन, २०३१ लाई न्याय प्रशासन ऐन २०४८ ले प्रतिस्थापन गरेको हो । अर्थात् विधायिकाले न्याय प्रशासन सुधार ऐन, २०३१ लाई खारेज गरी न्याय प्रशासन ऐन, २०४८ जारी गरेको हो । पुनरावेदन गर्ने सम्बन्धमा साविक न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १३ मा प्रयुक्त "हुने" शव्दलाई नयाँ ऐनले निरन्तरता नदिई "भएको" शव्द मात्र नयाँ ऐनमा प्रयुक्त भएको देखिँदा सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकारलाई हलुका वा कम गर्ने र पुनरावेदन अदालतको क्षेत्राधिकारलाई सुदृढ र प्रभावकारी तुल्याउँदै सानातिना मुद्दाहरूमा पुनरावेदन अदालतको निर्णयलाई नै अन्तिम बनाउने उद्देश्य न्याय प्रशासन ऐन, २०४८ को रहेको भन्ने स्पष्टै देखिन्छ । यसै गरी न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ख) मा पुनरावेदन अदालतबाट दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा र खण्ड (ग) मा शुरु अदालत निकाय वा अधिकारीको निर्णय उल्टी वा केही उल्टी भएका सबै मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेकोमा न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ ले न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) मा संशोधन गरी पुनरावेदन अदालतले उल्टी वा केही उल्टी गरेका मुद्दाहरूमा पनि सबैमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न नसक्ने गरेको देखिएबाट सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकार घटाउने र पुनरावेदन अदालतको क्षेत्राधिकारलाई सुदृढ गर्दै सानातिना मुद्दाहरूमा पुनरावेदन अदालतको फैसलालाई नै अन्तिम बनाउँदै लैजाने विधायिकाको मनसाय रहेको भन्ने अझै स्पष्ट देख्न सकिन्छ । यसरी सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकारलाई क्रमशः हलुका गर्दै लैजाने विधायिकाको मनसाय रहेको तथ्य विधायिकी इतिहासबाट स्पष्टै

देखिएको अवस्थामा विधायिकाको उक्त मनसायविपरीत हुने गरी न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्थाको प्रयोग गर्न मिल्दैन ।

७. प्रस्तुत मुद्दाको तथ्य हेर्दा प्रतिवादीहरू ज्योति राई र प्रेम अधिकारीले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(१)(क) को कसूर गरेको हुँदा निजहरूलाई ऐ.ऐनको दफा १५(१)(क) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग मागदावी रहेको देखिन्छ। शुरु उदयपुर जिल्ला अदालतबाट मिति २०६७।९।१२ मा फैसला हुँदा प्रतिवादी ज्योति राईलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२)(ख) को कसूरमा ऐ.को दफा १५ (१)(च) बमोजिम दुई वर्ष कैद गर्ने र अर्का फरार प्रतिवादी प्रेम अधिकारीका हकमा मुद्दा अ.बं.१९०नं. बमोजिम मुलतबी राख्ने गरी फैसला भएको देखिन्छ । उक्त फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादी ज्योति राई दुबैको दोहोरो पुनरावेदन परेकोमा पुनरावेदन अदालत राजविराजबाट शुरु फैसला उल्टी गरी प्रतिवादी ज्योति राईले अभियोग मागदावीबाट सफाइ पाउने गरी मिति २०६८।२।११ मा फैसला भएको देखिन्छ। पुनरावेदन अदालतको उक्त फैसलाउपर वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदनपत्र परेको र पुनरावेदनपत्रको प्रकरण (६) मा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदन गरेको भन्ने उल्लेख भएको देखिन्छ। यस अवस्थामा माथि गरिएको विश्लेषणअनुसार न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) को कानूनी व्यवस्थाअनुसार शुरु अदालत, निकाय वा अधिकारीबाट तीन वर्षभन्दा कम सजाय गरेको र पुनरावेदन अदालतले सो सजाय उल्टी वा केही उल्टी गरेको अवस्थामा पुनरावेदन अदालतको उक्त फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिन आउँदैन ।

८. एकजना प्रतिवादीको हकमा मुद्दा मुलतबीमा रहेको हुँदा प्रस्तुत पुनरावेदनपत्र दर्ता नभएको अवस्थामा पछि निजको हकमा मुद्दा मुलतबीबाट जागी फैसला भएपछि पनि पुनरावेदन गर्ने सम्बन्धमा प्रक्रियागत जटिलता उत्पन्न हुन्छ

भन्ने विद्वान सरकारी वकीलको जिकीर रहेको छ । सो सम्बन्धमा विचार गर्दा, यस अदालतमा पुनरावेदन लाग्ने सम्बन्धी न्याय प्रशासन ऐन २०४८ को दफा ९ को व्यवस्था एउटा मुद्दामा भएका र एकै पटक फैसला नभएका सबै प्रतिवादीहरूका हकमा निरपेक्षरुपमा आकर्षित हुने व्यवस्था होइन। कुनै मुद्दामा रहेका प्रतिवादीहरू मध्ये फैसला हुन बाँकी प्रतिवादीका हकमा पछि फैसला हुँदा सो दफाबमोजिम यस अदालतमा पुनरावेदन लाग्नसक्ने नसक्ने जो स्थिति देखिन आउँछ सोहीबमोजिम हुने नै हुन्छ। परन्तु पुनरावेदन अदालतबाट वादी र प्रतिवादीहरूमध्ये ज–जसको हकमा एकैपटक फैसला भएको छ सो आधारमा एकैचोटि फैसला भएकाको हकमा यस अदालतमा पुनरावेदन लाग्ने र नलाग्ने निष्कर्ष निकाल्नु पर्दछ भन्ने उक्त दफाको मनसाय हो। भविष्यमा के कस्तो होला भन्ने अनुमानको आधारमा अमुक प्रकारको निष्कर्ष निकाल्न मिल्दैन। तसर्थ प्रस्तुत मुद्दाको सन्दर्भमा पनि मुलतबी रहेको प्रतिवादीका हकमा पछि फैसला भएका अवस्थामा ठहरेबमोजिम पुनरावेदन लाग्ने वा नलाग्ने अवस्थाको निक्र्यौल उसैबेला हुने नै भएकोले प्रक्रियागत जटिलता उत्पन्न हुन्छ भन्ने विद्वान सरकारी वकीलको बहससँग सहमत हुन सकिएन।

९. अतः माथि गरिएको विश्लेषणअनुसार शुरु अदालतले दुई वर्ष कैद सजाय गरेको र पुनरावेदन अदालतले शुरु फैसला उल्टी गरी सफाइ दिने ठहऱ्याएको यी प्रतिवादी ज्योति राईका हकमा पुनरावेदन अदालतबाट भएको सो फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को संशोधित व्यवस्थाअनुसार वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन लाग्नसक्ने अवस्था नदेखिएकोले प्रस्तुत पुनरावेदनपत्र खारेज हुने ठहर्छ। मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।

न्या.भरतराज उप्रेती

संवत् २०६९ साल भदौ महिना १३ गते रोज ४ शुभम्

**१७. तिलकराम क्षेत्रीको जाहेरीले नेपाल सरकार विरुद्ध जिल्ला बाँके, खासकुस्मा गा.वि.स. वडा नं. ६ भवानीपुर बस्ने लेखराज डाँगीसमेत , ने.का.प.२०७२, अंकः १, निर्णय नं. ९३२८**

निर्णय नं. ९३२८ - वन पैदावार नोक्सान

भागः ५७ सालः २०७२ महिनाः बैशाख अंकः १

फैसला मिति :२०७०/१०/१२ १२६६

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सुशीला कार्की

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

०६६-CR-००९१

मुद्दा : वन पैदावार नोक्सान ।

पुनरावेदक/वादी : तिलकराम क्षेत्रीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : जिल्ला बाँके, खासकुस्मा गा.वि.स. वडा नं. ६ भवानीपुर बस्ने लेखराज डाँगीसमेत

२०६६ सालको स.फौ.नं. ०६६–CR–०३३१

पुनरावेदक/प्रतिवादी : बाघखोर रेञ्जपोष्ट कुसुम, बाँकेमा कार्यरत भीमप्रसाद पौडेल

विरूद्ध

विपक्षी/वादी: तिलकराम क्षेत्रीको जाहेरीले वादी नेपाल सरकार

२०६६ सालको स.फौ.नं. ०६६–CR–०८६१

पुनरावेदक/प्रतिवादी: जिल्ला धनुषा, लामा गाडागुडी गा.वि.स. वडा नं. ७ घर भै हाल जिल्ला वन कार्यालय, सुर्खेतमा कार्यरत लेखिए तापनि जिल्ला वन कार्यालय, हुम्लामा कार्यरत श्याममणिप्रसाद मण्डल

विरूद्ध

विपक्षी/वादी: नेपाल सरकार

२०६६ सालको स.फौ.नं. ०६६–CR–०८९१

पुनरावेदक/प्रतिवादी: जिल्ला सिरहा, फुलकाहा कट्टी गा.वि.स. वडा नं. ८ घर भै हाल जिल्ला वन कार्यालय सुर्खेत, वीरेन्द्रनगरमा कार्यरत जिवछ यादव

विरूद्ध

विपक्षी/वादी: वन रक्षक तिलकराम क्षेत्रीको जाहेरीले नेपाल सरकार

- **पुनरावेदन गर्न पाउने हक कानूनी हक भएकाले मुद्दाका सम्बन्धित पक्षलाई कानूनबमोजिम पुनरावेदन गर्नु भनी कुनै पनि माध्यमबाट जारी गरिएको म्याद सम्बन्धित पक्षले प्राप्त गरेको छ भने सोही मितिबाट पुनरावेदन गर्ने म्याद सुरू हुन्छ । म्याद जारी नगरिएको अवस्थामा सम्बन्धित पक्षले अर्को माध्यमद्वारा फैसलाको नक्कल लिएको छ भने सो नक्कल लिएको मितिबाट पुनरावेदन म्याद सुरू हुने हुँदा पक्षले पहिला कुन माध्यमबाट जानकारी पाएको छ त्यो बाट नै पुनरावेदन गर्ने दिनको गणना हुने हो । पुनरावेदन गर्ने म्याद प्राप्त भएपछि नक्कल लिएको मितिलाई आधिकारिक मान्ने हो भने पुनरावेदनको म्याद जारी गर्नुको कुनै औचित्य नै नरहने र कानूनमा भएको पुनरावेदनसम्बन्धी कानूनी**

व्यवस्था नै पराजित हुन जाने हुँदा पक्षले जुन माध्यमबाट पहिला जानकारी प्राप्त गरेको छ । सो मितिबाट नै पुनरावेदनको म्याद सुरू हुने हो तर फैसलाको आधिकारिक जानकारी प्राप्त गरेपश्चात् पुनः फैसलाको नक्कल लिई पुनरावेदनको म्याद कायम गरी दायर हुन आएको वादी नेपाल सरकारको पुनरावेदन कानूनसम्मत देखिन नआउने ।

(प्रकरण नं. ५)

- बरामद भएका काठहरू जिल्ला वन कार्यालय, बाँकेबाट प्राप्त छोडपुर्जीबाहेक अन्य कहिं कतैबाट लोड गरिएको कुनै प्रकारको टाँचा लागेको भन्ने देखिएको छैन । तसर्थ बरामद भएका काठहरू यी प्रतिवादीहरूले व.वि. टाँचासमेत लगाई पठाएका काठबाहेकको काठ हो भनी तर्क गर्न मिल्ने देखिन नआउने ।

(प्रकरण नं. ९)

- ९४४.२६ क्यु. फिट काठको छोडपुर्जी अनुसार सोही परिमाणमा सिमित रही बिक्री टाँचा लगाई पठाउनुपर्नेमा १४२१ क्यु. फिट भन्दा बढी काठमा टाँचा लगाई ४७६.७४ क्यु. फिट भन्दा बढी हिसाब लुकाई नियतवश वन पैदावारको हानि नोक्सानी गरेको तथ्यमा विवाद भएन । यस्तो स्थितिमा कर्मचारी भएको नाताले वन ऐन, २०४९ को दफा ४९ को कसुरमा कारवाही हुन नसक्ने भन्ने पुनरावेदक प्रतिवादीहरूको जिकिरसँग सहमत हुन नसकिने ।

(प्रकरण नं. १२)

वादीको तर्फबाट: विद्वान् उपन्यायाधिवक्ता हरिप्रसाद जोशी

प्रतिवादीको तर्फबाट: उपस्थित विद्वान्‌अधिवक्ताहरू राजन निरौला र ईश्वरीप्रसाद ज्ञवाली

अवलम्बित नजिर:

सम्बद्ध कानून:

- **वन ऐन, २०४९ को दफा ४९, ५०, ६५**

सुरू तहमा फैसला गर्ने :

मा. जि.न्या. श्री विरेन्द्रकुमार बाटाजु

पुनरावेदन तहमा फैसला गर्ने :

मा.न्या. श्री शान्तिराज सुवेदी

मा.न्या. श्री केदारप्रसाद चालिसे

फैसला

**न्या. बैद्यनाथ उपाध्याय**: पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६५।१२।२५ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) (ग) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम्ठहर यसप्रकार छ :

वादी नेपाल सरकार प्रतिवादी ओम खाद्य भण्डारका प्रतिनिधि सुरेश भन्ने सुरेन्द्रबहादुरसमेत भएको वन पैदवार लिन पुर्जी पाएकोमा पुर्जीको सर्त उल्लङ्घन गरी बढी वन पैदवार निकासी गर्‍यो भन्ने मुद्दामा जिल्ला वन कार्यालय, बाँकेको च.नं. ३९३१ को मिति २०५९।३।५ को छोडपुर्जी अनुसार साल गोलिया थान ९२ को हुने आयतन ९४४,२६ क्यु.फिट मध्ये ना. २ अ. ३५३८ नम्बरको ट्रकमा २३ थान, ना. २ ख ३०२३ नम्बरको ट्रकमा २४ थान र लु. १ त. २०७० नम्बरको ट्रकमा ३३ थान सालका गोलिया निकासी गरी ल्याएको अवस्थामा पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय, पोखराको च.नं. ५१४ मिति २०५९।३।५ को पत्र अनुसार कपिलवस्तु जिल्लाको निरीक्षणमा रहेको अवस्थामा मिति २०५९।३।८ गतेका दिन जिल्ला वन कार्यालय, बाँकेको उल्लिखित छोडपुर्जी अनुसारको साल जातको गोलिया काठ छानबिनको क्रममा

शङ्का लागि पुनः नाप जाँच गर्नुपर्ने भएकाले उक्त कामको लागि गोलिया काठ सुरक्षितसाथ पोखरा लगी पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय, पोखरामा अग्रिम सम्पर्क गरी निर्देशनालयको आदेश अनुसार कामकाज गर्नु हुन भनी सहायक वन अधिकृत रामानन्दप्रसाद कुर्मीले टुरमुकाम कपिलवस्तुबाट सशस्त्र वन रक्षक तिलकराम क्षेत्रीलाई ट्रक जिम्मा लगाई पठाउनुभएको मिति २०५९।३।९ को पत्रको फोटोकपि ।

स.व.ज. रामानन्दप्रसाद कुर्मी टुरमुकाम कपिलवस्तु मिति २०५९।३।९ मा जिल्ला वन कार्यालय, बाँकेको च.नं. ३९३१ मिति २०५९।३।५ को पत्रानुसार श्री ओम खाद्य भण्डार नेपालगन्जमा प्र.स.श्री सुरेन्द्रबहादुर भण्डारीको नाममा भएको छोडपुर्जी अनुसारको सालको गोलिया थान ९२ को क्यु.फि. ९४४,२६ मध्ये ना.२ ख. ३५३८ मा गिण्डा थान २३, ना.२ ख. ३०२२ मा गिण्डा २४ र लु. १ ख २०७० मा गिण्डा थान २३ गरी जम्मा गिण्डा थान ७० लोड भई आएको गाडी शङ्का लागि छानबिनको क्रममा गोलियाबाट सुरक्षित साथ पोखरा लगी मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयको आदेशानुसार गर्न मलाई तोकी पठाए अनुसार उक्त काठ र ट्रक अमरसिंह चोकस्थित पोखरा काठ उद्योगको कम्पाउण्डमा राखी यो जाहेरी गरेको छु भन्ने व्यहोराको सहायक वनरक्षक तिलकराम क्षेत्रीले पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय, पोखरामा चढाएको मिति २०५९।३।११ को प्रतिवेदन ।

यसमा उक्त तीनवटा ट्रकमा जिल्ला वन कार्यालय, बाँकेको छोडपुर्जी अनुसार ल्याएको गिण्डा थान ७० गोलिया काठ पोखरा काष्ठ उद्योग एरियाबाट सो ट्रकहरू कुँडहर इलाका वन कार्यालयमा ल्याई अनलोड गराई २०५९।३।१६ मा जाँचबुझ छानबिन गर्दा ना. २ ख ३५३८ नं. को ट्रक अनलोड गरी नापी गर्दा गोलिया थान २३ को क्यु.फि. ४२३,९९ लु. १ ख २०७० मा अनलोड गरी चेक गर्दा साल गोलिया थान २३ को क्यु.फि. ३६६,५३समेत जम्मा ११४१.८५ क्यू.फी. काठको आयतन पोखरा उ.म.नगरपालिका वडा नं. १२ बस्ने वर्ष ५३ का भिमबहादुर थापासमेत जना ५ को उपस्थितिमा र वडा प्रहरी कार्यालय, राम

बजारका प्र.स.नि.श्री सूर्यप्रकाश थापा र जवान मदन बस्नेत तथा पोखरा उपमहानगरपालिका वडा नं. १२ का वडा सदस्य होमप्रसाद कोइरालाको रोहबरमा नाप पैमाइस गरी छानबिन गरिएको मिति २०५९।३।१६ को मौका मुचुल्का ।

काठमा टाँचा लगाएको र छोडपुर्जी भएको काठ भएकाले मैले वडा टोल नजिकको घाट गद्दी स्थानबाट बाँके जिल्ला वन कार्यालयका कर्मचारीको रोहबरमा २४ थान गोलिया उठाई दरपीठ गराई ल्याएको हुँ । भाडा रू.२०,३२५।-हो । यसमा मेरो कुनै दोष छैन भनी मक्रहर-८ बस्ने वर्ष २१ को ना.२ ख. २०२३ नं. को ट्रकका ड्राइभर तेजबहादुर कुँवरले मिति २०५९।३।१६ मा गरेको बयानको व्यहोरा र मिति २०५९।४।६ मा गरेको ततिम्बा बयानमा घाटगद्दी स्थानबाट काठ लोड गर्ने समयमा कोहलपुर गा.वि.स. वडा नं. ३ अस्थायी बसोवास गर्ने कल्याण बराललगायत ५/७ जना मानिसहरू थिए । धामपुर रेञ्जरपोष्ट तथा बाखखोर रेञ्जरपोष्टमा पर्ने वन पैदावार चेक पोष्टहरूमा निज कल्याण बरालले नै दरपीठ गराई ल्याएका हुन् कुन दर्जाको कुनकुन कर्मचारीबाट दरपीठ गराई ल्याएका हुन् निजलाई नै थाहा होला भन्नेसमेत व्यहोराको तेजबहादुर कुँवरको बयान ।

काठको छोडपुर्जी र गोलिया काठमा टाँचा लागेको सुरेन्द्रबहादुर भण्डारीको काठ वन कर्मचारीले छोडपुर्जीमा दरपीठ गरेको हो । सो काठ पोखरासम्म लैजान भाडा रू २२,०००।-दिन्छु भनेकाले २३ थान गोलिया काठ ल्याएको हुँ । गाडी तुल्सीपुर नगरपालिका वडा नं. ६ दाङबस्ने भिमप्रसाद छन्त्यालको हो भन्ने व्यहोरा खुलाई दाङ फूलवारी गा.वि.स. वडा नं. १ बस्ने ना. २ ख ३५३८ को ट्रक ड्राइभर शालिकराम के.सी.ले मिति २०५९।३।१६ मा गरेको बयानको अतिरिक्त मिति २०५९।४।६ मा तेजबहादुर कुँवरले नै गरेको बयानसँग मिल्दोजुल्दो व्यहोरासमेतको शालिकराम के.सी.को बयान ।

काठको छोडपुर्जी तथा टाँचा लगाइएको गोलिया काठ सुरेन्द्रबहादुर भण्डारीको हो,ठेकेदारले पोखरा ल्याएबापतको भाडा रू.१९,४२६।-दिन्छु भनी भन्नुभएको हो र छोडपुर्जी दिएर पठाउनुभएको हुँदा घाटगद्दी स्थानमा वन

कर्मचारीको रोहबरमा दरपीठ गराई २३ थान साल गोलिया ल्याएको हुँ भनी लु.१. ख २०७० नं. को ट्रक चालक मक्रहर–८, रूपन्देही बस्ने वर्ष २३ का भिष्मनाथ कुँवरले गरेको बयान व्यहोराको साथै मिति २०५९।४।६ मा तेजबहादुर कुँवरले गरेको ततिम्बा बयानसँग मिल्दोजुल्दो व्यहोराको भिष्मनाथ कुँवरको बयान ।

म ठेकेदारको प्रतिनिधि भएर सो काठ पोखरासम्म ल्याउँदा कति खर्च लाग्छ, सो खर्च बाटोमा गरी काठ पोखरा लैजान भनी ट्रकमा लोड गरेर ल्याएको थिएँ । पोखरा काष्ठ उद्योगका प्रतिनिधि टीका कार्कीको काठ भएकाले निजको पनि प्रतिनिधि कल्याण बराल भन्ने ठेगाना थाहा नभएकोलाई गाडी नं. ३५३८ को गाडी भाडा र भत्ता रू २३,८३८।–ना. २ ख २०२३ को गाडी भाडा रू.२१,८२७।–र लु.१. ख २०७० को गाडी भाडा र भत्ता रू २०,९२६।–लिई आउने भनेर कल्याण बरालले टीका कार्कीलाई लेखेको पत्र लिएर गाडी साथ आएको हुँ । कुँडहर इलाकामा अनलोड गरी नापी मेरो रोहबरमा गरेको हो । काठ नापी गर्ने र उठाउने समयमा म थिइन भन्नेसमेत व्यहोराको ठेकेदार प्रतिनिधि लेखराज डाँगीले गरेको बयान ।

जिल्ला वन कार्यालय, बाँकेको च.नं. ३९२१ मिति २०५९।३।५ को छोडपुर्जी अनुसार निकासी भएकोमध्ये ७० थान गोलिया जिल्ला बाँके, कोहलपुर गा.वि.स. वडा नं. ३ बस्ने कल्याण बराल भन्ने व्यक्तिसँग फोनमा सम्पर्क भए अनुसार र काठ पोखरा काष्ठ उद्योगमा झरेपछि नापी गरी ठहरेको क्यु. फिटको प्रति क्यु. फिट रु.४१५।–का दरले मैले खरिद गरेको हुँ, निकासी हुन बाँकी २२ थान गोलिया मेरो मिलमा झरेको छैन भन्नेसमेत व्यहोराको मिति २०५९।३।३० मा पोखरा काष्ठ उद्योग प्रा. टीकाबहादुर कार्कीले गरेको बयान ।

ना. २ ख. ३०२८ को ट्रक मेरो सहोदर भाइ दिलबहादुर छन्त्याललाई ओम्नी प्रा.लि. ले हायर पर्चेज कर्जा अर्न्तगत झिकेको र सोको सञ्चालक मैले गर्न अधिकारपत्र दिएको हो । म सधैं ट्रक चालकलाई जिम्मा दिन्छु उसको र मेरो भेट १५/२० दिनमा हुन्छ । सोही बखत गाडीको कमाई मलाई दिन्छन् । वन कार्यालयबाट छोडपुर्जी भएको र टाँचा लागेको वन कर्मचारीको रोहबरमा काठ

लोड गरेको हो भन्ने कुरा ड्राइभरले जानकारी दिएपछि थाहा पाएको हुँ । टाँचा लागको छोडपुर्जी भएको वन कर्मचारीको रोहबरमा लोड भएको काठ भएकाले ट्रक ड्राइभर साथै मेरो पनि कुनै गल्ती छैन । म ट्रक व्यवसायी भएकाले मलाई खाने साधन सो ट्रक नै भएकाले ट्रक र ड्राइभरसमेत छोडी पाउँ भनी मिति २०५९।३।२० मा ट्रक मालिक भिमप्रसाद छन्त्यालले गरेको बयान ।

ना. २ ख. २०२३ नं. को ट्रक ओम्नी प्रा. लि.मार्फत ऋणी मेरो आमा श्रीमती किशनदेवी श्रेष्ठको र लु. १ ख. २०७० नं. को ट्रक दुर्गालक्ष्मी शाहीबाट मेरो सहोदर भाउजु बुटवल नगरपालिका वडा नं. ६ लक्ष्मीनगर बस्ने श्रीमती गगनलता श्रेष्ठले किनेर सो ट्रक मलाई चलाउनको लागि सम्पूर्ण जिम्मेवारी दिनुभएको हो । मनकामना ट्रान्सपोष्ट नेपालगन्ज सम्पूर्ण सरकारी कागजात र टाँचा लागेको काठ पोखरा लैजानुहुन्छ । त्यसबापतको भाडा एउटा ट्रकको रू.१९,४२६।-र अर्को ट्रकको रू.२०,३२५।-भाडा दिने भनेपछि नियमानुसार भए काठ पोखरा पुऱ्याइदिनु भनेको हुँ । मेरो दुबै गाडी ट्रान्सपोर्टमार्फत चलेका हुन् । यसमा मेरा ट्रक र ड्राइभरको कुनै दोष छैन भन्नेसमेत व्यहोरा खुलाई ट्रक मालिक बुटवल नगरपालिका वडा नं. ५, ज्योतिनगर बस्ने वर्ष २९ का अनिल श्रेष्ठले गरेको बयान ।

पक्राउ परेका ठेकेदारका प्रतिनिधि लेखराज डाँगी मिति २०५९।३।२९ गतेको रातको समयमा निजलाई सुरक्षित साथ हिरासतमा राखिएको कोठाको ढोकामा लगाएको चुकुल बङ्ग्याई ढोका खोल्न सफल भएको र हालसम्म शङ्कास्पद ठाउँमा खोजी कार्य भै रहेको तर फेला नपरेको कारण जानकारीको लागि अनुरोध छ भनी सशस्त्र वन रक्षक नगेन्द्रबहादुर के.सी. र दिलबहादुर क्षेत्रीले मिति २०५९।३।३० गते दिउँसो ४:०० बजे इलाका वन कार्यालय, कुँडहरमा दिएको निवेदन ।

पोखरामा बरामद भएका ७० थान गोलिया तथा घाटगद्दी स्थानबाट उठाउन बाँकी २२ थान काठ मेरो रोहबरमा विमार्का भएका काठ होइनन् । मिसिलमा संलग्न नापी तालिका मैले गरेको नापी तालिका होइन । अर्को राखिएको छ भन्ने

कुरा बुझेको छु । मैले सही गरेको विमार्का नापी तालिका किन संलग्न नगरेको हो विमार्का गर्ने अधिकारी श्री श्याममणिप्रसाद मण्डललाई नै थाहा होला । मेरो रोहबरमा विमार्का हुँदा साल गोलिया थान ९२ को ९४४.२९ क्यु. फिट काठमा मात्र विमार्का भएको हो । जुनजुन थान र परिमाणका काठमा विमार्का हुनुपर्ने हो त्यो भएपछि मेरो जिम्मेवारी पूरा भयो र म आफ्नो कार्य क्षेत्रमा फर्किएँ । विमार्का गर्ने टाँचा निमित्त सहायक वन अधिकृत श्याममणिप्रसाद मण्डलसँग धेरै दिनसम्म रहनुको के औचित्य । निजले पछि गरेको बद्नियतपूर्ण काममा म जिम्मेवार हुने प्रश्न नै आँउदैन । उसले कुनकुन काठमा टाँचा हानि पठाए सही सत्य काठ कहाँ गयो त्यो सम्पूर्ण कुरा सम्बन्धित रेञ्जपोष्टका रेञ्जर जिवछ यादव र टाँचाको जिम्मेवार कर्मचारी श्याममणिप्रसाद मण्डललाई नै बुझ्न हुन अनुरोध छ । यस कार्यमा म निर्दोष छु । मेरो मिलोमतो छैन भन्नेसमेत व्यहोराको रेञ्जर भिमप्रसाद पौडेलले मिति २०५९।४।७ मा गरेको बयान ।

जिल्ला वन कार्यालय,बाँकेको च.नं. ३९३१ मिति २०५९।३।५ को छोडपुर्जी अनुसार काठ बाघखोर रेञ्जरपोष्टअन्तर्गतको राजमार्गमा रहेको चेकपोष्टमा म आफैंले मिति २०५९।३।७ गते बिहान ११:३० बजे चेकजाँच गरी छोडपुर्जीको पछाडिपट्टि मैले हस्ताक्षर गरी तीनवटा ट्रकमा १० थान साल गोलिया छाडिदिएको ठीक हो । छोडपुर्जी अनुसारको ९२ थान मध्ये १० थान मात्र निकासी भएको हो,सबै गोलियामा ज.वि. २०३ टाँचा लागेको थियो । उक्त काठहरू ट्रकमा लोड भएकाले नाप्न अप्ठायारो भएको र परिमाण क्यु.फिट हिसाब गर्न भने मलाई आउँदैन,तोकिएको म्यादभित्रै निकासी भएकाले चेकजाँच गरी छाडेको हुँ । काठ कति क्यु. फिट बढी वा घटी थियो मलाई थाहा छैन । यसमा मेरो कसैसँग मिलोमतो छैन । लोभलालचमा परी बढी काठ छोडी दिएको होइन म निर्दोष छु भन्नेसमेत व्यहोरा खोली बाघखोर र रेञ्जरपोष्टअन्तर्गत कुसुम भन्ने ठाउँमा रहेको वन पैदावार चेकपोष्टमा खटिएका वन रक्षक रामसमुझ कुम्हारको मिति २०५९।४।१७ को बयान ।

मिति २०५९।३।४ मा भएको विमार्का मुचुल्कामा मैले सहिछाप गरेको हो । छोडपुर्जीको पछाडि धामपुर रेञ्जरपोष्टबाट मैले दरपीठ गरेको होइन । उक्त दरपीठ जिल्ला दाङ्, उहरी गा.वि.स. वडा नं. ४ बस्ने अमरबहादुर डाँगीले आफैं गरेको रहेछ भनी तत्कालीन निमित्त सहायक वन अधिकृत श्याममणिप्रसाद मण्डलले म र मनबहादुर खत्रीको अगाडि भन्नुभएको हुँदा उक्त दरपीठ निज डाँगीले नै गरेको हुनुपर्छ । काठ लोड पनि मेरोअगाडि भएको होइन । कुन समयमा काठ लोड गरी दरपीठसमेत आफैं गरी लगे मलाई थाहा छैन । मिति २०५९।३।४ मा विमार्का हुँदा रेञ्जर भिमप्रसाद पौडेल, तत्कालीन निमित्त सहायक वन अधिकृत श्याममणिप्रसाद मण्डल, रेञ्जर जिवछ यादव, वन रक्षक मनबहादुर खत्री, वनरक्षक तिलकराम कुम्हार म, जिल्ला दाङ्उरहरी गा.वि.स. वडा नं. ४ बस्ने अमरबहादुर डाँगी र जिल्ला बाँके खासकुस्मा गा.वि.स. वडा नं. ५ बस्ने प्रकाशकुमार के.सी.समेत त्यहाँ उपस्थित थिए । काठ मैले नापेको होइन, २/४ दिनअगाडि रेञ्जर जिवछ यादव र श्याममणिप्रसाद मण्डलले नापी गरेका हुन् । अब यो ९२ थान गोलियामा टाँचा लगाउ भनी तत्कालीन निमित्त सहायक वन अधिकृत श्याममणिप्रसाद मण्डलले आदेश गरेको हुँदा मनबहादुर खत्री र तिलकराम कुम्हारले पालो गरी टाँचा हाने, मैले टाँचा हानेको काठमा गोलो चिह्न लगाउने काम गरेको हुँ । काठ किन बढी भयो मलाई थाहा छैन रेञ्जर जिवछ यादव र श्याममणिप्रसाद मण्डललाई थाहा होला, मेरो कसैसित मिलेमतो र सलंग्नता छैन भन्नेसमेत व्यहोराको वन रक्षक वासुदेव आचार्य, मनबहादुर खत्री र तिलकराम कुम्हारले मिति २०५९।४।२१ मा गरेको छुट्टाछुट्टै बयान ।

जिल्ला वन कार्यालय, बाँकेअन्तर्गत धामपुर रेञ्जपोष्टका प्लट नं. ८० को काठ दाउरा मैले सुरेन्द्रबहादुर भण्डारीबाट रू. ३,५०,०००।- मा खरिद गरेको हुँ । खरिद बिक्री गरेको लिखित प्रमाण छैन । विश्वासका आधारमा किनमेल भएको हो । उक्त छोडपुर्जीमध्येको ७० थान साल गोलिया काठ तीनवटा ट्रकमा लोड गरी पोखरा काष्ठ उद्योगमा बिक्री गर्न पठाएको हो । पोखरामा लगी बेच्ने कार्यमा कल्याण बरालले मलाई सहयोग गरेका हुन् । सो सहयोग गरेबापत प्रति क्यु.फिट रू.५।–का दरले निजलाई कमिसन दिने सर्त भएको हो । काठको परिमाण बढी

कसरी भयो मलाई थाहा छैन । कुनै पनि कर्मचारीसँग मेरो मिलेमतो छैन भन्नेसमेत व्यहोराको अमरबहादुर डाँगीले मिति २०५९।५।२० मा अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

अमरबहादुर डाँगीले मलाई पोखरामा काठ किन्ने एउटा राम्रो व्यापारी खोज्नको लागि भनेको हुँदा मैले चिनेको टीकाबहादुर कार्कीलाई फोनबाट अमरबहादुरसँग परिचय गराई दिएको हुँ । उहाँहरू दुईबीच कुरा भई उक्त काठ पोखरा काष्ठ उद्योगको प्रो. टीकाबहादुर कार्कीले प्रति क्यु. फिट रू.४१५।–का दरले किन्ने बन्दोवस्त भएको कुरा पछि अमरबहादुर डाँगीले मलाई बताएका हुन् । किन बेचको लागि सम्पर्क गराई दिएबापत मलाई प्रति क्यु. फिट रू. ५।– का दरले दिने कुरा भएको हो । तर बीचमा उक्त काठ तथा ट्रक पक्राउ परी मुद्दा चलिरहेकाले सो रकम पनि मैले आजसम्म पाएको छैन । ९२ थान सालमध्ये तीनवटा ट्रकमा ७० थान लगिएको र बाँकी २२ थान लैजान बाँकी नै छ भन्नेसमेत व्यहोराको कल्याण बरालले मिति २०५९।६।३ मा गरेको बयान ।

वन पैदावर हानि नोक्सानी गर्ने कार्यमा संलग्न प्रतिवादीहरू श्याममणिप्रसाद मण्डल, जिवछ यादव, भिमप्रसाद पौडेल, वासुदेव भण्डारी, अमरबहादुर डाँगी, लेखराज डाँगी, प्रकाशकुमार के.सी., कल्याण बराल, टीकाबहादुर कार्की, भिष्मनाथ कुँवर, तेजबहादुर कुँवर र शालिकराम के.सी.समेतलाई वन ऐन, २०४९ को दफा ४९ को देहाय (घ) र (ज) को कसुरमा सोही ऐनको दफा ५ को (१) (घ) (४) बमोजिम निजहरूले अनियमीतता गरी नोक्सान गरेको बिगो रू.९५,३९८।–को दोब्बर रू.१,९०,७९६।–जनही जरिवाना तथा एक वर्ष कैद गरी अवैध काठ ४७६.९९ क्यु.फिट जफत गरिपाउँ । उक्त अनियमित काठ ओसारपसारमा प्रयोग भएका बरामद ट्रकहरू सोही ऐनको दफा ६६बमोजिम जफत गरिपाउँ । साथै कसुरदार लेखराज डाँगीलाई हिरासतमा भगाउने नगेन्द्र के.सी. र दिलबहादुर क्षेत्रीलाई सोही ऐनको दफा ५ बमोजिम सजाय गरी पाउन प्रतिवादी अमरबहादुर डाँगी, कल्याण बराल, भिमप्रसाद पौडेल, वासुदेव आचार्य, मनबहादुर, तिलकराम कुँवर, शालिकराम के.सी. भिष्मनाथ कुँवर र तेजबहादुर कुँवरलाई यसै अभियोगसाथ

प्रस्तुत गरेको छ । फरार रहेका प्रतिवादीहरू अलकादेवी जलान, सुरेन्द्रबहादुर भण्डारी, प्रकाशकुमार के.सी., लेखराज डाँगी, टीकाबहादुर कार्की, श्याममणिप्रसाद मण्डल र जिवछ यादवलाई यसै सम्मानित अदालतबाट समाह्वान जारी गरिपाउँ भन्ने व्यहोराको अभियोग माग दावी ।

सुरेन्द्रबहादुर भण्डारीबाट लकडीको हैसियत जे जस्तो अवस्थामा छ, सोही अवस्थामा उठाउने गरी नाप पैमाइस नगरी एकमुष्ट रू.३,५०,०००।-मा विश्वासको आधारमा मैले काठ खरिद गरेको हुँ । उक्त काठ बिक्री वितरण गर्नको लागि कल्याण बरालमार्फत पोखराका टीकाबहादुर कार्कीसँग सम्पर्क भई निजले काठ लिने तय भएपछि नपुग काठ मिलमै नाप्ने सर्तमा कल्याण बराललाई काठ पुऱ्याउने जिम्मा लगाई आफू गए र कल्याण बरालले तीनवटा ट्रक बुक गरी उक्त ट्रकमा ७० वटा गोलिया काठ लोड गरी पोखरातर्फ गएका हुन् । त्यसरी लैजाने क्रममा इलाका वन कार्यालयहरूमा जाँच गराउने सिलसिलमा सहायक वन अधिकृत रामानन्दप्रसाद कुर्मीले कपिलवस्तुमा ट्रक चेक गरी शङ्का लागी वनरक्षक तिलकराम क्षेत्रीलाई उक्त ट्रक साथै पोखरा पठाएका रहेछन् भन्ने व्यहोराको प्रतिवादी अमरबहादुर डाँगीको बयान ।

मैले अमरबहादुर डाँगीलाई टीकाबहादुर कार्कीसँग परिचय गराई दिएको र बाँकी अरू कुरा अमरबहादुर र टीकाबहादुरले के के गर्नुभयो मलाई थाहा छैन । शालिकराम के.सी.लाई ड्राइभर भएकाले चिनेको हुँ । लेखराजसँग पहिला पनि मेरो सामान्य परिचय रहेको र निजले म पनि पोखरा जान्छु भनी मसँग भन्नुभयो र मैले हुन्छ जानुस् भनी छोडपुर्जीसमेत लेखराजलाई दिई पठाएको हुँ । तीनवटा ट्रक थियो नम्बर थाहा भएन ७० वटा गिण्डा थियो भन्ने व्यहोराको प्रतिवादी कल्याण बरालको बयान ।

कल्याण बरालले मेरो लकडी (साल जातको गोलिया काठ) कुसुममा छ । सो काठ पोखरासम्म ढुवानी गरी लिनुपऱ्यो छुट पुर्जीको काठ हो भनी भनेकाले मेरो ट्रकमा २४ थान साल जातको गोलिया काठ लोड गरेको हुँ । लु. १ ख. २०७० को ट्रकमा पनि कल्याण बरालको पुर्जीको काठ २३ थान लोड गरिएको

हो । ना. २ ख. २५३८ को ट्रकमा लोड गरेको काठ कसको हो भन्न सक्दिन । सो ट्रकमा पनि २३ थान गोलिया लोड गरिएको थियो र उक्त तीनवटा ट्रकहरू साथै चलाई पोखरा जाने क्रममा चन्द्रौटा भन्ने ठाउँमा पुगेपछि वन कार्यालयका कर्मचारीहरूले पक्राउ गरी ट्रक र सोमा भएको गोलिया काठ सहित तीनवटा ट्रक र हामी तीनजना ड्राइभर म तेजबहादुर कुँवर,शालिकराम के.सी. र भिष्मनाथ कुँवरलाई पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी तेजबहादुर कुँवर योगीको बयान ।

जुन पक्राउ भै बरामद भएका काठहरू छन् ती काठहरू बैजापुर इलाका वन कार्यालयअन्तर्गत धामपुर रेञ्जपोष्टको वन क्षेत्रबाट कटान भै कुसुम इलाका वन कार्यालयको सौरी रेञ्जपोष्टको वडा टोल गाँउमा घाटगद्दी भएको र त्यहाँबाट नै तीनवटा ट्रकमा काठहरू लोड भै पोखरातिर लगिएको भन्ने मैले सुनेको हुँ भन्ने व्यहोराको प्रतिवादी भिमप्रसाद पौडेलको बयान ।

अमरबहादुर डाँगी र कल्याण बरालले मनकामना ट्रासपोर्टमा आई लोड गरेको काठको अनुपातमा भाडा दिउँला भनी भनेको हुनाले पक्राउ परेका तीनवटै ट्रकलाई लिई प्रतिवादी अमरबहादुर डाँगी र कल्याण बराल गोलिया काठ भएको ठाउँमा गै उक्त लोड गर्ने काठ हेर्दा टाँचा लागेको देखिंदा मेरो २०७० को ट्रकमा २३ थान गोलिया लोड गरिएको हो । उक्त काठ अमरबहादुर डाँगी र कल्याण बरालले आफ्नो भनी लोड गराएका हुन् । पलियामा गएपछि छोडपुर्जी कोसँग छ भनी सोध्दा लेखराज डाँगीले छोडपुर्जी निकालेका र भण्डारीको छोडपुर्जी हो भनी भन्दथे । चन्द्रौटा भन्ने ठाउँमा तीनवटा ट्रक वनले जाँच गर्दा वनको एकजना मानिस साथ नै पोखरा वन कार्यालयमा बुझाएको हो भन्ने व्यहोराको प्रतिवादी भिष्मनाथ कुँवरको बयान ।

कल्याण बरालले पोखरा बस्ने टीका कार्कीका मिलमा लाने भनेर बेरिया पुलदेखि दक्षिणतर्फबाट रू.२२,०००।–भाडा दिने गरी ना. २ ख. ३५३८ नं. को ट्रकमा निज बरालले भनेबमोजिम २३ वटा साल जातको गोलिया काठ लोड गरिएको र मेरो ट्रकबाहेकका अन्य दुईवटा ट्रकमा पनि साल जातको गोलिया

काठ लोड गरी तीनवटै ट्रक साथसाथै चलाई ट्रकमा लेखराज डाँगी बसी तीनवटै ट्रकलाई अगाडि बढाउने क्रममा अमिलियाको वनको बेरियरमा २ जना ड्राइभरको रोहबरमा दरपीठ गराई त्यसपछि पोखरातर्फ जाने क्रममा कालाकाटीमा दरपीठ गऱ्यौं । त्यसपछि चन्द्रौटामा दरपीठ गराउन जाँदा चन्द्रौटाबाट एकजना वनका कर्मचारीको साथ लगाई तीनवटै ट्रकलाई पोखराको टीका कार्कीको मिलमा लगियो । त्यहाँ अनलोड गर्न नदिएपछि ३/४ दिनपछि इलाका वन कार्यालयमा ट्रकसहित राखी थुनामा राखिएको हो । हामी पक्राउ पर्दा लेखराज डाँगी साथमा थिए भन्ने व्यहोराको प्रतिवादी शालिकराम के.सी. को बयान ।

धामपुर रेञ्जपोष्टअन्तर्गत मंकाको जङ्गलमा सुख्खा,ढला पडा काठ (साल काठ) को कटान भै कुसुम इलाका वनअन्तर्गतको वडा टोल भन्ने ठाउँमा घाटगद्दी भएको हो । नापजाँच पैमाइसमा रेञ्जर जिवछ यादव नै संलग्न हुनुहुन्थ्यो,के कति काठ परिमाण थियो मलाई थाहा छैन । काठ गोलिया ९२ वटा विमार्का छ भनी अधिकृत श्याममणिप्रसाद मण्डलले मलाई जानकारी गराउनुभएको हो । कसले त्यहाँबाट उठायो मलाई थाहा छैन । काठ उठाउने तथा लिलाम गर्नेसम्बन्धी रेञ्जरलाई थाहा हुने कुरा हुन् भन्ने व्यहोराको प्रतिवादी वासुदेव आचार्यको बयान ।

धामपुर रेञ्जपोष्टअन्तर्गतको मंका नामको जङ्गलमा ढलापडारूपमा रहेका सुख्खा काठ कटान गरेको हो । त्यहाँबाट काठहरू कुसुम इलाका वन कार्यालयअन्तर्गत बाघखोर रेञ्जपोष्टमा घाटगद्दी गर्न वडा गाउँ टोलमा राखिएको थियो । त्यहाँबाट पैमाइस हुँदा ९२ थान काठ थिए । उक्त काठको नाप पैमाइसमा जम्मा ९४४.२६ क्यु. फिट काठ रहेको र सोही काठको विमार्कासमेत भएको थियो । सो विमार्कामा भएको सहिछापसमेत मेरो हो । सनाखत गरी लिएका काठ कसले कहिले उठायो थाहा भएन । काठमा टाँचा मार्दा ६१ वटा धोधर रहेका र ३१ वटा बिनाधोधरका काठ थिए । तत्काल हामीले घाटगद्दीमा काठ नलेखे पनि मैले समेत प्रतिवेदन दिएको हुँ हाल थाहा भए अनुसार ७० गिण्डा काठ ३ वटा ट्रकमा पोखरातर्फ लगेकोमा पक्राउ परी प्रस्तुत मुद्दा चलेको हो भन्ने थाहा भएको हो भन्ने व्यहोराको प्रतिवादी मनबहादुर खत्रीको बयान ।

मिति २०५९।३।३ गतेदेखि मिति २०५९।३।६ गतेसम्म धामपुर, देउपुरा माइको वन जङ्गलमा टुर गस्ती गरेको र मिति २०५९।३।७ गतेदेखि ऐ. ९ गतेसम्म बैजापुर, शिवलालपुर, कुम्भपुरको वनमा टुर गस्ती गर्न खटाइएकाले टुर गस्ती गर्न गएको थिएँ । धामपुर रेञ्जपोष्टअन्तर्गत मंका नामको जङ्गलमा रहेको सुकेका ढलापडा काठ कटान गरी कुसुम इलाका वनअन्तर्गत वडा टोल गाउँमा घाटगद्दी गरी राखेको र त्यसरी राखेका काठमध्ये गोलिया काठ नाप पैमाइस गरी सोको हुने नाप ९४४.२६ क्यु.फिट उल्लेख गरी ज. वि. नामक विमार्का मूल्य टाँचा लगाई सोमा सहिछापसमेत गरेको हुँ । उक्त विमार्का मुचुल्कामा भएका काठ कहाँ कसको रोहबरमा कसले लगे मलाई थाहा छैन रेञ्जर र अधिकृतलाई थाहा होला काठ कहिले पठाएको हो सो पनि थाहा छैन भन्ने व्यहोराको प्रतिवादी तिलकराम कुम्हारको बयान ।

धामपुर रेञ्जपोष्टअर्न्तगत वडा टोल नजिकको चौर जहाँ काठको घाटगद्दी विमार्का नाप पैमाइस भएको थियो सो ठाउँमा ढुङ्गा रहेकाले ढुङ्गा बटुल्ने क्रममा म त्यहाँ लेवरहरूसमेत लिएर गएको थिएँ । काठ विमार्का नाप जाँच पैमाइस कार्यका लागि म त्यहाँ गएको होइन । मैले काठ नाप जाँच पैमाइस विमार्का हुँदाका अवस्था देखिन र काठ ट्रकमा लोड गराएको समेत होइन । किन काठ लोड गराएको भनी लेखिन गयो सो भन्न सक्दिन भन्ने व्यहोराको प्रतिवादी प्रकाशकुमार के.सी.ले गरेको बयान ।

बाँके, बैजापुर र खासकुस्माअन्तर्गतको धामपुर रेञ्जपोष्टको प्लट नं. ५ को ८० को जिल्ला वन कार्यालय, बाँकेले ओम खाद्य भण्डारको प्रतिनिधि सुरेन्द्रबहादुर भण्डारीको लागि उक्त धामपुर रेञ्जपोष्ट प्लट नं. ८० को काठहरू र दाउरा पोखरासम्म लैजानको लागि छोडपुर्जी दिएको कुरा मैले छोडपुर्जी दिएको २/४ दिनपछि थाहा पाएको हुँ । जिल्ला वन कार्यालय, बाँकेले ओम खाद्य भण्डारको प्रतिनिधि सुरेन्द्रबहादुर भण्डारीलाई छोडपुर्जी दिएको काठहरू म कार्यरत इलाका वन कार्यालय, मेहमानपुरकै प्लट नं. ८० को हो भन्ने व्यहोराको प्रतिवादी श्याममणिप्रसाद मण्डलको बयान ।

धामपुर रेञ्जपोष्टअन्तर्गतको प्लट नं. ५ को मंका नामका जङ्गलमा ढलापडारूपमा रहेको काठहरू कटान मुछान गरी कुसुम इलाका वन कार्यालयअन्तर्गतको वडा टोल नजिकको चौरमा घाटगद्दी भएको साल गोलिया थान ९२ को ९४४.२६ क्यु. फिट काठको ओम खाद्य भण्डारको नाममा जिल्ला वन कार्यालयले पोखरासम्म लैजानका लागि छोडपुर्जी दिएको थियो । काठ इलाका वन अधिकृतको हैसियतले श्याममणिप्रसाद मण्डलले नापी मेरो नाप साइजलाई ठीक छ भनी प्रमाणित गर्नु भएको र सोही नाप जाँचलाई जिल्ला सहायक वन अधिकृत दिनप्रसादसमेतले नापी ठीक छ भनी प्रमाणित गरी जिल्ला वन कार्यालयमा प्रतिवेदन दिई टिप्पणीसमेत उठेको हो । सो कागजात प्रस्तुत मिसिल सामेल नहुँदा झिकाई पाउँ नाप साइज कसरी फरक पर्न गयो मलाई थाहा छैन भन्ने व्यहोराको प्रतिवादी जिवछ यादवको बयान ।

ओम खाद्य भण्डार नामका मेरो व्यवसायी फर्म छ । सो फर्मबाट विभिन्न किसिमका थोक व्यापार व्यवसाय सञ्चालन गरी आएको छु । मेरो उक्त व्यवसायिक फर्मले जिल्ला वन कार्यालय, बाँकेबाट विभिन्न इलाका वन कार्यालयअन्तर्गतका रेञ्जपोष्टबाट काठ खरिद गर्नका लागि टेन्डर आह्वान गरेको थियो । सोही अनुसार मेरो फर्मको नामबाट पनि टेन्डर हालेकोमा मेरो उक्त ओम खाद्य भण्डार नामक फर्मलाई टेन्डर परेकाले कानूनबमोजिम बुझाउनुपर्ने सम्पूर्ण खालका रकमहरू बुझाउन र काठ उठाई लिन सुरेन्द्र भण्डारीलाई अख्तियारी दिएको हुँ । सो सबै खालका अख्तियारीका कुराहरू कागजातमा छन् । उक्त ठाउँबाट मेरो ओम खाद्य भण्डार नामक फर्मले ९२ थान गोलिया काठ र ३ चट्टा दाउरा खरिद गरेको हो । त्यो गोलिया काठको के कति क्यु. फिट थियो हाल याद भएन । के कसरी काठ नाप फरक पर्‍यो भन्न सक्दिन भन्ने व्यहोराको प्रतिवादी अलकादेवी जलानको बयान ।

प्रतिवादी लेखराज डाँगीले तीनवटा ट्रकमा काठ लोड गराई जानुभएको थियो । उक्त तीनवटा ट्रकमा ७० थान गोलिया साल जातका काठ लोड गरेर गएका थिए । प्रतिवादी लेखराज डाँगीलाई कास्कीको इलाका वन कार्यालय, कुँडहरले

तीनवटा ट्रकहरूमा काठ लोड गराई लगेका कारण उक्त काठ अवैध के कस्ता हुन् नाप पैमाइस दुरूस्त छ,छैन छानबिनका लागि हिरासतमा लिएको थियो । लेखराज डाँगीलाई म नगेन्द्रबहादुर के.सी.,तिलबहादुर क्षेत्री र लक्ष्मी कोइरालाको जिम्मामा हिरासतमा लिइएको हो । लेखराज डाँगी मिति २०५९।३।२९ गते राति हिरासतबाट भागेका हुन् भन्ने व्यहोराको प्रतिवादी नगेन्द्रबहादुर के.सी. को बयान ।

कल्याण बरालसँग टेलिफोनमा कुरा भएअनुसार मालको अवस्था हेरी प्रति क्यु. फिट रू. ४१५।-सम्म दिने कुरा भए अनुसार पोखरामा रहेको मेरो उद्योगमा लगिएको भन्ने सुनेको थिएँ । काठ मेरो उद्योगसम्म पुगेन । कसको नाममा छोडपुर्जी थियो मलाई थाहा भएन । ४ हजार क्यु. फिट साल जातको काठ लिने कुरा भएको थियो । मेरो उद्योगमा काठ पुगी सकेपछि नाप गरी लिने कुरा भएको हो । नाप जाँचमा के कसरी फरक पर्‍यो म भन्न सक्तिन भन्नेसमेत व्यहोराको प्रतिवादी टीकाबहादुर कार्कीको बयान ।

प्रतिवादी लेखराज डाँगीलाई नगेन्द्रबहादुर के.सी. र लिलबहादुर खत्रीको भगाउने कार्यमा संलग्नता छैन । बिरामी भएँ भन्ने निहुँ पारी भागेका हुन् । प्रलोभन पनि केही छैन । पहिला लेखराज डाँगीसँग प्रतिवादी नगेन्द्रबहादुर र लिलबहादुरको परिचय चिनजान केही थिएन भन्ने व्यहोराको प्रतिवादी नगेन्द्रबहादुर के.सी. र लिलबहादुर खत्रीको साक्षी रामराज ढुङ्गानाको बकपत्र ।

यी प्रतिवादी भिमप्रसाद पौडेलको चालचलन आचरण राम्रो छ । प्रस्तुत मुद्दाको प्रकृति अनुसार यी प्रतिवादी भिमप्रसादउपर उक्त मुद्दा चल्नुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी भिमप्रसाद पौडेलको साक्षी दिपबहादुर शाहीको बकपत्र ।

टीकाबहादुर कार्की राम्रो संस्कारमा हुर्केका राम्रा चरित्र भएको सामाजिक काम गर्ने व्यक्ति हुन् । काठ तस्करी गरेर काठ मिल सञ्चालन गर्ने मानिस होइनन् भन्ने प्रतिवादी टीकाबहादुर कार्कीको साक्षी गिरीराज बरालको बकपत्र ।

यी प्रतिवादी जिवछ यादव, मनबहादुर खत्री, वासुदेव आचार्य र तिलकराम कुम्हारले पुर्जी सर्त उल्लङ्घन गरी बढी काठ नोक्सान गरेका होइनन् र गर्ने खालका व्यक्ति पनि होइनन् भन्ने प्रतिवादी जिवछ यादव, मनबहादुर खत्री, वासुदेव आचार्य र तिलकराम कुम्हारको साक्षी प्रेमराज पौडेलको बकपत्र ।

सबै काम सुरेशले नै गरे गराएका हुन् । प्रतिवादी अलकादेवी जलानले लिलाममा सकार गरेको भन्दा बढी काठ पैमाइस गरी लिएको भन्ने दावी झुट्ठा हो । प्रतिवादी अलकादेवीको चालचलन राम्रो छ । कुनै फौजदारी मुद्दामा सजाय पाएका छैन भन्ने प्रतिवादी अलकादेवी जलानको साक्षी अशोकजङ्ग राणाको बकपत्र ।

प्रतिवादी श्याममणिप्रसाद मण्डलले प्लट नं. ८० धामपुर रेञ्जपोष्टको ९२ थान गोलिया काठ कटान, छपान र घाटगद्दीलगायतका कार्यहरू गरेको होइन । जिवछ यादव सम्बन्धित रेञ्जपोष्टको कर्मचारी हुँदा उहाँले नै गरेका हुन् भन्ने प्रतिवादी श्याममणि प्रसाद मण्डलको साक्षी गुड्डु खाँको बकपत्र ।

प्रतिवादी अमरबहादुर डाँगीले ठेकेदार सुरेन्द्र भण्डारीबाट रू.३,५०,०००।- मा खरिद गरी निज अमरबहादुर डाँगीबाट कल्याण बरालले टीका कार्कीलाई बिक्री गराई टीका कार्कीले रू.२,००,०००।- अमरबहादुरको बैङ्क खातामा जम्मा गरी दिई पठाएका रहेछन् भन्ने प्रतिवादी अमरबहादुर डाँगीका साक्षी कविराज अधिकारीको बकपत्र ।

रेञ्जर जिवछ यादव, नि.स. वन अधिकृत श्याममणिप्रसाद मण्डल र रेञ्जर भिमप्रसाद पौडेल तीनजनाले जानीजानी वन पैदावार लिन पाएको पुर्जीमा उल्लेख भएका सर्तहरू उल्लङ्घन गरी वन पैदावार नोक्सान गरेको हुँदा निजहरूको उक्त कार्य वन ऐन, २०४९ को दफा ४९ को (घ) (ङ) र (ज) अन्तर्गतको हुँदा निजहरू तीनजनालाई वन ऐन, २०४९ को दफा ५० को १(घ)(४) बमोजिम निजहरूले अनियमीतता गरी आफूलाई फाइदा र राष्ट्रको सम्पत्ति वन पैदावार

नोक्सान गरेको हुँदा बिगो रू.९५,३९८ को दोब्बर रू.१,९०,७९६।-जनही जरिवाना हुने ठहर्छ ।

प्रतिवादी वन रक्षक वासुदेव आचार्य, मनबहादुर खत्री र तिलकराम कुम्हार ३ जना वन रक्षकहरू वन नोक्सान गर्ने कार्यमा संलग्नता भएको भन्ने नदेखिँदा अभियोग दावीबाट सफाइ पाउने ठहर्छ । प्लट नं. ८० को ठेक्का पट्टा लिने ओम खाद्य भण्डारका मालिक अलकादेवी जलानको पनि कहिंकतै संलग्नता रहेको देखिँदैन । आफू घाटगद्दी गर्दा एवम्टाँचा विमार्का गर्ने ठाउँमा समेत नआएको भन्ने कुरा बयानबाट समेत देखिन आएबाट निजले सफाइ पाउने ठहर्छ । सुरेश भन्ने सुरेन्द्रबहादुर भण्डारीले वन ऐन, २०४९ को दफा ४९ (घ) (ङ) र (ज) को कसुर गरेको हुँदा ऐ. को दफा ५० (१) को (घ) (४) बमोजिम बिगो रू.९५,३९८।-को दोब्बर १,९०,७९६।-जरिवाना हुने ठहर्छ ।

प्रतिवादी अमरबहादुर डाँगीको हकमा विचार गर्दा निजले सुरेन्द्रसँग छोडपुर्जी मुताबिक ९२ थान गिण्डा काठ लिएको जसमा जिल्ला वन कार्यालयको टाँचा लागेको र सोमध्ये ७० थान गिण्डा पोखरामा हालसम्म रहिरहेको र २२ वटा बाँकेमा रहेको मिसिलबाट देखिन आएबाट यिनले उक्त ९२ थान टाँचा नलगाइएको लिएको भन्ने वादी पक्षको दावी नहुँदा निजले जानीजानी वनलाई हानि पुऱ्याउने कार्य गरेको भन्न मिलेन । अभियोग दावी अनुसारको कसुर यी अमरबहादुर डाँगीले गरेको नहुँदा सफाइ पाउने ठहर्छ । पोखराबाट प्राप्त मुचुल्काबाट परिमाण ११४१.२५ मध्ये यिनले छोडपुर्जी मुताबिकको ९४४.२६ क्यु. फिट काठ वैध काठ नै हुँदा ७० गिण्डामध्येबाट हिसाब गरी ९४४.२६ क्यु.फिट काठ फिर्ता पाउने ठहर्छ । पोखरामा भएको ७० थान मध्येबाट ९४४.२६ क्यु.फिट कटाई बाँकी हुने काठहरू र बाँके घाटगद्दीमा रहेका २२ थान गिण्डासमेत वन ऐन नियमबमोजिम जफत हुने ठहर्छ ।

अन्य प्रतिवादीहरू लेखराज डाँगी प्रकाशकुमार के.सी., कल्याण बराल, टीकाबहादुर कार्की, भिष्मनाथ कुँवर, तेजबहादुर कुँवर, शालिकराम के.सी. को हकमा विचार गर्दा यी प्रतिवादीहरूले उक्त वन पैदावर नोक्सान गरेको भन्ने यथेष्ट

सबुद प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिँदा यी प्रतिवादीहरूले पूर्णरूपले सफाइ पाउने ठहर्छ ।

वन रक्षक प्रतिवादी नगेन्द्रबहादुर के.सी. सशस्त्र वन रक्षक लिलबहादुर के.सी. को हकमा लेखराज डाँगीलाई थुनाबाट भगाएको भन्ने अभियोसम्म हुँदा प्रस्तुत मुद्दामा निजको संलग्नता नभएको हुँदा दुबैले पूर्णरूपमा सफाइ पाउने ठहर्छ ।

वन ऐन, २०४९ को दफा ६६ अनुसार बरामद भएको बोझा बाहक साधन जफत हुने कानूनी प्रावधान भए पनि जफत गर्दा अन्याय पर्न सक्ने चर्को सम्भावनालाई मध्यनजर राखी र चालकहरूले जानीजानी अवैध काठ बोकेको नहुँदा वादी दावी अनुसार तीनवटा ट्रकहरू जफत नहुने ठहर्छ भन्ने समते व्यहोराको सुरू बाँके जिल्ला अदालतको मिति २०६०।१०।२ को फैसला ।

जिल्ला वन अधिकृतले आफ्नो गल्ती कमजोरी लुकाई उहाँले नै लाए अह्राएको काम गरी दिने हामी निमुखा कर्मचारीलाई अनाहकमा असान्दर्भिक पुर्जीको सर्त उल्लङ्घन गरेको ठहर गरी सजाय गर्न मिल्ने होइन । कर्मचारीले आफूले पाएको जिम्मेवारी वा अख्तियारी पूरा नगरेको वा दुरूपयोग गरेको अवस्थामा वन ऐनबमोजिम कारवाही गर्नुपर्नेमा अनाहकमा यथार्थ कुरा नबुझी ठेकेदारसरह म पुनरावेदकसमेतलाई सजाय गर्ने गरी भएको सुरू फैसला अन्यायपूर्ण रहेकाले बदर गरी मलाई सफाइ दिई न्याय इन्साफ गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक/प्रतिवादी श्याममणिप्रसाद मण्डलको पुनरावेदन अदालत, नेपालगन्जमा परेको पुनरावेदनपत्र ।

समान प्रकृतिको अभियोग दावीमा अन्य प्रतिवादीहरूले सफाइ पाइसकेको अवस्थामा पुर्जि सर्त उल्लङ्घन मबाट नभएको भनी मेरो साक्षीसमेतले किटानी गरी म कसुरमा नरहेको प्रमाणित गरी बकपत्रसमेत गरेकोमा सोतर्फ विश्लेषण नै नगरी हचुवा तवरबाट मसमेतलाई कसुरदार ठहऱ्याएको फैसला मनोगत रहेको प्रष्ट हुँदा सुरू फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको

पुनरावेदक/प्रतिवादी जिवछ यादवको पुनरावेदन अदालत, नेपालगन्जमा परेको पुनरावेदनपत्र ।

सुरू अदालतले मेरो बुझ्नुपर्ने प्रमाणहरू नबुझी नबुझ्नुपर्ने प्रमाणहरू बुझी प्रस्तुत मुद्दामा विमार्का रोहबर साक्षीबाहेक कुनै संलग्नता नरहेको व्यक्तिलाई मुख्य कारणीसरह जरिवाना गरी मलाई हराई गरेको फैसला त्रुटिपूर्ण भै बदरभागी हुँदा बदर गरी पूर्ण सफाइ पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक/प्रतिवादी भिमप्रसाद पौडेलको पुनरावेदन अदालत, नेपालगन्जमा परेको पुनरावेदनपत्र ।

यसमा प्रतिवादीमध्येका जिवछ यादवले आफ्नो जिम्माको नं. १५५ को टाँचा लगाएको काठ भन्दा पृथक काठ बरामद भएकोमा निजलाई समेत कसुरदार ठहऱ्याएको वन कार्यालयले प्रतिवादीलाई ९४४.२६ क्यु.फिट काठ लान अनुमति दिएकोमा ३ वटा ट्रकबाट ११४१.२५ क्यु.फिट काठ बरामद भएकोमा १९६.९९ क्यु.फिटमात्र बढी बरामद भएको देखिएकाले त्यक्तिकै काठको बिगो कायम गर्नुपर्नेमा घाटगद्दी गरेको स्थानमा नै रहेको र प्रतिवादीले नलगेको र फैसलाबाट जफत गर्ने ठहऱ्याएको काठसमेतको बढी बिगो कायम गरी प्रतिवादीहरूलाई जरिवाना गर्ने ठहऱ्याएको समेत बाँके जिल्ला अदालतको फैसला त्रुटिपूर्ण देखिएकाले सो फैसला फरक पर्न सक्ने हुँदा अ.बं. २०२ नं. र पुनरावेदन अदालत नियमावली, २०४८ बमोजिम छलफलका निमित्त पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगन्जलाई पेसीको सूचना दिई नियमबमोजिम पेस गर्नु भन्ने मिति २०६१।१०।१३ मा पुनरावेदन अदालत, नेपालगन्जबाट भएको आदेश ।

वादी पक्षको माग दावीबमोजिम सुरू फैसलाबाट सफाइ पाउने प्रतिवादीहरूका हकमा सम्म बदर गरी सुरू अभियोगपत्र माग दावीबमोजिम विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूलाई सजाय गरी बरामद भएका ट्रकहरूसमेत जफत गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत,नेपालगन्जमा परेको पुनरावेदनपत्र ।

यसमा वन कार्यालयले अनुमति दिएभन्दा बढी काठ विमार्का गरेको, बढी काठलाई कम परिमाण देखाई लोड गरी दिएको काठ लिलामका सकार गर्ने अलकादेवी जलानले कम परिमाणको काठ सकार गरी बढी परिमाण काठ लगेको भन्ने र प्रतिवादी नरेन्द्रबहादुर के.सी. र लिलबहादुर क्षेत्रीलाई प्रतिवादी लेखराज डाँगीलाई हिरासतबाट थुनुवा भगाएको कसुरमा अभियोग लागेकोमा निजहरूलाई कसुरबाट सफाइ दिएको समेत देखिँदा विरूद्व खण्डका १४ जना प्रतिवादीहरूका हकमा भएको सुरू फैसलामा सबुद प्रमाणको मूल्याङ्कन एवम् विश्लेषण हुन सकेको नदेखिएकाले सो फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६३।२।२२ को आदेश ।

पुनरावेदक/प्रतिवादी भिमप्रसाद पौडेल, जिवछ यादव र श्याममणि प्रसाद मण्डलले वन ऐन, २०४९ को दफा ४९ को देहाय (घ) (ङ) र (ज )को कसुर गरेको ठहर गरी सोही ऐनको दफा ५० को उपदफा (१) को खण्ड घ(४) बमोजिम बिगोको दोब्बर जरिवाना गर्ने गरेको हदसम्म सुरू बाँके जिल्ला अदालको फैसला मिलेकै देखियो । सो जरिवाना कसुर ठहर भएका प्रतिवादीहरूलाई दामासाही लगाई जरिवाना तोक्नुपर्नेमा अन्यथा गरेको हदसम्म नमिलेकाले केही उल्टी हुने ठहर्छ । सुरू म्यादै गुजारी बस्ने सुरेश भन्ने सुरेन्द्रबहादुर भण्डारीका हकमा समेत मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम उक्त जरिवाना दामासाही लगाई लगत कस्नु र सुरू फैसलाबाट सफाइ पाउने अन्य प्रतिवादीहरू टीकाबहादुर कार्की, अमरबहादुर डाँगीसमेतका हकमा जिल्ला वन कार्यालय, बाँकेका नाउँमा जारी भएको पुनरावेदनको मिति २०६०।१२।१६ मा पुनरावेदन म्याद बुझेकोलाई वादी नेपाल सरकारको तर्फबाट अन्यथा भन्न सकेको अवस्थासमेत नहुँदा मिति २०६०।१२।१६ मा पुनरवेदनको म्याद पाएको सो मितिले कानूनको म्याद नघाई पुनरावेदन दायर हुन आएको प्रस्तुत पुनरावेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।१२।२५ को फैसला ।

सुरूबाट भएको फैसला मिति २०६१।११।११ मा पुनरावेदकले लिई सारी सो मितिमा थाहा पाई कानूनले निर्दिष्ट गरेको म्यादभित्रै वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परेको अवस्थामा सोतर्फ विचार नगरी सुरू अदालतले जिल्ला सरकारी वकीलको कार्यालय, बाँकेलाई पुनरावेदन म्याद दिनुपर्नेमा नदिई जिल्ला वन कार्यालय, बाँकेले सुरू फैसलाको पुनरावेदनको म्याद मिति २०६०।१२।१६ मा बुझेको देखिँदा सोलाई नै वादी नेपाल सरकारले पुनरावेदनको जानकारी पाएको मान्नुपर्ने भनी वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदनपत्र खारेज हुनेसमेत गरी भएको उक्त फैसलामा गम्भीर कानूनी त्रुटि हुँदा उक्त फैसला बदरभागी छ ।

नेपाल सरकारको कर्मचारी प्रतिवादी वासुदेव आचार्य, मनबहादुर खत्री, तिलकराम कुम्हार जना ३ का हकमा निम्नस्तरका वन कर्मचारी भएकाले लाए अह्राएको काम गर्ने र क्यु. फिटको हिसाब गर्न नजान्ने भन्ने झिनो तर्क लिई सफाइ दिने आधार बनाइएको छ ।

प्रतिवादीलाई थुनामा राख्ने जिम्मा लिने वन कर्मचारी लिलबहादुर क्षेत्री र नगेन्द्रबहादुर के.सी. यी प्रतिवादीहरूलाई सफाइ दिएको फैसलामा कानूनी त्रुटि भई न्यायको रोहमा मिलेको छैन ।

बरामद सम्पूर्ण काठहरूमध्ये केही वैध र केही अवैध भन्ने खुल्न आएको अवस्थामा सामान बुझी लिने व्यक्तिले जाँची बुझी एकिन गरी लिनुपर्नेमा सो नगरी वन कर्मचारीहरूसँगको मिलोमतो साँठगाँठ गरी लिए दिएको भन्ने पनि मिसिल संलग्न कागजातहरूबाट स्पष्ट खुल्न आएको अवस्था हुँदा प्रतिवादी अमरबहादुर डाँगीलाई सफाइ दिएको फैसला कानूनी विपरीत भई बदरभागी हुँदा बदर गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट मिति २०६६।६।१६ मा यस अदालतमा परेको पुनरावेदनपत्र ।

म पुनरावेदक प्रतिवादी इलाका वन कार्यालय, बैजापुरअन्तर्गत धामपुर रेन्ज पोष्टको अख्तियार पाएको रेन्जर कर्मचारी नभै इलाका वन कार्यालय, कुसुमअन्तर्गत बाघखोर रेन्जपोष्टको अख्तियारप्राप्त रेन्जर हुँ । पोखरा लैजाँदै गर्दा तीनवटा

ट्रकहरूबाट कपिलवस्तुमा बरामद भएका कथित साल गिण्डाहरू म पुनरावेदक प्रतिवादीसमेत रोहबरमा बसी तयार गरिएको विमार्का मुचुल्काबमोजिम लगाइएका ब.वि. टाँचा अनुसारका गोलिया काठ होइनन् । मलाई इलाका वन कार्यालय, बैजापुर धामपुर रेन्जपोष्टअन्तर्गत वडा टोल घाटगद्दी स्थलमा गै विमार्का हुँदाका अवस्थामा विमार्का मुचुल्कामा रोहबर साक्षी बस्नु होला" भन्ने पत्रादेशबमोजिम विमार्का मुचुल्काको रोहबर साक्षीसम्म बसेको हुँ । तसर्थ सुरू फैसला र सो फैसलालाई सदर गर्ने पुनरावेदन अदालत, नेपालगन्जको फैसला बदर गरी पूर्ण सफाइ पाउँ भन्ने मिति २०६६।८।३ मा पुनरावेदक प्रतिवादी भीमप्रसाद पौडेलको यस अदालतमा परेको पुनरावेदनपत्र ।

म पुनरावेदकले कानूनद्वारा प्रदत्त अधिकार क्षेत्रभित्र रही कटान र घाटगद्दीको सम्म काम गरेको हो । मैले घाटगद्दी गराएकै काठहरू नै बरामद भएको भन्ने स्पष्ट नभएको अवस्था रहेको र उक्त कुरा बरामदी मुचुल्काका व्यक्तिहरूले समेत अदालतमा आई बयान गरेको अवस्था नभएको तथा सो बरामदी मुचुल्कालाई सही र सत्य हो भनी ठोसरूपमा भन्न नसकिने हुँदा सोही बरामदी मुचुल्कालाई मात्र आधार बनाई मलाई सजाय गर्ने गरेको र त्यही कार्यमा संलग्न अरूलाई सफाइ दिने गरी भएको बाँके जिल्ला अदालत तथा पुनरावेदन अदालत, नेपालगन्जको फैसला बदरभागी छ बदर गरिपाउँ भन्ने व्यहोराको पुनरावेदक प्रतिवादी जिवछ यादवको मिति २०६६।११।२६ मा यस अदालतमा परेको पुनरावेदनपत्र ।

यसमा जिल्ला वन अधिकृतले आफ्नो गल्ती, दोष र कमजोरी लुकाई उहाँले नै लाए अह्राएको काम गरी दिने हामी निमुखा कर्मचारीलाई अनावश्यक असान्दर्भिक पुर्जिको सर्त उल्लङ्घन गरेको ठहर गरी सजाय गर्न मिल्ने होइन । कर्मचारीले आफूले पाएको जिम्मेवारी वा अख्तियारी पूरा नगरेको वा दुरूपयोग गरेको अवस्थामा मात्र वन ऐनबमोजिम कारवाही गर्नुपर्नेमा अनाहकमा म पुनरावेदकसमेतलाई सजाय गर्ने गरी भएको फैसला कानूनविपरीत भएकाले पुनरावेदन अदालत, नेपालगन्जबाट भएको फैसला उल्टी गरी म पुनरावेदक

प्रतिवादीलाई पूर्ण सफाइ हुने ठहर गरी न्याय गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादी श्याममणिप्रसाद मण्डलको यस अदालतमा परेको पुनरावेदनपत्र ।

नियमबमोजिम दैनिक पेसीसूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले प्रतिवादीहरू लिलबहादुर क्षेत्री र नगेन्द्रबहादुर के.सी. ले प्रतिवादीहरूलाई कैदबाट भगाउन मद्दत गरेका छन् । प्रतिवादीलाई कैदबाट भगाउन मद्दत गरेको अवस्थामा समेत सफाइ दिएको तथा अन्य प्रतिवादीहरू प्रकाशकुमार के.सी., कल्याण बराल, टीकाबहादुर कार्कीसमेतको उक्त वारदातमा संलग्न भएको भन्ने कुरा खुल्न आएको अवस्थामा प्रतिवादी अमरबहादुर डाँगीलगायतका व्यक्तिहरूलाई सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, नेपालगन्जको त्रुटिपूर्ण हुँदा फैसला बदर हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

त्यसैगरी पुनरावेदक प्रतिवादी जिवछ यादवको तर्फबाट उपस्थित विद्वान्अधिवक्ताहरू श्री राजन निरौला र ईश्वरीप्रसाद ज्ञवालीले यी पुनरावेदक प्रतिवादी जिवछ यादवको अधिकारभित्र पर्ने व.वि. १५५ टाँचा लागेको काठभन्दा पृथक काठ व.वि. १०३ नं. टाँचा मात्र लागेको काठ बरामद भएकोमा सो तथ्यको विवेचना नगरी भएको सुरू तथा पुनरावेदन अदालतको फैसला उल्टी गरी पुनरावेदकहरूले आरोपित कसुरबाट सफाइ पाउनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

पुनरावेदक प्रतिवादीहरू तथा पुनरावेदक वादी नेपाल सरकारको तर्फ दुबै पक्षबाट विद्वान्कानून व्यवसायीहरू एवम्उपन्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, नेपालगन्जको फैसला मिलेको छ छैन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू लेखराज डाँगीसमेतका १४ जनाका हकमा परेको नेपाल सरकारको पुनरावेदन कानूनले तोकेको म्यादभित्रको नहुँदा

पुनरावेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट र कसुरदार ठहर भएका प्रतिवादीहरूमध्ये भीमप्रसाद पौडेल, श्याममणिप्रसाद मण्डल र जिवछ यादवको छुट्टाछुट्टै पुनरावेदन परी निर्णयार्थ पेस हुन आएको देखियो ।

३. प्रतिवादीहरू लेखराज डाँगी, टीकाबहादुर कार्की, अमरबहादुर डाँगीसमेतका १४ जनाको हकमा आरोपित कसुरबाट सफाइ पाउने गरी सुरूबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट भएको फैसला बदर गरी अभियोग मागदावीबमोजिम प्रतिवादीहरूलाई सजाय गरी बरामद ट्रकसमेत जफत गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादीहरू अमरबहादुर डाँगीसमेत १४ जनाको हकमा वन ऐन, २०४९ को दफा ४९ को कसुरमा सोही ऐनको दफा ५० (१) (घ) ४ बमोजिम र नगेन्द्र के.सी. र दिलबहादुर क्षेत्रीलाई सोही ऐनको दफा ५० बमोजिम सजायको माग दावी भई अभियोग दायर भएकोमा निज प्रतिवादीहरूले आरोपित कसुर गरेको तथ्य स्थापित हुन नआएबाट सुरू बाँके जिल्ला अदालतबाट मिति २०६०।१०।२ मा फैसला भएको देखिन्छ ।

४. बाँके जिल्ला अदालतबाट भएको उक्त मिति २०६०।१०।२ को फैसलाउपर चित्त नबुझे ३५ दिनभित्र पुनरावेदन अदालत, नेपालगन्जमा पुनरावेदन गर्नु भनी पुनरावेदनको म्यादसहितको जानकारी बाँके जिल्ला अदालतको च.नं. ४४६५ मिति २०६०।१२।१२ को पत्रबाट जिल्ला वन कार्यालय, बाँकेलाई दिएकोमा जिल्ला वन कार्यालय, बाँकेले मिति २०६०।१२।१६ मा उक्त पुनरावेदनको म्याद बुझेको देखिन आएको छ । तर उक्त फैसलाको नक्कल २०६१।११।११ मा लिई फैसला भएको थाहा पाएको भनी मिति २०६१।११।३० मा पुनरावेदन दायर भएको देखिन आयो ।

५. पुनरावेदन गर्न पाउने हक कानूनी हक भएकाले मुद्दाका सम्बन्धित पक्षलाई कानूनबमोजिम पुनरावेदन गर्नु भनी कुनै पनि माध्यमबाट जारी गरिएको म्याद सम्बन्धित पक्षले प्राप्त गरेको छ भने सोही मितिबाट पुनरावेदन गर्ने म्याद

सुरू हुन्छ । म्याद जारी नगरिएको अवस्थामा सम्बन्धित पक्षले अर्को माध्यमद्वारा फैसलाको नक्कल लिएको छ भने सो नक्कल लिएको मितिबाट पुनरावेदन म्याद सुरू हुने हुँदा पक्षले पहिला कुन माध्यमबाट जानकारी पाएको छ त्योबाट नै पुनरावेदन गर्ने दिनको गणना हुने हो । पुनरावेदन गर्ने म्याद प्राप्त भएपछि नक्कल लिएको मितिलाई आधिकारिक मान्ने हो भने पुनरावेदनको म्याद जारी गर्नुको कुनै औचित्य नै नरहने र कानूनमा भएको पुनरावेदनसम्बन्धी कानूनी व्यवस्था नै पराजित हुन जाने हुँदा पक्षले जुन माध्यमबाट पहिला जानकारी प्राप्त गरेको छ सो मितिबाट नै पुनरावेदनको म्याद सुरू हुने हो तर फैसलाको आधिकारिक जानकारी प्राप्त गरेपश्चात् पुनः फैसलाको नक्कल लिई पुनरावेदनको म्याद कायम गरी दायर हुन आएको वादी नेपाल सरकारको पुनरावेदन कानूनसम्मत देखिन आएन ।

६. जिल्ला वन कार्यालय, बाँकेले मिति २०६०।१२।१६ मा पुनरावेदनको म्याद बुझेकोलाई वादी नेपाल सरकारको तर्फबाट अन्यथा भन्न सकेको अवस्थासमेत नहुँदा मिति २०६०।१२।१६ मा पुनरावेदनको म्याद पाएकोमा सो मितिले वन ऐन, २०४९ को दफा ६५ मा उल्लिखित ३५ दिनको म्यादभित्र वादी नेपाल सरकारको पुनरावेदन परेको नदेखिँदा सोही आधारमा पुनरावेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६६।१२।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन ।

७. अब, प्रतिवादीहरू जिवछ यादव, श्याममणिप्रसाद मण्डल र भीमप्रसाद पौडेलको पुनरावेदनको हकमा विचार गर्दा रूख कटान गरी ९४ थान साल जात काठको घाटगद्दी पासिङ टाँचा लगाएको भन्ने कुरा स्वीकार गरेका र सोही काठलाई पुनरावेदक/प्रतिवादी श्याममणिप्रसाद मण्डलले विमार्का टाँचा लगाएको र त्यसको परिमाण ९४४.२६ क्यु. फिट रहेको भनी छोडपुर्जीबाट देखिएको छ । यसरी उक्त छोडपुर्जीबमोजिम लोड गरिएको तीनवटा ट्रकमा ११४.८५ क्यु. फिट काठ बरामद भएको कुरा मिति २०५९।३।१६ मा भएको बरामदी मुचुल्काबाट देखिन्छ । उक्त काठहरू जिल्ला वन कार्यालय, बाँकेले दिएको च.नं. ३९३१ को

छोडपुर्जीका आधारमा लगेको भनिएको छ । बरामद भएको काठहरूमा टाँचा लागेको र छोडपुर्जीसमेत भएकाले भाडाका ट्रकहरूमा पोखरातर्फ लैजाँदै गरेको कुरा ट्रकका चालक, भीष्मनाथ कुँवर, शालिकराम के.सी., तेजबहादुर कुँवरको मौकामा भएको कागजहरूबाट देखिएको छ । उक्त काठको जाँचबुझ गरी व.वि. १०३ को टाँचा लगाउने काममा पुनरावेदक प्रतिवादी श्याममणिप्रसाद मण्डल, भीमप्रसाद पौडेलसमेत सलंग्न रहेको कुरामा अन्यथा देखिएन ।

८. बरामद भएको काठ यी पुनरावेदकहरूलाई सनाखत नगराइएको, निजहरूले लगाएको टाँचाको काठबाहेकका काठ बरामद भएको, काठको परिमाण छोडपुर्जी बढी देखिए सो बढी देखिएको हकमा राजस्व असुली गरीनुपर्ने, कर्मचारीउपर वन ऐन, २०४९ को दफा ४९ अन्तर्गतको कसुरमा मुद्दा दायर हुन नसक्नेसमेतको जिकिर लिएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीहरूबाटै टाँचा लागी छोडपुर्जी भएका काठहरू नै लोड गरी तीनवटा ट्रकहरू पोखरातर्फ लैजाँदै गर्दा बाटोमा पक्राउ परेको कुरा ट्रक चालक शालिकराम के.सी.समेतको मौकामा भएको कागजातबाट पुष्टि हुन आएको छ ।

९. बरामद भएका काठहरू जिल्ला वन कार्यालय, बाँकेबाट प्राप्त छोडपुर्जीबाहेक अन्य कहिं कतैबाट लोड गरिएको कुनै प्रकारको टाँचा लागेको भन्ने देखिएको छैन । तसर्थ बरामद भएका काठहरू यी प्रतिवादीहरूले व.वि. टाँचासमेत लगाई पठाएका काठबाहेकको काठ हो भनी तर्क गर्न मिल्ने देखिन आउँदैन ।

१०. यी प्रतिवादीहरूले ९४४.२६ क्यु. फिट काठको छोडपुर्जी तयार गरी १४२१.२५ क्यु. फिट काठमा टाँचा लगाई ट्रकमा पठाइएको अवस्था हुनाले काठ नापी गर्दा सामान्यरूपमा काठको परिमाण घटीबढी भएको अवस्था नभई बद्नियतसाथ छोडपुर्जीमा उल्लेख भएभन्दा बढी काठमा टाँचा लगाई पठाइएको देखिन्छ ।

११. के कस्तो कार्य गरेमा अपराध हुने भनी वन ऐन, २०४९मा व्यवस्था गरिएको छ । उक्त व्यवस्था देहायबमोजिम छः

दफा ४९ "कसैले पनि यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमाबाहेक राष्ट्रिय वनमा देहायका काम कारवाही गर्न गराउन र सो गर्ने गराउने उद्योगसमेत गर्न हुँदैन । त्यस्तो कुनै काम कारवाही गरेमा कसुर गरेको मानिनेछ :

दफा ४९(घ) "वन क्षेत्रबाट वन पैदावार हटाउन। ओसार पसार गर्न वा बिक्री वितरण गर्ने" दफा ४९ (ङ) "रूख वा विरूवा काट्न, हाँगा बिँगा छिमाल्न, खोटो वा बोक्रा झिक्न वा कुनै पनि प्रकारले नोक्सानी गर्न"

दफा ४९(ग) मा "वन पैदावार लिन पुर्जी पाएकोमा पुर्जी सर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गर्न" भन्ने उल्लेख छ ।

१२. उक्त दफामा उल्लिखित विवादका कार्य यी प्रतिवादीहरूबाट भएको हो होइन भन्नेतर्फ विचार गर्दा ९४४.२६ क्यु. फिट काठको छोडपुर्जी अनुसार सोही परिमाणमा सिमित रही बिक्री टाँचा लगाई पठाउनुपर्नेमा १४२१ क्यु. फिट भन्दा बढी काठमा टाँचा लगाई ४७६.७४ क्यु. फिट भन्दा बढी हिसाब लुकाई नियतवश वन पैदावारको हानि नोक्सानी गरेको तथ्यमा विवाद भएन । यस्तो स्थितिमा कर्मचारी भएको नाताले वन ऐन, २०४९ को दफा ४९ को कसुरमा कारवाही हुन नसक्ने भन्ने पुनरावेदक प्रतिवादीहरूको जिकिरसँग सहमत हुन सकिएन । निज प्रतिवादी भीमप्रसाद पौडेल, जिवछ यादव र श्याममणिप्रसाद मण्डलले वन ऐन, २०४९ को दफा ४९ को देहाय घ, ङ र ज को कसुर गरेको ठहर गरी को सोही ऐनको दफा ५० को उपदफा (१) को खण्ड घ (४)बमोजिम बिगोको दोब्बर जरिवाना गर्ने गरेको हदसम्म सुरू बाँके जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, नेपालगन्जको फैसला मिलेकै देखियो ।

१३. अतः माथि विवेचित आधार कारणबाट प्रतिवादीहरू अमरबहादुर डाँगी लगायतका १४ जनाको हकमा सुरू जिल्ला अदालतबाट सफाइ पाउने गरी भएको फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन म्यादभित्रको नहुँदा पुनरावेदन खारेज हुने र अन्य प्रतिवादीहरू भीमप्रसाद पौडेल, जिवछ यादव र श्याममणिप्रसाद

मण्डलको हकमा वन ऐन,२०४९ को दफा ४९ को देहाय (घ) (ङ) र (ज) को कसुरमा ऐ.ऐनको दफा ५० को उपदफा (१) को खण्ड घ (४)बमोजिम बिगोको दोब्बर जरिवाना गरी जरिवाना हुने ठहर भएका प्रतिवादीहरूलाई दामासाही लगाई जरिवाना तोक्नुपर्नेमा अन्यथा गरेको हदसम्म बाँके जिल्ला अदालतको मिति २०६०।१०।२ को फैसला सो हदसम्म केही उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत,नेपालगन्जको मिति २०६६।१२।२५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादीहरू भीमप्रसाद पौडेल,श्याममणिप्रसाद मण्डल र जीवछ यादवको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या. सुशीला कार्की

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम्

## १८. सुन्दर कार्की विरुद्ध रामेश्वर मानन्धर ०७३–FN–०३४६ (०७३–CI–०९४६)

सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

आदेश

०७३–FN–०३४६(०७३–CI–०९४६)

विषय: अन्तरकालीन आदेश जारी गरिपाऊँ ।

सुन्दर कार्की .....................................................निवेदक:पुनरावेदक/विपक्षी

विरुद्ध

रामेश्वर मानन्धर .....................................................विपक्षी:प्रत्यर्थी\निवेदक

मुद्दाः उत्प्रेषणयुक्त परमादेश

यसमा निवेदक सुन्दर कार्कीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री पुर्णमान शाक्य र श्री मुक्तिनारायण प्रधान, विद्वान अधिवक्ताहरु श्री सुर्य के.सी., डा. भीमार्जुन आचार्य, श्री रमन कुमार कर्ण र श्री कृष्ण थापा तथा विपक्षी रामेश्वर मानन्धरको तर्फबाट विद्वान अधिवक्ताहरु श्री हरिहर दाहाल र श्री बद्री बहादुर कार्की, विद्वान अधिवक्ताहरु श्री माधव कुमार बस्नेत र श्री शुकदेव काफ्लेले गर्नुभएको बहस सुनियो ।

यसमा विपक्षी रामेश्वर मानन्धर रिट निवेदक र निवेदक सुन्दर कार्की विपक्षी भै उच्च अदालत पाटनमा चलेको ०७२–WO–०८२९ नं. को उत्प्रेषणयुक्त परमादेश रिट निवेदनमा उच्च अदालत पाटनबाट नेपालको संविधानको धारा १४४(१) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१)बमोजिम उपयुक्त आदेश जारी हुने ठहरी मिति २०७३।९।२० मा भएको आदेशउपर विपक्षी यी निवेदकले मिति २०७३।९।२२ मा पुनरावेदन (०७३–CI–०९४६) नं. को पुनरावेदन दर्ता गरेको देखिन्छ । निवेदक सुरेन्द्र कार्कीले यस अदालतमा दायर गरेको पुनरावेदन विचाराधीन रहेकै समयमा उच्च अदालत पाटनको उक्त मिति २०७३।९।२० को आदेशको कार्यान्वयन हुने अवस्था भएकोले सो आदेश बमोजिमको पुनः मतगणनाको कार्य प्रस्तुत पुनरावेदनको किनारा नलागेसम्म नगर्नु नगराउन अन्तरकालीन आदेश जारी गरिपाऊँ भनी निज निवेदक सुरेन्द्र कार्कीले मिति २०७३।९।२४ मा निवेदन दिएको देखिन्छ । सो निवेदनमा यस अदालतबाट मिति २०७३।९।२५ मा जारी भएको अल्पकालीन अन्तर्कालीन आदेशलाई निरन्तरता दिने नदिने सम्बन्धमा मिति २०७३।१०।५ मा सुनुवाई हुँदा उच्च अदालत पाटनले नेपालको संविधानको धारा १४४(१) तथा यसमा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम गरेको आदेशमा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(२) को अवस्था विद्यामान नहुँदा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम निवेदकले पुनरावेदन गरी सो पुनरावेदनअन्तर्गत अन्तर्कालीन आदेश जारी गरिपाऊँ भनी परेको प्रस्तुत निवेदनको समेत औचित्य नहुने हुँदा मिति २०७३।९।२५ को अन्तर्कालीन आदेशलाई निरन्तरता दिनु नपर्ने राय मा. न्या. श्री दीपकराज जोशीबाट र पुनरावेदनको रोहबाट निर्णय नहुँदै उच्च अदालत पाटनको मिति २०७३।९।२५ को अन्तर्कालीन आदेशमा कुनै परिवर्तन नगरी निरन्तरता दिने राय मा.न्या. श्री जगदीश शर्मा पौडेलबाट राय व्यक्त भै प्रस्तुत निवेदन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पेश हुन आएको रहेछ ।

प्रस्तुत सन्दर्भमा यस अदालतबाट मिति २०७३।९।२५ मा जारी भएको अन्तर्कालीन आदेशलाई निरन्तरता दिनु पर्ने हो होइन ? भन्ने सन्दर्भमा विचार गर्दा

न्याय प्रशासन ऐन, २०७३ जारी हुनुपूर्व प्रचलनमा रहेको न्याय प्रशासन ऐ्न, २०४८ को दफा ९(१) मा "पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरुमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः– (क) पुनरावेदन अदमलतले शुरु कारवाही र किनारा गरेको मुद्दा........" भन्ने व्यवस्था रही सोही दफा ९(१) को आधारमा ऐ. (क) बमोजिम पुनरावेदन अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दामा तत्काल प्रचलित ऐन बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भै सोही बमोजिम कारवाही र किनारा हुँदै आएको देखिन्छ ।

न्याय प्रशासन ऐन, २०४८ खारेज भै न्याय प्रशासन ऐन, २०७३ मिति २०७३।६।३ देखि प्रचलनमा रहेको हुँदा न्याय प्रशासन ऐन, २०७३ ले उच्च अदालतको अधिकारक्षेत्र सम्बन्धमा नयाँ प्रावधानहरु के कस्तो गरेको रहेछ भनी हेर्नुपर्ने हुन्छ । साथै उच्च अदालतले गरेको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अधिकारक्षेत्रको सम्बन्धमा पनि नेपालको संविधान र न्याय प्रशासन ऐन, २०७३ मा के कस्तो कानूनी व्यवस्था रहेछ भनी हेर्नुपर्ने भएको छ । साबिक न्याय प्रशासन ऐन, २०४८ मा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर यस अदालतमा पुनरावेदन लाग्ने साबिकको कानूनी व्यवस्था अनुरुप नै हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ ले कानूनी व्यवस्था गरेको छ छैन भन्ने हरी विवेचना गर्नुपर्ने भएको छ ।

प्रस्तुत विवादमा उच्च अदालत पाटनबाट मिति २०७३।९।२० मा आदेश भएको पाइन्छ । सो आदेशउपर यस अदालतमा पुनरावेदन लाग्ने सक्ने नसक्ने के हो भन्ने सम्बन्धमा भै रहेको संवैधानिक र कानूनी व्यवस्था हेर्दा नेपालको संविधानको धारा १३३ ले सर्वोच्च अदालतको अधिकारक्षेत्रको व्यवस्था गरेको देखिन्छ । धारा १३३(४) मा "यस संविधानको अधीनमा रही सर्वोच्च अदालतलाई संघीय कानूनमा व्यवस्था गरेबमोजिम मुद्दाको शुरु कारवाही र किनारा गर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोर्याउने, निवेदन सुन्ने वा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुनेछ । त्यसरी पुनरावलोकन गर्दा पहिला

फैसला गर्ने न्यायाधीशबाहेक अन्य न्यायाधीशले गर्नेछन् । र धारा १३३(५) मा उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दाको पुनरावेदन सुन्ने र संविधान र कानूनको व्याख्या सम्बन्धी प्रश्न समावेश भएको सार्वजनिक महत्वको विषय वा सर्वोच्च अदालतबाट निर्णय हुनु उपयुक्त छ भनी उच्च अदालतले आफ्नो रायसहित सिफारिस गरेको मुद्दाको निरुपन गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ । त्यसरी पुनरावलोकन गर्दा पहिला फैसला गर्ने न्यायधीशबाहेक अन्य न्यायाधीशले गर्नेछन् । " भन्ने संवैधानिक व्यवस्था रहेको देखियो । यसबाट उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दाको पुनरावेदन सर्वोच्च अदालतले सुन्ने भन्ने उल्लिखित धारा १३३(४) र (५) को व्यवस्थाले उच्च अदालतले न्याय प्रशासन ऐन २०७३ को दफा ८(१) बमोजिम आदेश गरेको मुद्दाको पुनरावेदन लाग्ने हो होइन भन्नेतर्फ हेरी विवेचना गर्नुपर्नै देखिन्छ ।

न्याय प्रशासन ऐन, २०७३ को दफा ८ ले उच्च अदालतको अधिकारक्षेत्रको बारेमा व्यवस्था गरेको पाइन्छ । उल्लिखित दफा ८(१) मा "उच्च अदालतलाई संविधानको धारा १४४(१) बमोजिम परेकाक निवेदनमा सुनुवाई गरी आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार हुनेछ । र ऐ. भन्ने देहायका मुद्दामा दफा ८(२) मा उच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुनी निर्णय गर्ने अधिकार हुनेछः– (क) संघीय कानून बमोजिम उच्च अदालतबाट शुरु कारवाही र किनारा हुने मुद्दा, (ख) संविधानको धारा १४५(१) बमोजिम मातहतका अदालतबाट झिकाइएको मुद्दा" भन्ने उल्लेख भएको देखिन्छ ।

उल्लिखित कानून प्रावधानबाट उच्च अदालतलाई मूलतः ३ वटा प्रकृतिको विवादमा शुरु कारवाही र किनारा गर्ने अधिकारक्षेत्र प्रदान गरेको देखिन आयो । अब उच्च अदालतले कारवाही र किनारा गरेको उल्लिखित मुद्दाहरुमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने नलाग्ने के हो भन्ने सम्बन्धमा न्याय प्रशासन ऐन २०७३ ले सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने अधिकार सम्बन्धमा गरेको व्यवस्था हेर्नुपर्ने हुन्छ । न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) मा "सर्वोच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुन्ने अधिकार हुनेछः (क) दफा ८(२)

बमोजिम उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दा, (ख) उच्च अदालतबाट १० वर्ष वा सो भन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा, (ग) ३ वर्ष भन्दा बढी कैदको सजाय वा ५ लाख रुपैयाँ भन्दा बढी जरीवाना वा २५ लाख रुपैयाँभन्दा बढी बिगो भएको मुद्दामा शुरु आलत, निकाय वा अधिकारीले गरेको निर्णयउपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंसिक वा पुरै बदर गरेको मुद्दा, र (घ) संघीय कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अन्य मुद्दा" भन्ने व्यवस्था रहेभएको देखिन्छ । यसबाट संविधानको धारा १४४(१) र (२) मा व्यवस्थित उच्च अदालतको अधिकारक्षेत्रलाई न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) मा पुनरावृति गरेको र सोलाई बाहेक गरी ऐ. दफा ८(२) बमोजिम उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क) मा भएको देखिन्छ । यसबाट संविधानको धारा १४४(१) र (२) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम उच्च अदालतले जारी गरेको आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था गरेको देखिएन । यसरी संविधानको धारा १४४(१) र (२) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम गरेको आदेशमा सोझै पुनरावेदन नलागी न्याय प्रशासन ऐन, २०७३ को दफा १२ मा उल्लिखित व्यवस्थाबमोजिम मुद्दा दोहार्याई हेर्नसक्ने अधिकारमात्र सर्वोच्च अदालतलाई रहेको देखिन आयो ।

तसर्थ उच्च अदालत पाटनले मिति २०७३।९।२० मा गरेको आदेशउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम पुनरावेदन नै लाग्ने अवस्था नदेखिएको भन्ने आधारमा यस अदालतबाट मिति २०७३।९।२५ मा जारी भएको अल्पकालीन अन्तर्कालीन आदेशलाई निरन्तरता दिनु नपर्ने भनी मा.न्या. श्री दीपकराज जोशीबाट व्यक्त भएको राय संविधान एवं कानूनसम्मत देखिँदा सदर हुने ठहर्छ । सो अन्तर्कालीन आदेशलाई निरन्तरता दिने भनी मा.न्या. श्री जगदीश शर्मा पौडेलबाट व्यक्त भएको रायसँग यो इजलास सहमत हुन सकेन । कानुनबमोजिम गर्नू ।

## १९. प्र.ना.नि. कृष्ण मानन्धरसमेतको जाहेरीले नेपाल सरकार विरुद्ध रत्नबहादुर के.सी. समेत , ने.का.प. २०७६, अंकः ८, निर्णय नं. १०३२०

निर्णय नं. १०३२० - लागु औषध खैरो हिरोइन

भागः ६१ सालः २०७६ महिनाः मंसिर अंकः ८

फैसला मिति :२०७५/०९/१९ १९२

सर्वोच्च अदालत, बृहत् पूर्ण इजलास

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

०७४-CF-०००३

मुद्दाः- लागु औषध खैरो हिरोइन

पुनरावेदक / वादी : प्र.ना.नि. कृष्ण मानन्धरसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २० घर भई हाल कारागार कार्यालय नख्खुमा थुनामा रहेको रत्नबहादुर के.सी. समेत

पुनरावेदकीय क्षेत्राधिकारमा प्रारम्भिक क्षेत्राधिकारको विस्तार (Extension of Original Jurisdiction) हुने भएको कारण सुरू अदालतसरह माथिल्लो तहको अदालतले पनि आवश्यकताअनुसार सबुत प्रमाण बुझ्नेलगायतका कार्यविधि पूरा गरी निर्णय गर्न

सक्ने र दोहोऱ्याई हेर्ने निवेदनमा माथिल्लो अदालतले सुपरीवेक्षकीय क्षेत्राधिकार (Supervisory Jurisdiction) अन्तर्गत ऐनमा तोकिएको सीमित आधारमा हेरिनु पर्ने ।

(प्रकरण नं.७)

एउटै मुद्दामा कुनै प्रतिवादीलाई पुनरावेदन वा उच्च अदालतबाट १० वर्षभन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्षभन्दा कम कैद सजाय भएका प्रतिवादीहरूले न्याय प्रशासन ऐनको दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्न पाउने नै हुन्छ । उक्तबमोजिम पुनरावेदन गर्न पाउने वा नपाउने भन्ने कुरा पुनरावेदन अदालत वा उच्च अदालतको फैसलाले तोकेको सजायको आधारमा निर्धारण हुने देखिन्छ । दश वर्षभन्दा बढी कैद सजाय हुने ठहरिएका प्रतिवादीले पुनरावेदन गरे वा नगरेको आधारमा मात्र अन्य प्रतिवादीको पुनरावेदन गर्ने कुरा निर्धारण गर्नु उचित नदेखिने ।

(प्रकरण नं.९)

प्रतिवादीलाई १० वर्षभन्दा बढी कैद भएकोले निजको पुनरावेदन नपरेको भए पनि एउटै मुद्दामा कसैलाई १० वर्षभन्दा बढी कैद र कसैलाई १० वर्षभन्दा कम कैद भएको अवस्थामा कम कैद हुने प्रतिवादीहरूको हकमा समेत पुनरावेदन दर्ता गर्न मिल्ने ।

(प्रकरण नं.१३)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान्नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल, सहन्यायाधिवक्ताद्वय श्री नारायणप्रसाद पौडेल, श्री रेवतीराज त्रिपाठी र उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारी

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान्वरिष्ठ अधिवक्ता डा. श्री चन्द्रकान्त ज्ञवाली र विद्वान्अधिवक्ता श्री लिलाधर उपाध्याय

अवलम्बित नजिर :

ने.का.प.२०५९, नि.नं.७०७०
ने.का.प.२०६४, नि.नं.७८४३
सम्बद्ध कानून :
न्याय प्रशासन ऐन, २०४८ तथा २०७३

सुरू तहमा फैसला गर्ने :-
मा.जिल्ला न्या. श्री महेशप्रसाद पुडासैनी
काठमाडौं जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्ने :-
मा.न्यायाधीश श्री सुरेन्द्रवीर सिंह बस्न्यात
माननीय न्यायाधीश श्री यज्ञप्रसाद बस्याल
पुनरावेदन अदालत पाटन

फैसला

न्या.दीपककुमार कार्की : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

का.जि.का.म.न.पा. वडा नं.९ तिलगंगा आँखा अस्पताल जाने सडकको दाहिने किनारामा भुपाल स्याङतान शंकास्पद अवस्थामा फेला परी कानूनबमोजिम निजको जिउ (शरीर) खानतलासी हुँदा निजले लगाएको हरियो रंगको कपडाको पाइन्टको अगाडि दाहिनेतर्फ बगलीमा सूर्य चुरोटको बट्टाभित्र सेतो नरम प्लाष्टिकमा पोका पारी लुकाई राखिएको अवस्थामा फेला परेको २ (दुई) पोका लागु औषध खैरो हेरोइनको प्लाष्टिक हटाई तौल गर्दा २६ ग्राम भएको, सोही पाइन्टको बायाँतर्फ अगाडि बगलीमा कालो रंग Model १६०० Type RH ६४ लेखिएको नोकिया मोबाइलमा मेरो मोबाइलको सिम कार्ड रहेको सेट १ थान फेला परेको लागु औषध खैरो हैरोइन २३ ग्राम र मोबाइलसमेत कानूनबमोजिम बरामद गरी निज

भुपाल स्याङतानलाई प्रहरीले पक्राउ गरेको ठिक साँचो हो भन्नेसमेत बेहोराको खानतलासी बरामदी मुचुल्का ।

ललितपुर जिल्ला नल्लु गा.वि.स.घर भएका भुपाल स्याङतान भन्ने व्यक्तिले लागु औषध खैरो हेरोइन संकलन गरी ल्याई काठमाडौंमा बिक्री गर्दै आइरहेका छन् भन्ने विशेष सुराकद्वारा जानकारी हुन आएकोले निजको बारेमा विशेष सुराक लगाई खोजतलास गर्दै जाँदा आज मिति २०६५।०८।०९ गते १५.३० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.९ तिलगंगास्थित आँखा अस्पतालतर्फ जाने बाटोको किनारामा शंकास्पद अवस्थामा निज भुपाल स्याङतान फेला परेकोले निजलाई नियन्त्रणमा लिई निजको जिउ (शरीर) कानूनबमोजिम खानतलासी लिँदा निजको सँग साथमा लुकाई राखेको अवस्थामा लागु औषध खैरो हेरोइन २६ ग्राम, नोकिया मोबाइल १ थान फेला परेकोले कानूनबमोजिम बरामद गरी निज भुपाल स्याङतानलाई पक्राउ गरी आवश्यक कानूनी कारबाहीको लागि दाखिला गराएको छौं । निज भुपाल स्याङतानले बरामदी लागु औषध खैरो हेरोइन के कहाँबाट खरिद गरी के प्रयोजनको लागि सँग साथमा राखेको हुन् थप अनुसन्धान गरिपाउँ भन्नेसमेत बेहोराको प्र.ना.नि. श्री कृष्ण मानन्धरसमेतको प्रतिवेदन ।

चोरी मुद्दामा म कारागार कार्यालय नख्खु ललितपुरमा थुनामा बस्दा लागु औषध मुद्दामा थुनामा रहेका रत्नबहादुर के.सी.सँग मेरो परिचय भएपछि निजले लागु औषध खैरो हेरोइनको कारोबार गर यसबाट फाइदा हुन्छ, सबै व्यवस्था म मिलाई दिउँला भनेकोले म जेलबाट छुटेपछि मेरो काम केही नभएको हुँदा कारागार कार्यालय नख्खुमा गई रत्नबहादुर के.सी.सँग भेटी लागु औषध खैरो हेरोइनको कारोबार गर्नको लागि कुराकानी हुँदा उर्मिला भन्ने महिला पनि त्यहीं आएकोले उर्मिलासँग चिनजान गराई म खैरो हेरोइन काठमाडौंमा मगाउँछु त्यो लागु औषध खैरो हेरोइन सम्बन्धित व्यक्तिसँग लिई मैले भनेको मानिसलाई बिक्री गरी सो रकम उर्मिलालाई लगी दिनु एक पटक काम गरेको रू.१०००।- दिन्छु भनी भारत रक्सौलका अजिजुल अन्सारी तथा पाटन घर भएका प्रकाश अवाले भन्ने व्यक्तिसमेतलाई चिनजान गराई दिए । रत्नबहादुर के.सी.सँग सम्पर्क भएका व्यक्तिले पठाएको लागु

औषध खैरो हेरोइन अजिजुल अन्सारीले काठमाडौं ल्याएपछि एक पटक मैले प्रकाश अवालेलाई दिएको र उनीहरूबिच सम्पर्क गरी रकमको लेनदेनको व्यवहार उर्मिलाले गर्ने गरेको थिइन् । मलाई पनि उर्मिलाले एक पटक काम गरेकोमा रू. १०००।- दिएकी थिइन् । हाल मसँग बरामद भएको लागु औषध खैरो हेरोइन २६ ग्राम पनि अजिजुल अन्सारीबाट मैले लिई प्रकाश अवालेलाई दिन भनी मिति २०६५।०८।११ गते का.जि.का.म.न.पा.वडा नं.९ तिलगंगास्थित सडक किनारामा रहेको अवस्थामा प्रहरीले लागु औषध खैरो हेरोइनसहित मलाई पक्राउ गरेको हो भन्नेसमेत बेहोराको पक्राउ प्रतिवादी भुपाल स्याङतानले गरेको बयान कागज ।

प्रतिवादी भुपाल स्याङतानसमेत भएको लागु औषध खैरो हेरोइन मुद्दामा पक्राउ परेका प्रतिवादी भुपाल स्याङतानलाई लागु औषध खैरो हेरोइन उपलब्ध गराउने भनी बयान पोलमा परेका अजिजुल अन्सारी भुपाल स्याङतानकै सूचनाको आधारमा मिति २०६५।०८।१३ गते लागु औषध खैरो हेरोइन १३७ ग्रामसहित पक्राउमा परेकोले निज अजिजुल अन्सारीलाई पनि उल्लिखित भुपाल स्याङतान भएको लागु औषध मुद्दामा बयानलगायतका थप अनुसन्धान गरिपाउँ भन्नेसमेत बेहोराको अनुसन्धान अधिकृत प्र.नि.कृष्ण गोपाल पनेरूको प्रतिवेदन ।

म कहिलेकाहीं लागु औषध खैरो हेरोइन सेवन गर्ने क्रममा रक्सौलका असलम ठकुराईसँग सम्पर्क भई लागु औषध खैरो हेरोइन मागी सेवन गर्दै आएकोमा निजले लागु औषध खैरो हेरोइन १/२ ग्राम मसँग मागेर व्यवहार चल्दैन । काठमाडौं उपत्यकामा रहेको जेलमा कोही मानिस चिनेको भए सम्पर्क गर मैले काठमाडौं उपत्यकाको विशेष गरेर नख्खु कारागारमा थुनामा रहेका मानिसले मलाई सम्पर्क गरी लागु औषध खैरो हेरोइनको कारोबार गर्ने गरेका छन् भनेकोले मैले चिनेको मानिस जेलमा को छ भनी बुझ्दा पर्सा जिल्ला वीरगन्ज उपमहानगरपालिका वडा नं.१९ ईनर्वा घर भएका किसुनदेव राउत कुर्मी लागु औषध मुद्दामा पक्राउ परी कारागार कार्यालय नख्खुमा थुनामा रहेको थाहा पाई करिब ३ महिनाअगाडि किसुनदेव राउत कुर्मीलाई नख्खु कारागारमा आई भेट गरी लागु औषधको

कारोबार गर्ने सम्बन्धमा कुराकानी गर्दा निजले मलाई सोही कारागारमा थुनामा रहेका रत्नबहादुर के.सी.सँग चिनजान गराई दिएपछि रत्नबहादुर के.सी. र मेरोबिचमा लागु औषध खैरो हेरोइनको कारोबार गर्नको लागि सरसल्लाह हुँदा भारत रक्सौलका असलम ठकुराईले पठाएको लागु औषध खैरो हेरोइन तपाइँले ल्याएपछि तपाइँलाई मेरो मानिसले फोन गर्दछन् । सम्बन्धित मानिसलाई सामान बुझाउनु पैसा पनि तपाइँले पाउनु हुन्छ भनी मेरो फोन नम्बर लिएको र निज रत्नबहादुर के.सीलाई भेट्न आएका भुपाल स्याङतानलाई पनि परिचय गराई निजले पनि मेरो फोन नं. लिए । असलम ठकुराईसँग लागु औषध खैरो हेरोइन लिई आउन भनी पहिलो पटक रू.१८,०००।–भुपाल स्याङतानबाट लिई गएकोमा निज असलम ठकुराईसँग लागु औषध खैरो हेरोइन पटकपटक ल्याई रत्नबहादुर के.सी.ले भनेका भुपाल स्याङतानलाई दिएपछि रत्नबहादुर के.सी. को कारोबारमा संलग्न उर्मिला भन्नेको माध्यमबाट भुपाल स्याङतानले मलाई रकम दिई पठाउने र मैले सो रकम असलम ठकुराईलाई बुझाउने गरेको

थिएँ । मैले लागु औषध काठमाडौंसम्म ल्याएबापत गाडी तथा खाना खर्च र सरमान ल्याएबापत ज्यालासमेत गरी रू.४,५००।–मैले एक पटकमा पाउने गरेको

थिएँ । मिति २०६५।०८।०९ गते भुपाल स्याङतानबाट बरामद भएको लागु औषध खैरो हेरोइन पनि मैले असलम ठकुराईसँग लिई भुपाल स्याङतानलाई बिक्री गरेको २६ ग्राम लागु औषध खैरो हेरोइन हो भने निज भुपाल स्याङतानलाई बिक्री गर्न भनी लागु औषध खैरो हेरोइन १३७ ग्राम असलम ठकुराईबाट मैले ल्याएको अवस्थामा लागु औषध खैरो हेरोइनसहित म पक्राउमा परेको हुँ भन्नेसमेत बेहोराको पक्राउ प्रतिवादी अजिजुल मियाँ अन्सारीले गरेको बयान ।

लागु औषध मुद्दामा हाल कारागार कार्यालय नख्खु ललितपुरमा कैद भुक्तान गरी रहेका प्रतिवादी रत्नबहादुर के.सी.लाई काठमाडौं जिल्ला अदालतबाट अनुमति लिई उपस्थित गराई बयान गराउन खोज्दा “म कारागार बाहिरै हुँदा पनि म ती व्यक्तिहरूलाई चिन्दिन । मैले नचिनेका व्यक्तिहरू को हुन् मलाई केही थाहा छैन

। म २०६२।०८।२६ गतेदेखि मलाई लागु औषध मुद्दा लागी थुनामा बसी आएको व्यक्ति

हुँ । पुनरावेदन अदालत पाटनबाट १५ वर्ष र ५ लाख जरिवाना गरी सोही मुद्दामा कारागारमा बसी आएको छु । हाल म बिरामी परी काबुबाहिरको परिस्थिति परी कार्यालयसमक्ष उपस्थित हुन असमर्थ छु" भन्ने प्रतिवादी रत्नबहादुर के.सी.ले उपस्थित भई बयान गर्न इन्कार गर्दै लेखेको पत्र ।

कारागार कार्यालय नख्खु ललितपुरमा थुनुवा / कैदीहरूले प्रयोग गर्ने गरेको फोन नम्बर सम्बन्धमा कारागार कार्यालय नख्खुभित्र DRC ब्लकमा ५५५३६९७ नं. र DRC ब्लकमा ५५४७१३८ नं. को फोन प्रयोग गर्ने गरेको भन्ने कारागार कार्यालय नख्खुको प्राप्त पत्रको फोटोकपी पेस गरेको भन्ने बेहोरासमेतको प्र.स.नि. रामकाजी थापाको प्रतिवेदन ।

प्रतिवादी भुपाल स्याङतानको सँगसाथबाट बरामद भएको लागु औषध खैरो हेरोइन २६ ग्राममध्येबाट कानूनबमोजिम निकालिएको नमुना परीक्षण गर्दा उक्त नमुनामा लागु औषध हेरोइन (डाईएसिटाईल मर्फिन) पाइयो भन्ने बेहोराको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला ललितपुरको परीक्षण प्रतिवेदन ।

प्रतिवादी भुपाल स्याङतानसमेत भएको लागु औषध खैरो हेरोइन मुद्दामा वारदातमा संलग्न रही फरार रहेका प्रतिवादीहरू उर्मिला, प्रकाश अवालेसमेतका व्यक्तिहरूलाई खोजतलास गर्दा फेला नपरेको भन्ने बेहोराको प्र.स.नि. रामकाजी थापाको प्रतिवेदन ।

यसमा लागु औषध नियन्त्रण कानून कार्यान्वयन इकाईबाट अनुसन्धान भई मिसिल संलग्न बरामदी, खानतलासी मुचुल्का, प्र.ना.नि. श्री कृष्ण मानन्धरसमेतको प्रतिवेदन, पक्राउमा परेको प्रतिवादी भुपाल स्याङतान र अजिजुल मियाँ अन्सारीको बयान कागज, स्पाइस नेपाल प्रा.लि.को कल रेकर्ड कागजातहरू, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला ललितपुरको परीक्षण प्रतिवेदन एवं बरामद भई आएको दसी प्रमाणलगायतका मिसिल संलग्न प्रमाण कागजातहरूसमेतका आधार प्रमाणबाट

प्रतिवादीहरू भुपाल स्याङतान, अजिजुल मियाँ अन्सारी, रत्नबहादुर के.सी., असलम ठकुराई, असरफ ठकुराई, प्रकाश अवाले, उर्मिलासमेतले लागु औषध खैरो हेरोइन निकासी, खरिद, बिक्री ओसार पसार सञ्चयसमेतको कार्य गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ) र (च) बमोजिमको निषेधित कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरू भुपाल स्याङतान, अजिज मियाँ अन्सारी, रत्नबहादुर के.सी. र प्रकाश अवालेको हकमा लागु औषध (नियन्त्रण) ऐनको १४ को उपदफा १ को खण्ड (छ) को देहाय २ बमोजिम सजाय गरिपाउँ र निज प्रतिवादी रत्नबहादुर के.सी. र प्रकाश अवालेले पटकपटक लागु औषध खैरो हेरोइनको कारोबार गर्दै आएको पाइएको हुँदा निजहरूउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप सजायसमेत गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग पत्र ।

प्र.प्रकाश अवाले र मलाई पुलिसले एकै ठाउँमा पक्राउ गरेको हो । निज प्रकाश अवालेलाई छोडी मलाई मुद्दा चलाएको हो । निज र म साथी

हौं । अन्य प्रतिवादी अजिजुल मियाँ र रत्नबहादुर के.सी.लाई चिनेको छैन । म लागु औषध खरिद बिक्री तथा सेवन गर्ने मानिस होइन । मसँग कुनै लागु औषध थिएन । मलाई फसाउन प्रहरीले झुठो मुद्दा लगाएको हो । मसँग चुरोट थिएन । नोकिया मोबाइल मसँगबाट बरामद गरेको हो । उक्त मोबाइल सेट दिदीको हो । दिदीको नाम सर्मिला स्याङतान हो । मौकाको मेरो बयान मैले भनेबमोजिम लेखिएको होइन । प्रहरी आफैंले बेहोरा लेखी मलाई हेर्न सुन्न नदिई सही गराएको हो । अजिजुल मियाँ अन्सारीले गरेको बयान झुठा हो । मैले खैरो हिरोइनको सञ्चय खरिद बिक्री ओसार सञ्चय ओसारपसार गरेको छैन, अभियोग दाबीअनुसार सजाय हुनु पर्ने होइन सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी भुपाल स्याङ्तानले अदालतमा गरेको

बयान ।

मलाई रक्सौल बस्ने असलम ठकुराई भन्ने मानिसले ५० ग्राम लागु औषध खैरो हिरोइन लगी प्र.भुपाल स्याङतानलाई दिनु भनी पठाएकोले मैले निजले पठाएको खैरो हेरोइन प्र. भुपाल स्याङतानलाई दिएको हुँ । असलमले मलाई प्र.भुपाल स्याङ्तानसँग सम्पर्क गर्न भनी निजको मोबाइल नं. दिई पठाएको थियो । मैले त्यही नं. मा फोन गरी भुपाल स्याङतानलाई दिएको थिएँ । बरामद हुँदा कति थियो थाहा छैन । मलाई उक्त ला.औ. ल्याइदिएबापत ५ ग्रामसम्म सेवन गर भनी असलमले भनेको

थियो । मौकामा भएको मेरो बयान ठिक हो । मैले भारत रक्सौल बस्ने असलम ठकुराईले पठाएको ५० ग्राम खैरो हिरोइन प्र.भुपाल स्याङतानलाई ल्याई दिएको हुँ । खानपाउने आशाले गरेको हुँदा सजायको हकमा कानूनबमोजिम होस् भन्नेसमेत बेहोराको प्रतिवादी अजिजुल मियाँ अन्सारीले अदालतमा गरेको बयान ।

प्रतिवादी भुपाल स्याङ्तान तथा अजिजुल मियाँ अन्सारीले गरेको बयान बेहोरा झुठा हो । म लागु औषधको कारोबारमा संलग्न छैन । मैले निजलाई कार्ड फोनबाट सम्पर्क गरेको होइन । उर्मिला भन्ने को हो थाहा भएन । मैले प्रतिवादीहरू भुपाल स्याङ्तान र अजिजुल मियाँ, प्रकाश अवालेलाई एकआपसमा चिनजान गराई लागु औषधको कारोबारमा संलग्न गराएको होइन । मलाई पोल गर्नु पर्ने कारण के हो थाहा छैन । म २०६२ मंसिरदेखि थुनामा छु । कसुर गरेको नहुँदा सजाय हुनु पर्ने होइन सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी रत्नबहादुर के.सी.ले यस अदालतमा गरेको बयान ।

मैले प्रतिवादी भुपाल स्याङ्तानलाई सामान्य चिनेको मात्र हो । प्रहरीको प्रतिवेदन तथा बरामदी मुचुल्का सम्बन्धमा मलाई केही थाहा छैन । निज भुपाल स्याङ्तानबाट ३/४ पटक सेवन गर्नको लागि मैले लागु औषध खरिद गरेको हो । तर बिक्री वितरण गर्नको लागि मैले लागु औषध खरिद गरेको होइन । हाल लागु औषध सेवन गर्न पनि छाडी सकैं, क्रमश सुधार हुँदैछ । मलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश अवालेले अदालतमा गरेको बयान ।

वादीका साक्षी प्रतिवेदक नवराज न्यौपाने, प्र.ना.नी. जिबलाल पाण्डे प्रतिवादीका साक्षी लालबहादुर स्याङतान र विशेषज्ञ विरेन्द्रराज शाक्यसमेतले गरेको बकपत्र मिसिल संलग्न रहेछ ।

प्रतिवादी अजिजुल मियाँ मौकामा तथा अदालतमा आई बयान गर्दा मैले भारत रक्सौलबाट असलमसँग खरिद गरी ल्याएको लागु औषध रहेको हेरोइन भुपाललाई दिएको निजबाट बरामद भएको लागु औषध मैले दिएको हो भनी लेखाएको, परीक्षणको लागि पठाएको नमुना राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षणबाट हेरोइन पाइएको, मिति २०६५।८।९ को बरामदी मुचुल्कामा प्रतिवादी भूपाल स्याङ्तान रोहबरमा रहेकोमा उक्त बरामदीबाट निज प्रतिवादीको साथबाट दुई पोका गरी २६ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको भन्ने देखिन आएको समेतबाट प्रतिवादीहरू भुपाल स्याङ्तान तथा अजिजुल मियाँले अभियोग दाबीअनुसारको कसुर गरेको देखिन आएकोले निज प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) अनुसार जनही दश वर्ष कैद र जनही पचहत्तर हजार रूपैयाँ जरिवाना हुने ठहर्छ । अर्का प्रतिवादी प्रकाश अवालेको हकमा विचार गर्दा, यी प्रतिवादी लागु औषध कसैलाई बिक्री वितरण गर्दाको अवस्थामा फेला परेको वा लागु औषधसँग सम्बन्धित ढक तराजु आदि यी प्रतिवादीबाट बरामद भएको अवस्था देखिन नआएको, प्रतिवादी अजिजुल मियाँले गरेको मौकाको तथा अदालतको बयानबाट यी प्रतिवादीलाई चिनेको अवस्था रहेको देखिन नआएको समेतबाट प्रतिवादीले अभियोग दाबीअनुसार कसुर गरेको देखिन नआई लागु औषध सेवनसम्म गर्ने देखिन आएकोले प्रतिवादी प्रकाश अवालेलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) अनुसार एक वर्ष कैद हुने ठहर्छ । साथै प्रतिवादीलाई ललितपुर जिल्ला अदालतबाट समेत लागु औषध खैरो हेरोइन मुद्दामा मिति २०६५।१०।२१ को फैसलाले सजायसमेत हुने ठहरिएको देखिन आएको समेतबाट निज प्रतिवादी प्रकाश अवालेलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ अनुसार थप नौ महिना कैद र हजार जरिवानासमेत पाँच हजार जरिवानासमेत हुने ठहर्छ । त्यस्तै अर्का प्रतिवादी रत्नबहादुर के.सी.को हकमा विचार गर्दा यी प्रतिवादीसमेतलाई चिनेको मौकामा

भएको बयान आफूले भनेअनुसार लेखिएको भनी लेखाएको देखिन आएको, प्रतिवादी भुपाल स्याङ्तान लागु औषधसहित मिति २०६५।८।९ मा पक्राउ परेको र सो पक्राउ पर्दाका अवस्थामा यी प्रतिवादी कारागारमा नै रहेको देखिन आएको अर्थात् प्रतिवादी २०६२ सालदेखि नै कारागारमा रहेको समेतबाट प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ)(च) को कसुर गरेको भन्न मिल्ने अवस्था देखिन नआई निज प्रतिवादी आफू कारागारमा रहे तापनि अरूलाई अपराध गर्न दुरूत्साहन दिएकोसम्म देखिन आएकोले निज प्रतिवादी रत्नबहादुर के.सी. लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुसार सोही ऐनको दफा १४(१)(छ)(२) ले हुने सजायको आधाले कैद वर्ष पाँच र सैंतिस हजार पाँच सय जरिवाना हुने ठहर्छ । साथै प्रतिवादी लागु औषध हेरोइन मुद्दामा यसअघि पनि संलग्न रही पुनरावेदन अदालत पाटनको मिति २०६४।९।५ को फैसलाले कसुर गरेको ठहरी सजाय पाएको अवस्था देखिँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १६ अनुसार थप एक महिना कैद तथा थप एक हजार जरिवानासमेत हुने भन्ने सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।१२।२४ मा भएको फैसला ।

प्रतिवादी प्रकाश अवालेले आफ्नो कसुरबाट बच्न इन्कारी बयान गर्नु स्वभाविक हो तर निजले सेवनसम्म स्वीकार गरेको अवस्थामा निज लागु औषधबाट अन्जान व्यक्ति होइनन् भन्ने प्रस्ट हुन्छ । साथै सेवनकर्ताले ओसारपसारको कार्य गर्दै गर्दैनन् भन्ने पनि होइन । साथै प्र. रत्नबहादुर यी प्रकाश अवाले पटकपटक लागु औषधको कसुरमा संलग्न भएका कारण पटकेमा थप सजायसमेतको अभियोग मागदाबी पनि लिइएको हो । पटके सजाय गरेर सुरू अदालतले यो तथ्यलाई स्वीकारसमेत गरेको अवस्था छ । यस्ता पटके कसुरदारहरू आफैंमा आफ्ना बचाउको लागि हरसम्भव प्रयास गर्नेसमेत बानी परेका हुन्छन् । तर प्रस्तुत २६ ग्राम लागु औषध (खैरो हेरोइन) को कसुरमा यी प्रतिवादीहरूको संलग्नता संगठित रूपमा रहेको पुष्टि भइरहेको अवस्थामा सोतर्फ विचारै नगरी भएको फैसला प्रमाणको रोहमा बदरभागी छ । उपर्युक्त आधार र कारणहरूबाट सुरू जिल्ला अदालतबाट भएको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण भएकाले बदर गरी

प्रतिवादीहरूलाई सुरू अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन अदालत पाटनमा लिएको पुनरावेदन जिकिर ।

रत्नबहादुर के.सी. लागु औषध मुद्दामा १५ वर्ष कैद र रू. ५ लाख जरिवाना भई कैद भुक्तान गर्न कारागार कार्यालय नख्खुमा रहेको देखिन्छ । निजलाई अजिजुल मियाँ, भुपाल स्याङ्तानले गरेको बयान बेहोराबाट पोल गरेकोमा अदालतमा प्रस्तुत मुद्दामा बयान गर्दा इन्कारी रही बयान गरेको देखियो भने प्रतिवादी प्रकाश अवालेले पनि अदालतमा बयान गर्दा इन्कारी बयान गरेको र लागु औषध ओसारपसार गर्ने नभई लागु औषध सेवनसम्म गर्ने गरेको र एक पटकमा ५ ग्रामसम्म लागु औषध खरिद गर्ने गर्दथैं । हाल रिचमन फेलोसिप नेपाल नामक संस्थामा भोलेन्टरीको रूपमा काम गर्दछु । लागु औषध सेवन कार्य छाडी सकेको छु भनी अदालतमा बयान गरेको देखिएबाट यी प्रतिवादीहरूले बयानबाहेक अरू ठोस सबुत प्रमाण पेस गर्न सकेको नदेखिँदा सुरू जिल्ला अदालतले प्रतिवादी प्रकाश अवालेलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) अनुसार १ वर्ष कैद र सोही ऐनको दफा १६ अनुसार थप ९ महिना कैद र रू.५०००।- (पाँच हजार) जरिवाना र अर्का प्रतिवादी रत्नबहादुर के.सी. ले आफू कारागारमा रहे पनि अपराध गर्न दुरूत्साहन गरेको देखिँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुसार सोही ऐनको दफा १४(१)(५)(२) ले हुने सजायको आधा कैद वर्ष ५ र सैंतिस हजार पाँच सय जरिवाना हुने र सोही ऐनको दफा १६ अनुसार थप १ एक महिना र एक हजार जरिवाना गर्ने गरेको सुरूको फैसलालाई परिवर्तन गर्नु पर्ने अवस्था देखिएन । सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।१२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७०।२।२१ को फैसला ।

बरामद लागु औषध खैरो हेरोइन २६ ग्राम प्रतिवादी प्रकाश अवालेलाई दिन लिई गएको अवस्थामा पक्राउ परेको भन्ने प्रतिवादी भुपाल स्याङतानले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको र सो बयानमा यसअघि पनि लागु औषध दिएको भन्ने उल्लेख गरिएकोबाट प्रतिवादी प्रकाश अवालेको लागु औषध कारोबारमा संलग्न

देखिएको र पटके सजायसमेत भएकोबाट निज पेशेवर व्यक्ति भएको पुष्टि भएकोले सेवनकर्ता मात्र भन्ने नभई लागु औषध कारोबार कर्ता भन्ने स्पष्ट हुँदाहुँदै सेवनतर्फ मात्र सजाय गरेको फैसला त्रुटिपूर्ण छ । अर्कोतर्फ प्रतिवादी रत्नबहादुर के.सी. लागु औषधको कसुरमा थुनामा रहेको र पटकेमा सजाय भएकोबाट बारम्बार लागु औषधको कारोबारमा संलग्न रहेको स्पष्ट देखिएकोले निजको भूमिका दुरूत्साहन गर्नेसम्मको मात्र नभई प्रमुख कारोबारकर्ता रहेको स्पष्ट देखिँदादेखिँदै दुरूत्साहनतर्फ मात्र सजाय गरेको फैसला त्रुटिपूर्ण हुँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारले यस अदालतमा लिएको पुनरावेदन जिकिर ।

यसमा प्रस्तुत अपराध संगठित रूपमा हुने प्रकृतिको भएको र यस्तो अपराधमा प्रत्यक्ष रूपमा व्यक्ति संलग्न नभए पनि त्यस्ता व्यक्तिको आदेशमा आपराधिक कार्य सम्पन्न हुन सक्ने अवस्थामा लागु औषधकै कारोबारमा कसुरदार ठहर भई कैद सजाय भुक्तान गरिरहेका प्रकाश अवाले र रत्नबहादुर के.सी.लाई लागु औषध कारोबारमा दुरूत्साहन मात्र गरेको कसुर ठहर गर्ने पुनरावेदन अदालत पाटनको मिति २०७०।२।२१ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन अ.बं.२०२ नं.बमोजिम विपक्षी झिकाई उपस्थित भए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।८।१९ को आदेश ।

यसमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) बमोजिम १० वर्ष वा सोभन्दा बढी कैद सजाय भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी प्रावधान रहेको र प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूलाई १० वर्षभन्दा कम कैद सजाय हुने ठहरी फैसला भएको स्थितिमा प्रस्तुत मुद्दामा पुनरावेदन लाग्ने वा दोहोऱ्याई पाउँ भन्नेतर्फ निवेदन गर्नु पर्ने के हो ? सो सम्बन्धमा दुवै पक्षबाट बहसनोट पेस गर्न लगाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।२।३१ को आदेश ।दुवै पक्षको बहसनोट मिसिल सामेल रहेछ ।

यसमा पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर यस अदालतमा पुनरावेदनको रूपमा दर्ता हुने वा दोहोऱ्याई पाउँ अनुमतिको लागि निवेदनको रूपमा दर्ता हुनु पर्ने हो प्रश्न रहेको पाइयो । सो सन्दर्भमा हेर्दा यस अदालतबाट पुनरावेदक वादी प्र.ना.उ. धीरेन्द्रकुमार देवानको प्रतिवेदनले श्री ५ को सरकार विरूद्ध डम्बरबहादुर भन्ने किर्तिबहादुर चन्दसमेत लागु औषध मुद्दामा प्रतिपादित सिद्धान्त (ने.का.प. २०५९ अंक ३ नि.नं.७०७० पृष्ठ १३५) र निवेदक / प्रतिवादी किशोरी महतो सुडी विरूद्ध रामसरोवर देवीसमेत भएको जालसाजसमेत मुद्दामा प्रतिपादित सिद्धान्तहरूको (ने.का.प. २०६४ अंक ५ नि.नं.७८४३ पृष्ठ ५३९) सन्दर्भमा एकरूपता कायम गर्न वाञ्छनीय भएको छ । साथै उच्च अदालतबाट भएको फैसलाउपर पुनरावेदनको रोहमा दर्ता हुने हो वा दोहोऱ्याई पाउँ भनी अनुमतिको लागि निवेदन दर्ता हुने हो भन्ने सम्बन्धमा यस अदालतको मुद्दा दर्तासम्बन्धमा समेत अन्यौलको स्थिति रहिरहेबाट यस सम्बन्धमा जटिल कानूनी प्रश्न समावेश भएको देखियो । साथै हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को प्रयोगमा समेत अन्यौल यथावत् नै रहेको र उक्त पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तको सन्दर्भमा एकरूपता कायम गर्नु पर्ने भई प्रस्तुत प्रश्नहरूको निरूपण (तीन जनाभन्दा बढी न्यायाधीश समावेश भएको) पूर्ण इजलासबाट निर्णय हुनु पर्ने आवश्यक देखिन आएकोसमेतबाट सोबमोजिम हुन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२) (ग) र (च) अनुसार हुन प्रधानन्यायाधीशसमक्ष पेस गर्नु होला भन्ने यस अदालतको मिति २०७४।५।१५ को आदेश ।

नियमबमोजिम पेसी सुचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितको मिसिल कागजात अध्ययन गरियो ।

पुनरावेदक / वादीको तर्फबाट उपस्थित विद्वान्नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल, सहन्यायाधिवक्ताद्वय श्री नारायणप्रसाद पौडेल, श्री रेवतीराज त्रिपाठी र उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले संगठित रूपमा अपराध गरिएको एकै मुद्दामा प्रतिवादीहरू भुपाल स्याङतान र अजिजुल मियाँलाई १० वर्ष कैद भएकै छ

। यसरी एकै मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष वा सोभन्दा बढी कैद भई फैसला भइसकेपछि सोही मुद्दाको अन्य प्रतिवादीलाई १० वर्षभन्दा घटी सजाय गरेको कारणले मात्र १० वर्षभन्दा घटी सजाय भएकाको हकमा दोहोऱ्याई पाउँ भन्ने निवेदन र १० वर्षभन्दा बढी कैद हुनेको हकमा पुनरावेदनको रोहबाट सुनुवाइ गर्ने अर्थ गर्न मिल्दैन । अलग अलग क्षेत्राधिकारबाट सुनुवाइ गर्ने विधायिकी मनसाय पनि होइन । सम्मानित यसै अदालतबाट किर्तिबहादुर चन्दसमेत भएको लागु औषध मुद्दा (ने.का.प. २०५९ नि.नं.७०७०) मा प्रतिपादित सिद्धान्तबाट समेत व्यक्ति विशेष नभएर मुद्दालाई हेर्नु पर्ने भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को व्याख्या भएको छ । न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) मा "मुद्दा" भन्ने शब्द उल्लेख भएको र न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) मा "मुद्दा" भन्ने नै शब्द उल्लेख भइरहेकोले पक्षको आधारमा अलगअलग मुद्दाको सुनुवाइ गर्ने नभई दश वर्ष वा सोभन्दा बढी कैद सजाय भएको मुद्दालाई पुनरावेदनको रोहबाट नै सुनुवाइ गर्नु पर्ने हो । यदि पक्षलाई अलग अलग कैद सजाय भएको आधारमा पुनरावेदन वा दोहोर्याई पाउने निवेदन गरी अलग अलग उपचारको मार्ग प्रयोग गर्नु पर्ने भए कानूनमा नै "मुद्दा" को सट्टा "पक्ष" वा "व्यक्ति" प्रयोग हुने थियो । यसरी अलग अलग क्षेत्राधिकारबाट मुद्दाको सुनुवाइ गर्ने कानूनी व्यवस्था नभएको र अदालती अभ्यासबाट पनि यस्तै प्रकृतिका मुद्दामा पुनरावेदनकै रोहबाट निरूपण भई आएकोले पुनरावेदनकै रोहबाट निरूपण हुनु

पर्दछ । साथै बरामद लागु औषध खैरो हेरोइन २६ ग्राम प्रकाश अवालेलाई दिन लिई गएको अवस्थामा पक्राउ परेको भनी भुपाल स्याङतानले मौकामा बयान गरेको र निज प्रतिवादी प्रकाश अवालेलाई पटकेमा समेत सजाय गरेको अवस्थाले लागु औषधको कारोबारकर्ता भन्ने देखिएकोमा सेवनतर्फ मात्र सजाय गरेको त्रुटिपूर्ण छ । त्यस्तै अर्का प्रतिवादी रत्नबहादुर के.सी.ले थुनाबाटै लागु औषधको कारोबार गरेको अवस्थामा दुरूत्साहनतर्फ मात्र सजाय गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

विपक्षी / प्रतिवादी प्रकाश अवालेसमेतको तर्फबाट उपस्थित विद्वान्वरिष्ठ अधिवक्ता डा. श्री चन्द्रकान्त ज्ञवाली र विद्वान्अधिवक्ता श्री लिलाधर उपाध्यायले प्रतिवादीहरू भुपाल स्याङतान र अजिजुल मियाँलाई १० वर्ष कैद सजाय भएकोमा निजहरूको पुनरावेदन नपरेको र किर्तिबहादुर चन्द भएको मुद्दामा १० वर्षभन्दा बढी कैद हुनेको समेत पुनरावेदन परेको तर प्रस्तुत मुद्दामा त्यस्तो छैन । प्रतिवादीहरू रत्नबहादुर के.सी.लाई थप कैदसमेत गरी ५ वर्ष १ महिना कैद र प्रकाश अवालेलाई थप कैदसमेत गरी १ वर्ष ९ महिना कैद गरेको सुरू जिल्ला अदालतको फैसला पुनरावेदन अदालतले सदर गरेकोले किर्तिबहादुर चन्दको नजिर प्रस्तुत मुद्दामा आकर्षित हुँदैन । वारदातको बखत प्रतिवादी रत्नबहादुर के.सी. कारगारमा रहेको देखिएकोले अभियोग दाबीको सजाय गर्न मिल्ने होइन । प्रतिवादीहरू रत्नबहादुर र प्रकाश अवालेबाट दशी बरामद भएको छैन । प्रकाश अवालेले प्रस्तुत वारदातमा सेवन गरेको भन्नेसमेत नदेखिए पनि निजलाई पुनरावेदन अदालतको फैसलाले सेवनतर्फ ठहराएको कैद र जरिवानासमेत भुक्तान गरिसकेका छन् । न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) बमोजिम दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने भए पनि निज दुवै प्रतिवादीलाई १० वर्षभन्दा कम कैद भएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) आकर्षित हुने देखिँदैन । अर्कोतर्फ निज प्रतिवादीको हकमा सुरूको फैसला पुनरावेदन अदालतले सदर गरेकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदन लाग्ने अवस्था रहेको छैन भनी गर्नुभएको बहस सुनियो ।

यसमा प्रस्तुत मुद्दाका प्रतिवादीहरूमध्ये पुनरावेदन नगर्ने प्रतिवादीहरू भुपाल स्याङ्तान र अजिजुल मियाँ अन्सारीलाई सुरू जिल्ला अदालतले अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम जनही दश वर्ष कैद र जनही पचहत्तर हजार रूपैयाँ जरिवाना हुने ठहराएकोमा निज प्रतिवादीहरूको पुनरावेदन नपरी अन्तिम भइरहेको देखिन्छ । प्रतिवादी रत्नबहादुर के.सी.लाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ अनुसार सोही ऐनको दफा १४(१)(छ)(२) ले हुने सजायको आधाले कैद वर्ष ५

र सैंतीस हजार पाँच सय जरिवाना र सोही ऐनको दफा १६ अनुसार थप एक महिना कैद र थप एक हजार जरिवाना तथा प्रतिवादी प्रकाश अवालेलाई सोही ऐनको दफा १४(१)(ङ) अनुसार एक वर्ष कैद र सोही ऐनको दफा १६ अनुसार थप ९ महिना कैद र पाँच हजार जरिवाना हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनले फैसला गरेउपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो ।

प्रस्तुत मुद्दामा १० वर्ष कैद हुने ठहरेका प्रतिवादीहरू भुपाल स्याङ्तानसमेतको पुनरावेदन नपरेको र प्रतिवादी रत्नबहादुर के.सी. र प्रकाश अवालेलाई १० वर्षभन्दा कम सजाय गरी सुरू जिल्ला अदालतले गरेको फैसला पुनरावेदन अदालतले सदर गरेको अवस्थामा न्याय प्रशासन ऐनको दफा ९(१)(ख) बमोजिम पुनरावेदन दर्ता भएको देखिएको छ । यसै सन्दर्भमा राजकुमार लामाको जाहेरीले नेपाल सरकार निवेदक / वादी र रेड्वा भन्ने सानु मोक्तानसमेत विपक्षी / प्रतिवादी भएको कर्तव्य ज्यान मुद्दा (०७३-RE-०१८७) मा "यस अदालतको संयुक्त इजलासबाट दुई तहको अदालतबाट सफाइ पाएका प्रतिवादीको हकमा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम यस अदालतमा पुनरावेदन लाग्न नसक्ने" भन्ने आधारमा ०७४-RE-००१६ समेतका विभिन्न मुद्दाहरूमा सहरजिस्ट्रारबाट दरपिठ आदेश भएको देखिँदा समान अवस्थामा दोहोरो मापदण्ड अपनाएको देखिन आयो । साथै डम्बरबहादुर भन्ने किर्तिबहादुर चन्दसमेतको लागु औषध मुद्दामा प्रतिपादित सिद्धान्त (ने.का.प. २०५९ नि.नं. ७०७०) र निवेदक / प्रतिवादी किशोरी महतो सुडी विरूद्ध रामसरोवर देवीसमेत भएको जालसाज मुद्दामा प्रतिपादित सिद्धान्त (ने.का.प.२०६४ नि.नं.७८४३) को समान स्तरको पूर्ण इजलासबाट भएको सिद्धान्तहरूमा पुनरावेदनको रूपमा दर्ता हुने हो वा दोहोऱ्याई पाउँ भनी अनुमतिको निवेदन दर्ता हुने हो भन्ने सम्बन्धमा मुद्दाको दर्ता सम्बन्धमा अन्यौलको स्थिति रहिरहेबाट जटिल कानूनी प्रश्न र सिद्धान्त एकरूपताको लागि तथा प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को प्रयोगमा समेत अन्यौल यथावत रहिरहेको भनी यस इजलाससमक्ष पेस हुन आएको देखियो । मूलतः एउटै मुद्दामा कुनै प्रतिवादीलाई दश वर्ष वा सोभन्दा बढी कैद र

कसैलाई १० वर्षभन्दा घटी कैदको सजाय भएको अवस्थामा त्यसरी घटी सजाय हुनेको हकमा पुनरावेदन गर्न पाउने हो, होइन ? भनी निर्णय दिनु पर्ने देखिन आयो ।

२. यसमा निर्णायक विषयमा प्रवेश गर्नुपूर्व प्रस्तुत सन्दर्भको कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तको अवलोकन गरी निष्कर्षमा पुग्नु वाञ्छनीय देखियो । न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने सम्बन्धमा देहायबमोजिमको व्यवस्था रहेको छ । "(१) पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः-

(१) पुनरावेदन अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दा,

(२) दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा, र

(३) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय वा पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा ।

३. न्याय प्रशासन ऐन, २०७३ को दफा ९ मा सर्वोच्च अदालतको पुनरावेदन सुन्ने अधिकार सम्बन्धमा निम्न व्यवस्था रहेको छः (१) सर्वोच्च अदालतलाई देहायका मुद्दाहरूमा पुनरावेदन सुन्ने अधिकार हुनेछः

(१) दफा ८ को उपदफा (२) बमोजिम उच्च अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दा,

(२) उच्च अदालतबाट दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा, र

(३) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय वा पाँच लाख रूपैयाँभन्दा बढी जरिवाना वा पचास लाख रूपैयाँभन्दा बढी बिगो भएको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दा, र

(४) संघीय कानूनबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अन्य मुद्दा ।

४. न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा "भएको मुद्दा" भन्ने शब्दहरू ठाउँठाउँमा प्रयोग भएकोले तल्लो तहबाट मुद्दामा भएको सजायलाई मापदण्ड बनाई पुनरावेदन गर्न सकिने आधार तोकेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को व्यवस्थाले यस अदालतको पुनरावेदकीय क्षेत्राधिकारलाई सीमित गर्न खोजेको देखिएको छ । त्यस्तै न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ (नेपाल राजपत्र, खण्ड ६० मिति २०६७।१२।१५ अतिरिक्ताङ्क ३७ मा प्रकाशित) ले न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) संशोधन गरी हदमुनिको अवधारणालाई थप विस्तार गरेको

देखिन्छ । न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा प्रयुक्त "भएको" शब्द र न्याय प्रशासन ऐन, २०७३ को दफा ९ (१)(ख) मा प्रयुक्त "भएको" र सोही दफा ९ (१)(ग) मा प्रयुक्त "गरेको" शब्दावलीले पुनरावेदन तहको अदालत (पुनरावेदन अदालत वा उच्च अदालत) को क्षेत्राधिकारलाई कतिपय मुद्दाका सन्दर्भमा अन्तिम तुल्याउने अभिप्राय राखेको देखिन्छ । साथै न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) मा दश वर्ष वा सोभन्दा बढी "कैदको सजाय भएको मुद्दा" भन्ने वाक्यांश प्रयोग भएको तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) मा उच्च अदालतबाट दश वर्ष वा सोभन्दा बढी "कैदको सजाय हुने गरी फैसला भएको मुद्दा" भन्ने वाक्यांश रहेकोले पुनरावेदन लाग्ने आधार र अवस्था दुवै ऐनका व्यवस्था सारतः समान नै देखिन आउँछ ।

५. न्याय प्रशासन ऐन, २०४८ को ९(१)(क) तथा न्याय प्रशासन ऐन, २०७३ को ९(१)(क) मा सर्वोच्च अदालतमा पहिलो तह पुनरावेदन लाग्ने व्यवस्था रहेको छ

भने न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) र (ग) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) र (ग) मा तोकिएको आधार र अवस्था सर्वोच्च अदालतमा दोस्रो तह पुनरावेदन लाग्ने कानूनी व्यवस्था हो । सामान्यतः पहिलो तहको पुनरावेदन गर्ने कुरा पक्षको अधिकारको विषय

मानिन्छ । दुई तहका अदालतको एउटै राय भएमा इन्साफ पर्छ, मुद्दा थप लम्बिन हुँदैन वा मुद्दाको अन्त्य चाँडो होस भन्ने मान्यतामा दोस्रो तहको पुनरावेदन लाग्ने आधार र अवस्था सीमित गरिएको हुन्छ । सोहीबमोजिम विशेष अवस्था र प्रकृतिका मुद्दाहरूमा मात्र दोस्रो तह पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ को दफा ९ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९ मा गरिएको पाइन्छ । "सुरू अदालतले गरेको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को अवस्थाका मुद्दाहरूमा बाहेक अन्य मुद्दामा एक तह मात्र पुनरावेदन अदालतबाट इन्साफ जाँचे पुग्छ, एउटै मुद्दामा पटकपटक तहतह सुनुवाइ गरी इन्साफ जाँचिरहन नपर्ने । दुई तहको एउटै राय भएमा इन्साफ पर्छ र मुद्दा लम्बिन हुँदैन बरू चाँडो अन्त्य हुनुपर्छ भन्ने अवधारणा र मान्यताले सुरू र पुनरावेदन तहको राय मिलेमा न्याय प्रशासन ऐनको दफा १२ को अवस्था विद्यमान भएमा मात्र Supervisory Jurisdiction अन्तर्गत यस अदालतले दोहोऱ्याई हेर्न सक्ने । पुनरावेदन सुन्ने व्यवस्था Extension of original jurisdiction भएको कारण सुरू अदालतले सरह पुनरावेदन सुन्ने अदालतले पनि आवश्यकताअनुसार सबुद प्रमाण बुझ्नेलगायतका सम्पूर्ण कार्यविधि पूरा गरी निर्णय गर्न सक्तछ तर Supervisory jurisdiction अन्तर्गत दोहोऱ्याई हेर्दा वा पुनरावलोकन गर्दा ऐनमा तोकिएको सीमित आधारमा मात्र हेर्नुपर्ने" भनी किशोरी महतो सुडी वि. रामसरोवर देवी भएको जालसाज मुद्दामा (ने.का.प.२०६४, नि.नं.७८४३) सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसबाट दुई तह अदालतको एउटै राय भएमा साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा ९ र हालको न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को अवस्थाबाहेक सोही ऐनको दफा १२ मा तोकिएको अवस्था भएमा दोहोऱ्याई पाउने निवेदन लाग्ने देखियो ।

६. "एउटै मुद्दामा कुनै प्रतिवादीलाई १० वर्षभन्दा बढी सजाय भएको अवस्थामा १० वर्षभन्दा कम कैद सजाय भएका प्रतिवादीहरूले समेत न्याय प्रशासन ऐन, २०४८ दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसङ्गत र सुविधाजनक हुने" भनी यस अदालतको पूर्ण अदालतबाट (पुनरावेदक / वादी नेपाल सरकार विरूद्ध किर्तिबहादुर चन्दसमेत, मुद्दा लागु औषध ने.का.प.२०५९ नि.नं.७०७०) सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यस अदालतबाट पुनरावेदक / वादी नेपाल सरकार विरूद्ध किर्तिबहादुर चन्दसमेत भएको लागु औषध मुद्दामा (ने.का.प.२०५९ नि.नं.७०७०) न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को व्याख्या भई सिद्धान्त कायम भएको देखिन्छ । हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) को कानूनी व्यवस्था उक्त पूर्ववर्ती कानूनी व्यवस्थाअनुकूल नै छ । एउटै वारदातमा धेरै प्रतिवादीहरू संलग्न रहे पनि त्यस्तो दाबी / अभियोग मागदाबी भएको मुद्दामा जतिसुकै प्रतिवादी भए पनि एउटै मुद्दा हो । न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को व्याख्या भई सिद्धान्त प्रतिपादन (नि.नं. ७०७०) गरिएकोमा सो मुद्दामा १० वर्षभन्दा बढी कैद भएको व्यक्तिले पुनरावेदन गरेको अवस्थामा प्रतिपादन भएको देखिए पनि उक्त सिद्धान्तले १० वर्षभन्दा बढी कैद सजाय हुने प्रतिवादीले पुनरावेदन नगरेमा सोभन्दा कम सजाय हुनेको हकमा पुनरावेदन गर्न नपाउने गरी व्याख्या गरेको देखिँदैन ।

७. पुनरावेदकीय क्षेत्राधिकारमा प्रारम्भिक क्षेत्राधिकारको विस्तार (Extension of Original Jurisdiction) हुने भएको कारण सुरू अदालतसरह माथिल्लो तहको अदालतले पनि आवश्यकताअनुसार सबुत प्रमाण बुझ्नेलगायतका कार्यविधि पूरा गरी निर्णय गर्न सक्ने र दोहोर्‍याई हेर्ने निवेदनमा माथिल्लो अदालतले सुपरीवेक्षकीय क्षेत्राधिकार (Supervisory Jurisdiction) अन्तर्गत ऐनमा तोकिएको सीमित आधारमा हेरिनु पर्ने अवस्था हुन्छ । यसैले एकै मुद्दामा कुनै पक्षको हकमा पुनरावेदन रोहमा र कुनै पक्षको हकमा दोहोर्‍याई पाउँको निवेदनबाट मुद्दाको न्याय निरूपण गर्दा क्षेत्राधिकार दोहोरो भई सहजता नहुने र परिणाममा एकरूपता नहुने अवस्था पनि देखा पर्न सक्तछ । मुद्दामा कुनै पक्षको जिकिरबमोजिम प्रमाण बुझ्दा वा मूल्याङ्कन

हुँदाको परिणाम अर्को पक्षको ठहर वा इन्साफमा असर पर्ने अवस्था पनि रहन्छ । एकै मुद्दामा हार्ने प्रतिवादीमध्ये पुनरावेदन गर्ने प्रतिवादीको इन्साफ सजाय उल्टिने भई अर्को प्रतिवादीको पनि इन्साफ सजाय उल्टिन जाने अवस्था देखिए सोअघि नै दोहोऱ्याई पाउँको निवेदनबाट अनुमति नहुने आदेश भइसकेको पक्षलाई अन्याय पर्ने अवस्था पनि रहन सक्तछ । एउटै मुद्दामा १० वर्षभन्दा बढी कैद हुने कुनै प्रतिवादीको पुनरावेदन परे नपरेको स्थितिको विचार गरेर मात्र पुनरावेदन वा दोहोऱ्याई पाउँको निवेदन दर्ताको निक्यौंल गर्नु पनि व्यावहारिक हुँदैन । एकै मुद्दामा पक्षलाई भएको सजायको आधारमा पुनरावेदन र दोहोऱ्याई पाउने निवेदन गरी दोहोरो अधिकारक्षेत्र अपनाउन औचित्यपूर्ण नहुने भएकोले एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्षभन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्षभन्दा कम कैद सजाय भएका प्रतिवादीहरू वा वादी पक्षले समेत साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) र हालको न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्न पाउने व्यवस्था न्यायोचित र तर्कसङ्गत हुने देखियो ।

८. न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) र न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) (यसपश्चात् न्याय प्रशासन ऐनको दफा ९(१)(ख) भनिएको) मा "मुद्दा" मा भएको कैद सजायको आधारमा पुनरावेदन लाग्ने आधार तोकेको देखिन्छ । "पक्ष" वा "व्यक्ति" लाई भएको सजायको आधारमा पुनरावेदन लाग्ने, नलाग्ने निक्यौंल गरेको पाइँदैन । दुई तहबाट एउटै राय हुँदाहुँदै पनि न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को अवस्थामा भने पुनरावेदन लाग्ने गरी विशेष वा अपवादात्मक व्यवस्था गरिएको तथा विवेचित न्यायिक प्रक्रियाका जटिलता र अवरोधक अवस्थासमेत विचार गरेर मुद्दामा भएको सजायको आधारमा पुनरावेदन लाग्ने व्यवस्था विधायिकाले गरेकोले सोविपरीत व्यक्तिलाई भएको सजायको आधारमा पुनरावेदन लाग्ने नलाग्ने ठहर गर्दा विधायिकाद्वारा अभिव्यक्त भाषा एवं मनसायविपरीत हुन जान्छ । एउटै मुद्दामा कुनै प्रतिवादीलाई दश वर्ष वा सोभन्दा बढी कैद र कसैलाई १० वर्षभन्दा घटी कैदको सजाय भएको अवस्थामा त्यसरी घटी सजाय हुनेले पुनरावेदन गर्न पाउने गरी प्रतिपादित सिद्धान्त (नि.नं. ७०७०)

ले उल्लिखित विशेष आधार, अवस्था वा अपवादलाई नै समेटेकोले न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को व्यवस्थाअनुरूप नै देखियो । अर्कोतर्फ न्याय प्रशासन ऐनको दफा ९ बमोजिम पुनरावेदन लाग्नेबाहेकका सुरू अदालत र पुनरावेदन तह (साबिक पुनरावेदन अदालत वा हालको उच्च अदालत) गरी दुई तहको एउटै राय भई न्याय प्रशासन ऐनको दफा १२ को अवस्था विद्यमान भएमा यस अदालतले मुद्दा दोहोऱ्याई हेर्न सक्ने भनी यस अदालतबाट निवेदक किशोरी महतो सुडी वि. रामसरोवर देवी भएको जालसाज मुद्दामा (ने.का.प.२०६४ नि.नं.७८४३) प्रतिपादित सिद्धान्त र सोहीअनुरूपको "दुई तहको अदालतबाट सफाइ पाएका प्रतिवादीको हकमा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम यस अदालतमा पुनरावेदन लाग्न नसक्ने" भनी राजकुमार लामाको जाहेरीले नेपाल सरकार निवेदक वादी र रेड्वा भन्ने सानु मोक्तानसमेत विपक्षी प्रतिवादी मुद्दा कर्तव्य ज्यान ०७३-RE-०१८७ मुद्दामा प्रतिपादित सिद्धान्तले न्याय प्रशासन ऐनको दफा ९ बमोजिम पुनरावेदन लाग्ने अवस्थालाई बाहेक गरी सामान्यतः दुई तह अदालतको एउटै राय भएमा पुनरावेदन नलाग्ने, मुद्दा दोहोऱ्याई हेर्न सक्ने भन्ने देखिँदा न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को व्याख्या भई प्रतिपादित सिद्धान्त (नि.नं. ७०७०) सँग रूलिङ बाझिएको मान्न मिलेन ।

९. तसर्थ एउटै मुद्दामा कुनै प्रतिवादीलाई पुनरावेदन वा उच्च अदालतबाट १० वर्षभन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्षभन्दा कम कैद सजाय भएका प्रतिवादीहरूले दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्न पाउने नै हुन्छ । उक्तबमोजिम पुनरावेदन गर्न पाउने वा नपाउने भन्ने कुरा पुनरावेदन अदालत वा उच्च अदालतको फैसलाले तोकेको सजायको आधारमा निर्धारण हुने देखिन्छ । दश वर्षभन्दा बढी कैद सजाय हुने ठहरिएका प्रतिवादीले पुनरावेदन गरे वा नगरेको आधारमा मात्र अन्य प्रतिवादीको पुनरावेदन गर्ने कुरा निर्धारण गर्नु उचित देखिँदैन । अतः देहायको अवस्थामा देहायबमोजिम गर्नु भनी आदेश जारी गरिएको छ ।

१०. एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्षभन्दा बढी कैदको सजाय भएको अवस्थामा सोही मुद्दामा १० वर्षभन्दा कम कैद सजाय भएका वा सफाइ पाएका

अन्य प्रतिवादीहरूको हकमा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम पुनरावेदन लाग्ने भएकोले त्यस्ता मुद्दाहरूमा पुनरावेदन लिई दर्ता गर्ने गर्नू ।

११. माथि विवेचित आधारमा एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्षभन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्षभन्दा कम कैद सजाय भएका वा सफाइ पाएका प्रतिवादीहरूको हकमा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम पुनरावेदन लाग्ने भए पनि पुनरावेदन लाग्ने वा दोहोऱ्याई पाउँको निवेदन लाग्ने भनी क्षेत्राधिकारको विवादका बिच कतिपय पक्षहरूले पुनरावेदन लाग्ने भनी कुनै जिकिर नलिई दोहोऱ्याई पाउँको निवेदन दर्ता गर्ने गरेकोले त्यसरी दोहोऱ्याई पाउँको निवेदन दर्ता गरी कारबाही चलेका मुद्दामा सोही दोहोऱ्याई पाउँको निवेदनबाटै हेरी कानूनबमोजिम कारबाही किनारा गर्नू ।

१२. उपर्युक्तबमोजिम पुनरावेदन लाग्ने अवस्थाका मुद्दामा सम्बन्धित पक्षले पुनरावेदन लिई आएकोमा दोहोऱ्याई पाउँ भन्ने निवेदन लाग्ने भनी दरपिठ भएका र सो दरपिठउपर परेका सबै निवेदनहरूसमेत पुनरावेदनको रोहमा दर्ता गरी कारबाही किनारा गर्नू ।

१३. प्रस्तुत मुद्दामा प्रतिवादी भुपाल स्याङतानसमेतलाई १० वर्षभन्दा बढी कैद भएकोले निजको पुनरावेदन नपरेको भए पनि एउटै मुद्दामा कसैलाई १० वर्षभन्दा बढी कैद र कसैलाई १० वर्षभन्दा कम कैद भएको अवस्थामा कम कैद हुने प्रतिवादीहरूको हकमा समेत पुनरावेदन दर्ता गर्न मिल्ने नै देखिएकोले प्रस्तुत मुद्दामा १० वर्षभन्दा कम कैद सजाय हुने प्रतिवादी रत्नबहादुर के.सी. र प्रकाश अवाले विरूद्ध पुनरावेदनको रोहमा दर्ता भएको प्रस्तुत मुद्दा कानूनसम्मत देखिँदा सो सम्बन्धमा थप केही गर्नु परेन । वादीले पुनरावेदन जिकिर लिएको प्रश्नहरूको निरूपण सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २४ बमोजिम संयुक्त इजलासबाट हुनु पर्ने भएबाट बृहत् पूर्ण इजलासको लगत कट्टा गरी संयुक्त इजलासको लगतमा दर्ता गरी अरू नियमानुसार गर्नू ।

उक्त रायमा सहमत छौं ।

न्या.हरिकृष्ण कार्की

न्या.ईश्वरप्रसाद खतिवडा

न्या.डा.आनन्दमोहन भट्टराई

न्या.टंकबहादुर मोक्तान

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति संवत् २०७५ साल पौष १९ गते रोज ५ शुभम् ।

## २०. कृष्णमाया डंगोल विरुद्ध ज्ञानबहादुर प्रजापतिसमेत, ने.का.प. २०७५, अंकः १२, निर्णय नं. १०१५६

निर्णय नं. १०१५६ - उत्प्रेषण

भागः ६० सालः २०७५ महिनाः चैत्र अंकः १२
फैसला मिति :२०७५/१०/२९ ८३०

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

आदेश मिति : २०७५।१०।२९

०७५-wo-००२३

मुद्दाः उत्प्रेषण

निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.५ हाँडीगाउँ बस्ने ज्ञानबहादुर प्रजापतिको नातिनी, किरण प्रजापतिकी छोरी वर्ष १३ की निशा प्रजापतिको संरक्षक भई आफ्नो हकमा समेत ऐ.को बुहारी, ऐ.को श्रीमती ऐ.ऐ. बस्ने कृष्णमाया डंगोल

विरूद्ध

विपक्षी : ऐ.ऐ. वडा नं. ५ रूद्रमती मार्ग घर नं. ३८९८/२७ बस्ने पारसिं प्रजापतिको नाति, बेखानारायण प्रजापतिको छोरा ज्ञानबहादुर प्रजापतिसमेत

पुनरावेदन सुन्ने अदालतबाट मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिमको निवेदनमा आदेश हुँदा सो आदेशले तलको अदालतमा चलिरहेको मुद्दामा के कस्तो असर पर्छ भन्ने विषयमा सचेत रही आदेश गर्नु पर्ने ।

अ.बं. १७ नं. को निवेदनको रोहमा हुने आदेशबाट कुनै पक्षको हक स्थापित हुने नभई तल्लो अदालतमा मुद्दाको कारबाही हुँदा म्याद नाघेको वा रीत बेरीतसम्म हेरिने हो । यस प्रकृतिको सीमित अधिकार अ.बं. १७ नं. बमोजिमको निवेदनमा रहने हुनाले तल्लो अदालतमा विचाराधीन रहेको मुद्दामा अदालतसँग भएको न्यायिक अधिकारमा हस्तक्षेप गर्न मिल्ने उक्त कानूनी व्यवस्थाको अवधारणा नहुने ।

(प्रकरण नं.३)

निवेदकका तर्फबाट : विद्वान्‌वरिष्ठ अधिवक्ता श्री हिरा रेग्मी

विपक्षीका तर्फबाट : विद्वान्‌अधिवक्ता श्री धनबहादुर श्रेष्ठ

अवलम्बित नजिर :

ने.का.प.२०६२, अंक ९, नि.नं.७५८९

सम्बद्ध कानून :

आदेश

न्या. हरिकृष्ण कार्की : नेपालको संविधानको धारा ४६ र धारा १३३(२) बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

प्रस्तुत विषयमा विपक्षी पति सासू ससुरासमेतले मलाई घोर अन्याय गर्नुभएको हुँदा विपक्षी पति, सासू, ससुरा देवरको विरूद्धमा काठमाडौं जिल्ला अदालतमा अंश चलन तथा मानाचामल मुद्दा मिति २०७४।१।१७ दायर गरेकी थिएँ । अंश मुद्दामा विपक्षी सासू, ससुरा तथा पति, देवरको तर्फबाट प्रतिउत्तरपत्र लगाउँदाको स्थितिमा विपक्षी सासू ससुरासमेतबाट हाम्रा पति पिता किरण प्रजापति मिति

२०७३।८।१३ मा र.नं.८८४ को अंश भरपाइको लिखतबाट छुट्टी भिन्न भएको भनी प्रतिउत्तरपत्र लगाउनु भएको हुँदा सो कुराको जानकारी हुने बित्तिकै मेरोतर्फबाट उक्त अंश भरपाइको लिखतको नक्कल मिति २०७४।३।७ मा सारी हाम्रो अंश हक मार्ने किसिमबाट असमान अंश भएको अंश भरपाइको लिखत बदर तथा जालसाजी मुद्दा मिति २०७४।३।१३ मा दायर गरेकी थिएँ । त्यसैगरी विपक्षीहरूको प्रतिउत्तरपत्रमा मेरो मानमर्दन गर्ने किसिमबाट जवाफ लगाउनु भएको हुँदा विपक्षीहरूको विरूद्धमा मिति २०७४।४।११ मा गाली बेइज्जति मुद्दासमेत दायर गरेकी थिएँ । यसरी मेरो तर्फबाट दायर गरेका सम्पूर्ण ५ थान मुद्दाहरू एकै लगाउमा भई काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेका थिए । लगाउका मुद्दामध्येको मूल अंश मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।१।२३ मा आदेश हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी वादी तथा सबै प्रतिवादीहरूबाट तायदाती माग्ने आदेश भएको थियो । काठमाडौं जिल्ला अदालतबाट तायदाती माग्ने आदेशउपरमा विपक्षीको तर्फबाट उच्च अदालत पाटनमा १७ नं. को निवेदन गर्नुभएकोमा उच्च अदालत पाटनबाट काठमाडौं जिल्ला अदालतको मिति २०७५।१।२३ को तायदाती माग्ने आदेश बदर गरी अब उक्त अंश भरपाइ लिखत बदर र जालसाजी मुद्दाको टुङ्गो लगाई तत्पश्चात् मात्र जे जो गर्नुपर्छ पुनः आदेश गर्नुहोला भनी मिति २०७५।२।१७ मा आदेश भएको रहेछ । उच्च अदालत पाटनको आदेशमा मेरो नेपालको संविधानको धारा १८ ले प्रदान गरेको समानताको हक, धारा २० ले प्रदान गरेको न्यायसम्बन्धी हक, धारा २५ ले प्रदान गरेको सम्पत्तिको हकबाट समेत वञ्चित भएकी हुँदा उच्च अदालत पाटनको मिति २०७५।२।१७ को आदेश बदर गर्न न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम अन्य वैकल्पिक कानूनी उपचारको बाटोसमेत नभएको र हाम्रो संविधान प्रदत्त हकमा समेत आघात पुऱ्याएको हुँदा ती हकहरू प्रचलन गराई माग्न मलाई नेपालको संविधानको धारा ४६ र धारा १३३(२) ले संवैधानिक उपचारको हक प्रदत्त गरेको हुँदा यस अदालतको शरणमा आएकी छु । अतःउच्च अदालत पाटनबाट मिति २०७५।२।१७ मा भएको आदेशलगायत मलाई असर पार्ने ती आदेशसँग सम्बन्धित सम्पूर्ण आदेश कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी काठमाडौं जिल्ला अदालतमा विचाराधीन अंश मुद्दालगायतका लगाउका मुद्दाहरू एकैसाथ राखी

मुद्दाको काम कारबाही अगाडि बढाउनु भन्नेसमेत बेहोराको परमादेशलगायत जे जो आदेश गर्नुपर्ने हो गरी हक प्रचलन गरिपाउँ साथै प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म उच्च अदालत पाटनबाट मिति २०७५।२।१७ मा भएको आदेशको कार्यान्वयन नगर्नु र काठमाडौं जिल्ला अदालतबाट अंश मुद्दामा मिति २०७१।१।२३ मा भएको आदेशअनुसार लगाउका सबै मुद्दामा एकैसाथ राखी निरन्तर रूपमा काम कारबाही अगाडि बढाउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ अनुसार अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको कृष्णमाया प्रजापति डंगोलसमेतको संयुक्त निवेदनपत्र ।

यसमा विपक्षीबाट १५ दिनभित्र लिखित जवाफ मगाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु साथै अन्तरिम आदेश माग भएको सम्बन्धमा दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएकोले अन्तरिम आदेश छलफलको लागि मिति २०७५।४।१७ को पेसी तोक्नु र छलफलको टुङ्गो नलागेसम्म उच्च अदालत पाटनबाट मिति २०७५।२।१७।५ मा भएको आदेश कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ । विपक्षीहरूलाई सोको सूचना दिई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७५।४।१० को आदेश ।

यसमा विपक्षीहरूको नाउँमा यस अदालतबाट जारी भएको सूचना म्याद बेपत्ते तामेल भई आएको देखियो । यी विपक्षीहरू सुरू जिल्ला अदालतमा चलिरहेको मुद्दामा तारेखमा रहिरहेको भन्ने कुरा निवेदकका कानून व्यवसायीले छलफलमा उल्लेख गर्नुभएको छ । जिल्ला अदालतमा तारेखमा रहिरहेको पक्षको म्याद बेपत्ते तामेल भई आएको भए तामेली फाँटलाई विशेष ध्यानाकर्षण गराउने साथै निज विपक्षीहरूको वतन निवेदकलाई देखाउन लगाई रीतपूर्वक तामेल गरी आदेशानुसार छलफलको लागि मिति २०७५।४।३१ को पेसी तोकी अन्तरिम आदेश जारी हुने, नहुने भन्ने सम्बन्धमा टुङ्गो नलागेसम्म मिति २०७५।०४।१० मा जारी भइरहेको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिएको छ । नियमानुसार गर्नु भनी यस अदालतबाट मिति २०७५।४।१७ मा भएको आदेश ।

यिनै विपक्षीबीच काठमाडौं जिल्ला अदातलमा चलेको ०७३-CP-४४५८ को अंश भरपाइ लिखत बदर र ०७३-PC-५०२९ को जालसाजी मुद्दा किनारा भई नसकेको अवस्थामा उक्त अंश भरपाइको लिखतलाई अनदेखा गरी वादी र प्रतिवादीहरू एकासगोलका भनी तायदाती फाँटवारी माग गर्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७५।०१।२३ गतेको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब उक्त अंश भरपाइ लिखत बदर र जालसाज मुद्दाको टुंगो लगाई तत्पश्चात् मात्र जो जे आदेश गर्नुपर्छ पुनः आदेश गर्नु होला भनी मिति २०७५।२।१७ गते यस अदालतको संयुक्त इजलासबाट आदेश भएको

पाइन्छ । यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य प्रमाण र कानूनको आधारमा संयुक्त इजलासबाट आदेश भएको अवस्थामा यस अदालतको हकमा निवेदकको मागबमोजिमको आदेश जारी हुनु पर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

यिनै पक्ष विपक्षबीच त्यहाँ अदालतमा चलेको ०७३-CP-४४५८ को अंश भरपाइ लिखत बदर मुद्दा र ०७३-PC-५०२९ को जालसाजी मुद्दा किनारा भई नसकेको अवस्थामा उक्त अंश भरपाइको लिखतलाई अनदेखा गरी वादी प्रतिवादीहरू एकासगोलका भनी तायदाती फाँटवारी माग गर्ने गरी भएको त्यहाँ अदालतको मिति २०७५।०१।२३ को आदेश मिलेको नदेखिँदा बदर गरी दिएको छ । अबः उक्त अंश भरपाइ लिखत बदर र जालसाज मुद्दाको टुंगो लगाई तत्पश्चात् मात्र जो जे आदेश गर्नुपर्छ पुनः आदेश गर्नुहोला भन्ने उच्च अदालत पाटनबाट मिति २०७५।०२।१७ गतेको आदेशबमोजिम कारबाही चलिरहेको हुँदा निवेदकले माग गरेबमोजिम निवेदकको कुनै पनि हकमा आघात पर्ने काम कारबाही यस अदालतबाट नभए नगरेको हुँदा कानूनबमोजिम भए गरेको कार्यमा निवेदन मागबमोजिमको आदेश जारी हुनु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ ।

अन्तरिम आदेश छलफल सम्बन्धमा पेस भएको प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिरका सन्दर्भमा विचार गर्दा एउटै अदालत

(काठमाडौं जिल्ला अदालत) मा अंश, अंश भरपाइ लिखत बदर, जालसाजी मुद्दा चली विचाराधीन रहेका लगाउका मुद्दाहरूमा एकैसाथ कानूनबमोजिम फैसला हुँदा विचार हुने नै हुँदा प्रस्तुत रिट निवेदनको टुंगो नलागेसम्म काठमाडौं जिल्ला अदालतबाट अंश मुद्दामा तायदाती फाँटवारी माग गर्ने आदेशलाई रोक्नु पर्ने अवस्था नदेखिँदा उच्च पाटनको मिति २०७५।०२।१७ को आदेश कार्यान्वयन नगर्नु भनी यस अदालतबाट मिति २०७५।४।१०।५ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ । नियमानुसार गर्नु भनी यस अदालतबाट मिति २०७५।५।७ मा भएको आदेश ।

विपक्षी रिट निवेदकहरूका पति पिता म लिखित जवाफवालाले किरण प्रजापतिले मिति २०७३।८।१३ गते र.नं.८८४(घ) को अंश बुझेको भरपाइ लिखतबाट म लिखित जवाफवालाले घरको मुख्य व्यक्ति पिता ज्ञानबहादुर प्रजापतिसँग मेरो अंश हकबापत चलको हकमा नगद रू.७०,००,०००।-र अचल सम्पत्तिको हकमा काभ्रेपलाञ्चोक जिल्ला महाँकाल गा.वि.स. वडा नं.२(क) कि.न.२७७ क्षे.फ.३-११-०-३ मूल्य रू.६६,१७,७५५।- र ऐ.ऐ.कि.नं.२८६ क्षेत्रफल१-१४-१-० मूल्य रू.३३,८२,२४५।- समेत जम्मा मूल्य रू.१,००,००,०००।- समेतको चल र अचल सम्पत्तिसमेत गरी जम्मा रू.१,७०,००,०००।-बराबरको अंशबापत बुझी लिई अंश बुझेको भरपाइ लिखत गरी दिएको थिएँ । यसरी मालपोत कार्यालय डिल्लीबजार काठमाडौंबाट पारित भएको अंश बुझेको भरपाइ लिखतका आधारमा म लिखित जवाफवाला मेरा बुबा, आमा तथा भाइसँग अलग बेगल छुट्टिभिन्न भइसकेको अवस्थामा कसरी पुनः बुबा आमा र भाइसमेतलाई एकासगोलका अंशियार कायम गरी काठमाडौं जिल्ला अदालतबाट निजहरूसँग समेत अंश मुद्दामा तायदाती फाँटवारी माग गरेकाले न्याय निरूपणमा सहज होस् भन्ने उद्देश्यले उच्च अदालत पाटनबाट मिति २०७५।२।१७ गते आदेश भएको

हो । मैले मात्रै विपक्षी श्रीमती कृष्णमाया डंगोल र छोरी तिसा प्रजापतिलाई अंश दिनु पर्ने हो । बुबा आमा र भाइले होइन । उच्च अदालत पाटनबाट भएको उक्त आदेशको कारणले नेपालको संविधानको धारा १७, १८, २०, २५ द्वारा प्रदत्त विपक्षी रिट निवेदकहरूको संवैधानिक तथा मौलिक हकमा आघात भएको स्थिति छैन । उच्च अदालत पाटनबाट मिति २०७५।२।१७ गते भएको आदेश सदर

कायम राखी विपक्षीहरूको उक्त रिट नं.०७५-WO-००२३ को रिट निवेदन खारेज गरी सर्वोच्च अदालतबाट मिति २०७५।४।१० र मिति २०७५।५।७ गते भएको अन्तरिम आदेशसमेत निष्क्रिय घोषित गरिपाउँ भन्नेसमेत बेहोराको किरण प्रजापतिको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

काठमाडौं जिल्ला अदालतमा विपक्षी रिट निवेदकले ०७३-CP-३७१५ को अंश चलन मुद्दा लगाउमा रहेको ०७३-CP-४४५८ को अंश बुझेको भरपाइ बदर र ०७३-CP-५०२९ को जालसाजी मुद्दा दायर गरेकोमा उक्त अंश बुझेको भरपाइ बदर मुद्दा र जालसाजी मुद्दासमेत थान २ मुद्दामा अदालतबाट अन्तिम न्याय निरूपण नभएसम्म अंश चलन मुद्दामा प्रतिवादी कायम गरिएका हामी लिखित जवाफवालाहरू ज्ञानबहादुर प्रजापति, विष्णुदेवी प्रजापति र अनिल प्रजापतिसमेत जना ३ निज विपक्षी तिसा प्रजापति र कृष्णमाया डंगोलको पति किरण प्रजापतिको एकासगोलको अंशियार हो, होइन भन्ने कुरा यकिन गर्न नसकिने भएकोले एकासगोलको अंशियार कायम भएको अवस्थामा सबै अंशियारसँग तायदाती फाँटवारी मुलुकी ऐन, अंशबन्डाको महलको २०, २१, २२, २३ बमोजिम लिन मिल्ने हो । अन्यथा एकासगोलको अंशियार नै कायम नभएको अवस्थामा अंशबन्डाको लिखतबाट अलग बेगल भएको व्यक्तिसँग एकासगोलको अंशियार कायम गरी तायदाती फाँटवारी माग्न मिल्ने अवस्था रहँदैन । उच्च अदालत पाटनबाट भएको उक्त आदेशको कारणले नेपालको संविधानको धारा १७, १८, २०, २५ द्वारा प्रदत्त विपक्षी रिट निवेदकहरूको संवैधानिक तथा मौलिक हकमा आघात भएको स्थिति छैन । उच्च अदालत पाटनबाट मिति २०७५।२।१७ गते भएको आदेश सदर कायम राखी विपक्षीहरूको उक्त रिट नं.०७५-WO-००२३ रिट निवेदन खारेज गरी सर्वोच्च अदालतबाट मिति २०७५।४।१० र मिति २०७५।५।७ गते भएको अन्तरिम आदेशसमेत निष्क्रिय घोषित गरिपाउँ भन्नेसमेत बेहोराको ज्ञानबहादुर प्रजापतिसमेतको तर्फबाट यस अदालतमा परेको संयुक्त लिखित जवाफ ।

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकहरूको तर्फबाट उपस्थित विद्वान्‌वरिष्ठ अधिवक्ता श्री हिरा रेग्मीले काठमाडौं जिल्ला अदालतमा अंश भरपाइ लिखत बदर, जालसाजी र अंश मुद्दालगायतका मुद्दा एकसाथ लगाउमा रही कारबाही चलिरहेकोमा अंश मुद्दामा मिति

२०७५।०१।२३ मा तायदाती फाँटवारी माग गर्ने आदेश भएउपर विपक्षीहरूले उच्च अदालत पाटनमा अ.बं. १७ नं. बमोजिम निवेदन गर्नुभएकोमा उच्च अदालत पाटनबाट मिति २०७५।२।१७ मा जिल्ला अदालतको आदेश बदर गर्ने गरी आदेश भएबाट एकै लगाउका मुद्दाको एकसाथ कारबाही किनारा गर्न बाधा पर्न जाने र निवेदकहरू समयमा न्याय पाउनबाट वञ्चित हुने हुँदा उच्च अदालत पाटनबाट मिति २०७५।२।१७ मा भएको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी काठमाडौं जिल्ला अदालतमा विचाराधिन अंश मुद्दालगायतका लगाउका मुद्दाहरू एकैसाथ मुद्दाको

काम कारबाही अगाडि बढाउनु भनी परमादेशसमेतको आदेश जारी हुनुपर्दछ भनी तथा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान्‌अधिवक्ता श्री धनबहादुर श्रेष्ठले अंश भरपाइ बदर हुने नहुने भनी निर्णय नभई अंश मुद्दामा सबैलाई सगोलको अंशियार मानी सबैबाट तायदाती फाँटवारी माग्ने काठमाडौं जिल्ला अदालतको आदेश त्रूटिपूर्ण हुँदा बदर गर्ने गरेको उच्च अदालत पाटनको आदेश कानूनसम्मत हुँदा निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

उपर्युक्त बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा मिसिल कागज अध्ययन गरी हेर्दा, विपक्षी पति सासू ससुरासमेतले मलाई घोर अन्याय गर्नुभएको हुँदा विपक्षी पति, सासू, ससुरा, देवरको विरूद्धमा काठमाडौं जिल्ला अदालतमा अंश चलन तथा मानाचामल मुद्दा दायर गरेकोमा विपक्षीतर्फबाट प्रतिउत्तरपत्र लगाउँदा विपक्षी सासू ससुरासमेतबाट हाम्रा पति पिता किरण प्रजापति मिति २०७३।८।१३ मा र.नं.८८४ को अंश भरपाइको लिखतबाट छुट्टी भिन्न भएको भनी प्रतिउत्तरपत्र लगाउनु भएको हुँदा हाम्रोतर्फबाट उक्त अंश भरपाइको लिखत बदर तथा जालसाजी र गाली बेइज्जति मुद्दासमेत दायर गरेको र सम्पूर्ण ५ थान मुद्दाहरू एकै लगाउमा भई काठमाडौं जिल्ला अदालतमा विराचाराधीन अवस्थामा रहेका थिए । लगाउका मुद्दामध्येको मूल अंश मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।१।२३ मा आदेश हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी वादी तथा सबै प्रतिवादीबाट तायदाती माग्ने आदेश भएको थियो । काठमाडौं जिल्ला अदालतबाट भएको तायदाती माग्ने आदेशउपरमा विपक्षीको

तर्फबाट उच्च अदालत पाटनमा अ.बं.१७ नं. को निवेदन गर्नुभएकोमा उच्च अदालत पाटनबाट काठमाडौं जिल्ला अदालतको मिति २०७५।१।२३ को तायदाती माग्ने आदेश बदर गरी अब उक्त अंश भरपाइ लिखत बदर र जालसाजी मुद्दाको टुङ्गो लगाई तत्पश्चात् मात्र जे जो गर्नुपर्छ पुनः आदेश गर्नुहोला भनी मिति २०७५।२।१७ मा आदेश भएकोले हाम्रो नेपालको संविधानको धारा १८, २० र २५ ले प्रदान गरेको हकबाट समेत वञ्चित गरेको हुँदा उच्च अदालत पाटनबाट मिति २०७५।२।१७ मा भएको आदेशलगायत हामीलाई असर पार्ने ती आदेशसँग सम्बन्धित सम्पूर्ण आदेश तथा कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी काठमाडौं जिल्ला अदालतमा विचाराधीन अंश मुद्दालगायतका लगाउका मुद्दाहरू एकैसाथ राखी मुद्दाको काम कारबाही अगाडि बढाउनु भन्नेसमेत बेहोराको परमादेशलगायत जे जो आदेश गर्नुपर्ने हो गरी हक प्रचलन गरिपाउँ भन्ने निवेदन माग दाबी रहेकोमा अंश भरपाइ बदर हुने नहुने भनी निर्णय नभई अंश मुद्दामा सबैलाई सगोलको अंशियार मानी सबैबाट तायदाती फाँटवारी माग्ने काठमाडौं जिल्ला अदालतको आदेश त्रूटिपूर्ण हुँदा बदर गर्ने गरेको उच्च अदालत पाटनको आदेश कानूनसम्मत हुँदा निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज हुनुपर्दछ भन्ने लिखित जवाफ रहेको देखियो ।

उपर्युक्त बहस जिकिर र तथ्य रहेको प्रस्तुत रिट निवेदनमा मिसिल कागजात अध्ययन गरी हेर्दा, निवेदकको मागबमोजिम उत्प्रेषणलगायत परमादेशको आदेश जारी हुनुपर्ने हो वा होइन ? सो विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. सो सन्दर्भमा हेर्दा, मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७ नं. मा "पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा बेरीत भएको छ भन्ने कुरा झगडियाको निवेदनबाट वा अरू कुनै किसिमबाट थाहा पाएमा आवश्यकताअनुसार सो मुद्दाको मिसिलसमेत झिकी पन्ध्र दिनसम्ममा कैफियत तलब गरी बुझ्दा म्याद नघाएको वा बेरीत भएको देखिएमा कानूनबमोजिम गर्नु, गर्न लगाउनु पर्छ" भन्ने कानूनी व्यवस्था रहेको छ । सो कानूनी व्यवस्था हेर्दा पुनरावेदन सुन्ने अड्डाले कैफियत तलब गरी बुझ्दा आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा बेरीत भएको देखिएमा कानूनबमोजिम गर्नु, गर्न लगाउनु पर्छ तर म्याद नाघेको वा बेरीत भएको

नदेखिए पुनरावेदन सुनेजस्तो गरी मुद्दाको विषयवस्तुमा प्रवेश गरी निर्णय गर्न सक्ने देखिँदैन ।

३. पुनरावेदन सुन्ने अदालतबाट मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिमको निवेदनमा आदेश हुँदा सो आदेशले तलको अदालतमा चलिरहेको मुद्दामा के कस्तो असर पर्छ भन्ने विषयमा सचेत रही आदेश गर्नुपर्छ । अ.बं. १७ नं. को निवेदनको रोहमा हुने आदेशबाट कुनै पक्षको हक स्थापित हुने नभई तल्लो अदालतमा मुद्दाको कारबाही हुँदा म्याद नाघेको वा रीत बेरीतसम्म हेरिने हो । यस प्रकृतिको सीमित अधिकार अ.बं. १७ नं. बमोजिमको निवेदनमा रहने हुनाले तल्लो अदालतमा विचाराधीन रहेको मुद्दामा अदालतसँग भएको न्यायिक अधिकारमा हस्तक्षेप गर्न मिल्ने उक्त कानूनी व्यवस्थाको अवधारणा होइन । तल्लो अदालतमा अंश भरपाइ लिखत बदर मुद्दा चल्दाचल्दैको अवस्था छ । अंश मुद्दा तथा अंश भरपाइ लिखत बदर मुद्दाहरू एक अर्कासँग अन्योन्याश्रित रूपमा आबद्ध रहेका छन् । वादी दाबीबमोजिम अंश भरपाइ लिखत बदर भएमा वादी प्रतिवादीहरूको अंशभागमा फरक पर्न सक्ने अवस्था सृजना हुन जान्छ । उच्च अदालतको आदेशमा उल्लेख भएजस्तो अंश भरपाइ लिखत बदर मुद्दाहरू लगाउबाट फुटाई फैसला नभई अंश मुद्दामा तायदाती फाँटवारी नमाग्ने हो भने अंश मुद्दाको काम कारबाही लम्बिन जाने र यी निवेदकले समयमा अंश पाउनबाट वञ्चित हुन जाने देखिन्छ । अंश मुद्दामा तायदाती फाँटवारी माग्दैमा सबै अंशियार कायम हुने र अंशबन्डा हुने नभई को को अंशियार कायम हुने, निवेदकहरूले को कोबाट के कति भाग अंश पाउने भनी लगाउमा रहेका अंश भरपाइ लिखत बदरसमेतका मुद्दा र अंश मुद्दा फैसला हुँदा निक्यौल हुने नै हुँदा अंश मुद्दामा तायदाती फाँटवारी माग गरी सबै मुद्दाहरू एकसाथ राखी कारबाही गर्दा अ.बं.१७ नं. बमोजिम म्याद नाघेको वा बेरीत भएको भन्न मिल्ने देखिँदैन । अंश भरपाइ लिखत बदर मुद्दामा यी निवेदकहरूले आफ्नो हक मार्न भनी गरिएको भन्दै अदालतमा चुनौती दिएको हुँदा पछिका दिनमा मुद्दामाथि मुद्दा थपिने अवस्था सृजना गरिने कार्य अदालतबाट गरिनु न्यायको रोहमा उचित हुँदैन । अदालतले व्यक्तिको हक प्रचलन गराउन सरल र सुलभ मार्ग प्रत्याभूत गर्नुपर्छ । यसै सन्दर्भमा निवेदक नितुकुमारी खत्री विपक्षी पुनरावेदन अदालत, नेपालगञ्जसमेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दा (ने.का.प. २०६२ अंक ९ नि.नं. ७५८९) मा अ.बं.१७ नं को अधिकार क्षेत्र सीमित भएकोले

तलको अदालतको मुद्दामा प्रत्यक्ष असर पर्ने गरी निर्णय गर्न नहुने भनी यस अदालतको पूर्ण इजलासबाट सिद्धान्तसमेत प्रतिपादन भएको छ ।

४. प्रस्तुत मुद्दाको तथ्य हेर्दा अंश तथा माना चामललगायतका मुद्दा दर्ता गरिसकेपछि प्रतिवादीहरूको प्रतिउत्तरपत्रमा यी निवेदकका पति पिता आफ्ना बुबा आमाबाट अंश भरपाइ गरी छुट्टिई भिन्न हुँदा आफूहरूको अंश हक मार्ने गरी घटी अंश लिएको भनी अंश भरपाइ लिखतउपर चुनौती दिएको देखिन्छ । सो अंश भरपाइ कायम हुने नहुने भनी अन्तिम फैसला हुँदा निक्यौंल हुने र सोही आधारमा अंश मुद्दामा अंशियार संख्या कायम हुने नै हुँदा अंश मुद्दामा तायदाती फाँटवारी माग गरी सबै मुद्दाहरू एकसाथ राखी कारबाही अगाडि बढाउँदा सबै मुद्दाको किनारा एकसाथ हुन गई समयमै न्याय निरूपण हुन जाने देखिन्छ । यस अवस्थामा प्रतिवादीहरू सबैबाट तायदाती फाँटवारी माग्ने आदेश हुँदा समग्र अंशियारको स्थिति र जग्गा जमिनको स्थिति हेरी न्याय गर्ने जिल्ला अदालतका न्यायाधीशले निर्णय गर्न सहज हुने हुन्छ । जिल्ला अदालतको सो अधिकारमा पुनरावेदन सुन्ने अदालतबाट सो कार्यमा रोक लगाउँदा स्वतन्त्र न्याय सम्पादनमा अनुचित हस्तक्षेप हुन जाने अवस्थाको सृजना हुन जान्छ । सुरू काठमाडौं जिल्ला अदालतमा चलिरहेको अंश मुद्दामा प्रतिवादीहरूबाट तायदाती फाँटवारी माग हुँदैमा अंश मुद्दामा असर पर्ने अवस्था हुन्छ नै भन्ने पनि हुँदैन । सुरू जिल्ला अदालतले तायदाती फाँटवारी माग गरेको आदेश बदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७५।२।१७ मा भएको आदेश मुलुकी ऐन, अ.बं. १७ नं. को उद्देश्य, मर्म एवं प्रतिपादित सिद्धान्तसमेतको विपरीत देखिएकाले कायम रहन सक्ने देखिएन ।

५. अतः माथि विवेचित आधार प्रमाणबाट अंश भरपाइ बदर, जालसाजीसमेतका मुद्दाहरू एकसाथ फैसला हुन सक्ने र मुद्दा अन्त्य गरेर मात्र अंश मुद्दामा तायदाती फाँटवारीलगायतका कारबाही सुरू गरिनु पर्दछ भन्ने कुरा न्यायका मान्य सिद्धान्तअनुरूप नदेखिँदा उच्च अदालत पाटनबाट मिति २०७५।२।१७ मा भएको आदेश उत्प्रेषणको आदेशबाट बदर गरी दिएको छ । अब अंश भरपाइ लिखत बदर, जालसाजीसमेतका लगाउका मुद्दाहरू एकसाथ राखी मुद्दाको नियमित प्रक्रिया अगाडि बढाई अविलम्ब मुद्दा टुङ्गो लगाउनु भनी काठमाडौं जिल्ला

अदालतको नाममा परमादेशसमेत जारी हुने ठहर्छ । प्रस्तुत निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू ।

उक्त रायमा सहमत छु ।

न्या. टंकबहादुर मोक्तान

उपरजिस्ट्रारः शिवलाल पाण्डेय

इति संवत् २०७५ साल माघ २९ गते रोज ३ शुभम् ।

Ver